# कोष स्मारिका
## २०८२




३६औँ वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित

नागरिक लगानी कोष
CITIZEN INVESTMENT TRUST

# नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
# अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

## कोषका अवकास योजना/कार्यक्रमहरू :

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकाश कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

## विस्तृत जानकारीका लागि :

**कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,**
**टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।**

**नागरिक लगानी कोष**

**केन्द्रीय कार्यालय**
**नयाँ बानेश्वर, काठमाडौं ।**

# कोष स्मारिका २०८२

*नागरिक लगानी कोषको ३६औं*
*बार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित*


## नागरिक लगानी कोष

**केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौँ**
**सम्पर्क नं. : ०१-५९७०२०१**
**वेबसाइट : www.nlk.org.np**

# कोष स्मारिका २०८२

नागरिक लगानी कोषको ३६औं
वार्षिकोत्सवको उपलक्ष्यमा प्रकाशित

**प्रमुख सल्लाहकार**
श्री पर्वत कुमार कार्की
कार्यकारी निर्देशक

**सल्लाहकार**
श्री शोभा श्रेष्ठ
श्री हेमन्त पोखरेल
श्री छविरमण अधिकारी
श्री नवराज खड्का

**सम्पादक**
उद्धव सिलवाल
प्रकाशन मितिः २०८२ चैत ४

**प्रकाशक**
**नागरिक लगानी कोष**
**अनुसन्धान तथा बजार विकास महाशाखा**
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
सम्पर्क नं ०१-५९७०२०१
वेबसाइटः www.nik.org.np



यस पुस्तकमा प्रकाशित आलेखमा अभिव्यक्त विचार तथा दृष्टिकोण सम्बन्धित लेखकका निजी विचार तथा दृष्टिकोण हुन्। यसमा प्रकाशित रचना तथा सामग्रीहरूको जिम्मेवारी सम्बन्धित लेखकमा रहनेछ।


## सम्पादकीय

नागरिक लगानी कोष स्थापनाको ३५ वर्षको यात्रा पूरा गरी २०८२ चैत ४ गतेबाट ३६औँ वर्ष प्रवेश गर्दै छ। 'नागरिक लगानी कोष ऐन, २०४७' अनुसार स्थापित कोषले २०४८ माघ १ गतेदेखि कारोबार सुरु गरेको हो। कोषले यो अवधिमा आफूलाई केवल बचत संकलनकर्ताका रूपमा मात्र नभई राष्ट्रिय पुँजी निर्माण र सामाजिक सुरक्षा प्रत्याभूत गर्ने संस्थाको रूपमा स्थापित गरेको छ। देशको आर्थिक विकासका लागि सर्वसाधारणलाई बचतमा अभिप्रेरित गर्ने, लगानीका अवसरहरूलाई विविधीकरण गर्ने र पुँजी बजारमा गतिशीलता प्रदान गर्ने दीर्घकालीन उद्देश्य हासिल गर्ने कोषको लक्ष्य रहेको छ।

कोषको संस्थागत विकासक्रमलाई विश्लेषणात्मक दृष्टिले हेर्दा यस अवधिमा कोषले व्यावसायिक रूपमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। १ करोड ४० लाख रुपैयाँको चुक्ता पुँजीबाट स्थापना भएको कोषले हाल ६ अर्ब ८० करोड ५७ लाख रुपैयाँ चुक्ता पुँजी पुऱ्याइसकेको छ। २०८२ पुस मसान्तसम्मको तथ्यांकअनुसार कोषले २ खर्ब ९८ अर्ब ६७ करोड रुपैयाँ विभिन्न क्षेत्रहरूमा लगानी परिचालन गरी मुलुकको समग्र आर्थिक विकासमा सकारात्मक योगदान गरेको छ। यसैगरी कोषले पुँजीबजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यले सहायक कम्पनीको समेत स्थापना गरी कार्य गरिरहेको छ।

कोषले वर्तमान विश्वव्यापी परिदृश्यमा प्रविधिको भूमिकालाई आत्मसात् गर्दै डिजिटलाइजेसन र अटोमेसनलाई आफ्नो कार्य सञ्चालनको उच्च प्राथमिकतामा राख्दै आएको छ। कोषले कृत्रिम बौद्धिकता (एआई)लाई उपयोग गरी सेवालाई कसरी चुस्त बनाउन सकिन्छ भन्नेतर्फ आवश्यक अध्ययन प्रारम्भ गरेको छ। कोषले आफ्नो सेवालाई सहज, सरल, पारदर्शी ढंगले प्रवाह गर्ने र संस्थागत सुशासनलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दै आएको छ। कोषले केन्द्रीय कार्यालयसहित उपत्यका बाहिर पोखरा, विराटनगर, बुटवल, धनगढी, सुर्खेत र जनकपुरमा रहेका शाखा कार्यालयमार्फत सेवा विस्तार गरेको छ।

३६औं वार्षिकोत्सवको अवसरमा प्रकाशित यो स्मारिका केवल औपचारिक संगालो मात्र नभई नेपालको आर्थिक, मौद्रिक, बैंकिङ एवम् सामाजिक सुरक्षालगायतका अन्य सम्बन्धित प्राज्ञिक विमर्शहरूको प्रामाणिक दस्तावेजसमेत हुने कोषले विश्वास लिएको छ। यसमा विभिन्न शोधमूलक लेख र रचनाहरूलाई समाविष्ट गरिएको छ। उपर्युक्त विषयमा रुचि राख्ने अनुसन्धानकर्ता, विद्यार्थी, नीति-निर्माताहरू र सम्पूर्ण पाठक वर्गका लागि यो स्मारिकाले महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा मार्गनिर्देश गर्नेछ भन्ने अपेक्षा कोषले राखेको छ। अन्त्यमा, कोषलाई यो उचाइमा पुऱ्याउन प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग पुऱ्याउने नियामकीय निकाय, सम्पूर्ण सहभागीहरू, सेयरधनीहरू, राष्ट्रसेवक कर्मचारीहरूलाई आभार व्यक्त गर्दछौँ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

रामेश्वरप्रसाद खनाल

अर्थमन्त्री

सिंहदरबार, काठमाडौं

नेपाल




## शुभकामना सन्देश

नागरिक लगानी कोष स्थापनाको ३६ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा कोषको उत्तरोत्तर प्रगतिको कामना गर्दछु। मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउन सर्वसाधारणलाई बचत गर्न प्रोत्साहित गर्ने, लगानीका अवसर सिर्जना गर्ने र पुँजी बजारमा गतिशीलता प्रदान गर्ने उद्देश्यका साथ स्थापित यस कोषले विगत साढे तीन दशकदेखि मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषले रु.३ खर्ब १९ अर्ब ५० करोड खुद कोष रकम सङ्कलन गरी रु.२ खर्ब ९८ अर्ब ६७ करोड परिचालन गरेको छ। कोषको लगानीको ठूलो हिस्सा अझै पनि मुद्दति निक्षेपमा केन्द्रित रहेको अवस्थामा लगानी विविधिकरण गरी ठूला तथा राष्ट्रिय आयोजना एवं उत्पादनमूलक क्षेत्रमा स्रोत परिचालन गर्नु मुख्य आवश्यक्ता देखिएको छ।

अर्थतन्त्रले सुधारको लय समातेको छ। बाह्य क्षेत्र मजबुत रहेको र विदेशी विनिमय सञ्चिति उत्साहजनक रहेको छ। अर्थतन्त्रलाई थप चलायमान बनाउन कोषको सक्रिय योगदान जरूरी देखिएको छ। जलविद्युत, व्यावसायिक कृषि, पर्यटन र सूचना प्रविधिजस्ता क्षेत्रमा लगानी विस्तार गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा कोषले प्रभावकारी भूमिका निर्वाह गर्ने मेरो विश्वास रहेको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई आधुनिक प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा दिन अपरिहार्य देखिएको छ। कोषले सूचना प्रविधि प्रणालीको उपयोगलाई सुरक्षित र भरपर्दो बनाउँदै सेवाग्राहीलाई झन्झटरहित एवं पारदर्शी सेवा प्रदान गर्न विशेष ध्यान दिने मेरो अपेक्षा रहेको छ। साथै, जोखिमको वैज्ञानिक विश्लेषण गरी उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी सुनिश्चित गर्न सांगठनिक सुदृढीकरण र दक्ष जनशक्ति व्यवस्थापनमा कोषको विशेष कार्ययोजना आवश्यक देखिएको छ।

अन्त्यमा, स्थापनाकालदेखि हालसम्म कोषले पुऱ्याएको योगदानका लागि धन्यवाद ज्ञापन गर्दै यस अवसरमा कोषका सम्पूर्ण सेयरधनी, बचतकर्ता, कोष व्यवस्थापक, कर्मचारी एवं शुभेच्छुकमा शुभकामना व्यक्त गर्दछु।

रामेश्वरप्रसाद खनाल

मन्त्री

अर्थ, संघीय मामिला तथा सामान्य प्रशासन

नेपाल सरकार

# अर्थ मन्त्रालय

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं



सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च. नं. :-

## शुभकामना सन्देश

नेपाल सरकारले मुलुकको आर्थिक समृद्धि र पूर्वाधार विकासका लागि तर्जुमा गरेका नीति, रणनीति एव कार्ययोजनाहरूलाई मार्गदर्शनको रूपमा आत्मसात् गर्दै अघि बढिरहेको नागरिक लगानी कोष स्थापनाको ३५ वर्ष पूरा गरी ३६ औं वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा म कोषका समस्त सेयरधनी, सहभागी बचतकर्ता एवं कर्मचारीहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

छरिएर रहेका स-साना बचतलाई परिचालन गरी बृहत् पुँजी निर्माण गर्ने उद्देश्यमा कोष सफल देखिएको छ। चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषको मौज्दात रु. ३ खर्ब १९ अर्ब ५० करोड पुग्नुले वित्तीय स्रोत परिचालनमा कोषको सबलता र विश्वसनीयतालाई थप पुष्टि गरेको छ। आगामी दिनमा कोषले आफ्नो कार्यसम्पादनमा संस्थागत जवाफदेहिता र पारदर्शितालाई अझै सुदृढ बनाउँदै लैजानेछ भन्ने मेरो विश्वास छ।

संकलित वित्तीय स्रोतलाई राष्ट्रिय हितमा उपयोग गर्नु कोषको मुख्य जिम्मेवारी हो। कोषको लगानीको ठूलो हिस्सा अझै पनि मुद्दती निक्षेपमा रहेको परिप्रेक्ष्यमा यसलाई सरकारको प्राथमिकतामा रहेका पूर्वाधार विकास र उत्पादनमूलक क्षेत्रतर्फ विविधीकरण गर्नु अपरिहार्य छ। लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न सकेमा मात्र मुलुकको दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्ने दिशातर्फ ठोस योगदान पुग्नेछ।

वर्तमानको प्रतिस्पर्धी बजारमा आफूलाई अब्बल सावित गर्न कोषले दक्ष जनशक्ति विकास र सूचना प्रविधिको उच्चतम प्रयोगलाई सर्वाधिक प्राथमिकतामा राख्नुपर्दछ। सेवा प्रवाहलाई प्रविधिमैत्री र झन्झटरहित बनाउँदै आधुनिक वित्तीय उपकरणहरूको सफल कार्यान्वयनतर्फ कोषको ध्यान केन्द्रित हुनेछ भन्ने मैले अपेक्षा लिएको छु।

अन्त्यमा, विगत साढे तीन दशकदेखि बचत परिचालन र लगानी व्यवस्थापनका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानका लागि कोषलाई विशेष धन्यवाद दिँदै ३६ औं वार्षिकोत्सवको अवसरमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु। कोषको आगामी यात्रा र प्रगतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट सदैव पूर्ण सहयोग र सद्भाव रहने विश्वास दिलाउन चाहन्छु।

डा. घनश्याम उपाध्याय
सचिव
अर्थ मन्त्रालय, सिंहदरबार ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.बि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९३, वित्तीय हस्तान्तरण म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)

नेपाल सरकार

# अर्थ मन्त्रालय



सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च. नं. :-

## शुभकामना सन्देश

सर्वसाधारणलाई बचत गर्न प्रोत्साहित गर्दै मुलुकको आर्थिक विकासका लागि लगानीका अवसरहरू सिर्जना गर्ने तथा पुँजी बजारलाई गतिशीलता प्रदान गर्ने उद्देश्यका साथ स्थापित नागरिक लगानी कोष आजदेखि ३६ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा कोषको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।

लामो समयदेखि बचत परिचालन र लगानी व्यवस्थापन मार्फत राष्ट्रिय अर्थतन्त्रको विकासमा कोषले पुऱ्याएको योगदान प्रशंसनीय छ। यस ऐतिहासिक अवसरमा कोषको यात्रामा संलग्न सम्पूर्ण सरोकारवालाहरूप्रति धन्यवाद ज्ञापन गर्दछु। लोकतान्त्रिक शासन प्रणाली र खुला बजार नीतिको मर्मअनुसार कोषले प्रदान गर्ने सेवामा जवाफदेहिता, पारदर्शिता र व्यावसायिक इमान्दारितालाई अझ सुदृढ बनाउँदै लैजानु पर्ने आवश्यकता छ। मुलुकका आर्थिक परिसूचकहरू सुधारोन्मुख रहेको र बाह्य क्षेत्र सबल बन्दै गएको वर्तमान अवस्थामा कोषले आफ्नो कार्यक्षेत्रलाई अझ प्रभावकारी र परिणाममुखी बनाउनु पर्ने देखिन्छ।

आम नागरिकको अपेक्षा र विकासका नवीन सम्भावनाहरूलाई मध्यनजर गर्दै कोषले प्राप्त उपलब्धिहरुलाई मात्र पर्याप्त नठानी आफ्ना योजना तथा सेवाहरूलाई सर्वसाधारणको घरदैलो सम्म विस्तार गर्ने विश्वास लिएको छु। दिगो विकासका लक्ष्यहरू हासिल गर्न तथा वित्तीय क्षेत्रका चुनौतीहरूको सामना गर्दै अघि बढ्न कोषले आफूलाई अझ गतिशील बनाउनु जरुरी छ। चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषको खुद कोष मौज्दात रु. ३ खर्ब भन्दा बढी रहनु उत्साहजनक छ। यद्यपि, संकलित स्रोतको ठूलो हिस्सा अझै पनि मुद्दती निक्षेपमा रहेको देखिन्छ। आगामी दिनमा मुद्दती निक्षेपको अधिकेन्द्रिततालाई कम गर्दै सरकारका प्राथमिकता प्राप्त क्षेत्रहरूमा लगानी विविधीकरण गर्न कोषले विशेष पहल गर्ने अपेक्षा गर्दछु।

अन्त्यमा, ३६ औं वार्षिकोत्सवको शुभ अवसरमा सम्पूर्ण सहभागी बचतकर्ता, कर्मचारी, सेयरधनी तथा कोष व्यवस्थापन लगायत सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। कोषको संस्थागत विकास र प्रगतिमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट पूर्ण सहयोग र सद्भाव रहने विश्वास दिलाउन चाहन्छु।

भूपाल बराल
सचिव (राजस्व)

# नागरिक लगानी कोष

(नेपाल सरकारको स्वामित्व भएको)
(नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित)

# CITIZEN INVESTMENT TRUST

(Ownership of Nepal Government)
PAN No.: 300981807

Post Box No.: 5823
CIT Building, New Baneshwor
Kathmandu, Nepal
Phone: +977-1-5970201, 5970202, 5970203

www.nlk.org.np
Email: info@nlk.org.np



## शुभकामना सन्देश

नागरिक लगानी कोष ३५औं वसन्त पूरा गरी ३६ औं वर्षमा प्रवेश गरेको यस ऐतिहासिक तथा महत्वपूर्ण अवसरमा कोषको अध्यक्षको रूपमा शुभकामना व्यक्त गर्न पाउँदा मलाई अन्यन्त हर्ष र गौरवको अनुभूति भएको छ ।

यस विशेष घडीमा कोषका सम्पूर्ण सहभागी बचतकर्ता, सेयरधनी, कर्मचारी, सरोकारवाला निकाय तथा शुभेच्छुक महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दै कोषको निरन्तर उन्नति, संस्थागत सुदृढीकरण तथा दीर्घकालीन प्रगतिमा यहाँहरूबाट प्राप्त सहयोग र विश्वासको उच्च प्रशंसा गर्दछु ।

स्थापनाकालदेखि नै नागरिक लगानी कोषले नागरिकको दीर्घकालीन बचत प्रवर्धन गर्दै राष्ट्रिय पुँजी निर्माणमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । समयक्रमसँगै कोषले सहभागीहरूको संख्या विस्तार गर्नुका साथै कोष संकलनको दायरालाई समेत उल्लेखनीय रूपमा वृद्धि गर्न सफल भएको छ । यसको मुख्य श्रेय सहभागी बचतकर्ताहरुको माया र विश्वास, नियामक निकायको मार्गदर्शन, कोष व्यवस्थापन तथा कर्मचारीहरूको लगनशीलता र कर्तव्यनिष्ठ, व्यावसायिक प्रतिबद्धतालाई लिएको छु ।

समयको बदलिँदो प्रविधिगत परिवेशलाई आत्मसात् गर्दै कोषले आफ्ना सेवा तथा कार्यप्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउँदै लगेको छ । यसको माध्यमबाट सहभागीहरूलाई अझ सहज, सुरक्षित, पारदर्शी तथा प्रभावकारी अनलाइन सेवा उपलब्ध गराउने दिशामा कोष दृढतापूर्वक अग्रसर रहेको छ । कोषले संस्थागत सुशासन, व्यावसायिकता र आर्थिक अनुशासनलाई उच्च प्राथमिकतामा राखेको छ ।

दिगो, सन्तुलित र समावेशी आर्थिक विकास हासिल गर्ने राष्ट्रिय लक्ष्यलाई सार्थक बनाउन कोषले पूर्वाधार निर्माण, उत्पादनशील क्षेत्र र रोजगारी सिर्जनामा लगानी विस्तार गर्दै लाने नीति लिएको छ । लगानी व्यवस्थापनमा आधुनिक वित्तीय अवधारणा र नवीन वित्तीय मोडेलहरूको उपयोग गर्दै जोखिम व्यवस्थापन र प्रतिफलबीच सन्तुलन कायम राख्ने नीति समेत अवलम्बन गरिएको छ । यसले देशको दीर्घकालीन आर्थिक विकासमा समेत थप टेवा पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, मुलुकको आर्थिक समृद्धि, सामाजिक न्याय तथा सुशासन प्रवर्धनमा कोषले पुऱ्याएको योगदानलाई आगामी दिनमा अझ प्रभावकारी र सशक्त बनाउने प्रतिबद्धता व्यक्त गर्दछु । यहाँहरूको निरन्तर सहयोग, विश्वास र सद्भावले आगामी दिनमा पनि कोषका गतिविधिहरू अझ विस्तारित र परिणाममुखी बन्ने विश्वासका साथ पुनः सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तुलसी प्रसाद घिमिरे
अध्यक्ष
सञ्चालक समिति

# विषय-सूची


| शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| कार्यकारी निर्देशक श्री पर्वत कुमार कार्कीसँगको अन्तर्वार्ता | | १ |
| राष्ट्रवादको चुरो कुरा अर्थतन्त्र हो | सुरेन्द्र पाण्डे | ६ |
| आर्थिक स्तरोन्नतिमा जाने नजानेमा अल्झिनुभन्दा प्रक्रियामा अघि बढ्नु उपयुक्त | प्रा. डा. शिवराज अधिकारी | १० |
| स्थायी सरकारबाट मात्रै अर्थव्यवस्थामा सुधार | डा. मीनबहादुर श्रेष्ठ | १३ |
| अर्थतन्त्रका तीन दशक | डा. चिरञ्जीवी नेपाल | १७ |
| नेपालीको चाहनाः समाज प्रधान व्यवस्था, उत्पादनमुखी प्रणाली | डा. चन्द्रमणि अधिकारी | २१ |
| प्रतिनिधि सभाको निर्वाचन २०८२ र नेपाली अर्थतन्त्र | प्रा.डा. रामचन्द्र भट्टराई | २९ |
| आर्थिक समृद्धि र आर्थिक नीति | गोपीनाथ मैनाली | ३१ |
| कृषि प्रणाली र व्यवस्थापनमा नेपाल असफल | रामकृष्ण पोखरेल | ३८ |
| बैंकको अधिक तरलता राज्यले नै उपयोग गर्नुपर्छ | प्रा. डा. रामप्रसाद ज्ञवाली | ४१ |
| नेपालको सहकारी क्षेत्रको विद्यमान अवस्था, नियामकीय व्यवस्था र चुनौतीहरू | डा. खगराज शर्मा | ४४ |
| व्यवसायीको मनोबल सुधार्न सबै पक्षको इमानदार प्रयास आवश्यक | बमबहादुर मिश्र | ४८ |
| नेपालको आर्थिक रूपान्तरणको यात्रा | चन्द्रप्रसाद ढकाल | ५० |
| नेपालको आर्थिक भविष्य र विकासका प्राथमिकता | वीरेन्द्रराज पाण्डे | ५३ |
| अधिक तरलता र नागरिक लगानी कोष | शोभा श्रेष्ठ | ५८ |
| कर्मचारी प्रशासन र पदोन्नति व्यवस्था : एक विश्लेषण | नबराज खड्का | ६२ |
| समृद्धिका लागि लगानी र राजनीतिक स्थायित्व | अमृतबहादुर अधिकारी | ६५ |
| पर्यटनबाट आर्थिक-सामाजिक रूपान्तरण | दीपकराज जोशी | ६८ |
| ऊर्जा विकासको अपरिहार्य र वित्तीय संस्थाको बढ्दो भूमिका | गणेश कार्की | ७४ |
| चीनको १५औं आवधिक विकास योजना र नेपाल | प्रा. डा. सञ्जय आचार्य | ७८ |
| लगानी- समृद्धिको गंगोत्री ! | प्रा.डा. हरि शर्मा | ८३ |
| शिक्षा, जनशक्ति र सुशासन | डा. रमेश पौडेल | ८६ |
| राजनीतिक अस्थिरता र शिथिल अर्थतन्त्रको मारमा बैंकिङ क्षेत्र | सन्तोष कोइराला | ८९ |
| वित्तीय क्षेत्रमा ISO Certification को आवश्यकता, गुणस्तर सुधारको प्राथमिकता | डा. सुरोज टण्डन | ९३ |
| भ्रष्टाचार नियन्त्रणका लागि ब्लकचेन प्रविधि | डा. दिपेश घिमिरे | १०० |
| चुनौती र सम्भावनाका बीच युवालक्षित अर्थतन्त्र | डा. देवराज अर्याल | १०५ |
| लतपतिएको विकास विम्ब | डा. शोभाकर पराजुली | १०८ |
| सार्वजनिक ऋणको आवश्यकता र यसका चुनौती | बालकृष्ण ज्ञवाली | ११२ |
| सुन, डलर र अर्थतन्त्र | जुनारबाबु बस्नेत | ११६ |
| हरित अर्थतन्त्र विकासका लागि स्वच्छ ऊर्जा | कृष्ण अधिकारी | १२२ |
| धितोपत्र बजार विकासको मार्गचित्र | मुराहरि पराजुली | १२६ |

| | | |
|---|---|---|
| बैंकिङ प्रणालीमा तरलता व्यवस्थापन चुनौतीपूर्ण | डा. दिबाकर वशिष्ठ | १३० |
| उदार आर्थिक नीतिको अवधारणा : नेपालमा प्रयोग र चुनौती | मेनुका कार्की | १३४ |
| लिक्विडिटी ट्र्यापमा देशको अर्थतन्त्र, यसरी निस्कन सकिन्छ | शर्मिला ठकुरी | १३९ |
| वैदेशिक सहायता र पूर्वाधारमा लगानी आवश्यकता | जीवन बस्नेत | १४३ |
| वित्तीय साक्षरता र अवकाश योजना : सुरक्षित भविष्यको आधारस्तम्भ | रीता पाठक | १४७ |
| भविष्यको सुरक्षा कवच बन्दै नागरिक लगानी कोष | उद्धव सिलवाल | १५२ |
| पुस्तान्तरण, रूपान्तरण र ट्रेड युनियन | अच्युतम पौडेल | १५५ |
| ट्रेड युनियन, जेनेरेसन जेड आन्दोलन र ट्रेड युनियनमा पारेका प्रभाव | नेत्रविक्रम थापा | १५७ |
| नेपाल फेरि सम्पत्ति शुद्धीकरणको खैरो सूचीमा | टंक महतारा | १६२ |
| Prospects of Retirement Funds in Nepal | CA Prabin Rai | १६६ |
| Customer Capital in Nepalese Non-Banking Financial Institutions: Theoretical Analysis Focusing on Citizen Investment Trust | Prof. Dr. Tara Prasad Bhusal | १६९ |
| The Citizen Investment Trust of Nepal: A Case Study in Applied Financial Economics | Bhola Nath Ghimire | १७४ |
| Crops, Climate and Capital: Financing for Resilient Agricultural Value Chains | Laxman Neupane | १८१ |

अन्तर्वार्ता

# लगानी विविधीकरण र प्रभावकारी सेवाप्रवाह कोषको उच्च प्राथमिकतामा

देशको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई समेत पुँजीको बचत गर्न प्रोत्साहित गरी लगानीका अवसर बढाउन, अवकाश तथा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न र पुँजी बजारको विकासमा गतिशीलता ल्याउने उद्देश्य राखी स्थापना भएको नागरिक लगानी कोषले यही चैत ४ गते ३५ वर्ष पूरा गरी ३६औँ वर्षमा प्रदेश गर्दैछ। वार्षिकोत्सवको यस अवसरमा कोषको विकासक्रम, वर्तमान अवस्था तथा कार्यक्रम, पुँजीबजार विकासमा कोषको योगदान, कोषसामु रहेका चुनौती र आगमी कार्य योजनालगायत विषयमा केन्द्रित रहेर कोष स्मारिकाका सम्पादकले कार्यकारी निर्देशक श्री कार्कीज्यूसँग लिएको अन्तर्वार्ता :



**पर्वत कुमार कार्की**
**कार्यकारी निर्देशक, नागरिक लगानी कोष**

**कोषको व्यावसायिक एवम् सांगठनिक विकासबारे केही बताइदिनु हुन्छ कि ?**

वि.सं २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् गठन भएको अन्तरिम सरकारको पहलमा आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि पुँजीको बचत गर्न प्रोत्साहित गर्दै लगानीका अवसर बढाउने तथा पुँजी बजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यबाट वि.सं २०४७ मा नागरिक लगानी कोषको स्थापना भएको हो।

यस उद्देश्य प्राप्तिका लागि सर्वसाधारण नागरिक, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थामा कार्यरत कर्मचारी एवम् अन्य पेसागत व्यक्तिहरूलाई कोषमा सहभागी गराई दक्ष र व्यावसायिक ढंगबाट बचत संकलन तथा लगानी व्यवस्थापन गर्ने कार्यमा कोष निरन्तर लागिरहेको छ।

कोषले ३५ वर्षको इतिहासमा सांगठिनक तथा व्यावसायिक रूपमा ठुलो फड्को मारेको छ। सुरुमा १३ जना कर्मचारीबाट तत्कालीन सेक्युरिटी खरिद बिक्री केन्द्रको डिल्लीबजारमा रहेको कार्यालयको एक दुई ओटा कोठाबाट कार्य सञ्चालन गरेको कोषले हाल आफ्नै आधुनिक सुविधा सम्पन्न भवनबाट केन्द्रीय कार्यालय सञ्चालन गरिहेको छ। काठमाडौँबाहेक ६ वटा प्रदेश सदरमुकाममा कोषका शाखा कार्यालयबाट समेत सेवाप्रवाह हुने गरेको छ। हाल कोषमा स्थायी, करार तथा सेवा करार गरी १९१ जना कर्मचारीहरू कार्यरत रहेका छन्। परम्परागत कागजी कार्य प्रणालीलाई परिमार्जन गर्दै हाल कोष आधुनिक र प्रविधिमैत्री संस्थाका रूपमा रूपान्तरण भएको छ। सूचना प्रविधिलाई प्रयोग गरी कोषले आफ्ना सेवाग्राहीलाई सहज, सरल र झन्झटरहित सेवा प्रदान गरेको छ भने आफ्नो कारोबारसमेत चुस्त दुरुस्त रूपमा राखेको छ।

प्रारम्भमा सरकारी कर्मचारीहरूको तलबबाट ५ प्रतिशत रकम कोषमा जम्मा गराई बचत संकलन गर्ने गरिएको थियो। कोषको कार्यक्रम नागरिकमाझ लगेर त्यसलाई सामाजिक कल्याणकारी कार्यक्रमसँग समेत जोड्ने कोषको उद्देश्यबमोजिम कोषले समय क्रममा विभिन्न योजना तथा कार्यक्रम क्रमशः सुरु गर्दै आएकोमा हाल कोषले सात ओटा भिन्न भिन्न प्रकृतिका कार्यक्रम तथा योजनाहरू सञ्चालन गरिरहेको छ। यी योजनाहरूमार्फत चालु आवको पुस मसान्तसम्ममा संकलित कोष रकम रु २ खर्ब ९४ अर्ब ६५ करोड रहेको छ। उक्त रकमलाई विभिन्न क्षेत्रमा लगानी गरिएको छ। कोषमा हाल ७ लाखभन्दा बढी सहभागीहरू रहेका छन्। कोषले आफ्ना सहभागीहरूलाई समय सापेक्ष उचित ब्याजदर तथा प्रतिफल दिइरहेको छ। यसका अतिरिक्त सहभागीहरूका लागि विभिन्न प्रकारका सहुलियत दरका कर्जा तथा सापटीसमेत प्रदान गर्ने गरेको छ।

स्थापना कालमा रु. १ करोड ४० लाख चुक्ता पुँजी रहेको कोषको चुक्ता पुँजी हाल रु. ६ अर्ब ८० करोड ५७ लाख पुगेको छ। कोषमा नेपाल सरकारलगायत, राष्ट्रिय बीमा संस्थान, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, अन्य बैंक तथा वित्तीय संस्था र सर्वसाधारण जनताको समेत लगानी रहेको छ। कोषले लगानीकर्तालाई विगत लामो समयदेखि राम्रो प्रतिफलसमेत दिँदै आएको छ।

कोष स्थापनाकालमा नेपालको पुँजीबजार बामे सर्ने अवस्थामा रहेको थियो। त्यस समयमा विभिन्न बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणमा सेयर निष्कासन गर्नुपर्ने प्रावधान रहेको थियो। तर, तत्कालीन समयमा मर्चेन्ट बैंकरको काम गर्ने कुनै पनि संस्था थिएनन्। यो परिवेशमा पुँजी बजारमा गतिशीलता ल्याउने संस्थाको खाँचो पूरा गर्न पनि नागरिक लगानी कोष अघि आएको थियो। यस अवधिमा नागरिक लगानी कोषले धेरै संघसंस्थाको सेयर सार्वजनिक निष्कासनका लागि निष्कासनकर्ता तथा बिक्री प्रबन्धक, सेयर रजिस्ट्रार एवम् सेयर प्रत्याभूतिकर्ताका रूपमा कार्य गरेको र हाल उक्त कार्यहरू थप व्यवस्थित रूपमा सञ्चालन गरिरहेको छ। यसका अतिरिक्त पुँजीबजारमा समेत कोष आफैं र सहायक कम्पनी नागरिक स्टक डिलरमार्फत सक्रिय रहेको छ।

**कोषले सञ्चालन गरिरहेको विभिन्न अवकाश कोष र सामाजिक सुरक्षाका कार्यक्रम तथा योजनाहरूका बारेमा थप प्रकाश पारिदिनु हुन्छ कि ?**

नागरिक लगानी कोषले विभिन्न प्रकारका अवकाश कोष व्यवस्थापन र सामाजिक सुरक्षाका योजनाहरू सञ्चालन गरिरहेको छ। यी योजनाहरूमा कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष रहेका छन्।

**कर्मचारी बचत वृद्धि अवकाश कोष योजना** कोषको सबैभन्दा ठुलो योजना हो। यसमा निजामती कर्मचारी, शिक्षक, सेना, प्रहरी र अन्य संगठित संस्थाका कर्मचारीहरू सहभागी रहेका छन्। यस योजनाका सहभागीहरूले बचतमा पाउने ब्याजका अतिरिक्त प्रतिफलसमेत पाउँछन् भने कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू उपभोग गर्न सक्दछन्।

**उपदान तथा पेन्सन योजना**मा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्छन्।

योजनाका सहभागीहरूले जम्मा गरेको रकम, सोबाट आर्जित ब्याज तथा प्रतिफल एकमुष्ठ वा पेन्सनको रूपमा अवकाशपश्चात् लिन सक्दछन् । यस योजनामा योगदनामा तथा गैरयोगदानका रूपमा रकम जम्मा गर्न सकिन्छ। योगदानमा आधारित हुन संगठित संस्थामा कार्यरत कर्मचारीहरूको तलबबाट केही रकम कट्टा गरी सो रकममा संस्थाले थप गर्नुपर्ने व्यवस्था रहेको छ भने गैरयोगदानमा आधारित भन्नाले संगठित संस्थाले मात्रै उपादन तथा पेन्सनबापतको रकम जम्मा गर्ने व्यवस्थालाई जनाउँछ। यस योजनाका सहभागीले सेवाकालमा कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू समेत उपभोग गर्न सक्दछन्।

**लगानीकर्ता अवकास योजना**मा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारी सहभागी हुन सक्ने छन्। कर्मचारीको औषधोपचार खर्च, कल्याणकारी कोष, बीमा कोष, हित कोष, वार्षिकोत्सवबापतको कोष, सञ्चित बिदालगायतका दायित्व व्यवस्थापनका लागि यस योजनामा सहभागी हुन सकिन्छ। यस योजनाका सहभागीहरूले बचतमा पाउने ब्याजका अतिरिक्त प्रतिफल समेत पाउँछन् भने कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू समेत उपभोग गर्न सक्दछन् ।

**नागरिक एकांक योजना** अन्तर्गत साना तथा मध्यमस्तरका लगानीकर्ताहरूबाट रकम सकलन गर्ने र सो पुँजीलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रवर्धन गरी सहभागीहरूलाई निश्चित प्रतिफल प्रदान गर्ने गरिन्छ।

**नागरिक पेन्सन योजना**मा सबै नेपाली नागरिक सहभागी हुन सक्नेछन्। यसमा गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने व्यवस्था कोषले गरेको छ। न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने तथा आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने व्यवस्था यस योजनामा रहेको छ। जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल प्राप्त हुन्छ। सहभागीको उमेर ६० वर्ष पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने र पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ठ रकम फिर्ता भुक्तानी लिन सकिने व्यवस्था रहेको छ।

**राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष**अन्तर्गत संघीय निजामती, प्रदेश निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, सामुदायिक विद्यालयका शिक्षकलगायत सम्पूर्ण सरकारी सेवाका पदमा रहेका कर्मचारीहरूको बीमाबापत नेपाल सरकारबाट स्वीकृत कार्यविधिअनुसार प्रिमियम रकम संकलन गरी बीमा पोलिसीका लागि सो रकम राष्ट्रिय जीवन बीमा कम्पनीमा पठाउने गरिएको छ।

यसका अतिरिक्त कोषले **नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीहरूको बीमा कोषसमेत** सञ्चालन गरिरहेको छ ।

उल्लेखित कार्यक्रम तथा योजनाहरूका माध्यमबाट कोषले सहभागीहरूलाई आफ्नो अवकाश पश्चातको जीवनलाई आर्थिक रूपमा सुरक्षित बनाउने अवसर प्रदान गर्नुका साथै सहभागीहरूलाई कोषले विभिन्न किसिमका सामाजिक सुरक्षाका सुविधाहरूसमेत प्रदान गर्ने गरेको छ ।

**नागरिक लगानी कोषलाई कर्मचारीहरूको मात्र कोष भन्ने आमबुझाइ रहेको पाइन्छ । यथार्थमा यस्तै हो त ?**

कोष स्थापना हुँदाका समयमा सरकारी कर्मचारीहरूको तलबबाट कोष कट्टी गर्ने गरिएको र कर्मचारी बचत वृद्धि अवकाश कोषमा मूलतः कर्मचारीहरूको सहभागिता हुने भएकोले त्यस्तो बुझाइ रहेको हुन सक्छ। तर, यथार्थमा नागरिक लगानी कोषले रोजगारीमा रहेका कर्मचारीहरूको अतिरिक्त आम नागरिकहरूलाई समेत समेट्नेगरी विभिन्न कार्यक्रम तथा योजनाहरू सञ्चालन गरिरहेको छ ।

कोषले आम नागरिकलाई लक्षित गरी सञ्चालन गरेका नागरिक एकांक योजना र नागरिक पेन्सन योजनामा सबै सर्वसाधारणहरूले सहभागी हुन सक्नु हुन्छ। विशेषगरी नागरिक पेन्सन योजनालाई आय/आर्जन गर्ने सबै नागरिकहरूलाई समेट्ने गरी सञ्चालनमा ल्याइएको छ। यस योजनामा नेपालको सबै भूभागमा बस्ने वा वैदेशिक रोजगारीमा रहेका नागरिकहरू न्यूनतम ५०० रुपैयाँ मासिक बचत गरेर सहभागी हुन सक्नु हुन्छ। सक्रिय जीवनमा कमाएको केही पैसा नियमित बचत गरेर अवकाश जीवनमा पेन्सनका रूपमा उपभोग गरी आर्थिक रूपमा सुरक्षित हुने अवसर यस योजनाले दिएको छ। यस योजनालाई गाउँगाउँसम्म पुऱ्याउन कोषले स्थानीय तहहरूसँग समन्वय गरिरहेको छ। यस योजनामा डिजिटल माध्यमबाटै जोडिन सक्ने व्यवस्था मिलाउनेतर्फ कोषले काम गरिरहेको छ।

यसर्थ, कोषलाई कर्मचारीहरूको मात्र भन्ने नबुझेर आमनागरिकको बचत सञ्चिति गर्ने संस्थाका रूपमा समेत बुझिदिन अनुरोध छ।

**कोषको वर्तमान वित्तीय अवस्थाको बारेमा पनि संक्षिप्त प्रकाश पारिदिनुहुन्छ कि ?**

आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमाससम्ममा कोषले सञ्चालन गरेको अवकाश योजनाहरूमा कुल कोष मौज्दात रु २ खर्ब ९४ अर्ब रहेको छ। जुन अघिल्लो वर्षको तुलनामा ११.४६ प्रतिशतले वृद्धि हो।

यसै गरी कोषको कुल लगानी रकम रु.२९८ अर्ब रहेको छ जुन अघिल्लो वर्षको तुलनामा १२.८० प्रतिशतले वृद्धि हो। उक्त लगानीमध्ये मुद्दती निक्षेपमा ४८.६८ प्रतिशत, सहभागी सापटीमा २१.८४ प्रतिशत, सेयर तथा धितोपत्रमा १०.६१ प्रतिशत, समयकालीन कर्जामा ८.८१ प्रतिशत, ट्रेजरी बिलमा ४.७५ प्रतिशत, नेपाल सरकारको ऋणपत्रमा ४.४० प्रतिशत र सहायक कम्पनीमा ०.९१ प्रतिशत हिस्सा रहेको छ।

चालु आ.व. को पुसमा सम्पन्न भएको वार्षिक साधारण सभाले आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट सेयरधनीलाई ५ प्रतिशत बोनस सेयर र ८ प्रतिशत नगद लाभांश प्रदान गर्ने निर्णय गरी वितरण गरिएको छ।

कोषको केन्द्रीय हिसाबतर्फ चालु आ.व.को दोस्रो त्रैमाससम्ममा खुद नाफा रु ६७ करोड रहेको छ। कोषको जगेडा कोष रु.२ अर्ब ८९ करोड रहेको छ।

लगानी योग्य अधिक रकम मुद्दती निक्षेपमा रहेको, लगानीका वैकल्पिक अवसरहरू कम भएको, मुद्दती निक्षेपको समेत माग हुन छाडेको, संस्थागत निक्षेपको ब्याजदरमा अत्यधिक गिरावट आएकोले मुद्दती निक्षेपमा गरेको लगानीको आम्दानीमा समेत उच्च संकुचन आई चालु आ.व.मा कोषको वित्तीय अवस्थामा ठुलो प्रभाव पर्ने देखिएको छ।

**कोषको लगानी करिब ३ खर्बनजिक रहेको देखियो । तर, यसको ठुलो हिस्सा अझै पनि बैंकहरूको मुद्दती निक्षेपमै केन्द्रित रहेको देखिन्छ । यसलाई विविधीकरण गर्नेतर्फ के कस्तो योजना रहेको छ ?**

चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषको लगानी २ खर्ब ९८ अर्ब ६७ करोड रुपैयाँ रहेको छ। कुल लगानीको झन्डै आधा रकम मुद्दती निक्षेपमै रहेको छ। यसरी निक्षेपमा बढी पैसा रहनुमा विगतमा मुद्दती निक्षेपमा आकर्षक ब्याज हुनु पनि एउटा कारण रहेको हुन सक्छ। कोषको प्रकृतिअनुरूप लगानीको निश्चित प्रतिशत मुद्दती निक्षेपमा राख्न आवश्यक पनि छ। कोष ट्रस्टमा आधारित संस्था भएकाले यसले ठुलो जोखिम मोलेर लगानी गर्न सक्ने अवस्था नरहेता पनि देशको आर्थिक विकासमा योगदान पुऱ्याउन जोखिम विश्लेषणका आधारमा पूर्वाधार निर्माण तथा उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक छ।

यसैले निक्षेपको अधि केन्द्रिततालाई कम गर्दै लगानी विविधीकरण गर्न कोषले पछिल्लो समयमा प्राथमिकताका साथ कार्य गरिरहेको छ। यसका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्थाहरू मिलाउँदै लगिएको छ। पूर्वाधारका परियोजनामा लगाानी विस्तार गर्न विभिन्न जलविद्युत्

आयोजनाहरूसँग छलफल भइरहेको छ। यसैबीच एउटा जलविद्युत् आयोजनासँग वित्तीय समापनसमेत गरिसकिएको छ। सहभागी कर्जालाई विस्तार गर्दै लगिएको छ। पुँजीबजारको कारोबारलाई बढाउँदै लगिएको छ। प्राइभेट इक्विटी भेन्चर क्यापिटलमा लगानी गर्न सक्ने गरी कानुनी व्यवस्था मिलाउने कार्य भइरहेको छ। समग्रमा हाल कोषले न्यून जोखिम भएका सरकारी प्राथमिकताका भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा लगानी विस्तार गर्ने, उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्ने, सहभागी कर्जालाई वृद्धि गर्ने, पुँजी बजारको क्षेत्रमा लगानी बढाउनेलगायतका कार्यलाई प्राथमिकतामा राखेको छ।

यद्यपि विगत केही वर्षदेखि अर्थतन्त्रमा आएको शिथिलताका कारण कर्जाको मागमा कमी आउनु, लगानीको राम्रो वातावरण बन्न नसक्नु, राम्रो परियोजनाको उपलब्धता हुन नसक्नुलगायतका कारण कोषले आशातीत रूपमा लगानी विविधीकरण गर्न सकिरहेको छैन।

मुलुकमा भरखरै सम्पन्न भएको आमनिर्वाचनबाट स्थिर सरकार बन्ने भएकाले अब लगानीको वातावरण सिर्जना हुन सक्ने देखिएको सन्दर्भमा पूर्वाधार निर्माण तथा उत्पादनशील क्षेत्रमा सुरक्षित रूपमा लगानी बढाउन कोषले प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्य गर्ने योजना बनाएको छ।

**पुँजी बजारको विकास र विस्तारमा कोषले कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

नागरिक लगानी कोष ऐनको प्रस्तावनामै पुँजी बजारमा गतिशीलता ल्याउने उद्देश्यसमेत राखेर कोष स्थापना गरिएको उल्लेख छ। यो कोष स्थापना हुँदा नेपालमा पुँजी बजार सुरुवाती अवस्थामा थियो। सर्वसाधारण लगानीकर्तालाई पुँजीबजारको बारेमा जानकारी नै थिएन। त्यस्तो अवस्थादेखि नै यस कोषले मर्चेन्ट बैंकिङ सेवामार्फत धेरै कम्पनीहरूको सेयर निष्कासन तथा व्यवस्थापन र सेयर रजिस्ट्रारको कार्यसमेत गर्दै आएको छ। कोषले प्राथमिक सेयर निष्कासनको क्रममा सेयर प्रत्याभूतिको कार्य गरिरहेको छ। यसका अतिरिक्त कोष आफैंले पुँजीबजारका विभिन्न उपकरणमा लगानी गरेर एवम् आफ्नो सहायक कम्पनीको रूपमा 'नागरिक स्टक डिलर कम्पनी' स्थापना गरी सोमार्फत स्टक डिलरको रूपमा सेयर खरिद बिक्री, पोर्टफोलियो व्यवस्थापन, परामर्श सेवा, ब्रोकरेज सेवालगायतका कार्य गरी पुँजीबजारको विकास तथा स्थायित्वमा महत्वपूर्ण योगदान गरिरहेको छ।

**आजको प्रविधिको युगमा पनि सेवाग्राहीले कोषबाट सेवा लिन भौतिक रूपमा नै उपस्थित हुनुपर्छ भन्ने गरिन्छ ? यस्तो अवस्था अन्त्य गर्नका लागि कोषले के कस्तो व्यवस्था मिलाएको वा मिलाइरहेको छ ?**

कोषले डिजिटल सीआईटीको अवधारणाअनुसार काम गरिरहेको छ। यद्यपि कोषमा हुने केही कामका लागि सेवाग्राहीले कोषमै आउन पर्ने भएतापनि अधिकांश काम डिजिटल माध्यमबाटै गर्न सकिने व्यवस्था कोषले गरेको र यसलाई क्रमशः विस्तार गर्दै लगिएको छ।

कोषको दैनिक कार्य सञ्चालन वेबबेस्ड एकीकृत सफ्टवेयरमार्फत हुने गरेको छ। सेवाग्राहीलाई सरल, सहज र झन्झटरहित सेवा प्रदान गर्ने क्रममा फन्ड संकलन, कर्जा माग, कर्जा रकम भुक्तानी, कस्टमर रजिस्ट्रेसनलगायतका कार्य डिजिटल माध्यमबाट नै हुने व्यवस्था मिलाइएको छ। कम्प्युटराईज्ड गभर्मेन्ट एकाउन्टिङ सिष्टम (CGAS), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) र सीआईटी पोर्टलमार्फत कोषको खातामा र सहभागीहरूको खातामा रकम जम्मा गर्न सकिन्छ। सहभागीहरूले सापटी तथा कर्जाको किस्ता रकम कनेक्ट आईपीएस, बैंक सेन्टर, ई-सेवा र खल्तीजस्ता एपबाट जम्मा गर्न सक्ने र कर्जा निवेदन सीआईटी पोर्टलमार्फत अनलाइन पेस गर्न सक्ने एवम् स्वीकृत रकम सोझै निजहरूको खातामा जाने व्यवस्था मिलाइएको छ। यसैगरी सीआईटी स्मार्ट मोबाइल एपमार्फत सहभागीहरूले आफ्नो बचत खाता र कर्जा खाताको विवरण हेर्न सक्ने व्यवस्थासमेत मिलाइएको छ। कोषले अटोमेसनलाई उच्च प्राथमिकतामा राखि हाल भइरहेको सेवालाई थप स्तरोन्नति गर्ने र बाँकी कार्यलाई थप डिजिटलाइज्ड गर्न आवश्यक कार्य गरिरहेको छ।

**कोषका सामु के कस्ता चुनौतीहरू रहेका छन् । यी चुनौती सामना गर्न कोषले के कस्तो कार्य योजना बनाएको छ ?**

कोषका सामु रहेका प्रमुख चुनौतीहरूमा वित्तीय बजारमा अधिक तरलता भई ब्याजदरमा अत्याधिक गिरावट आएको कारण कोषको वित्तीय अवस्थामा पर्ने प्रभाव, वाणिज्य बैंकहरूबाट निक्षेप मागसमेत हुन छाडेको अवस्थाले कोषको फन्ड व्यवस्थापन गर्ने चुनौती, कोषका विद्यमान सहभागीहरूलाई समेत सामाजिक सुरक्षा कोषले अनिवार्य सहभागी हुन भनी पत्राचार गर्ने गरेकाले सहभागीहरूलाई कोषमा आबद्ध गराइराख्ने चुनौती, मुलुकमा लगानीको राम्रो वातावरण बन्न नसकेको तथा लगानीयोग्य परियोजना अभावको कारण लगानी विविधीकरण गर्ने चुनौती, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जाको साँवा ब्याजको किस्ता भुक्तानी नियमति हुन नसकेकाले कोषको वित्तीय अवस्थामा पार्ने प्रभावलगायतका बाह्य चुनौतीहरू रहेका छन्।

यसैगरी, आन्तरिक रूपमा कोषको सूचना प्रविधि प्रणालीलाई स्तरोन्नति गर्ने, कोषको कार्यलाई थप डिजिटलाइज्ड गर्ने, दक्ष जनशक्ति भर्ना तथा रिटेन्सन गर्ने, पुँजीबजारमा प्रतिस्पर्धी रूपमा सेवाप्रवाह गर्न उपयुक्त जनशक्तिको अभाव, कोषसँग सम्बन्धित कानुनी व्यवस्थामा समयसापेक्ष सुधार गर्ने लगायतका चुनौतीहरू समेत कोषसामु रहेका छन् ।

कोषका विद्यमान उपरोक्त चुनौतीहरूलाई समाधान गर्दै कोषको कार्यलाई थप प्रभावकारी बनाई कोषलाई अब्बल संस्था बनाउनका लागि कोषले अघि सारेका प्रमुख कार्य योजनाहरूमा नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार खारेजीमा गएका हाल सञ्चालित अन्य अवकाश कोष व्यवस्थापकसँग समन्वय तथा विशेष पहल गरी ती कोषलाई यस कोषमा आबद्ध गरेर कोष संकलन वृद्धि गर्ने, लगानीको क्षेत्र तथा दायरा विस्तार गर्ने, कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजना एवं क्षेत्रमा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, विशिष्टीकृत लगानी कोषमा लगानी गर्ने, पुँजीबजारमा थप लगानी विस्तार गर्ने, सूचना प्रविधिको उच्चतम् प्रयोग गरी कोषको कार्यलाई थप चुस्त दुरुस्त बनाउने एवम् थप डिजिटलाइज्ड गर्ने, सहभागीहरूलाई अझ सरल, झन्झटरहित र गुणस्तरीय सेवा प्रदान गर्ने, सांगठनिक संरचनामा पुनरावलोकन गर्ने, कर्मचारीको वृत्तिविकास तथा दक्षता अभिवृद्धिका लागि विशेष कार्य गर्ने, कोषसँग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्थामा समयसापेक्ष सुधारका लागि आवश्यक कार्य गर्नेलगायतका योजनाहरू रहेका छन् ।

**अन्त्यमा, कोषका सहभागी तथा सरोकारवालाहरूलाई के भन्न चाहनुहुन्छ ?**

सर्वप्रथम कोषलाई यहाँसम्म आइपुग्न मद्दत गर्ने सबै सहभागी, सेयरधनी, नेपाल सरकारका विभिन्न निकाय, कोषका पूर्वपदाधिकारी, कोषका कर्मचारी र सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक आभार व्यक्त गर्दछु । सहभागीहरूबाट संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी गरी उचित प्रतिफल दिन कोष सदैव क्रियाशील रहेको र प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु । कोषले राष्ट्रसेवक कर्मचारी, विभिन्न संघसंस्थामा कार्यरत कर्मचारी, स्वआर्जन तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूलाई समेत लक्षित गरी विभिन्न कार्यक्रम तथा योजना सञ्चालन गरिरहेको हुँदा यी योजनाहरूमा सहभागी हुन सबैमा आग्रह गर्दछु ।

★ ★ ★

# राष्ट्रवादको चुरो कुरा अर्थतन्त्र हो

अर्थतन्त्र नै सबैभन्दा आजको राष्ट्रवादको चुरो कुरा हो । अर्थतन्त्र आफैँबाट बन्ने हो । आफ्नै देशका नागरिकको श्रमबाट तिरेको करबाट अर्थतन्त्र बन्ने हो । देशभित्र कमाउनेस्थिति हामीले सिर्जना गरे त्यसबाट बढी कर उठ्छ र देश बन्छ ।



**सुरेन्द्र पाण्डे**
**पूर्वअर्थमन्त्री**

**प्रारम्भ**

नागरिक लगानी कोषले स्मारिका निकाल्न लागेको सुन्दा मलाई खुसी लागेको छ। कोषले आउँदा दिनमा अझ सफलता प्राप्त गरोस भन्ने शुभकामना दिन चाहन्छु। कोष आफैँमा एउटा यस्तो सार्वजनिक संस्था हो, जसले नागरिकहरूको बचतलाई, खासगरी सरकारी कर्मचारी र अन्य संगठित क्षेत्रका व्यक्तिहरूको लगानीलाई संकलन गरेर देशको उद्यम व्यवसायलाई प्रोत्साहनमा उल्लेखनीय भूमिका खेल्दै आएको छ।

भविष्यमा पनि यसले थप क्षेत्र, खासगरी नेपालको उत्पादनशील क्षेत्रमा लगानी गरोस्, रोजगारी सिर्जना गर्नेतर्फ कोषको भूमिका रहोस् भन्ने मेरो आग्रह छ। कोषले यस्ता क्षेत्रमा लगानीको सुनिश्चितता गर्दै र त्यसबाट मुलुक र जनताको हितमा उपलब्धि हासिल गर्ने काममा लाग्नुपर्छ भन्नेमा मेरो थप जोड छ।

**जेनजी आन्दोलन र प्रभाव**

नेपालमा भदौ २३ र २४ मा जेनजी पुस्ताको आन्दोलनपश्चात एउटा नयाँ राजनीतिको कोर्स खोजेको देखिएको छ। यद्यपि त्यो आन्दोलनको माग नयाँ राजनीतिक कोर्ष थियो कि थिएन, त्यसको समीक्षा इतिहासले गर्नेछ। नयाँ पुस्ताको चाहना विभिन्न थिए। उद्देश्य राम्रा पनि थिए। खासगरी भ्रष्टाचार नहोस्, सुशासन होस्, स्वदेशमै रोजगारी वृद्धि होस्, नेपालमै काम पाइयोस्, नेपाल र नेपालीको आर्थिक उन्नति होस् भन्ने चाहनाका साथ त्यो आन्दोलन भएको थियो।

तर अर्को दिन भदौ २४ गते भएको विध्वंसात्मक घटना फेरि त्यतिकै गम्भीर छ। जसमा नेपाल सरकारका ऐतिहासिक धरोहरहरू जलेर नष्ट भए। व्यक्तिका सम्पत्तिदेखि उद्यम, व्यवसायमाथि आगजनी, तोडफोड, लुटपाट गरियो। पार्टीका कार्यालय जलाइए। ती घटनाले एउटा नयाँ संशय पनि पैदा गरिदिएको छ।

कतै नेपालमा लगानी गर्न कठिन छ कि ? नेपालमा बसेर रोजगारी प्राप्त गर्ने बाटो झन् कठिन हुने हो कि ? भन्ने नयाँ संशय सिर्जना भएको छ। नेपालमा राम्रो हुनुपर्छ भन्ने उद्देश्य राख्ने, तर लुटपाट, आतंक, चोरी-डकैतीजस्ता घटनालाई सामान्य ठानेर त्यसमाथि कुनै सरकारी कारबाहीको प्रक्रिया पनि नहुनेजस्ता कुराले ठूलो संशय पैदा गरेको छ। यी घटनाहरूले के नेपालमा लगानी सुरक्षित छ ? या नेपालमा बस्ने युवाको भविष्य सुनिश्चित छ ? यी प्रश्न पनि उठेका छन्।

उसै पनि नेपालमा सम्भावना छैन भनेर छोराछोरी बाहिर पठाउने प्रवृत्तिले नवयुवा विदेश पलायन हुनेस्थिति बनिरहेकै थियो। कतै यो घटनापछि झन् युवाहरूलाई विदेश जान प्रेरित त गर्दैन ?

यस खालका अराजकता र आतंक हुँदा पनि कारबाही हुँदैन भने अब यहाँ कुन विश्वासले बस्नु ? भन्ने जस्तो एउटा अवस्था पैदा भएको देख्छु । यो घटनामा देखिएको दण्डहीनता मुलुकलाई निरन्तर अनिश्चयको दिशातर्फ डोऱ्याउने सुरुङमार्ग त बन्ने होइन भन्ने पनि एकथरी मान्छे भनिरहेका छन् । यसैकुराले भविष्यमा झन् ठूला-ठूला घटना घट्ने र मुलुक अस्थिरतातर्फ जाने आशंका पनि सिर्जना भइरहेका छन् ।

## अवसर पनि छ

हरेक देशहरू आ-आफ्नो विकासका चरणमा यस्ता संकटबाट गुज्रेका छन् । कतिपय देशले गम्भीर र दीर्घकालीन संकट पार गरेर विकासको बाटोमा लम्केका देखिन्छन् । कतिपय देशले अल्पकालीक संकट बेहोरे र दीर्घकालीन सफलता र उपलब्धितिर गएका छन् । म के आशा गर्छु भने, नेपाल दोस्रोमा परोस् । निरन्तरको संकटतर्फ होइन कि, अस्ति जे घटना भयो त्यसलाई पनि हामीले बिर्सेर अब नयाँ आत्मविश्वासका साथ उन्नतिको बाटोमा लाग्नसक्नुपर्छ । त्यसो भए विस्तारै नोक्सानीलाई मानिसहरूले बिर्सिनेछन् । मुलुकले पनि त्यसलाई एकातिर थाँती राखेर अथवा इतिहासको एउटा नकारात्मक घटना सम्झेर देश प्रगतिको बाटोमा छ भन्ने अवस्था बन्नुपर्छ । यसबाट लिने शिक्षा चाहीँ यही हो ।

नेपालले अब सोच्नुपर्ने अर्को महत्वपूर्ण पक्ष पनि छ । नेपालमा एउटा समूहले १० वर्षे जनयुद्ध भनेर गऱ्यो । त्यो समूहले नेपालमा गणतन्त्र ल्यायौँ, समावेशिता ल्यायौँ, त्यो सबैभन्दा ठूलो राजनीतिक उपलब्धि हो भनिरहेको छ । तर सँगसँगै अर्काथरी मानिसहरू त्यसले जनताको जीवनस्तरमा त परिवर्तन आएन नि भनिरहेका छन् । के राजनीतिका यिनै कुरालाई मात्रै उपलब्धि ठान्दा देश स्थिर रहन्छ ? कि आर्थिक, सामाजिक रुपान्तरण पनि मुख्य विषय हो ? यसतर्फ पनि सोच्नुपर्छ ।

अब राजनीतिसँग आर्थिक, सामाजिक रूपान्तरण जोडिनैपर्छ । जोडिएनभनेकेहीमानिसलाईराजनीतिको अग्रभागमा ल्याइँदिँदैमा उनीहरूको जीवनस्तर माथि उठे पनि आममानिसले लाभ लिन सक्दैनन् । आमजनताको जीवनस्तरमा परिवर्तन भएन भने यस्ता आन्दोलन भइरहन्छन् । अहिलेको जेनजी आन्दोलनले पनि खाली केही नयाँ दल खुल्ने र केही नयाँ मान्छेलाई राजनीतिक रंगमञ्च दिने, केही सांसद र मन्त्री मात्रै बनेमा जनतालाई अर्को प्रकारको धोका दिने काम मात्रै हुन्छ । त्यो नहोस् भन्ने म चाहन्छु ।

कम्तीमा यो परिवर्तनले वास्तविक रूपमा नेपालको आर्थिक, सामाजिक रूपान्तरणको बाटो समाउन प्रेरित गरोस् भन्ने मेरो अपेक्षा छ । देशको राजनीतिले त्यो बाटो समात्यो भने देश अगाडि जानसक्छ ।

## चुनौतीका चाङ

पहिले जेजे कारणले देश बनेन् भनियो । ती चुनौती आज पनि यथावत छन् । त्यसमा परिवर्तनको आधारभूत परिवर्तन केही पनि भएको छैन । अझ कतिपय अवस्थामा झन् बिग्रेका छन् । अब चुनावपछि बन्ने सरकार, संसद् र राजनीतिक दल र नागरिकको सामुहिक प्रयासबाट समाधान गर्नुपर्छ भन्ने मलाई लाग्छ । जस्तो मान्नोस् विसं २०७२ मा संविधान यस्तो ढंगले बन्यो कि हामीले सबै मान्छेको सहभागिता समानुपातिकताको कुरा गऱ्यौँ । सहभागिताको पक्ष त एकदम बढेर गयो । सहभागिताले मान्छेको आकांक्षा पनि बढायो । राजनीतिक रंगमञ्चमा हिजोभन्दा धेरै नयाँ खेलाडी देखा परे ।

तर बाँकी जनताले के पाए ? बाँकी जनताले आर्थिक उन्नति र प्रगति प्राप्त गर्नुपर्थ्यो होला नि । त्यो चाहीँ हुन सकेन । अब जनताको आर्थिक उन्नति कसरी हुन्छ, त्यसको जवाफ राज्यले दिनुपर्छ । अर्कोकुरा राजनीतिको प्रस्थानबिन्दु केमा हुनुपर्छ भने सबै नेपालीले पौरख गरेर कमाएर खान प्रेरित गर्नुपर्छ । पौरख सिकाउने, केही अवधि देशमै दुःख गरेर देश बनाउने कुराको शिक्षा-दीक्षा दिनुपर्छ । त्यो प्रयास माथिदेखि तल सम्मका सबै सरकारले गदौ मात्रै जनतामा एउटा नयाँ आत्मविश्वास पैदा हुन्छ । यो एक रातमा हुँदैन, केही अवधिमा पनि हुन्न । यसका लागि लामो प्रयासको जरुरत पर्दछ ।

लाखौँ मानिस अनौपचारिक रोजगारीमा छन् । राज्यबाहिरको रोजगारीमा छन् । निजी क्षेत्रका ठुला उद्योगधन्दाभन्दा बाहिर नै यो संख्या छ । यसको एउटा उदाहरण रेस्टुरेन्ट, साना होटेल व्यवसायको क्षेत्र । हाइवे, सहर, सडकका दायाँ-बायाँ किनारामा रहेका यस्ता होटेलले ठूलो रोजगारी सिर्जना गरेका छन् । अर्को ठूलो उदाहरण यातायात पनि हो । यातायातमा काम गर्ने बसमा चालक, सामान्य भाषाका खलासी, पैसा उठाउने कन्डक्टरका रूपमा पनि ठूलो पंतिले रोजगारी पाएको छ । यो संख्या देशभर लाखौँमा छन् ।

तर, तिनीहरूको 'वर्किङ आवर' (कामको समय) को कुनै सीमा छैन । आठ घण्टा भन्यो भने उनीहरूले कामै पाउन्नन् । दोस्रो, ज्यालाको पनि कुनै सीमा छैन । कतिपयको ४-५ हजार नै होला । कतिपय त भरपेट खान पाइन्छ भनेरै काममा लागेको पाइन्छ । नेपालको कानुनले १९ हजार रुपैयाँ न्यूनतम ज्याला

तोकेको छ। मान्नोस्, ती मजदुरहरूलाई सरकारले १९ हजार देऊ भन्यो भने ती रेस्टुरेन्ट चल्लान्। अनि आठ घण्टा मात्रै काम लगाउँ भन्यो भने के होला ? अथवा व्यवसायीले दिन नसकेको पैसा नेपाल सरकारले तिर्न सक्छ ? त्यो त भन् सक्दैन। निजी व्यक्तिले लगाएको काममा चाहीँ सरकारले पैसा दिन सक्ने कुरा सम्भवै भएन। यो गम्भीर प्रश्न छ।

मलाई लाग्छ, जनजीविकाका यस्ता लाखौँका समस्या अहिले हामी सम्मुख छन्। यो दुइटा सेक्टरमा मात्रै होइन, सबैजसो अनौपचारिक क्षेत्रसँग भएका समस्या हुन्। जसको जवाफ र समाधान राज्यले दिनुपर्नेछ। यस्ता समस्याको समाधान त्यो बेला मात्र सम्भव हुन्छ, जब नागरिकको क्रयशक्ति बढी हुन्छ। होटेल, रेस्टुरेन्टहरूमा बढी पैसा तिरेर खानसक्ने उपभोक्ता आए साहुजीको गुणस्तरीय आम्दानी हुन्छ र कामदारले पनि सोहीअनुसार पाउनसक्छ। अन्यथा बढ्दैन्।

यो आम जनताको आम्दानी वृद्धिसँग, जीवनस्तर वृद्धिसँग सम्बन्धित प्रश्न छ। त्यो एक रातमा सम्भव होला ? अथवा एउटा छोटो अवधिमा वा संसद्को एक कार्यकालमा सम्भव होला ? त्यो पनि हुँदैन। विदेशमा जाने नेपालीहरूले ४०० वर्ष लगाएर बनेका देशहरूको उदाहरण दिएर यहाँ नेपालमा आजको आजै समाधान हुनुपर्छ भनेर प्रश्न उठाइरहेका छन्। माग गरिरहेका छन्। नेताहरू पनि त्यसको सामान्य विश्लेषणसमेत नगरेर के भन्दिन्छन् भने मैले नेतृत्व पाए जम्मै गर्दिन्छु। मैले पाए सब गर्दिन्छु, अर्कोले गरेन, चोरफटाहा ! हिजोका सबैले गरेनन् भनिरहेका छन्।

नेताकै यस्ता अभिव्यक्तिले पनि देशको वातावरण बिग्रिरहेको छ। देश निर्माणको प्रश्न एक रातमा, एउटा अवधिमा, एक कार्यकालमा पनि होइन, यसमा लामो प्रक्रिया चाहिन्छ। कुरा के मात्रै हो भने गन्तव्य आरम्भ भए विस्तारै स्टेप माथि चढ्दै जानुपर्छ। मुलुकले त्यो गन्तव्य लिन्छ कि लिँदैन ? बाटो समात्छ कि समात्दैन ? प्रगतिको गति कत्तिको छ ? भन्ने प्रश्न हुनुपर्छ। यस खालका सोच विचारसहित नागरिकसमेतको मेहनतमा देश निर्माणको प्रक्रियामा सबै लाग्ने संकल्प हामीले गर्नसक्यौँ भने बल्ल देश त्यो बाटोमा लाग्छ। हामी अब त्यता नलागी उपाय पनि छैन। त्यता नलागे देश नै बन्दैन।

## देश बनाउनुको विकल्प छैन

भदौको घटनापछि अब नेपाली युवाका लागि देश बनाउनु र देशमै बस्नुबाहेकको विकल्प पनि कम देख्छु। किनभने अब सबै नेपालीहरू भिसा पाएर, रोजगारी पाएर विदेश जान पनि सम्भव छैन। कतिपयलाई लागेको होला कि नेपालमा सबै नेताले बिगारे। देश नेताले मात्रै बिगारेका छैनन्। देश बनाउने कर्तव्य नेताको मात्रै होइन। उसको पनि हो। नागरिकको पनि हो। जन्मिँदै कोही नेता भएका होइनन्। भगवान् जस्तो तथास्तु भनेर बन्ने पनि होइन देश। कुनै नेतासँग त्यस्तो जादु हुने कुरा पनि भएन।

अनि त्यस्तै कुरा पत्याउने जनता, त्यस्तै कुरा भन्ने नेता र पार्टी भइरहे देशले त जहिले पनि धोका पाउने निश्चित छ। त्यसैले अब जनताले पनि असम्भव कुरा बोल्ने र गर्नेलाई निरुत्साहित गर्न'पर्छ। जनताले पनि नसकिने कुराको माग गर्न' हुन्न। नेताले त चुनावमा हुन्छ भन्देला, पछि गर्न सक्दैन। चुनाव जित्नलाई जे पनि भन्दिने, अनि जे पनि माग्ने जनता भए देश कहिल्यैपनि बन्दैन।

अब हामी बढी वस्तुवादी भएर, यथार्थपरक, तथ्यपरक भएर जानुपर्ने अवस्था छ। आवेशमा होइन, सोचविचार र बुद्धिमताका साथ निष्कर्ष निकालेर अघि बढ्नुपर्छ। देशको क्षमतालाई आकलन गरेर पाइला मिलाएर अघि बढ्नु आजको आवश्यकता हो। त्यहीअनुसार राज्यका प्राथमिकता निर्धारण गरेर लगानी गर्न'पर्छ।

अर्को कुरा देशलाई अहिलेको अवस्थामा नेताभन्दा बढी उद्यमी, व्यवसायी चाहिएको छ। नेपालमा अहिले नेताको कुनै कमी छैन। नेपालमा कामगरी खाने मान्छे कम हुँदै गए। यो चिन्ताको विषय हो। उद्यम व्यवसाय गरेर, परिश्रम गरेर रोजगारी सिर्जना गर्ने मान्छे कम भए। हामीले गाली गर्ने मात्रै मान्छे बनायौँ, गाली गर्नेले देश बनाउँदैन। काम गरेर, पौरख गरेर खाने मान्छेले हो देश बनाउने। देशको प्रगति खोज्ने हो भने व्यवसायी र गरिखाने मान्छे बढी चाहिएको छ। यसको लागि राजनीतिक स्थायित्वको पनि ठुलो महत्व हुन्छ। सधैँ हामी राजनीतिक अस्थिरताबाट गुज्रिरह्यौँ। त्यसले पनि यस्तो अवस्था सिर्जना गरेको हो।

## सवैधानिक प्रश्न

एउटा अर्को ठुलो कुरा यो संविधानले एउटा दलको मात्रै बहुमतको अपेक्षा गर्न गाह्रो छ। बहुमत प्राप्त नगरिकन सरकार बन्न सक्दैन। एउटा दल बहुमत पुऱ्याउन नसक्ने, धेरै दल मिलेर सरकार बनाउँदा बेला-बेलामा सरकार ढलिरहने। जसले देशलाई गोलचक्करमा हाल्न थाल्यो। यसैमा अझ पनि देश फस्ने खतरा छ। त्यसैले अब संविधानका त्रुटिहरू सच्याउनुपऱ्यो, कि हाम्रो दिमागमा मिलेर काम गर्ने संस्कार बसाल्न पऱ्यो। हामी दिमाग सच्याउनतिर लाग्न सक्दैनौँ भने समयमै कागज सच्याऔँ। कागज सच्याए पनि दिमागलाई केही न केही त सच्याउन

जरुरी नै हुन्छ। अर्कालाई गाली मात्रै गर्ने प्रवृत्तिले कागज सच्याए पनि फेरि अर्को समस्या आइहाल्छ । फेरी दिमागले सोच्छ, कागज नै नमिलेको हो कि ! आफ्नै दिमाग ठिक ठाउँमा छैन ।

मिल्ने संस्कार सर्वोत्तम विकल्प हो । सबै मिलेर नै धेरै देश बनेका छन् । नमिलेर देश एक्लै मात्रले बनाउने कुरा कल्पनाभन्दा बाहिरको विषय हो। हाम्रो दिमागमा हाम्रो सोचमा हाम्रो व्यवहारमा हाम्रो तरिकामा समस्या छ। त्यो पनि सुधार्न जरुरी छ। हामी काम गर्दैनौं, अर्कालाई गाली गर्छौ। देशमा भएन भन्छौं, विदेशमा जान्छौ र विदेशमा बसेर सबभन्दा धेरै देशलाई गाली गर्छौं। यसरी प्रगति हुनेवाला छैन। देशलाई माया गर्ने हो भने, देशवासीलाई माया गर्ने संस्कार सिकौं। एकअर्कोका पूरक भएर काम गरौं। एकले अर्कालाई निषेध गर्ने ढंगले काम गरेर पनि कहीँ पुगिन्न ।

अर्को कुरा बाहिर देशमा बसेर देशभक्तिको कुरा गर्न' देशभक्ति होइन्। देशमा बसेर श्रम गरेर, नेपालमा दुईचार जनालाई रोजगारी दिएर, कर तिरेर नेपाललाई धनी बनाउनु देशभक्ति हो। बाहिर बसेर, बाहिरको काम गरेर, बाहिर कर तिरेर, बाहिरको देश बनाएर, मेरो मनमा देशभक्ति छ भनेर हुँदैन। मैले देशभक्ति देशको अर्थतन्त्रलाई बुझ्छु। 'इकोनमी इज द मेन इस्सु अफ नेसनालिजम' ।

जब देश आर्थिक रूपले सम्पन्न हुन्छ, हर मान्छेमा आफ्नो देश प्रतिको गौरव बढ्छ। मेरो देशले मेरो बच्चालाई राम्रो पढाएको छ, मेरो देशले मेरो प्रहरीलाई राम्रो तलब दिएको छ, मेरो देशको सेनासँग राम्रो हातहतियार छ, मेरो देशले विश्वविद्यालयमा विशेषज्ञलाई राम्रो तलब दिएर काममा लगाएको छ, अध्ययन अनुसन्धान राम्रो छ, कर्मचारीलाई राम्रो तलब दिएको छ। तब पो गौरव महसुस हुन्छ ।

त्यसैले अर्थतन्त्र नै सबैभन्दा आजको राष्ट्रवादको चुरो कुरा हो। अर्थतन्त्र आफैबाट बन्ने हो। आफ्नै देशका नागरिकको श्रमबाट, तिरेको करबाट अर्थतन्त्र बन्ने हो। देशभित्र कमाउनेस्थिति हामीले सिर्जना गरे त्यसबाट बढी कर उठ्छ र देश बन्छ।

अर्थशास्त्री एडम स्मिथले भनेको कुरा के हो भने धन भनेको सिर्जना गर्ने कुरा हो, धन उपहार होइन । बुबाआमाको सम्पत्ति र अंश तिमीहरूले नखोज, अंश उपहार हो। पौरख गरेर आर्जन गर, त्यो चाहीँ धन हो। हर नेपालीले स्वदेशमा बसेर आर्जन गर्ने, राज्यलाई कर तिर्ने, राज्यलाई धनी बनाउने अभियानमा हामी लाग्नुपर्दछ।

यसको लागि नागरिक लगानी कोषजस्ता संस्थाहरूले लगानीकर्ता र व्यवसायीहरूलाई स्वदेशमै पुँजी र स्रोत प्रवाह गर्न ध्यान दिनुपर्छ। एकपटक आत्मविश्वास पैदा गर्नसक्यो भने मलाईलाग्छ देश निर्माणमा सानो भएपनि यसले भूमिका खेल्न सक्छ।

★ ★ ★

# आर्थिक स्तरोन्नतिमा जाने नजानेमा अल्झिनुभन्दा प्रक्रियामा अघि बढ्नु उपयुक्त

**विदेशी लगानी आउनु राम्रो हो । तर, देशको अर्थतन्त्रलाई गति दिने मुख्य इन्जिन भनेको स्वदेशी उद्यमी नै हुन् । निजी क्षेत्रले सधैं नीतिगत समस्या देखाएर पन्छिने र सरकारले निजी क्षेत्रलाई केबल नाफाका रुपमा हेर्ने प्रवृत्तिले गर्दा स्वदेशी लगानी प्रोत्साहित हुन सकेको छैन ।**



**प्रा. डा. शिवराज अधिकारी**
**पूर्वउपाध्यक्ष राष्ट्रिय योजना आयोग**

नेपाल हाल एक महत्वपूर्ण ऐतिहासिक र आर्थिक मोडमा उभिएको छ। सन् २०२६ को नोभेम्बरमा नेपाल अल्पविकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने निश्चित भइसकेको छ। यो प्रक्रिया प्राविधिक रूपमा सफल देखिए पनि यसले राष्ट्रिय अर्थतन्त्रमा कस्तो प्रभाव पार्ला भन्ने विषयमा व्यापक बहस सुरु भएको छ। एकातिर सरकारी निकायहरूबीचको समन्वयको अभाव छ भने अर्कोतिर बजेट निर्माणमा हुने कानुनी उल्लंघन र निजी क्षेत्रको खस्कँदो आत्मविश्वासले चुनौती थपेको छ।

शनेपालको निजी क्षेत्र हाल गम्भीर आत्मविश्वासको कमीबाट गुज्रिरहेको छ। स्तरोन्नति भएपछि औषधि उद्योगजस्ता ९ वटा प्रमुख क्षेत्रहरू कोल्याप्स हुन्छन् भन्ने हल्ला त छ, तर त्यसलाई पुष्टि गर्ने कुनै ठोस प्रमाण कसैसँग छैन। निजी क्षेत्रका व्यवसायीहरूले प्रमाणमा आधारित तर्क गर्नुको साटो केवल हल्लाको पछि लाग्ने प्रवृत्ति देखिएको छ।

नेपालले स्तरोन्नतिका लागि आवश्यक तीनवटै प्रमुख मापदण्डको रुपमा रहेका मानव सम्पत्ति, आर्थिक तथा वातावरणीय जोखिम र आय पूरा गरिसकेको छ। विशेष गरी प्रतिव्यक्ति आय १ हजार ३०६ अमेरिकी डलर हुनुपर्नेमा हाल नेपालको आय १ हजार ४०४ अमेरिकी डलर पुगिसकेको छ। प्राविधिक रूपमा हामी पास भएका छौँ, तर केवल पास हुनु नै ठूलो उपलब्धि होइन। सरकारले मापदण्ड पुग्यो भन्दैमा ढुक्क हुने अवस्था छैन भने निजी क्षेत्रले राजनीतिक अस्थिरतालाई देखाएर जानु हुन्न भन्नु पनि त्यति तर्क संगत देखिँदैन। मुख्य समस्या भनेको दुवै पक्षले प्रमाणका आधारमा कुरा नगर्नु हो। 'किन नजाने ?' वा 'जाँदा के असर गर्छ ?' भन्नेमा न त निजी क्षेत्रसँग ठोस तथ्य छ, न त सरकारसँग नै। यसलाई प्रभावकारी बनाउने स्पष्ट मार्गचित्र छ।

**संस्थागत संरचनाको अन्योल**

नेपालको योजना प्रणालीमा देखिएका मुख्य समस्या भनेको कामलाई संस्थागत गर्न नसक्नु हो। एलडीसी स्तरोन्नति जस्तो गम्भीर विषयमा कुन निकायले नेतृत्व लिने भन्नेमा नै अन्योल छ। स्तरोन्नति जस्तो गम्भीर प्रक्रियालाई कसले नेतृत्व गर्ने भन्नेमा हाम्रो कर्मचारीतन्त्र र नीतिगत तहमा ठूलो अन्योल छ। कहिले परराष्ट्र मन्त्रालय, कहिले योजना आयोग त कहिले प्रधानमन्त्री कार्यालयले, यसको जिम्मा लिने भन्ने विषयमा कन्फ्युजन देखिन्छ। हाल नेपालसँग १६ औं योजना, (दिगो विकास लक्ष्य) लक्ष्यहरू र स्मूथ ट्रान्जिसन स्ट्राटेजी' जस्ता महत्वपूर्ण दस्तावेजहरू छन्। तर, यी तीनै दस्तावेजहरू छुट्टाछुट्टै छन्। एकअर्कासँग समानान्तर रूपमा चलिरहेका छन्। तर, विडम्बना यिनका बीचमा कुनै 'सिमेट्रिक' सम्बन्ध वा तालमेल छैन। योजना आयोगमा प्रधानमन्त्री, उपाध्यक्ष र सचिवहरूको नेतृत्वमा विभिन्न समितिहरू त बनेका छन्, तर ती समितिहरूले प्रभावकारी

रूपमा काम गर्दैनन् । केवल बैठक बस्नु र रिपोर्टिङ गर्नुलाई नै उपलब्धिका रूपमा लिने गलत परिपाटी छ । एउटा मन्त्रालय (जस्तै उद्योग) ले गरेको कामको जानकारी अर्थ, परराष्ट्र वा योजना आयोगलाई हुँदैन । यस्तो समन्वयको अभावले गर्दा हामीले अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो आवाज प्रभावकारी रूपमा उठाउन र वैदेशिक सहायताको सही सदुपयोग अहिले पनि गर्न सकिरहेका छैनौँ । त्यसकारण हामीले आवश्यक अंक वा सूचक प्राप्त गरी स्तरोन्नतिमा जानु हुँदैन भन्ने विषयमा अल्झिनुभन्दा जाने तयारी गर्नु उपयुक्त हो ।

## ग्रे लिस्टको चुनौती

नेपालले हाल अन्तर्राष्ट्रिय जगतमा आफ्नो वित्तीय साख जोगाउने ठूलो चुनौतीको सामना गरिरहेको छ । अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने प्रक्रियामा रहँदा नेपालले आफ्नो वित्तीय प्रणालीलाई पारदर्शी र सुरक्षित बनाउनु पनि अनिवार्य छ । नेपाल हाल 'ग्रे लिस्ट' को जोखिममा वा यससँग सम्बन्धित कडा निगरानीको घेरामा छ । यो केवल प्राविधिक विषय मात्र नभई नेपालको अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक लगानी र साखसँग जोडिएको गम्भीर मुद्दा हो ।

## नीतिगत पूर्णता र कार्यान्वयनको खाडल

नेपाल ग्रे लिस्टमा पर्नु वा यसको जोखिममा रहनुको मुख्य कारण कानुन वा नीतिको अभाव होइन । नेपालले वित्तीय सुशासनका लागि आवश्यक नीतिगत व्यवस्थाहरू लगभग पूरा गरिसकेको छ । तर, समस्या कार्यान्वयनमा छ । कमजोर कार्यान्वयनले नीति भए पनि त्यसलाई व्यवहारमा उतार्न नसक्दा अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालको प्रणालीमाथि विश्वास गर्न सकेका छैनन् । एउटा नीति कार्यान्वयन नहुँदा त्यसले शृंखलाबद्ध रूपमा अन्य क्षेत्रमा पनि असर पुऱ्याइरहेको छ । प्रणाली संस्थागत नभएका कारण हामी सधैँ कमजोर देखिन्छौँ । तदर्थ रूपमा समितिहरू बनाउने तर तिनले दीर्घकालीन नतिजा दिन नसक्ने समस्या यहाँ पनि विद्यमान छ ।

ग्रे लिस्टसँग सम्बन्धित एउटा गम्भीर विषय अवैध स्रोत र हतियारको ओसार पसारबीचको सम्बन्ध हो । हतियारको प्रयोग र स्रोतको कनेक्सन हुन्छ र नेपालमा विभिन्न अवैध च्यानलहरूबाट स्रोतहरू भित्रिने वा बाहिरिने गरेको देखिएको छ । सरकारले यस्ता गतिविधिमा प्रतिबन्ध लगाए जस्तो गरे पनि वास्तविक रूपमा विभिन्न च्यानलबाट भइरहेका यस्ता अवैध कामहरूलाई रोक्न प्रभावकारी कदम चाल्न सकेको छैन ।

## सुशासन र अपराधीहरूको उन्मुक्ति

ग्रे लिस्टको सन्दर्भमा नेपालको आन्तरिक सुरक्षा र न्याय प्रणालीलाई पनि जोडेर हेरिएको छ । आन्दोलनका नाममा वा अन्य बहानामा वित्तीय अपराधमा संलग्न वा जेलमा रहेका अपराधीहरूलाई मुक्त गरिँदा त्यसले अन्तर्राष्ट्रिय समुदायमा नकारात्मक सन्देश जान्छ । यसले नेपालको वित्तीय अनुशासन र कानुनी शासनमाथि प्रश्न उठाउँछ । जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ग्रे लिस्टको अवस्थालाई थप जटिल बनाउँछ । अवैध वित्तीय गतिविधिहरू बढ्नुले नेपालको वित्तीय प्रणालीलाई असुरक्षित बनाइरहेको छ ।

नेपालको कन्ट्री रेटिङ हाल बीबी माइनस रहेको छ । यो रेटिङ अघिल्लो सरकारले तयार पारेको आधारका कारण प्राप्त भएको हो । वर्तमान कार्यशैलीका आधारमा यो प्राप्त गर्न कठिन हुने देखिन्छ । ग्रे लिस्टबाट बाहिर निस्कनका लागि हामीले हाम्रा डेटा र इन्डिकेटर हरूलाई दुरुस्त राख्नुपर्छ । यदि हामी ग्रे लिस्टबाट बाहिर निस्कन सकेनौँ भने यसले एलडीसी स्तरोन्नतिपछिको हाम्रो आत्मविश्वास र आर्थिक वृद्धिको गतिलाई समेत रोक्नेछ ।

## सुधारका उपायहरू

### ➲ समन्वय र संस्थागत सुदृढीकरण

विभिन्न मन्त्रालयहरूबीच प्रभावकारी समन्वय हुनुपर्छ र कामलाई संस्थागत गरिनुपर्छ । एउटा व्यक्ति वा मन्त्रीको भर पर्नुभन्दा पनि बलियो संस्था बनाउनुपर्छ ताकि नेतृत्व परिवर्तन भए पनि प्रणालीले काम गरिरहोस् ।

### ➲ इन्डिकेटरमा आधारित सुधार

कुन नट-बोल्ट वा इन्डिकेटरले गर्दा हामीलाई तल पारेको हो, त्यसलाई ठ्याक्कै पहिचान गरेर सुधार गर्नुपर्छ ।

### ➲ दिगोपना

एक पटक ग्रे लिस्टबाट बाहिर निस्किएर मात्र पुग्दैन । फेरि त्यसमा नफर्कने गरी प्रणालीलाई व्यवस्थित र सुदृढ बनाउनुपर्छ ।

### ➲ प्रोजेक्ट बैंकको उपेक्षा

कानुनअनुसार कुनै पनि योजना प्रोजेक्ट बैंकमा प्रविष्ट नगरी र योजना आयोगको अनलाइन प्रणालीमा नचढाई बजेटमा समावेश गर्न पाइदैन् । तर, कतिपय मन्त्रालयहरूले यी सबै कानुनी छिद्रहरू प्रयोग गरेर सिधै बजेटमा योजनाहरू छिराउने गरेका छन् ।

भौतिक पूर्वाधार र ऊर्जा जस्ता मन्त्रालयका सचिवहरूले ३ करोडको सीमा मान्ने प्रतिबद्धता जनाए पनि कार्यान्वयनमा समस्या देखिएको छ । विशेष गरी सहरी विकास मन्त्रालयमा यस्तो बेथिति बढी देखिएको छ । त्यहाँका कर्मचारीहरूले मन्त्रीको सचिवालयलाई नै प्रणालीको पहुँच दिएर जबर्जस्ती साना योजनाहरू हाल्ने प्रवृति छ । प्रोजेक्ट बैंकमा नभएका आयोजनाहरू अगाडि बढाउँदा अख्तियारले मुद्दा चलाउने स्थिति छ । तर, अहिले पनि हजारौँ योजनाहरू हतार-हतार प्रोजेक्ट बैंकमा हालिएको छ । कानुन मिच्ने कर्मचारी वा पदाधिकारीलाई कारबाही नहुँदा यो प्रवृत्ति सिर्जना भएको हो ।

## परियोजना व्यवस्थापनको असफलता

राष्ट्रिय गौरवका भनिएका २७ वटा आयोजनामध्ये ४ वटा मात्र सम्पन्न हुनु र बाँकी आयोजनाहरूको म्याद थपिरहनु यसको प्रमाण हो । लो बिडिङ

सबैभन्दा कम रकम कबोल गर्नेलाई ठेक्का दिने तर कामको गुणस्तर नहेर्ने परिपाटीले आयोजनाहरू अलपत्र परेका छन्। मोबाइल किन्दा फिचर हेरे जस्तै आयोजनाको पनि 'क्वालिटी इन्डिकेटर' हेरिनुपर्नेमा त्यसो हुन सकेको छैन। कर्मचारीहरूमा क्षमताको अभावभन्दा पनि 'आफ्ना मान्छे' रोज्ने र शक्तिको आडमा काम गर्ने प्रवृत्ति हावी छ। ठूला आयोजनाहरूमा बाहिरबाट दक्ष जनशक्ति ल्याउन सकिने भए पनि त्यसो नगरी राजनीतिक भर्ती केन्द्र बनाइएको छ। यसैगरी कतिपय आयोजनाहरू (जस्तै हुलाकी राजमार्ग) केवल ३ किलोमिटर जग्गा वा वनको समस्याले गर्दा रोकिने र फेरि ७ किलोमिटर नयाँ थपेर म्याद लम्ब्याउने काम भइरहेको छ। यस्ता साना प्राविधिक समस्या सुल्झाउनुको साटो आयोजना नै लम्ब्याउँदा लागत मात्र बढिरहेको छ।

## पैसा छ, तर आत्मविश्वास छैन

नेपालको अर्थतन्त्रको एउटा रोचक पक्ष के छ भने यहाँ लगानीका लागि पुँजी वा पैसाको अभाव छैन। बैंकहरूमा तरलता छ, मानिसहरूसँग स्रोत छ, तर त्यो पैसालाई उत्पादनमूलक उद्योगमा लगाउने आत्मविश्वासको ठूलो खडेरी छ। हामी सधैँ प्रत्यक्ष वैदेशिक लगानीको मात्रै कुरा गर्छौं, प्रत्यक्ष स्वदेशी लगानीलाई प्राथमिकता दिनुपर्छ। विदेशी लगानी आउनु राम्रो हो। तर देशको अर्थतन्त्रलाई गति दिने मुख्य इन्जिन भनेको स्वदेशी उद्यमी नै हुन्। निजी क्षेत्रले सधैँ नीतिगत समस्या देखाएर पन्छिने र सरकारले निजी क्षेत्रलाई केवल नाफाका रूपमा हेर्ने प्रवृत्तिले गर्दा स्वदेशी लगानी प्रोत्साहित हुन सकेको छैन। निजी क्षेत्रले राष्ट्रकै लागि गर्ने हो र रोजगारी राष्ट्रिय गौरव हो भन्ने सोचको विकास हुनु आवश्यक छ। उत्पादनमूलक उद्योग वा कृषिमा लगानी गर्दा त्यसको प्रतिफल आउन लामो समय लाग्छ र जोखिम पनि बढी हुन्छ। नेपालको अर्थतन्त्र अहिले यस्तो मोडमा छ जहाँ ४-५ प्रतिशतको आर्थिक वृद्धि हुँदा पनि नयाँ रोजगारीका अवसरहरू सिर्जना भइरहेका छैनन्। यसलाई ' जबलेस ग्रोथ' भनिन्छ। यसको मुख्य कारण हाम्रो अर्थतन्त्रको संरचना सेवा र व्यापारमा आधारित हुनु हो। व्यापारले अर्थतन्त्रको आकार त बढाउँछ, तर यसले रोजगारी सिर्जना गर्दैन। एउटा शोरुममा १० जनाले काम पाउलान्, तर एउटा उद्योगमा हजारौँले काम पाउँछन्। नेपालको गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२ प्रतिशत पुगिसकेको छ, तर यो सेवा क्षेत्र उत्पादनसँग जोडिएको छैन। जबसम्म हामी होटल, सेयर बजार र घरजग्गा जस्ता क्षेत्रबाट बाहिर निस्केर वास्तविक उत्पादनमा लाग्दैनौँ, तबसम्म युवाहरू विदेशिने क्रम रोकिँदैन्।

## कृषि र आन्तरिक उत्पादन

हामी कृषि प्रधान देश भन्छौँ तर वार्षिक करिब ३ खर्बको कृषि उपज आयात गर्छौँ। यसको मुख्य कारण हामीमा रहेको 'छिटो धनी हुने' चाहना हो। उत्पादनबाट नाफा आउन समय लाग्छ, तर व्यापारबाट तुरुन्तै पैसा कमाउन सकिन्छ भन्ने सोचले गर्दा हाम्रो अर्थतन्त्र खोक्रो हुँदै गएको छ। भारतबाट टमाटर ल्याएर बेच्दा तुरुन्तै नाफा हुन्छ, तर यहाँ उत्पादन गर्दा जोखिम देख्ने प्रवृतिले हामीलाई परनिर्भर बनाएको छ। यो 'जिरो सम गेम' जस्तै हो। जहाँ एउटाले जित्दा अर्कोले हार्छ, तर उत्पादनमा सबैको जित हुन्छ।

## राज्यलाई दोष देखाएर आफ्ना कमजोरी छोप्ने प्रवृति

निजी क्षेत्रले लगानी नगर्नुको मुख्य कारण जग्गा प्राप्तिमा ठूलो समस्या रहेको बताउँदै आएको छ। तर, सरकारले दिएको सेवा र सुविधालाई सही रूपमा प्रयोग गरेको देखिन्दैन्। सरकारले विशेष आर्थिक क्षेत्र बनाएर उद्योगका लागि जग्गा र अन्य सुविधा उपलब्ध गराउँदा पनि निजी क्षेत्र त्यहाँ जान रुचि देखाउँदैनन्। यसले के देखाउँछ भने निजी क्षेत्रले सधैँ राज्यलाई दोष देखाएर आफ्नो कमजोरी छोप्ने प्रयास गरिरहेको छ। यद्यपि, केही नीतिगत कन्ट्राडिक्सनहरू पक्कै थिए। पहिले वन ऐन र उद्योग ऐन आपसमा बाझिएका थिए। जसले गर्दा लगानीकर्ताहरू मन्त्रालयको फाइलमै अल्झिन्थे।

पर्यटनसँग सम्बन्धित ३ सय वटा फाइलहरू वन मन्त्रालयमा अडकिएर बसेका थिए। जसलाई पछि समन्वय गरेर दुई दिनमै सुल्झाइएको थियो। हाल कानुनमा सुधार गरेर राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूलाई वनको प्रयोग गर्न सजिलो बनाइएको छ। प्रदेश तथा स्थानीय तहले पनि आफ्नै स्रोतमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ।

## कार्यगत ओभरल्यापिङ

संघ, प्रदेश र स्थानीय तहबीचको कार्यक्षेत्रको दोहोरोपन हटाउनुपर्छ। साना योजनाहरूमा तीनै तहको बजेट पर्नुले लगानीको प्रभावकारिता शून्य बनाएको छ। यसलाई व्यवस्थित गर्नुपर्छ। पहिले ट्रयाक, अनि स्पिड अर्थतन्त्रलाई पहिले एउटा व्यवस्थित ट्रयाकमा ल्याउनुपर्छ। त्यसपछि मात्र विकासको गति बढाउनुपर्छ। ट्रयाकमा नआइकन बढाइएको गतिले आर्थिक दुर्घटना निम्त्याउन सक्छ।

## ट्रयाक र स्पिडको सन्तुलन

लक्ष्यमुखी प्रक्रिया केवल फाइल घुमाउने र प्रक्रियामा अल्झिने परम्परा छोडेर निश्चित नतिजा निकाल्ने गरी काम गर्नुपर्छ। कानुनले दिएको प्रक्रियालाई पालना गर्दै अनावश्यक प्रशासनिक झन्झटहरू हटाउनु अनिवार्य छ। सार्वजनिक निजी साझेदारी, हार्मोनी सरकार र निजी क्षेत्र एक-अर्काका प्रतिस्पर्धी होइनन्। पूरकका रूपमा काम गर्नुपर्छ। निजी क्षेत्रको नाफा पनि अन्ततः राष्ट्रकै नाफा हो। उनीहरूले दिने रोजगारी राष्ट्रिय गौरव हो भन्ने सोच राख्नुपर्छ।

★ ★ ★

# स्थायी सरकारबाट मात्रै अर्थव्यवस्थामा सुधार

**सहकारी र एनजिओले अर्थतन्त्रलाई पछाडि तानेको अवस्था छ । अहिले अर्थतन्त्र अगाडि जान नसकेको कारण सहकारी पनि हो । सहकारीले आम रूपमा उत्पादन र रोजगारीलाई सहयोग गरेन । सहकारीले छाया बैंकिङ वा अवैध बैंकिङको काम गरेको कारण सहकारी अर्थतन्त्रको एउटा खम्बा भन्नु नै गलत हो ।**



**डा. मीनबहादुर श्रेष्ठ**
पूर्वउपाध्यक्ष
राष्ट्रिय योजना आयोग

जेनजी आन्दोलनपछिको नयाँ राजनीतिक शक्तिले आर्थिक सुधारका लागि नयाँ सिराबाट नीति तर्जुमा तथा त्यसको कार्यान्वयन गर्नुपर्ने अवस्था छ। नयाँ राजनीतिक शक्तिले अर्थतन्त्र सबल बनाउन के गर्ने भन्ने योजना बनाउनुभन्दाअघि विगतका राजनीतिक परिवर्तनले अर्थतन्त्रलाई कहाँ र कुन अवस्थामा पुऱ्याए भनेर विश्लेषण गर्नुपर्छ।

पञ्चायती कालमा अर्थतन्त्र राजाको वा राजपरिवारको निर्देशनमा चल्थ्यो। त्यो भनेको रिप्रेस्ड इकोनमी हो। अर्थतन्त्र खुला कि नियन्त्रित भन्नेमा त्यो खुला अर्थतन्त्र थिएन। त्यो समयमा उद्योग धन्दाहरू विस्तारमा कुनै पनि सोच थिएन। खास गरी स्वतःस्फूर्त रूपमा मल्लकालदेखि नै तिब्बततिर व्यापार गर्ने नेवार समुदायले केही उद्योगहरू खोल्न थाले र देश भित्रका पुँजीपतिहरू बने। पुँजीको विकास उनीहरूमार्फत भइराखेको थियो। पछि इन्डियाबाट मारवाडी समुदाय व्यापारको लागि आए। उनीहरू स्थापित भई व्यापार मात्रै नभई उद्योग पनि खोल्न थाले। त्यसरी सीमित संख्यामा उद्योगहरूको सिर्जना भएको देखिन्छ।

ठुला आयोजनाहरू सञ्चालन हुन थालेपछि बाह्य लगानी सुरु भएको देखिन्छ। त्यतिबेला दरबारले नै कमिसन लिएर कसलाई दिने, कसलाई नदिने निर्धारण गरेको भन्ने रेकर्डहरू छन्। उदाहरणको लागि स्विस वाचको एक कम्पनी नेपाल आउन खोज्दा राजपरिवारका सदस्यलाई कसिन वा सेयर नदिएका कारण रोकिएको नवराज सुवेदीमार्फत सुनिएकै हो। कुलेखानीको जलविद्युत आयोजना कमिसन लिएर दिइएको थियो। अन्य देशका राजतन्त्रले आफ्नो सम्पत्ति उद्योग व्यवसाय र देशको कानुन मानेर लगानी गरेको कारणले अर्थतन्त्रमा पनि योगदान गरेको देख्न सकिन्छ।

हाम्रोमा उद्योग व्यवसाय उत्पादन गर्ने नभई असुली तथा अतिरिक्त लाभ लिनमा केन्द्रित देखियो। त्यसैगरी राजपरिवार मूर्ति, गाजा, चरेस तस्करीमा संलग्न भएको भन्ने कुराहरूले पनि कमिसनका लागि मात्र व्यापार गरेको स्पष्ट हुन्छ। राजपरिवारले अन्य केही कम्पनीमा गरेको लगानीले उत्पादन र रोजगारी सिर्जना गरेको पनि छ। तर अधिकांश लगानी अर्थतन्त्रमा योगदान हुने गरी भएन। मुलुकको अर्थतन्त्रभन्दा पनि कसरी छिटो पैसा कमाउनेमा केन्द्रित हुँदा अर्थतन्त्र सप्रेस्ड थियो।

बहुदलीय व्यवस्था आएपछि मुलुकले उदार अर्थतन्त्रको अभ्यास सुरु गऱ्यो। यसको श्रेय नेपाली काँग्रेसलाई जान्छ। नेपाली काँग्रेसका पनि आईएमएफ, वल्ड बैंक र अमेरिका तथा पश्चिमा राष्ट्रहरूले सहयोग गर्दा उदारीकरणको नीति अबलम्बन गर्नुपर्ने सर्त राखे। त्यसले गर्दा नेपालले पनि उदारीकरणको नीति अवलम्बन गरेको हो। पञ्चायती कालमा पनि उनीहरूले सजेस्ट गरेका थिए। पञ्चहरूले मानेका थिएनन्।

२०४६ सालको राजनीति परिवर्तनपछि अवलम्बन गरिएको उदारीकरणको नीतिले सेवा क्षेत्रका उद्योगमा ठुलो फड्को माऱ्यो। उदाहरणको लागि बैंकिङ क्षेत्रलाई लिन सकिन्छ। बैंकिङ क्षेत्रमा पहिला तीन वटा एनआईडीसीसँग चार वटा सरकारी बैंकहरू

थिए। जब अन्य बैकहरू खुल्यो। वित्तीय क्षेत्रको प्रगतिले लगानीको वातावरण बनायो। पहिला उद्योगपतिहरूले बैंकबाट लोन लिएर उद्योग व्यवसाय गर्ने भन्ने थिएन। बैंकिङ क्षेत्रले त्यसलाई बढावा दियो। सँगै स्वास्थ्य, शिक्षा, खासगरी सार्वजनिक यातायात, हवाईदेखि सडक यातायातको विकास भयो। बैंक कर्जामार्फत उद्योग धन्दा खुल्न थालेपछि उल्लेखित क्षेत्रहरूको पनि विकास भएको हो। उदारीकरणले दिएको अवसर प्रयोग गरेर स्वास्थ्य, शिक्षा र यातायातमा सुधार भएको हो भने निजी क्षेत्र पनि फस्टाउन सफल भयो। यसले गर्दा उत्पादन बढ्यो। केही हदसम्म रोजगारी बढ्यो र समग्र अर्थतन्त्रको आकारमा पनि विस्तार भयो।

उदारीकरणको नीति सुरु भएपछिका कम्युनिष्ट सरकारले पनि निरन्तरता दिए। त्यसमा कम्युनिष्ट सरकारले गरेको फरक काम भनेको जेष्ठ नागरिकको भत्ता वितरण हो। साथै, सहकारी र गैर सरकारी संस्थाको आधारमा ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाइ समग्र अर्थतन्त्रको विकासको नीति लिइयो। त्यसले ग्रामीण क्षेत्रमा वितरणसहितको वृद्धि भयो। उद्योग व्यवसायमा पुँजीपतिहरूले लगानी गर्छन्। उत्पादन रोजगारी हुन्छ। तर त्यसको धेरै जसो भाग व्यक्ति वा परिवारले पाउँछन्। सहकारी र गैरसरकारी संस्थाहरूमार्फत तलसम्म गयो भने ग्रामीण अर्थतन्त्र र वितरणको वृद्धि हुन्छ। उदारीकरणको नीति सुरु भएपछि वितरणसँग सम्बन्धित समाजवाद उन्मुख नीतिहरू एमालेबाट जोडियो।

उदारीकरणपछि समाजवाद उन्मुख आर्थिक नीति अवलम्बन गर्ने एमाले हो। यसपछि माओवादीले असन्तुलित विकासलाई तोड्दै पूर्वपश्चिम जोड्ने गरी मध्य पहाडी लोकमार्ग, उत्तर दक्षिणको अलाइन्मेन्टको रोड बनाई पहाडकै अलाइन्मेन्टमा दश वटा सिटि डेभलप गरेपछि मान्छेहरू पहाडमै रोकिन्छन्। किनभने पूर्वपश्चिम पनि उत्तर दक्षिण पनि उनीहरूलाई जान आउन सजिलो भयो भन्ने लाइनमा सन्तुलित र समाबेशी विकासमा माओवादीले काम गरेको देखिन्छ। हाइड्रो इलेक्टिसीटी प्रोजेक्टमा पनि पूर्वतामाकोसी, मध्यतिर बुढिगण्डकी, पश्चिममा सेती, पूर्वपश्चिम, उत्तरदक्षिणमा पहाड, तराइ र मधेसमा सन्तुलिक विकासअघि बढाएको माओवादीले हो। त्यसका साथै हाइड्रोइलेक्टिसीटी तथा सिमेन्ट उद्योगमा लगानी गर्नेको स्रोत नखोज्ने नीति बनाइयो। माओवादी नेता वर्षमा पुन अर्थमन्त्री हुँदा निजी क्षेत्रले लगानी गरेको खण्डमा रोड हेडबाट प्रोजेक्टसम्मको सडक सरकारले बनाइदिने व्यवस्था गर्‍यो। त्यसले निजी क्षेत्रलाई उत्साहित बनायो। यसले विद्युत तथा सिमेन्टको उत्पादनमा सुधार भएको हो। गठबन्धन सरकार तथा अन्तर र्ष्ट्रिय विकास संस्थाहरूको सहयोग जारी रहोस भनेर राजनीतिक पार्टीले आफ्नो सिद्धान्तभन्दा समन्वयात्मक रूपमा अगाडि देखिन्छ। कांग्रेस, एमाले, माओवादी तीनवटै राजनीतिक विचारधाराबाट देशले लाभ लियो।

## अहिलेको राजनीति परिवर्तन किन भयो ?

अहिलेको अवस्था किन आयोभन्दा उदारीकरण तथा समन्वयात्मक विकासबाट लाभ लिने चरण सकिएर हो। यो कसरीभन्दा, उदारीकरण भनिसकेपछि निजी क्षेत्रले प्रोत्साहन पाए। वित्तीय क्षेत्रको विकास भयो।

अहिले अर्थतन्त्रको संरचना बिग्रेको छ। संरचनात्मक समस्या के भनेर सोध्दा आएमा आधारित अर्थतन्त्र भयो भन्ने छ। उदारीकरणले उद्योग खोल्नुभन्दा व्यापार गर्दा खेरि नाफा हुने बनाइदियो। हाम्रो नीति नै त्यस्तो भयो। पहिला उद्योग खोलेकाले पनि बन्द गरेर व्यापार तिर लागे। उदारीकरणबाट लाभको चरण सकियो। पञ्चायत कालबाट बहुदलमा आउँदा आयात थोरै र निर्यात धेरै थियो। गलैंचा गार्मेन्टहरू धेरै बाहिर जान्थ्यो भने थोरै बाहिरबाट आउँथ्यो। अहिले कुल व्यापारमा ९० प्रतिशत आयात र १० प्रतिशत निर्यात छ। यो समस्या त्यहीँ उदारीकरणको नीतिबाट आएको हो।

दोस्रो संरचनागत समस्या भनेको सीमित व्यावसायिक घरानामा केन्द्रित बैंकिङ कर्जा हो। सय वटा घरानाले वित्तीय प्रणालीको स्रोत प्रयोग गरेको अवस्था छ। मान्छेहरूमा आक्रोश बढ्नुको कारण तिनै गिने चुनेका औद्योगिक घरानाहरूको हालीमुहाली बढ्नुले हो। उनीहरूकै बैंक, उनीहरूकै इन्स्योरेन्स, सबै उनीहरूकै क्याप्चरमा छ। त्यति मात्र नभएर सरकार बनाउने, गिराउने अनि मुख्य सचिव र सचिव कसलाई कहाँ राख्ने जस्तो खेल खेलिएको पनि थियो। त्यसैगरी कहाँ कसलाई नियुक्ती गर्ने भन्ने पनि निजी क्षेत्रका तिनै घरानाहरूले निर्णय गर्ने गरेको अवस्था छ। उनीहरूको टसलले सरकारलाई पनि अप्ठ्यारो परेको थियो। लाइसेन्सको खेलो मै पनि सरकार बनाउने र गिराउने उनीहरूको हात हुन थाल्यो। पूर्वअर्थमन्त्री पुनले स्टक एक्सचेन्जको लाइसेन्स दिन्नभन्दा सरकार ढल्यो भनेर संसद् मै भन्नु भएको थियो। उदारीकरणबाट निजी क्षेत्रलाई जुन किसिमको सपोर्ट गरियो त्यसबाट लाभ लिने चरण सकिएर विकृतितिर गयो। उदारीकरणको नीति अपनाएको अर्थतन्त्रमा मोनोपली र सिन्डिकेट छ।

त्यसैगरी एमालेले अघि सारेको सहकारी र एनजिओले अर्थतन्त्रलाई पछाडि तानेको अवस्था छ। अहिले अर्थतन्त्र अगाडि जान नसकेको कारण सहकारी पनि हो। सहकारीले आम रूपमा उत्पादन र रोजगारीलाई सहयोग गरेन। सहकारीले स्याडो बैंकिङ वा अवैध बैंकिङ गरे। घर-जग्गामा उनीहरूको लगानी गयो। कुल गार्हस्थ्य उत्पादनमा करिब ७ प्रतिशत अंश भएको सहकारी एउटा खम्बा भन्नु नै गलत हो। त्यो कमजोर खम्बा भयो र अहिले आएर अर्थतन्त्रलाई नै त्यसले पछाडि धकेल्यो। एनजीओहरू जनताको नाममा आएको स्रोतलाई शोषण गर्ने संस्थाको रूपमा चिनिए। त्यसकारण यसको पनि फाइदाको चरण हटेर अहिले अर्थतन्त्रलाई नै समस्या पार्ने क्षेत्रको रूपमा चिनिए।

हाम्रो भौतिक पूर्वाधार निर्माणकै विकास क्रम हेर्दा पञ्चायत कालमा

आयोजनाहरू छनोटमा पर्थे। पछि त्यसलाई सरकारले ब्याक गर्थ्यो र त्यो कम्प्लिट हुन्थ्यो। त्यो समयमा पनि ठेक्कापट्टामा कमिसनका विषय अलिअलि हुन्थे। अहिले उदारीकरणको नीतिपछिको अर्थतन्त्रमा पनि कमिसन चलेको बुझिन्छ। तुलनात्मक रूपमा बढी राजनीतिकरण हुन थाल्यो र सबै नेताहरूले चुनाव जित्न खुद्रे आयोजनामा जोड दिन थाल्दा अर्थतन्त्रमा समस्या आएको हो। कमिसनको खेलोले विकासको आयोजना कार्यक्रमको नाममा असुली गर्ने अभ्यासको विकास भयो। कमिसनको खेलका कारण एक अर्बको काम गर्दा चालिस करोडको मात्रै नतिजा आउँछ। एक अर्बको ठेक्का २० देखि ३० प्रतिशत घटाएर एक अर्बमा सत्तरी करोड बनाएर ठेक्का लिन्छन्। त्यो ठेक्का लिँदा करिब दशदेखि बिस प्रतिशत बाँड्छन्। त्यसपछि सरकारका कारण समयमा सम्पन्न गर्न नसकेको भन्दै दश पन्ध्र प्रतिशत लिन पाउँछन्। साथै डिजाइनमा भएको परिवर्तनलाई देखाए खर्च गर्न पाउँछन। अहिलेको जुन अभ्यास छ त्यो कायम रहेको खण्डमा कसैले केही गर्न सक्दैन। नयाँ शक्तिलाई यी भित्रि कुराको जानकारी नै छैन। त्यसैले नयाँलाई काम गर्न झनै असहज हुने देखिन्छ। नयाँलाई पुरानो सिस्टमले दलदलमा फसाइदिने सम्भावना छ।

**अबको अर्थतन्त्रको संरचना**

पहिलाको तिन वटा मूल पार्टीहरूले लिएका नीतिले विकृति बढाएको छ। त्यसले अर्थतन्त्रको संरचना एकदमै खराब अवस्थामा पुगेको छ। हालको अर्थतन्त्रको संरचनालाई पुनर्संरचना गर्नुपर्ने अवस्था छ। त्यसकारण अबको सरकारले पुराना नीतिको निरन्तरता दिएर केही हुने वाला छैन। त्यसकारण संरचनात्मक सुधारबाट सुरु गर्नुपर्ने हुन्छ। त्यसका लागि आयात र रेमिटेन्सको निर्भरता बाध्यता हो। नेपालमा रोजगारी नपाएको भन्दा रोजगारी गरिराखेका मान्छेसमेत विदेशमा गएका छन्। यो भनेको विश्व समुदायमा नेपाली जनशक्तिले पनि प्रतिस्पर्धा गरेको हो। विदेशमा काम गर्न जानु नराम्रो होइन। अहिले बेलायतको जनसंख्याको १० प्रतिशतभन्दा धेरैले विदेशमा काम गर्छन्। त्यसैले रेमिटेन्सको निर्भरतालाई सकारात्मक लिन सकिन्छ। बाहिर गएकालाई फर्कने वातावरण बनाइदियो भने आउँछन्। त्यसरी फर्केको व्यक्तिलाई कृषितर्फ लाग्ने गरी अभिमुखीकरण गर्नुपर्छ। कृषिको आधुनिकीकरण गर्न सरकारले सहयोग दिनु पर्छ। उदारीकरणको नीतिमा सरकारले अनुदान दिनु हुन्न। प्रतिस्पर्धामार्फत कृषि आफै आउनुपर्छ भनियो। त्यसले पनि कृषिमा ल्याएका नीति पश्चगामी भयो। क्यापिटलिष्ट धारणा सुरुवात गर्ने मुलुकहरू मै कृषिलाई सहुलियत दिने गरेका छन्। नयाँ आउनेले संरचनात्मक परिवर्तन गर्नको लागि आयात घटाउने, निर्यात बढाउने र रेमिटेन्समा आधारित अर्थतन्त्रलाई कृषिको आधनिकीकरणमार्फत उल्ट्याउन पर्छ। कृषिको विकास हुँदा उद्योगको तथा सेवा क्षेत्रको विकास हुन्छ।

अर्थशास्त्रीय दृस्टीकोणबाट कृषिको विकास पछि त्यसको आधारमा उद्योगको विकास र त्यसको आधारमा सेवाको विकास हुनु पर्थ्यो। हाम्रो उद्योगलाई वाइपास गरेर व्यापार र सेवा क्षेत्रको विकास भयो। सेवा क्षेत्रको विकास हुनु नराम्रो होइन। व्यापारमा निर्भर सेवा क्षेत्र दिगो नहुन सक्छ। त्यसैले कृषिको विकास द्रुत हुनु पर्छ। उद्योगको विकास गर्नु पर्छ। उद्योग विकासका लागि कच्चा पदार्थ मुख्य हुन्छ। कच्चा पदार्थ दुई किसिमका पाइन्छन्। एउटा जमिन मुनि र माथि हो। जमिन माथि भनेको कृषि हो। त्यसकारण कृषिलाई बढावा दिनु पर्‍यो। नयाँ सरकारले अपनाउनुपर्ने विशेष दृष्टिकोण वन जंगल र वातावरण भनेर बस्ने होइन। वातावरण संरक्षण एकदमै महत्वपूर्ण हो तर वन काट्ने भनेको वातावरण बिग्रिहाल्छ भन्ने होइन। जलविद्युतको क्षेत्रमा काम भइरहेको छ। साथै ढुंगा गिटी बालुवा बिक्री गर्नुपर्छ। अहिले धेरै राजनीतिकरण भएको छ। त्यो हट्नु पर्छ। एनजीओवालाले अनावश्यक अवरोध गर्ने अभ्यास पनि बन्द हुनु पर्छ। अरुण परियोजना त्यतिबेला आउन सकेको भए जलविद्युत क्षेत्र धेरैमाथि जान्थ्यो। त्यसैले यस्ता प्रवृत्ति सैद्धान्तिक, कानुनी र मानसिक रूपले परिवर्तन गर्नुपर्छ। प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग गर्नुपर्छ। यसको सुरुवात सुशासनबाट हुनुपर्छ। अहिले भ्रष्टाचार कायम राखेर कही पनि पुगिँदैन। रोजगारीमा जोड दिने र कृषिको रूपान्तरण गर्‍यौं भने उद्योग फस्टाउँछ। कच्चा पदार्थ नेपाल मै हुने उद्योग नै छैन। अहिले निर्यात भनेको भटमास र पाम आयल हो। त्यसमा पनि कच्चा पदार्थ आयात नै हुन्छ।

अर्थतन्त्रको संरचनात सुधारमा बढी जोडिएको रोजगारी सिर्जना हो। जनशक्ति बिदेसिएका कारण रेमिटेन्समा निर्भर हुनु परेको हो। त्यो जशक्तिलाई स्वदेशमै काम दिन सकिन्थ्यो भने कतिपय क्षेत्रमा आत्मनिर्भर नै हुन सकिन्थ्यो। अहिलेको अवस्थामा विदेशबाट रेमिटेन्स आएको छ, त्यो विदेश नै गाएको छ। किनभने यहाँ उत्पादन छैन, आयात गरेर उपभोग गरिएको छ। स्वदेशी उत्पादन बढ्यो भने आयात गर्नु पर्दैन। रेमिटेन्सले अल्पकालका लागि आयातबाट काम चलाउछ। स्वेदशी उत्पादन बढ्न थाल्यो भने दीर्घकालीन अर्थतन्त्रको आधार बन्छ। त्यसकारण रेमिटेन्स र आयातको निर्भरलाई हटाउनै पर्छ।

**रेमिटेन्स र आयातको निर्भर कसरी हटाउने**

उत्पादनमूलक रोजगारी सिर्जना गर्न कृषिलाई स्मार्ट, आधुनिकीकरण र व्यवसायीकरण गर्नु पर्छ। कानुन नै बनाई कृषि खेतीको सीमा तोकिदिनु पर्छ। त्यसमा सामूहिक पनि हुन सक्यो। अहिले कृषि उत्पादन भारतबाट आयो भन्छौं नि, त्यहाँ ठुला फार्मको उत्पादन नेपाल आउने हो। त्यसकारण त्यो मोडलमा जानुपर्छ। त्यसमा हामीले धेरै वटा कृषिका मोडलहरू बनाएका छौं। पाइलटिङ पनि गरेका छौं। तर सरकार हरूको त्यो भिजन नै भएन। बहुदल आएपछि ४७ सालदेखि अहिलेसम्म

३५ वर्षमा ३२ वटा सरकार बनेछन् । यी सरकारका मन्त्रीहरूको ध्यान विकास र आन्तरिक उत्पादनभन्दा पनि असुलीमा केन्द्रित देखियो । अहिलेका बिचौलिया भनेका सबै राजनीतिज्ञ छन् । सानादेखि मझौला बिचौलिया राजकीय छन् । ठुला व्यापारीहरू छन् । अहिले नेताहरूले उनीहरूलाई रिझाएर सत्तामा जाने नजाने निर्धारण हुने अवस्था छ ।

रोजगारीले उत्पादन, उत्पादनले रोजगारी सिर्जना गरेको हुनुपर्ने हो। हामीकहाँ रोजगारी बढाउने छुट्टै कार्यक्रम 'प्रधानमन्त्री रोजगार कार्यक्रम' छ। रोजगारी र उत्पादन नजोडिएकोले यस्ता कार्यक्रम जम्मै खारेज गर्नु पर्छ। उत्पादन भनेपछि रोजगारी, रोजगारी भनेपछि उत्पादन जोडिएकै हुनुपर्छ । त्यसैगरी अर्को सुधार हुनु पर्ने भनेको बैंकिङ क्षेत्रको सीमित घरानाको नियन्त्रण रहेको स्रोतलाई विविधीकरण गर्नु पर्छ। वित्तीय क्षेत्रको स्रोत धेरैभन्दा धेरैले प्रयोग गरेर उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण बन्नुपर्छ। साथै, सामूहिक ठुला कम्पनीहरू, कृषिका कम्पनी, उद्योग, सानादेखि मझौला उद्योगहरू, सामूहिक कम्पनीहरू बनाउने र तिनलाई वित्तीय क्षेत्रको स्रोतको पहुँचमा पुऱ्याउनु पर्छ ।

विदेशी लगानी र पूर्वाधार विकास

कम्युनिस्टहरूले ठिकसँग नलिएको भनेको वैदेशिक सहयोग हो। यसमा उनीहरूले अलिकति रुढिवादी सोच राख्ने गरेका छन् । पूर्वाधार विकास र शिक्षा स्वास्थ्यको विकासमा अहिले एउटै अवस्था छ। मान्छे गाउँमा बस्छन्, बजारबाट मल बिउ जान्छ, कृषि उत्पादन हुन्छ भनेर सडक निर्माण गऱ्यौं । तर, त्यसको ठिक विपरीत भयो । मान्छे त्यहाँ बसेनन्, आयात गरिएको कृषि उत्पादन गाँउमा जान थाल्यो। त्यो सडकको प्रयोग सोचेभन्दा विपरित भयो । त्यसकारण पूर्वाधार निर्माणलाई उत्पादन, रोजगारी र स्थायी बसोबास स्थानमा मान्छे टिकाउनेसँग जोड्नु पऱ्यो । यदि त्यो सडक बनाउँदा मान्छे त्यहीँ कायम हुन्छन्, त्यसबाट उत्पादन जोडिन्छ, रोजगारी बढ्छ भने बनाऔँ, नत्र नबनाऔँ भनेर लाग्नु पर्छ ।

भौतिक पूर्वाधार र शिक्षा स्वास्थ्यको प्रगति अलि राम्रो छ। बाहिरको अध्ययनबाट गरिबीमा पनि हामीले पहिला ४२ प्रतिशतबाट अब अहिले २०-२१ प्रतिशतमा सीमित भएका छौँ । तर त्यो सरकारको कारणले नभएर रेमिटेन्सलगायतका अन्य कारणले भएको भन्ने त छ। तर गरिबी घटेको त हो। त्यस्तै शिक्षा स्वास्थ्यमा भर्ना दरको हिसाबले,अनि छात्राहरूको भर्ना दरको हिसाबले, महिला सशक्तीकरणको हिसाबले, मातृ मृत्युदर घटेको, बाल मृत्युदर घटेको यी सबै इन्डिकेटरमा प्रगति भएको छ ।

हाम्रा राज्य संरचनाहरू एकदमै कमजोर छन्। अब अख्तियार कानुन तथा विषयगत हिसाबले एकदमै स्ट्रङ हो नि। तर त्यो किन कमजोर छ भने कसैको पकेटका मान्छे नेतृत्वमा आउँछन् । राज्यका तिन वटा अंगमध्ये दुई वटा अंगमा भएको समस्या अन्तिममा गएर न्यायपालिकाले सुल्झाउने हो। तर, न्यायालय पनि राजनीतिक कार्यकर्ताको भर्तीले गर्दा कमजोर भयो ।

यसकारण यी संस्थाहरूलाई बलियो बनाउनु पर्छ। ती संस्थालाई सिर्जनात्मक विकास गर्नुपर्छ। व्यक्तिगत कुरा गर्दा कृषिमा परिणाम ल्याउन पहिला कृषि मन्त्रालय र त्यसअन्तर्गतका जम्मै संरचना, कार्यक्रम खारेज गरी नयाँ सुरु गर्नु पर्छ। पुरानो कार्यक्रमलाई टालटुल गरौं भन्यो भने सकिँदैन। क्रिएटिभ डिस्ट्रक्सन संस्थाहरूको गर्नुपऱ्यो। त्यही कृषि मन्त्रालय राख्ने अनि त्यहाँ कृषिको आधुनिकीकरण, व्यवसायीकरण गर्छु भनेर हुँदैन। किनभने त्यो त पहिलेदेखि सुरु भएको हो । त्यसकारण त्यो संरचना हटाउने र कृषिलाई के गर्ने त भन्दा आधुनिकीकरण र व्यवसायीकरण भन्ने शब्द रियालिटीमा परिणत हुने बनाउनु पर्छ ।

बाहिरको लगानी निरुत्साहित गर्नको लागि अहिले सबैको बुझाइ के छ भने कानुन बाधक छन्, हाम्रा कर्मचारीहरूको सोच बाधक छ, राजनीतिज्ञहरूले असुली नगरीकन बाहिरकालाई लाइसेन्स दिन्नन् भन्ने छ। यो, हो । एउटा बिर्सेको पाटो के हो भने नेपालको निजी क्षेत्र पनि बाधक छन्। किनभने उनीहरूले बाहिरकालाई आउन दिन चाहँदैनन्। लेभल प्लेइङ फिल्ड भन्छ नि, बाहिरका आउन किन चाहँदैनन्, जहाँ आकर्षण छ त्यो सबै यिनीहरूले मात्रै लिन खोज्ने अवस्था छ। त्यसकारण निजी क्षेत्रले नै बाहिरकालाई ल अवसर छ है भनेर बोलाउनु पर्छ। बाहिरकालाई निरुत्साहित गर्ने अभ्यास निजी क्षेत्रले छोड्नु पर्छ ।

अर्थतन्त्रमा आर्थिक विकास र सामाजिक विकास हन्छ। आर्थिक विकासमा हामी सुस्त भएको, सामाजिक विकासमा खासगरी राजनीतिक परिवर्तन, माओवादी जनयुद्ध, प्रजातान्त्रिक आन्दोलन यी घट्नाले चेतना फैलायो । कुनै पनि देशमा आर्थिक वृद्धि राम्रो भएको हुन्छ, सामाजिक क्षेत्रमा यति राम्रो विकास भएको हुँदैन। तर यो विकासबाट पनि एउटा फाइदा लिने चरण हराएर विकृतिहरू के आए भने शिक्षामा, स्वास्थ्यमा दुई किसिमका नागरिक जन्मिए। बोर्डिङमा जसले पढ्यो उ हायर लेभलमा गयो, उसको संसारै बेग्लै । पब्लिक स्कुलमा, सरकारी अस्पतालमा जानेले पाउने क्वालिटी खराब भयो । त्यसकारण अब यसलाई समाधान गर्न स्मार्ट स्कुल बनाउने, स्कुलहरू मर्ज गर्दिने । किनकि विद्यार्थी नै छैनन्। आवासीय व्यवस्था गर्दिने वा बसको व्यवस्था गर्दिने । शिक्षकहरू आधालाई अवकाश दिने । कर्मचारीमा पनि त्यही गरी संख्या घटाउने गर्नु पर्छ ।

अर्थतन्त्रका समस्या थाहा छ, समस्याको समाधान पनि थाहा छ। त्यसका लागि पहिलो सर्त भनेको पाँच वर्ष चल्ने स्थायी सरकार हुनुपर्छ । पहिला चलाएकाले जस्तो हामी चलाउँछौँ, झन्डा हालेर गाडीमा सवार गर्छौं, गाड वरिपरि राखेर बस्छौँ भन्यो भने योभन्दा ठुलो दुर्गति मुलुकको केही पनि हुँदैन ।

★ ★ ★

# अर्थतन्त्रका तीन दशक
# उपलब्धि, रूपान्तरण र नीतिगत अवरोधको समीक्षा

**देशको आर्थिक स्थायित्वका लागि वित्त नीति र मौद्रिक नीतिबीच तालमेल हुनु अनिवार्य छ । तर, सरकारको पुँजीगत खर्च हुन नसक्नु र राजस्व संकलन लक्ष्यअनुसार नहुनुले सार्वजनिक ऋण बढ्दै गएको छ । सोही कारण त्यस्तो ऋणको साँवा र ब्याज तिर्न मात्रै वार्षिक अर्बौं रुपैयाँ खर्च भइरहेको छ ।**



**डा. चिरञ्जीवी नेपाल**
**पूर्वगभर्नर, नेपाल राष्ट्र बैंक**

नेपालको आधुनिक आर्थिक इतिहासमा वि.सं.२०४६ सालको राजनीतिक परिवर्तन र २०४८ सालपछिको बहुदलीय व्यवस्थाले ठूलो महत्व राख्दछ। प्रजातान्त्रिक प्रक्रियाको सुरुवातसँगै नेपालको आर्थिक तथा सामाजिक विकासको मार्गचित्रमा व्यापक परिवर्तन आएको छ।

२०४६ सालको जनआन्दोलन पछि जुन रूपमा मुलुकको प्रजातान्त्रिक प्रक्रिया अगाडि बढ्यो। त्यसअनुसार विकास निर्माणका कामहरू नभएका होइनन्। केही भएका छन्। पञ्चायतकालीनभन्दा राम्रैसँग अगाडि बढेको छ। तर पनि विश्व परिवेशलाई हेरेर अगाडि बढ्दा हामी अलिकति कम भएका हौं कि भन्ने दृष्टिकोण देखिन्छ। २०६३/६४ को आन्दोलनले संविधान परिमार्जित गऱ्यो। यसबीचमा २०७२ मा संविधान आयो।

पञ्चायतको ३० वर्षको अवधिभर औसत आर्थिक वृद्धिदर ३.१ प्रतिशत थियो भने २०४६ सालपछि आजसम्मको अवधिमा औसत ४.४ प्रतिशतले कुल गार्हस्थ्य उत्पादन बढेको छ। पञ्चायती व्यवस्था लागु हुँदा प्रतिव्यक्ति आय ५१ डलर थियो भने अहिले १ हजार ५१७ अमेरीकि डलरको हाराहारीमा पुगेको छ ।

तुलनात्मक रूपमा अहिले कृषि क्षेत्रमा बढी निर्भरता हटेर सेवा क्षेत्रमा ६२ प्रतिशतको निर्भरता बढेको छ। जुन बेला सेवा क्षेत्रको विकास नै भएको थिएन। कृषि क्षेत्र घटेर २४ प्रतिशतमा पुगेको छ । त्यतिबेला पनि आयात बढेकै थियो। आयातमा आधारित राजस्वदेखि सबै निर्भर थिए। अहिले पनि आयातमै आधारित राजस्व भए पनि उद्योग व्यवसायदेखि धेरै क्षेत्रमा विकास भएको देखिन्छ।

मुद्रा तथा बैंकिङको पहुँच १९६० मा ५.४ प्रतिशत थियो। जुन पञ्चायतको अवधिमा ३२ प्रतिशत पुगेको थियो। हाल ११४ प्रतिशत मुद्रा तथा बैंकिङको पहुँच पुगेको छ । अहिले हेर्दा बैंकिङ क्षेत्रको विस्तार ७० प्रतिशतले भएको छ।

गरिबीको कुरा गर्दा २०५१/५२ मा ४१.८ प्रतिशत थियो भने २०५६ (सन्२०१७) मा आएर यो २० प्रतिशतमा झरेको छ। मानव विकास सूचकांक १९९० मा ०.३७८ बाट २०२१ मा ०.६०२ पुगेको छ। जुन झण्डै दोब्बर हो। त्यस्तै, साक्षरता दर ३२ प्रतिशतबाट वि.सं २०७८ मा ७५ प्रतिशत पुगेको छ। जुनबेला एउटा मात्र विश्वविद्यालय रहेकोमा अहिले १६ वटा पुगेका छन्। नेपालीहरूको औसत आयु पनि ५४ वर्षबाट बढेर ७२ वर्ष पुगेको छ।

### पूर्वाधार र सञ्चारमा फड्को

२०४६ सालभन्दा अगाडि देशभर ७३० किलोमिटर सडक थियो। अहिले १ लाख ५ हजार किलोमिटर विस्तार भएको छ। जसमा १७ हजार किलोमिटरभन्दा बढी पिच भएको छ।

त्यतिबेला बिजुली पहिले २२० मेगावाट मात्र थियो भने बहुदल आएपछि करिब ४ हजार मेगावाट विजुली पुग्ने स्थिति छ । यसले गर्दा विद्युत पहुँच ८.८ प्रतिशतबाट बढेर ९८ प्रतिशत जनतामा पुगेको छ।

सूचना सञ्चारमा पहिले नेपाल टेलिभिजन मात्र थियो भने अहिले १४१ वटा टीभी, ७०९ वटा रेडियो र ८५३ केबुल टीभी, दैनिक पत्रिका ७०५ वटा र अनलाइन मिडिया मात्रै ३ हजार ७५८ छन् । पछिल्लो समय नेपालको ८५.८१ प्रतिशत घरधुरीमा स्मार्टफोन पुगेको छ। त्यस्तै, ८२ प्रतिशतमा इन्टरनेट पुगेको छ। विकास निर्माणका लागि लिइएको सार्वजनिक ऋण पनि बढेर करिब ३० खर्ब पुग्न लागेको छ। उतिबेला विकास निर्माणका लागि सार्वजनिक ऋण लिन पनि गाह्रो थियो र खासै लिएको पनि हुँदैन थियो।

## हामी कहाँ चुक्यौँ ?

एउटा साधारण उदाहरण दिनुपर्दा २०१५ मा उत्पादन क्षेत्रको जीडीपीमा योगदान ५.३६ प्रतिशत थियो। जुन २०१९ मा ४.९८ प्रतिशतले घट्यो। त्यसपछि अझै घटेर २०२२ मा उत्पादन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान ४.८६ प्रतिशतमा आयो। यो अवस्थालाई दक्षिण एशियामा नियालेर हेर्ने हो भने सन् २०२२ मा बंगलादेशमा कुल गार्हस्थ्य उत्पादन क्षेत्रको योगदान २१.७ प्रतिशत, भारतमा १३.३५ प्रतिशत र श्रीलंकामा १९.५९ प्रतिशत थियो।

यसबिच निर्यातमा पनि गिरावट आएको छ। २०१५ मा १०.२१ प्रतिशत निर्यात हुन्थ्यो। तर २०२२ मा यो घटेर ६.७६ प्रतिशतको निर्यात हुन थाल्यो। यस्तैगरी २०२२ मा बंगलादेशमा वस्तु र सेवाको निर्यात १२.७८ थियो। जुन नेपालको भन्दा दोब्बर देखिन्छ। यस्तै भारतमा जीडीपीमा वस्तु र सेवाको निर्यात २२.७९ प्रतिशत देखिन्छ। श्रीलंकामा २१.४८ प्रतिशत वस्तु र सेवाको निर्यात देखिन्छ।

यसले गर्दा नेपालमा उद्योग, व्यवसायहरू र निर्यात गर्ने प्रतिस्पर्धी उद्योग व्यवसायहरू दिन प्रतिदिन जिर्ण वा रुग्ण हुँदै र बन्द हुँदै जाँदा अत्यधिक आयातमा निर्भर हुनु परेको छ। परिणामस्वरुप रोजगारी पनि गुमेको स्थिती छ। जस्ले गर्दा राजस्व आयातमै आधारित भयो। यसले गर्दा आन्तरिक अर्थतन्त्रभन्दा बाह्य अर्थतन्त्र बलियो बनाउन तिर लाग्यौं। जस्ले सहज रूपमा व्यापारी, व्यवसायीहरू पनि उद्योगबाट रोजगारी सिर्जना गर्ने र राज्यलाई सहयोग गर्ने वा राजस्व तिर्ने र देश विकास गर्नेभन्दा जोखिम पनि कम हुने भएकोले आयात व्यापार तिर आकर्षित भएको देखिन्छ।

## नीतिगत र कर प्रणालीका समस्या

नेपालमा कर प्रणालीको जटिलता दक्षिण एसियामै बढी छ। नेपालमा एउटा फर्मले ४६ वटा कर तिर्नुपर्छ। जबकि दक्षिण एसियाको औसत २६.७ मात्र तिर्नुपर्छ। जबकि विकसित देशहरूमा १०.३ वटा कर मात्र हुन्छ । नेपाली उद्योग व्यवसायी जस्ता फर्महरूले वर्षमा ३७७ घण्टा (करिब १५ दिन) त कर तिर्नकै लागि खर्च गर्नुपर्छ। जसले गर्दा उनीहरूको उत्पादकत्व कम हुने र क्षमतामा ह्रास आउँछ। जसले गर्दा अत्यन्त अप्ठयारो स्थितीमा उद्योग व्यवसाय सञ्चालन गरेर उत्पादन वृद्धि गरी रोजगारी सिर्जना गर्ने पाटो पनि रुग्ण हुँदै गयो। ७८ प्रतिशत फर्महरूले प्रतिमहिना करिब १४ पटक विद्युत अवरोध व्यहोर्नु पर्ने अवस्था छ। जसले पूर्ण क्षमतामा चल्न कठिन बनाएको छ। यसकारण नेपालमा उद्योग व्यवसाय गर्नेहरूमा र विदेशी लगानीमा पनि ठूलो असर परेको स्थिति अहिले देखिन्छ। तर, यो स्थितिमा ठूला अर्थतन्त्रले देशको विकासको लागि वातावरण सिर्जना गर्ने, नियम कानुनहरू परिमार्जन गर्ने, नयाँ व्यवस्थाहरू ल्याउन सक्छन। तर, समयसापेक्ष कानुनहरूमा परिवर्तन नहुनाँले अहिलेको स्थिति असहज भएको हो।

२०औँ वर्षसम्म एउटै नियम कानुनमा रहेर देशमा उद्योग व्यवसाय, सेवा क्षेत्र सञ्चालन भइरहेका छन्। जबकि नयाँ प्रविधिअनुसार नियमहरू २-३ वर्षमै परिमार्जन हुनुपर्नेछ। तर, त्यसो हुन सकेको छैन। सरकारको ध्यान नीति निर्माण र ऐन कानुन परिमार्जन गर्नुभन्दा पनि आफू टिक्ने र पार्टीगत स्वार्थमा बढी केन्द्रित हुनाले यो समस्या आएको हो।

## वर्तमान अर्थतन्त्रको आगामी कार्यदिशा

नेपालको वर्तमान आर्थिक परि दृश्यमा नीतिगत अस्थिरता, सुशासनको अभाव र संरचनात्मक कमजोरीहरू मुख्य चुनौतीका रूपमा देखा परेका छन्। समयसापेक्ष नीति नियमहरूको अभाव र सरकार परिवर्तनसँगै ऐन कानुनहरू बदलिने प्रवृत्तिले अर्थतन्त्रलाई सही दिशामा लैजान कठिन बनाएको छ। विशेषगरी जनतामा सेवा प्रवाह हुन नसक्नु हो। अझ भ्रष्टाचार बढ्दै जानुले सुशासनको एजेन्डा ओझेलमा परेको छ। यसैकारणले गर्दा अहिलेको स्थिति आएको हो। यसलाई सुधार गर्न नसक्दा र शुसाशनको मुख्य एजेण्डा सेवाप्रवाह गर्न नसक्दा अप्ठयारो स्थिति आएको हो। जसले गर्दा हामीसँग भएको कुल जनसंख्याको ठूलो युवा जनशक्तिबाट लाभ लिन सकेनौं।

## जनसांख्यिक लाभ र रोजगारीको संकट

नेपालसँग हाल आर्थिक क्रियाकलापमा संलग्न हुन सक्ने ६२ प्रतिशत सक्रिय जनसंख्या छन्। जुन देश विकासका लागि एउटा ठूलो जनसांख्यिक लाभ हो। अमेरिका र जापान जस्ता विकसित देशहरूले यही लाभको सही उपयोग गरेर उन्नति गरेका थिए। तर, नेपालले यसलाई स्वदेशमै सदुपयोग गर्न नसक्दा नेपाली युवाहरू मलेसिया, दक्षिण कोरिया र खाडी मुलुकहरूमा श्रम बेच्न बाध्य छन्। यो स्थितीलाई ३० देखि ४० वर्षसम्म जनसांख्यिक लाभ लिन सक्ने स्थिति हुन्छ। त्यो हामीले समयमै गर्न नसक्दा मुलुकलाई ठूलो घाटा हुन्छ।

त्यसकारणले गर्दा अहिले नेपालको अर्थतन्त्र रेमिटेन्समा अत्यन्तै निर्भर छ। यसैले रेमिटेन्स मुलुकको मेरुदण्ड बनेको छ। यो नेपाली युवा जनशक्तिहरू देशभित्रै रोजगारी नपाएर विदेश जानुको पिंडा पनि हो। जबकि रेमिटेन्सलाई दिगो विकासको साधन मान्न सकिदैन। जुनसुकै बेला जे पनि हुनसक्छ। भोली रेमिटेन्स घट्ने बित्तिकै के गर्ने ? रेमिटेन्स भनेको सम्बन्धित देशको आर्थिक विकासमा निर्भर हुने हो। सम्बन्धित देशको राजनीतिक आधारमा निर्भर हुन्छ। कुनै देशले नेपाली नागरीकलाई कामदारमा लिन्न भन्यो भने के गर्ने ? हाम्रा नेपाली जनशक्तिहरू प्राय म्यानुअल कामको लागि जाने हो। तर प्रविधिको अत्याधिक विकास भइसकेको हुनाले यस्तो रोजगारी खोसिने डर हुनसक्छ।

यसर्थ प्रविधिको विकास र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को बढ्दो प्रयोगले भविष्यमा म्यानुयल कामहरू विस्थापित हुने जोखिम छ। नेपालबाट बाहिरिने जनशक्तिमध्ये सय प्रतिशतमा २ प्रतिशत मात्रै दक्ष जनशक्ति छन्। ९० प्रतिशत अदक्ष जनशक्ति बाहिर काम गर्न जान्छन् । ८ प्रतिशत अर्ध दक्ष जनशक्ति रहेकाले प्रविधिको यो फड्कोले उनीहरूको रोजगारीमा गम्भीर संकट ल्याउन सक्छ। त्यसैले देश भित्रै उद्योग र व्यवसाय सञ्चालन गरी रोजगारी सिर्जना गर्नु नै अबको मुख्य आवश्यकता हो। यसर्थ भ्रष्टाचार नियन्त्रण गरेर यहीँ रोजगारी सिर्जना गर्न सकियो भने देश विकास हुन्छ।

जेनजी आन्दोलनको सार पनि देश भित्रै सुशासन होस्, रोजगारी पाइयोस् र देश विकास होस भन्ने हो। यसकारणले गर्दा अबको चुनावले त्यो स्थितिलाई दृष्टिगत गरेर नयाँ आउने सरकारबाट देश विकास हुन्छ भन्नेमा हामीले आश गर्नुपर्छ।

## बैंकिङ क्षेत्रको विस्तार र वित्तीय साक्षरता

विगतको तुलनामा नेपालको बैंकिङ क्षेत्रले उल्लेखय प्रगति गरेको छ। विसं २०४६ सालअघि सीमित संख्यामा रहेका बैंकहरू अहिले देशका ७५३ वटै स्थानीय तहमा पुगिसकेका छन। जसले गर्दा आम सर्वसाधारणलाई ऋण लिन सहजता भएको छ। २०४६ सालअघि अत्यन्त गाह्रो थियो। किनभने पहिलाको तुलनामा अहिले वित्तीय साक्षरता ७० प्रतिशतभन्दामाथि पुगेको छ। बैंकहरूको मर्जर तथा एक्विजिसनले बैंकको संख्या कम हुँदै ठूला-ठूला आयोजनाहरूमा लगानी गर्न सक्ने क्षमता बढ्यो। यो कदम सकारात्मक पक्ष हो। हामीसँग अर्बौं लगानी गर्ने स्रोत र साधन छ भन्ने विश्वास दिएर बैंकहरूले विदेशी लगानी आकर्षण गर्न सक्ने आधार पनि तयार पारेको छ।

तर, यही शन्दर्भमा पछिल्लो समय सरकारको वित्त नीति बारम्बार परिवर्तन भइरहने, वित्त नीतिको आधारमा आर्थिक विस्तार हुनुपर्ने स्थितिमा सरकार परिवर्तन भयो। अर्कोतर्फ पुँजीगत खर्च हुन नसक्ने, राजस्व पनि लक्ष्यअनुसार उठ्न नसक्ने स्थिति छ। साथै सार्वजनिक ऋण बढ्दै जानु, ऋणको सहि सदुपयोग हुन नसक्नु र ऋण सदुपयोग भए पनि समय अत्यधिक लाग्नु र यसले गर्दा ऋणको साँवा र व्याज तिर्न वर्षको २ खर्बभन्दा बढी लाग्नेस्थिति भइसकेको छ। यसले अहिलेको परिस्थितीमा मौद्रिक क्षेत्र भनेको अत्यन्तै संवेदनशील र देशको आर्थिक क्रियाकलापलाई सहजता बनाइदिने हो।

## वित्त नीति र मौद्रिक नीतिबीचको सामञ्जस्यता

देशको आर्थिक स्थायित्वका लागि वित्त नीति र मौद्रिक नीतिबीच तालमेल हुनु अनिवार्य छ। तर, सरकारको पुँजीगत खर्च हुन नसक्नु र राजस्व संकलन लक्ष्यअनुसार नहुनुले सार्वजनिक ऋण बढ्दै गएको छ। जुन हाल ३० खर्ब रुपैयाँको हाराहारीमा पुग्न लागेको छ। ऋणको साँवा र ब्याज तिर्न मात्रै वार्षिक अर्बौं रुपैयाँ खर्च भइरहेको छ।

सरकारले बजारमा पठाएको मुद्रालाई नेपाल राष्ट्र बैंकले मुद्रा व्यवस्थापन गर्ने हो। मुद्रा व्यवस्थापन केन्द्रीय बैंकले ब्याजदर बढी गराएर तथा कम गराएर अर्थात् ब्याजदरमा हुने उतारचढावलाई नियन्त्रण गरेर बजारमा धेरै पैसा नजाओस, मुद्रास्फिती नबढोस, बजारमा थोरै पैसा नहोस भनेर मुद्रा व्यवस्थापन गर्दै आएको छ।

सरकारले बजारमा पठाउने मुद्रा र आर्थिक वृद्धिको लक्ष्यलाई सहयोग पुऱ्याउनु पर्ने दोहोरो भूमिकाको चुनौती केन्द्रिय बैंकलाई छ। कतिपय नीतिगत कुरालाई सुधार्न नसक्दा गाह्रो भएको हो। तर, त्यो स्थिति चुनावले गर्दा

आर्थिक क्रियाकलापहरू बढ्ने महसुस गरेका छौं। किनभने चुनावको बेला सरकारको वित्त नीतिबाटै करिब ३० अर्ब रुपैयाँ बजारमा जाने र यसबाहेक उममेदवारहरूले खर्च गर्ने भएकाले एक खर्बभन्दा बढी पैसा बजारमा जाने स्थिति छ। यसो हुँदा यसअघि ६-७ वर्षदेखि आर्थिक क्रियाकलाप सुस्तता आएको थियो।

अब चुनाव खर्चले आर्थिक क्रियाकलाप बढ्छ। तर, अर्कोतर्फ मुद्रास्फिती पनि बढ्न थालिसकेको छ। यसर्थ अहिलेको चुनावले वित्त नीतिलाई पनि सहयोग गर्ला। सरकारको पुँजीगत खर्च पोहोरको भन्दा पनि कम भएको छ। अहिले ६ महिनासम्ममा १२ प्रतिशत हाराहारीमात्रै विकास खर्च भएको हो। यो गत आवको भन्दा करिब ७ अर्ब रुपैयाँले कम खर्च हो। त्यसमाथि बजेट सिलिङ पनि घटाएर चालु आवसम्म १६ खर्ब ८८ अर्ब रुपैयाँ हाराहारीमा खर्च गर्न अनुमान गरिएको छ। जबकि कुल बजेट नै १९ खर्ब ६४ अर्ब रुपैयाँ थियो। विकास निर्माणका कामहरू हुन नसकिरहँदा चुनावमार्फत बजारमा पैसा जाँदा वित्त नीतिबाट केही सहयोग हुने र केन्द्रीय बैंकलाई मुद्रास्फीति लक्ष्यभित्र राख्न केहि अप्ठयारो पर्छ कि भन्ने हो। तर पनि केन्द्रीय बैंकले ५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति भनेको छ। योभन्दामाथि नजाला भन्ने अनुमान हो।

मुद्रास्फीति नियन्त्रण गर्ने आधार बजार अनुगमन लगायत औजारहरू हामीसँग नहुँदा बढ्लाकी भन्ने हो। त्यस कारणले गर्दा केन्द्रीय बैंकको मौद्रिक नीति र वित्त नीतिमा हिजोको स्थीतिमा सामञ्जसयता हुन गाह्रो भइरहेको थियो। किन भने केन्द्रीय बैंकलाई त समस्या हुन्छ। राष्ट्र बैंकलाई मौद्रिक स्थायत्वि पनि चाहिएको छ र मुद्रास्फीति नियन्त्रण गर्नु पर्छ र बजारमा धेरै पैसा पनि पठाउनु हुँदैन। सरकारले बजारमा धेरै पैसा पठायो भने तान्नु पर्‍यो। अर्कोतर्फ सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्यलाई सहयोग पनि गर्नु पर्‍यो। यस्तो दोहोरो भुमिका केन्द्रीय बैंकले खेल्नुपर्ने स्थितिमा सहजताका साथ काम गर्न अत्यन्तै गाह्रो भइरहेको छ। यस्तो भए पनि अहिले ब्याजदर कम भएको र बैकिङ क्षेत्रमा प्रशस्त पैसा भएको अवस्था छ।

बैंकिङ क्षेत्रमा करिब ९ खर्बभन्दा बढी लगानी योग्य रकम (तरलता) भएको स्थितिमा ब्याजदर न्यून छ। यसरी न्यून ब्याजदरका कारण क्यापिटल फ्लाइट (पुँजी पलायन) हुने जोखिम रहन सक्छ। यसकारण यस्तो संवेदनशीलतामा शतर्क हुँदै सरकारको वित्त नीति अत्यन्त समयसापेक्ष गरेर पुँजीगत खर्चदेखि सार्वजनिक ऋण आवश्यक ठाउँको लागि मात्रै लिन जरुरी छ। किनभने सार्वजनिक ऋणको आकार ठूलो भएको छ। यसर्थ एउटा आधार बनाएर वित्त नीति र मौद्रक नीतिबीच सामञ्जस्यता ल्याउन सकियो भने भोलीको दिनमा अर्थतन्त्रलाई सहजताका साथ अघि बढाउन सक्ने स्थिति आउँछ। त्यसकारण अब आउने सरकारले केन्द्रीय बैंकको स्वायत्तता, मौद्रिक नीति बनाउन स्वायत्तता र सरकारको वित्त नीतिलाई समयसापेक्ष कानुन त परिमार्जन गरी अघि बढाएर पुँजीगत खर्च सक्दो धेरै गर्ने हिसाबले अघि बढे देशमा आर्थिक विकास हुन सक्छ।

## निर्वाचनको प्रभाव र आर्थिक गतिविधि

निर्वाचनको समयमा बजारमा ठूलो मात्रामा पैसा जाने गर्दछ। अनुमानित एक खर्ब रुपैयाँभन्दा बढी रकम बजारमा प्रवाह हुँदा यसले सुस्त रहेको आर्थिक गतिविधिलाई केही चलायमान त बनाउँछ। तर, साथसाथै मुद्रास्फीति (महँगी) बढ्ने खतरा पनि रहन्छ। केन्द्रीय बैंकले मुद्रास्फीतिलाई ५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिए पनि बजार अनुगमनका प्रभावकारी औजारहरूको अभावमा यो बढ्न सक्ने सम्भावना देखिन्छ ।

## निष्कर्ष र आगामी बाटो

नेपालको अर्थतन्त्रलाई बलियो बनाउन अब बन्ने सरकारले केही ठोस कदम चाल्नु पर्ने देखिन्छ। पहिलो सर्त सुशासन र भ्रष्टाचार नियन्त्रण हो। सरकारले केन्द्रीय बैंकको स्वायत्ततालाई सम्मान गर्दै मौद्रिक नीति र वित्त नीतिबीच प्रभावकारी समन्वय गर्नुपर्छ। सार्वजनिक ऋणलाई उत्पादनशील क्षेत्रमा मात्रै प्रयोग गर्ने र पुँजीगत खर्च बढाउने वातावरण सिर्जना गर्न सकेमा मात्र देशले आर्थिक विकासको लय समात्न सक्नेछ। युवाहरूको चाहनाअनुसार देश भित्रै रोजगारी र अवसर सुनिश्चित गर्नु नै अबको राजनीतिक र आर्थिक नेतृत्वको मुख्य जिम्मेवारी हो ।

★ ★ ★

# नेपालीको चाहनाः समाज प्रधान व्यवस्था, उत्पादनमुखी प्रणाली

**पछिल्ला दुई दशकयता विश्वका संविधानमा जेसुकै लेखेको भए पनि राजनीति र त्यसको प्रभाव व्यक्ति एवम् सीमित संस्थामुखी र आर्थिक प्रणाली वित्तीय पुँजी प्रधान बन्दै गएकाले विश्व अर्थव्यवस्था धरमराउन लागेको छ ।**



**डा. चन्द्रमणि अधिकारी**
**राष्ट्रिय योजना आयोगका पूर्व सदस्य एवम् नागरिक लगानी कोषका पूर्वअध्यक्ष**

## १. पृष्ठभुमि

राज्यको स्वरुप राजनीतिक व्यवस्था र आर्थिक प्रणाली गरी मुलतः दुई विषयले निर्धारण गर्दछन्। यसमा सामाजिक संरचना र सांस्कृतिक परम्पराले पूरक भुमिका खेल्दछ। तसर्थ राज्यले कुनै पनि राजनीतिक तथा आर्थिक दर्शनको अंगिकार गर्दा त्यस देशको सामाजिक संरचना एवम् चरित्रलाई विशेष ध्यान दिनु पर्दछ। सामाजिक परिवर्तन भने रातारात हुँदैन। सामाजिक व्यवस्थामा परिवर्तन आउन तुलनात्क रुपमा लामो समय लाग्छ। जसको लागि आर्थिक तथा राजनीतिक प्रणाली पनि सामाजिक परिवर्तन मैत्री हुनु पर्दछ। सांस्कृतिक रुपान्तरण पनि कुनै औपचारिक नीतिगत र कानुनी व्यवस्थाको माध्यमबाट मात्र हुँदैन। यसलाई समाजको विकासको इतिहास, धर्म, परम्परा, रीतिरिवाज र जनातमा रहेको चेतनाको स्तर आदिले प्रभावित गर्दछ। अबको सांस्कृतिक दिशाको निर्धारण पनि आथिर्क तथा समाजिक व्यवस्था, शिक्षा प्रणाली र सूचनाको विकासको गति तथा जनताको राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँगको सम्बन्धमा निर्भर रहन्छ। तसर्थ समाजको आमुल परिवर्तनको लागि यसको जगबाट नै परिवर्तन गर्नुपर्ने हुन्छ। जसलाई संरचनागत परिवर्तन भनिन्छ। यसको लागि राजनीतिक व्यवस्था समाज प्रधान र आर्थिक प्रणाली उत्पादनमूखी हुनु पर्दछ। तर, पछिल्ला दुई दशकबाट विश्वका संविधानमा जे सुकै लेखेको भए पनि राजनीति र त्यसको प्रभाव व्यक्ति एवम् सीमित संस्थामूखी र आर्थिक प्रणाली वित्तीय पुँजी प्रधान बन्दै गएकाले विश्व अर्थव्यवस्था धरमराउन लागेको देखिन्छ।

नेपालमा पनि बेलाबेलामा राजनीतक परिवर्तन गरेर राजनीतिक व्यवस्थाको संरचना परिवर्तन गरियो। अहिले संविधानमर्फत समाज प्रधान हुने समाजवादको बाटो अंगिकार गर्न खोजिएको छ। तर, उत्पादनलाई केन्द्रबिन्दुमा राख्ने गरी आर्थिक प्रणलीको विकास गरिएको छैन। संरचनामा परिवर्तन गरिएको छैन। त्यसैले अथतन्त्रको संरचना क्रमशः असन्तुलित भएर गएको छ। फलस्वरुप नेपाल आन्तरिक तथा वाह्य दुवै कारणले जोखिममा पर्ने सम्भावना छ। यो आलेख भने आर्थिक पुर्नसंरचनाको विषयमा केन्द्रित छ।

## २. अर्थतन्त्रको पुर्नसंचनाको अवधारणा र धरातलीय अवस्था

सामान्य अर्थमा भन्दा लगानी र उत्पादन समेतका आर्थिक कार्य र तत्वहरूको योगदान र भुमिकालाई अदल बदल गर्ने गरी नीतिगत, क्षेत्रगत र संस्थागत व्यवस्थामा परिवर्तन गर्नुलाई अर्थतन्त्रको संरचनागत परिवर्तन भनिन्छ। यसलाई पुँजी र प्रविधि, श्रम र पुँजी, श्रम र प्रविधि, भूमि, पुँजीबीचको भूमिकाको अनुपातलाई परिवर्तन हुने

प्रणालीको रुपमा पनि लिन सकिन्छ। यसमा क्षेत्रगत रुपले उत्पादनका साधनहरूलाई उपयोग गर्ने प्राथमिकताको क्रमको विषयसमेत पर्दछ। यसले अर्थतन्त्रका साझेदारहरूको भूमिकालाई पनि प्रभावित गर्न पनि सक्दछ। तर जेहोस अर्थतन्त्रमा गरिएका संरचनागत परिवर्तनहरूले उत्पादन, रोजागरी, आय, जनसांख्यिक बनोट, गाउँ-सहर सम्बन्ध, बसाइसराइ तथा आप्रवासन समेतका क्षेत्रहरूमा प्रभाव पार्ने कुरामा दुई मत छैन।

सरल रुपमा भन्दा अर्थतन्त्रका आधारभुत आयामहरूमा नै परिवर्तन गरेर लगानी, उत्पादन, वितरण र रोजगारीका सम्भाव्य क्षेत्रमा सुधार गर्नुलाई संरचनागत सुधार भनिन्छ। यसले जगबाट सुधारको थालनी गर्छ। यस्तो सुधारमा उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि लगानी, विनियोग र विनियोजन गर्ने क्षेत्रको अनुपातिक दरमा नै परिवर्तन गर्ने प्रयास गरिन्छ। जसले आन्तरिक उत्पादन बढाएर अर्थतन्त्रमा दीगोपन र प्रतिष्पर्धात्मक क्षमताको प्रवर्धन गर्छ। कतिपयले अर्थतन्त्रमा कृषि वा प्राथमिक क्षेत्रको योगदान घटाएर सेवा क्षेत्रको योगदान बढाउनुलाई नै संरचना परिवर्तन भनेर पनि भन्ने गरेका छन्। तर त्यो बुझाई अधुरो छ। नेपालमा उपल्ब्ध तथा सम्भावित प्राकृतिक, स्रोत, जनसंख्याको बनोट र क्षेत्रगत निर्भरताको अवस्था, आय तथा सम्पत्तिको वितरणको स्वरुप, क्षमता र चेतनास्तर तथा भूराजनीतिलई हेर्दा अहिलेको उत्पादनको संरचनागत योगदानलाई वैज्ञानिक कृषि र उद्योगमूखी बनाउनु पर्ने भएकाले यसलाई विकसित देशको भन्दा फरक रुपले हेरिनु पर्दछ।

मान्छे, माटो (खनिज समेत) र पानी नेपालका आधारभुत स्रोत हुन। मान्छे पहिलो उत्पादन शक्ति हो। तसर्थ पहिलो प्रयास उत्पादन शक्तिको विकास गरी माटो र पानीको उच्चतम उपयोग गरेर देशलाई औद्योगिकीकरणतर्फ निर्देशित गर्नमा हुनु पर्दथ्यो। तर, विगतमा त्यसो भएन। कृषि, खनिज, वन र पशुपालन लगायतका विषयहरूको सोझो सम्बन्ध माटो वा भूमिसँग छ। माटोको चरित्र भूबनोट र भुगोलसँग जोडिएको हुन्छ। भूगोलको विविधताले नेपालमा विशिष्ट खालको हावापानी, अद्भुत किसिमको मौसम चक्र र विश्वकै फरक किसिमको जैविक विविधताको सिर्जना गरेको छ। नेपालको ९७ प्रतिशत पानी ताजा प्रकृतिको छ। जुन शक्ति र समस्त जीवनसँग जोडिन्छ, जुन ऊर्जाको पनि मुल स्रोत हो।

सानो भूभागमा नै भुगोल र भूबनोट, हावापानी, भाषा, धर्म र संस्कृतिसमेतमा रहेको विविधताले थरि थरिका विशिष्टता र अनुपम सौन्दर्यको सिर्जना गरेको छ। यी सबै कुराको संयोजनले नेपाल एउटा सुन्दर देश बनेको छ। अब हामीले यिनै स्रोतको दिगो, भरपर्दो र विवेकपूर्ण तरिकाले प्रयोग गरेर भौतिक तथा वित्तीय स्रोतको आधार विस्तार गर्नु पर्ने देखिन्छ। अनि मात्र हामी संविधानले परिकल्पना गरेको लोकतान्त्रिक चरित्रमा आधारित समजावादको बाटोमा पुग्न सक्छौं वा भनौं समाज प्रधान राजनीतिक व्यवस्थाको असल अभ्यास गर्न सकिन्छ। तसर्थ आर्थिक पुर्नसंरचना पनि यसै कुरामा केन्द्रित हुनु पर्दछ।

### ३. विश्वमा देखिएका परिवर्तनका उदाहरणहरू

विश्वका विभिन्न देशहरूले विभिन्न कालखण्डमा राजनीतिक व्यवस्थासँगै अर्थिक प्रणालीको मुल स्वरुपमा नै परिवर्तन गरेका प्रशस्त उदाहरणहरू पाइन्छ। फ्रान्सको पुर्नजागरण अभियानले पाएको सफलता, भारत र संयुक्त राज्य अमेरिकाले ठूलो संघर्षपछि पाएको स्वतन्त्रता तथा अनि रुस एवम् चीनले गरेको राजनीतिक क्रान्तिको सफल प्रयोग पुर्नसंरचनाका ज्वलन्त उदाहरण हुन। यी परिवर्तनसँगै त्यहाँ मुल राजनीतिक दस्तावेजको रुपमा संविधान बनाइयो। अनि संविधानको माध्यमद्धारा गणतन्त्रको स्थापना, शासकीय स्वरुपमा परिवर्तन, नागरिक अधिकारको प्रत्यभूति, राजनीतिक अधिकारको विकेन्द्रीकरण, आवधिक निर्वाचन, निर्वाचन प्रणालीमा सुधार र मताधिकार समेतका राजनीतिक क्षेत्रका विभिन्न अवयवको ढाँचामा बदलाव ल्याइयो।

यता अर्थतन्त्रलाई उदार बनाएर राज्य र निजी क्षेत्र मिलेर लगानी गर्ने प्रबन्ध, रोजगारी सिर्जनामा निजी क्षेत्रको बृहत भूमिका हुने व्यवस्था, परम्परागत क्षेत्रबाट पुँजी र श्रम सीपलाई सेवा क्षेत्रमा निर्देशित गर्ने बृहत्तर नीतिको अनुशरण र स्रोतसाधनलाई उत्पादनमूलक उद्योगको तुलनामा सेवा क्षेत्रमा प्रवाहित गर्न उत्प्रेरित गर्ने नीतिको कार्यान्वय आदि संयुक्त राज्य अमेरिकाले गरेको आर्थिक प्रणालीको पुर्नसंरचनाको उदाहरण हो।

चीनले विदेशी लगानी आकर्षित गर्ने नीतिगत व्यवस्था गरी त्यसको कार्यान्वयन गर्नु, सहरी तथा ग्रामीण अर्थतन्त्रबीचको अन्तर्सम्बन्ध स्थापना हुने गरी प्रविधिगत तथा भौतिक पूर्वाधारको विकासलाई प्राथमिकतामा राखी सम्बन्ध सन्जाल (कनेक्टीभीटी) को विकास गर्नु, ग्रामीण तथा कृषिको क्षेत्रमा राज्य र निजी क्षेत्रको पुँजी, समय अनुकूल प्रविधि र प्रविधि अनुकूलको सीप पुऱ्याउने गरी रणनीति तथा कार्यक्रम ल्याउनु र तुलनात्मक रुपमा सस्तो रहेको श्रमको उपयोग औद्योगिक क्षेत्रमा गर्ने गरी श्रम नीति निर्माण गर्नु एवम् स्वदेशी उत्पादनलाई विश्व बजारमा पुऱ्याउने गरी बजार अर्थनीतिको अनुशरण गर्ने प्रबन्ध मिलाउने आदि कार्य आर्थिक प्रणालिमा गरिएको संरचनागत परिवर्तनको अर्को उदाहरण हो।

संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो पटक राष्ट्रपति निर्वाचित भएपछि उनले अर्थतन्त्रमा सेवा क्षेत्रको योगदानको अनुपातलाई घटाएर उत्पादन

क्षेत्रको योगदान बढाउने उद्देश्यले कर र अन्य उपकरण प्रयोग गरेर अमेरिकी तथा विदेशी दुवै लगानीकर्तालाई विशेष गरी प्रशोधनमूखी तथा उत्पादनमूलक उद्योगहरूमा लगानी बढाउन आकर्षित गर्ने रणनीतिका साथ अघि बढेका छन् । विभिन्न देशबाट आयात हुने वस्तुमा आयतकर (टेरिफ) बढाउनुको पछाडिको उद्देश्य पनि त्यहि हो ।

## ४. नेपालमा भएका परिवर्तन

### ४.१ राजनीतिको पुर्नसंरचना

राज्यका प्रमुख दुई पक्षलाई आधार मानेर हेर्दा नेपालले राजनीतिक प्रणालीमा संरचनागत परिवर्तनको एउटा ठूलै चरण पार गरिसकेको छ। २०७२ सालमा नेपालको संविधान लागु भएसँगै गणतन्त्र, संघीय व्यवस्था र लोकतन्त्रलाई संवैधानिक दृष्टिले संस्थागत गर्ने काम भएको छ। समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको सिर्जना गर्ने संकल्प गरिएको छ। नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, स्वतन्त्र र सक्षम न्यायपालिका, कानुनी राज्य, आवधिक निर्वाचन, बालिग मताधिकार, बहुदलीय शासन प्रणाली, मानव अधिकारसमेतका प्रजातान्त्रिक मूल्य मान्यतामा आधारित भएको समाजवादप्रति प्रतिबद्धता जनाएको छ (नेपालको संविधानको प्रस्तावना) ।

नेपालको संविधानले ३१ वटा मौलिक हक अधिकारको प्रत्याभूति गरको छ (धारा १६ देखि ४६ सम्म) र नेपाललाई तीन तहको संघीय संरचनामा ढाली ती तीन तहबीच राज्य शक्तिको बाँडफाँट गरेको छ (भाग ५, धारा ५६ देखि ६०) । यी सबै व्यवस्था राजनीतिक प्रणालीको पुर्नसंरचना वा राजनीतिक संरचनामा गरिएको परिवर्तनको घेरा भित्र पर्दछन् । जसले राजनीतिक प्रणाली भित्रका दार्शनिक पक्षसमेतका आधार भुत बनोटमै परिवर्तन गरेको देखिन्छ।

### ४.२ आर्थिक प्रणाली

नेपालको कुरा गर्दा आर्थिक प्रणालीमा पनि राजनीतिक तहमा भएको सरहनै संरचनागत परिवर्तन गरियो त ? भन्ने प्रश्न उठ्ने गर्छ। उत्तर सहज छ, जुन तहमा हुनु पर्दथ्यो, त्यो तहमा भएको छैन। राजनीतिक र आर्थिक परिवर्तनबीच मेला खाएको छैन। आर्थिक प्रणालीमा पर्ने आधारभुत स्तम्भहरूको स्वरुपमा परिवर्तन गर्न बाँकी छ। संविधानमार्फत राजनीतिक स्वरुपमा परिवर्तन गरेर राजनीतिक दृष्टिले बृहत्तर रुपमा समाजवादप्रति प्रतिबद्ध भएर समृद्ध राष्ट्र निर्माण गर्ने (प्रस्तावना) संकल्प गर्दै नेपाल राज्यलाई समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य (धारा ४) घोषणा गरी समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने विषयलाई राज्यको आर्थिक उद्देश्य बनाइए (धारा ५०) पनि राज्यका स्रोतको उपयोगको विधि तथा लगानीको संरचना भने करिब पुरानै प्रकृतिको छ। त्यसैले अर्थतन्त्रको गति र दिशा अपेक्षा गरे अनुरुप अगाडि बढ्न सकेको छैन। अर्थतन्त्रको आकार अनुरुप आय, सम्पत्ति र स्रोतको वितरण वर्गीय, क्षेत्रीय, भौगोलिक तथा प्रादेशिक दृष्टिले सन्तुलित र समानुपातकि हुन सकेको छैन।

### ४.३ अर्थतन्त्रको चरित्र र नतिजाहरू

संरचनागत सुधारको विषयमा सोच्नुअघि अर्थतन्त्रका चरित्रहरूका बारेमा बुझ्नु पर्ने हुन्छ। नेपालको अहिलेको अर्थतन्त्रमा देखिएका सुचकहरू र चरित्र हेर्दा मिश्रित नतिजाहरू देखिएका छन्। कतिपय सूचकहरू अन्तर विरोधी छन्। अर्थतन्त्रका बाह्य र आन्तरिक सुचकहरूबीच द्धन्द छ। केही बाह्य सुचकहरू सकारात्मक देखिए पनि निकासीको बढोत्तरी दिगो र पर्याप्त मूल्य अभिवृद्धि गराउने चरित्रको छैन।

नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्यांक केलाउँदा आव २०८०/८१मा विप्रेषण आप्रवाहमा १६.५ प्रतिशतले वृद्धि भई वैदेशिक मुद्राको सञ्चिति २०४१ अर्ब रुपैयाँ पुगेकोमा २०८२ असारमा यो अंक २६७७ अर्ब रुपैयाँ नाघेको छ। शोधानान्तर बचत ५०२ अर्बबाट ५९४ अर्ब रुपैयाँ पुगेको छ। त्यसैगरी २०८० असार मसान्तमा घाटामा रहेको चालु खता दुई वर्षको अवधिमा ४०९ अर्बले बचतमा रुपान्तरण भएको छ। यी तीन वटा सूचकलाई निरपेक्ष ढंगले हेर्ने हो भने अर्थतन्त्रको बाह्य पक्ष अत्यन्तै सबल देखिन्छ। तर, यसको पछाडिको कारण खाजेर हेऱ्यो भने चित्त बुझाउने अवस्था छैन। विदेशी मुद्रको सञ्चिति बढ्नुमा निकासी, पर्यटन आय, प्रत्यक्ष वैदेशिक लगानीजस्ता स्रोतको भूमिका रहन पाएको भए त्यो सबलतामा दिगोपन हुन्थ्यो। आन्तरिक लगानी, उत्पादन, रोजगारी, प्रतिव्यक्ति आय र राजस्वसमेत बढेको हुन्थ्यो। तर, त्यसो हुन सकेन। निकासीमा झण्डै ८२ प्रतिशतको बढोत्तरी देखिए पनि ६० प्रतिशतभन्दा माथिको निकासी अंकले पैठारी अंकसमेत बढाएको छ। भटमासको तेल, जुत्ता र पोलिस्टरको धागोसमेतको निकासी बढे पनि तिनको उत्पदान अधिकांश विदेशी कच्चा पदार्थमा आधारित छ। फलस्वरुप निकासीमा उच्च वृद्धि देखिँदा पनि व्यापार घाटाको अनुपातमा कमी आएको छैन। भ्रमण आय ऋणात्मक छ। वर्षभरिमा जम्मा १२ अर्ब रुपैयाँ मात्र प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। यसरी हेर्दा वैदेशिक मुद्राको मुल स्रोत विप्रेषण आप्रवाह नै हो। जुन दिगो हुँदैन र छैन पनि। यसको बढोत्तरीसँगै स्वभावतः आन्तरिक उत्पादन घट्छ। आर्थिक वृद्धि खुम्चन्छ र प्राप्त भएको अधिकांश रकम उपभोग्य वस्तुको पैठारीमा जान्छ। श्रमको उपयोग देश भित्र नहुँदा उद्योगहरू कम क्षमतामा चल्छन। कृषि क्षेत्रमा श्रम शक्तिको कमी हुनाले जमिन बाँझो बस्ने

क्रम बढ्छ। फलस्वरुप समग्र अर्थतन्त्र नै सुस्त हुन्छ। अर्थतन्त्रको वास्तविक क्षेत्र (रियल सेक्टर) खुम्चिन्छ। अनि सहयोगी रूपमा रहनु पर्ने सेवा र वित्तीय अर्थतन्त्रको आकार अनावश्यक रुपमा बढ्दछ। अहिलेको नेपालको अवस्था हुबहु यस्तै छ।

उच्चस्तरमा रहेको विदेशी मुद्रालाई आन्तरिक अर्थतन्त्र बलियो बनाउने कार्यमा उपयोग गर्न पनि सकिएको छैन। त्यो स्रोतलाई अद्यौगिक कच्चापदार्थ तथा कृषि कार्य र संरचना निर्माणका परियोजनामा चाहिने यन्त्र उपकरण एवं प्रविधि ल्याएर उत्पादन बढाउन र अधुरा संरचनाहरू पूरा गर्नमा लगाउन सक्नु पर्दथ्यो। तर अधिकांश वैदेशिक मुद्राको प्रयोग उपभोग्य वस्तु र सेवामा खर्च भइरहेको छ। उता २०८२ भदौ २३ र २४ गतेको घटनाले अर्थतन्त्रमा थप दबाब परेको छ। उद्योगहरूको सञ्चालन क्षमतामा ५० प्रतिशतबाट तल झरेको छ। सरकारले गर्ने पुँजीगत खर्चको अनुपात अझ घटेको छ। उद्योग व्यवसाय र व्यक्तिको जीउधनको सुरक्षामा देखिएको चुनौतीले अन्योल बढेको छ। आम जनता र उद्योगी व्यवसायी सबै निवर्चानपछि राजनीति केही संग्लो हुन्छ कि भनेर बाटो कुरेर बसका छन्। यसले राजस्व परिचालनसमेत प्रभावित भएर सार्वजनिक ऋणको अंक बढ्दै जाने अवस्था सिर्जना भएको छ। बेरोजगारी दर १३ प्रतिशतबाट उकालो लागेको छ।

मुद्रास्फीती भने निर्धारित सिमा भित्रै रहने देखिए पनि निम्न तथा मध्यम वर्गीय पारिवारको उपभोग भित्र पर्ने वस्तु तथा सेवाको अंकभार र बजेट खर्चलाई हेर्दा सन्तोषजनक छैन। त्यसैले गर्दा आम नागरिकले मूल्य घटेको अनुभूति गर्न सकेको छैनन्। यी सबैको कारण आर्थिक वृद्धिदर गत आवको ४.६१ प्रतिशतबाट घटेर २ र ३ प्रतिशतको बीचमा हुने अनुमान लगाउन थालिएका छन्। विश्व बैंकले २.१ प्रतिशतले हुने अनुमान लगाएको छ। नेपाल सरकारले प्रकाशित गरेको प्रतिवेदनले पनि चालु आवको प्रथम त्रैमासमा लक्ष्यको आधा अर्थात् ३ प्रतिशतले मात्र आर्थिक वृद्धि भएको प्रारम्भिक अनुमान गरेको छ। निष्कर्षमा भन्दा अर्थतन्त्र मन्दीमा चलेको छ।

**४.४ अर्थतन्त्रभित्रका पक्षहरूको विश्लेष्ण**

**४.४.१. आय, उपभोग र गरिबी न्यूनीकरण**

हुन त विकास नै नभएको भने होइन। तत्कालीन अवस्थासँग दाँजेर हेर्दा गरिबी न्यूनीकरण, सामाजिक विकास र पूर्वाधार निर्माणको क्षेत्रमा संख्यात्मक रूपमा केही उपलब्धि हासिल भएको देखिन्छ। २०४७ सालमा सडकको लम्बाइ ७००० किमि, सिञ्चित जमिनको क्षेत्र ४९३ हजार हेक्टर र विद्युत उत्पादन क्षमता २३८ मेगावाट, कुल विद्यालय संख्या २१८२६ र स्वास्थ्य संस्था ११०० मात्र थियो। साक्षरता दर ३० प्रतिशत र औसत उमेर ५५ वर्ष थियो।

२०८१ सालको अन्तमा पुग्दा सडकको लम्बाइ ३६ हजार किमि, सिञ्चित जमिनको क्षेत्रफल करिब १६ लाख हेक्टर तथा नवीकरणीय ऊर्जा (विद्युत) क्षमता १४ गुणाले बढेर ३३३६ मे.वा.पुगेको छ। सामाजिक पूर्वाधारतर्फ विद्यालय संख्या ३५४४७ र सरकारी स्वास्थ्य संस्थाहरूको संख्या ८७४६ पुगेको देखिन्छ। साक्षरता दर ७७ प्रतिशत र नेपालीको औसत उमेर ७१ वर्ष पुगेको छ। २०४७ मा ४९ प्रतिशत रहेको गरिबीको रेखामुनीको जनसंख्या २० प्रतिशतमा झरेको छ। यद्यपि यो दर दक्षिण यशियाली देशहरूमा सबैभन्दा धेरै हो। उता विभिन्न कालखण्डमा भएका राजनीतिक तथा शासकीय परिवर्तनले अर्थतन्त्रलाई बाह्य जगतसँग प्रतिस्पर्धी बनाउन सकेको देखिँदैन।

विश्व बैंकका अनुसार नेपालको प्रतिव्यक्ति वार्षिक आय १५०० अमेरिकी डलर हुँदा दक्षिण एसियाको औसत प्रतिव्यक्ति आय २७०० डलर रहेछ। जम्मा ६ लाख जनसंख्या बस्ने मालदिभ्सको प्रतिव्यक्ति आय नेपालको भन्दा झण्डै नौ गुणाले बढी छ। भुटानको यो अंक ३९०० हुँदा भारतको आय भने दक्षिण यशियाको औसतमा स्तरमा पर्दछ। बंगलादेश र श्रीलंकाको आम्दानी क्रमशः २६०० र ४५०० डलर हुँदा नेपाल पुछारमा परेको छ। दक्षिण एसियमा नै पुछारमा परेपछि नागरिकको चित्त कुढिनु ठिकै हो। छिमकी देश चीनले १९८० देखि २०१० सम्मको तीन दशकमा ८० करोड मान्सिलाई गरिबीको खाडलबाट माथि उतार्‍यो। अहिले त्यहाँको गरिबी दर पाँच प्रतिशतभन्दा कम छ। हामीभन्दापछि विकासमा अघि बढेको भियतनामको प्रतिव्यक्ति आय ४५०० अमेरिकी डलरभन्दा बढी छ। यसरी एकातिर अपेक्षाकृत प्रतिव्यक्ति आय नबढ्नु, अधिकांश उपभेग्य वस्तुसमेत पैठारीमा निर्भर हुनु र अर्कातिर अमेरिकी डलरसँग नेपाली मुद्रा निरन्तर अवमुल्यन हुनाले आमजनताको क्रयशक्ति पनि क्षीण भएर गएको छ। प्राप्त उपलब्धिहरूलाई यसरी छिमकी तथा अन्य देशहरूले गरेको उपलब्धि र नेपाली जनतको अपेक्षासँग तुलना गर्दा पनि ढुक्क हुने अवस्था रहेन।

आय र उपभोगलाई हेर्दा संघीय राजधानी सहरको एक व्यक्तिले २६३ हजार रुपैयाँ बराबरको रकम उपभोगमा खर्च गर्दा बागमती प्रदेशसँगै जोडिएको मधेस प्रदेशको र सुदूरपश्चिम ग्रामीण क्षेत्रको एक व्यक्तिको वार्षिक उपभोगमा खर्च गर्ने रकम क्रमशः ७१ र ७२ हजार रुपीयाँ मात्र छ (चौथो राष्ट्रिय जीवनस्तर सर्भेक्षण)। आव २०८०/८१मा देशको कुल गार्हस्थ्य उत्पादन ५७०५ अर्ब पुग्दा २१ प्रतिशत जनसंख्या हुने बागमती प्रदेशको भागमा ३४.४ प्रतिशत परेको छ। उत्तिनै जनसंख्या भएको मधेस प्रदेशको भागमा मात्र १३.१ प्रतिशत परेको छ (राष्ट्रिय तथ्यांक कार्यालय)।

उता समग्रमा हेर्दा अझै पनि देशको बीस प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन् ।

सोलोमोलो रुपमा हेर्दा विभन्न समयमा भए का राष्ट्रिय जीवनस्तर सर्वेक्षणले विगत पच्चिस वर्षमा कुल गार्हस्थ्य उत्पदनमा तल्लो बीस प्रतिशतको अंश करिब साढे पाँच प्रतिशत रहेकोमा घटेर चार प्रतिशतको नजिक पुगको छ भने माथिल्लो बीस प्रतिशतको अंश ५० प्रतिशतबाट झण्डै ५८ प्रतिशत पुगेको छ। राजस्वको स्रोत आन्तरिक उतपादन र त्यसमा आधारित आय, खर्च र उपभोगमा भन्दा पैठारीमा आधारित छ। उपक्षेत्रहरू छुट्याएर हेर्दा कुल गार्हस्थ्य उत्पादनमा कृषिपछिको ठूलो अंश थोक तथा खुद्रा व्यापारले ओगटेको छ। आन्तरिक अर्थतन्त्रलाई मजबुत बनाउने निर्माण, उत्पादनमूलक उद्योग र खनिज जस्ता क्षेत्रको वृद्धि सुस्त हुँदै गएर गत वर्ष (२०८०/८१)मा यी क्षेत्रको विस्तार नकारात्मक हुन गएको देखिन्छ।

तसर्थ अब चार दशक अगाडिसम्म नेपालभन्दा पछि रहेका दक्षिण कोरिया र भियतनाम जस्ता देशहरूले गरेको प्रगतिलाई हाम्रो प्रगतिले किन भेट्न सकेन भनेर खोज्नु पर्दछ। साथै विकासका कार्यलाई प्रादेशिक, भौगोलिक, क्षेत्रीय एवं वर्गीय दृष्टिले सन्तुलित बनाउनु पर्ने अवस्था छ।

### ४.४.२ अर्थतन्त्रमा क्षेत्रगत योगदान

विगत पाँच दशकको प्रवृत्ति हेर्दा अर्थतन्त्रका प्रमुख क्षेत्रमध्ये प्राथमिक क्षेत्रमा पर्ने मुलक्षेत्र कृषिको योगदान क्रमशः घट्दै गएर एक चौथाईभन्दा तल पुगेको छ। यो घटेको अंश उद्योगको क्षेत्रमा थपिएको छैन। बरु त्यो अंश सेवा क्षेत्रमा थपिएको छ। फलस्वरुप सेवा क्षेत्रको योगदान ६० प्रतिशतभन्दा माथि पुगिसक्यो। तर, द्धितिय वा उद्योग क्षेत्रको योगदान १० देखि १४ प्रतिशतको बीचमा स्थिर रहेको देखिन्छ। यसरी हामी क्रमशः कृषि प्रधानबाट सेवा प्रधानको चरणमा पुगेका छौं।

तसर्थ सेवा क्षेत्रको आयको वितरण तल्लो वर्गमा कुन अनुपातमा पुग्दछ त भनेर अध्ययन गर्ने बेला पनि भएको छ। २०४९ सालमा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ४५ प्रतिशत, ९ प्रतिशत र ४६ प्रतिशत रहेकोमा २०७९ सालमा आइपुग्दा यी अनुपताहरू क्रमशः २४, १४र ६२ प्रतिशत पुगेको देखिन्छ। तलको चित्र (नं.१)ले आर्थिक वर्ष २०४८/४९ देखि २०८१/८२ सम्मको विभिन्न कालखण्डको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदनको अवस्था दर्शाउँछ। यस अवधिमा कृषि क्षेत्रको योगदान निरन्तर घटेको छ। आर्थिक वर्ष २०५६/५७ पछि उद्योग क्षेत्रमा पनि निरन्तर ह्रास आएको छ भने सेवा क्षेत्र निरन्तर बढेको देखिन्छ। तलको चित्रले यस कुराको पुष्टि गर्दछ।

यसरी क्षेत्र र उपक्षेत्रमा हेर्दा मुल तीनवटा क्षेत्रमध्ये कृषिको योगदान आधाले तल झरेको छ भने उद्योग डेढीले बढेको छ। कृषि क्षेत्रमा घटेको मुल अंश सेवा क्षेत्रमा थपिएको छ। तर, सेवा उद्योगमा पर्ने पर्यटन क्षेत्रको योगदान तीन प्रतिशतबाट माथि जान सकेको छैन। पछिल्लो वर्ष प्रविधि, निर्माण, जल विद्युतको योगदान न्युन छ। थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, घरजगगा कारोबार र प्रशासनिक कार्यले कुल गार्हस्थ्य उत्पादनको झण्डै ४० प्रतिशत अंश ओगटेको छ। द्धितिय क्षेत्रमा पर्ने उत्पादनमूलक उद्योगको योगदान ६ प्रतिशत टेक्न मात्र खोजेको छ।

जनसंख्याको बनोट, वितरण, संलग्नता र निर्भरतालााई हेर्दा पनि ६१ प्रतिशत घरपरिवार कृषिमा आश्रित छन्। आर्थिक दृष्टिले क्रियाशील मध्ये ५७ प्रतिशत श्रमशक्ति कृषिमा संलग्न छ। यसरी एकातिर कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदना घट्दो छ भने अर्को तिर यस क्षेत्रमा निर्भर परिवार र संलग्न श्रम शक्तिको अनुपातमा खासै कमी आएको छैन। कृषिमा आश्रित ग्रमीण क्षेत्रका करिब एक चौथाई परिवार अझै पनि गरिबीको रेखामुनी रहनु, कृषिक्षेत्रमा संलग्न श्रमिकमध्ये ३९ प्रतिशत गरिब रहनु, सेवा र उद्योग क्षेत्रको विकास नभएको र अधिकांश कृषिमा आधारित जनसंख्या रहने सुदूरपश्चिम प्रदेशमा अझै पनि ३४ प्रतिशत परिवार गरिब रहनु आदिले यसक्षेत्रमा गरिबीको घनत्व बढेको पुष्टि गर्छ। विद्यमान योगदानगत संरचनालाई हेर्दा सम्भावना बढी भएका, अधिक मूल्य अभिवृद्धि हुन सक्ने सम्भावना बोकेको सबै वर्ग, क्षेत्र र भूगोलमा पुग्न सक्ने कृषि र उद्योग क्षेत्रको अंश घट्दै गएको छ। कम मुल्यअभिवृद्धि हुने तथा सीमित वर्ग, क्षेत्र र भूगोलमा केन्द्रिकृत हुने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। यो राम्रो प्रवृत्ति होइन। यसमा सुधार ल्याउन संरचनागत सुधारको प्रारम्भ यही बिन्दुबाट गर्नु पर्ने देखिन्छ। अन्यथा अर्थतन्त्र झनझन बढी परनिर्भर हुँदैजाने र भोकमरी, खाद्य संकट र आर्थिक असमानता र विभेदले ठूलो रुप लिन सक्छ।

### ४.४.३ क्षेत्रगत योगदानको अन्तर्राष्ट्रिय परिदृश्य

यस सन्दर्भमा अन्तराष्ट्रिय अनुभवलाई हेर्दा अहिले संयुक्त राज्य अमेरिकाको अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १९ प्रतिशत र ८० प्रतिशत छ। बाँकी एक प्रतिशत कृषि क्षेत्रको भागमा पर्छ। सन १९७० सम्म त्यहाँ पनि सेवा क्षेत्रको योगदान ६० प्रतिशतको हाराहारीमा थियो। अनि कृषिको योगदान तीन प्रतिशत र बाँकी योगदान उद्योग क्षेत्रको थियो। जापानको संरचना पनि अमेरिकासँग मिल्दोजुल्दो छ। यति हुँदाहुँदै पनि अमेरिकामा हुने र नहुनेबीचको खाडल बढ्दै गएको छ। सापेक्ष गरिबी तथा घर आवास नभएका र दिनमा एक छाक मात्र खाने परिवारको संख्या बढेर गएको देखिन्छ। एउटा तथ्यांकले सन २०२३ मा संयुक्त राज्य

अमेरिकाका एक प्रतिशत धनाढ्यले २६ प्रतिशत सम्पत्तिमा कब्जा गरेका छन् भने ६० प्रतिशत रहेका मध्यम वर्ग र तल्लो २० प्रतिशतमा न्यून आय वर्गको स्वामित्वमा कुल सम्पत्तिको क्रमशः २५ प्रतिशत र तीन प्रतिशत रहेको देखाएको छ (फेड रिजर्भ र युएसए टुडे) । यसबाट अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान बढ्दैमा सबै कुरा हासिल हुने रहेनछ। समतामूलक समाज निर्माण हुँदो रहेनेछ भन्ने पुष्टि हुन्छ। पहिलो त नेपालले यो लय समात्न सक्ने अवस्था छैन भने दोस्रोमा नेपालले यो चरित्रको विकास र वृद्धि खोजेको पनि होइन ।

त्यसैले पुर्नसंरचनाको सम्बन्धमा नेपालले अर्थतन्त्रको संरचना परिवर्तन गर्ने बाटोमा अघि बढेका दक्षिण कोरिया, चिन, भियतनाम, लाओस र कम्बोडिया जस्ता देशको अनुभवबाट केही सिक्नु उपयुक्त हुन्छ। दक्षिण कोरियाको अर्थतन्त्रमा कृषिको योगदान दुई प्रतिशत मात्र भए पनि द्धितिय क्षेत्रको योगदान ४२ प्रतिशत छ। भियतनाम, लाओस र कम्बोडियाको संरचना हेर्दा सेवाक्षेत्रको योगदान ४५ देखि ५० प्रतिशत र केषिक्षेत्रको योगदान १५ देखि २५ प्रतिशत रहेको देखिन्छ (२०२३)। भारत तथा चीनको अर्थतन्त्रमा कृषिको योगदान क्रमशः १८ र ७ प्रतिशत भए पनि उद्योगको गोगदान क्रमशः २९र ३८ प्रतिशत छ। यी देशहरूमा श्रम शक्तिको क्षेत्रगत निर्भरता क्षेत्रगत योगदानसँग मिल्दोजुल्दो रहेको देखिन्छ। यी सबै देशको प्रतिव्यक्ति आय पनि नेपालको तुलनमा बढी नै छ। उद्योगतर्फ लघु, साना र मझ्यौल उद्योगको प्रवर्द्धनमा बढी जोड दिनु पर्छ।

**कु.गा.उत्पादनमा क्षेत्रगत योगदान (%)**




*श्रोतः अर्थ मनत्रालय*

**४.५ अर्थतन्त्रका पहिचान भएका चुनौतीहरू**

१. आर्थिक विकासको कुरा गर्दा मुल पक्ष आन्तरिक अर्थतन्त्र हो। बाह्य पक्ष त अर्थतन्त्रको सन्दर्भ र सहायक पक्ष हो। अर्थतन्त्रलाई मानिसको शरीर र स्वास्थ्यसँग तुलना गर्दा बाह्य पक्ष हात पाखुरा हुन भने आन्तरिक पक्ष मुटु, कलेजो, फोक्सो र मृगौला हुन। आन्तरिक अंगहरू स्वस्थ्य छैनन भने हात पाखुरा सधैँ स्वस्थ्य र बलियो हुन सक्दैनन।

२. नेपालको अर्थतन्त्रको अहिलेको अवस्था यसै प्रकृतिको छ। अर्थतन्त्रका आन्तरिक सुचकहरू कमजोर छन्। लगानी, उत्पादन, व्यक्तिको आय, सरकारको राजस्व आय र वैदेशिक सहयोग सबै पक्षमा न्यूनता छ। बाह्य पक्ष केही सकारात्मक भए पनि आन्तरिक उत्पादनमा अपेक्षाकृत अभिवृद्धि हुन नसक्नाले अर्थव्यवस्थाको भित्री आँत बलियो बनाउनुपर्ने चुनौती थपिएको छ।

३. आव. २०८१/८२मा नेपाल सरकारले पुंजीगततर्फ कुल खर्चको करिब १५ प्रतिशत र कुल विनियोजित पुँजीगत बजेटको ६३ प्रतिशत मात्र खर्च गरेको छ। जुन कुल गार्हस्थ्य उत्पादनको मात्र ३.४ प्रतिशत हुन्छ । जबकि वित्त व्यवस्थापनको खर्च अनुपात भने बढेर ५.४ प्रतिशत पुगेको छ। प्रदेश र स्थानीय

तहको पुँजीगत खर्चको अवस्था पनि नाजुक छ। यस आवमा तीन तहले गरेर जम्माजम्मी ४९५ अर्ब रुपैयाँ पुँजीगत खर्च गरेछन्। निजी क्षेत्रको लगानीसमेत खुम्चेको बेला यति लगानीबाट लक्षित आर्थिक वृद्धि हुने कुरै भएन। यसर्थ पुँजीगत खर्च बढाउनु पर्ने अवस्था छ।

४. यसरी न्यून लगानी, न्युन पुँजीगत खर्च, वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जामा संकुचन, रोजगारीका न्यून अवसर, ग्रामीण क्षेत्रमा जनसंख्या घट्दै जानु, युवाजनशक्ति विदेश जाने क्रम नरोकिनु र त्यसको प्रभाव श्रमको आपूर्ति र वस्तु तथा सेवाको मागमा पर्नाले अर्थतन्त्रमा अपेक्षाकृत विस्तार हुन सकेको छैन।

४. देशमा उपलब्ध श्रम शक्तिमा पनि माग र आपूर्तिबीच तालमेल नमिल्नाले एकातिर युवाहरू बेरोजगार रहेका छन् भने अर्कातर्फ उद्योग, कृषि र कतिपय सेवाक्षेत्रमा दक्ष जनक्तिको अभाव छ। आर्थिक क्रियाकलापमा आएको संकुचनले राजस्व संकलनमा प्रतिकुल प्रभाव परेको छ।

६. संघीयताको कार्यान्वयनमा देखिएको कमजोरीले संघीयताले खर्च बढाएको छ तर त्यही अनुसार आम्दानीका थप स्रोत थपिन सकेका छैन।

यिनै चुनौतीबिच अर्थतन्त्रमा संरचनागत सुधार गरेर यसलाई सुस्त अवस्थाबाट गतिशील बनाई दीगो, फराकिलो र समन्यायिक वृद्धि हासिल गर्नु पर्ने अवस्था छ।

### ४.६. विश्लेषणले देखाएका बाटो

१. माथिका तथ्यहरूबाट औसत रुपमा देखिएको धेरै आय र ठूलो आकारको अर्थतन्त्रले मात्र नागरिकलाई न्याय दिन सक्दो रहेनछ भन्ने पुष्टि हुन्छ। तसर्थ आर्थिक विकासको मोडेल पनि सन्तुलित र व्यवस्थापन गर्न सकिने किसिमको निर्माण गर्नु पर्छ।

२. नेपालको आधारभुत स्रोतको दिगो र प्रभावकारी उपयोग गरेर अर्थतन्त्रको मुल्यमा उच्च रुपले अभिवृद्धि गरी त्यसको वरिपरी रहने गरी सेवा क्षेत्रको योगदानलाई सन्तुलनमा राख्नमा हामी चुकेका छौँ, कमजोरी भएको छ। यसले पनि अर्थतन्त्रमा पुर्नसंरचनाको खाँचो औंल्याउँछ।

## ५. अगाडि बढ्ने बाटो र संरचनागत सुधार

१. नेपाल सरकारले तयार गरेको सोह्रौं योजनाले संरचनागत परिवर्तनको लक्ष किटानसहितको स्पष्ट खाका दिन सकेको पाइएन । तसर्थ अबका योजना र कार्यले अर्थतन्त्रका मुख्य सवाल, चुनौती र अर्थतन्त्रमा देखिएको संरचनागत समस्याको सम्बोधन गर्ने, उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने र कृषि क्षेत्रको श्रम शक्तिलाई अन्य उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने तथा कृषि क्षेत्रमा लगानी र सुशासन वृद्धि गर्ने कुरालाई प्राथमिकतामा राखेर संरचनागत परिवर्तनका लक्ष किटानसहितको स्पष्ट खाका तयार गरी कार्यान्वयनमा लैजानु पर्दछ।

२. यसरी अर्थतन्त्रको पुर्नसंरचना गर्दा विशेष अध्ययन र अनुसन्धान गरी संरचनागत परिवर्तनको उपयुक्त मोडेलको खोजी गर्नु पर्दछ। अपेक्षित संरचनागत परिवर्तनमाथि देखिएका उत्पादन, आय, वितरण र उपभोगका नकारात्मक सुचकहरूलाई सकारात्मक बनाउने मार्गतर्फ लक्षित हुनु पर्दछ।

३. यसरी संरचनागत परिवर्तनको खाका तयार गर्नुअघि अर्थतन्त्रलाई प्रभाव पार्ने तत्वहरू फरक फरक हुन्छन र हरेक अर्थतन्त्रका आफ्ना आधारभुत चरित्र हुन्छन भन्ने पनि बुझ्नु पर्दछ। कुनै अर्थतन्त्र कुनै अर्कोसँग मिल्दोजुल्दो हुन सक्छ र कतिपय अर्ततन्त्रसँग तुलना गर्नु पनि त्यति सान्दर्भिक हुँदैन। यसरी हेर्दा हामीले अमेरिकी अर्थतन्त्रभन्दा कतिपय अन्य अर्थतन्त्रका चरित्र र ती अर्थतन्त्र कसरी अगाडि बढे भनेर हेर्नुपर्ने हुन्छ।

४. राजनीतिक-आर्थिक दृष्टिकोण र प्रणालीलाई समानान्तर रुपले अगाडि बढाउनु पर्दछ। प्रविधिबाट हुने योगदान, प्रतिफल र नाफा समाजका सबै वर्गसम्म पुग्ने गरी नीति, रणनीति र प्रणालीको विकास गरी अभ्यासमा ल्याउनु पर्दछ।

५. सरकारको भूमिकालाई पनि पुनर्परिभाषित गर्नुपर्छ। प्रश्न ठूलो वा सानो सरकारको होइन। व्यक्तिगत स्वतन्त्रता, सामाजिक र सांस्कृतिक स्वतन्त्रता, विचारको स्वतन्त्रता र मानव-महिला-श्रमअधिकार, कानुनको शासन, आवधिक रूपमा लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई सम्मान गर्ने उदार आर्थिक विकल्पहरूको सुनिश्चितता सहितको तर्कसंगत, निष्पक्ष र विवेक सम्मत राज्य संरचना आजको आवश्यकता भएकाले सरकारको आकार पनि यसले लिनुपर्ने जिम्मेवारी र निर्वाह गर्नुपर्ने भूमिका अनुसार निर्धारण गर्ने गरी संविधानमा समेत त्यसैअनुसार सुधार आवश्यक छ।

६. कृषिक्षेत्रको उत्पादकत्व बढ्ने गरी विनियोग, विनियोजन र प्रवृधिको विस्तार गरी आउँदो एक दशकसम्म यसको योगदानलाई १५ देखि २० प्रतिशतको हाराहारीमा राख्नु पर्छ। सेवाक्षेत्रको योगदानलाई विशेषगरी उद्योग क्षेत्रतर्फ निर्देशित गर्नेगरी संरचनागत, संस्थागत र नीतिगत परिवर्तन गर्नुपर्छ। आउँदो १० वर्षमा उद्योग क्षेत्रको योगदान ३० देखि ३५ प्रतिशतमा पुर्‍याउने गरी काम गर्नुपर्ने अवस्था छ। यसो गर्दा सेवाक्षेत्र ४५ देखि ५५ प्रतिशतमा रहन्छ। जसले सन्तुलित विकासको स्वरुप निर्माण गर्छ।

७. प्राथमिक क्षेत्रको वृद्धिको गुणस्तरता अभिवृद्धि, कृषि र कृषिसँग जोडिने क्षेत्रको औद्योगिकीकरण गरी द्धितिय क्षेत्रको कुल गार्हस्थ्य उत्पादनको अंश बढाएर लैजाने र सेवा क्षेत्रबाट प्राप्त हुने लाभ गरिब तथा मध्यमवर्गमा पुऱ्याउने राणनीतिक कार्यक्रमहरू अघि बढाइनु पर्दछ। यसलाई भियतनामी मोडेलको अनुभवसँग जोड्न सकिन्छ। यसको लागि भु-उपयोग नीति र कार्यक्रम समेतको पुनरावलोकन गरी भूमिलाई मान्छे, प्रविधि, बजार र दैनिकीसँग जोड्नु पर्दछ।

८. आर्थिक, वित्त, मौद्रिक र लगानीसम्बन्धी नीतिहरू समेत सार्वजनिक, निजी र सामुदायिक क्षेत्रको स्रोतको उपयोग तथा लगानीलाई प्रस्तावित पुर्नसंरचनाको खाका अनुरुप प्रवाह हुन सहजीकरण गर्ने गरी परिमार्जन गर्ने आँट देखाउनु पर्दछ।

९. मुल्य अभिवृद्धिको दृष्टिले कृषि तथा कृषि र खनिजमा आधारित उद्योग, निर्माण, यातयात र पर्यटन बढी मूल्य अभिवृद्धि हुने क्षेत्र हुन।

**अन्त्यमा** शिक्षा र स्वास्थ्य सेवाका क्षेत्रमा गरिएको उच्च लगानीले दीर्घकलामा गुणस्तरीय मानव पुँजी निर्माण गर्दछ। गुणस्तरीय श्रम शक्तिले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धातमक क्षमता बढाउँछ। जसले मान्छे र अर्थतन्त्र दुवै पक्षको सबलीकरण गर्दछ। यसरी प्राप्त हुने प्रतिफल पनि धेरै वर्ग, क्षेत्र र भुगोलमा सजिलै पुग्न सक्ने हुँदा अर्थतन्त्रको पुर्नसंरचना गर्दा यी क्षेत्रमा लगानी बढाउने लक्ष्य राखिनु उपयुक्त हुन्छ। यस्तो किसिमको संरचनाले मात्र आर्थिक व्यवस्थालाई उत्पादन प्रधान र समाज प्रधान बनाउन सक्छ। यथार्थमा समाजवादी व्यवस्था भनेको पनि त्यही हो।

### ६. सन्दर्भ सामाग्री


नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, काठमाडौं।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ कानुन किताब व्यवस्था समिति,बबरमहल, काठमाडौं।

वार्षिक प्रतिवेदनहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, काठमाडौं, नेपाल।

आर्थिक सर्वेक्षणहरू, नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल।

सार्वजनिक बजेट वक्तव्यहरू, अर्थ मन्त्रालय, काठमाडौं, नेपाल।

सोह्रौं योजना (२०८१-२०८६), राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल

राष्ट्रिय जीवनस्तर सर्वे, पहिलो, दाश्रो, तेश्रो र चौथो, राष्ट्रिय तथ्यांक कार्यलय, काठमाडौं।

अधिकारी चन्द्रमणि, संघीय नोपालको अर्थ राजनीतिक (२०७०), नारेक नेपाल, काठमाडौं।

अधिकारी चन्द्रमणि, आर्थिक लोकतन्त्र, संघीयता र संविधानवाद (२०६७), पैरवी प्रकाशन काठमाडौं।

अन्य सान्दर्भिक आलेख, प्रतिवेदन, वेबसाइट आदि।

जनगणना २०७८को नतिजा प्रतिवेदन, राष्ट्रिय तथ्यांक कार्यालय,काठमाडौं।

नेपालका आठौं देखि दशौंसम्मका आवधिक योजनाहरू, राष्ट्रिय योजना आयेग, सिहदरवार काठमाडौं।

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (विभिन्न आर्थिक वर्षको), नेपाल राष्ट्र बैंक, काठमाडौं, नेपाल

Adhikari, Chandra Mani (2020), Dynamics of Fiscal Federalism, Success or failure? Why and How, Pairavi Prakashan, Kathmandu

Bhatta Gunaraj, Structural Changes in a Small and Open Economy: Evidences from Nepal (WP 23), 2014, Nepal Rastra Bank

Guna Raj Bhatta

World Economic Oulook (Different Issues, International Monetary Fund, Washington DC, USA


★ ★ ★

# प्रतिनिधिसभाको निर्वाचन २०८२ र नेपाली अर्थतन्त्र

आर्थिक विकासको अर्को महत्वपूर्ण पक्ष हो सुशासन, मितव्ययिता र पारदर्शिता । यिनै विषयलाई लिएर युवा पुस्तमा बढी नैराश्यता रहेको र त्यै नैराश्यताको परिणाम स्वरूप गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन भयो । चुनावपछि बन्ने सरकारले यो नैराश्यतालाई एक हदसम्म चिर्नेछ भनेर आशा गर्न सकिन्छ ।



**प्रा. डा. रामचन्द्र भट्टराई**
**पूर्वअध्यक्ष, नागरिक लगानी कोष**

२०८२ भदौ २३ र २४ गते भएको आन्दोलनपछि नेपालमा आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुन गइरहेको छ। यो निर्वाचन नियमित निर्वाचन भन्दा झण्डै साढे एक वर्ष अगावै हुँदैछ। यसका हुन सक्ने राजनीतिक प्रभाव र परिणाम के कस्तो हुनेछ त्यो त चैत पहिलो साता वा फागुनको अन्तिम सातासम्ममा प्रष्ट हुने नै छ।

प्रस्तुत लेखको उद्देश्य राजनीतिक परिणामको लेखाजोखा गर्नु भने होइन। यस लेखमा त्यस निर्वाचनबाट नेपालको अर्थतन्त्रमा के कस्तो प्रभाव पर्न सक्दछ भन्ने विषयको विवेचना गर्न खोजिएको छ। हुनतः यो लेख प्रकाशित हुँदासम्म यस निर्वाचनको परिदृष्य प्रष्ट भइसक्ने छ। सामान्यतया निर्वाचनबाट पर्ने आर्थिक प्रभावलाई निर्वाचन पूर्व (Pre-Election) र निर्वाचन पछि (Post-Election) गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ।

**निर्वाचन पूर्व** (**Pre - Election**)

सामान्यतया निर्वाचको सुरुसँगै सरकारी निकायबाट प्रशस्त खर्च हुन्छ। सरकारले आफू राम्रो र असल छु भन्ने देखाउन खर्चहरू हुन सक्दछ भन्ने गर्छ (Nardhus 1975,Rogoff and Sibst 1988)। हाल हाम्रो देशमा अन्तरिम सरकार छ। त्यसरी केन्द्रीय सरकारबाट खर्च हुने सम्भावना न्यून छ।

तर, निर्वाचन तयारीको लागि थुपै खर्च हुन्छ। झन्डै १०-१२ अर्ब खर्च हुने अनुमान छ। यसबाट तत्काल कुनै वस्तु वा सेवा उत्पादन नहुने हुँदा यसले सिधै मुद्रास्फीति (Inflation) देखा पर्दछ। आउने सरकारले त्यसलाई नियन्त्रण गर्न प्रभावकारी कदम चाल्नु पर्ने हुन्छ। यसको साथै स्थानीय र प्रदेश सरकार जस्ता राजनीतिक दलहरूको प्रभुत्व रहेको छ। ती निकायहरूबाट पनि अलि बढी तत्काल खर्च बढ्ने सम्भावना रहन्छ। यसले पनि मुद्रा प्रदाय बढ्न गै मुद्रास्फीति बढ्न सक्छ।

यसको अलवा अल्पकालीन रोजगारी सिर्जना गर्ने कतिपय सेवा क्षेत्रमा गतिविधिहरू बढ्ने हुन्छ। यसले अर्थतन्त्रमा गतिशीलता ल्याउन सक्तछ। खासगरी होटल, रेष्टुरेन्ट, क्याटरिङ, यातायात लगायतका क्षेत्रमा गतिविधि बढ्नेछ। हरेक निर्वाचनमा भूमिगत अर्थतन्त्र (Under Ground Economy) को ठूलो भुमिका रहन्छ। चुनावमा त्यस्तो भूमिगत (Unrecorded or illegal) पैसाको प्रयोग अत्यधिक हुन्छ। राजनीतिक दलहरू निर्वाचन आयोगले तोकेको खर्चको सीमाबाट जोगिन यस्तो पैसा प्रयोग गर्दछन्। यस्तो खर्च सरकार वा निर्वाचन आयोगले ट्र्याक गर्न सक्दैन। हमीकहाँ पनि आफ्नो व्यवसाय वा

धन्दालाई राजनीतिक दलबाट चुनावपछि सहयोग प्राप्त हुने आशामा त्यस्ता कही कतै नखुलेका स्रोतहरूबाट सहयोग गर्ने र प्रशस्त खर्च हुने हुन्छ। यस्तो खर्चले मुलतः अर्थतन्त्रमा अत्यधिक मुद्रास्फीति सिर्जना गर्दछ। त्यस्ता दलहरू जसले यस्तो सहयोग लिन्छन् उनीहरूले सरकार निर्माणपछि सहयोग गर्ने त्यस्ता व्यक्तिलाई नीतिगत सहयोग पुऱ्याउँछन्।

हाम्रो देशमा यस्तो अदृश्य तथा अनुचित स्रोतको रकम कुल गार्हस्थ्य उत्पादन (GDP) को झण्डै ६.५ प्रतिशत बराबर रहेको अनुमान छ। यसबाट ठूलो रकम चुनावमा खर्च हुन्छ र त्यसले दैनिक उपभोग्य वस्तुको मूल्य बढ्ने सम्भावना रहन्छ। निर्वाचनले प्रभाव पार्ने अर्को महत्वपूर्ण पक्ष हो निर्वाचन पछि बन्ने सरकार र यसले लिने नीतिहरू। अमेरिकामा सन २००८ को निर्वाचनमा ओबामाको विजयपछि त्यहाँको आर्थिक मन्दीमा क्रमिक सुधार आएको थियो। चुनाबपछि स्थिर सरकार बन्ने र त्यस्तो सरकारले ल्याउन सक्ने नीतिहरूले आर्थिक विकासलाई टेवा दिने हुन्छ।

आम नागरिक र व्यावसायिक समुदायमा ल्याउने सकारात्मक सन्देशले देशको आर्थिक गतिविधिमा प्रभाव पार्दछ। हाम्रो मुलुकममा विगत केही समयदेखि स्थिर र बलियो सरकार हुँदा पनि सकारात्मक सोचको विकास हुन सकेको छैन। आम नागरिक र व्यावसायिक समुदायमा हुने नैराश्यताले गर्दा उद्योग व्यवासय फस्टाउन नसकिरहेको अवस्थामा हुन लागेको यो चुनावले आम जनतामा आशा जोगाउने सम्भावना रहेको छ। यदी यस्तो हुन सक्यो भने यसले मुलुकको आर्थिक अभिवृद्धिमा सहयोग पुग्न सक्ने अपेक्षा गर्न सकिन्छ।

हुनत दलहरूको घोषणपत्रहरूले पनि उनीहरूले कस्तो नीति अबलम्वन गर्ने हुन र त्यसले के कस्तो आर्थिक प्रभाव ल्याउन सक्दछ भनेर आँकलन गर्न सकिन्छ। तर, हाम्रो देशको ठूला पार्टीहरूका विगतका घोषणपत्र र तिनहरू सरकारमा हुँदा गरेका काम कारबाहीहरूमा कहि कतै तादाम्यता पाइदैन। आफू सरकारमा हुँदा जे भनेका हुन्छन, त्यो गर्दैनन्। जे नभनेका हुन्छन् त्यै गरेका हुन्छन्। झन्डै २० वर्ष देखि ३ ठूला दलहरू पालैपालो एकल वा संयुक्त रूपमा सरकार सञ्चालन गरिरहेका छन्। त्यस्तो अवस्थामा आशाको सञ्चार हुन सकेको छैन। त्यसैलै ती दलहरूका घोषण पत्रलाई मात्रै आधार मानेर आर्थिक विकासको सम्भावनाको पूर्वानुमान गर्न सकिदैन।

आर्थिक विकासको अर्को महत्वपूर्ण पक्ष हो सुशासन, मितव्ययिता र पारदर्शिता। यिनै विषयलाई लिएर युवा पुस्तमा बढी नैराश्यता रहेको र त्यै नैराश्यताको परिणाम स्वरुप गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन भयो। आउने चुनावपछि बन्ने सरकारले यो नैराश्यतालाई एक हदसम्म चिर्नेछ भनेर आशा गर्न सकिन्छ। आम जनतामा आएको सचेतना, सामाजिक सञ्जाल आदीका कारणले आगामी सरकारले लिने नीतिमा सुशासन, मितव्ययिता र पारदर्शिता एवम् उत्तरदायीत्वका सवालमा केही न केही यसलाई आत्मसात गरेर अगाडि बढ्नेछ भन्ने विश्वास लिन सकिन्छ। त्यसैले यो निर्वाचनले राजनीतिक स्थिरताको साथै आर्थिक प्रगतिमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिन सकिन्छ।

आर्थिक विकासको अर्को अवरोध भनेको आर्थिक रूपले सक्रिय युवा समुदायको विदेश पलायन हो। हाम्रो मुलुकका झण्डै ४०-५० लाख युवा औपचारिक वा अनौपचारिक रूपमा वैदेशिक रोजगारमा रहेका छन्। ती युवाहरूलाई स्वदेशमा नै रोजगार दिन सक्ने वातावरण बन्न सकेमा आगामी निर्वाचन र यसपछि बन्ने सरकारले देशको नीतिगत सुधार गरी सुशासन, पारदर्शिता, मितव्ययिता, उत्तरदायित्व जस्ता विषयहरूलाई आत्मसात गर्न सकेमा देशको आर्थिक विकासमा सकारात्मक टेवा पुग्ने आँकलन गर्न सकिन्छ।

★ ★ ★

# आर्थिक समृद्धि र आर्थिक नीति

वित्त नीति, मौद्रिक नीति, व्यापार तथा बाह्य क्षेत्र व्यवस्थापन र संरचनात्मक सुधारका चारै स्तम्भ दरिला भए मात्र आर्थिक विकास सम्भव हुन्छ । अनि मात्रै आर्थिक वृद्धि, रोजगारी, मूल्य स्थिरता र शोधनान्तर सन्तुलन प्राप्त गर्न सकिन्छ । यी चार स्तम्भले आर्थिक गतिविधिका अन्य उपक्षेत्रहरूलाई अपेक्षित रूपमा चलायमान बनाउँछन् ।



**गोपीनाथ मैनाली**
**पूर्वसचिव एवम् पूर्वमहालेखा नियन्त्रक**

**विषय प्रवेश**

अहिले मुलुकले चरम बेरोजगारी, आकाशिदो मूल्यवृद्धि, न्यून आर्थिक वृद्धि, उच्च व्यापार घाटा, संकुचित माग र वित्तीय संरचनाहरूको कमजोर क्रियाशीलताको समस्या भोगिरहेको छ। मुलुकले चाहेको उच्च, फराकिलो र विस्तृत आधार भएको आर्थिक वृद्धिको अभिष्ट पर-पर धकेलिएको छ। गणतान्त्रिक संविधान जारीपछिको पूर्ण आवधिक योजना पन्ध्रौं पञ्चवर्षीय योजनाले विक्रमको अर्को शताव्दी प्रवेशसम्म मुलुकलाई उच्च आयसहित समृद्ध बनाइसक्ने भनी पच्चिस बर्षे सोच स्थापना गरेको थियो। तर, यसको निराशाप्रद उपलब्धिले हाम्रो योजना प्रणालीमाथि आधारभूत परिवर्तनको माग गरेको छ। सरकारी क्षेत्रको प्रभावकारिता साँघुरिएको छ। निजी क्षेत्र लजाएको छ। वित्तीय क्षेत्रमा कर्जाको माग छैन। ब्याजदर निरन्तर घट्दैछ। बैंकहरूमा निक्षेप थुप्रिएको छ। कर्जा मागको प्रमुख क्षेत्र निजी होइन, सरकारी क्षेत्र भएकाले दोहोरो वित्तीय असर देखिएको छ। उत्पादनका प्रचुर सम्भावना भएका प्राकृतिक स्रोत उपयोग हुन सकेका छैनन्। भएको लगानी उत्पादनशील क्षेत्रमा छैन। योजना प्रणालीले युवाहरूलाई आफ्नो भविष्यप्रति आश्वस्त हुने स्थिति देखाएको छैन।

चालु सोऱ्हौं योजनाले योजना अवधिमा इकोनोमिक डवल टायम प्राप्त गर्ने उच्च महत्वाकांक्षा राखेको छ, जवकि आर्थिक गतिविधि निरन्तर विस्तार गरिरहेको उदीयमान चीनले पनि यो अवस्था सात वर्षमा र विकसित युरोपीयन-अमेरिकी अर्थतन्त्रले दश-बाऱ्ह वर्षमा मात्र प्राप्त गर्दछन्। उच्च आकांक्षा र न्यून उपलब्धि हुँदा सर्वसाधारणमा झनै निराशा र कुण्ठा जाग्छ। जस्तो कि पन्ध्रौ योजनाको नतिजाले देखायो। उच्च महत्व दिइएका नीति कार्यक्रमहरू सामान्य प्राथमिकताभन्दा कम उपलब्धिमा छन्। रूपान्तरणकारी र राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन स्तर निकै सुस्त छ। पहिलो चरणको आर्थिक सुधार कार्याक्रमले दिएका उपलब्धिलाई रक्षा गर्दै अर्को चरणको सुधार कार्यक्रमअघि बढाउन निकै ढिला भएको छ। यस अवस्थामा (क) उत्पादनको प्रमुख नेतृत्वदायी क्षेत्र, (ख) शैक्षिक नीति पुनर्संरचना, (ग) स्थानीय आर्थिक संरचना निर्माण, (घ) सार्वजनिक वित्त र बजेट, (ङ) बहुराष्ट्रिय कम्पनीसँगको सहकार्य, (च) दिगो विकास र (छ) प्रमुख नीतिको कार्यमूलक संयन्त्रको पहिचान गरेर मात्र नेपालले आर्थिक समृद्धि प्राप्त गर्नेगरी अर्थतन्त्र चलायमान बनाउन सक्छ।

**उत्पादनको नेतृत्वदायी क्षेत्र**

नेपालको आर्थिक समृद्धि र रूपान्तरणका लागि प्रमुख नेतृत्वदायी क्षेत्र निर्धारण गर्नु आवश्यक छ। सबै योजना तथा वार्षिक कार्यक्रमले

सीमित साधन स्रोतलाई छरेर झन्डै उपलब्धिविहीन बनाउँदै आएका छन्। धेरैतिर हातहाल्दा कतै तिर पनि पुगिदैन। खास क्षेत्रले समृद्धि दिन्छन् र अरु क्षेत्रले सहयोग गर्छन्। अन्य मुलुकको समृद्धिको यात्रा हेर्दा पनि त्यस्तै देखिन्छ। त्यसैले नेपालको आर्थिक विकास र रूपान्तरणका लागि प्रमुख तीन क्षेत्र (कृषि, ऊर्जा र पर्यटन) नेतृत्वदायी हुनेगरी विसं २१०० सम्मका लागि निर्धारण गरिनु पर्दछ र सार्वजनिक, निजी र समुदाय क्षेत्रको क्षमताका उच्चतम प्राथमिकता यिनैमा दिइनु पर्दछ।

पहिलो नेतृत्वदायी क्षेत्र कृषिले खाद्य सुरक्षा र पोषण दिन्छ, जुन कुनै पनि समाजको लागि पहिलो आवश्यकता हो। नेपालमा खेतीयोग्य जमिनको एक तृतीयांश बाँझो छ, खेतीयोग्य मौसम, ऋतु र जैविक विविधता छ। यो कृषि उत्पादनमार्फत जीवन सुरक्षाको पहिलो आधार हो। कृषिको उत्पादन तथा उत्पादकत्व बढाउन भूउपयोग (उपयोग क्षेत्र निर्धारण, भूमि बैंक तथा लिज फार्मिङ), कृषि प्रसार सेवा, कृषि साधन (सिँचाइ, कर्जा, सञ्चय) बजार, मूल्य समर्थन लगायत कृषि सुशासनको रणनीति अवलम्वन गर्नु जरुरी छ।

कृषिलाई परम्परागत खेतीभन्दा माथि उठाउन सम्भावना पनि छ, जस्तो कि चीन लक्षित गरी भैसी तथा सुँगुर पालन, चीसो पठान क्षेत्रमा केशर, क्याटरपिलर लार्भा (यार्सागुम्वा), तिमाल तथा हेलम्वु क्षेत्रमा बोधीबृक्ष, संखुवासभा विजययुरमा रुद्राक्ष, मध्यपहाडी भागमा बन खेती (छिटो बढ्ने बोट बृक्षलाई खेतीको रूप दिने) र भारत लक्षित गरी पूर्वी र मध्यपहाडी भागमा स्कुस, फर्सी लगायतको तरकारीखेती, फलफूल, र मसला खेती, अरव लक्षित हरियो सागफात उत्पादन गर्नु सकिन्छ। अहिले सञ्चालनमा रहेका प्रधानमन्त्री कृषि आयोजना लगायतका आयोजनालाई यो विद्यमान नाम र ढाँचामा सञ्चालन गर्नु हुन्न। कृषि क्षेत्रलाई समाजमा मर्यादित बनाउन अभिमुखीकरण, यान्त्रीकरण र प्रोत्साहनको जरुरी छ।

उत्पादको दोस्रो नेतृत्वदायी क्षेत्र ऊर्जा हो। करिब ६००० हिमनदीमा वार्षिक २ खर्ब २४ अर्ब ३१ करोड घनमिटर पानी वगेर गइरहेको छ। पहाडी धरातलबाट हिमनदी बहने भएकोले उच्च वहाव प्रवेग (करेन्ट) रहन्छ र तराई नपुगेसम्म बिजुली उत्पादन गर्न सकिन्छ। बिजुली उत्पादनमा पानीको उपभोग्य नास (Consumptive loss) पनि हुँदैन। अनौपचारिक अनुमान अनुसार नेपालमा करिब २ लाख मेगावट जलविद्युतको सम्भावना छ। यो निर्यातयोग्य वस्तु र नेपाल लगायत थोरै मुलुकलाई मात्र प्राप्त प्राकृतिक वरदान हो। ऊर्जा उत्पादनको अर्को क्षेत्र सौर्यखेती हो। नेपालका दिनहरूमा ६.८ घण्टा घमाइलो रहन्छ र करिब १६-२४ सेल्सियस तापमान रहन्छ। जुन सौर्य बिजुली उत्पादनको लागि उपयुक्त मानिन्छ। सरकारको प्राविधिक सहयोग र आर्थिक साझेदारीमा सम्भाव्य आवासहरूमा सौर्यखेतीबाट घरायसी आवश्यकता पूरा गर्ने र त्यसबाट बचत भएको बिजुली नेटमिटरिङमार्फत बिक्री व्यवस्था गर्दा प्रत्येक घर बिजुलीको उत्पादक बन्ने हैसियतमा रहन्छन्। यसले ऊर्जा दक्षता, ऊर्जा मिश्रण र वातावरणीय स्वच्छताको त्रिकोणीय लाभ पाउन सकिन्छ। यी क्षेत्र सफा ऊर्जाका स्रोत त हुँदैहुन्, अर्थतन्त्रको अन्य क्षेत्रलाई चलायमान बनाउने र जलवायु न्याय प्राप्त गर्ने आधार पनि बन्न सक्दछन्। ठूलो परिमाणमा जलविद्युत उत्पादन लगानीका लागि बाह्य विद्युत निर्यात रणनीति लिनु पर्दछ। नेपालको विद्युत बजार सार्क मुलुक र कजाखस्तानसम्म हुनसक्छ।

तेस्रो नेतृत्वदायी क्षेत्र पर्यटन हो। यो सफा छ, अत्यधिक संभावनाको क्षेत्र पनि हो। स्थायी स्रोत पनि हो। पर्यटनका कतिपय विषयमा नेपालाई एकाधिकार पनि छ (जस्तो कि सगरमाथ नेपालको मात्र हो, गौतम बुद्ध नेपालमा जन्मेका थिए, हिमवतखण्डको सांस्कृतिक स्वरूप नेपालमा छ, बोल्ने देवीका रूपमा चिनिएकी कुमारी र गणेश यही मात्र छन्, सीता जन्मस्थल नेपालमै छ आदि)। नेपालीहरूको छवि पनि राम्रो छ। पर्यटन व्यवसायले कम दक्ष-भरिया भान्छेदेखि सम्पन्न उद्यमी विमान सञ्चालक, होटेल सञ्चालकसम्मलाई एकैचोटी आर्थिक कार्यक्रममा Engage हुने अवसर दिन्छ। अन्तर्राष्ट्रिय ट्राभल गाइड बुक लोनली प्लानेट अनुसार नेपाल विश्वका राम्रा गन्तव्यमा आठौ स्थानमा छ। तर पर्यटन भित्र्याउने मुलुकहरूमा नेपालको स्थान १०७ औं हो। पर्यटन सम्भावना दोहन गर्ने पर्यटन पूर्वाधार, क्षमता विस्तार र प्रचार प्रसारको धेरै आवश्यकता पर्दछ। साथै आकर्षण र मनोरञ्जन (Attraction), आवागन व्यवस्थापन (Arrangement), बसोवास व्यवस्थापन (Accommodation), हसिलो प्रस्तुति (Appealing), सकारात्मक व्यवहार (Affirmative) र चिन्ताविहीन बसाइ (Anxionslessness) जस्ता पक्षमा ध्यान दिने रणनीति लिनुपर्दछ। १७८ भन्दा बढी मुलुकमा नेपाली मनमुटु लिएर वसोवास गर्ने नेपाली डायस्पोरालाई नेपालको पर्यटन विकास (समग्र विकासमा पनि) लाई जनस्तरको कुटनीतिज्ञ (सद्भावना दूत) बनाएर सम्भावना दोहन गर्नुपर्छ। पर्यटनलाई शास्त्रीय रूपमा नसोची अतिरिक्त

क्षेत्रहरू उघार्नु पनि आवश्यक छ। जस्तो कि नेपाल एभिएसन स्पोर्ट, साहसिक खेल, योग अभ्यास, कला साधना, लेखन-अध्ययन, चलचित्र छायंकन, वित्तीय सेवा, शिक्षा, स्वास्थ्य उपचार, सभा भेला, विकासको सौन्दर्यकीकरण लगायतका क्षेत्रमा विशिष्ट हुने अवसर यसको भूगोल, अवस्थिति, जनसंस्कृति र विविधताले दिएको छ। पर्यटन सम्भावनाको भरपूर दोहन गर्दा आय वृद्धि, सम्बन्ध सुदृढीकरण र पहिचान विस्तार पनि हुनाले यसले अन्य क्षेत्रको विकासमा आधार दिन्छ।

पर्यटन विकासको एउटा उपाय नेपाललाई बाह्य मुलुकसँग सजिलै जोड्ने हवाइ यातायात विस्तार पनि हो। नेपालमा स्तरीय वा खर्चालु पर्यटक नआउनुमा नेपालसंग युरोप अमेरिकसँग प्रत्यक्ष हवाइ सम्पर्क नुहुन पनि प्रमुख कारण हो। नेपालको विमानस्थलहरूको स्तर सुधार गरी युरोपसम्म सिधा हवाइ सम्पर्क स्थापना गरेर पर्यटनको सम्भावनाको दोहन गर्न सकिन्छ। साथै नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई मध्यस्थ विमानस्थल बनाउने रणनीति नेपाल सरकारले लिनुपर्दछ।

यसर्थ कृषिबाट खाद्य सुरक्षा (Survival and food security), ऊर्जाबाट समृद्धि विस्तार (Prosperity) र पर्यटनबाट समृद्धिको स्थायित्व (Sustainability) प्राप्त गर्ने समृद्धिको त्रिकोणीय रणनीति (AET Triangular Strategy) उपयुक्त देखिन्छ। यसो नुहँदा आउने दशकहरू फेरि हाम्रा गुमेका अवसर हुनेछन्। प्राचुर्य सम्भावनामा अभाव रहँदा आउने पुस्ताले हाम्रो पुस्तालाई के भन्ला ? समयमै सावधान हुनुको विकल्प छैन।

## शिक्षामा पुनर्संरचना

शिक्षा नेतृत्वदायी क्षेत्रलाई दरिलो बनाउने माध्यम हो। नेपाल रूपान्तरणका लागि शिक्षा भुल्नै नसकिने आयाम हो। शिक्षा विग्रिएकैले सबै विग्रिएको हो। हाम्रा पुस्ता अनुपयुक्त शिक्षा प्रणालीका कारण अविकास र पछौटेपन भोग्दै छौं। शिक्षा अन्तरसम्बन्धित विषय हो, एकल (Standalone) होइन। शिक्षा विकासको पूर्वाधारको पनि पूर्वाधार हो। नेपालको शिक्षा लामो समयदेखि पुनर्संरचनाको पर्खाइमा छ, शिक्षाको उद्देश्य, कार्यक्रमिक ढाँचा र डेलिभरी ढाँचामा सुधार होइन, आमूल परिवर्तन आवश्यक छ। शिक्षा विकासलाई संरचनात्मक आधारबाट लिइँदै आइएको छ। शिक्षा समाज (र शासन) को संयोजक नभै विभाजक (Divider) बनेको छ। सम्पन्न र शक्तिशालीका सन्तान (शक्ति र धन जसरी आर्जन गरे पनि) शासक बन्ने, अवसर किन्ने हैसियतमा छन्। र परिश्रम र पसिनामा प्रतिभा विकास गर्नेहरू महँगो शिक्षा लिन नसकी अवसरको सीमान्तीकरणमा छन्। प्लेस प्रिमियम, वर्थप्लेस प्रिमियम पाएर जन्मेकाहरू महँगो शिक्षा लिएकाहरू शासक मात्र बन्दैनन्, देशले लगानी गरेको ठूलो धनराशीको परवाह नगरी यस्ता तयार जनशक्ति (Readymade manpower) अवसरको लागि बाहिरिएका छन्। यसले सम्भावना मात्र बाहिऱ्याएन, लाखौं खर्चिएर तयार भएको जनशक्तिको लाभ अरब, युरोप, अमेरिका, अष्ट्रेलिया पुऱ्याएको छ। वैयक्तिक स्वतन्त्रताका कारण कसैलाई रोक्न सकिदैन। फेरि बाहिर धन कमाए पनि पहिचान कमाउन नसकेकाहरू अवसरका लागि स्वदेशमा आउने, अवसर लिने, भावनात्मक तर्कहरू राख्ने र अवसर नपाउँदाका बखत उतैतिर लाग्ने प्रवृत्तिले यहीको धुलोमैलोमा पसिना वगाएर संघर्ष गर्नेहरू फेरि पाखा पर्ने बाध्यतामा छन्। यो टापटिपे संस्कृति विकास हुनुमा शिक्षा र शासन प्रणाली दोषी छ। यसर्थ शिक्षा प्रणालीमा व्यापक पुनर्वोध गरी व्यक्तिमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन हुने वातावरण बनाउनु अति आवश्यक छ। पुनर्वोधको अभिष्ट शिक्षाले व्यक्तिलाई सीप, समाजलाई संस्कार र राष्ट्रलाई मानव पूजी एवम् देशभक्ति दिन केन्द्रित हुनुपर्छ। धेरै विद्यालय, विश्वविद्यालय होइन, धेरै खर्च न्यून उपलब्धि होइन, थोरै सिकेर जीवनका लागि चाहिने ज्ञान, सीप र स्वभाव दिने शिक्षा नीति अहिलेको आवश्यकता हो। शिक्षाले व्यक्तिलाई थिच्नु हुन्न, सिर्जनात्मक तनाव र स्वायत्त सीपतर्फ पुऱ्याउन सक्नु पर्दछ। शिक्षा न जवर्दस्त विषय हो, न यसले प्रतिभालाई छेक्नु हुन्छ। भुल्नै नहुने विषय के हो भने शिक्षा सामाजिक बस्तु हो, शिक्षाको उज्यालो घामबाट कसैलाई बञ्चित नगर्ने शिक्षा नीति चाहिन्छ। सबैले सहज पहुँचमा स्तरीय शिक्षा पाउने नीति चाहिन्छ, त्यसै अनुसारको पाठ्यक्रम, कक्षा व्यवहार र शिक्षक तयारी चाहिन्छ। त्यसपछि मात्र शिक्षाको बैयक्तिक उद्देश्य, सामाजिक उद्देश्य, राष्ट्रिय उद्देश्य र वौश्विक उद्देश्य हासिल गर्न सकिन्छ। यसो भएपछि विकास संस्कृति र सकारात्मकता विकास हुन्छ। सामाजिक प्रवर्त्तनको आयामिक शक्ति यही हो।

## स्थानीय आर्थिक संरचना निर्माण

पर्याप्त स्थानीय सम्भावना भएर पनि स्थानीय स्तरदेखि, अझ भनौं घरपरिवार तहदेखि आर्थिक गतिविधि चलाउने काम भएको छैन। लघुवित्त र सहकारीहरू स्थानीय आर्थिक संरचनाका बलिया संभावना आधार थिए, दुखको कुरा दुवै क्षेत्र समस्यामा परे। धेरै

सहकारी गैरसहकारी बने, लघुवित्त 'लघु' लघु भएर बस्न चाहेन। घर परिवार तहसम्म फैलिएका संरचनाहरू भण्डै ध्वस्त भए र सामाजिक विश्वास गुमाए। यसले सामाजिक अर्थतन्त्रमा ठूलो क्षति पुऱ्याएको छ। यसमा देखिएको भन्दा नदेखिएको, भावनात्मक क्षति ठूलो छ। घर परिवार, गाउबेसी, स्थानीय स्तरबाट आर्थिक संरचना निर्माण नगरे समृद्धिको सपना धकेलिइ रहन्छ, संघीयता संस्थागत हुँदैन। त्यसैले सहकारीलाई व्यापक पुनर्बोध गर्नेगरी समुदायको स्रोत, संभावना, श्रम त्यही अभ्यास गेरर उपयोगिता सिर्जना गर्ने अभियान चाल्नु पर्दछ। यसका लागि विद्यमान संरचना (नियामक र अभियान) मा भर पर्न सकिदैन, आमूल परिवर्तन नै चाहिने भएको छ। सहकारी शिक्षा, स्वनियमन, सदस्य केन्द्रियता, लगानी तथा कारोबार क्षेत्र निर्धारण, विषयान्तरमा नियमन, नेतृत्व र जवाफदेहिताको संरचना परिवर्तन आवश्यक छ। भुल्नै नहुने कुरा यस्ता संरचनामा लुकेको स्वार्थ (हिडेन एजेण्डा) मा परिचालित हुने अवस्था आउनै दिनुहुन्न। व्यक्तिगत नाफा कमाउनेहरू कम्पनीमा जानुपर्छ, सामुहिक समृद्धिका लागि सहकार्य गर्ने पवित्र भावना भएकाहरू सहकारीमा रहनु पर्दछ। राजनीतिबाट यसलाई अछुतो राख्नैपर्छ। सदस्य व्यवसाय सदस्यकै हुनेगरी शुद्ध राखिनुपर्दछ। आन्तरिक स्वनियमन र बाह्य सघन नियमन, सदस्य विवेचना र निरानी र प्रणालीको पूर्ण पारदशिताका लागि तहगत सरकारको नीति निर्माताहरू एकै विन्दुमा उभिनु पर्दछ। संस्थाहरू खेलाचीमा निर्माण गरेर समाज, अर्थतन्त्र र राष्ट्रलाई अल्मल्याउनेप्रति कठोरता चाहिन्छ। सामुदायिक संस्था र समूहहरू परिचालनमा स्थानीय सरकार सक्रिय हुनुपर्दछ। स्थानीय सरकार अब वित्तीय समानीकरण लगायतका अनुदान र राजस्व हस्तान्तरण प्राप्तिको घेराबाटमाथि उठी स्थानीय अर्थतन्त्र निर्माणमा सक्रिय हुनु पर्दछ। यो स्थानीय सरकार हो, केन्द्रीय सरकारको स्थानीय शाखा होइन।

**सरकारी वित्त व्यवस्थापन**

विश्वमा बजेट प्रणाली विकास भएको २१८ वर्षपछि मात्र नेपालले बजेट सार्वजनिक गर्न थाले पनि अहिलेसम्म मुलुकले ७५ आर्थिक वर्षका बजेट सार्वजनिक गरिसकेको छ। यो अवधि कुनै मुलुकको इतिहासका लागि छोटो होइन। तर सरकारी बजेट कहिले पनि वास्तविक भएन। लेखाङ्कीय ढाँचाबाट मात्र बजेट तर्जुमा हुने शास्त्रीय परिपाटीलाई परिमार्जन गरी अर्थतन्त्रलाई गतिशील बनाउनेगरी बजेट तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ। बजेटको महत्वपूर्ण भाग सरकारी वित्त अवास्तविक भएको कुरा केही बर्षको बजेट अध्ययनबाट स्पष्ट हुन्छ। त्यस्तै बजेटमार्फत जारी हुने आर्थिक नीति अर्थतन्त्र चलायमान बनाउन निजी तथा संस्थागत क्षेत्रको लगानी उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित हुने व्यवस्था गर्नु पर्दछ। आवधिक योजनाले करिब सत्तरी प्रतिशत सार्वजनिक क्षेत्रभन्दा बाहिर (निजी ६७.५ तथा सहकारी २.५ प्र) बाट लगानी हुने प्रक्षेपण छ। तर बजेटका नीति कार्यक्रमले तिनलाई संवोधन गर्ने गरेका छैनन्। न समीक्षा तथा सहजीकरणमा यी क्षेत्र कार्यसूचीमा पर्दैनन्। राष्ट्रिय विकास समस्या समाधानको बैठकमा यी क्षेत्रको समस्या वा नियमनको विषयले प्रवेश पाउने गरेको छैन। त्यहाँ केवल सरकारी खर्चको मात्र चर्चा हुन्छ। यसर्थ बजेट मार्फत घोषणा गरिने नीतिको समीक्षा र कार्यान्वयन सजहीकरण गर्ने नियमित व्यवस्था चाहिन्छ।

बजेटको निर्माण प्रक्रियामा आमूल परिवर्तन आवश्यक देखिन्छ। पहिलो परिवर्तन राजस्व परिचालनको लक्ष्य र व्यावसायिक सदाचारितपूर्ण राजस्व प्रशासनमा आवश्यक छ। दोस्रो परिवर्तन वैदेशिक सहायता परिचलनमा आवश्यक देखिएको छ। विगत वर्षहरूको बजेट विश्लेषण गर्दा अनुदान क्रमशः घट्दै आएको छ। आयोजना निर्माण, तथ्यांकीय आधार स्थापना सहित अनुदानको नयाँ स्रोतहरू पहिचान गरी परिचालन गर्नु जरुरी छ। राम्रो तयारी र संवाद क्षमता भएमा Climate Dedicated Fund (GCF, CIF, GEF LDC Fund, Adaptation Fund, Voluntary Mechanism) लगायत पेरिस जलवायु वित्त संयन्त्र र हालै कोप २९ मा प्रतिबद्धता जनाइएको हानी नोक्सानी (Loss & Damage) को संयन्त्रबाट अनुदान र प्रविधि लिन सकिन्छ। न्यून पूर्ति गर्न परिचालन हुँदै आएको ऋणमा बाह्य तर्फको ऋणलाई विगत तीन बर्षदेखि आन्तरिक ऋणले उछिन्दै आएको छ। गत आर्थिक बर्षकै कुरा गर्दा पनि रु ५४७ अर्वको खुद घाटापूर्तिमा आन्तरिक तर्फ रु ३३० अर्ब र बाह्य तर्फ रु २४७ अर्ब अनुमान गरिएको थियो। चालु आव २०८२/८३ को बजेट रु १९६४ अर्बमा रु ५९५ खुद न्यून छ, जसको रु ३६२ अर्व आन्तरिक ऋणबाट र बाँकी रु २३३ अर्ब बाह्य ऋणबाट व्यहोरिने प्रस्ताव छ। यसले पनि बजेट संरचना र प्रक्रियालाई आर्थिक नीतिको लक्ष्य अनुरूप बदल्न पर्ने आवश्यकता देखाएको छ। नकारात्मक बचत परिचालनको समस्या पनि घटाउन सकिएको छैन। महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले लेखा परप्क्षण अवधिमा रु २२८ अर्ब नकारात्मक बचत देखाएको छ। बजेट अन्तर्गतका कार्यक्रम/परियोजना

अकोषित हुने व्यवस्था गरिनुहुन्न। प्रायगरी रूपान्तरणकारी, राष्ट्रिय गौरवका जस्ता रणनीतिक महत्वका आयोजना अकोषित/अर्द्धकोषित हुँदै आएका छन्। स्रोत निश्चित नभएसम्म आयोजनामा हात हाल्ने प्रवृत्ति रोक्न संसदीय निगरानी चाहिन्छ। बजेट समष्टिगत अनुशासनमा रहनुपर्दछ। अनिमात्र त्यो वैध नीति संयन्त्र बन्दछ। सरकारी वित्त संरचना परिवर्तन गर्न कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, ग्रामीण दूरसञ्चार कोष लगायतका कोषमा रहेका निस्क्रिय बचतलाई विशेष प्रत्याभूति योजनासहित कार्यान्वयनमा लैजान सकिन्छ। तर आर्थिक नीति तर्जुमा र वित्तीय कार्यक्रम घोषणा गर्दा निस्क्रिय कोषलाई उत्पादनशील बनाउने तर्फ विश्वासिला कार्यक्रम तर्जुमा नै हुन सकेनन्। परिणामतः बजेट घाटामा रहेन, सरकारी कोष ऋणात्मक बचतमा रहने र गैरबैंकिङ कोषमा रकम निस्क्रिय रहने तेहोरो समस्या देखिएको छ।

बजेट सुधारको अर्को क्षेत्र विनियोजन न्यायका लागि विनियोजन मापदण्ड निर्धारण हो। बजेटमार्फत लगानी हुने सरकारी साधनले भूगोल, प्रदेश, विषय क्षेत्र, वर्ग, जनसंख्या र स्थानका लागि न्याय गर्नु पर्दछ। राज्य आफै समन्यायिक संयन्त्र हो भने बजेट त्यसको माध्यम। सुगम र नीति प्रभावी स्थान/क्षेत्रमा अत्यधिक लगानी हुने र दूरदराज र आवाज सिंहदरबारसम्म त्यति नआइपुग्ने क्षेत्रमा अति न्यून विनियोजन हुने, विनियोजन भएको रकम पनि आर्थिक वर्षको अन्तिम चौमासिकतिर रकमान्तर हुने वा खर्च नगर्ने प्रवृत्तिले विनियोजन न्याय गर्दैन। नेपालको बजेट कार्यकारी बजेट भएकोले बजेटको अन्तर वस्तुलाई संसदले यताउता गर्न सक्दैन। विनियोजन न्याय कायम नहुँदा इलाम र बाजुरा, दार्चुला र रूपन्देही, गोरखा र चितवन विकास सम्बन्धमा टाढिएका छन्। यसर्थ अति महत्वका रणनीतिक महत्वका आयोजनालाई बाहेक (त्यहाँ पनि औचित्य पुष्टि गरेर) अन्य आयोजनाका लागि मानव विकास सूचकांक, जनसंख्या, भौगोलिक क्षेत्रफल, सेवा प्रवाह (श्रम, निर्माण बस्तु) को लागत र सम्बन्धित आयोजनको घनत्व प्रत्येकलाई २०, २० अङ्कभार दिइए कम्पोजिट भ्यालु निकाली त्यसको आधारमा साधन विनियोजन गर्ने प्रक्रिया व्यवस्थित गर्दा स्रोतमाथि हुने अस्वस्थ्य प्रतिस्पर्धा अन्त हुन्छ र रोटी सानै भएपनि त्यसोको भागबण्डामा सबैको चित्त बुझ्छ।

बजेट सुधारको अर्को क्षेत्र स्रोत समितिमा छ। बजेटलाई वास्तविक र न्यायपूर्ण बनाउन नीति योजनाको प्राविधिक नेतृत्व गर्ने राष्ट्रिय योजना आयोग अध्यक्ष, खर्च व्यवस्थापनमा रहने महालेखा नियन्त्रक, स्रोत परिचालन गर्ने अर्थ सचिव र सरकारी निक्षेप अनि भुक्तानी स्वीकार्ने नेपाल राष्ट्र बैंकका गर्भनर भएको स्रोत समितिको प्राविधिक समितिको व्यवस्था गरिएको हो। तर यो समिति बजेट आकार निर्धारणलाई वास्तविक बनाउने क्षमताबाट सधैँ बाहिरिने गरेको छ भने विषयगत निकायलाई सीमा विभाजन गर्दा सम्बन्धित निकायसंग परामर्श लिने गर्दैन र तजविजी आधारमा सीमा वितरण गर्दछ। जसले गर्दा बजेट सीमा जहिले पनि अवास्तविक हुन्छ, निकायले अपनत्वमा लिने गर्दैनन्। परिणामतः बजेट कार्यान्वयन (पँजीगत खर्च) प्रभावकारी हुँदैन। बजेट प्रक्रिया सुधार गर्न २०७२ बाट एलएमविआइएसमा क्रियाकलाप प्रविष्टी गर्ने प्रचलन छ। यसको डिजाइन र नियन्त्रण योजना आयोगमा हुने आशय थियो। तर यो अर्थ मन्त्रालयमा राखिदा यसलाई अर्थमन्त्रालयले अन्य मन्त्रालयलाई नियन्त्रण गर्ने हतियार सम्झिएको छ भने यसैका कारण विषयगत मन्त्रालय/निकायहरू अर्थ मन्त्रालयबाट डिमोरलाइज्ड भएको महसुस गर्दछन्। एलयमविआइएसलाई नियन्त्रणभन्दा पनि सहजकारी संयन्त्र बनाइ लेखा उत्तरदायी अधिकृतलाई नतिजामा जिम्मेवार बनाउने प्रणाली बसाउनु पर्दछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनले गरेका व्यवस्था क्रियाशील गर्नु पर्दछ।

सरकारले वित्तीय नीतिमार्फत विपन्न क्षेत्र कर्जा, लघुवित्त, गरिबसँग विश्वेश्वर, युवा स्वरोजगार कार्यक्रम जस्ता वित्तीय सहयोग उपकरण उभ्यासमा ल्याएको छ। तर यी उपकरणहरू उद्देश्य अनुरूप कि लक्षित वर्गमा पुगेनन् कि त विपन्नलाई वित्तीय उपेक्षा गर्‍यो। वित्तीय अतिक्रमण गर्‍यो। वित्तीय उपकरणलाई प्राविधिक रूपमा नहेरी राजनीतिक रूपमा हेर्ने परिपाटी अन्त गर्नु आवश्यक छ।

**बहुराष्ट्रिय संस्थासँग सहकार्य**

नेपालमा उच्च व्यापार घाटा छ। दैनिक उपभोग्य र खाद्य बस्तुदेखि विलाशी वस्तु समेतको आयातले अन्य अर्थतन्त्रसँग नेपालको अन्तरसम्बन्ध (टर्म्स अफ ट्रेड) अनुकूल छैन। दैनिक रु ३.९६अर्ब ब्यापार घाटा छ। १७० मुलुकसँग व्यापार हुँदा १३४ सँग घाटा छ। ठूला व्यापारिक साझेदारसँग ठूलो घाटा छ। प्रमुख व्यापार साझेदार भार तसँग रु ९ खर्व जति घाटा छ। वस्तु तथा देश विविधकरण भएको छैन। आयातमा उच्च मूल्यका प्रशोधित वस्तु र निर्यातमा कम मूल्यका र अर्द्ध प्रशोधित वस्तुहरूको बोलबोला छ। व्यापार लागत निकै उच्च छ। भारतमार्फत व्यापार गर्दा उत्पादनको ९५ प्रतिशत जति र चीन मार्फत व्यापार गर्दा २११ प्रतिशत जति ढुवानी लागत लाग्ने गर्दछ। इकोनोमी अफ स्केलका

कारण नेपाली उत्पादनहरू प्रतिस्पर्धात्मक क्षमतामा कम देखिएका छन्। यस अवस्थामा कर्पोरेट गरिल्लाका रूपमा कुदिरहेका व्यापारिक जाइन्टहरूसंग सहकार्य गरी नेपली उद्यमी/व्यवसायीले सहकार्य गर्दा नेपालका उत्पादनले सजिलै विश्व बजार पाउने र अन्यत्रका स्तरी एवं किफायती बस्तुले नपालमा एकै माध्यम र स्थलबाट व्यापार गर्ने थिए। यसले व्यापार व्यवसायको आवद्धता र प्रविधि पुँजी प्रवाहलाई पनि सहज पार्ने थियो। जस्तो कि भाटभटेनी र वालमार्टबीच सहकार्य हुनसक्छ, तेल आपूर्तिकर्ता र बृटिश सेलबीच सहकार्य हुनसक्छ। यो प्रक्रियाले गति लिएपछि समय समयमा छिमेकीहरूसँग रहने राजनैतिक कारणको व्यापारिक व्यवधान पनि घट्ने थियो। किनकी यस्ता बहुराष्ट्रिय कम्पनीले ती छिमेकी र हामीकहाँ समान सहकार्य गर्दछन्।

## दिगो विकास लक्ष्य

सन २०३० सम्म विश्वलाई गरिबमुक्त, सुशासित, सुशिक्षित, सुसांस्कृत र वातावरणीय रूपमा सन्तलित बनाउने गरी स्थापित गरिएको दिगो विकास लक्ष्य विकासको पन्ध्रवर्षे अन्तर्राष्ट्रिय मार्गचित्र हो, जहाँ हामीले पनि सबै मलुकहरूले प्रतिबद्धता जनाका १७ लक्ष्य, १६९ सहायक लक्ष्य पूरा गर्न २३७ मापनयोग्य र एकदम अघि बढी हामीले २५७ सूचकहरू थप गरी ५९४ सूचक हासिल गर्ने कार्ययोजना बनाएका छौ।

दिगो विकास लक्ष्य कार्यान्वयनको दुईतिहाइ समय वितिसकेको तर उपलब्धि लक्ष्यभन्दा निकै टाढा रहेकोले कार्यान्वयन रणनीति परिमार्जन गर्नु आवश्यक देखिएको छ। जस्तो कि गरिबीका स्वरूपहरू वदलिएका छन्, नयाँ स्वरूपको गरिबी देखिएको छ (लक्ष्य १)। खाद्य जोखिम बढेर गएको छ (लक्ष्य २)। पटक पटकका विपद र महामारीले राष्ट्रिय स्वास्थ्य प्रणाली निर्माणको माग भएको छ (लक्ष्य ३), शिक्षा झनै संकार र सीपविहीन भएको छ (लक्ष्य ४), महिला हिंसा घट्न सकेको छैन (लक्ष्य ५), आर्थिक वृद्धि (लक्ष्य ८) निकै सुस्त छ, असमानता खासै न्यूनीकरण भएको छैन (लक्ष्य नं १०), वायुमण्डलमा तापमान बढेको छ (लक्ष्य नं १३), सुशासन (लक्ष्य १६) को स्तर कमजोर देखियो। सवैभन्दा महत्वपूर्ण कुरा लक्ष्य कार्यान्वयनको क्षमता, बाहय साझेदारी र सहकार्य (लक्ष्य १७) को स्थिति नाजुक छ। आफैले प्रतिवद्धता जनाएका कुरामा विकास साझेदार इमानदार देखिएका छैनन्।

दिगो विकास लक्ष्य पूरा गरी समृद्धिको यात्रामा अगि बढ्न राष्ट्रिय तहमा केही काम विशेष सक्रियताका साथ गर्नु आवश्यक छ।

(क) **सार्वजनिक स्वास्थ्य प्रणालीको सदृढीकरण** : नेपालको सार्वजनिकस्वास्थ्य प्रणाली (Public health system) एकदमै कमजोर रहेको कुरा कोभिड महाविपदका समयमा देखियो। यसर्थ स्वास्थ्य उपचार प्रणालीको सुदृढीकरण, सरचना तथा जनशक्ति विस्तारका साथै कठोर निगरानी पद्धति बसाउनु आवश्यक छ। साथै अर्कोतर्फ जनस्वस्वास्थ्य प्रतिचेतना र पूर्वसावधानका कार्य जस्तो कि खाद्य तथा पोषण नियमन, पशु स्वास्थ्य प्रणालीमा सुधार, जीवन शैली सुधार (Curing lifestyle related and chronic diseases), दीर्घादि विषादि र रासायनिक बस्तुको नियमन (Pesticides and chemical control), मानसिक स्वास्थ्य अभिमुखीकरण (Mental health and suicide risk control), अप्राकृतिक विउ नियन्त्रण (GMO legislation), हावा, पानी तथा पर्यावरण सधारमा आक्रामक कार्य जररी छ।

(ख) **गरिबी निवारण** : सबै स्वरूप र स्थानको गरिबी अन्त्यको काम निकै चुनौतीपूर्ण रहेकोले संघीय सरकारले गरिबी पहिचान (आधारः आय वा Inclusion, Exclusion वा अन्य तरिका), गरिबीको कारण पहिचान, गरिबी निवारणका उपाय निर्धारण, तहगत सरकार र अन्य क्षेत्रको भूमिका निर्धारण, सेवा र गरिबीको आवद्धीकरण, विकास नीति कार्यक्रम निमानवीकरण हुनबाट रोक्ने काम र भरपर्दो गरिबी सूचना प्रणाली स्थपना गर्नु पर्दछ। साथै निजी तथा सामदायिक क्षेत्र, अन्तराष्ट्रिय पात्रहरूबीच प्रतिवद्धतामा परिचालित हुनुपर्दछ।

(ग) **सामाजिक समावेशिता र जनसंख्या व्यवस्थापन** : सामाजिक र सहभाव र विविधता (Social cohesion and respect for diversity), जनसंख्या व्यवस्थापन, सीमान्तीकरण र किनाराका वर्ग लक्षित सशक्तीकरण कार्यक्रम, रोजगारी र सामाजिक सुरक्षा, विश्वव्यापीकरणका नकारात्मक असर न्यूनीकरण र सामाजिक सेवा सुधारका कार्यहरू उच्च सक्रियतामा सञ्चालनमा ल्याउनु पर्दछ।

(घ) **नीति सहभावीकरण (Policy harmonization)** : यस अन्तर्गत SDGs अनुरूपका नीति तर्जुमा, नीति कार्यक्रम निर्माणमा सरोकोरवालाको सहभागिता, नीति समन्वय र नीति समीक्षाको आवधिक विधिमा सार्वजनिक निकायहरू कठोर सक्रियतामा रहनु पर्दछ।

(ङ) **क्षमता विकास**: दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि तहगत सरकारको क्षमता विकास, कार्यसम्पादन व्यवस्थापन, तालीम तथा विकास, सम्वाद क्षमता र आयोजना व्यवस्थापनका कार्यहरू योजनावद्ध रूपमा गरिनु पर्दछ।

(**च**) **कार्यान्वयनको द्रूतखाका अभ्यास** : दिगो विकास लक्ष्य सबै उत्तिकै महत्वका छैनन्। अति महत्वपूर्ण तर कार्यान्वयनमा निकै विषयान्तर (Out of track) भएका लक्ष्य पहिचान गरेर ती लक्ष्यहरू समयमा नै प्राप्त गर्ने द्रूत कार्याखाका (SDG Acceleration Framework) तर्जुमा र कार्यान्वन गर्नु आवश्यक छ। ती लक्ष्य पूरा भएमा अरु पनि पूरा हुने संभावना रहन्छ। क्कँ ले यी चार लक्ष्यलाई संवोधन गर्नु उचित हुन्छ :

- लक्ष्य १ (सबै स्वरूपको गरिबी अन्त्य)
- लक्ष्य २ (खाद्य तथा पोषण सुरक्षा)
- लक्ष्य ८ (आर्थिक वृद्धि र मर्यादित रोजगारी)
- लक्ष्य १६ (संस्थाको सवलीकरण र सुशासन)

## आर्थिक नीतिको कार्यमूलक संयन्त्र

कुनैपनि मुलुकले लिने आर्थिक नीति त्यहाँको शासन व्यवस्थासंग सापेक्ष रहन्छ। तर यसको कार्यान्वयन भने राजनीतिको सोच र सामर्थ्यका साथै प्रशासनिक व्यावसायिकताको स्तरमा निर्भर गर्दछ। नेपाल यसको अपवाद होइन। नेपालमा आर्थिक नीति तथा कार्यक्रमहरूले घोषणाका समयमा उत्साह पाउने र कार्यान्वयनका समयमा शिथिल हुँदैजाने प्रवृत्तिमा छन। साथै नीति व्यवस्थपनमा निजी क्षेत्र, सरकार र प्रशासनको लय मिलेको छैन।

आर्थिक नीतिका चार स्तम्भ रहन्छन्, वित्त नीति, मौदिक नीति, व्यापार तथा बाह्य क्षेत्र व्यवस्थापन र संरचनात्मक सुधार। यी चारै स्तम्भ दह्िला भएमात्र आर्थिक विकास सम्भव हुन्छ वा आर्थिक वृद्धि, रोजगारी, मूल्य स्थीरता र शोधनान्तर सन्तुलन प्राप्त गर्न सकिन्छ। यी चार स्तम्भले आर्थिक गतिविधिका अन्य उपक्षेत्रहरूलाई अपेक्षित रूपमा चलायमान बनाउँछन्। नेपालमा यी चार स्तम्भ कमजोर त छँदैछन्, एकआपसमा समन्वित पनि छैनन्। यी नीति स्तम्भहरूको सहसम्बन्ध सवलीकरणका लागि अर्थमन्त्री, राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल राष्ट्र बैंकको गभर्नर क्रियाशील सम्बन्ध स्थापना हुनुपर्दछ। यी पदाधिकारी नै आर्थिक नीतिका प्रमुख शिल्पी हुन्। यिनीहरूको इमान्दारितपूर्ण सक्रियातामा देशको अर्थतन्त्रले गति पाउने हो। यी तीन पदाधिकारीले निरन्तर सूचना संग्रहण, अर्थतन्त्रको संकेत लिने, एक नीतिको अर्कोमा पर्ने साइड इफेक्ट विश्लेषण गर्ने र आवश्यक हस्तक्षेप/सहजीकरण गर्नु पर्दछ। यो टेक्नोपोलिटीकल संयन्त्रको जागरुक सचेततामा अर्थतन्त्र चलायमान हुन्छ, जसको अहिलेसम्म अभाव छ।

## सन्दर्भ सामग्री


१. मैनाली, गोपीनाथ, नेपाल रूपान्तरणका आयाम, लोकतान्तर दैनिक , मंसिर २४, २०७६

२. ऐ, ऐ, अल्मलिएको आर्थिक एजेण्डा, हिमाल खवर दैनिक, माघ २०, २०७९

३. महालेखा परीक्षकको ६२ औ प्रतिवेदन, २०८२, महालेखा परीक्षकको कार्यालय

४. आर्थिक वर्ष २०८२/८३ को बजेट, अर्थ मन्त्रालय

५. लेखकबाट उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगमा प्रस्तुत सुझावहरू।


★ ★ ★

# कृषि प्रणाली र व्यवस्थापनमा नेपाल असफल

**वित्त नीति, मौद्रिक नीति, व्यापार तथा बाह्य क्षेत्र व्यवस्थापन र संरचनात्मक सुधारका चारै स्तम्भ दरिला भए मात्र आर्थिक विकास सम्भव हुन्छ । अनि मात्रै आर्थिक वृद्धि, रोजगारी, मूल्य स्थिरता र शोधनान्तर सन्तुलन प्राप्त गर्न सकिन्छ । यी चार स्तम्भले आर्थिक गतिविधिका अन्य उपक्षेत्रहरूलाई अपेक्षित रूपमा चलायमान बनाउँछन् ।**




**रामकृष्ण पोखरेल**
**पूर्वकार्यकारी निर्देशक**
**नागरिक लगानी कोष**


नेपालमा २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले नेपालको बृहत्तर विकासको सम्भावनाको ढोका खोलेको छ। जेनजी आन्दोलनले उठान गरेको पारदर्शीत, इमानदारिता र जनजीवनको सहभागितामा राज्य सत्तामा, राजनीतिको शुद्धीकरणमा, हरेक वर्ग र समुदायको सक्रिय सहभागितामा ढोका खोल्ने चेष्टा गरेको छ।

नेपालको वर्तमान क्षेत्रफल १ लाख ४७ हजार ५१६ स्क्वायर किलोमिटरको गोरखा राज्यको २ हजार ५०० स्क्वायर किलोमिटरबाट विस्तार हुँदै यो अवस्थामा आइपुगेको हो। राजा पृथ्वीनारायण शाहले सन १७६८ देखि गोरखा राज्य विस्तार गर्दा प्रथम चरणमा नुवाकोट र काठमाडौँ उपत्यकाका तीन वटा मल्ल राजाहरूका राज्य एकीकरण गर्दै पश्चिम तिरका बाइसे चौवेसे, सेन राज्य मकवानपुरलाई एकीकरण गर्दै अगाडि बढ्दै गई पूर्वी क्षेत्रका लिम्बुवान राज्यहरूको एकीरणको काम राजा पृथ्वीनारायण शाहको मृत्यु पश्चात् पनि उनका उत्तराधिकारहरूले सन १७९० सम्म निरन्तरता दिए।

नेपाल एकीकरण हुनु अगाडि स-साना बाइसे, चौबीसे, काठमाडौँ उपत्यकाका मल्लहरू, नुवाकोट, मकवानपुर पाल्पाका सेन राज्य र पूर्वीय क्षेत्रका लिम्बुवान राज्यहरू एकिरण हुँदै गर्दा नेपाल अहिलेको वर्तमान स्वरूपमा आइपुगेको हो।

जेनजी आन्दोलनले नेपालको आर्थिक सामाजिक र राजनीतिक रूपान्तरण गर्ने लक्ष साथ अगाडि बढ्दै गर्दा यो पंक्तिकारले नेपालको आर्थिक रूपान्तरणका लागि कृषि क्षेत्रलाई लक्षित गरी नेपालको वर्तमान अवस्था चिरफार गर्ने प्रयास गरेको छ।

पृथ्वीनारायण शाहले राज्य गरेको गोरखाको भौतिक क्षेत्र करिब २ हजार ५०० स्क्वायर किलोमिटर हुँदा जम्माजम्मी २ लाख ५० हजार हेक्टर थियो। गोरखा राज्यको भौगोलिक विकटतालाई सूक्ष्म रूपले मनन गर्दा राज्य आर्थिक रुपमा धेरै नै कमजोर रहेको अनुमान गरिन्छ। निर्वाहमूखी कृषि प्रणालीमा राज्यलाई दिनुपर्ने कर नगन्य नै थियो। यश अर्थमा पृथ्वीनारायण शाहलाई गोरखा राज्यको विस्तार अपरिहार्य नै थियो। पृथ्वीनारायण शाहको रणनीतिक कुशलता र लडाकु सैनिक जत्थाबाट एकीकरणको अभियानले उहाँलाई शाशन चलाउन सजिलो भएको बुझिन्छ। पृथ्वीनारायण शाहले एकीकरण गर्ने अभियानमा लागेका आफ्ना भारदार, सिपाही र गुप्तचरहरूको कार्य कुशलताबाट उहाँ सफल भएका थिएभन्दा अतिसोक्ती न होला।

नेपालको वर्तमान १ लाख ४७ हजार ५१६ वर्ग किलोमिटरको क्षेत्रफललाई विभक्त गर्दा झण्डै ४१ हजार ३०० वर्ग किलोमिटर कृषि क्षेत्रले ढाकेको छ। यश अर्थमा ४१ लाख ३० हजार हेक्टर कृषि भूमि रहेको अनुमान गरिएको छ। यही क्षेत्रफलमध्ये अन्न बालीले करिब ६० प्रतिशत जग्गा ओगटेको देखिन्छ। त्यसमा धान बालीले १४ लाख हेक्टरमा ओगटेको छ भने मकैले ९ लाख ५० हेक्टर ओगटेको छ।

सन् ७० को दशकमा नेपालको उत्पादित धान बिक्रीका लागि अञ्चलस्तरीय धान चामल व्यापार कम्पनीहरू नै स्थापना गरिएको थियो। यश अर्थमा नेपालमा खपत हुने धान चामल बाहेकका जगेडा धान भारत

र बंगलादेशमा निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्ने बाटो बनेको थियो। वर्तमानमा नेपालको अन्न बाली उत्पादन खस्कँदै गर्दा नेपालले बर्सेनि ४ लाख ७७ हजार मेट्रिक टन विदेशबाट आयात गर्दछ। आयातित धान चामलको मूल्य झण्डै २१ अर्ब रुपैयाँको छ। यसरी नेपालले ३ लाख ५० हजार मेट्रिक टन मकै आयात गर्दछ। आयातित मकैको मूल्य नेपाली रुपैयाँ १४ अर्ब रहेको छ। नेपालले हुँदा न खाँदाको झण्डै नेपाली रुपैयाँ २९ अर्बको ९ लाख टन गहुँ आयात गर्ने गर्दछ।

नेपाल कुनै बेला अन्नको भकारी भएको देशको रूपमा परिचित थियो। अहिले मुलुक बर्सेनि ६४ अर्ब रुपैयाँको खाद्यान्न बाली आयात गर्ने अवस्थामा पुगिसेको छ। यश अर्थमा नेपालको कृषि प्रणाली र व्यवस्थापन असफल नै रहेको छ। नेपालमा वर्तमानमा झण्डै १६ हजार कृषि स्नातक र स्नातकोत्तर अध्ययन गरेको जनशक्ति छन् भने ३३ हजारभन्दा बढी कृषि प्राविधिक रहेका छन्। यी कृषि स्नातक र कृषि प्राविधिकहरू न्यून संख्यामा निजी क्षेत्रमा आबद्ध छन्। यश अर्थमा अपार संख्यामा रहेका कृषि विज्ञहरू उपयोगविहीन छन् । कृषि विज्ञहरूलाई अधिकाधिक उपयोगी बनाउन निजी क्षेत्रमा लाग्न रणनीतिक योजना बनाई कृषि उद्यम, कृषि व्यवसायमा आकर्षण गर्न कृषि उद्यमका लागि निजी क्षेत्रमा अनुसन्धान, अविष्कारक, तालिमको योजनाहरूमा सरकारले लगानी गर्न सक्ने नीति बनाउन सक्नुपर्छ।

नेपालमा धानको उत्पादन ३.८० मेट्रिक टन प्रतिहेक्टरबाट वैश्विक स्तरको ४.८० मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउन सक्नुपर्छ। यसरी नै मकै २.८० मेट्रिक टनबाट ५.९ मेट्रिक टन वैश्विकस्तरको उत्पादनमा पुऱ्याउन सक्नुपर्छ। गहुँ ३.०० मेट्रिक टनबाट ३.६ मेट्रिक टनमा पुऱ्याउने पाँच र दस वर्षीय योजना जेनजी आन्दोलनपछि बन्ने सरकारले ल्याउन सकेमा मात्र नेपाल खाद्यान्नमा आत्मनिर्भर हुनेछ।

नेपाललाई कृषि उत्पादन निर्यात गर्ने वस्तुको रूपमा अगाडि बढाउन तीन थरीका कृषि उत्पादकहरूलाई चीन, भारत र बंगलादेशलाई लक्षित गरी कृषिका उन्नत बीउ, प्रविधि, व्यवस्थापन र बजारको अध्ययन गरी निजी क्षेत्र, सरकारी निकाय र सार्वजनिक साझेदारीको मोडलमा प्रवेश गर्न जरुरी छ। चीनमा भटमास, बंगुरको मासु र राँगाको मासु निर्यात गर्न सकिन्छ। त्यसरी नै भारतमा सुन्तला, जुनार र कागतीको निर्यात व्यापार ठुलो छ।

चीले राँगाको मासु ब्राजिल, अफ्रिकी देश नामिविया र बोत्सवाना लगायतका देशहरूबाट झन्डै ७-८ अर्ब डलरको करिब २८ लाख मेट्रिक टन मासु आयात गर्ने गर्दछ। यसरी नै चीनले १५-१८ लाख मेट्रिक टन बंगुरको मासु, ब्राजिल, स्पेन, अमेरिकी आदि देशहरूबाट आयात गर्दा बर्सेनि ४ अर्ब ८० करोड डलर आफ्नो ढुकुटीबाट वैदेशिक मुद्रा खर्च गरेर आमजनताको माग पूरा गर्दै गर्दा राँगालाई पनि चिनले प्राथमिकतामा राखेको छ।

चीनमा भटमास पनि खाद्य वस्तुको रूपमा रहेको छ। झण्डै १०० अर्ब मेट्रिक टन चीनले विदेशबाट भटमास आयात गर्दछ। ६५ अर्ब डलरभन्दा बढी वैदेशिक मुद्रा बर्सेनि आफ्नो ढुकुटीबाट खर्च गरी चिनियाँ जनताको माग पूरा गर्दछ। यस्ता भटमास घरपालुवा जनावर र आम जनताले खाद्य तेल, मल र जीवजन्तुको आवश्यकता पूरा गर्न दक्षिणी अमेरिकी देश, ब्रजिल, अर्जेन्टिना, उरुग्वे, अमेरिका आदि देशहरूबाट आपूर्ति गर्ने गर्दछ।

नेपालमा बंगुर पालन र राँगो पाल्ने परम्परागत व्यवसायको रुपमा लिने गरिन्छ। चीनले १० हजार माइल टाढाबाट यी सामग्रीहरू आयात गर्ने गर्दछ। नेपालबाट केही सय किलोमिटरमा चीनको सिमानामा प्रवेश गर्न सकिन्छ। नेपालले परम्परागत रूपमा कृषि व्यवसायमा आधारित उन्नत भटमास, उन्नत जातका बंगुर पालन र उन्नत जातका राँगा र भैँसी पालन गर्न/गराउन सके चीनको अपार मागलाई नेपालले पनि टेवा दिन सक्छ।

कृषिबाट नेपालमा रोजगारी सिर्जना गरी कृषिको रूपान्तरणबाट लाखौँ युवायुवतीलाई रोजगार दिन मुलुक सक्षम हुने विश्वास गर्न सकिन्छ। चीनले अमेरिका ब्राजिल आदि देशहरूबाट १० करोड मेट्रिक टन भटमास बर्सेनि आयात गर्दछ। यसको वर्तमान बजार मूल्य ५५-६५ अर्ब डलर हुन्छ। यसरी नै चीनले बंगुरको मासु १८ लाख मेट्रिक टन आयात गर्ने गर्दछ। यसको बजार मूल्य झण्डै ४ अर्ब ८० करोड डलर पर्दछ। नेपालले मात्रै राँगोको मासुको खाने होइन, चीनमा पनि राँगोको मासु प्रयोग गर्ने प्रचलन छ। चीनले राँगोको मासु बोत्सवाना, नामीबिया, ब्राजिल जस्तो देशबाट करिब २२ लाख मेट्रिक टन बर्सेनि आयात गरी ७-९ अर्ब डलर विदेशी मुद्रा खर्च गर्ने गरेको छ।

नेपालले आफ्नै छिमेकमा रहेको अपार बजारको सम्भावना रहेको भटमास, बंगुरको मासु र राँगोको मासु निर्यात गर्न सकेमा अर्बौं डलर बर्सेनि आम्दानी गर्न सक्नेछ। नेपालको मध्य पहाडी भूभाग र भित्री तराईको भागमा भटमास खेतीलाई उन्नत बीउ, आधुनिक खेती प्रणाली अपनाउन सके अर्बौं डलर मुलुकमा भित्र्याउन सक्नेछ। यसरी नै बंगुर, राँगो र भैँसीका उन्नत जातहरू भित्र्याई नेपालबाट बंगुरको मासु र राँगाको मासु निर्यात गरी विदेशी मुद्रा भित्र्याउन सक्नेछ भने अर्कोतर्फ लाखौँ युवा युवतीहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्न जेनजी आन्दोलनपछि बन्ने सरकारले नेपाललाई समृद्धितर्फ डोऱ्याउन सफल हुनेछ।

नेपालले केही वर्षदेखि अत्यधिक मात्रा खाद्यान्न आयात गर्ने गरेको छ। त्यस्तो आयातमा धान ४ लाख ७७ हजार मेट्रिक टन आयात गरी झण्डै २१ अर्ब नेपाली रुपैयाँ खर्च गर्छ भने मकै ३ लाख ५० मेट्रिक टन आयात गरी १४ अर्ब ६० रुपैयाँ खर्च गर्ने गरेको

छ। तराई मधेसको भूभागमा फल्ने गहुँ पनि ९ लाख मेट्रिक टन आयात गर्दा ४१ अर्ब ५० करोड नेपाली रुपैयाँ बराबरको विदेशी मुद्रा ढुकुटीबाट खर्च गर्ने गरेको छ। खाद्यान्न बाली धान, चामल, मकै र गहुँको आयात बर्सेनि झण्डै ७७ अर्ब नेपाली रुपैयाँ बराबरको खाद्यान्न आयात गरेको देखिन्छ। अरू रैथाने बालिमध्येको कोदो, फापर, आलु, प्याज आदिको हिसाब गर्ने हो भने अर्को ५० अर्ब नेपाली रुपैयाँको विदेशबाट आयात गर्ने अनुमान गर्न सकिन्छ। ताजा फलफूलको आयातको सूची लामो हुनेछ। अतः नेपालको प्रतिव्यक्ति आय १ हजार ५०० अमेरिकी डलर हुँदै गर्दा बर्सेनि एक खर्बभन्दा बढी खाद्यान्न, फलफूल, मासु जन्य पदार्थ आयातमा निर्भर रहेको छ। नेपालको आयातित करमा नोकर शाही राजनीतिक कर्मीहरू बाँचेका छन्। कृषिको उत्थान र प्रगतिमा सरकार, कृषि विज्ञ, कृषिकर्मीहरू लामो समयदेखि चिर निन्द्रामा सुती बसेका जस्तो देखिन्छ।

कृषिको रूपान्तरण गरी आयात प्रतिस्थापन गर्ने सार्वजनिक निजी साझेदारी मोडेलको कृषि उत्थानको योजना जेनजी आन्दोलन पछिको सरकारले अवलम्वन गर्नुपर्नेछ। नेपाल खाद्यान्न बालीमा आत्मनिर्भर हुने सक्छ। तर, वर्तमानको २५ प्रतिशत सिँचाइ सुविधालाई ५० प्रतिशतमा पुऱ्याउनु पर्छ। पानीको समुचित प्रयोगका लागि नहर सिँचाइ प्रणाली बाहेक ड्रिप सिँचाइ, थोपा सिचाइ आदि प्रणाली प्रयोग गरी आगामी १० वर्ष भित्र सिँचाइ व्यवस्था गर्न स्थानीय, प्रादेशिक र केन्द्रीय सरकारले श्रोत परिचालन गर्न सके नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सक्ने छ।

नेपालले वर्तमान खाद्यान्न उत्पादकलाई अनुसन्धान र उन्नत बीउ उत्पादनबाट फड्को मार्न सक्नु पर्छ। धानको उत्पादन वर्तमानमा ३.८ मेट्रिक टन प्रतिहेक्टरबाट वैश्विकस्तरको ४.८ मेट्रिक टन पुऱ्याउनु पर्ने भएको छ। यसरी नै नेपालको मकै उत्पादकत्वलाई २.८ मेट्रिक टन प्रतिहेक्टरबाट ५.९ मेट्रिक टनमा पुऱ्याउने, गहुँको वर्तमान ३ मेट्रिक टनबाट वैश्विकस्तरको उत्पादकत्व बराबरको ३.६ मेट्रिक टन प्रतिहेक्टरमा पुऱ्याउन सक्ने कृषि रूपान्तरण योजना जेनजी आन्दोलनपछिको निर्वाचित सरकारले ल्याउन सक्नुपर्छ।

वर्तमानमा चिर निन्द्रामा सुतेको कृषि अनुसन्धान, कृषि बजारीकरण, कृषि प्रसार सेवामा सुधार ल्याउन भुई मानिसलाई बृहत्तर तालिम दिई कृषिकर्मी ब्रिगेड तयार पार्ने र स्थानीय सरकार एवम् प्रादेशिक सरकारलाई परिचालनको व्यवस्था मिलाउनु पर्छ।

कृषि अनुसन्धान, कृषि प्रविधिको चाँजोपाँजो मिलाउन सार्वजनिक निजी मोडलको अनुभवलाई उपयोग गर्न सक्नुपर्छ। नेपालको वर्तमानको धान बाली क्षेत्रफल १४ लाख ५० हजार हेक्टरमा ४.८ मेट्रिक टनसम्म उत्पादन बढाउन सके करिब ६९ लाख ६० हजार मेट्रिक टन धान उत्पादन गर्न सकिन्छ। विदेशबाट ४ लाख ७७ हजार मेट्रिक टन धान चामल विस्थापित गर्न सकिन्छ। यसरी नै मकैमा वर्तमानको ९ लाख ५० हजार हेक्टरमा प्रतिहेक्टर ५.९ मेट्रिक टन प्रतिहेक्टर उत्पादन पुऱ्याउन सके बर्सेनि ५६ लाख ५ हजार मेट्रिक टन मकै मुलुक भित्रै फलाउन सकिन्छ। नेपालले वर्तमानमा ३ लाख ५० हजार मेट्रिक टन हुने गरेको आयातलाई प्रतिस्थापन गर्न सक्छ। नेपालले बर्सेनि ९ लाख मेट्रिक टन विदेशबाट गहुँ आयात गर्ने गरेको छ। नेपालमा झण्डै ७ लाख ५० हजार हेक्टरमा गहुँ खेती हुने गरेको छ। वैश्विक गहुँको उत्पादन दर ३.६० मेट्रिक टन प्रतिहेक्टर रहेको छ। यस अर्थमा ७ लाख ५० हजार हेक्टर गहुँ खेतीबाट बर्सेनि २७ लाख मेट्रिक टन गहुँ फलाउन सकिन्छ। जसबाट नेपालले बर्सेनि ९ लाख मेट्रिक टन गहुँ सजिलै विस्थापन गर्न सक्नेछ। यसबाट २१ अर्ब रुपैयाँको विदेशी मुद्रा बचत गर्दै गर्दा बर्सेनि १४ अरब ६० करोड रुपैयँको मकै आयात प्रतिस्थापन गर्न सकिन्छ। खाद्यान्नमा सबैभन्दा बढी रकम आयातमा नेपालले वैदेशिक मुद्रा ४१ अर्ब ५० करोड रुपैयाँ खर्च गर्ने गरेको छ।

नेपालको खाद्यान्न उत्पादनमा उचित प्रबन्ध मिलाउन सके करिब ७६ अर्ब ५० करोड रुपैयाँ बराबरको वैदेशिक मुद्रा बचत गरी कृषि क्षेत्रको उत्थान र प्रगतिमा समेत अत्याधुनिक ए आई प्रयोग गरी कृषि सिँचाइ व्यवस्थापन, रोग किराको समयमै पहिचान गर्न सघाउने छ। कृषि अनुसन्धानमा हुने गरेका काम र कृषकले बीउ विजनको उचित प्रबन्ध गर्न ए आई प्रयोग हुन सक्नेछ। कृषि प्रविधिकहरूलाई ए आई को उचित ज्ञान र तालिमको प्रबन्ध मिलाउनु पर्नेछ। कृषि व्यवस्थापन र प्रणालीमा ए आईको प्रयोग गरी छिमेकी देश चीन र भारतसँग सहकार्य गर्न सरकार र निजी क्षेत्रले हातेमालो गरी नेपालको कृषि व्यवस्थापनलाई रूपान्तरण गर्न जेनजी आन्दोलनपछि बन्ने सरकारले आवश्यक रणनीति बनाउने व्यवस्था मिलाउनु पर्नेछ। कृषिको रूपान्तरणलाई चाहिने पुँजी, प्रविधि र सीपमा अभिवृद्धि गर्न बैंक तथा वित्तीय क्षेत्रको पनि भूमिका अपेक्षा गर्न सकिन्छ।

बैंक तथा वित्तीय क्षेत्रले बर्सेनि सामाजिक उत्तरदायित्वका क्षेत्रमा दिने अनुदानलाई आगामी पाँच वर्षका लागि कृषि अनुसन्धान, कृषि क्षेत्रको सीप विकास र साना प्रविधिको उचित प्रबन्ध, कृषि क्षेत्रको व्यवस्थापन र प्रबन्धमा संलग्न निजी क्षेत्र र कृषि सामुदायिक संस्थामार्फत सामाजिक उत्तरदायित्वको काम गर्न/गराउन सके नेपालको कृषि विकासमा रुपान्तरण गरी भटमास, बंगुरको मासु, राँगाको मासु चीनमा निर्यात गर्न सकिनेछ। यसरी नै भारतीय बजारमा नेपाली सुन्तला, जुनार, कागती र बेमौसमी तरकारीको अत्यधिक मात्रामा निर्यात गरी भारतमा अर्बौंको फलफूल तरकारी निर्यात गर्न सकिनेछ। नेपालबाट वैदेशिक रोजगारीमा गएका ३५ लाख युवायुवतीहरूलाई उच्च कोटीको कृषि व्यावसायिक योजनामा समावेश गरी नेपालको ग्रामीण क्षेत्रमा गरिब घटाउन सकिन्छ। कृषि, एआई प्रविधि, सामाजिक उत्तरदायित्वको लगानी, कृषि अनुसन्धान र बजारीकरणमा सार्वजनिक निजी मोडलको प्रयोग गरी कृषि रूपान्तरण गर्न सकेमा कृषि प्रणाली र व्यवस्थापनमा देखिएको असफलता अन्त्य हुन सक्ने थियो।

★ ★ ★

# बैंकको अधिक तरलता राज्यले नै उपयोग गर्नुपर्छ

**लगानी र जीडीपीबीचको रेसियो घटेर गएको छ । सरकारी क्षेत्रको पुँजीगत खर्च भइरहेको छैन । यसरी पैसा एकै ठाउँमा थुप्रिँदा अर्थतन्त्रका धेरै क्षेत्रमा समस्या देखिएको छ । रक्त सञ्चार भए जसरी चल्नुपर्ने अर्थतन्त्र एकै क्षेत्रमा अधिक तरलता रहँदा बिरामी भएको छ**



**प्रा. डा. रामप्रसाद ज्ञवाली**
**अर्थशास्त्र विभाग प्रमुख**
**त्रिभुवन विश्वविद्यालय**

अर्थतन्त्रको अवस्थालाई हेर्दा हामीले आन्तरिक र बाह्य क्षेत्रलाई छुट्याएर हेर्ने गर्दछौं । हाम्रो अर्थतन्त्रको वर्तमान अवस्था हेर्दा बाह्य क्षेत्रमा त्यति ठूलो समस्या छैन । अझ भनौं सन्तोषजनक अवस्थामै छ हाम्रो बाह्य क्षेत्र । हाम्रो भुक्तानी सन्तुलन (बीओपी) बचतको अवस्थामा छ भने चालु खाता पनि बचतमै रहेको छ । वैदेशिक व्यापारघाटामा रहेको उच्च वृद्धिदर पहिलेजस्तो अवस्थामा छैन । विदेशी मुद्रा सञ्चिति पनि पर्याप्त अवस्थामै रहेको छ । यसरी अर्थतन्त्रको बाह्य क्षेत्रलाई हेर्दा निराश बन्नुपर्ने कुनै कारण देखिँदैन ।

आन्तरिक क्षेत्रतर्फ भने सन्तोष मान्ने अवस्था छैन । आर्थिक वृद्धिको दृष्टिले हेर्दा सामान्य मात्र छ । कुल गार्हस्थ्य उत्पादनमा ठूलो उतारचढाव देखिँदैन । तीव्र आर्थिक वृद्धिको चाहना एकातिर भए पनि स्थिति सामान्यभन्दा माथि उठ्न सकेको छैन । यसमा अर्थतन्त्रको संरचनागत समस्या नै मुख्य कारणका रूपमा देखिएको छ । यी चुनौतीको समाधान हुन नसके उच्च आर्थिक वृद्धिको हाम्रो चाहना पूरा हुनसक्ने देखिँदैन । पछिल्लो तथ्यांकअनुसार बैंकिङ क्षेत्रमा ८ खर्ब रुपैयाँबराबरको लगानीयोग्य रकम थुप्रिएको छ । यो तरलता उपयोग हुन सकेको छैन । यसको उपयोग निजी क्षेत्र र सरकारी क्षेत्र दुवैले गर्न सकेनन् ।

निजी क्षेत्रले लगानी विस्तार गर्न सकेन भने सरकार आफैंले पनि पुँजीगत खर्च गर्न सकेको छैन । यो समस्या दुवैतिर छ । निजी क्षेत्र लगानी गर्न चाहिरहेको छैनन् । लगानी र जीडीपीबीचको रेसियो घटेर गएको छ । सरकारी क्षेत्रको पनि पुँजीगत खर्च भइरहेको छैन । यसरी पैसा एकै ठाउँमा थुप्रँदा अर्थतन्त्रका धेरै क्षेत्रमा समस्या देखिएको छ । रक्त सञ्चार भएजसरी चल्नुपर्ने अर्थतन्त्र एकै क्षेत्रमा अधिक तरलता थुप्रँदा बिरामी भएको छ भन्दा फरक पर्दैन ।

केही वर्षदेखि राजस्व पनि अपेक्षाकृत रुपमा संकलन हुन सकेको छैन । जीडीपीको २१ प्रतिशतसम्म राजस्व संकलन हुने स्थितिबाट हामी तल झरिरहेका छौं । चालु आर्थिक वर्षको सात महिनाको स्थिति हेर्ने हो भने यो वर्ष पनि अनुमान गरेअनुसार राजस्व संकलन हुने स्थिति छैन । गत आवमा ११ खर्बमात्र राजस्व उठेको स्थिति छ । राजस्व उठ्न नसक्दा चालु खर्चमात्र धान्ने र ऋणको साँवाब्याज तिर्न पनि फेरि ऋण लिनुपर्ने अवस्था छ ।

देशभित्र रोजगारी सिर्जना नहुँदा बर्सेनि लाखौं युवाहरू विदेशिनु परिरहेको छ । मुलुकभित्रै रोजगारी भइदिएको भए त्यसले एकातर्फ उत्पादकत्व वृद्धि र अर्कोतर्फ हाम्रा युवाहरू पनि यहिँ बस्ने स्थिति बन्थ्यो । जसमा हामी चुकिरहेका छौं । काम गर्नसक्ने युवा बाहिरिँदा मुलुकले एक कालखण्डमा पाउने जनसांख्यिक

लाभको उपयोग नहुने स्थिति बन्दैछ। काम गर्ने युवा बाहिरिँदा मुलुकमा बुढाबुढी र केटाकेटीको संख्यामात्र धेरै हुने स्थिति सिर्जना हुँदैछ। २०७८ को जनगणना हेर्ने हो भने पहाडका ३६ जिल्लामा जनसंख्या वृद्धिदर ऋणात्मक छ। पहाडबाट जनताहरू कि सहर कि तराईतिर झर्दैछन्। पहाडमा हिजोका दिनमा उब्जाउ हुने खेतबारी अहिले वनजंगलमा परिणत हुँदैछन्। पहाडको माटोलाई अनुत्पादक जंगल हुनबाट बचाउन हामीले केही आकर्षक कार्यक्रम ल्याउनैपर्छ।

### जेनजी विद्रोह र अर्थतन्त्र

गत भदौ २३ र २४ मा भएको जेनजी विद्रोहको राजनीतिक कारण मूलतः भ्रष्टाचारको विरुद्धमा भएको थियो। कारणहरू अरु पनि थिए तर भ्रष्टाचारको विरोध मुख्य रुपमा रहेको थियो। जसलाई उनीहरूले मूल एजेण्डा बनाए पनि २३ र २४ भदौको घटनाले अर्कै मोड लियो। जसको परिणाम हाम्रासामु छर्लंग छ। भ्रष्टाचार देखिने कारण भए पनि बेरोजगारी वा स्वरोजगार गर्नेहरूले भोग्नुपरेको दुःख पीडा पनि सडकमा पोखिएको हो भन्न सकिन्छ।

राष्ट्रिय योजना आयोगको अध्ययन अनुसार आन्दोलनबाट करिब ८४ अर्ब ८५ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। जसमध्ये ५३ प्रतिशत सरकारी क्षेत्रको, सात प्रतिशत सामाजिक क्षेत्रको र बाँकी ठूलो हिस्सा निजी क्षेत्रमा परेको छ। केही उद्योग, व्यवसाय र सम्पत्तिहरू प्रत्यक्ष रूपमा लक्षित भएका थिए। जसका कारण कारखाना र सम्पत्ति जलाउने जस्ता घटनाहरू घटे। यसलाई असन्तोषको दुःखद र दुर्भाग्यपूर्ण परिणामका रूपमा वर्णन गरिएको छ। निजी क्षेत्रमा आक्रमण भएकाले लगानीकर्ताको मनोबल र सुरक्षामा गिरावट आएको छ। यसैले उक्त घटनाबाट सबैभन्दा दीर्घकालीन असर भनेको लगानीकर्ताको विश्वासमा आएको गिरावट हो। सरकारसँग स्रोत छैन, राजस्व कम मात्रामा संकलन भइरहेको छ। खर्च गर्न खोजेको पुँजीगत बजेट खर्च हुन सकेको छैन। निजी क्षेत्रका धेरै व्यवसायीहरूले आफू असुरक्षित महसुस गरिरहेका छन् र नेपालमै व्यवसाय सञ्चालन जारी राख्ने कि नराख्ने भन्ने प्रश्न उठाउन थालेका छन्। यसले समस्या सिर्जना गरेको छ।

अहिले नेपालमा ब्याजदर यसरी घटेको छ कि जुन आफैंमा ऐतिहासिक छ। हामीले कहिल्यै पनि यसरी ब्याज घटेको देखेका थिएनौं। मुद्दती खातामा पनि २/३ प्रतिशतभन्दा बढी ब्याज पाउने अवस्था छैन। हामी त भारतको खुला सीमामा छौं। भारतको मुद्दती खातामा ब्याजदर यतिबेला ६ प्रतिशतभन्दा बढी छ। नेपालभन्दा भारतमा बढी ब्याजदर रहँदा अवधि परिपक्व भइसकेपछि कुनै न कुनै रूपमा भारततर्फ त्यो पुँजी पलायन नहोला भन्न सकिँदैन। खुला सीमाका कारण त्यस्ता गतिविधि हिजोका दिनमा पनि भएकै थिए भने आज नहोला भन्न सकिँदैन। पुँजीगत खाता परिवर्त्य नभएको मुलुकका लागि त्यो नहुनुपर्ने हो। तर व्यापारीहरूले अनेकौं उपायहरू अवलम्बन गरेर यस्ता गतिविधि गर्ने गरेका पनि छन्। उत्पादनशील युवा जनसंख्या विदेश पलायन भइरहेका कारण आन्तरिक बजार संकुचित भएको छ। माग नै नभएपछि, व्यवसायहरू पुनर्निर्माणका लागि पनि ऋण लिनुको कुनै औचित्य देख्दैनन्। त्यसैले निजी क्षेत्रको मनोबल नबढी तत्काल कर्जा वृद्धिको सम्भावना पनि छैन।

### आम निर्वाचनपछि अर्थतन्त्रका चुनौती

निर्वाचनको परिणाम के होला भन्ने अहिले अनुमान गर्नुभन्दा निर्वाचनपछि बन्ने सरकारले के गर्ला भन्ने हाम्रो चासो र चिन्ताको विषय हो। जुन दलको एकल वा गठबन्धन सरकार बने पनि अर्थतन्त्रका चुनौतीहरू त तिनै हुन्, जुन समाधान नगरी अघि बढ्न सकिँदैन। सबै दलका घोषणापत्र हेर्ने हो भने निकै महत्वाकांक्षी लाग्छन्। ६१ खर्बको अर्थतन्त्रलाई पाँच वर्षमै सय खर्बको बनाउने भनेर घोषणापत्रमा लेखिएको छ। जुन दल सरकारमा आए पनि मुलुकको अर्थतन्त्रको यही संरचनामै बसेर काम गर्नुपर्नेछ। राजस्व संकलन रातारात बढाउन सकिने अवस्था छैन। बैंकिङ क्षेत्रको तरलता आजको भोलि बजारमा पठाउन गाह्रै पर्नेछ अनि काम गर्ने हाम्रा संस्था र तौरतरिका मात्र नभै कानुनहरू पनि यीनै हुन्।

सय खर्बको जीडीपी बनाउन लगानी गर्नुपर्छ। लगानी नगरी परिणाम आउँदैन। सरकारी र निजी क्षेत्र दुवैको लगानी बढाउन सक्यो भने यसले अर्थतन्त्रलाई चलाउमान बनाउँछ। जनताको आम्दानीसँगै राज्यको स्रोत बढाउन सकिन्छ। उत्पादकत्व बढ्छ। रोजगारी बढी सिर्जना हुन्छ। लगानी कस्तो क्षेत्रमा गर्ने ? नाफा कमाउने क्षेत्रमा मात्र नभइ आम्दानी पनि बढाउने क्षेत्रमा हुनुपर्छ। उदाहरणका लागि नेपालमा अहिले अर्बौंको सोयाबिन र पाम आयल आउँछ र न्यूनतम मात्र मूल्य अभिवृद्धि भएर बाहिर निर्यात हुन्छ। यसको 'ब्याकवार्ड र फरवार्ड लिंकेज' दुवै छैन। यसबाट निजी क्षेत्रको निश्चित समूहले लाभ र सरकारले केही राजस्व पाए पनि अर्थतन्त्रको लामो चक्रमा यसले कुनै फाइदा पुऱ्याउन सकेको पाइँदैन। यसकारण सरकार र निजी क्षेत्रको लगानी बढाउन सकेमात्र घोषणापत्रमा लेखिएका बाचाहरू पूरा हुन सक्छन्।

### लगानी कसरी बढाउने ?

आजको दिनमा सरकार र निजी क्षेत्र दुवैले लगानी बढाउनु उत्तिकै आवश्यक

छ। पुँजीगत खर्च बढाउन नसक्नुका कारणहरू धेरै छन्। हामीले आर्थिक पुनर्संरचना आयोगको प्रतिवेदनमा सरकारलाई यी यी अवरोधहरू हटाउनुपर्छ भनेर लेखेरै दिएका छौं। जसले काम गर्न सक्दैन, उनीहरूलाई हटाउने र काम गर्नेलाई प्रोत्साहन गर्नेदेखि निर्धारित समयअगावै काम गर्नेलाई पुरस्कार दिने लगायतका काम गर्न सकिन्छ। ठेक्का दिँदा नै काम गर्न सक्ने आधार र प्रमाणहरूका आधारमा मात्र दिने, काम नगर्ने ठेकेदारको ठेक्का बेलैमा तोड्ने, सरकारले तीन करोडभन्दा कमका आयोजनामा साना आयोजनामा लगानी नगर्ने जस्ता उपायहरू हामीले सरकारलाई सुझाएका छौं।

स्रोत छैन भनेर हात बाँधेर बस्ने स्थितिको पनि अन्त्य हुनुपर्छ। बैंकिङ क्षेत्रमा रहेको ८ खर्ब तरलता सरकारका लागि पनि हो, उसले पनि यसको ब्याज तिरेर उपयोग गर्न सक्छ। तत्कालका लागि जेनजी आन्दोलनमा क्षति भएका भवनहरूको पुनर्निर्माणदेखि नवनिर्माणसम्ममा खर्च गर्न सक्नुपर्छ। बैंकिङ क्षेत्रबाटै यो रकम लिन सकेन बैंकहरूको पनि कर्जा प्रवाह बढ्न सक्छ र त्यसले अर्थतन्त्रलाई चलायमान बनाउँछ।

अर्कोतर्फ हामीले निजी क्षेत्रलाई भने कन्भिन्स गर्नैपर्छ। निजी क्षेत्रलाई कन्भिन्स गर्न उनीहरूलाई सुरक्षाको प्रत्याभूति दिनुपर्छ। लगानीकर्तालाई औद्योगिक तथा व्यावसायिक सुरक्षाबल चाहिन्छ भने पनि दिनुपर्छ। सरकारले निजी क्षेत्रको योगदानको सकारात्मक प्रचार पनि गरिदिनु पर्‍यो कि मुलुकको कुल लगानीको ७० प्रतिशतभन्दा बढी लगानी निजी क्षेत्रले नै गरिरहेको छ। आर्थिक वृद्धिको 'इन्जिन' नै निजी क्षेत्र हो, रोजगारी सिर्जना गर्ने पनि निजी क्षेत्र हो र सरकार चलाउने राजस्वको स्रोत पनि निजी क्षेत्र हो भनेर आम जनतामा उनीहरूप्रति सकारात्मक भाव पैदा हुनेगरी प्रचार गर्न सकियो भने निजी क्षेत्रको मनोबल पनि बढाउन सकिन्छ।

एक हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने रोजगारदातालाई पुरस्कार र सम्मान गर्ने काम पनि गर्नुपर्‍यो। जेनजी आन्दोलनमा क्षति भएका उद्योग व्यवसायलाई पाँच वर्षका लागि सहुलियत ब्याजदरमा कर्जा प्रवाह गरिनु पर्छ। अहिले कर्जा पुनर्तालिकीकरणको सुविधा मात्र पर्याप्त हुँदैन। यससँगै निजी क्षेत्रलाई रोजगारमूलक क्षेत्रमा बढी लगानीका लागि प्रोत्साहन गरिनु पर्छ। निजी क्षेत्र आफैंले पनि यसमा ध्यान दिनु जरुरी छ कि राजनीतिभन्दा रोजगारी सिर्जनामा उनीहरूको प्राथमिकता रहनुपर्छ। भारतमा टाटा कम्पनी कहिल्यै विवादमा परेन र उसले गर्ने व्यावसायिक सामाजिक उत्तरदायित्व (सीएसआर) को पब्लिसिटी एकदमै माथि छ। यसको कारण के हो भने यो कम्पनीका संस्थापकहरू कहिल्यै राजनीतिमा लागेनन्। नेपालमा भने व्यवसायी र राजनीतिज्ञ छुट्याउनै गाह्रो भइसकेको छ र विगतको आक्रमणको कारण कतै यही त होइन भन्ने आशंकाहरू पनि उब्जिएका छन्। व्यवसायीले व्यवसायीकै रुपमा काम गर्ने हो भने पनि व्यावसायिक वातावरण बन्न सक्छ। अहिले पर्याप्त तरलता भएका बेला सरकारले त्यो रकम लिँदा आफूहरूको भाग खोसियो भन्ने मानसिकता त्याग्नुपर्छ। सरकारले खर्च गर्न सके त्यो रकम घुमिफिरी बचतका रुपमा बैंकमै आइपुग्छ र निजी क्षेत्रले लगानीका लागि पाउँछ।

**ब्याजमा निर्भरता घटाउनुपर्छ**

नागरिक लगानी कोषजस्ता संस्थाहरू नेपालको अर्थतन्त्रका मेरुदण्ड हुन्। यी संस्थाहरूमा अहिलेसम्म लगानीको प्रतिफलभन्दा ब्याज आम्दानीमा बढी निर्भर भइरहेका छन्। यी संस्थाले आफ्नो धेरै रकम वाणिज्य बैंकमा राखिरहेको अवस्था छ। तर अहिले ब्याजदर यसरी घटिरहेको छ कि यस्ता संस्थाहरूले प्रतिफलमा समेत प्रभाव पर्ने अवस्था छ। यसैले नागरिक लगानी कोषजस्ता संस्थाहरूले प्रतिफल बढी भएको र राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनामा लगानी गर्नुपर्छ। यसबाट एकातर्फ संस्थाको वित्तीय स्थिति दिगो, फराकिलो र प्रतिफलमुखी हुनेछ भने अर्कोतर्फ मुलुकको समृद्धिका लागि पनि संस्थाले योगदान दिन सक्नेछ।

★ ★ ★

# नेपालको सहकारी क्षेत्रको विद्यमान अवस्था नियामकीय व्यवस्था र चुनौतीहरू

सहकारी क्षेत्रको तीव्र विस्तारसँगै नियमन र सुपरीवेक्षण प्रणाली समान रूपमा सबल नहुनु, संस्थागत क्षमता कमजोर रहनु र जिम्मेवारीको स्पष्ट विभाजन अभावले वित्तीय अनुशासन र सुशासनमा चुनौती उत्पन्न भएको छ ।



**डा. खगराज शर्मा**
अध्यक्ष,
राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल

**१. विषय प्रवेश**

ऐंचोपैंचो, अर्मपर्मजस्ता परम्परागत अभ्यासहरूलाई संस्थागत गर्दै, समान आकांक्षा भएका व्यक्तिहरूको स्वामित्वमा रहेको, सिद्धान्त र मूल्यमा आधारित, स्वायत्त व्यवसायिक संस्था नै सहकारी हो। आर्थिक रूपान्तरण, वित्तीय पहुँच, उत्पादन वृद्धि र सामाजिक न्यायमा यसले लोकतान्त्रिक पद्धतिमा काम गर्दै प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ।

डा. विलियम किङ्गद्वारा प्रकाशित 'दि कोअपरेटर' नामक सहकारी पत्रिका सहकारी आन्दोलनको प्रचार-प्रसार र चेतनाको अभिवृद्धिका लागि कोसेढुङ्गा मानिन्छ।समाजको सम्पत्तिलाई न्यायपूर्ण ढंगले वितरण गर्नुपर्ने विचारलाई अघि सारेका ब्रिटेनका समाजवादी चिन्तक रबर्ट ओवेनको मार्गदर्शनमा सन् १८४४ मा बेलायतको रोचडेल सहरमा २८ जना श्रमिकहरूले एक-एक पाउण्ड सेयर उठाएर 'रोचडेल इक्विटेवल पायोनियर्स सोसाइटी' स्थापना गरे, जुन आधुनिक सहकारी विकासको आधारशिला मानिन्छ।

नेपालको सहकारी विकासक्रम हेर्दा वि.सं. २००० सालमा बनेपाबाट सुरु भएको सहकारी यात्रा, वि.सं. २०१० मा सहकारी विभाग स्थापनादेखि २०१३ मा चितवनबाट १३ वटा ऋण समिति गठनमार्फत संस्थागत रूपमा अघि बढ्यो। वि.सं. २०१८ को साझा अभियान, २०४८ को सहकारी ऐन र पछिल्ला सुधारहरूबाट सहकारीहरू देशव्यापी रूपमा विस्तार भई अर्थतन्त्रको महत्वपूर्ण आधार स्तम्भ बनेका छन्।

सहकारी संस्थाहरू स्वेच्छिक तथा खुला सदस्यता, लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीहरू बीच सहकार्य र समुदायप्रतिको उत्तरदायित्व जस्ता सहकारी सिद्धान्त र मूल्यमा आधारित भई बचत संकलन, कर्जा प्रवाह, उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक एकताको माध्यम बनेका छन्। यिनले ग्रामीण तथा विपन्न समुदायसम्म वित्तीय पहुँच विस्तार गर्दै समावेशी आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। तर, सहकारी क्षेत्रको तीव्र विस्तारसँगै नियमन र सुपरिवेक्षण प्रणाली समान रूपमा सबल नहुनु, संस्थागत क्षमता कमजोर रहनु र जिम्मेवारीको स्पष्ट विभाजन अभावले वित्तीय अनुशासन र सुशासनमा चुनौती उत्पन्न गरेको छ। विशेषतः बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूमा देखिएका जोखिम र अपचलनले समग्र सहकारी आन्दोलनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ।

## २. सवैधानिक, कानुनी र नीतिगत प्रबन्ध

नेपालको संविधान २०१९, अन्तरिम संविधान २०६३ र वर्तमान संविधान २०७२ मा सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधार बनाउँदै निजी र सार्वजनिक क्षेत्रसँग प्रत्यक्ष वा परोक्ष रूपमा सहकार्य गरी प्रवर्द्धन गर्ने नीति समावेश गरिएको छ।

सहकारीको सञ्चालन, नियमन र पारदर्शिताका लागि विभिन्न अवधिमा सहकारी ऐन तथा नियमावलीहरू सहित चारवटा, मापदण्ड एवं निर्देशिकाहरू मार्फत कानुनी संरचना तयार गरियो। राष्ट्रिय सहकारी नीति २०६९ ले समतामूलक विकासको दीर्घकालीन लक्ष्यसहित सबल, समावेशी र स्वावलम्बी सहकारी प्रणाली निर्माणको मार्गदर्शन तय गरेको छ।

प्रथमदेखि सोह्रौं योजना अवधिसम्म सहकारी प्रणालीलाई कृषि, वित्तीय पहुँच, उपभोग्य वस्तु व्यवस्थापन, उद्यमशीलता, रोजगारी, सामाजिक रूपान्तरण, उत्पादन र बजारीकरणमा संलग्न गरियो। पछिल्ला योजनाहरूमा सहकारीमा सुशासन, वर्गीकरण, जोखिम न्यूनीकरण, संरचनागत सुधार र स्थानीय तहमा सेवा विस्तारमा जोड दिइएको छ। सहकारीलाई दीगो आर्थिक विकास, समन्यायिक लाभ वितरण र समावेशीकरणका लागि रणनीतिक उपकरणको रूपमा उपयोग गरिएको छ।

नीति तथा कार्यक्रम २०८२/८३ मा समस्याग्रस्त संस्थाहरूका लागि राहत, कर्जा सूचना, बचत सुरक्षण, कर्जा असुली न्यायधीकरण स्थापना, विद्युतीय सूचना प्रणालीको सुदृढीकरण र तथ्यांक व्यवस्थापन सुधारको प्रतिबद्धता गरिएको छ। बजेट वक्तव्य २०८२/८३ मा सहकारीहरूको वर्गीकरण, निक्षेप सुरक्षण, सम्पत्ति लिलामी प्रक्रिया र कृषि भूमिको सहकारी उपयोगलाई प्राथमिकता दिइएको छ। यी सबै पहलले सहकारी क्षेत्रको सुशासन, स्थायित्व, उत्तरदायित्व र विश्वास अभिवृद्धि गर्ने संकेत गर्दछ।

वि.सं. २०२४ देखि २०८१ सम्म सरकार र संसदद्वारा करिब २ दर्जनजति विभिन्न समिति, कार्यदल र आयोग गठन भई सहकारी सुधारका लागि नीति, संरचना र नियमन सुदृढ गर्ने विषयमा सिफारिस गरिएको छ। विशेषतः दोस्रो तहको नियामक निकाय (STI) स्थापनाको आवश्यकता वि.सं.२०५७ पछि गठित समितिहरूका अधिकांश प्रतिवेदनहरूमा दोहोरिएको छ। आर्थिक अनियमितता नियन्त्रण, तेस्रो पक्षीय अनुगमन, बचत संरक्षण र स्वायत्त नियामकको कानुनी आधार निर्माणमा जोड दिइएको छ। यी विविध कारणहरूबाट राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापनाका लागि कानुनी आधार निर्माण गर्नमा समेत सहयोग पुगेको देखिन्छ।

## ३. नेपालमा सहकारीको विद्यमान अवस्था

### ३.१ नियमनका संरचनाहरू

नेपालमा सहकारी क्षेत्रको नियमन बहु-तह र बहु-निकायमार्फत भइरहेको छ। प्रमुख नियामकीय तथा सरोकारवाला निकायहरू यसप्रकार छन् :

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणः बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको केन्द्रीय नियामकका रूपमा हालै स्थापित निकाय।
- सहकारी विभागः सहकारी दर्ता, प्रवर्द्धन तथा संघ अन्तर्गतका सवै र तल्लो तहका ठुला सहकारीको नियमन एवं निगरानी।
- प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयः प्रदेश अन्तर्गतका सहकारीहरूको प्रशासनिक निगरानी सहित दर्ता र नियमन।
- स्थानीय तहका सहकारी महाशाखा/शाखाः स्थानीय स्तरको प्रशासनिक निगरानी, दर्ता र नियमन।
- नेपाल राष्ट्र बैंकः वित्तीय प्रणालीको समष्टिगत स्थायित्व, मौद्रिक नीति वित्तिय सहकारी, सहकारी बैंक लगायतमा प्रत्यक्ष एवं अप्रत्यक्ष नियमन।
- सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निकायहरूः मनी लाउन्डरिङ तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्वद्ध नियमन तथा निर्देशन।
- सहकारी महासंघ, केन्द्रीय, प्रदेश र जिल्ला संघहरूः स्वनियमन तथा सुशासन प्रवर्द्धन।

यस किसिमको बहु-निकाय संरचनाले समावेशी नियमनको आधार त दिएको छ, तर समन्वय, सूचना आदान-प्रदान र उत्तरदायित्व स्पष्ट नहुँदा प्रभावकारिता कमजोर बनेको देखिन्छ।

### ३.२ तथ्यगत अवस्था

वि.सं.२०८१ फागुनसम्मको तथ्यांक हेर्दा ३२,९६५ संस्था, १.०९ करोड सेयर सदस्य, रु. १.४३ खर्ब सेयर, रु. ११.२५ खर्ब बचत, रु. ९.२३ खर्ब कर्जा परिचालन ९०,२६५ जना प्रत्यक्ष रोजगारी प्राप्त, १८,९९९ संस्था COPOMIS प्रणालीमा आबद्ध रहेको देखिन्छ। कुल जनसंख्याको ३७.३९ प्रतिशत मानिसहरू सहकारीमा जोडिएको देखिन्छ। सहकारी ऐन २०७४ लागु हुनुपूर्वसम्मको अवस्था हेर्दा नेपालमा कुल जम्मा २९,८८६ सहकारी संघ संस्थाहरू रहेका थिए। जसलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहको

क्षेत्राधिकार भित्र क्रमश १२५ (०.४) प्रतिशत, ६,००२ (२०.१५) प्रतिशत र २३,७५९ (७९.५५) प्रतिशतमा विभक्त गरिएको थियो। सहकारी विभागको वि.सं.२०७४ असार मसान्तसम्मको तथ्यांकअनुसार कुल ३४,५१२ सहकारी संस्था रहेको देखिन्छ। जसमध्ये बचत तथा ऋण सहकारी संस्था १३,५७८ (३९%) बहुउद्देश्यीय सहकारी संस्था ४,३७१ (१३%), कृषि सहकारी संस्था १०,९२१ (३२%), दूध उत्पादक सहकारी संस्था १,६५८ (५%), उपभोक्ता सहकारी संस्था १,४२३ (४%) र बाँकी अन्य सहकारीहरू २,५६१ (७%) रहेको तथ्यांक सार्वजनिक गरिएको थियो।

तीन तहमा रहेका विभिन्न नियमन तथा सुपरिवेक्षण सम्बद्ध निकायहरूका अलावा केन्द्र स्तरमा सहकारी मन्त्रालय, नेपाल राष्ट्र बैंक, सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, कर्जा असुली न्यायधीकरण, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र जस्ता संरचनाहरू रहेका छन् भने कर्जा सूचना केन्द्रमार्फत सहकारीहरूलाइ सदस्यता प्रदान गर्ने कार्य भई रहेको छ। त्यसैगरी निक्षेप तथा कर्जा सुरक्षण कोषमा सहकारीहरूको सदस्यताका लागि प्रचलित ऐनको व्यवस्थाअनुसार व्यवस्थित हुने क्रममा रहेको छ। केन्द्रीय संघमार्फत सञ्चालन गर्ने गरी स्थिरिकरण कोष स्थापना गरिएको छ। सहकारीसँग सम्बन्धित संरचनाहरू प्रदेश तहमा समेत समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, प्रदेश सहकारी प्रशिक्षण केन्द्र र प्रदेश सहकारी विकास बोर्ड समेतले यसै क्षेत्रको विकासमा विभिन्न कार्यहरू गरिरहेका छन्। पालिकातहमा पनि स्थानिय सहकारी कनुन निर्माण गरी आवस्यकतानुशार संरचनाहरू निर्माण गरिएका छन्।

वर्तमानमा सहकारी क्षेत्रले आर्थिक पहुँच, सामाजिक न्याय, उद्यमशीलता, वित्तीय साक्षरता, उत्पादन र बजारिकरणमा योगदान पुर्याएको छ। तर, पछिल्लो समयमा कमजोर नियमन, गैरकानुनी लगानी, नियामकीय संरचना प्रभावहिन आदी जस्ता कारणहरूले नै सहकारी क्षेत्रलाइ समस्याग्रस्त क्षेत्रकारूपमा परिचित गराउने परिस्थिति निर्माण हुन पुग्यो।

## ४. नियामकीय चुनौतीहरू

नेपालको सहकारी क्षेत्रमा विद्यमान बहु-नियामक संरचनाका कारण नियमनलाई सुदृढ बनाउनुको सट्टा संस्थागत बोझ र कार्यगत जटिलता थपिन पुगेको कतिपयका गुनासाहरू सुनिने गरेका छन्। संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूबाट समान प्रकृतिका विवरण माग्ने, फरक-फरक मापदण्ड लागू गर्ने र निरीक्षण तथा अनुगमनमा दोहोरोपन हुन जाने अवस्थाले सहकारी संस्थाहरू प्रशासनिक दबाबमा परेको अनुभुति भएको छ। यसले संस्थागत बोझ मात्र होइन, नियमनको प्रभावकारितामाथि नै प्रश्न उठ्ने स्थिति देखिन्छ। साथै, स्पष्ट निति र प्रविधि विना नै विगतमा प्रवर्द्धन र नियमन एउटै निकायबाट गरिँदा स्वार्थको द्वन्द्व समेत हुने अवस्था आएको देखिन्छ।

अर्कोतर्फ नियमन नमान्ने तथा संरचनाहरूलाइ कमजोर वनाउने, राजनीतिक दवाव मार्फत प्रतिरोध सिर्जना गर्ने, विश्वसनीय तथ्यांक र दक्ष नियामकीय जनशक्तिको अभाव हुने, संघीय समन्वयमा जटिलता देखिनुका साथै, उच्च जनअपेक्षा र संस्थागत परिपक्वताबीच अन्तर रहने जस्ता चुनौतीहरू विच बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षण मार्फत सुशासनयुक्त सहकारी प्रणाली स्थापना गर्ने महत्वपूर्ण उद्देश्यका साथ प्राधिकरणको स्थापना गरिएकोछ।

## ५. नयाँ नियामकीय संरचनाका रूपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण

प्रभावकारी नियमन हुन नसक्नु तथा निकायगत रूपमा विभिन्न कमिकमजोरी समेत देखिएका कारण समस्याको समाधान स्वरूप बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएको हो।

यो प्राधिकरण केन्द्रीय बैंक बाहिरको स्वायत्त, स्वतन्त्र र विशेषज्ञ नियामक निकाय हो, संविधानको अनुसूची-५ अनुसार संघीय सरकारको नियामक अधिकारको प्रयोग गर्ने गरि यो निकायलाइ प्रभावकारी वनाउनु जरूरी छ। जोखिममा आधारित नियमन, डिजिटल सुपरिवेक्षण, रियल-टाइम तथ्यांक विश्लेषण र सुपरीवेक्षणमा केन्द्रित हुने गरि यसले आफ्ना योजनाहरू अगाडी सारेको छ। सहकारी क्षेत्रमा पहिलो पटक स्पष्ट रूपमा विकास र नियमनको भूमिकालाई अलग गर्दै नियामकीय विश्वसनीयता सुदृढ गर्ने आधार तयार गरिने छ।

## ६. नियामकीय अपेक्षाहरू

नयाँ नियामकीय परिवेशमा सहकारी क्षेत्रसँग निम्न अपेक्षाहरू जोडिएका छन्–

- पारदर्शिता र जवाफदेहिताः वित्तीय विवरण, सुशासन र जोखिम व्यवस्थापनमा स्पष्टता।
- डिजिटल अनुपालनः COPOMIS, MIS तथा रियल-टाइम रिपोर्टिङ प्रणाली स्थापित गर्नुका साथै प्रविधिको प्रभावकारी प्रयोग मार्फत कार्य सम्पादन।

- संस्थागत सुदृढताः पुँजी पर्याप्तता, तरलता व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली मार्फत सुदृढिकरण ।
- संघीय समन्वयः संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन, समन्वय तथा सहकार्यमा नियमितता र निरन्तरता ।
- आत्म अनुशासन र आत्म-नियमनः महासंघ, संघहरू मार्फत नैतिक, अनुशासन र सुशासन प्रवर्द्धनमा जोड ।

**७. सहकारी महासंघ तथा संघहरूको भूमिका**

कानुन अनुसार स्थापित जिल्ला, प्रदेश र केन्द्रीय तहका सहकारी संघहरू तथा महासङ्घले नियमनको सहायक संरचनाका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। तिनले सदस्य संस्थामा सहकारी शिक्षा तथा क्षमता विकास, सुशासन प्रवर्द्धन, प्रविधिको हस्तान्तरण मापदण्डको पालना र प्रारम्भिक जोखिम पहिचानमा विशेष योगदान पुऱ्याउन सक्छन् ।

**८. निष्कर्ष**

नेपालको सहकारी क्षेत्र अब अव्यवस्थित स्वतन्त्रताबाट नियम, अनुशासन र उत्तरदायित्वमा आधारित प्रणालीतर्फ प्रवेश गरेको संक्रमणकालीन तर नियमनतर्फको निर्णायक मोडमा उभिएको छ। बहु-नियामक अवस्थाबाट एकीकृत, जोखिममा आधारित र प्रविधिमैत्री नियमनतर्फको रूपान्तरणले सहकारी क्षेत्रमा दीर्घकालीन स्थायित्व र जनविश्वास पुनःस्थापनाको आधार तयार गरेको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प्रभावकारी कार्यान्वयन, अन्य नियामक निकायसँगको समन्वय र सहकारी अभियानको सकारात्मक सहभागितामार्फत सहकारी क्षेत्रलाई नेपालको आर्थिक र सामाजिक विकासको सबल स्तम्भका रूपमा पुनःस्थापित गर्न सकिनेछ ।

**सन्दर्भ सामग्री**

नेपाल सरकार(२०७२), नेपालको संविधान २०७२, काठमाडौँः नेपाल सरकार ।

सहकारी संस्था बचत रकम दुरूपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति (२०८१), सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धी विशेष छानबिन प्रतिवेदन २०८१, काठमाडौँः संघीय संसद, प्रतिनिधि सभा।

सहकारी तथा गरिबी निवारण मन्त्रालय(२०६९), राष्ट्रिय सहकारी नीति २०६९, काठमाडौँः सहकारी तथा गरिबी निवारण मन्त्रालय।

अर्थ मन्त्रालय(२०८२), आर्थिक सर्वेक्षण २०८१/२०८२, काठमाडौँः अर्थ मन्त्रालय।

सहकारी विभाग (२०८२), सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५, काठमाडौँः सहकारी विभाग ।

राष्ट्रिय सहकारी महासंघ (२०६६), सहकारी विकासको पचास वर्षिय ग्रन्थ, काठमाडौँः राष्ट्रिय सहकारी महासंघ ।

International Co-operative Alliance. (Various years). *International cooperative principles and governance frameworks*. Brussels: ICA.

World Council of Credit Unions. (Various years). *International standards and regulatory practices for cooperatives and credit unions*. Washington, DC: WOCCU.

★ ★ ★

# व्यवसायीको मनोबल सुधार्न सबै पक्षको इमानदार प्रयास आवश्यक

**निजी क्षेत्रको मनोबल खस्किएका कारण कर्जाको माग बढ्न सकेको छैन । बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशतले वृद्धि भई ५६ खर्ब ९५ अर्ब १७ करोड रुपैयाँ पुगेको छ । ब्याजदर न्यून हुँदा कर्जाको माग बढ्न नसक्नुले अर्थतन्त्र सुस्त रहेको देखाउँछ ।**



**बमबहादुर मिश्र**
पूर्वडेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक

पछिल्लो समय बैंकिङ प्रणालीमा निरन्तर अधिक तरलताको अवस्था रहेको छ। बैंक तथा वित्तीय संस्थासँग करीब ११ खर्ब बराबरको लगानीयोग्य रकम रहेको छ। अधिक तरलताकै कारण ब्याजदर घट्दै गएर ऐतिहासिक न्यून विन्दुमा पुगेको छ। समग्र अर्थतन्त्रको अवस्था सन्तोषजनक नै देखिएको छ। तर पनि आर्थिक गतिविधिको विस्तार भने अपेक्षित गतिमा हुन नसकेको यथार्थ हामीमाझ रहँदै आएको छ।

मूल्यवृद्धि मौद्रिक नीतिको लक्ष्यभन्दा कम छ भने बाह्य क्षेत्र सुदृढ हुँदै गइरहेको छ। आर्थिक वर्षको पहिलो ६ महिनामा निर्यात करिब ४४ प्रतिशतले र आयात १४ प्रतिशतले वृद्धि भएको छ। विप्रेषण आप्रवाह वृद्धि ऐतिहासिक रुपमा उच्च रहेको छ। हाल मुलुकसँग करिब १८ महिनाको वस्तु तथा सेवा आयातका लागि पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको छ।

मुद्रास्फीति र विदेशी विनिमय सञ्चिति सहज रहेकोले उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धिमार्फत समष्टिगत मागमा सुधार ल्याउने अभिप्रायले मौद्रिक र समष्टिगत विवेकशील नियमन व्यवस्थाहरूमा सहजीकरण गरिएको छ। नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षामा आर्थिक वृद्धि ३.५ प्रतिशत हुने प्रक्षेपण छ। मुद्रास्फीति न्यून छ। तर बढ्दो विप्रेषण आप्रवाह र निर्वाचनका क्रममा हुने आर्थिक गतिविधि विस्तार लगायतले समष्टिगत माग वृद्धि भई मुद्रास्फीति केही बढ्ने अनुमान छ। वित्तीय क्षेत्रमा न्यून ब्याजदर एवम् अधिक तरलता र पर्याप्त विदेशी विनिमय सञ्चिति रहेकोले लगानी अभिवृद्धिमार्फत दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने दरिलो आधार बनेको अवस्था छ।

गत भदौ महिनामा भएको जेनजी आन्दोलन तथा असोजमा आएको बाढी पहिरोका कारण वृद्धिदर प्रभावित भएबाट मुलुकले औसतस्तरको मात्र आर्थिक वृद्धि हासिल गर्ने अनुमान रहेको छ। राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्षको पहिलो त्रयमासमा आर्थिक वृद्धिदर ३.० प्रतिशत मात्र रहेको तथ्यांक सार्वजनिक गरेको छ। चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षाले वार्षिक आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहने अनुमान गरेको छ। यसले कर्जा प्रवाह तथा विदेशी लगानीलाई समेत प्रभाव पारेको छ। निजी क्षेत्रको मनोबल खस्किएका कारण कर्जाको माग बढ्न सकेको छैन। बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशत (१ खर्ब ९७ अर्ब ४७ करोड) ले वृद्धि भई ५६ खर्ब ९५ अर्ब १७ करोड रुपैयाँ पुगेको छ। ब्याजदर न्यून हुँदा पनि कर्जाको माग बढ्न नसक्नुले अर्थतन्त्र सुस्त रहेको देखाउँछ।

आसन्न चुनाव सम्पन्न भएपश्चात् हाल विद्यमान अनिश्चितता कम भएर जाने र व्यवसाय एवम् लगानीकर्ताको

मनोबलमा सुधार भई थप कर्जा विस्तार हुने हामी सबैले विश्वास गरेका छौं। यसरी चुनावपछि बन्ने सरकारले ल्याउने नीतिले पनि निजी क्षेत्रको मनोबल बढ्ने र आर्थिक गतिविधिको विस्तारमा सुधार आउने अपेक्षा गर्न सकिन्छ। यसका लागि मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न जरुरी छ भने व्यवसायको मनोबल सुधार गर्नका लागि सम्बद्ध सबै पक्षबाट इमान्दार प्रयासको आवश्यकता रहेको छ।

त्यसैगरी पुँजीगत खर्च पर्याप्त मात्रामा गर्न सकिएमा यसले अर्थतन्त्रमा समग्र माग सिर्जना तथा उत्पादकत्व वृद्धिमा योगदान दिने देखिन्छ। राष्ट्र बैंकले यसबीचमा चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत थप लचकता अपनाएको छ। जसले अधिक तरलता व्यवस्थापन र कर्जा विस्तारमा प्रभावकारी भूमिका खेल्ने अवस्था सिर्जना हुन्छ।

## अधिक तरलता व्यवस्थापनमा केन्द्रीय बैंकको कार्य

नेपाल राष्ट्र बैंकसँग तरलताको प्रकृतिका आधारमा व्यवस्थापन गर्ने विभिन्न उपकरणहरू रहेका हुन्छन्। खासगरी अल्पकालीन तरलता व्यवस्थापनका लागि रिपो, रिभर्स रिपो, अल्पकालीन निक्षेप संकलन, स्थायी निक्षेप सुविधालगायतका उपकरणहरू रहेका छन्। संरचनागत तरलताका लागि दीर्घकालीन रिपो, सोझै खरिद तथा सोझै बिक्री, दीर्घकालीन निक्षेप संकलन, नेपाल राष्ट्र बैंक ऋणपत्रलगायतका उपकरण रहेका छन्।

हाल मुलुकमा रहेको तरलता दीर्घकालीन प्रकृतिको भएकाले राष्ट्र बैंकले सोहीबमोजिमका उपकरणहरू उपयोग गरी तरलता व्यवस्थापन गरिरहेको छ। २०८२ पुसमा मात्रै बैंकले २ खर्बबराबरको एक वर्षे नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरेको छ। त्यसैगरी लामो समयावधिको निक्षेप संकलन उपकरणअन्तर्गत ८४ दिन एवम् १७५ दिनको निक्षेप संकलनमार्फत् ३ खर्ब ७० अर्ब रुपैयाँभन्दा बढी तरलता प्रशोचन गरेको छ। बैंक तथा वित्तीय संस्थासँग स्थायी निक्षेप सुविधामार्फत तरलता व्यवस्थापन गर्ने सुविधाको उपयोग पनि उल्लेख्य रहेको छ।

यसका अलावा तरलतालाई सरकारको आन्तरिक ऋण परिचालनको अवसरको रुपमा उपयोग गर्ने तथा कर्जाको माग विस्तारका लागि आवश्यक सहजीकरण गर्ने कार्य पनि भइरहेको नै छ। तर पनि व्यवसायीको मनोबल बढ्न सकेको छैन। नीतिहरूमा क्रमशः लचकता अपनाइँदै गइएको छ। यसले आगामी दिनहरूमा कर्जा विस्तारका लागि थप सहज हुने अपेक्षा गर्न सकिन्छ।

खासगरी लगानीकर्ता तथा व्यापार व्यवसायको मनोबल वृद्धि गरी कर्जाको माग वृद्धि गर्न सकिएमा हालको तरलता समस्याको स्थायी समाधान गर्न सकिन्छ। सरकारले पुँजीगत खर्च गर्न सकेको अवस्थामा निजी क्षेत्रको कर्जा माग समेत बढ्ने हुन्छ। यसबाहेक सरकारले कुनै विशेष परियोजनाका लागि ऋणपत्रमार्फत सस्तो ब्याजदरमा स्रोत परिचालन गर्ने अवसर पनि रहेको छ।

विगत दुई–तीन वर्षयतादेखि नै नेपालको अर्थतन्त्रमा समग्र माग विस्तार सुस्त रहेको अवस्था थियो। यसका पछाडि अन्तर्राष्ट्रिय आर्थिक परिस्थिति, नेपालबाट अन्य मुलुकमा भइरहेको उच्च आप्रवासन, न्यून पुँजीगत खर्चलगायतका कारणहरू विद्यमान थिए। गत भदौमा भएको जेनजी आन्दोलनका कारण लगानीकर्ता एवम् व्यापार व्यवसायीको मनोबल प्रभावित भएबाट समग्र मागका विस्तार झन सुस्त हुन पुगेको छ। यस्तो अवस्थाबाट अर्थतन्त्रको सुधार गर्नका लागि मुख्य रुपमा लगानीकर्ता एवम् व्यवसायको खस्केको मनोबलमा सुधार ल्याउन पर्नेछ। यसमा मुख्य भूमिका नेपाल सरकारले निभाउनुपर्दछ जस्तो मलाई लाग्छ। सरकारले यसका लागि पहल गर्ने, सरकारी संयन्त्रहरूमार्फत गर्नुपर्ने प्रक्रियाहरूलाई छिटो र सरल बनाउने जस्ता काम गर्न सक्नुपर्छ। साथै पुँजीगत खर्च बढाउनका लागि पनि सरकारले काम गर्न सक्नुपर्छ।

राष्ट्र बैंकले कर्जाको लागत एवम् उपलब्धतामा थप सहजीकरण गर्ने कार्य गर्न सक्दछ। विगतका वर्षहरूसँग तुलना गर्ने हो भने कर्जाको आपूर्ति पक्षमा बैंकले उल्लेख्य काम गरिसकेको पनि छ। त्यसैगरी निर्वाचन सम्पन्न भई नयाँ सरकार गठन भएमा हाल विद्यमान अनिश्चिततामा सुधार आउने र लगानी वृद्धि हुने वातावरण तयार हुने अपेक्षा गर्न सकिन्छ। राजनीतिक तथा आर्थिक स्थायित्व कायम गर्दै व्यावसायिक वातावरण सुधार गर्ने कार्यमा पनि सरकारको मूख्य भूमिका रहन्छ भने नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूले त्यसमा सहयोगी भूमिका खेल्नुपर्ने हुन्छ।

बैंक तथा वित्तीय संस्थाको नियामकका रुपमा राष्ट्र बैंकले आफ्नो भूमिका राम्रोसँग निभाउदै आएको छ। समग्र आर्थिक स्थायित्व तथा वित्तीय स्थायित्व कायम गर्दै आर्थिक गतिविधि विस्तार एवम् रोजगारी सिर्जनाका लागि बैंकले विभिन्न नीतिगत सहजीकरण गर्दै आएको छ। पछिल्लो समयमा कर्जाको माग विस्तार गर्न बैंकले सहज मौद्रिक नीति अवलम्बन गर्दै आएको छ भने समस्यामा परेका कर्जाहरूका लागि विभिन्न नियामकीय छुटहरू प्रदान गरेको छ। यसबाट निजी क्षेत्रले ७-८ प्रतिशत ब्याजदरमा कर्जा प्राप्त गर्नसक्ने स्थिति सिर्जना भएको छ भने बैंक तथा वित्तीय संस्थालाई आफ्नो सम्पत्ति गुणस्तर व्यवस्थापन गर्न तथा पुँजी पर्याप्तता कायम गर्न सहज भएको छ। यसले आगामी दिनमा थप सहज बनाउँदै लैजाने अवस्था सिर्जना हुँदै गएको समेत देखिन्छ।

★ ★ ★

# नेपालको आर्थिक रूपान्तरणको यात्रा

**निजी क्षेत्रले रोजगारी सिर्जना, राजस्व वृद्धि र मुलुकको अर्थतन्त्रको योगदानमा महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशतभन्दा बढी रहेको छ । तर पनि राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता र लगानीमैत्री वातावरणको अभावमा मुलुकले आर्थिक विकास र समुन्नतिमा सोचेअनुसारको सफलता हासिल गर्न सकेको छैन ।**



**चन्द्रप्रसाद ढकाल**
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

वि.सं २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि नेपालले खुल्ला बजार अर्थतन्त्रलाई आत्मसात गरेको थियो। २०४८ को आम निर्वाचनपछि बनेको सरकारले उदारबादी आर्थिक नीति लियो। त्यसले निजी क्षेत्रलाई प्रोत्साहन गर्दै वैदेशिक लगानीको ढोका खोल्यो। निजी क्षेत्रलाई खुला गरि एसँगै बैंकिङ, रेमिटेन्स, शिक्षा, स्थास्थ्य, पर्यटन, जलविद्युत्, सूचना प्रविधि जस्ता क्षेत्रमा छोटो समयमै ठूलो विस्तार भयो। जलविद्युत्, पर्यटन, कृषि तथा सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रले गरेको लगानीकै कारण उत्पादन, राज्यको सेवा प्रवाह र समग्र अर्थतन्त्रमा नै उल्लेख्य प्रगति भएको थियो।

यो अवधिमा निजी क्षेत्रले रोजगारी सिर्जना, राजस्व वृद्धि र मुलुकको अर्थतन्त्रको योगदानमा महत्वपूर्ण भूमिका खेलेको छ। त्यसपछिको करिब तीन दशकको अवधिमा नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशतभन्दा बढी भइसकेको छ। राजस्वमा र रोजगारीमा पनि निजी क्षेत्रको त्यतिकै महत्वपूर्ण योगदान रहेको छ। तर पनि राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता र लगानीमैत्री वातावरणको अभावमा मुलुकले आर्थिक विकास र समुन्नतिमा सोचे अनुसारको सफलता हासिल गर्न भने सकेन।

त्यो अवधिमा उदारीकरणले निजी क्षेत्रलाई लगानी खुला गरेका क्षेत्रहरूमा उल्लेख्य परिवर्तन भयो। जलविद्युत्, पर्यटन, बैंकिङ, सूचना प्रविधि, कृषि प्रशोधन तथा सेवा क्षेत्रको विस्तारसँगै उद्यमशीलताको पनि विकास भएको छ। तर, संरचनागत अवरोध, उच्च लागत, पूर्वाधारको कमी र नीतिगत अनिश्चितताले अपेक्षित गतिमा औद्योगिकीकरण हुन सकेन। गएको ३० वर्षमा मुलुकले आन्तरिक द्वन्द्व, भूकम्प, कोरोना महामारी, सीमा अवरोधदेखि ठूला-ठूला राजनैतिक परिवर्तनसमेत अनुभव गरेको छ। त्यसैले गर्दा आज पनि नेपालको उद्योग-व्यवसाय संक्रमणकालीन चरणमा नै छ। अवसर प्रशस्त छन्, तर लगानी बढ्न सकेको छैन। लगानीकर्ताहरू अझै पनि पर्ख र हेरको स्थितिमा रहेको अवस्था छ।

## अहिलेको अवस्था

जेनजी पुस्ताले गत भदौ महिनामा गरेको विद्रोहले मुलुकमा सरकार परिवर्तनसँगै नयाँ निर्वाचन प्रक्रिया अगाडि बढेको छ। आगामी फागुन २१ गतेका लागि नयाँ निर्वाचनको मिति तोकिएको छ। उक्त विद्रोहमा धेरै जनधनको क्षति हुन पुग्यो।

यसबाट निजी क्षेत्र पनि अछुतो रहन सकेन। निजी क्षेत्रले सञ्चालन गरेका धेरै उद्योग, कलकारखाना तथा व्यवसाय पनि यस विद्रोहको निशानामा परे। उद्योग, कलकारखाना र व्यवयायमा भएको तोडफोड र आगजनीले ठूलो क्षति पुर्‍यायो। यसले विभिन्न 'शक'हरूसँग जुधेर आएको निजी क्षेत्रलाई थप निराश बनायो।

सम्पत्तिको सुरक्षा तथा निजी क्षेत्रको सम्मानमा प्रश्न उठायो। लगानीका लागि आवश्यक वातावरण झन विग्रिदै गयो। अहिले पनि चुनौतीपूर्ण छ। जेनजी पुस्ताको विद्रोह पछि बनेको नयाँ सरकारकोतर्फबाट लगानीको वातार वरण बनाउनका लागि केही सुधारका प्रयासहरू भइरहेका छन्। सरकारले निजी क्षेत्रलाई उत्साहित बनाउने प्रयास त गरेको छ। तर, सम्पत्तिको सुरक्षा, कानुनी राज्य र राजनीतिक स्थिरता नभएसम्म नयाँ लगानी गर्न र लगानी विस्तार गर्न गाह्रो छ।

नेपाल उद्योग वाणिज्य महासंघले स्वदेश तथा विदेशमा लगानी सम्मेलनहरू आयोजना गरेर आन्तरिक तथा बाह्य लगानी बढाउने प्रयास गरिरहेको छ। नेपालमा अवसरहरू छन्। ऊर्जा, पर्यटन, कृषि प्रशोधन, औद्योगिक क्षेत्र जस्ता आधा दर्जनभन्दा बढी क्षेत्रहरू ठूलो सम्भावना रहेका क्षेत्र हुन।

तर, यी क्षेत्रहरूमा लगानी भित्र्याउन सबैभन्दा पहिले मुलुकभित्रकै निजी क्षेत्रको मनोबल उठाउन र उनीहरूलाई विश्वासमा लिन सक्नुपर्नेछ। स्वदेशी तथा विदेशी कुनै पनि लगानीकर्तालाई सुरक्षित र प्रतिफल दिने वातावरण चाहिन्छ। त्यसैले विदेशी वा स्वदेशी जुन कुनै लगानीका लागि सबैभन्दा पहिलो शर्त स्वदेशी लगानीकर्ताको मनोबन उच्च बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधार गर्दै उनीहरूलाई विश्वासमा लिएर अगाडि बढ्नुपर्छ।

डिजिटलाइजेशन र सामाजिक सञ्जालमा आम मानिसको सक्रियताले हरेक क्षेत्रमा उत्तरदायित्व र पारदर्शिताको माग गरेको छ। जुन दीर्घकालमा लगानीमैत्री हुन्छ। तर, छोटो अवधिमा नीतिगत स्पष्टता, कर प्रशासनको पूर्वानुमेयता र अनुज्ञा प्रक्रियाको सरलता अत्यावश्यक छ। स्थिर नीतिगत संकेत र समयबद्ध निर्णयले मात्र 'प्रतीक्षा'लाई 'निवेश'मा रूपान्तरण गर्छ। यसको लागि सरकारले नीति स्थिरता, प्रक्रिया सरलीकरण र पूर्वाधार यी तीन आधारमा ध्यान दिनुपर्छ। एकद्वार सेवा, डिजिटल अनुमतिपत्र र उद्योग सञ्चालनमा लाग्ने समय-लागत घटाउने कार्यक्रमहरू ल्याउन जरुरी हुन्छ।

निजी क्षेत्र केवल नाफा मात्र कमाउने होइन। रोजगारी, नवप्रवर्तन र सामाजिक उत्तरदायित्वको बाहक पनि हो। जबसम्म यो तथ्यलाई हामी सबैले आत्मसात गर्दैनौं तबसम्ब आर्थिक विकास र समृद्धि नारामा मात्र सिमित रहन्छ। निजी क्षेत्रको विस्तारमा वित्तीय क्षेत्र निर्णायक हुन्छ। उत्पादनमूलक क्षेत्रमा लक्षित कर्जा, दीर्घकालीन वित्त, र जोखिम-साझेदारीका साधन आवश्यक छन्।

पुँजी बजारसँग बैंकिङको समन्वय र परियोजना आधारित वित्तीय सहयोगले उद्योगलाई दिगो आधार दिनेछ। यसमा नीतिगत मार्गदर्शन र सहकार्यका लागि महासंले नेपाल राष्ट्र बैंकसँग निरन्तर संवाद गर्दै आएको छ। तर, अहिले बैंकिङ प्रणालीमा पर्याप्त तरलता हुँदाहुँदै लगानी नबढ्नुको कारण माग पक्षको अनिश्चितता र प्रक्रियागत जटिलता हो। यसको लागि परियोजना मूल्याङ्कन सरल र समयबद्ध बनाउने, सह-वित्तीय र ग्यारेन्टी संयन्त्र विस्तार गर्ने, साना तथा मध्यम उद्योगका लागि अनुकूल ब्याज र जमानत मापदण्ड बनाउने, निर्यातोन्मुख उद्योगलाई विशेष वित्तीय सुविधा उपलब्ध गराउने जस्ता कार्यक्रमहरू आवश्यक छन्।

अहिले नेपालमा उद्योग व्यवसायले भोगिरहेको अर्को ज्वलन्त समस्या सिपयुक्त जनशक्तिको अभाव हो। यसका लागि नीति निर्माता, राजनीतिक नेतृत्व, निजी क्षेत्र र शैक्षिक संस्थाबीच विशेष सहकार्य आवश्यक छ। उद्योग-शिक्षा सहकार्य, सिप-केन्द्रित पाठ्यक्रमको निर्माण र क्षेत्रगत क्लस्टर विकासले यसलाई समाधान गर्न सकिन्छ। महासंघले राष्ट्रिय आर्थिक गणना, क्षेत्रगत संवाद, र द्विपक्षीय व्यवसाय परिषद् जस्ता पहलमार्फत नीतिगत समन्वयलाई गति दिएको छ। महासंघले विभिन्न देशमा लगानी प्रर्वद्धनका लागि विशेष पहल र पैरवी गर्दै आएको छ। गत माघ महिनामा समेत महासंघले नेपाल-कतार संयुक्त व्यवसाय परिषद्को बैठक आयोजना गरि नेपालमा कतारी लगानी भित्र्याउन पहल गरेको छ।

## सरकारको भूमिका

उदार अर्थ व्यवस्थामा सरकारको भूमिका नगन्य मानिए पनि लगानीमैत्री वातावरण निर्माण सरकारले नै गर्नुपर्छ। नीतिगत स्थिरता, कर प्रणालीमा सुधार, पूर्वाधार विकासमा तीव्रता, भन्सार तथा डिजिटल व्यापार प्रणालीमा सहजीकरण र निजी क्षेत्रको संरक्षण तथा सम्मानमा सरकारले नीतिगत तथा कानुनी सहजीकरण गर्नुपर्छ।

त्यसैगरी, राजनीतिक दलहरूले आर्थिक मुद्दालाई प्राथमिकता दिनुपर्छ। सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडललाई बलियो बनाएर पूर्वाधार परियोजनामा लगानी बढाउनुपर्छ। सरकारले अवाञ्छित गतिविधिहरू नियन्त्रण गर्न कडा कदम चाल्नुपर्छ। भारतलगायत छिमेकी मुलुकसँग व्यापार तथा लगानी सहकार्यलाई परिणाममुखी बनाउन कस्टम्स, स्ट्यान्डर्ड र प्रविधि हस्तान्तरणमा सहजीकरण आवश्यक छ।

यसो भन्दै गर्दा सरकारसँग सहकार्य गर्दै हामीले निजी क्षेत्रको भूमिकालाई पनि सामाजिक उत्तरदायित्व, रोजगारी सिर्जना, निर्यात प्रवर्धन र राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाउनेतर्फ केन्द्रित गर्नुपर्दछ। निजी क्षेत्रलाई प्रतिस्पर्धी बनाउन सरकारको महत्वपूर्ण भूमिका रहन्छ।मुलुकभित्रका उद्यम व्यवसायलाई प्रतिषर्धी बनाउँदै वैदेशिक लगानी भित्राउने वातावरण तयार गर्नु आवश्यक हुन्छ।

लामो समयदेखि विभिन्न समस्या भोग्दै आएको निजी क्षेत्र कोभिड महामारी, रसिया-युक्रेन युद्धलगायत विभिन्न अन्तर्राष्ट्रिय समस्याले गर्दा मनोबल कमजोर बनाउदै बसेको अवस्थामा देशभित्र छरिएर रहेको आन्तरिक पुँजी संकलन गरेर पनि पूर्वाधारको काम गर्न सकिन्छ भनेर महासंघको अग्रसरतामा १० अर्ब रुपैयाँको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनी स्थापना गरेर हामीले काम सुरु गरेका छौं।

महासंघले निजी क्षेत्रले निर्वाध काम गर्न पाउने व्यवस्था गर्न राज्यलाई बारम्बार घच्घचाइरहेको छ। हालै, महासंघले उद्योग व्यवसाय क्षेत्रलाई राज्यको प्राथमिक महत्वको क्षेत्रका रुपमा घोषणा गरि लगानी प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको सहकार्यमा निजी क्षेत्रको संरक्षण र प्रवर्धन रणनीति घोषणा गरी कार्यान्वयन गरिनु पर्दछ भनेर सरकारसँग आग्रह गरको छ।

निजी क्षेत्र संरक्षण एवं प्रवर्धन रणनीतिअन्तर्गत उद्यमी व्यवसायीलाई व्यवसायिक सुरक्षाको सुनिश्चतता, उद्योग, व्यापार क्षेत्रलाई बन्द, हडताल निषेधित क्षेत्र घोषणा र व्यवसायिक वातावरण निर्माण गरी दिगो आर्थिक विकासको लागि निजी लगानीको प्रवर्धन र परिचालन गरिनु पर्दछ। यो अहिलेको आवश्यकता हो।

**निष्कर्ष**

गत भदौमा जेनजी पुस्ताका युवाहरूले उठाएको सबैभन्दा महत्वपूर्ण विषय सुशासन थियो। त्यसै पनि सुशासन अहिले राष्ट्रको सबैभन्दा महत्वपूर्ण विषय हो। सुशासन राज्यको समृद्धिको आधार हो। लगानी बिना रोजगारी हुँदैन, रोजगारी बिना समृद्धि हुँदैन र सुशासन बिना लगानी सम्भव हुँदैन।

त्यसैले नेपाल उद्योग वाणिज्य महासंघले सुशासनको विषयलाई प्राथमिकताकासाथ उठाउँदै आएको छ। विधिको शासन र सुशासन अभावले आम नागरिक, विशेष गरी युवा पुस्तामा कस्तो गहिरो निराशा र असर पैदा गर्छ भन्ने तथ्यलाई हालैको जेनजी पुस्ताको आन्दोलनले स्पष्ट देखाइसकेको छ। राज्यप्रणालीप्रतिको यो आक्रोस र अभिव्यक्तिले सुशासन केवल कानुनी विषय मात्र नभएर जनअपेक्षा र भविष्यको सुरक्षासँग जोडिएको गम्भीर मुद्दा हो भन्ने पुष्टि भएको छ। आर्थिक वृद्धि र राष्ट्रको समग्र विकासका लागि सुशासन अनिवार्य पूर्वसर्त हो भन्ने विषय निजी क्षेत्रले निरन्तर रूपमा उठाउँदै आएको छ।

अन्त्यमा, नेपालमा दिगो आर्थिक विकास र रोजगारी सिर्जना गर्दै अघि बढ्नका लागि सबै सरोकारवालाको संयुक्त प्रयास आवश्यक छ। स्थिर नीति, सुदृढ वित्तीय संरचना र उत्तरदायी निजी क्षेत्रको समन्वयले मात्रै उद्योग र व्यवसायको भविष्य उज्ज्वल बनाउन सकिन्छ। महासंघले उद्यमशीलता प्रवर्धन, लगानी सहजीकरण र अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्दै नीति निर्माणमा निजी क्षेत्रको सहभागितालाई प्राथमिकता दिएको छ। आगामी दिनहरूमा उत्पादन प्रतिस्पर्धात्मक बनाउने, निर्यात बढाउने र गुणस्तरीय रोजगारी सिर्जना गर्ने उद्देश्यमा हामी सबैको साझा प्रतिबद्धता हुनुपर्छ। यसका लागि, नीति निर्माताले लगानीमैत्री कानुनी संरचनाहरू बनाउनुपर्छ र नीतिगत स्पष्टता र स्थिरता सुनिश्चित गर्नुपर्छ। यसले लगानी वातावरणलाई स्थिर र विश्वासपूर्ण बनाउनेछ।

★ ★ ★

# नेपालको आर्थिक भविष्य र विकासका प्राथमिकता

**कन्ट्याक्टलेस र फेसलेस प्रणाली अपनाउँदा सरकारी सेवा प्रवाहमा पारदर्शिता, दक्षता र जनविश्वास वृद्धि हुनेछ । यसले दीर्घकालीन आर्थिक स्थिरता र उत्पादनशीलता बढाउनसमेत सहयोग पुऱ्याउँछ ।**




**वीरेन्द्रराज पाण्डे**
**अध्यक्ष**
**नेपाल उद्योग परिसंघ**


***दीर्घकालीन दृष्टिले नेपालले दिगो आर्थिक वृद्धिको मार्ग तय गर्न सक्छ***

नेपालको अर्थतन्त्र विगत केही दशकदेखि विभिन्न उतारचढाव, चुनौती र अवसरहरूका बीचमा अगाडि बढिरहेको छ। भौगोलिक रूपमा सानो भए पनि नेपाल प्राकृतिक स्रोतसाधन, सांस्कृतिक सम्पदा र मानव श्रमशक्तिले धनी देशको रुपमा परिचित छ। तर, यी स्रोत साधनहरूको प्रभावकारी उपयोग गर्न नसक्दा देशले अपेक्षित आर्थिक उन्नती हासिल गर्न सकेको छैन। आर्थिक संरचना, राजनीतिक अवस्था, नीतिगत कमजोरी, तथा बाह्य निर्भरता जस्ता कारणहरूले नेपालको आर्थिक विकासलाई प्रभावित गर्दै आएका छन्। यद्यपि, सही योजना र दीर्घकालीन दृष्टिकोण अपनाएमा नेपालले आफ्नो आर्थिक अवस्थालाई सुधार गर्न पर्याप्त सम्भावना बोकेको छ। वर्तमान अवस्थालाई बुझ्नका लागि अलिकति ऐतिहासिक पृष्ठभूमि हेर्न आवश्यक हुन्छ।

१९९० दशकको सुरुवातमा लागु भएको आर्थिक उदारीकरणले नेपालको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्यायो। यसले विशेषगरी वित्तीय क्षेत्रमा ठूलो खुलापन ल्यायो र उद्योग क्षेत्रमा पनि नयाँ अवसरहरू सिर्जना गऱ्यो। उदारीकरणका कारण नयाँ उद्योगहरू स्थापना भए, पुराना उद्योगहरूमा सुधार आए, र सरकारको स्वामित्वमा रहेका कम नाफा दिने उद्योगहरू निजीकरण गरियो। यस प्रक्रियाले आर्थिक गतिविधि बढाउन महत्वपूर्ण भूमिका खेल्यो। त्यस समयमा निजी क्षेत्रको विस्तारसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी पनि भित्रिन थाल्यो, जसले आर्थिक गतिविधिलाई अझ तीव्र बनायो। परिणामस्वरूप, नेपालको अर्थतन्त्रले करिब ९ प्रतिशतसम्मको आर्थिक वृद्धि हासिल गर्न सफल भयो। यसलाई पहिलो पुस्ताको आर्थिक सुधार (फस्ट जेनेरेसन इकोनोमिक रिफर्म) को उपलब्धि मानिन्छ। यसको प्रभाव आजसम्म पनि देख्न सकिन्छ। नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८० प्रतिशत हाराहारीमा रहेको छ र रोजगारी सिर्जनामा पनि निजी क्षेत्रकै उच्च योगदान छ। तर, त्यसपछि अपेक्षित स्तरका ठूला र परिवर्तनकारी सुधारहरू भने देख्न सकिएनन्। देशको राजनीतिक अवस्था झन् अस्थिर बन्दै गयो। विगतदेखि नै हरेक ७ देखि १२ वर्षको अन्तरालमा राजनीतिक परिवर्तनहरू भइरहने प्रवृत्ति देखिएको छ। जसले दीर्घकालीन योजना र नीतिको निरन्तरतामा असर पारेको छ। यसै कारणले दीर्घकालीन प्रभाव पार्ने ठूला पूर्वाधार परियोजनाहरू पनि पर्याप्त रूपमा विकास हुन सकेका छैनन्। यस अवधिमा यातायात, उड्डयन र ऊर्जा क्षेत्रमा सुरु भएका धेरै परियोजनाहरू पनि विभिन्न कारणले पछाडि धकेलिए। देशले एक समयमा १८ घण्टासम्मको लोडसेडिङको सामना गर्नुपऱ्यो। जसले उद्योग र व्यवसायलाई गम्भीर असर पाऱ्यो। त्यसमाथि सशस्त्र द्वन्द्व (इन्सर्जेन्सी) को समयमा देशको समग्र अवस्था निकै जटिल बन्यो। यस्तो परिस्थितिमा लगानी तथा

व्यवसाय फस्टाउने सम्भावना निकै कम भयो। यसपछि दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र नाकाबन्दी जस्ता घटनाहरूले अर्थतन्त्रलाई निरन्तर असर गरिरहे। त्यसैबीच भूकम्प र कोभिड-१९ महामारीजस्ता ठूला विपद्हरू आए, जसले आर्थिक गतिविधिलाई झन् कमजोर बनायो। महामारीपछि सरकारले ल्याएका नियन्त्रणमुखी नीतिहरूले पनि अर्थतन्त्रलाई थप सुस्त बनायो। यी सबै कारणहरूले गर्दा नेपालले दीर्घकालीन रूपमा उच्च आर्थिक वृद्धि कायम राख्न सकेन। राजनीतिक अस्थिरता पनि नेपालको आर्थिक विकासमा ठूलो बाधक बनेको छ। २०४७ सालदेखि ३५ वर्षको अवधिमा करिब ३० वटा सरकार परिवर्तन भएका छन्, जसको औसत कार्यकाल एक वर्ष जति मात्र रह्यो। २०४७ देखि २०६५ सालसम्मको अवधिमा मात्र पनि १४ वटा सरकार बने, जसले नीतिगत निरन्तरता र दीर्घकालीन योजना कार्यान्वयनमा अवरोध पुर्‍यायो। यही अवधिमा नेपालको आर्थिक वृद्धि दर करिब ४ देखि ४.५ प्रतिशतको आसपासमै सीमित रह्यो, जसले अर्थतन्त्रलाई ठूलो छलाङ मार्न दिएन। त्यसै समयमा छिमेकी देशहरू जस्तै भारत र चीन तथा दक्षिण-पूर्वी एशियाका अन्य देशहरूले ७/८ प्रतिशतको दरमा निरन्तर आर्थिक वृद्धि हासिल गर्दै अघि बढिरहेका थिए। नेपाल भने पछाडि परिरह्यो। २०७२ सालको भूकम्पपछि आर्थिक वृद्धि दर घटेर करिब ०.४३ प्रतिशतमा सीमित भयो। त्यसपछि पुनर्निर्माणका कामहरू तीव्र हुँदा अर्थतन्त्रमा सुधार आयो र वृद्धि दर करिब ९ प्रतिशतसम्म पुग्यो। तर, त्यसको केही समयपछि आएको कोभिड-१९ महामारीले अर्थतन्त्रलाई पुनः गम्भीर रूपमा प्रभावित गर्‍यो। उक्त अवधिमा आर्थिक वृद्धि नकारात्मक भएर -२.३७ प्रतिशतमा झर्‍यो। त्यसपछि अर्थतन्त्र विस्तारै सुधारतर्फ उन्मुख हुँदै थियो, तर महामारीका असर र त्यसपछि लागु भएका नीतिहरूले आर्थिक गतिविधिलाई पुनः कमजोर बनायो। कोभिड-१९ महामारीपछि अर्थतन्त्र केही हदसम्म सुधारतर्फ उन्मुख हुँदै थियो, तर विदेशी मुद्रा सञ्चिति तीव्र रूपमा घट्न थाल्यो। निजी क्षेत्रमा ऋण प्रवाह अत्यधिक बढेको अवस्थालाई नियन्त्रण गर्न भन्दै सरकारले बाध्यात्मक नीतिहरू लागु गर्‍यो। यस नीतिको प्रभावस्वरूप बजारमा माग घट्न गयो र अर्थतन्त्रले अपेक्षित गति लिन सकेन। यस्तो चुनौतीपूर्ण अवस्था करिब दुई वर्षसम्म कायम रह्यो। यस अवधिमा विशेषगरी उत्पादन, निर्माण र थोक तथा खुद्रा व्यापार जस्ता मुख्य क्षेत्रहरूमा गम्भीर असर पर्‍यो। यी क्षेत्रहरू नै वास्तविक अर्थतन्त्रका प्रमुख आधार हुन्, जसले दिगो आर्थिक वृद्धि कायम गर्न महत्वपूर्ण भूमिका खेल्छन्। २०७२/७३ सालमा उत्पादन र थोक तथा खुद्रा व्यापार दुवै क्षेत्र नकारात्मक वृद्धिमा गए। त्यसपछि २०७६/७७ सालमा पनि यिनै क्षेत्रहरूमा पुन गिरावट देखियो। कडाइपूर्ण नीतिहरू लागू भएपछि २०७९/८० र २०८०/८१ सालमा यी तीनवटै प्रमुख क्षेत्रहरू नकारात्मक भए। यसको समग्र प्रभावस्वरूप बजारमा ऋणको माग घट्यो, वस्तु तथा सेवाको खपत कम भयो, र उद्योगहरू केवल ३०/४० प्रतिशत क्षमतामा सञ्चालन हुन थाले। उत्पादन र व्यापार घट्दा सरकारको राजस्व पनि घट्यो। त्यसपछि नेपाल राष्ट्र बैंकले कार्यशील पुँजी (वर्किङ क्यापिटल गाइडलाइन्स) सम्बन्धी मार्गदर्शन लागु गर्‍यो। जसले ऋण लिने प्रक्रिया अझ कडाइ गर्‍यो। उद्योगहरू कम क्षमतामा सञ्चालन भइरहेका कारण नयाँ ऋण लिएर थप लगानी गर्ने क्षमता पनि घट्दै गयो। यी सबै कारकहरूको संयुक्त प्रभावका कारण बजारमा तरलता अत्यधिक भए पनि त्यसको उपयोग हुन सकेन। कर्जा नतिर्ने वा नतिर्न सक्ने अवस्थाका कारण 'ब्ल्याकलिस्ट' हुनेहरूको संख्या उल्लेखनीय रूपमा बढ्यो, जसले गर्दा आर्थिक गतिविधिमा उनीहरूको सहभागिता सीमित भयो। यसैसँगै खराब कर्जा (एनपीएल) पनि बढ्दै गयो, जुन अहिले संरचनात्मक समस्याको रूपमा देखिन थालेको छ। यसबीचका विभिन्न आन्दोलनहरू, विशेषगरी राजनीतिक आन्दोलनहरूले पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव पारे। भौतिक क्षति, मानसिक असर, लगानी-व्यवसायमा आएको अवरोध, रोजगारीमा आएको कमी, र अवसर हरूको ह्रास जस्ता कारणहरूले समग्र अर्थतन्त्रमा ठूलो असर परेको छ। यी सबै कारणहरूको संयुक्त प्रभावले नेपालको अर्थतन्त्र अहिले पनि कमजोर अवस्थामा रहेको देखिन्छ। निर्वाचनको समयमा हुने खर्चले अर्थतन्त्रमा केही सकारात्मक प्रभाव पार्न सक्छ, तर त्यसले दीर्घकालीन रूपमा ठूलो परिवर्तन ल्याउने सम्भावना भने कम हुन्छ।

वास्तविक प्रभाव तब देखिन्छ जब निर्वाचनपछि सरकार गठन हुन्छ र त्यसले स्पष्ट तथा लगानीमैत्री नीतिहरू ल्याउँछ। यदि सरकारले स्थायित्व देखाउन सक्यो र लगानीकर्तालाई आकर्षित गर्ने वातावरण सिर्जना गर्‍यो भने मात्र अर्थतन्त्रले गति लिन सक्छ भन्ने अपेक्षा गरिएको छ। अहिलेको अवस्थालाई हेर्दा पुँजीगत खर्च निकै कम देखिन्छ। चालु आर्थिक वर्षको पहिलो छ महिनामा पूँजीगत खर्च करिब १२ प्रतिशत मात्रै भएको छ, जुन अपेक्षाभन्दा निकै कम हो। बजेट विनियोजन भए पनि खर्च कार्यान्वयन कमजोर हुँदा विकास निर्माणका कामहरू अघि बढ्न सकेका छैनन्। साथै, सरकारी दायित्वहरू अन्य क्षेत्रमा बढ्दै गएका कारण पुँजीगत खर्चमा थप दबाब परेको छ। अर्कोतर्फ, ठूला परियोजनाहरूको घोषणा पनि खासै भएको छैन।

यदि सरकारले ठूला-ठूला परियोजनाहरू–जस्तै अर्बौं डलरका पूर्वाधार निर्माणको स्पष्ट घोषणा गर्छ भने त्यससँग सम्बन्धित उद्योगहरूमा

लगानी बढ्ने र बजारमा सकारात्मक सन्देश जाने सम्भावना हुन्छ। यस्तो अवस्थामा 'मल्टिप्लायर इफेक्ट' देखिन सक्छ, जसले समग्र आर्थिक गतिविधिलाई तीव्र बनाउन मद्दत गर्छ। तर यस्ता परियोजनाहरूको अभावमा अर्थतन्त्र सुस्त गतिमै रहने देखिन्छ। अब अगाडि बढ्दा मुख्य ध्यान दिनुपर्ने विषय भनेको उद्योग क्षेत्रको विस्तार हो। हाल उत्पादनमूलक क्षेत्रको योगदान जीडीपीमा-५ प्रतिशतभन्दा पनि कम छ भने समग्र उद्योग क्षेत्रको योगदान करिब १२ प्रतिशतको हाराहारीमा रहेको छ। यसलाई बढाएर लैजान सकियो भने मात्र रोजगारी सिर्जना, उत्पादन वृद्धि र आर्थिक विस्तार सम्भव हुन्छ। यससँगै उत्पादनशीलता बढाउने, समग्र प्रणालीको दक्षता सुधार गर्ने, र व्यवसायिक लागत घटाउनेतर्फ पनि ध्यान दिन आवश्यक छ। सुशासन, प्रशासनिक प्रक्रियालाई सरल र लगानीमैत्री वातावरण सिर्जना गर्नु अत्यन्त जरुरी छ। यी सबै सुधारहरू सफल बनाउन सबैभन्दा महत्वपूर्ण पक्ष भनेको राजनीतिक र नीतिगत स्थायित्व नै हो। स्थिर सरकार र लगानीमैत्री नीति तथा त्यस्ता नीतिहरूको निरन्तरता भएमा मात्र दीर्घकालीन योजना कार्यान्वयन गर्न सकिन्छ र लगानीकर्तामा विश्वास कायम हुन्छ। यसले मात्र नेपालको अर्थतन्त्रलाई दिगो रूपमा अघि बढाउन मद्दत गर्न सक्छ। नेपालमा सरकार परिवर्तन हुने क्रम निरन्तर भइरहँदा प्रत्येक नयाँ सरकारसँगै प्राथमिकता र नीतिहरू पनि परिवर्तन हुने गरेका छन्। नयाँ सरकार आउँदा नयाँ योजना र सोच आउँछ, तर ती प्रायः छोटो अवधिमै सीमित रहन्छन्। यसले दीर्घकालीन नीतिगत स्थायित्वलाई कमजोर बनाएको छ। यदि कम्तीमा पनि केही मुख्य नीतिहरू स्थिर राख्न सकियो भने विकास प्रक्रियामा निरन्तरता आउन सक्थ्यो। तर बारम्बारको परिवर्तनले नीतिगत अस्थिरता सिर्जना गरेको छ, जसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेको छ। यही कारणले गर्दा अहिलेको मुख्य आवश्यकता भनेको स्थिर सरकार हो भन्ने धारणा बलियो बन्दै गएको छ। स्थिर सरकार भएको अवस्थामा मात्र दीर्घकालीन योजना बनाउन र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्भव हुन्छ। विशेषगरी पूर्वाधार विकासका क्षेत्रमा यो समस्या झन् स्पष्ट देखिन्छ। नेपालमा ठूला परियोजनाहरूको प्राथमिकता निर्धारण र कार्यान्वयनमा कमजोरी देखिन्छ, जसका कारण ती परियोजनाहरू समयमै र तोकिएकै लागतमा सम्पन्न हुन सकेका छैनन्। उदाहरणका लागि, पश्चिम सेती जलविद्युत आयोजना सन् १९९३ मै अनुमतिपत्र प्राप्त गरेर सुरु गर्ने प्रयास गरिएको थियो, तर हालसम्म यसको निर्माण कार्य नै सुरु हुन सकेको छैन। त्यस्तै, बुढीगण्डकी जलविद्युत आयोजना पनि निर्णय प्रक्रियामा लामो समयदेखि अड्किएको छ। काठमाडौं-तराई द्रुतमार्ग (फास्ट ट्र्याक) जस्ता परियोजनाहरूमा पनि अपेक्षाभन्दा धेरै समय लागेको छ। यस्ता ठूला परियोजनाहरू समयमै सम्पन्न हुन नसक्दा तिनले अर्थतन्त्रमा पुऱ्याउनुपर्ने सकारात्मक प्रभाव प्राप्त हुन सकेको छैन। पूर्वाधार विकासमा ढिलाइ हुँदा उत्पादन, रोजगारी र लगानीमा अपेक्षित वृद्धि आउन सक्दैन।

यी सबै समस्याहरूको मूल कारणमध्ये एक प्रमुख कारण भनेको राजनीतिक र नीतिगत अस्थिरता हो। स्थायित्व कसरी कायम गर्ने भन्ने प्रश्न जटिल भए पनि, दीर्घकालीन विकासका लागि यो अत्यन्त आवश्यक छ। जबसम्म स्थिरता कायम हुँदैन, तबसम्म ठूला परियोजनाहरू प्रभावकारी रूपमा अघि बढ्न सक्ने अवस्था बन्न गाह्रो हुन्छ। विशेषगरी कर (ट्याक्स) नीतिको कुरा गर्दा नेपालमा हरेक वर्ष बजेटसँगै कर संरचनामा बारम्बार परिवर्तन हुने गरेको देखिन्छ। कहिले कुनै क्षेत्रमा कर छुट दिइन्छ भने केही समयपछि अचानक बढाइन्छ, फेरि घटाइन्छ। यस्तो अस्थिर नीतिले व्यवसायी र लगानीकर्तालाई दीर्घकालीन योजना बनाउन कठिन बनाउँछ। कुनै पनि क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ भने कम्तीमा ८/१० वर्षको स्पष्ट र निरन्तर नीति आवश्यक हुन्छ। यदि नीतिमा परिवर्तन गर्नुपर्छ भने पनि क्रमिक रूपमा गर्नुपर्छ। तर यस्तो निरन्तरता नहुँदा कर नीतिले अपेक्षित परिणाम दिन सकेको छैन।

प्रशासनिक नीतिहरूमा पनि ढिलासुस्ती र जटिलता देखिन्छ। प्रक्रियागत झन्झट धेरै हुँदा कामहरू सहज रूपमा सम्पन्न हुन सक्दैनन्। यसले विशेषगरी युवाहरूमा निराशा बढाएको छ। किनभने उनीहरूले अपेक्षा गरेजस्तो सहज सेवा प्राप्त गर्न सकिरहेका छैनन्। 'वन-स्टप सेवा केन्द्र' जस्ता पहलहरू सुरु भए पनि ती प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। केही सुधार देखिए पनि अझै पर्याप्त छैन। अर्को महत्वपूर्ण समस्या भनेको एउटै कामका लागि धेरै निकायबाट अनुमति लिनुपर्ने व्यवस्था हो। उदाहरणका लागि, एउटा जलविद्युत आयोजना सुरु गर्नका लागि १८/२० वटा विभिन्न निकायबाट अनुमति लिनुपर्ने अवस्था छ। यसले समय र लागत दुवै बढाउँछ। जसले लगानीकर्तालाई निरुत्साहित बनाउँछ। यस्तो बहु-निकाय प्रणालीलाई सरल र प्रभावकारी बनाउन आवश्यक छ। यससँगै प्रशासनिक प्रणालीमा कर्मचारीहरूको बारम्बार सरुवा पनि चुनौतीको रूपमा देखिन्छ। एउटै क्षेत्रमा विशेषज्ञता विकास गर्ने अवसर नपाउँदै कर्मचारीहरू एक मन्त्रालयबाट अर्को मन्त्रालयमा सारिने हुँदा विशेष ज्ञान र दक्षता विकास हुन सक्दैन। यसले सेवाको गुणस्तरमा असर पार्छ र निर्णय प्रक्रियालाई कमजोर बनाउँछ। अनुगमन तथा न्यायिक निकायहरूको प्रभावकारितामा पनि सुधार आवश्यक छ।

समग्र रूपमा हेर्दा राजनीतिक नेतृत्वको ध्यान प्रायः राजनीतिक मुद्दाहरूमा बढी केन्द्रित हुने गरेको छ, जसका कारण अर्थतन्त्रसम्बन्धी विषयहरू ओझेलमा पर्ने गरेका छन्। वास्तवमा अर्थतन्त्रलाई केन्द्रमा राखेर नीति निर्माण र छलफल हुन आवश्यक छ। उदाहरणका लागि आयात प्रतिस्थापन कसरी गर्ने, कृषि उत्पादनशीलता कसरी बढाउने, प्रति एकाइ जमिनबाट उत्पादन बढाउने, पोस्ट-हार्भेस्ट क्षति कसरी घटाउने जस्ता विषयमा गम्भीर बहस आवश्यक छ। साथै, कति रोजगारी सिर्जना भयो, उद्योगहरू कति बढे, जीडीपीमा कति योगदान पुग्यो, र अर्थतन्त्र कति विस्तार भयो भन्ने आधारमा सरकारको मूल्याङ्कन हुनुपर्छ।

यदि जनताले पनि यिनै आर्थिक सूचकहरूको आधारमा सरकारको कार्यसम्पादन मूल्याङ्कन गर्न थाले भने नीतिगत प्राथमिकताहरू स्वतः अर्थतन्त्र केन्द्रित हुनेछन्। अहिले कहिलेकाहीँ अर्थतन्त्र मुख्य एजेन्डाबाट बाहिर गएको जस्तो देखिन्छ। त्यसैले अबको राजनीति र नीति निर्माणमा अर्थतन्त्रलाई केन्द्रमा राख्न आवश्यक देखिन्छ। अर्को महत्वपूर्ण तत्व भनेको वार्षिक बजेट आउँदा त्यसमा विभिन्न संस्थाहरू, सार्वजनिक र सरकारी निकायबाट धेरै सुझावहरू प्राप्त हुन्छन्, जसबाट अन्ततः एउटा डकुमेन्ट तयार हुन्छ। तर, त्यहाँ उल्लेखित धेरै कुरा समयमै लागू नहुने हुनाले कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ। त्यस्तै, राजनीतिक पार्टीहरूको घोषणापत्रमा धेरै वाचा गरिएपनि ती पूरा नभएमा सर्वसाधारणमा असन्तुष्टि बढ्ने सम्भावना हुन्छ। प्रतिबद्धता र कार्यान्वयनबीच तालमेल नभएको खण्डमा नकारात्मक प्रभाव देखिन्छ। उद्योगी र व्यवसायीप्रति समाजको दृष्टिकोण पनि संकुचीत र आशंकाले हेरिने गरिएका छन्। केही प्रदेशहरूमा निजी क्षेत्रका संस्थाहरूमा आगजनी र लुटपाट जस्ता घटना भएका छन्। तथापि, व्यवसाय र उद्योगले आर्जित सम्पत्ति, तिर्ने कर, रोजगारी सिर्जना, र सेवा प्रवाहमार्फत अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँछ। व्यवसायलाई नकारात्मक रूपमा प्रस्तुत गर्ने, 'खराब तरिकाले कमाएको' भन्ने धारणा फैलिनु हानिकारक छ।

यसले नयाँ पुस्तालाई उद्योग र व्यवसायमा आकर्षित हुनबाट रोक्न सक्छ। समाजको दृष्टिकोण सुधार आवश्यक भएतापनि यो परिवर्तन तत्काल हुन नसक्ने भएकाले दीर्घकालीन दृष्टिकोण आवश्यक छ। स्थिर सरकारको उपस्थिति सुशासनका अनिवार्य छ। यसका लागि डिजिटल प्लेटफर्महरूको व्यापक प्रयोग आवश्यक छ। प्रशासनिक प्रणाली र प्रक्रियाहरूलाई सकेसम्म अटोमेट गरेर बारम्बार कार्यालय धाउनुपर्ने बाध्यता घटाउन सकिन्छ। कन्ट्याक्टलेस र फेसलेस सेवा प्रवाहको प्रणाली अपनाउँदा सरकारी सेवा प्रवाहमा पारदर्शिता, दक्षता र जनविश्वास वृद्धि हुनेछ। यसले दीर्घकालीन आर्थिक स्थिरता र उत्पादनशीलता बढाउन समेत सहयोग पुऱ्याउँछ। प्रणाली जति डिजिटलाइज र अटोमेट गरिन्छ, त्यति नै ट्रान्सपरेन्ट हुन्छ, ढिलासुस्ती घट्छ। अन्य देशहरूले पनि यस क्षेत्रमा प्रगति गरिसकेका छन्, त्यसैले त्यहाँबाट अनुभव लिन आवश्यक छ। कानुनी र नियामकीय क्षेत्रमा पनि सुधारको ठूलो सम्भावना छ। हालका अर्थमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले निजी क्षेत्र र सीएनआईसँग सम्बन्धित महत्वपूर्ण सिफारिसहरू प्रस्तुत गरेको छ। यस सन्दर्भमा, उद्योगलाई कसरी सेल्फ-सफिसियेन्ट बनाउने, कुन उद्योगलाई प्राथमिकता दिने, र कसरी समर्थन गर्ने भन्ने विषयमा स्पष्ट रणनीतिक रोडम्याप तयार गर्न आवश्यक छ। उद्योगको विकासका लागि स्पष्ट कार्यनीति आवश्यक छ।

औद्योगिक नीति भएतापनि कुन उद्योगलाई कसरी प्रवर्द्धन गर्ने, सुविधा र सुरक्षा कसरी प्रदान गर्ने भन्ने विषयमा एकीकृत फ्रेमवर्क आवश्यक छ। यसले उद्योगको दीर्घकालिन विकासलाई सहज बनाउनेछ। २८/३० वटा ऐन र नियमावली सुधारका लागि सुझावहरू दिइसकिएको छ। विशेष गरी जटिल प्रक्रियाहरू घटाउने, नियमलाई सरल र स्पष्ट बनाउने, र व्यावहारिक रूपमा कार्यान्वयन सजिलो बनाउने पक्षमा काम हुनुपर्छ। वाणिज्य सम्बन्धि अपराध, वित्तीय कसुरमा पनि पूर्व-जमानत र दोष-निर्दोष सुनिश्चित गर्ने वातावरण बनाउनुपर्छ। प्रविधिको प्रयोगले प्रशासनिक प्रक्रिया, निगरानी, र कार्यान्वयनलाई तीव्र र पारदर्शी बनाउनेछ। यससँगै, नयाँ पुस्ताको लागि अर्को जेनेरेसन आर्थिक सुधारको तयारी आवश्यक छ। अघिल्ला चरणमा उदारिकरणमार्फत गरिएका सुधारहरूले आधार तयार पारेको भए पनि, अब थप संरचनात्मक र रणनीतिक सुधारको आवश्यकता छ। हालको अवस्थामा, कर प्रणाली सुधारमार्फत भ्याट र आय करमा स्पष्टता ल्याउन आवश्यक छ। मल्टिपल ट्याक्सेसनका कारण भएका भ्रमहरू हटाउने र भ्याट प्रोभिजनहरूलाई स्ट्रिमलाइन गर्ने काम गर्नुपर्छ। छिमेकी राष्ट्रहरूमा, विशेष गरी भारतमा, ट्याक्स रेजिममा लगातार परिवर्तन भइरहेकाले नेपालले पनि प्रोएक्टिभ भएर कार्य गर्न आवश्यक छ, ताकि त्यसका प्रतिकूल प्रभावहरू राष्ट्रिय प्रणालीमा नपरोस्। औद्योगिकरणको दृष्टिले उत्पादनमुखी उद्योगहरूमा ध्यान केन्द्रित गर्नुपर्छ, जसले दीर्घकालीन रोजगार सिर्जना गर्ने र आन्तरिक राजस्व उत्पादन गर्नेछ।

यसरी क्यापिटल फर्मेसनलाई स्थायित्व दिने र घरेलु उत्पादनलाई प्राथमिकता दिने प्रणाली आवश्यक छ। विगतमा पाँच-सात वर्षअघि ३४ प्रतिशत रहेको क्यापिटल फर्मेसन हाल २२-२४

प्रतिशतमा झरेको छ, यसलाई पुनः उच्च स्तरमा ल्याउने रणनीति अपनाउनुपर्छ। उत्पादकत्व सुधारमा पनि ध्यान दिनुपर्छ। क्षेत्रीय रूपमा कामदारको उत्पादकत्व न्यून छ, त्यसैले मानव पूँजीलाई दक्ष बनाउन र प्रणालीलाई अधिक उत्पादक बनाउने लगानी आवश्यक छ। स्वदेशी वस्तुहरूको प्रयोग प्रोत्साहन र प्रवर्धन गर्नुपर्छ, विशेष गरी खुला सीमाना भएका व्यापारिक मार्गहरूमा अनधिकृत व्यापारलाई नियन्त्रण गर्नुपर्छ।

पूर्वाधारमा ठुलो लगानी आवश्यक छ। औद्योगिक उत्पादकत्व र व्यापारको कुल लागत प्रायः पूर्वाधारमा निर्भर गर्छ। विशेष गरी औद्योगिक क्षेत्र, सडक पूर्वाधार, प्रसारण लाइनजस्ता आधार भूत पूर्वाधार सुधार गर्न जरुरी छ। यी सुधारहरूले औद्योगिक उत्पादन बढाउने र व्यवसाय सञ्चालनको लागत घटाउने वातावरण तयार पार्छ। साना तथा मझौला उद्योग नेपालको औद्योगिक प्रणालीको मेरुदण्ड हुन्। हालका चुनौतीपूर्ण परिस्थितिमा यी उद्योगहरू अझै बढी जोखिममा छन्। कतिपय उद्योग बन्द भइसकेका छन्, केहीले आत्महत्या गर्नुपर्ने स्थिति सामना गरेका छन्। यसले देखाउँछ कि मझौला उद्योगलाई समर्थन गर्ने दीर्घकालीन कार्यक्रमहरू अपरिहार्य छन्। सूचना प्रविधि क्षेत्र अर्को ठूलो अवसर हो।

आईटीसम्बन्धी सेवा र पूर्वाधार जस्तै आईटी पार्क, डाटा सेन्टरहरू, डेटा माइनिङ र ऊर्जा खपत महत्वपूर्ण छन्। यसले स्वास्थ्य, शिक्षा र अन्य क्षेत्रका डिजिटल सेवा विस्तारमा सहयोग पुऱ्याउँछ। शिक्षा क्षेत्र नेपालको विश्वस्तरिय शैक्षिक गन्तव्य बन्न सक्ने सम्भावना छ। विदेशी विद्यार्थीहरूलाई आकर्षित गर्न र अन्तर्राष्ट्रिय स्तरको शिक्षा सेवा प्रवाह गर्न बाधा नपर्ने वातावरण बनाउन आवश्यक छ। ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता राम्रो भइरहेको छ। तर ऊर्जा उत्पादनलाई निर्यातभन्दा बढी स्थानीय उद्योग र उत्पादनलाई प्राथमिकता दिने वातावरण तयार पार्नुपर्छ। यसरी ऊर्जा स्थानीय स्तरमा प्रयोग हुँदा उत्पादन र सेवा निर्यात गर्दा मूल्य अभिवृद्धि हुनेछ। पर्यटन क्षेत्र अर्थतन्त्रका लागि अर्को महत्वपूर्ण क्षेत्र हो। हाल नेपालमा वार्षिक १०-१२ लाख पर्यटक आएका छन्। तर पूर्वाधार सुधार, मार्केटिंग, नीतिगत सुधार, नेपाल वायुसेवा निगमको क्षमता बढाइएमा ५० लाख पर्यटकसम्म पुऱ्याउन सकिने सम्भावना छ। एयरपोर्ट पूर्वाधार सुधार अत्यावश्यक छ। हालका इन्टरनेसनल एयरपोर्टहरू पूर्ण क्षमता अनुसार सञ्चालनमा छैनन्, जबकि निजगढ अन्तर्राष्ट्रिय एयरपोर्टको विकासलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक छ।

नेपाल एयरलाइन्सको टिकट मूल्य उच्च हुनु, एयरपोर्ट कन्जेशन, र अन्तर्राष्ट्रिय स्तरमा पहुँच असमानता जस्ता समस्याहरूलाई समाधान गर्नु आवश्यक छ। प्राकृतिक श्रोत साधनको सही उपयोग महत्वपूर्ण छ। वन क्षेत्रको आर्थिक उपयोग, खानीजन्य स्रोतहरूको व्यवस्थापन, निर्माणका लागि आवश्यक ढुंगा, बालुवा, गिट्टी जस्ता सामाग्रीहरूको स्केर्सिटी समाधान गर्न ध्यान दिनुपर्छ। नेपालको अर्थव्यवस्था १० वर्षमा हालको ४४-४५ बिलियन डलरबाट १०० बिलियन डलरमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ। त्यसका लागि आठवटा मुख्य सेक्टर पहिचान गरिएको छ। सूचना प्रविधि टुरिजम स्वास्थ्य र शिक्ष ऊर्जा खानी र खनिज कृषि पूर्वाधार यी क्षेत्रहरूको विकासमा अन्तर्राष्ट्रिय व्यापारको भूमिका, नियामकीय सहयोग, आवश्यक अतिरिक्त लगानी, र परियोजना प्राथमिकता निर्धारण महत्वपूर्ण छ। वार्षिक बृद्धि दर तय गर्दै कुन क्षेत्रहरूमा नियामकीय सुधार आवश्यक छ, र कुन परियोजनामा कति खर्च गर्नुपर्ने भनेर स्पष्ट रोड म्याप निर्माण गर्नुपर्नेछ।

स्थिर र पूर्वानुमानयोग्य नियामकीय प्रावधान तथा सरकारको अलाइनमेन्ट भएमा यी सबै क्षेत्रहरूले आर्थिक विकासमा योगदान पुऱ्याउनेछन्। यसले रोजगारी सिर्जना, जीवनस्तर सुधार, र युवाहरूमा भविष्यप्रतिको विश्वास बढाउनेछ। दीर्घकालीन दृष्टिले, पूर्वाधार सुधार, ऊर्जा सुरक्षा, पर्यटन प्रवर्द्धन, प्राकृतिक स्रोतको व्यवस्थापन, र स्पष्ट रोडम्यापमार्फत नेपालले दिगो आर्थिक वृद्धिको मार्ग तय गर्न सक्छ।

★ ★ ★

# अधिक तरलता र नागरिक लगानी कोष

**अधिक तरलताकै अवस्था कायम रह्यो भने नागरिक लगानी कोषका लागि मात्रै नभई सबै वित्तीय क्षेत्रमा चुनौती देखा पर्न सक्छ । त्यसैले केन्द्रीय बैंक, नेपाल सरकार र नियमनकारी निकायले समन्वय गरी अधिक तरलता अवस्था समाधान गर्नुपर्ने खाँचो देखिएको हो ।**




**शोभा श्रेष्ठ**
**निर्देशक**
**नागरिक लगानी कोष**


**पृष्ठभूमि**

बैंक तथा वित्तीय संस्थासँग तत्काल प्रयोग गर्न सकिने नगद तथा नगद सरहको सम्पत्ति मागभन्दा बढी हुनुलाई अधिक तरलता भन्ने गरिन्छ। तरलतामा जुनसुकै सम्पत्ति तुरुन्त खर्च वा भुक्तानीयोग्य रकममा परिणत हुन सक्ने क्षमता हुन्छ। बैंकिङ तथा वित्तीय क्षेत्रमा तरलतालाई लगानीयोग्य पुँजीका रूपमा लिइने गरिन्छ।

अधिक तरलताको सम्बन्ध कर्जासँग बढी जोडिएको हुन्छ। अहिले निक्षेपको अंश अधिक र कर्जाको अंश तुलनात्मक रूपमा कम भइरहेको छ। यसले कर्जा निक्षेप अनुपात कम रहेको देखाउँछ। यसलाई नै सिडी रेसियो भन्ने गरिन्छ। सिडी रेसियोले बैंकिङ प्रणालीमा रहेको निक्षेपको कति प्रतिशत रकम कर्जा प्रवाह भएको छ भन्ने अनुपात देखाउने गर्छ।

सिडी रेसियो कम हुँदा ब्याज आम्दानी कम हुन्छ। सिडी रेसियो बढी हुँदा कर्जा अत्यधिक रूपमा प्रवाह भई ब्याज आम्दानी बढ्ने गर्छ। तसर्थ वित्तीय अवस्थामा सन्तुलन कायम गर्न नियामक निकाय नेपाल राष्ट्र बैंकले सिडी रेसियोको सीमा निर्धारण गर्ने गर्दछ।

तरलताका दुई पक्ष छन्। अधिक तरलता र तरलता अभाव। तरलता अभाव भन्नाले वित्तीय प्रणालीमा नगद वा लगानीयोग्य रकमको कमी हुनुलाई बुझिन्छ। यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा प्रवाह गर्न पर्याप्त पैसा हुँदैन। जसले गर्दा बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकहरूलाई सहजै ऋण दिन सक्दैनन्।

वित्तीय प्रणालीमा अधिक तरलता भएको अवस्थामा अन्तर बैंक दर घट्छ। पछिल्लो समयमा वित्तीय प्रणालीमा अधिक तरलताको अवस्था कायमै रहेको छ। बैंक तथा वित्तीय संस्थाले घट्दो ब्याजदरमा पनि कर्जा लगानी बढाउन नसक्दा प्रणालीमा अधिक तरलता समस्या आएको हो। आर्थिक गतिविधि चलयामान हुन नसक्दा कर्जाको माग बढ्न सकेको छैन। रेमिटेन्स आप्रवाह बढेकाले वित्तीय प्राणालीमा निक्षेप बढेको छ।

अत्यधिक तरलताकै कारण ब्याज दर निरन्तर घट्दै गएको छ। तर कर्जा माग भने बढ्न सकेको छैन। यही कारण तरलता व्यवस्थापन बैंकहरूका लागि चुनौतीको विषय बन्न पुगेको हो। बैंक तथा वित्तीय संस्थामा अधिक तरलता र अर्कोतिर न्यून कर्जा माग भएका कारण बैंकहरूको ब्याज दर घट्दो अवस्थामा रहेको छ। अधिक तरलताको कारण निक्षेपकर्तालाई कम भए पनि ब्याज दिनु पर्ने अवस्थाले बैंकको लागतमा वृद्धि भइरहेको छ। कर्जा लगानी गर्न नसक्ने तर ब्याज भने दिनु पर्ने अवस्थाले बैंकको नाफामा दबाब सिर्जना गरिरहेको छ।

त्यसैले यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गइरहेको हो। बैंकिङ प्रणालीमा बढी भएको तरलतालाई केन्द्रीय बैंकले स्थायी निक्षेप सुविधा (एसडीएफ)मार्फत अत्यधिक तरलता खिच्ने कार्य गरिरहेको छ। यसमा,

वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले आफूसँग भएको अतिरिक्त नगद नेपाल राष्ट्र बैंकमा जम्मा गर्न सक्छन्। त्यसमा राष्ट्र बैंकले उनीहरूलाई निश्चित ब्याजदर प्रदान गर्ने गर्छ। चालु आवको पुस मसान्तसम्म यस्तो रकम ९ अर्ब रुपैयाँ रहेकोमा अहिले यो बढेर ११ अर्ब रुपैयाँ पुगिसेको छ। त्यसैगरी निक्षेप संकलन उपकरणतर्फ अल्पकालीन ऋण लिन ट्रेजरी बिल, केही लामो अवधिका लागि विकास ऋणपत्र जारी गरी तरलता प्रशोचन गर्ने कार्य पनि केन्द्रीय बैंकले गरिरहेको छ। राष्ट्र बैकले आफ्नै बन्ड जारी गरेर, रिभर्स रिपोबाट पनि तरलता प्रशोचन गर्ने गर्छ र गरिरहेको छ। तर, समस्या समाधान हुन सकेको छैन। बैंकिङ प्रणालीमा आवश्यक तरलता पठाउने, अधिक भएको समयमा प्रशोचन गर्ने कार्य नै खुला बजार कारोबार हो।

तरलता व्यवस्थापनमा वैधानिक तरलता अनुपात र अनिवार्य नगद मौज्दात अनुपात जस्ता बैंक तथा वित्तीय संस्थाहरूको तरलतालाई प्रत्यक्ष प्रभाव पर्ने उपकरणमाथिको निर्भरता कम गर्न आर्थिक वर्ष २०६१/६२ को मौद्रिक नीतिमार्फत सरकारी ऋणपत्रहरूको खरिद र बिक्री बोलकबोल, रिपो र रिभर्स रिपो बोलकबोलको सुरुवात भएको थियो।

तरलता व्यवस्थापनकै लागि राष्ट्र बैंकले 'खुलाबजार कारोबार विनियमावली २०७१' जारी गरेको हो। मौद्रिक नीतिको उद्देश्य प्राप्त गर्न राष्ट्र बैकले नियमित खुलाबजार कारोबार, आकस्मिक खुलाबजार कारोबार, संरचनात्मक खुलाबजार कारोबार गरी तीन किसिमका औजार उपयोग गर्दै आइरहेको छ। आर्थिक वर्ष २०७३/७४ देखि मौद्रिक नीति कार्यान्वयन गर्न ब्याजदर करिडोर संरचनामा आधारित बनाउन थालिएको हो। बैंक तथा वित्तीय संस्थाहरूको अल्पकालीन ब्याजदरमा स्थायित्व कायम गरी मौद्रिक लक्ष्य हासिल गर्ने नै नीतिको लक्ष्य हो।

**भूराजनीतिक तनाव र नेपाली अर्थतन्त्रमा प्रभाव**

पछिल्लो समय अमेरिका र इजरायलद्वारा इरानविरुद्ध सुरु गरिएको सैन्य कारबाहीले विश्व अर्थतन्त्रमा नयाँ चुनौती थपेको छ। फेब्रुअरी २०२६ को अन्त्यतिर सुरु भएको यो द्वन्द्व अहिले पश्चिम एसियाकै ठुलो सुरक्षा संकटको रूपमा विकसित भएको छ । यसको प्रभाव नेपाल जस्ता भूमि अवरुद्ध मुलुकमा समेत देखिन थालेको छ। इरानमाथिको आक्रमणपछि होर्मुज जलडमरूमध्य हुँदै हुने ऊर्जा आपूर्ति अवरुद्ध हुँदा विश्व बजारमा कच्चा तेलको मूल्य ८० डलर प्रतिब्यारेलभन्दा माथि पुगेको छ भने यो द्वन्द्व लम्बिएमा १०० डलर प्रतिब्यारेल पुग्न सक्ने अनुमान गरिएको छ ।

नेपालले भारतको इन्डियन आयल कर्पोरेसन (आइओसी) मार्फत पेट्रोलियम पदार्थ आयात गर्दछ। जसले खाडी मुलुकहरूबाट कच्चा तेल खरिद गर्दछ। यसर्थ अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यवृद्धिले नेपालको आयात लागत बढाउने र मूल्यवृद्धि चुलिने सम्भावना छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले यातायातदेखि उत्पादन लागतसम्म प्रभाव पारी समग्र अर्थतन्त्रमा मार पर्ने निश्चित छ।

यस द्वन्द्वको अर्को ठुलो प्रभाव रेमिटेन्समा पर्न सक्छ। खाडी मुलुकहरूमा करिब १९ लाख नेपाली कामदार रहेका छन्। नेपाल राष्ट्र बैंकका अनुसार कुल रेमिटेन्स आप्रवाहको करिब ४१ प्रतिशत खाडी मुलुकहरूबाट आउने गरेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा १७ खर्ब २ अर्ब रुपैयाँ रेमिटेन्स भित्रिएकोमा ६ खर्ब ७३ अर्ब रुपैयाँ खाडी मुलुकबाट भित्रिएको थियो। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र ४ खर्ब २२ अर्ब रुपैयाँ खाडी क्षेत्रबाट भित्रिएको छ । द्वन्द्व लम्बिएमा त्यहाँको अर्थतन्त्र कमजोर हुने र नेपाली कामदारको रोजगारी जोखिममा पर्न सक्ने देखिन्छ। यसले रेमिटेन्स प्रभावित हुने मात्र होइन, नयाँ वैदेशिक रोजगारीको अवसरसमेत सीमित हुने जोखिम छ।

यसैगरी संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतारलगायत मुलुकहरू नेपालको महत्वपूर्ण व्यापारिक साझेदार हुन्। यी मुलुकहरूबाट सुन, चाँदी, तामा, पोलिमर, रासायनिक मललगायत वस्तुको आयात हुने गरेको छ। द्वन्द्वले व्यापारिक मार्ग अवरुद्ध भई आयातमा समस्या आउन सक्छ । रासायनिक मलको आयात अवरुद्ध भएमा कृषि उत्पादनमा समेत असर पर्ने जोखिम छ।

**बाह्य अर्थतन्त्र**

नेपाली अर्थतन्त्रको बाह्य क्षेत्र मजबुत रहेको छ। विदेशी मुद्रा सञ्चिति लक्ष्यभन्दा धेरै रहेको छ। कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड छ। अमेरिकी डलरमा २२ अर्ब ४७ करोड पुगेको छ। यो चालु आर्थिक वर्षको मौद्रिक नीतिले लक्ष्य गरेभन्दा दोब्बरभन्दा बढी हो। चालु मौद्रिक नीतिमा सात महिनाबराबरको वस्तु तथा सेवा आयात गर्न पुग्ने सञ्चिति कायम गर्ने लक्ष्य राखेको थियो। मौजुदा विदेशी मुद्रा सञ्चितिले २१.४ महिनाको वस्तु आयात र १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने छ। सामान्यतया ६ महिनाको वस्तु तथा सेवा धान्ने विदेशी मुद्रालाई सन्तुलित मान्न सकिन्छ। बढी विदेशी मुद्रालाई आवश्यक पर्दा लगानी गर्न सकिने बाटो पनि छँदै छ। विदेशी मुद्रा अर्थात् डलर सञ्चिति पर्याप्त हुनु बाह्य क्षेत्र सुधारको राम्रो चित्र हो।

यसले आयातको भुक्तानी दिन सहज हुनेछ। उच्च आयात र न्यून निर्यात नेपाली अर्थतन्त्रको मूल विशेषता नै भएको छ। तर विदेशी विनिमय सञ्चिति पर्याप्त हुँदा भुक्तानीमा कुनै समस्या छैन। बरु के कसरी सदुपयोग गर्ने भन्ने अवसर भने सिर्जना गरेको छ। केही वर्षअघि दक्षिण एसियाकै एउटा मुलुक श्रीलंकासँग अत्यावश्यक वस्तु आयात

गर्ने विदेशी मुद्रा सञ्चिति नहुँदा अर्थतन्त्र टाट पल्टने अवस्था भयो। तर विगत तीन-चार वर्ष यताको वित्त तथा मौद्रिक नीतिको सफल प्रयोगको फलस्वरूप अहिले विदेशी मुद्रा सञ्चिति राम्रो छ। आयात, वैदेशिक अध्ययन र भ्रमणमा मात्रै विदेशी मुद्रा खर्च भइरहेको छ।

## पुँजीगत खर्चको अवस्था

चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्ममा पुँजीगत खर्च पाँच वर्षयताकै न्यून रहेको छ। वार्षिक बजेटमा पुँजीगत खर्चतर्फ ४ खर्ब ७ अर्ब ८९ करोड रुपैयाँ विनियोजन गरेकोमा उक्त बजेटको १२.२७ प्रतिशत मात्रै खर्च भएको छ। यो पछिल्ला पाँच आर्थिक वर्षहरूका तुलनामा सबैभन्दा न्यून हो। महालेखा नियन्त्रक कार्यालयका अनुसार पुससम्म ४९ अर्ब ४२ करोड रुपैयाँ खर्च भएको हो। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा वार्षिक लक्ष्यको १६.२९ प्रतिशत पुँजीगत बजेट खर्च भएको थियो। त्यसअघिका आव २०८०/८१ देखि २०७७/७८ को पुससम्ममा क्रमशः १६.४२, १४.०५, १३.५९ र १४.५७ प्रतिशतले बजेट खर्च भएको थियो। यी तथ्यांकलाई हेर्ने हो भने यस वर्षको पुससम्मको पुँजीगत बजेट खर्च सबैभन्दा कम देखिन्छ।

यसरी पुँजीगत खर्च हुन नसक्नु तर बैकिङ प्रणालीमा अधिक तरलताको अवस्था कायमै रहनुले विरोधाभासपूर्ण स्थिति सिर्जना भएको छ। राष्ट्र बैंकले बजारमा तरलता बढी भयो भनेर पैसा तानिरहने र अर्कोतर्फ पुँजीगत खर्च हुन नसक्दा अधिक तरलता सिर्जना गर्न यसले सहयोग पुऱ्याइरहेको देखिन्छ। न्यून पुँजीगत खर्चले समग्र अर्थतन्त्रलाई शिथिल बनाउँछ। पुँजीगत खर्च नहुँदा पुँजी निर्माण हुन सक्दैन। यसले आर्थिक वृद्धिलाई प्रभावित पारी अर्थतन्त्रलाई चलायमान हुनबाट रोक्ने कार्य गर्दछ।

वैदेशिक मुद्रा सञ्चिति बढ्नु सकारात्मक हो। तर, उक्त सञ्चितिलाई ढुकुटीमा मात्रै राखिराख्ने हो भने त्यसको पनि औचित्य कम देखिन सक्छ। पुँजीगत खर्च हुन नसक्नुमा अहिले जेनजी आन्दोलनलाई मात्रै दोष दिने कार्य भइरहेको छ। तसर्थ यसबाहेक अन्य कारण र आयोजनामा रहेका कमजोरीको पहिचान गरी पुँजीगत खर्च बढाउन सकेमा अधिक तरलताको अवस्थामा पनि सुधार आउने थियो।

पुँजीगत बजेट सबैभन्दा धेरै विकासे मन्त्रालयहरूका लागि विनियोजन गरिन्छ। भौतिक पूर्वाधार, सिँचाइ, ऊर्जा तथा जलस्रोत, सहरी विकास, खानेपानी जस्ता मन्त्रालयले बजेट खर्च गरेमा मात्रै समग्रमा पुँजीगत बजेट बढ्छ। अहिले बजेट धेरै हुने यिनै मन्त्रालयले खर्च बढाउन सकेका छैनन्।

## नीतिगत स्थिरता

निर्वाचन राजनीतिक प्रक्रिया मात्रै होइन। यसले देशको आर्थिक दिशा निर्धारण गर्छ। निर्वाचनमा देशको आर्थिक, सामाजिक तथा राजनीतिक भविष्य गाँसिएको हुन्छ। निर्वाचनकै आधारमा राजस्व नीति, मौद्रिक नीति र समग्र आर्थिक व्यवस्थापन कता जान्छ भनेर अनुमान गर्न सकिन्छ।

निर्वाचनले नै राजनीतिक स्थिरता प्रदान गर्ने भएकाले निर्वाचनले अर्थतन्त्रमा आशाको किरण थपेको छ। राजनीतिक स्थिरतापछि आर्थिक सुधार आउने अपेक्षा संसारका सबैजसो देशमा गर्ने गरिन्छ। निर्वाचनले नयाँ सरकार र नीतिगत स्थिरताको आशा जगाउने हुँदा लगानीकर्ताको मनोबलमा सुधार आउने अपेक्षा गरिएको छ। नयाँ सरकार आएपछि आर्थिक सुधारका नयाँ योजनाहरू आउने अपेक्षा बजारले गरेको छ। त्यसैले निर्वाचनलाई केवल राजनीतिक घटना मात्रै सीमित नराखी आर्थिक चलायमान बनाउने इन्धनको रूपमा लिने गरिएको छ।

निर्वाचन हार जितमा मात्रै सीमित नरही समग्र अर्थतन्त्रलाई गति प्रदान गर्ने एउटा महत्वपूर्ण आर्थिक उत्प्रेरक (इकोनोमिक स्टिमुलस) बनेको छ। निर्वाचनले थप्ने आर्थिक व्ययभार आफ्नो ठाउँमा रहे पनि यसले अर्थतन्त्र पुनरुत्थानको एउटा अवसर र राजनीतिक स्थिरता दिने आशा गर्न सकिन्छ।

राजनीतिक प्रणालीमा आवधिक निर्वाचनलाई अपरिहार्य सर्त मान्ने गरिएको छ। निर्वाचनबाट मात्रै ताजा जनादेश प्राप्त हुने हुँदा जनचाहनाअनुसार शासनमा बस्नेले जनादेशअनुसार काम गर्न सक्नेछन्। जनादेशका आधारमा सरकार परिवर्तन हुनुपर्छ। सरकार परिवर्तनसँगै जनादेशअनुसार नीति, योजना र कार्यक्रम बन्ने हुँदा देशको विकासमा यसले ठुलो योगदान पुऱ्याउनेछ।

त्यसैले निर्वाचनबाट बन्ने सरकारले नीतिगत स्थायित्वलाई उच्च प्राथमिकतामा राखेर अघि बढ्नु पर्नेछ। प्रगतिशील तौरतरिकाले नयाँ सरकारले नीति अगाडि सार्ने अपेक्षा आमनागरिकले गरेका छन्। यसतर्फ काम गर्न सकेमा नीतिगत स्थिरता कायम हुनेछ।

## कोषको लगानी

नागरिक लगानी कोषले चालु आर्थिक वर्षको पुस मसान्तसम्म विभिन्न क्षेत्रमा २ खर्ब ९८ अर्ब ६७ करोड रुपैयाँ लगानी गरेको छ। यो अवधिमा चालु दायित्व तथा व्यवस्थासमेत गरी कोषको ३ खर्ब १९ अर्ब ५० करोड रुपैयाँ कुल मौज्दात रकम रहेको छ भने कुल कोष मौज्दात भने २ खर्ब ९४ अर्ब ६५ करोड रुपैयाँ रहेको छ।

कोषले नेपालको सरकारको ऋणपत्रमा कुल लगानीको ४ दशमलव ३९, मुद्दती निक्षेपमा ४८ दशमलव ६८, समयकालीन कर्जाअन्तर्गत माथिल्लो तामाकोशी जलविद्युत परियोजना र नेपाल वायुसेवा निगममा गरी ८ दशमलव ७५, सहायक कम्पनीमा शून्य दशमलव ८४, सहभागी सापटी तथा आवास कर्जामा ४ दशमलव ७४ र संगठित संस्थाको सेयर

र धितोपत्रमा १० दशमलव ६० प्रतिशत लगानी गरेको छ। अधिक तरलताको कारण बैंकहरूले निक्षेप लिन नमान्ने अवस्थासमेत सिर्जना भइरहेको छ। कोषको अधिकांश लगानी बैंक तथा वित्तीय क्षेत्रमा रहेको अवस्थामा अधिक तरलतालाई केही हदसम्म न्यूनीकरण गर्न कोषले जलविद्युत् परियोजनामा थप लगानी गर्नेतर्फ काम गरिरहेको छ। वर्तमानमा देखिएको अधिक तरलता कम गर्न कोषले पूर्वाधार, निर्माण क्षेत्रमा पनि लगानी गर्ने सोच बनाएको छ।

**अधिक तरलता व्यवस्थापनका उपाय**

नेपालको बैंकिङ प्रणालीमा हाल करिब ११ खर्ब रुपैयाँभन्दा बढी अधिक तरलता रहेको छ। यसलाई व्यवस्थापन गर्न दीर्घकालीन रणनीति अपनाउनु आवश्यक छ। पहिलो, पुँजीगत खर्च बढाउनेतर्फ सरकारको ध्यान जानुपर्छ। बुढीगण्डकी, दुधकोशी जस्ता राष्ट्रिय गौरवका आयोजनालाई कम्पनी मोडलमा विकास गरी स्वदेशी पुँजी परिचालन गर्न सकिन्छ। यसले दीर्घकालीन लगानीको अवसर सिर्जना गर्नुका साथै अधिक तरलता उपयोग गर्न मद्दत पुग्छ।

दोस्रो, सार्वजनिक ऋण व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ। राष्ट्र बैंकले हालै मात्र २० अर्ब रुपैयाँको विकास ऋणपत्र निष्कासन गरेको थियो । यस्ता माध्यमहरूलाई निरन्तरता दिई दीर्घकालीन स्रोत परिचालन गर्न सकिन्छ। तेस्रो, निर्यात प्रवर्धन र आयात प्रतिस्थापनका कार्यक्रम ल्याउनुपर्छ। हालको अधिक तरलताको एक प्रमुख कारण उच्च रेमिटेन्स आप्रवाह हो। जसलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ।

चौथो, निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न नीतिगत स्थायित्व कायम गर्नुपर्छ। जेनजी आन्दोलनपछि निजी क्षेत्रको मनोबल खस्किएको छ । लगानीको सुरक्षाको प्रत्याभूति र नीतिगत स्थायित्व भए मात्र निजी क्षेत्रले कर्जा माग बढाउने छन्। पाँचौं, विदेशी मुद्रा सञ्चितिलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्छ। आयात भुक्तानीको लागि मात्र यस्तो ठुलो सञ्चिति राख्नुभन्दा पूर्वाधार विकास र ऊर्जा परियोजनामा लगानी गर्न सकिन्छ।

**निष्कर्ष**

कोषको लगानीको ठुलो हिस्सा वाणिज्य बैंकहरूको निक्षेपमा रहेको अवस्था कायमै छ। देशमा अधिक तरलताको कारण निक्षेपको ब्याजदर न्यून रहेको छ। यसले कोषको कारोबारमा पनि केही प्रभाव पारेको छ। हाल बजारमा रहेको अधिक तरलता व्यवस्थापन गर्न केन्द्रीय बैंक, नेपाल सरकार र नियमनकारी निकायबीच समन्वय भइरहेकाले यो समस्या समाधान हुने अपेक्षा गर्न सकिन्छ। अधिक तरलताकै अवस्था कायम रह्यो भने कोषका लागि मात्रै नभई सबै वित्तीय क्षेत्रमा चुनौती देखा पर्नेछ।

कर्जा मागमा आएको संकुचनले लगानी खुम्चिन थालेको कारण कर्जा प्रवाह न्यून लाभ दिने परियोजनामा जान सक्ने देखिएकाले यसतर्फ ध्यान दिई निर्वाचनपछिको जनादेश प्राप्त सरकारले अधिक तरलताको अवस्थालाई समाधान गर्ने अपेक्षा गरिएको छ। तर, पश्चिम एसियामा देखिएको नयाँ द्वन्द्वले भने नेपालको अर्थतन्त्रमा थप चुनौती थपेको छ। यसकारण सरकार, केन्द्रीय बैंक र निजी क्षेत्रबीच समन्वय गरी आन्तरिक उत्पादन बढाउने, आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्धन गर्नेतर्फ लाग्नु आजको आवश्यकता हो।

**सन्दर्भ सामग्री**

ग्वार्टनी, डि जेम्स, फेरारिनी, एच टनी। (२०७५), असल अर्थशास्त्र। नेपाल प्रोस्पेरिटी इन्स्टिच्यूट।

कोइराला, प्रदीपकुमार। (२०८२), विकास पत्रिका। नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार।

रानामगर, डा.उदय। (२०८२), आर्थिक सुशासन। काठमाडौं : पैरवी बुक हाउस प्रा.लि.

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, आर्थिक सर्भेक्षण, अर्थमन्त्रालय, सिंहदरबार।

समयापोस्ट। (मार्च ३, २०२६), मध्यपूर्वको तनावले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेमा चिन्ता। काठमाडौं।

The Kathmandu Post, (March 4, 2026) Conflict in West Asia jolts regional security, threatens Nepal’s economy .

The Kathmandu Post, (January 10, 2026) Nepal’s foreign exchange reserves hit Rs3.2 trillion as investment stalls.

The Kathmandu Post, (February 9, 2026) How confident is Nepal’s business community after the Gen Z uprising ?

★ ★ ★

# कर्मचारी प्रशासन र पदोन्नति व्यवस्था : एक विश्लेषण

बढुवाको सिद्धान्त उपयुक्त नभएमा वा बढुवा निष्पक्ष, न्यायपूर्ण र औचित्यपूर्ण भएन भने प्रत्युपादक बन्न पुग्दछ । सकारात्मक पाटोबाट हेर्दा बढुवाले कर्मचारीमा उत्प्रेरणा जगाउँछ । यसले कर्मचारीलाई जागरुक, दक्ष एवम् सिर्जनशिल हुन मद्दत गर्दछ ।



**नबराज खड्का**
**निर्देशक**
**नागरिक लगानी कोष**

**कर्मचारी प्रशासन**

नेपाली बृहत शब्दकोषका अनुसार प्रशासन भन्नाले "कुनै कार्यालयका विभिन्न समस्याहरूको प्रबन्ध/राज्य, प्रदेश, जिल्ला, पालिका आदिको सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक आदि समस्याको नियन्त्रण वा समाधान गर्ने कार्य" बुझिन्छ। यसै परिभाषालाई आधार मान्दा कर्मचारी प्रशासन भन्नाले कर्मचारीको संचालन, ब्यबस्थापन, नियन्त्रण अर्थात् नियुक्ति, सरुवा, बढुवा, पद वर्गीकरण, अवकाश, निवृतिभरण, तालिम, दण्ड, पुरस्कार आदि सम्पुर्ण प्रकृयाहरूको समष्टी रुपलाई बुझिन्छ।

प्रशासन यन्त्रलाई संचालन गर्ने जिम्मेवारी कर्मचारीहरूमा रहन्छ। नियम, कानून, नीति, कार्यक्रम आदि निर्जिव कुरा हुन् ति आफै लागु हुदैनन्। मानवीय प्रयासले मात्र यी निर्जिव कुराहरूलाई व्यवहारमा ल्याउँछ अर्थात् प्रशासनलाई मानवीय तत्वले मात्र गतिशिल बनाउँछ। यसको सोझो अर्थ जनशक्ति अर्थात् कर्मचारी उपयुक्त र दक्ष भएन भने जस्तोसुकै योजनारकार्यक्रम, सिद्धान्त रउद्देश्य, लक्ष्य केवल कागजमा मात्र सिमित हुन पुग्छ। यसर्थ, प्रशासन संयन्त्रमा मानवीय पक्षको महत्व असाध्यै बढी छ। यही मानव पक्षको प्रशासनलाई नै कर्मचारी प्रशासन हो।

कर्मचारी प्रशासनले कुनै पनि संघ, संस्था वा संगठनको दक्ष ब्यबस्थापनको लागि योजना निर्माण गर्ने, कार्यान्वयनको लागि निर्देशन दिने र नियन्त्रणको ब्यबस्था गर्ने कार्य गर्दछ। समग्रमा भन्नुपर्दा असल प्रशासनको लागि आवश्यक धेरै तत्वहरू जस्तो अर्थ, संगठन, बिधिविधान, नेतृत्व, नैतिकता आदिको संयोजन हुनुपर्दछ तापनि यी सवैको केन्द्रमा 'जनशक्ति' रहेको हुन्छ अर्थात् प्रशासनको सर्वोच्च तत्व 'कर्मचारी' हो।

स्थायी, दक्ष, पेशेवार एवम् कार्यकुशलहरूको सेवाको रुपमा कर्मचारी प्रशासनले कुनै पनि सँघ संगठनको नीति, योजना, लक्ष्य, उद्देश्य र कार्यक्रमहरूलाई जिम्मेवारीपुर्ण ढँगले कार्यान्वयन गर्ने कार्य गर्दछ। कुनै पनि संगठनको सफलतारअसफलता त्यसको कर्मचारीहरूको कार्यकुशलतामा निर्भर गर्दछ। कर्मचारीहरू सक्षम, निष्पक्ष, उत्पादनशील, सेवामुखी, मितब्ययी र उत्तरदायी भएको खण्डमा मात्र संगठनको विकास सम्भव छ। तसर्थ, यिनै वास्तविकतालाई दृष्टिगत गर्दै समग्र कर्मचारीहरूलाई एउटा निश्चित घेराभित्र राख्न निजहरूसंग सम्बन्धित ऐन, कानून, नीति, नियम, निर्देशिकाहरू तर्जुमा भएका हुन्छन्।

**पदोन्नति व्यवस्था** (Promotion)

र्मचारीले उन्नतिको अवसरलाई बडो गम्भिरतापुर्वक लिएका हुन्छन्। कर्मचारीहरूलाई बढुवा अर्थात् पदोन्नतिको अवसर नदिई प्रशासन ब्यबस्थालाई दक्ष एवंम प्रभावकारी बनाउन असम्भव प्रायः हुन्छ। कार्यकुशल

एवम् सिर्जनशिल कर्मचारीहरू कै सामूहिक प्रयत्न (Collective efforts) बाट मात्र प्रशासन यन्त्र दक्ष बन्ने हो। एकल प्रयासले मात्र प्रभावकारी सेवा सुविधा प्रदान गर्न असम्भव छ। यसरी कार्यकुशल बन्न कर्मचारीहरूलाई उत्प्रेरणा आवश्यक पर्दछ। पदोन्नती भन्दा ठुलो प्रेरक तत्व कर्मचारीलाई अरु हुन सक्दैन तथापि बिकासोन्मुख राष्ट्रको सन्दर्भमा पदोन्नती जस्तो संवेदनशील विषय जसको सोझो सम्बन्ध मानविय संबेदनासंग जोडिएको हुन्छ, लाई दीर्घकालिन सोचसमझ बिना समय समयमा संशोधन एवम् परिमार्जन गर्ने गरेको पाईन्छ। त्यस्तै गरी, पदोन्नती चाहने कर्मचारी वर्गले पनि यसलाई निर्णयकर्तालाई स्वतन्त्र र निष्पक्ष मुल्यांकनको अवसर नदिई आफनो अधिकारको रुपमा लिई विभिन्न तवरले सतही ब्याख्या विश्लेषण गरी प्रभावमा पारी आफ्नो अनुकूलतामा पार्ने प्रयास जारी राख्ने गरेको पाईन्छ। यद्धपी बढुवार पदोन्नती भनेको हाल गरी आएको जिम्मेवारी भन्दा अझ धेरै कठिन र बृहत उत्तरदायित्व लिनुपर्ने नियुक्ति भन्ने बुझेको पाईदैन। केवल पद, वृत्ति र सुबिधाको विकासको रुपमा मात्र लिने गरेको पाईन्छ। पदोन्नतिबाट केवल पद र तलब भत्ता सुबिधाको मात्र उन्नति नभई कर्मचारीको कर्तब्य, दायित्व, अधिकार एवम् जवाफदेहिता समेतको बृद्धि हो भन्ने नबुझेसम्म बढुवा निष्प्रयोजन हुन जान्छ। यसरी कर्मचारीको नजरमा बढुवाको उपादेयता संगठन र समाजमा आफनो पदीय रवाफ देखाउने माध्यम र तलब सुबिधाको बृद्धि हो भने नियुक्ति दिने अधिकारीको दृष्टिमा बढुवा भनेको हाल सेवामा बहाल रहेका प्रतिस्पर्धिहरू मध्येबाट उत्कृष्ट व्यक्तिको छनौट गरी माथिल्लो पद पूर्ति गर्नु हो।

बढुवाको सिद्धान्त उपयुक्त नभएमा वा बढुवा निष्पक्ष, न्यायपूर्ण र औचित्यपूर्ण भएन भने प्रत्युपादक बन्न पुग्दछ। सकारात्मक पाटोबाट हेर्दा बढुवाले कर्मचारीमा उत्प्रेरणा जगाउँछ, यसले कर्मचारीलाई जागरुक, दक्ष एवम् सिर्जनशिल हुन मद्धत गर्दछ। बढुवाको अवसर नहुने हो भने सेवाप्रति कर्मचारीहरू आकर्षित हुदैनन्। प्रशासनलाई सबल र गतिशिल बनाई राख्न बढुवा प्रथा अवलम्बन गर्नु जरुरी हुन्छ। बढुवा प्रथाले कर्मचारीहरूमा राम्रो कार्य गरे ढिला चाडो एकदिन निश्चय अवसर पाईन्छ भन्ने भावना रहन्छ। यसले कर्मचारीमा आफनो योग्यता र दक्षता बढाउन निरन्तर प्रोत्साहित गरिराख्दछ। बढुवाको सिद्धान्त साधारणतयाः दुईवटा रहेका छन् जसमा १. जेष्ठताको सिद्धान्त र २. योग्यताको सिद्धान्त।

### ज्येष्ठताको सिद्धान्त

बढुवामा जेष्ठताको सिद्धान्त सवैभन्दा पुरानो हो। यो सरल र स्पष्ट सिद्धान्त हो। नोकरी बर्षको गणना गरी बढी समय नोकरी गरेको व्यक्तिलाई सवैभन्दा पहिलो अवसर दिने सिद्धान्त नै जेष्ठताको सिदान्त हो। यद्धपी यसका सकारात्मक र नकारात्मक दुवै पक्ष त्यत्तिकै तर्कयुक्त छन्। यसका सकारात्मक पाटोलाई हेर्दा जेष्ठता प्रमाणमा आधारित हुन्छ। जेष्ठताले अनुभवलाई जोड दिन्छ। पालैपालो बढुवा हुने हुँदा निष्पक्ष र न्यायोचित मानिन्छ। यसका बेफाईदाहरू पनि त्यतिकै रहेको छ : जेष्ठता दक्षताको मापदण्ड हुन सक्दैन। यसले कार्यकुशलता बृद्धीलाई जोड दिदैन, नयां पुस्ताका कर्मचारीहरूले दक्षता बृद्धिको लागि प्रयास गर्दैनन्। यसले योग्य र दक्ष कर्मचारीलाई पदोन्नतिको अवसरबाट विमुख बनाउँछ।

### योग्यताको सिद्धान्त

यो सिद्धान्तले जेष्ठताको सिद्धान्तमा रहेको कमीकमजोरीलाई कम गर्ने प्रयत्न गर्दछ। यसको मुल ध्येय योग्य व्यक्तिले मात्र बढुवा पाउनु पर्दछ अर्थात् योग्यता नै बढुवाको आधार हो भन्ने मान्दछ। संघ संगठनको सफलता कर्मचारीको योग्यतामा निर्भर रहन्छ। तसर्थ, योग्यता पनि बढुवाको लागि त्यतिकै महत्वपुर्ण तत्व हो। कार्यसम्पादन गर्न योग्य छ र उसको शैक्षिक योग्यता लगायतका अन्य अत्यावश्यक योग्यताहरू उच्च छ भने उसले पदोन्नतिको अवसर पाउनुपर्छ भन्ने सिद्धान्त हो यो। यद्यपि शैक्षिक योग्यता उच्च भएपनि समयमा कार्यसम्पादन नगर्ने गैरजिम्मेवार कर्मचारीहको हकमा हाल कायम रहेको बढुवाको मुल तत्वको मुल्यांकनबाट सही व्यक्तिको छनौट गर्न सकिने ब्यबस्था भए तापनि कतिपय मुल्यांकनकर्ता र सुपरिवेक्षकको कमजोरीको कारण अर्थात् सबैसंग साखुल्य हुन चाहने जस्ता गैरजिम्मेवार प्रवृत्तिका कारण त्यसको प्रयोजन निरर्थक बन्ने गरेको पाईन्छ। त्यस्तो प्रवृत्तिका कारण संगठनलाई अहित हुने त पक्कै छ। साथै, मुल्यांकनकर्ताको मुल्यांकन क्षमतामा नै प्रश्न उठ्छ भन्ने सामान्य ज्ञान समेत नभएकाहरूबाट संगठनको स्वरुप नै कुरुप हुन्छ।

### समस्या र चुनौती

संगठनको हित भन्दा आफनो हकहितलाई सर्वोपरी ठान्ने प्रबृत्ति, हाजिर गर्ने बाहेकको अन्य कार्य गर्नुपर्दा अतिरिक्त सुबिधाको माग गर्ने मनोबृत्ति, संगठनको हितमा नै समग्र कर्मचारीको हकहित सुरक्षित रहन्छ भन्ने सामान्य ज्ञान समेतको अभाव भएकाहरूको जमातको बढोत्तरी, संगठनलाई आफ्नो करियर बिकास गर्ने प्लेटफर्म बनाउने प्रबृत्ति, करियर एडजष्टमेन्टको नाममा जे गर्न पनि तयार हुने डरलाग्दो सोचाईको बृद्धि, संगठनमा मेरो के योगदान रह्यो ? भन्ने भन्दा विभिन्न प्रकारले अनुचित दवाव र प्रभावमा पारी संगठनबाट मैले के लिन सके ? भन्ने भावना भएकाहरूको चर्को

स्वर आदि समग्र कर्मचारी प्रशासनको समस्याको हो । उल्लेखित समस्याहरू धेरथोर सबै कार्यालयहरूमा रहेको पाईन्छ केवल यसको मात्रा मात्र फरक पर्ने हो ।

त्यस्तै गरी, हाल बजारमा देखिएको परिवर्तनशिल (Demographics) ले प्रतिभाशाली व्यक्तिहरूको प्रतिस्पर्धालाई प्रोत्साहन गर्दै लगेको छ र प्रतिभाशाली व्यक्तिहरूलाई आकर्षित गर्न र सेवामा बहाल राख्न बढी कठिन हुदै गएको छ । प्रतिभाको विकास र पहिचान गर्दै उत्तम व्यक्तिको छनौट गर्ने प्रकृया कायम राख्न अझ चूनौतिपूर्ण भएको छ ।

**निष्कर्ष र समाधान**

समाधान बिनाको समस्या हुदैन । समस्याले नै समाधानको विकल्पहरू लिएर आएका हुन्छन् । माथि उल्लेखित प्रबृतिगत समस्याहरू पनि साधारणतयाः दुई प्रकारका हुन्छन् जसमा बंशानुगत प्रबृत्ति र संस्कारगत प्रबृत्ति । यिनीहरूको कुनै गणितिय समाधान हुदैन । संस्कारगत प्रवृत्तिको लागि अल्पकालिन र बंशानुगत पवृत्तिको लागि दीर्घकालीन गरी दुई प्रकृतिका कार्यक्रमहरू संचालन गर्नु पर्दछ ।

हाम्रो जस्तो विविधतामुलक समाज र संस्कृतिबाट उत्पादित व्यक्तिहरूबाट निर्मित कर्मचारी संगठन भित्र विविध सोचाई र दृष्टिकोण रहनु स्वभाविक छ । त्यस्तो सोचाईमा रहेको विविधतालाई एकत्रित गरी सेवाप्रति ईमान्दार रहने सकारात्मक सोचको विकास नै समस्या समाधानको पहिलो खुडकिलो हो । हरेक कुरालाई सकारात्मक ढँगबाट लिने परिपाटीको थालनीले समस्याको समाधानमा ठोस योगदान पुऱ्याउँछ । हरेक कर्मचारीमा केही न केही क्षमता रहेकै हुन्छ उसमा अर्न्तनिहित उक्त क्षमताको पहिचान गरी सोही अनुसारको जिम्मेवारीको निर्धारण र क्षमता बृद्धिको अवसर प्रदान गर्दै जानु आवश्यक छ । नयां नियुक्ति हुने तथा बढुवा हुने कर्मचारीहरूको संलग्नता सुनिश्चित गर्नको लागि अवलम्बन गर्नुपर्ने आधार भूत प्रकृयाहरू मध्ये एउटा प्रकृया हो अभिमुखिकरण । सही अभिमुखिकरण कार्यक्रमले कर्मचारीहरूलाई संगठनमा अझ बढी प्रभावकारी र दक्ष ढंगबाट एकीकृत हुन सहयोग पुऱ्याउँछ । कर्मचारी र निजको प्रतिभाको उचित ब्यबस्थापनमा यसले मद्दत गर्दछ ।

वर्तमान ईतिहासको विरासत हो भने भविष्यको मार्गदर्शन हो । ईतिहासलाई गाली गरेर आफनो दायित्व पुरा भयो भन्ने प्रबृत्तिलाई परित्याग गर्दै विगतका राम्रा पक्षहरूलाई निरन्तरता दिई भविष्यमा आईपर्ने चुनौतिहरूको विश्लेषण गर्दै सोही अनुरुपको ब्यबस्थापनको विकास आजको प्रमुख चुनौती हो ।

कर्मचारी प्रशासन तथा बढुवा सम्बन्धी जति नै राम्रो नीति नियमको तर्जुमा भएपनि 'जता बलियो उतै ढलियो' भन्ने चमेरो र छेपारो प्रवृतिका कर्मचारीहरूको घेराबन्दीबाट मुक्त नभएसम्म तथा आफनो अनुकूलतामा प्रशासन चलोस् भन्ने मान्यता राख्ने प्रणाली रहेसम्म व्यवहारमा त्यसको औचित्य शून्य हुन्छ र कर्मचारी प्रशासन असक्षम, गैरजिम्मेवार र असंबेदनशील व्यक्तिहरूको अखडा बन्न गई संगठनको मेरुदण्डको रुपमा रहेको कर्मचारी नै सेतो हात्ती हुनपुग्दछ । यहाँनेर स्मरणनीय छ स्वामी विवेकानन्दको उक्ति 'परिवर्तन गर्नु छ भने पहिले आफैबाट शुरु गर्नुस' । तसर्थ, ब्यवस्था परिवर्तन भन्दा अवस्था परिवर्तनलाई जोड दिनु जरुरी छ ।

★ ★ ★

# समृद्धिका लागि लगानी र राजनीतिक स्थायित्व

**सरकारले अर्थतन्त्रको पुनरुत्थानका लागि आवश्यक पहल गर्नुका साथै उच्च आर्थिक वृद्धिका लागि सार्वजनिक व्यस्थापनलाई बलियो बनाउनुपर्ने देखिन्छ । पूर्वाधार आवश्यकताहरू पूरा गर्न कुल ग्रार्हस्थ्य उत्पादनको कम्तीमा १० देखि १५ प्रतिशत लगानी आवश्यक हुन्छ ।**




**अमृतबहादुर अधिकारी**
**वरिष्ठ उपनिर्देशक**
**नागरिक लगानी कोष**


विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन नेपाल डेभलपमेन्ट अपडेटका अनुसार सन २०२५ मा ४.६ प्रतिशतमा रहेको नेपालका आर्थिक वृद्धिदर २०२६ मा घटेर २.१ प्रतिशत हुने अनुमान गरिएको छ। २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको धनजन र पूर्वाधारमा भएको क्षतिका कारण अर्थतन्त्रमा संकुचन देखा पर्ने अनुमानका साथ यो तथ्याक सार्वजनिक गरिएको हो। आन्दोलनका कारण निजी क्षेत्रमा भएको भौतिक क्षति एकातिर छदैंछ अर्को महत्वपूर्ण पाटो भनेको लगानीकर्ताहरूको मनोवलमा आएको गिरावट पनि एक हो। संयोग पनि कस्तो छ भने यतिवेला बैंकिड क्षेत्रमा तरलता वृद्धि हुँदै गइरहेको छ। तर निजी क्षेत्र हतोत्साहित हुँदा कर्जा माग बढ्न सकेको छैन। अर्कोतिर सरकारले गर्ने पुँजीगत खर्च पनि निकै दियनिय अवस्थामा भएको देखिन्छ। त्यसैले अर्थतन्त्रमा संकुचन देखा पर्नु अस्वभाविक होइन।

यतिवेला देशमा आन्तरिक सरकार छ। यो भनेको चुनावी सरकार हो। अर्थात् चुनाव भई नयाँ सरकार गठन नहुन्जेलसम्मका लागि निर्माण गरिएको अस्थायी सरकार हो। त्यसैले चुनावी सरकारले जतिसुकै निजीमैत्री योजनाहरू ल्याए पनि त्यसले दिगो रूप लिन पाउने/नपाउने भन्ने विषयमा स्पष्ट हुँदैन। अर्कोतिर सरकारले यही वर्ष अर्थात् फागुन २१ गते चुनाव गर्ने भएकोले यसले सार्वजनिक खर्चमा चाप सिर्जना गराउने हुँदा पुँजीगत खर्चका निम्ति श्रोत अभाव गराउन सक्छ। आव २०८२/८३ मा छुट्याइएको बजेट हेर्ने हो भने पनि कुल १९ खर्ब ६४ अर्ब ११ करोड विनियोजन गरिएकोमा पुँजीगततर्फ ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत बजेट विनियोजन गरिएको छ। नेपालको सन्दर्भमा एकातिर पुँजीगत खर्चका लागि बजेट न्यून हुने र अर्कोतिर विनियोजित बजेट पनि समयमा खर्च हुन नसक्ने प्रवृत्ति छ। यही नै नेपालको सार्वजनिक खर्चको विडम्बना हो।

सरकारले गर्ने पुँजीगत खर्च मात्र होइन, निजी क्षेत्रको लगानी पनि क्रमशः संकुचित बन्दै गएको छ। बजार माग संकुचनले निम्ताएको संघर्षमा जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रमा भएको क्षतिका कारण लगानीकर्तामा थप निराशा र शंका उत्पन्न गराएको छ। यस्तो अवस्थामा बाह्य लगानी मात्र होइन, आन्तरिक लगानी समेत प्रभावित बनेको छ। नेपाल राष्ट बैंकले प्रकाशन गरेको चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको तथ्यांक हेर्ने हो भने बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ३ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा हेर्ने हो भने यस्तो वृद्धिदर क्रमशः १३ र ७.३ प्रतिशत रहेको देखिन्छ। यस प्रकार निक्षेप र

कर्जा वृद्धिदरका बीच देखिएको ठूलो अन्तरका कारण बैंक तथा वित्तीय क्षेत्रमा अधिक तरलताको अवस्था विद्यमान छ। तर, त्यसलाई लगानीको रुपमा प्रवाह गर्न निजी क्षेत्रसँग जोखिम मोल्ने चाहना र सामर्थ कमजोर हुँदै गएको देखिन्छ। यस प्रकार नेपालमा एकातिर सरकारले गर्ने पुँजीगत खर्च पनि सोचेजस्तो बढ्न सकेको छैन भने निजी क्षेत्रको लगानी पनि विस्तार हुन सकेको देखिदैन। त्यसैले मुलुकमा उत्पादन, रोजगारी र आम्दानी जस्ता महत्वपुर्ण बृहत आर्थिक चरहरू संकुचनमा रहेका छन। यही कारणले अर्थतन्त्र विस्तार हुन नसकेको हो। परिणामस्वरुप आर्थिक वृद्धिमा पनि यसले असर पारेको देखिन्छ।

नेपालमा पुँजीगत खर्च शीर्षकमा न्यून बजेट विनियोजना हुने र त्यसमाथि विनियोजित रकम नै खर्च नहुने परिपाटीले आर्थिक विकासले लक्ष्यलाई झन पछि पारेको देखिन्छ। कुनै परियोजनामा कुल लागतको ३० प्रतिशत श्रममा खर्च हुने अर्थशास्त्रीय मान्यता छ। यसलाई आधार मान्ने हो भने पनि पुँजीगत खर्च पर्याप्त नहुँदा रोजगारीका अवसरहरू सिर्जना हुन सकेको छैन। त्यसले गर्दा पनि हरेक वर्ष लाखौको संख्यामा युवाहरू वैदेशिक रोजगारीको मुख ताक्नुपर्ने अवस्था विद्यमान रहेको छ। अर्कोतिर राजस्वले साधारण खर्चसमेत धान्न कठिन अवस्था छ। तर, सरकारले यसको नियन्त्रणका लागि खासै पहल गरेको देखिदैन।

यतिवेला अर्थतन्त्रलाई गति दिन पुनर्निर्माणमा जोड दिनुपर्ने हो। त्यसो त निजी क्षेत्रको विश्वास पुनःस्थापना गर्न र पुनरुत्थानलाई गति दिने नेपाल सरकारले एकिकृत व्यावसायिक पुनरुत्थान योजना पनि सार्वजनिक गरिसकेको छ। यसका लागि अनुदान, कर छुट तथा सञ्चालन सहयोगलगायतका सुविधाहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउने संयन्त्रको विकास हुनु अति आवश्यक छ।

सरकारले अर्थतन्त्रको पुनरुत्थानका लागि आवश्यक पहल गर्नुका साथै उच्च आर्थिक वृद्धिका लागि सार्वजनिक व्यस्थापनलाई बलियो बनाउनु पर्ने देखिन्छ। पूर्वाधार आवश्यकताहरू पूरा गर्न कुल ग्रार्हस्थ्य उत्पादनको कम्तीमा १० देखि १५ प्रतिशत लगानी आवश्यक हुन्छ। यस सन्दर्भमा नेपालको पछिल्ला केही दशकको सार्वजनिक पुँजीगत खर्चलाई हेर्ने हो भने पूर्वाधारका आवश्यकताहरू पुनः गर्न चाहिने लगानीको तुलनामा निकै न्यून रहेको देखिन्छ। त्यसैले अवका दिनहरूमा सार्वजनिक वित्त व्यवस्थापन चालु खर्च कटौती र पुँजीगत खर्चमा उदार नीति ल्याउनु आवश्यक छ। राजनीतिक स्थिरता र पुँजीगत खर्चको वृद्धिसँगै भौतिक पूर्वाधारहरूको विकास विना निजी क्षेत्रको लगानी वृद्धि हुन नसक्ने भएकोले यसतर्फ पनि सचेत हुनु जरुरी छ। देशमा विद्यमान निरन्तरको अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गराएकै हो। बेलैमा यसतर्फ ध्यान नदिने हो भने मुलुकमा बढ्दो श्रम पलायनसँगै पुँजी पलायन पनि बढ्न सक्ने देखिन्छ।

विश्व बैंकको प्रतिवेदनले पनि समृद्धिको सुरुवातका निम्ति सार्वजनिक लगानी बढाउनुपर्ने तर्क गरेको छ। यसले आर्थिक वृद्धि सुधारका साथै उत्पादन, रोजगारी र आय वृद्धिमा सकारात्मक भूमिका निर्वाह गर्न सक्छ। माल्दिभ्स र श्रीलंकासहित नेपालका लागि खटिएका विश्व बैंकका डिभिजन डाइरेक्टर डेभिड सिस्लेनको भनाइलाई आधार मन्ने हो भने पनि परियोजनाहरू निर्माण र बजेटिङको सुदृढीकरण गर्ने, जग्गा अधिग्रहण र रुख कटान प्रक्रियाहरू सुव्यवस्थित गर्ने, रकम व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, सार्वजनिक खरिद ऐन तथा नियमावलीहरूमा संशोधन गर्नेलगायतका विषयहरूलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

अर्थतन्त्रमा लगानीको दोहोरो प्रभाव पार्छ। एकातिर यसले आम्दानी बढाएर मागमा वृद्धि गराउँछ भने अर्कोतिर अर्थतन्त्रको उत्पादन क्षमता बढाउँदै आपूर्तिमा पनि वृद्धि गराउछ। जसले गर्दा आर्थिक वृद्धिमा पनि सहयोग गर्छ। फलस्वरुप लगानीमा पुनः वृद्धि हुन्छ। अर्थात् अर्थतन्त्रका अवरोधहरू नभएको अवस्थामा लगानीमा हुने वृद्धिले अर्थतन्त्रमा चक्रिय प्रभाव पार्छ। अर्थशास्त्री जे.एम.किन्सले पनि अर्थतन्त्रमा आम्दानी, उत्पादन र रोजगारी वृद्धि गर्न लगानी वृद्धि गर्नुपर्ने कुरामा जोड दिन्छन। उनका अनुसार लगानीले प्रभावकारी मागमा वद्धि गरी अर्थतन्त्रमा गुणक प्रभाव पार्छ। जसले गर्दा अर्थतन्त्रलाई पहिलेको भन्दा माथिल्लो अवस्थामा पुऱ्याउँछ।

उत्पादन, आम्दानी र रोजगारी बढाउन, आर्थिक वृद्धि गर्न, मानव संसाधनको विकास गर्न लगानी आवश्यक हुन्छ। यसका साथै प्राविधिक विकास गर्न, उच्च एवं दिगो विकास गर्न, गरिबी निवारण गर्न र आय असमानता कम गर्न, भौतिक पूर्वाधारको विकास गर्न, वैदेशिक व्यापारलाई आफ्नो अनुकुल गराउन, अर्थतन्त्रको क्षेत्रगत विकास गर्न र औद्योगिक क्रान्तिबाट मुलुकलाई शाक्तिशाली बनाउन लगानी अपरिहार्य हुन्छ। त्यसैले अहिले विकसित हुन या अविकसित सबै मुलुकले लगानी बढाउने भरपुर प्रयास गरेको देखिन्छ। तर, नेपालको सन्दर्भमा अस्थिर राजनीतिको छायाले गर्दा अर्थतन्त्रको गति सधै सुस्त

छ। यसलाई सबै पक्षले गम्भीर रुपमा लिई अगाडि बढनु जरुरी छ।

सार्वजनिक बजेटलाई प्रभावकारी नबनाएसम्म कुनै पनि किसिमका लगानी भित्रिने वा थपिने हुन सक्दैन। सार्वजनिक बजेटमा प्रभावकारिता ल्याउन सरकारी कर्मचारीहरूबाट हुने ढिलासुस्तीमा सुधार ल्याउनु आवश्यक छ। अर्कोतिर आर्थिक वर्षको अन्त्यतिर (असार महिनामा गरिने अत्यधिक) खर्च गर्ने परिपाटीलाई पनि निस्तेज गर्नु आवश्यक देखिन्छ। यसले खर्चको गुणस्तरमा समेत प्रश्न गर्ने ठाउँ निर्माण गर्छ। पुँजीगत खर्चको प्रभावकारीताबाट सरकारको सक्षमता मापन गरिने भएकाले पनि पुँजीगत खर्चको निराशाजनक चरित्रलाई बदल्नु सरकारको दायित्व हुन आउँछ।

इति बेला बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा विस्तारका लागि पर्याप्त श्रोत रहेको छ। यस सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ का लागि विस्तारकारी मौद्रिक नीति लिइएको छ। यो मौद्रिक नीतिले कर्जा वृद्धि गर्ने र ब्याजदर घटाउने प्रयास गरेको छ। त्यसो त ब्याजदर घट्दै गइरहेको छ। तर, कर्जा भने लक्ष्यअनुसार वृद्धि हुन सकेको छैन। कर्जा विस्तारका निम्ति ब्याजदर घटाएर मात्रै हुँदैन भन्ने कुरा अहिलेको अवस्थाले प्रमाणित गरिसकेको छ। त्यसैले उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तारका लागि सरकारले लिने वित्तीय नीति पनि उत्तिकै जिम्मेवार हुनुपर्छ। त्यसैले अवका दिनमा सरकारले पुँजीगत खर्च बढाउने, वैदेशिक ऋणलाई उत्पादनसँग जोड्ने र निजी लगानी आकर्षित गर्ने खालका कार्यक्रमहरू ल्याउनु जरुरी छ। यसो गर्न सकियो भने मात्र देशको आर्थिक वृद्धि बढाउन सकिन्छ।

विश्व बैंकले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनमा नेपाल डेभलपमेन्ट अपडेटले सन २०२६ मा नेपालको आर्थिक वृद्धिदर घटेर २.१ प्रतिशत हुने विषयले अर्थतन्त्रप्रति संवेदनशील बन्न सचेत बनाएको देखिन्छ। अबका दिनहरूमा राजनीतिक दल एवम् नागरिक समाज सबैले अर्थतन्त्रको सबलीकरणका लागि स्वार्थरहित भई काम गर्नुपर्ने देखिन्छ। जबसम्म अर्थतन्त्रप्रति संवेदनशील भइदैन, जतिसुकै राजनीतिक परिवर्तनले पनि आम जनताको दैनिकीमा खुसी भर्न सक्दैन। त्यसैले देश र जनतालाई उकास्न राजनीतिक अस्थिरताको निकासतर्फ केन्द्रित हुनु जरुरी छ। यसका साथै सार्वजनिक वित्त व्यवस्थापनमा सरकार संवेदनशील हुनुपर्छ। यसो भयो भने मात्र आन्तरिक एवं बाह्य लगानी आकर्षित गर्न सकिन्छ। परिणामस्वरुप देशमा उत्पादन, रोजगारी र आम्दानीको चक्र बलियो बन्न सक्छ। आर्थिक वृद्धि उकास्न देशको केन्द्रीय बैंकले पनि पर्याप्त तरलतालाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि मौद्रिक नीतिमा सहजता र लचकता अपनाउनु आवश्यक देखिन्छ। सबैतिरबाट राजनीतिक स्थायित्वसँगै अर्थतन्त्र उकास्ने साझा प्रयास हुन सके मात्र मुलुकको आर्थिक भविष्य राम्रो बन्न सक्ने कुरामा कसैको पनि दुई मत हुन सक्दैन।

★ ★ ★

# पर्यटनबाट आर्थिक-सामाजिक रूपान्तरण

पर्यटनको विकासले होटल, रेस्टुरेन्ट, यातायात, ट्रेकिङ, गाइड सेवा, हस्तकला, कृषि, स्थानीय उत्पादन तथा सेवा क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गर्छ । गाउँ-गाउँमा होमस्टे सञ्चालन, स्थानीय खानाको प्रवर्धन, सांस्कृतिक कार्यक्रमको आयोजनाजस्ता गतिविधिले स्थानीय समुदायलाई आर्थिक रूपमा सशक्त बनाउँछन् ।



**दीपकराज जोशी**
प्रमुख कार्यकारी अधिकृत
नेपाल पर्यटन बोर्ड

नेपाल प्रकृति, संस्कृति र आध्यात्मिकताको अनुपम संगम हो। संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथादेखि भगवान् बुद्धको जन्मस्थल लुम्बिनी, पशुपतिनाथको धार्मिक आस्थादेखि जनकपुरको सांस्कृतिक धरोहर, तराईका थारु बस्तीहरूको मौलिक जीवनशैलीदेखि हिमाली भेगका सरल र शान्त गाउँहरूसम्म नेपालको विविधता नै यसको सबैभन्दा ठूलो शक्ति हो। यही प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र जीवनशैलीको विशिष्टताले नेपाललाई विश्व पर्यटन नक्सामा छुट्टै पहिचान दिलाएको छ। नेपालमा पाइने हिमाल, पहाड र तराईको भौगोलिक विविधता, अनेकौं भाषा, धर्म, परम्परा र चाडपर्वले देशलाई अझ आकर्षक बनाएको छ।

तर, यो पहिचान केवल गर्व गर्ने विषय मात्र होइन। यो नेपालका लागि ठूलो सम्भावना र जिम्मेवारी पनि हो। सही योजना, दिगो सोच र प्रभावकारी व्यवस्थापन गर्न सकियो भने पर्यटन नेपालको आर्थिक समृद्धिको मुख्य आधार बन्न सक्छ। नेपालजस्तो विकासोन्मुख देशका लागि पर्यटन यस्तो क्षेत्र हो। जसले कम लगानीमा पनि ठूलो प्रतिफल दिन सक्छ। यसले ग्रामीण क्षेत्रसम्म रोजगारी सिर्जना गर्छ। स्थानीय उत्पादनलाई बजार दिन्छ। साना तथा मझौला व्यवसायलाई प्रोत्साहन गर्छ र समग्र आर्थिक गतिविधिलाई चलायमान बनाउँछ।

पर्यटनको विकासले होटल, रेस्टुरेन्ट, यातायात, ट्रेकिङ, गाइड सेवा, हस्तकला, कृषि, स्थानीय उत्पादन तथा सेवा क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गर्छ। गाउँ-गाउँमा होमस्टे सञ्चालन, स्थानीय खानाको प्रवर्धन, सांस्कृतिक कार्यक्रमको आयोजनाजस्ता गतिविधिले स्थानीय समुदायलाई आर्थिक रूपमा सशक्त बनाउँछन्। यसका साथै, पर्यटनले सडक, सञ्चार, स्वास्थ्य र सरसफाइ जस्ता पूर्वाधार विकासमा पनि योगदान पुऱ्याउँछ। जसको फाइदा स्थानीय बासिन्दाले पनि पाउँछन्।

आजको विश्वमा पर्यटन केवल घुमफिर र मनोरञ्जनको माध्यम मात्र नभई विश्व अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ बनेको छ। विदेशी मुद्रा आर्जन, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सांस्कृतिक आदानप्रदान र देशको सकारात्मक छवि निर्माणमा पर्यटनको ठूलो भूमिका हुन्छ। नेपालजस्तो देशका लागि त यो झन् ठूलो अवसर हो। किनभने यहाँको प्राकृतिक सुन्दरता, जैविक विविधता, धार्मिक तथा सांस्कृतिक सम्पदा विश्वका अन्य देशहरू भन्दा फरक र आकर्षक छन्।

यदि दिगो पर्यटन विकासलाई प्राथमिकता दिइयो भने यसले वातावरण संरक्षण, सांस्कृतिक सम्पदाको जगेर्ना र स्थानीय समुदायको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँन सक्छ। योजनाबद्ध लगानी, गुणस्तरीय सेवा, प्रभावकारी प्रचारप्रसार र नीति-निर्माणमा स्पष्टता ल्याउन सकेमा नेपालले विश्वस्तरमा पर्यटन गन्तव्यको रूपमा अझ सशक्त पहिचान बनाउन सक्छ। त्यसैले नेपालको दीर्घकालीन आर्थिक विकास,

रोजगारी विस्तार, गरिबी न्यूनीकरण र सन्तुलित क्षेत्रीय विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाउनु आजको आवश्यकता हो ।

पर्यटनको गुणक प्रभावः अर्थतन्त्रलाई चलायमान बनाउने शक्ति

पर्यटनको सबैभन्दा महत्वपूर्ण पक्ष यसको 'गुणक प्रभाव' हो । यसको अर्थ, एक जना विदेशी पर्यटकले खर्च गरेको पैसा केवल एउटा क्षेत्रमा सीमित हुँदैन, त्यो रकम अर्थतन्त्रका धेरै तहमा फैलिन्छ । एक पर्यटक नेपाल आउँदा उनी होटलमा बस्छन् । सवारीसाधन प्रयोग गर्छन् । गाइड वा भरिया सेवा लिन्छन् । स्थानीय बजारबाट सामान किन्छन् र नेपाली खाना अनुभव गर्छन् । यसरी गरिएको खर्च क्रमशः विभिन्न क्षेत्रसम्म पुगेर आर्थिक गतिविधि बढाउँछ ।

पर्यटकको खर्चले होटल, रेस्टुरेन्ट र यातायात क्षेत्रमा मात्र होइन, कृषि, हस्तकला, निर्माण, बैंकिङ, सूचना प्रविधि, सञ्चार, ऊर्जा र बीमा जस्ता क्षेत्रलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चलायमान बनाउँछ । उदाहरणका लागि, होटल सञ्चालनका लागि स्थानीय कृषकले उत्पादन गरेको तरकारी, फलफूल र अन्य खाद्यान्न प्रयोग हुन्छ । हस्तकलाका सामग्री खरिद हुँदा स्थानीय कलाकारको आय बढ्छ । यातायात सेवा चल्दा इन्धन, मर्मत तथा अन्य सेवाहरू पनि सक्रिय हुन्छन् ।

गाउँ-गाउँमा होमस्टे सञ्चालन हुनु पर्यटनको अर्को सकारात्मक पक्ष हो । यसले ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउँछ र स्थानीय समुदायलाई प्रत्यक्ष आम्दानीको अवसर दिन्छ । महिलाहरू घरेलु व्यवसायमा संलग्न भई आत्मनिर्भर बन्छन् भने युवाहरू गाइड, फोटोग्राफर, ट्रेकिङ सहयोगी, ड्राइभर वा होटल व्यवस्थापकका रूपमा रोजगारी पाउँछन् । यसरी पर्यटनले साना तथा मझौला उद्यमलाई पनि प्रोत्साहन गर्छ र स्थानीय स्तरमै रोजगारी सिर्जना गर्छ ।

नेपालजस्तो विकासोन्मुख देशका लागि वैदेशिक मुद्रा आर्जन अत्यन्त महत्वपूर्ण हुन्छ । आयातमा बढी निर्भर अर्थतन्त्रलाई सन्तुलित राख्न पर्यटनले महत्वपूर्ण भूमिका खेल्न सक्छ । विदेशी पर्यटकले खर्च गर्ने मुद्रा देशभित्रै रहन्छ । जसले राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउँछ । अझ महत्वपूर्ण कुरा, विदेशमा रोजगारी खोज्न बाध्य भएका लाखौँ युवालाई आफ्नै देशमै अवसर सिर्जना गर्न पर्यटन प्रभावकारी क्षेत्र बन्न सक्छ ।

यदि पर्यटनलाई योजनाबद्ध, दिगो र समावेशी ढंगले विकास गर्न सकियो भने आर्थिक गतिविधि काठमाडौं वा केही सहरमा मात्र सीमित रहने छैन । कर्णाली, सुदूरपश्चिम, मधेस, हिमाली क्षेत्र र पूर्वी पहाडजस्ता कम विकसित क्षेत्रहरूमा पनि आर्थिक जीवन्तता फैलिनेछ । स्थानीय स्रोत-साधनको उपयोग बढ्नेछ । पूर्वाधार विकास हुनेछ र जीवनस्तर सुधार हुनेछ ।

यसैले पर्यटन केवल एउटा आर्थिक क्षेत्र मात्र होइन । यो क्षेत्रीय सन्तुलन कायम गर्ने, गरिबी घटाउने र सामाजिक समावेशिता बढाउने प्रभावकारी माध्यम पनि हो ।

## कोभिडपछिको पुनरुत्थानः अवसर र चुनौती

सन् २०१९ मा नेपालले करिब १२ लाख पर्यटक भित्र्याएर पर्यटन क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको थियो । त्यसबेला पर्यटन उद्योग उत्साहजनक गतिमा अघि बढिरहेको थियो । निजी क्षेत्रबाट लगानी बढ्दै गएको थियो । नयाँ होटल र रिसोर्टहरू खुलिरहेका थिए । अन्तर्राष्ट्रिय बजारमा नेपालको छवि सकारात्मक बन्दै गएको थियो । पर्यटन क्षेत्रले रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन र स्थानीय अर्थतन्त्रलाई मजबुत बनाउने महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको थियो ।

तर, कोभिड-१९ महामारीले विश्व पर्यटन उद्योगलाई गम्भीर संकटमा पुऱ्यायो । सिमाना बन्द भए, अन्तर्राष्ट्रिय उडानहरू रोकिए र मानिसहरूको आवागमनमा कडा प्रतिबन्ध लाग्यो । नेपाल पनि यस प्रभावबाट बच्न सकेन । होटल तथा रिसोर्टहरू बन्द भए । ट्रेकिङ मार्गहरू सुनसान भए । पर्यटन व्यवसायमा संलग्न हजारौँ श्रमिकहरू बेरोजगार भए । पर्यटनमा निर्भर रहेका साना व्यवसाय, होमस्टे, यातायात सेवा र हस्तकला क्षेत्रसमेत गम्भीर रूपमा प्रभावित भए ।

यद्यपि, प्रत्येक संकटले नयाँ अवसर पनि ल्याउँछ । कोभिडपछिको विश्वमा पर्यटकको सोच र प्राथमिकतामा उल्लेखनीय परिवर्तन आएको छ । अहिलेका पर्यटकहरू सुरक्षित, स्वच्छ, प्रकृतिसँग नजिक, कम भीडभाड भएका र स्वास्थ्यका हिसाबले जोखिम कम भएका गन्तव्य खोजिरहेका छन् । नेपालजस्तो देश, जहाँ प्राकृतिक सौन्दर्य, शान्त वातावरण, हिमाल, जंगल, संस्कृति र आध्यात्मिकता पाइन्छ । यस्तो नयाँ प्रवृत्तिसँग पूर्ण रूपमा मेल खान्छ ।

यस परिवर्तित अवस्थालाई अवसरमा रूपान्तरण गर्नु अहिलेको मुख्य चुनौती र दायित्व हो । दिगो पर्यटन, ग्रामीण पर्यटन, इको-टुरिजम, वेलनेस तथा एडभेन्चर पर्यटनलाई प्राथमिकतामा राखेर नयाँ रणनीति तयार गर्न सकिन्छ । साथै, स्वास्थ्य सुरक्षाका मापदण्डहरू कडाइका साथ लागु गर्ने, पर्यटकमैत्री वातावरण बनाउने र डिजिटल माध्यमबाट प्रभावकारी प्रचार-प्रसार गर्ने आवश्यक छ ।

हाल विश्व पर्यटन बजार क्रमशः पुनः सक्रिय हुँदै गएको छ । धेरै देशहरूले आक्रामक प्रवर्धन, सहज भिसा प्रक्रिया र आकर्षक प्याकेजमार्फत पर्यटक भित्र्याउन प्रतिस्पर्धा गरिरहेका छन् । तर नेपालले अझै पनि कोभिडपूर्वको स्तर पूर्ण रूपमा हासिल गर्न सकेको छैन । यसले स्पष्ट संकेत गर्छ कि अब पुरानै तरिकाले अघि बढेर मात्र पुग्दैन ।

अब संरचनात्मक सुधार, नीतिगत सरलीकरण, लगानीमैत्री वातावरण

र प्रभावकारी अन्तर्राष्ट्रिय मार्केटिङ आवश्यक भएको छ। उडान लागत घटाउने, हवाई सम्पर्क विस्तार गर्ने, पूर्वाधार सुधार गर्ने र सेवा गुणस्तर बढाउनेतर्फ विशेष ध्यान दिनुपर्छ। साथै, सार्वजनिक र निजी क्षेत्रबीचको सहकार्यलाई मजबुत बनाउँदै दीर्घकालीन रणनीतिका साथ अघि बढ्न सकेमा मात्र पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सकिन्छ।

यसरी हेर्दा, कोभिडपछिको पुनरुत्थान केवल पुरानो अवस्था फर्काउने प्रयास मात्र होइन। यो पर्यटन क्षेत्रलाई अझ सशक्त, दिगो र प्रतिस्पर्धी बनाउने अवसर पनि हो।

**आपूर्ति पक्षको सुदृढीकरण : निजी क्षेत्रको भरोसा**

पर्यटन क्षेत्रको एउटा सकारात्मक पक्ष के देखिएको छ भने 'आपूर्ति पक्ष'मा उल्लेखनीय सुधार भएको छ। पछिल्ला वर्षहरूमा नेपालमा पाँचतारे होटल, अन्तर्राष्ट्रिय स्तरका चेन ब्रान्ड, स्तरीय रिसोर्ट, सम्मेलन केन्द्र तथा अन्य पर्यटकीय पूर्वाधारमा ठूलो लगानी भित्रिएको छ। काठमाडौं, पोखरा, चितवनदेखि लुम्बिनीसम्म उच्चस्तरीय होटलहरू सञ्चालनमा आएका छन् र नयाँ परियोजनाहरू पनि विस्तारै थपिँदै छन्।

यसले स्पष्ट संकेत गर्छ कि निजी क्षेत्र नेपालको पर्यटन भविष्यप्रति आशावादी छन्। दीर्घकालीन सम्भावना देखेर नै लगानीकर्ताहरूले ठूलो लगानी गरेका हुन्। यसले नेपाल विश्वस्तरीय आतिथ्य सेवा दिन सक्षम बन्दै गएको पनि देखाउँछ। सेवा गुणस्तर सुधार हुँदै गएको छ। अन्तर्राष्ट्रिय मान्यता प्राप्त ब्रान्डहरूको प्रवेशले प्रतिस्पर्धा बढाएको छ। समग्र पर्यटन अनुभवलाई अझ आकर्षक बनाउने आधार तयार हुँदैछ।

तर, आपूर्ति पक्ष बलियो हुँदै जानु मात्र पर्याप्त हुँदैन। होटल, रिसोर्ट र पूर्वाधार निर्माण हुनु भनेको केवल तयारी हो। ती संरचनाहरूलाई चलायमान बनाउन पर्याप्त संख्यामा पर्यटक आवश्यक पर्छ। यदि माग पक्ष कमजोर रह्यो भने लगानीको पूर्ण उपयोग हुन सक्दैन। र, उद्योगले अपेक्षित प्रतिफल पाउँदैन।

त्यसैले अबको मुख्य चुनौती 'माग पक्ष'लाई सुदृढ बनाउनु हो। अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रभावकारी प्रचार-प्रसार, नयाँ गन्तव्यहरूको ब्रान्डिङ, लक्षित बजारमा केन्द्रित अभियान, र डिजिटल प्लेटफर्महरूको उपयोग अत्यन्त आवश्यक छ। विशेष गरी उच्च खर्च गर्ने पर्यटक, दीर्घकालीन बसाइ गर्ने पर्यटक, र विशेष रुचि (जस्तै, साहसिक पर्यटन, आध्यात्मिक पर्यटन, वेलनेस, संस्कृति) भएका पर्यटकलाई आकर्षित गर्ने रणनीति बनाउनुपर्छ।

यससँगै, भिसा प्रक्रिया सहज बनाउने, अन्तर्राष्ट्रिय उडानहरूको संख्या बढाउने, हवाई भाडा प्रतिस्पर्धी बनाउने र सेवा गुणस्तरलाई निरन्तर सुधार गर्ने पक्षमा ध्यान दिनुपर्छ। सार्वजनिक र निजी क्षेत्रबीच समन्वय गरेर संयुक्त रूपमा प्रवर्धन कार्यक्रम सञ्चालन गर्न सकियो भने यसको प्रभाव अझ बलियो हुनेछ।

अन्ततः, आपूर्ति र मागबीच सन्तुलन कायम गर्न सकियो भने मात्र पर्यटन क्षेत्रले दिगो रूपमा विकास गर्नेछ। निजी क्षेत्रले देखाएको विश्वासलाई परिणाममा रूपान्तरण गर्न अब नीतिगत स्पष्टता, प्रभावकारी कार्यान्वयन र बजार केन्द्रित रणनीति अपरिहार्य छन्।

**बजार विविधीकरण : नयाँ क्षितिजको खोजी**

नेपालको पर्यटन लामो समयसम्म सीमित केही बजारमा निर्भर रह्यो। जसका कारण जोखिम पनि बढी रह्यो। र, सम्भावना पनि पूर्ण रूपमा उपयोग हुन सकेन। अहिलेको बदलिँदो विश्व परिवेशमा बजार विविधीकरण अत्यन्त आवश्यक भइसकेको छ। यदि नयाँ-नयाँ स्रोत बजार पहिचान गरी लक्षित रणनीति अपनाउन सकियो भने नेपालले पर्यटन आगमनलाई दिगो रूपमा बढाउन सक्छ।

यसै सन्दर्भमा 'नेपाल-आसियान पर्यटन वर्ष २०२६' जस्तो पहल निकै महत्वपूर्ण मानिन्छ। करिब ६५ करोड जनसंख्या भएको आसियान क्षेत्र अहिले तीव्र रूपमा बाह्य भ्रमणतर्फ आकर्षित भइरहेको छ। मध्यम वर्गको वृद्धि, बढ्दो आम्दानी र अन्तर्राष्ट्रिय यात्रा गर्ने प्रवृत्तिले यो क्षेत्र नेपालका लागि ठूलो अवसर बन्न सक्छ। विशेष गरी भियतनाम, थाइल्याण्ड, म्यानमार जस्ता देशहरूमा बुद्धधर्मावलम्बीको संख्या धेरै भएकाले नेपालले आध्यात्मिक पर्यटनमार्फत उनीहरूलाई आकर्षित गर्न सक्छ।

नेपाल बुद्धको जन्मभूमि भएकोले लुम्बिनीलाई केन्द्रमा राखेर 'बुद्धिस्ट सर्किट' विकास गर्नु अत्यन्त प्रभावकारी रणनीति हुन सक्छ। लुम्बिनी, कपिलवस्तु, रामग्राम जस्ता ऐतिहासिक स्थललाई जोड्दै तीर्थयात्रा, ध्यान, योग, शान्ति पर्यटन जस्ता कार्यक्रम विस्तार गर्न सकिन्छ। यसले धार्मिक पर्यटन मात्र होइन, लामो बसाइ र उच्च मूल्यका पर्यटक भित्र्याउन पनि मद्दत पुऱ्याउँछ।

यससँगै, बंगलादेश, श्रीलंका, जापान, दक्षिण कोरिया, मध्यपूर्वका देशहरू, युरोप र अमेरिका जस्ता बजार हरूमा पनि लक्षित अभियान आवश्यक छ। हरेक बजारको रुचि फरक हुन्छ। कसैले साहसिक पर्यटन रोज्छ, कसैले सांस्कृतिक अनुभव, कसैले लक्जरी र वेलनेस त्यसैले 'एकै प्रकारको प्रचार' भन्दा 'बजार अनुसारको प्रचार' प्रभावकारी हुन्छ।

नेपाल पर्यटन बोर्डले अन्तर्राष्ट्रिय ट्राभल मार्ट, रोड शो, डिजिटल अभियान, बी-टु-बी बैठक, विदेशी सञ्चारमाध्यम

तथा प्रभावशाली व्यक्तित्वमार्फत नेपालको प्रचार-प्रसार गरिरहेको छ। यी प्रयासहरू सकारात्मक भए पनि अब अझ व्यवस्थित र डेटा-आधारित बनाउन आवश्यक छ। कुन देशबाट कस्ता पर्यटक आउँछन्, उनीहरूको खर्च कति हुन्छ, बसाइ अवधि कति हुन्छ भन्नेजस्ता तथ्यांकको विश्लेषण गरेर लक्षित रणनीति बनाउनु जरुरी छ।

डिजिटल प्लेटफर्मको प्रयोग अझै प्रभावकारी बनाउन सकिन्छ। सामाजिक सञ्जाल, अनलाइन ट्राभल प्लेटफर्म, इन्फ्लुएन्सर मार्केटिङ, भर्चुअल टुर जस्ता माध्यमबाट नेपाललाई नयाँ पुस्तामाझ आकर्षक रूपमा प्रस्तुत गर्न सकिन्छ।

समग्रमा बजार विविधीकरणले पर्यटनलाई मात्र होइन, सम्पूर्ण अर्थतन्त्रलाई स्थायित्व दिन सक्छ। यदि नेपालले नयाँ बजार खोज्दै, पुराना बजारलाई सुदृढ गर्दै र लक्षित रणनीतिमार्फत अघि बढ्न सके पर्यटन क्षेत्रले अझ ठूलो उचाइ हासिल गर्न सक्छ।

**छिमेकी बजार : भारत र चीनको रणनीतिक उपयोग**

भारत र चीन विश्वकै सबैभन्दा ठूलो आउटबाउन्ड ट्राभल बजारमध्ये पर्दछन्। नेपालका लागि यी दुवै देश अत्यन्त रणनीतिक रूपमा महत्वपूर्ण छन्। भौगोलिक नजिक, सांस्कृतिक सम्बन्ध र सहज पहुँचका कारण यी बजारलाई प्रभावकारी रूपमा उपयोग गर्न सके नेपालको पर्यटन क्षेत्रले ठूलो फाइदा लिन सक्छ। भारतीय बजार नेपालका लागि परम्परागत रूपमा सबैभन्दा स्थिर र ठूलो स्रोत बजार हो। धार्मिक आस्था, पारिवारिक सम्बन्ध, खुला सिमाना र सांस्कृतिक समानताले गर्दा भारतीय पर्यटक नेपालमा सहज रूपमा आउँछन्। पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ जस्ता धार्मिक गन्तव्यहरू भारतीय पर्यटकका लागि विशेष आकर्षणका केन्द्र हुन्। साथै, विवाह, तीर्थयात्रा, पारिवारिक भ्रमण र छोटो अवकाशका लागि नेपाल भारतीय बजारमा लोकप्रिय गन्तव्य बनेको छ।

तर, यो सम्भावनालाई अझ राम्रोसँग उपयोग गर्न केही सुधार आवश्यक छन्। सिमाना व्यवस्थापनलाई व्यवस्थित बनाउने, सहज र सुरक्षित यात्रा अनुभव सुनिश्चित गर्ने, डिजिटल भुक्तानी प्रणालीलाई व्यापक बनाउने, सडक तथा हवाई यातायातलाई सुदृढ गर्ने जस्ता विषयमा ध्यान दिनुपर्छ। साथै, सुरक्षासम्बन्धी भ्रम हटाउने र सकारात्मक सन्देश प्रवाह गर्ने पनि महत्वपूर्ण हुन्छ। भारतीय बजारका लागि विशेष छुट प्याकेज, धार्मिक सर्किट र परिवारमैत्री पर्यटन उत्पादन विकास गर्न सकिन्छ।

चिनियाँ बजार पनि नेपालका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो। चिनियाँ पर्यटकको औसत खर्च उच्च हुने भएकाले गुणस्तरीय पर्यटन विकासका दृष्टिले यो बजार विशेष महत्वपूर्ण मानिन्छ। साहसिक पर्यटन, प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, सांस्कृतिक सम्पदा र शान्त वातावरण चिनियाँ पर्यटकका प्रमुख आकर्षण हुन्।

यस बजारलाई आकर्षित गर्न चिनियाँ भाषामा सूचना र प्रचार सामग्री तयार गर्नु, चिनियाँ सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्म प्रयोग गर्नु, सिधा हवाई उडान विस्तार गर्नु, चिनियाँ खाना र सेवा-सुविधा उपलब्ध गराउनु आवश्यक हुन्छ। साथै, चिनियाँ पर्यटकको यात्रा शैली र रुचि अनुसार प्याकेज विकास गर्नुपर्छ।

नेपालले भारत र चीन दुवै बजारका लागि छुट्टाछुट्टै रणनीति अपनाउनु आवश्यक छ। भारतका लागि सहजता र पहुँचलाई प्राथमिकता दिनुपर्छ भने चीनका लागि गुणस्तरीय सेवा र अनुभवलाई जोड दिनुपर्छ।

यदि यी दुई ठूला छिमेकी बजारलाई प्रभावकारी रूपमा व्यवस्थापन र प्रवर्धन गर्न सकियो भने, नेपालले छोटो समयमै पर्यटन आगमन र आम्दानी दुवैमा उल्लेखनीय वृद्धि हासिल गर्न सक्छ।

अनुभवात्मक र दिगो पर्यटनः भविष्यको मार्ग

आजको पर्यटक केवल घुम्नका लागि मात्र यात्रा गर्दैन; उनी नयाँ अनुभव खोज्छन्। स्थानीय संस्कृतिसँग घुलमिल हुने, परम्परागत जीवनशैली बुझ्ने, मौलिक खानपान चाख्ने र प्रकृतिसँग प्रत्यक्ष रूपमा जोडिने अवसर। यसकारण पर्यटनको स्वरूप पनि विस्तार हुँदै गएको छ, जहाँ 'अनुभव' नै मुख्य आकर्षण बन्न थालेको छ।

नेपाल यस दृष्टिले अत्यन्त समृद्ध देश हो। यहाँका गाउँ-बस्ती, सांस्कृतिक परम्परा, विविध जातीय जीवनशैली, पर्व-उत्सव, प्राकृतिक सौन्दर्य र आध्यात्मिक वातावरणले पर्यटकलाई फरक र यादगार अनुभव दिन सक्छ। होमस्टे कार्यक्रममार्फत पर्यटकले स्थानीय परिवारसँग बस्ने, उनीहरूको दैनिक जीवन बुझ्ने र स्थानीय खानपानको स्वाद लिने अवसर पाउँछन्। यसले स्थानीय समुदायलाई प्रत्यक्ष आम्दानी पनि दिन्छ।

सामुदायिक पर्यटन, कृषि पर्यटन, साहसिक खेल, पर्व-उत्सव पर्यटन, वन्यजन्तु अवलोकन, ध्यान-योग शिविर जस्ता गतिविधिहरूले नेपाललाई अन्य देशभन्दा फरक बनाउने क्षमता राख्छन्। हिमाल आरोहण, ट्रेकिङ, प्याराग्लाइडिङ, राफ्टिङजस्ता साहसिक गतिविधि त नेपालका पहिचान नै भइसकेका छन्। यस्ता क्षेत्रलाई अझ व्यवस्थित, सुरक्षित र विविध बनाउनु आवश्यक छ।

यससँगै, पर्यटन विकास दिगो हुनुपर्छ भन्ने कुरा अत्यन्त महत्वपूर्ण छ। प्राकृतिक स्रोतको अन्धाधुन्ध प्रयोग, फोहोर व्यवस्थापनको कमी र वातावरणीय असरले दीर्घकालीन रूपमा पर्यटनलाई नै असर पार्न सक्छ। त्यसैले हिमाली तथा पर्यटकीय क्षेत्रमा फोहोर व्यवस्थापन, प्लास्टिक प्रयोगमा

कमी, नवीकरणीय ऊर्जाको प्रयोग, जैविक विविधताको संरक्षण र स्थानीय समुदायको सक्रिय सहभागितालाई प्राथमिकता दिनुपर्छ।

दिगो पर्यटनले मात्र दीर्घकालीन लाभ दिन सक्छ। यदि स्थानीय समुदायलाई लाभ पुग्छ भने उनीहरू स्वयं पर्यटन संरक्षणमा संलग्न हुन्छन्, जसले वातावरण र संस्कृति दुवै जोगाउन मद्दत गर्छ।

नेपालले नयाँ पर्यटन क्षेत्रहरूमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ। 'वेडिङ डेस्टिनेसन'का रूपमा हिमाल र प्राकृतिक दृश्यबीच विवाह कार्यक्रम आयोजना गर्ने प्रवृत्ति बढ्दै गएको छ। त्यसैगरी माइस टुरिजमका लागि सम्मेलन केन्द्र, सुविधा सम्पन्न होटल र राम्रो व्यवस्थापन आवश्यक हुन्छ। फिल्म पर्यटन, खेल पर्यटन, वेलनेस र रिट्रिट पर्यटनजस्ता नयाँ क्षेत्रले पनि ठूलो सम्भावना बोकेका छन्।

यसरी, अनुभवमा आधारित र वातावरणमैत्री पर्यटनलाई प्राथमिकता दिँदै अगाडि बढ्न सके नेपालले दीर्घकालीन रूपमा पर्यटन क्षेत्रलाई सुदृढ, प्रतिस्पर्धी र आकर्षक बनाउन सक्छ।

## डिजिटल रूपान्तरण र नवप्रवर्तन

आजको पर्यटन पूर्ण रूपमा डिजिटल युगमा प्रवेश गरिसकेको छ। यात्राको योजना बनाउनेदेखि टिकट बुकिङ, होटल रिजर्भेसन, गन्तव्यबारे जानकारी खोज्ने र अनुभव सेयर गर्ने–सबै प्रक्रिया डिजिटल माध्यमबाट हुने गरेको छ। यस्तो अवस्थामा पर्यटन प्रवर्धनका लागि डिजिटल प्रविधिको प्रभावकारी उपयोग अत्यन्त आवश्यक बनेको छ।

सामाजिक सञ्जाल, अनलाइन बुकिङ प्लेटफर्म, भर्चुअल टुर, भिडियो सामग्री, इन्फ्लुएन्सर मार्केटिङ र आर्टिफिसियल इन्टेलिजेन्सजस्ता उपकरणले पर्यटकलाई आकर्षित गर्ने नयाँ सम्भावना सिर्जना गरेका छन्। आजको पर्यटक कुनै गन्तव्यमा जानुअघि त्यसबारे अनलाइन समीक्षा, फोटो, भिडियो र अनुभवहरू हेरेर निर्णय गर्छ। त्यसैले नेपालको पर्यटन प्रवर्धन पनि डिजिटल प्लेटफर्ममै केन्द्रित हुन आवश्यक छ।

डिजिटल माध्यमबाट लक्षित बजार पहिचान गर्न, पर्यटकको रुचि बुझ्न र प्रभावकारी प्रचार गर्न सहज हुन्छ। डाटा एनालिटिक्सको प्रयोगले कुन देशका पर्यटक कस्तो अनुभव खोजिरहेका छन्, कुन गन्तव्य लोकप्रिय हुँदैछ र कुन क्षेत्रमा सुधार आवश्यक छ भन्ने जानकारी प्राप्त गर्न सकिन्छ। यसका आधारमा नीतिगत निर्णय र प्रचार रणनीति अझ प्रभावकारी बनाउन सकिन्छ।

नेपाल पर्यटन बोर्डले डिजिटल प्लेटफर्म सुदृढीकरण, गुणस्तरीय कन्टेन्ट निर्माण, अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसँग सहकार्य र डिजिटल एनालिटिक्स प्रयोगमा जोड दिइरहेको छ। तर यो प्रयासलाई अझ व्यापक र परिणाममुखी बनाउन निजी क्षेत्र, स्थानीय सरकार र पर्यटन व्यवसायीहरूको सक्रिय सहभागिता आवश्यक छ।

साथै, भर्चुअल टुर र डिजिटल कथा प्रस्तुतीकरणले पर्यटकलाई नेपालबारे पहिल्यै आकर्षित गर्न सक्छ। हिमाल, सांस्कृतिक सम्पदा, साहसिक गतिविधि र स्थानीय जीवनशैलीलाई डिजिटल माध्यमबाट प्रभावकारी रूपमा प्रस्तुत गर्न सके विश्वभरिका पर्यटकलाई आकर्षित गर्न सकिन्छ।

विदेशमा रहेका नेपाली डायस्पोरालाई 'ब्रान्ड एम्बेसडर'का रूपमा परिचालन गर्नु अर्को महत्वपूर्ण रणनीति हुन सक्छ। उनीहरूले आफ्ना अनुभव, सञ्जाल र प्रभावमार्फत बसोबास गर्ने देशमा नेपालको सकारात्मक छवि निर्माण गर्न सक्छन्। यसले पर्यटन प्रवर्धनमा कम लागतमा उच्च प्रभाव पार्न सक्छ। डिजिटल रूपान्तरणले केवल प्रचार-प्रसार मात्र होइन, सेवा प्रवाहलाई पनि सहज बनाउँछ। अनलाइन भिसा प्रणाली, डिजिटल भुक्तानी, ई-गाइड, मोबाइल एपमार्फत जानकारी, स्मार्ट टुरिज्म व्यवस्थापनजस्ता पहलले पर्यटकको अनुभव सहज र आधुनिक बनाउन मद्दत गर्छ।

यसरी डिजिटल प्रविधि र नवप्रवर्तनलाई प्राथमिकतामा राखेर अगाडि बढ्न सके नेपालको पर्यटन क्षेत्र अझ प्रतिस्पर्धी, पहुँचयोग्य र आकर्षक बन्नेछ।

## नीतिगत सुधारः दिगो पर्यटन विकासका लागि अनिवार्य आधार

पर्यटन क्षेत्रमा दिगो विकास सुनिश्चित गर्न स्पष्ट र स्थिर नीतिगत वातावरण अत्यावश्यक छ। पर्यटकमैत्री वातावरणबिना नेपालले दीर्घकालीन वृद्धि हासिल गर्न सक्दैन। यसका लागि आधारभूत सुधारहरूमा ध्यान दिनुपर्छ। ई-भिसा प्रणाली सरल र छिटो बनाउने, अनलाइन भुक्तानी सुरक्षित र भरोसायोग्य बनाउने, सिमााकामा प्रभावकारी व्यवस्थापन र सम्मानजनक सेवा उपलब्ध गराउने, साथै लगानीमैत्री नीति लागु गर्नु पर्छ। यी उपायहरूले विदेशी पर्यटकलाई सहज अनुभव दिने मात्र होइन, निजी क्षेत्रलाई आकर्षित गरेर लगानी र व्यवसाय विस्तारमा सहयोग गर्छ। साथै, अन्तर्राष्ट्रिय हवाई सेवा विस्तार, क्षेत्रीय विमानस्थलको पूर्ण सञ्चालन, पूर्वाधारमा लगानी र निजी क्षेत्र प्रोत्साहन पनि उच्च प्राथमिकतामा राखिनुपर्छ। पर्यटन विकासका लागि विभिन्न मन्त्रालयजस्तै पर्यटन, भौतिक पूर्वाधार, गृह, परराष्ट्र, वन, संस्कृति र अर्थ मन्त्रालयबीच समन्वय आवश्यक छ। यस्तो समन्वयले नीति कार्यान्वयनमा ढिलाइ घटाउँछ। संसाधनको उपयोग प्रभावकारी बनाउँछ र दिगो पर्यटन विकासका लागि मजबुत

आधार तयार पार्छ। यसरी, नीतिगत सुधार र समन्वय बिना नेपालले आफ्नो पर्यटन क्षेत्रलाई विश्वस्तरीय बनाउन र आर्थिक लाभ लिन सक्दैन।

## दक्ष जनशक्तिः गुणस्तरीय सेवाको आधार

नेपालको पर्यटन क्षेत्रको सफलता मानव संसाधनको दक्षतामा निर्भर गर्दछ। आतिथ्य व्यवस्थापन, भाषा दक्षता, डिजिटल सीप, ग्राहक सेवा, सुरक्षा तालिम जस्ता पक्षमा लगानी आवश्यक पर्छ। ताकि सेवातर अन्तर्राष्ट्रिय मापदण्डअनुसार कायम रहोस्। युवा पुस्तालाई आकर्षित गर्न सिपमूलक तालिम कार्यक्रम सञ्चालन गर्नु, उद्यमशीलतालाई प्रवर्धन गर्नु र महिला तथा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नु अत्यावश्यक छ। साथै, आर्टीफिसियल इन्टेलिजेन्स र अन्य प्रविधिको प्रयोगले सेवा व्यवस्थापन, डाटा विश्लेषण र ग्राहक अनुभवलाई अझ सुधार्न मद्दत गर्छ। यसरी गुणस्तरीय र दक्ष जनशक्तिले मात्र पर्यटकलाई उत्कृष्ट अनुभव दिन सक्छ। नेपाललाई विश्वस्तरीय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउँछ।

## आगामी सरकारको भूमिकाः उच्च प्राथमिकताको आवश्यकता

नेपालको पर्यटन क्षेत्रमा अपार सम्भावना छ। यदि यसलाई राष्ट्रिय प्राथमिकताका रूपमा लिएर अगाडि बढाइयो भने देशले छिटो आर्थिक फड्को मार्न सक्छ। त्यसैले अब आउने सरकारले पर्यटनलाई उच्च प्राथमिकता दिनु अनिवार्य छ। नीतिगत सुधार, पूर्वाधार विकास, अन्तर्राष्ट्रिय प्रवर्धन, लगानी सहजीकरण, डिजिटल रूपान्तरणजस्ता सबै क्षेत्रमा तीव्र, समन्वित र दीर्घकालीन पहल आवश्यक छ। पर्यटन केवल अर्थतन्त्रको एउटा क्षेत्र मात्र होइन। यो नेपालको आर्थिक तथा सामाजिक विकासको मूल आधार हो। गुणस्तरीय सेवाप्रदाय, दिगो र नवप्रवर्तनमुखी पर्यटन प्रवर्धन, स्थानीय समुदायको सहभागिता र अन्तर्राष्ट्रिय स्तरमा ब्रान्ड निर्माणले मात्र नेपाललाई विश्वस्तरीय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ। नेपालसँग स्रोतको अभाव छैन, मुख्य चुनौती व्यवस्थापन र कार्यान्वयनमा छ। यदि हामीले साझा संकल्पका साथ पर्यटनलाई दिगो, समावेशी र नवप्रवर्तनमुखी ढंगले अघि बढायौँ भने पर्यटन नै नेपालको आर्थिक मेरुदण्ड बन्ने निश्चित छ। यसमार्फत हामी आत्मनिर्भर, सन्तुलित र समावेशी अर्थतन्त्र निर्माण गर्न सक्नेछौँ। नेपाललाई विश्व पर्यटन नक्सामा उज्यालो तारा बनाउने हाम्रो सामूहिक प्रतिबद्धता नै भविष्यको समृद्ध नेपालको वास्तविक आधार हुनेछ। अब समय आएको छ। पर्यटनलाई केन्द्रमा राखेर राष्ट्रिय आर्थिक रूपान्तरणको यात्रा तीव्र गतिमा अघि बढाउने।

नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यसहित सन् २०२६ लाई 'नेपाल-आसियान पर्यटन वर्ष' घोषणा गर्ने निर्णय दूरदर्शी पहलका रूपमा लिन सकिन्छ। दक्षिण-पूर्वी एसियाली मुलुकहरूबाट गुणस्तरीय पर्यटक भित्र्याउने लक्ष्य राख्दै थाइल्याण्ड, भियतनाम, कम्बोडिया, इन्डोनेसिया र फिलिपिन्सजस्ता देशमा केन्द्रित प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने तयारीले नेपालको पर्यटन बजार विविधीकरणतर्फ उन्मुख भएको संकेत गर्छ। बुद्ध परिपथ, आध्यात्मिक पर्यटन, प्रकृति र साहसिक गतिविधिलाई मुख्य ब्रान्डका रूपमा अघि सार्नु नेपालका मौलिक विशेषतालाई अन्तर्राष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रस्तुत गर्ने अवसर पनि हो।

यससँगै सन् २०२६-२०३५ का लागि प्रस्तुत १० वर्षे रणनीतिक कार्ययोजनाले पर्यटन क्षेत्रलाई संरचनागत रूपमा रूपान्तरण गर्ने आधार तयार गरेको देखिन्छ। डिजिटल प्रविधिको व्यापक प्रयोग, उच्च-मूल्य (हाइ-भ्यालु) पर्यटनमा केन्द्रित नीति, तथा निजी क्षेत्र र सरकारबीचको सहकार्यलाई प्राथमिकता दिने अवधारणाले परम्परागत संख्यामुखी दृष्टिकोणभन्दा गुणस्तरमुखी रणनीतितर्फ मोडिने संकेत गरेको छ। प्रभावहीन र गैर-उत्पादक कार्यक्रम हटाई नतिजामुखी योजनामा जोड दिने प्रतिबद्धता कार्यान्वयनमा इमानदारिता कायम भए सकारात्मक परिवर्तन सम्भव छ। सन् २०२६ का लागि पहिचान गरिएका सात ट्राभल ट्रेन्डहरूमा शान्त गन्तव्यप्रतिको आकर्षण, कृत्रिम बौद्धिकताको प्रयोग, सडक यात्राको बढ्दो प्रवृत्ति, व्यक्तिगत अनुभवमा जोड, अफ-ग्रिड गन्तव्यको खोजी, संस्कृतिलाई प्राथमिकता र विश्वसनीयतामा आधारित ब्रान्ड निर्माण नेपालका लागि सान्दर्भिक छन्। विशेषत कम भीडभाड भएका हिमाली तथा ग्रामीण गन्तव्यहरूको प्रवर्धन र मौलिक कला-संस्कृतिलाई केन्द्रमा राख्ने रणनीतिले दिगोपन र स्थानीय सहभागिता दुवैलाई सुदृढ बनाउन सक्छ।

कञ्चनजंघा, मनास्लु र अपी-सैपाल जस्ता नयाँ ट्रेकिङ रुटहरूमा दिगो पर्यटन परियोजना सञ्चालन गर्ने योजना पूर्वाधार विकाससँगै स्थानीय रोजगारी सिर्जनामा महत्वपूर्ण हुन सक्छ। २०२५ मा ११.६ लाख पर्यटक भित्र्याउने र त्यसपछि संख्या उल्लेख्य रूपमा वृद्धि गर्ने लक्ष्य महत्वाकांक्षी भए पनि त्यसको सफलता नीतिगत स्पष्टता, पूर्वाधार सुदृढीकरण र सेवाको गुणस्तर सुधारमा निर्भर रहनेछ। समग्रमा, नेपाल-आसियान पर्यटन वर्ष केवल प्रचार अभियान नभई दीर्घकालीन रणनीतिक परिवर्तनको आधार बन्न सकेमा नेपालको पर्यटन उद्योगलाई नयाँ दिशा दिन सकिन्छ।

★ ★ ★

# ऊर्जा विकासको अपरिहार्य र वित्तीय संस्थाको बढ्दो भूमिका

**निजी प्रवर्धकसँग सहकार्य गर्दै नागरिक लगानी कोषले परियोजनाको वित्तीय विश्वसनीयता बढाउने, बैंकहरूको जोखिम घटाउने, परियोजनाको क्लोजर छिटो गराउने भूमिका खेल्न सक्छ । भविष्यमा कोषले ऊर्जा जस्तो उत्पादनमूलक उद्योगमा लगानीका लागि प्रमुख भूमिका निर्वाह गर्न सके ऊर्जा परियोजनामा विदेशी र स्वदेशी पुँजी थप आकर्षित गर्न सकिन्छ ।**



**गणेश कार्की**
अध्यक्ष
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)

नेपालको जलविद्युतको इतिहास झण्डै ११५ वर्ष वर्ष पुरानो भए पनि निजी क्षेत्रको इतिहास २६ वर्ष मात्र पुरानो छ। विसं १९६८ (सन १९११) सालमा ५०० किलोवाटको फर्पिङ (चन्द्रज्योति) देखि अहिलेसम्ममा २४० वटा आयोजना निर्माण भइसकेका छन्। यसमा निजी क्षेत्रको मात्र २२० वटा आयोजना पुगेका छन्। यहाँ आइपुग्दासम्म निजी क्षेत्रले गरेको संघर्ष, पाएको सास्ती र प्राप्त गरेको सफलताको लामो कथा छ। तर, निजी क्षेत्रको प्रवेश अघिसम्म २५२ मेगावाटमा सीमित नेपालको ग्रीडमा झण्डै ४००० मेगावाट थपिएको छ। यसमा पनि निजी क्षेत्रले मात्र ३३ सयभन्दा बढी योगदान दिएको छ। विद्युत इतिहासलाई हेर्ने हो भने विद्युत ऐन, २०४९ आएपछि भने नेशनल हाइड्रोपावरले २०५१ सालमा ५ मेगावाट (पछि क्षमता वृद्धि गरी ७.५ मेगावाट) को इन्द्रावती ३ जलविद्युत आयोजनाको अनुमतिपत्र पायो। तर, उत्पादित विद्युतको मूल्य के कति हुने भन्ने विषय लामो समयसम्म टुंगिएन। विद्युत खरिद सम्झौता (पीपीए) का लागि लामो संघर्ष गर्नुपर्‍यो।

२०५४ सालमा ऊर्जा तथा जलस्रोतमन्त्री बनेकी शैलजा आचार्यले २०५५ साल असार १४ गते निजी क्षेत्रले उत्पादन गरेको विद्युत सरकारले खरिद गर्ने दर निर्धारण गरिन। त्यसपछि मात्र निजी क्षेत्रले आयोजना निर्माण अघि बढाए। लगानीयोग्य पीपीए दरका लागि पनि धेरै पहल गर्नु परेको थियो। निजी क्षेत्रको मागप्रति सकारात्मक तत्कालीन ऊर्जामन्त्री आचार्यले पहिलो पटक निजी क्षेत्रलाई १ देखि १० मेगावाटसम्म क्यू ९० मा बनाउने गरी वर्षामा प्रतियुनिट २.७६ रुपैयाँ र हिउँदमा प्रतियुनिट ४.०३ रुपैयाँ मूल्य कायम गर्ने गरी पीपीए दर तोक्न प्राधिकरण सञ्चालक समितिलाई निर्देशन दिएपछि २०५५ साल असार १४ गते विद्युत प्राधिकरण बोर्ड बैठकले यही दरलाई सदर गरी पीपीए गरिदिएको थियो।

क्यू ९० मा बनाउन नसक्ने निजी क्षेत्रको गुनासोपछि फेरि आचार्यले यसलाई क्यू ६५ मा झारेर पीपीए दर पनि हिउँदमा ४.२५ र वर्षामा ३ रुपैयाँ प्रतियुनिट कायम गरिदिइन्। यही निर्णय जलविद्युतमा निजी क्षेत्रको प्रवेशका लागि थप महत्वपूर्ण जग बन्यो। यो निर्णयपछि सबैभन्दा पहिला लमजुङको ०.१८३ मेगावाटको स्याङ्गे खोलाले २०५८ माघ ३ गते प्राधिकरणसँग पहिलो पीपीए गरेको थियो। २०५९ साल असोज २१ गते मात्र बल्ल नेपाली निजी क्षेत्रले बनाएको आयोजनाबाट व्यावसायिक विद्युत उत्पादन सम्भव भएको थियो।

सुरुमा नेपाल सरकारका प्रतिनीधिहरूले विद्युत उत्पादन जस्तो जटिल र प्राविधिक काममा लागि निजी क्षेत्र सक्षम छैनन् भन्ने ठान्थे। राष्ट्रिय योजना आयोगले बनाएको नवौं पञ्च वर्षीय योजनामा त १० मेगावाटसम्म मात्र निजी क्षेत्रले आयोजना अघि बढाउन सक्ने उल्लेख गरेको थियो। तर, अहिले निजी क्षेत्र यति सक्षम भइसकेका छनकि ५ सय मेगावाटसम्मका आयोजना निर्माण गर्न निजी क्षेत्र सक्षम भइसकेको छन्। सरकारले पनि परम्परागत मोडेलमा परिवर्तन गरी सार्वजनिक निजी साभ्फेदारी (पीपीपी) र कम्पनी मोडेलमा आयोजना निर्माण गरिरहेको छ। अहिले ४ हजार मेगावाट जडित क्षमता रहेकोमा सरकारको ६५० मेगावाटको हाराहारीमा छ भने निजी क्षेत्रको ३३ सय मेगावाट नाघेको छ। अहिले ५७५५ मेगावाट बराबरका सबै निर्माणाधीन आयोजनाहरू निजी क्षेत्रकै नेतृत्वमा अघि बढेका छन्। निजी क्षेत्रले यो बाहेक भ्फण्डै ३० हजारभन्दा बढी क्षमताका आयोजना अघि बढाउन अनुमतिपत्र लिएर अघि बढेको छ। यति छोटो समयमै यति धैरै सफलता पाउनुको पछाडीको संघर्ष, सास्ती र दुःखका कथाहरू धैरै छन्। प्रत्येक समय अनुसार फरक-फरक किसिमका समस्यासँग जुधूदै निजी क्षेत्र यहाँसम्म आइपुगेको हो।

विद्युत ऐन र नियमावली आएपछि सुरुमा निजी क्षेत्र लगानीयोग्य नीति, कानुन तथा वितरण र प्रसारण गर्ने क्षमता भएको विद्युत प्राधिकरणसँग पीपीए गर्नका लागि आवश्यक प्रबन्धका लागि लड्नु पऱ्यो। त्यो बेला न निजी क्षेत्रसँग पर्याप्त पुँजी संकलन, परिचालन र व्यवस्थापन गर्न सक्ने क्षमता थियो न दक्ष जनशक्ति नै। यति बेलामा धैरै बैंक तथा वित्तीय संस्थाहरू धाउँदै र नयाँ-नयाँ मोडेलहरू बनाउँदै निजी क्षेत्र अघि बढ्यो। त्यो बेलाको सशस्त्र युद्धदेखि राजनीतिक र नीतिगत अस्थिरतासँग विद्युत उत्पादकहरूले धैरै संघर्ष गर्नु पऱ्यो। नीतिगत र राजनीतिक अस्थिरता अहिले पनि उस्तै छ। विद्युत ऐनमै भएको व्यवस्थालाई समेत राजनीतिक नेतृत्वले परिवर्तन गरिरहेको छ।

२०५७ साल माघ ४ गते संगठित रुपमै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) गठन गरेर निजी क्षेत्रले पहल कदमी लिएको थियो। अहिले पनि निजी क्षेत्रले सास्ती भोगिरहेको छ र संघर्ष गरिरहेको छ। अनि सफलता पाइरहेको छ। यो सास्ती, संघर्ष र सफलता कुनै व्यक्ति वा उद्यमीका लागि गरिएको होइन। यो त मुलुकलाई ऊर्जा सुरक्षामा बलियो बनाउन, ऊर्जामार्फत अर्थतन्त्र चलायमान बनाएर आर्थिक समृद्धि हासिल गर्न र नेपालीको घरघरमा उज्यालो पुऱ्याउनका लागि गरिएको हो। दुःख, कष्ट, संघर्ष र सास्ती भोगेर निर्माण गरेको बिजुलीले हरेक नेपालीको घर मात्र उज्यालो हुँदैन, उद्योग व्यवसाय सञ्चालन भई राज्य सञ्चालनदेखि रोजगारी सिर्जनामार्फत हरेक जनताको जीवनलाई खुसी र सुखी बनाउनसम्म योगदान गरिरहेको छ।

नेपालमा स्वदेशी निजी क्षेत्रले पहिलो पटक निर्माण गरेको आयोजनाको लागत करिब तीन करोड थियो। त्यो बेलामा निजी क्षेत्रले ऋण लगानी गरेर आयोजना बनाउनु नै सबैभन्दा कठिन थियो। ५ मेगावाटको आयोजनाको लागि ५/७ बटा बैंकहरूको ऋण आवश्यकता थियो। अभ्फ स्वपुँजी संकलन पनि कठिन थियो। तर, अहिले निर्माणाधीन सबैभन्दा ठूलो ३४१ मेगावाटको आयोजनालाई हेर्ने हो भने १० बटा बैंकहरूले ५२.५ अर्ब ऋण लगानी गरेका छन् भने १७.५ अर्ब त स्वपुँजी लगानी हुँदैछ। यसरी साढे दुई दशकमै नेपालको निजी क्षेत्र यति धैरै लगानी गर्ने र त्यसको व्यवस्थापन गर्ने क्षमतामा पुगिसकेको छ।

### बैंक तथा वित्तीय संस्थाको लगानी बढ्दो

हालसम्म निजी क्षेत्रले प्रवर्द्धन गरेका विद्युत आयोजनाहरूमा १३ खर्ब १० अर्ब ६० करोड ७१ लाख रुपैयाँभन्दा बढी लगानी भइसकेको छ। जसमा बैंक तथा वित्तीय संस्थाहरूको ऋण लगानी ८ खर्ब ४० अर्ब ७९ करोड छ भने स्वपुँजी (इक्वीटी) ४ खर्ब ३९ अर्ब ८२ करोड छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र बीएफआईएस न्यूज प्रालिले निर्माण सम्पन्न र निर्माणाधीन आयोजनाको हकमा नेपाल राष्ट्र बैक, धितोपत्र बोर्ड, नेप्से, रेटिङ एजेन्सी र विद्युत कम्पनीहरूको प्रतिवेदनमा आधारित भएर तथा सर्भे, उत्पादन अनुमतिपत्रहरूको हकमा नमूना रुपमा आयोजनाहरूको छनोट तथा विज्ञ विशेषज्ञहरूको परामर्शको आधारमा तथ्य र तथ्यांक केलाउँदा यति लगानी देखिएको हो। आर्थिक वर्ष २०८१/८२ सम्मका निजी क्षेत्रको नेतृत्वमा निर्माण भएका, निर्माणाधीन र निर्माणका विभिन्न चरणमा रहेका ३४७८६ मेगावाटका ९२३ आयोजनाहरूमा भएको लगानी यसमा विश्लेषण गरिएको छ।

गत आर्थिक वर्षसम्ममा निजी क्षेत्रको निर्माण सम्पन्न २९४८ र निर्माणाधीन ४३०३ मेगावाट गरी ७२५१ मेगावाटका ३४७ आयोजना मात्र १२ खर्ब ४३ अर्ब ९९ करोड १० लाख लगानी भएका छन्। जसमध्ये बैक तथा वित्तिय संस्थाहरूबाट ८ खर्ब ४० अर्ब ७९ करोड ३७ लाख ऋण लगानी भएको छ। बैकहरूको लगानी गत असारसम्म ४ खर्ब ४७ अर्ब ४६ करोड थियो भने नागरिक लगानी कोष,

कर्मचारी संचय कोष र चिलिमे विद्युत आयोजनाबाट ६६ अर्ब ६० करोड तथा विदेशी लगानीबाट ५४ अर्ब ५६ करोड ऋण लगानी भएको छ। हालसम्म ऋण लगानीमध्ये निर्माण सम्पन्न आयोजनाले २ खर्ब ७२ अर्ब १७ करोड सावा ब्याज बैंक तथा वित्तिय संस्थालाई तिरिसकेका छन्।

यसैगरी सर्भे, उत्पादन र यसका आवेदन दिएका २७५३५ मेगावाटका ५७६ मेगावाटका आयोजनाको लागि ६६ अर्ब ६२ करोड स्वपुँजी लगानी गरेका छन्। यी आयोजनाहरूमा बैंक तथा वित्तीय संस्थाको ऋण लगानी छैन। सर्भे, उत्पादन र यसका लागि आवेदन दिएका आयोजनाहरूमध्येबाट केही आयोजनाहरूको अहिलेसम्मको लागत विश्लेषण तथा यस क्षेत्रमा काम गरिरहेका चार्टर एकाउण्टेण्ट र ऊर्जा विज्ञहरूसँगको परामर्शमा इप्पानले प्रतिमेगावाट लागतसहितको तथ्यांक संकलन गरेको छ। अध्ययन अनुसार, सर्वेक्षण अनुमतिका लागि आवेदन दिइएका १६९ वटा आयोजनाहरूको कुल क्षमता ५,३२१ मेगावाट रहेको छ। यस चरणमा प्रतिमेगावाट करिब ३ लाख रुपैयाँ खर्च भएको छ। जसअनुसार कुल ५३२ अर्ब रुपैयाँ लगानी भइसकेको छ। यसैगरी सर्भे अनुमतिपत्र लिएर अध्ययन र डिजाइनसमेत गरी प्रतिमेगावाट १० खर्च भएको अध्ययन देखाएको छ। जसअनुसार, ६३६० मेगावाटका २०२ आयोजनामा मात्र निजी क्षेत्रले ६ अर्ब ३६ करोड रुपैयाँ खर्च गरेको छ।

निर्माण इजाजत प्राप्त चरणमा १२६ वटा आयोजना रहेका छन्। जसको कुल क्षमता ६,४२४ मेगावाटका लागि आयोजनाका लागि निजी क्षेत्रले २३ अर्ब ७६ करोड लगानी गरिसकेका छन्। यस चरणमा प्रतिमेगावाट करिब ३७ लाख रुपैयाँ खर्च भएको अध्ययनले देखाएको छ। यस्तै निर्माण अनुमतिका लागि आवेदन चरणमा रहेका ९४३० मेगावाट बराबरका ७९ आयोजनाका लागि ३४ अर्ब ८९ करोड बराबरको लगानी निजी क्षेत्रले गरिसकेका छन्। जसमा पनि प्रतिमेगावाट ३७ लाख बराबरको निजी क्षेत्रले खर्च गरिसकेको अध्ययनले देखाएको छ। विस्तृत इन्जिनियरिङ, जग्गा अधिग्रहण तथा नियामकीय प्रक्रिया पूरा गर्नुपर्ने भएकाले यस चरणमा लगानी उल्लेखनीय लगानी हुने गरेको छ। यद्यपि, निर्माणका लागि तयारी पूरा भए पनि विद्युत खरिद सम्झौता (पीपीए) नभएको कारण यसमा बैंक तथा वित्तीय संस्थाहरूको ऋण परिचालन भएको छैन। विद्युत प्राधिकरणको तथ्यांक अनुसार, हाल १३ हजार मेगावाट बराबरका आयोजनाले पीपीएका लागि आवेदन दिएका छन्।

सन् २००९ मा विद्युत क्षेत्रमा बैंक कर्जा २७६ अर्ब रुपैयाँ मात्र थियो। हाल यो रकम ४ खर्ब ५६ अर्ब रुपैयाँ नाघिसकेको छ। जुन १४५ गुणाभन्दा बढी वृद्धि हो। नेपाल राष्ट्र बैंकले कुल कर्जाको अधिकतम १० प्रतिशतसम्म ऊर्जा क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेपछि बैंकहरू जलविद्युत क्षेत्रमा आक्रामक रूपमा प्रवेश गरेका छन्। हाल कुल बैंक कर्जामा ऊर्जा क्षेत्रको हिस्सा ८.१० प्रतिशत पुगेको छ। यसमा वाणिज्य बैंक, विकास बैंक, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष तथा विदेशी वित्तीय संस्थाहरूको सहभागिता बढ्दो छ।

### भविष्यमा लगानीको आवश्यकता

अहिले प्रतिमेगावाट जलविद्युतको उत्पादन २० करोडको आधारमा गणना गरिन्छ। गत असारसम्म सर्भेका लागि आवेदन दिएका बाहेक सर्भे अनुमतिपत्र, उत्पादन अनुमतिपत्र र उत्पादनका लागि अनुमतिपत्र लिएका २११११ मेगावाटका आयोजनाको लागि मात्र हेर्ने हो भने पनि ४२ खर्ब २२ अर्ब लगानी आवश्यकता देखिन्छ। सरकारले एक वर्ष अघि सार्वजनिक गरेको ऊर्जा विकास मार्गचित्रले सन् २०३५ भित्र २८५०० मेगावाट विद्युत उत्पादनका लागि ६१ खर्ब रुपैयाँ आवश्यक परेको औँल्याएको छ। जसमध्ये करिब ४० खर्ब निजी क्षेत्रको लगानी आवश्यक रहेको औँल्याइएको छ। यसैगरी राष्ट्रिय योजना आयोगले वि.सं.२१०० भित्र ४० हजार मेगावाट उत्पादन पुऱ्याउने लक्ष्य राखेको छ। यसको ४० खर्बभन्दा बढी आवश्यकता पर्दछ।

### नागरिक लगानी कोष र निजी क्षेत्र

नागरिक लगानी कोष दीर्घकालीन बचत परिचालन गर्ने संस्थागत लगानीकर्ता हो। यसको प्रकृति जलविद्युत जस्ता दीर्घकालीन पूर्वाधार आयोजनासँग अत्यन्त मेल खान्छ। कोषको ऋण र इक्वीटी दुवैमा सहभागिता आवश्यक पर्दछ। दीर्घकालीन ऋण र परियोजना ऋणमा कोषको सहभागिता हुन सक्छ। गत असारसम्मको तथ्यांक हेर्ने हो भने लगानी कोष, कर्मचारी सञ्चय कोष र चिलिमे विद्युत आयोजनाबाट ६६ अर्ब ६० करोड रुपैयाँ ऋण लगानी भएको छ।

निजी प्रवर्द्धकसँग सहकार्य गर्दै नागरिक लगानी कोषले परियोजनाको वित्तीय विश्वसनीयता बढाउने, बैंकहरूको जोखिम घटाउने, परियोजनाको क्लोजर छिटो गराउने भूमिका खेल्न सक्छ। भविष्यमा कोषले ऊर्जा जस्तो उत्पादनमूलक उद्योगमा लगानीका लागि प्रमुख भूमिका निर्वाह गर्न सके ऊर्जा परियोजनामा विदेशी र स्वदेशी पुँजी थप आकर्षित गर्न सकिन्छ। यसका लागि कोषले ऊर्जा आयोजनाहरूमा बढीभन्दा

बढी लगानी गर्ने गरी नीतिगत पहल गर्नुपर्ने आवश्यकता छ। कोषले स्वपुँजी र ऋण दुवैमा लगानी गर्न सकेमा यसले ऊर्जा विकासका लागि ठूलो योगदान दिन सक्छ।

आगामी दिनमा लगानी कोषले ग्रीन एनर्जी फन्ड स्थापना, ब्लेन्डेड फाइनान्स (ऋण + इक्वीटी), कार्बन क्रेडिट आधारित वित्तीय संरचना, स्थानीय र सर्वसाधारण सेयरको ग्यारेन्टी संयन्त्र, प्रसारण र भण्डारण परियोजनामा लगानी जस्ता नयाँ नयाँ आयामका लागि काम गर्न सक्छ।

**निष्कर्ष**

बहुदलीय प्रजातन्त्रपछि मात्र नेपालले अहिलेको उत्पादन क्षमता ४ हजार मेगावाटमध्ये ३८०० मेगावाट उत्पादन गर्न सक्षम भएको छ। २०५७ सालदेखि व्यापारिक रुपमा उत्पादन सुरु गरेको निजी क्षेत्रले मात्र ३३०० मेगावाट उत्पादन गर्न सफल भएको छ। यो नेपाल सरकारले ल्याएको विद्युत ऐन, २०४९ ले निजी क्षेत्रलाई सहभागिताको अवसरसहितका प्रवर्द्धनात्मक प्रावधानहरू र २०५५ सालमा विद्युत खरिद गर्ने ग्यारेण्टीसहितको पीपीए दर तोकिनु तथा बैंक तथा वित्तीय संस्थाहरूले पनि यसमा सहायता गरेकै कारण आज निजी क्षेत्र सफल भएको छ। यसमा १३ खर्बभन्दा बढी लगानी भइसकेको छ भने अर्को ६० खर्बभन्दा बढी लगानी गर्न तम्सिएको छ।

अधिकांश नदी प्रवाहमा आधारित (आरओआर) विद्युत आयोजना भएकोले अहिले पनि हिउँदको समयमा छिमेकी मुलुक भारतबाट आयात गर्नुपरे पनि वर्षामा भने बढी भएर विद्युत निर्यात गर्न थालेका छौं। एक दशक अघिसम्म आयात मात्र गर्ने र केही वर्ष अघिसम्म निर्यातभन्दा आयात बढी गर्ने देश नेपाल अहिले खुद निर्यातकर्ता बनिसकेको छ। अर्थात् नेपालले देखिने गरी निर्यात सुरु गरिसकेको छ। यो अवस्थाले नेपालको ऊर्जा क्षेत्र आज निजी क्षेत्रको नेतृत्व, बैंक तथा वित्तीय संस्थाको सहकार्य र नागरिकको सहभागितासहितको नयाँ चरणमा पुगिसकेकाले यसको विकास नयाँ सोचका साथ अघि बढाउनु जरुरी छ। भविष्यमा हुने सम्भावित लगानीलाई दृष्टिगत गरी अब कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता संस्थाहरूको पुँजीलाई बढीभन्दा बढी परिचालन गरी अघि बढाउनु आवश्यक छ। यसका लागि ऐन/कानुनदेखि संरचनागत सुधारको आवश्यकता छ।

ऊर्जा विकास अब केवल आयोजना निर्माण मात्र होइन, राष्ट्र निर्माणको वित्तीय अभियान हो। जहाँ ठूलो रकम मात्र लगानी हुँदैन, ठूलो निजी लगानी परिचालन हुन्छ। यसकारण विद्युत आयोजना निर्माणका लागि आवश्यक पर्ने सबै सरोकारलाहरूबीच साझा एजेण्डा बनाएर यो क्षेत्रलाई अघि बढाउनुपर्छ। निजी क्षेत्रसँगको विश्वासमा आधारित सहकार्य, नीतिगत स्थिरता र वित्तीय नवप्रवर्तनमार्फत मात्रै नेपाल ऊर्जा आत्मनिर्भर र निर्यातमुखी अर्थतन्त्रतर्फ अग्रसर हुन सक्छ भन्ने यथार्थतालाई मनन गरी अब नयाँ सिराबाट यो क्षेत्रको विकास गर्नुपर्छ। यसका लागि विगतमा निजी क्षेत्र उत्पादनमा मात्र सीमित रहेकोमा अब व्यापार, प्रसारण र वितरणमा समेत सहभागी हुने अवस्था सिर्जना गरी विद्युत क्षेत्रलाई प्रतिष्पर्धात्मक रुपमा अघि बढाउनुपर्छ। जसले नेपालको ऊर्जा सुरक्षालाई मात्र बलियो बनाउँदैन, मुलुकलाई पनि समृद्धिको यात्रामा डोऱ्याउँछ।

★ ★ ★

# चीनको १५औं आवधिक विकास योजना र नेपाल

**पूर्वाधार र यातायात विस्तारको सन्दर्भमा नेपाल-चीन रेलवे (काठमाडौं-केरुङ खण्ड), टोखा-छहरे सुरुङ मार्ग र सीमापार सडक परियोजनाहरूले व्यापार लागत घटाउने र बजार पहुँच विस्तार गर्ने सम्भावनाहरु बोकेका छन् । यसका लागि सुख्खा बन्दरगाहहरूको स्तरोन्नतिका साथै सीमापार सुरक्षा संयन्त्रको निर्माण जरुरी छ ।**




**प्रा. डा. सञ्जय आचार्य**
**अर्थशास्त्र विभाग**
**त्रिभुवन विश्वविद्यालय**


राष्ट्रिय विकास योजनाहरू सामान्यतया दीर्घकालीन प्रकृतिका, आर्थिक रूपान्तरणकारी, संरचनात्मक परिवर्तन ल्याउने सामाजिक प्रगतिका प्रमुख बाहक मानिन्छन् । विकासोन्मुख र उदीयमान अर्थतन्त्रहरूमा चीनको पञ्चवर्षीय योजना प्रणाली विश्वमै प्रभावशाली मानिन्छ। चीनको १५औं राष्ट्रिय विकास योजना (२०२६-२०३०) एक निर्णायक चरणमा तर्जुमा गरिएको छ। जसले २०३५ सम्ममा मूलतः राष्ट्रले समाजवादी आधुनिकीकरणको दिशामा एक महान् फड्को मार्ने जमर्को गरेको छ। २०४९ सम्म पूर्ण आधुनिक समाजवादी राष्ट्र बन्ने दीर्घकालीन दृष्टिकोण पनि समेटेको छ।

नेपालजस्ता देशहरूमा जहाँ आवधिक योजनाहरू अझै पनि राष्ट्रिय विकासका मुख्य साधन त हुन्छन्, तर विभिन्न कारणहरूले तिनीहरूले आशातीत प्रतिफल दिन सकेका हुँदैनन् । नेपालकै सन्दर्भमा पनि ७० वर्षभन्दा लामो आवधिक योजनाको अनुभव भए पनि लक्ष्य र उपलब्धिहरूकाबीचमा ठूलो अन्तर देखिन्छ। यही सन्दर्भमा हालै कार्यान्वयनमा ल्याइएको चीनको १५औं आवधिक योजनाको सुक्ष्म विश्लेषण गर्नु र आफ्ना कमी कमजोरीहरू सम्बोधन गर्नु नेपालको लागि अत्यन्त सान्दर्भिक छ। विशाल अर्थतन्त्र रहेको छिमेकी मुलुकको रूपान्तरणकारी गुरुयोजनाले साना छिमेकी अर्थतन्त्रहरूमा निःसन्देह प्रशस्त सम्भावना र अवसरहरूको सिर्जना गर्छन् । यो आलेखमा यस सम्भावनाबारे केही प्रकाश पार्ने जमर्को गरिएको छ। खासगरी पूर्वाधारमा लगानी, प्रविधि हस्तान्तरण, वैदेशिक सहायता तथा भू-राजनीतिक-आर्थिक सम्बन्धमार्फत नेपालको आर्थिक विकासमा हुने सहयोगहरू समग्र आर्थिक रूपान्तरणमा कोसेढुंगा साबित हुन सक्छन् । विशेषतः चीनले अवलम्बन गरेको प्रविधिगत उच्च गुणस्तरीय आर्थिक विकास, आत्मनिर्भरता, हरित रूपान्तरण र आर्थिक सुरक्षामाथिको जोड नेपालका आगामी योजनाहरूका लागि महत्वपूर्ण सिकाइहरू हुन सक्छन् ।

## उच्च गुणस्तरीय विकासतर्फको रूपान्तरण

चीनको १५औं योजनाको केन्द्रबिन्दु 'उच्च गुणस्तरीय विकास' हो। यसले केवल कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को वृद्धिदरभन्दा पनि दिगोपन, नवप्रवर्तन, समावेशिता, समानता र जोखिम प्रतिरोधात्मक क्षमता विकास गर्नुलाई प्राथमिकतामा राखेको छ। परम्परागत लगानी-केन्द्रित तीव्र आर्थिक वृद्धिको मोडेल वातावरणीय दबाब, जनसांख्यिक परिवर्तन र बाह्य जोखिमका कारण सीमामा पुगेको चीनको ठम्याइ छ। यो योजना 'चिनियाँ राष्ट्रको महान् पुनरुत्थान' भन्ने दीर्घकालीन लक्ष्यसँग प्रत्यक्ष रूपमा जोडिएको छ। यसले मध्यमकालीन योजनालाई दीर्घकालीन योजनासँग जोडेर आर्थिक र सामाजिक नीतिहरूमा निरन्तरता र स्थायित्व सुनिश्चिता प्रदान गरेको छ।

चीनको पाँच वर्षे आवधिक योजना यसको दीर्घकालीन योजनाको अंश हुन्छ, जुन सामान्यतया १५ देखि ३० वर्षसम्मको हुन्छ। आवधिक योजनाले यसको लक्ष्य, साधन र स्रोतको बाँडफाँट, अनुगमन र मूल्याङ्कनलाई जोड दिएको हुन्छ भने दीर्घकालीन योजनाले विकासको एउटा दर्शन बोकेको हुन्छ। हालको दीर्घकालीन विकासको सोच सन् २०२० देखि २०३५ सम्मको लागि तय गरिएको छ। यसले जनताको जीवनस्तर, सुरक्षा, खुसी र अवसरलाई केन्द्रमा राखेको छ। यसलाई साझा समृद्धि नाम दिइएको छ। आर्थिक वृद्धि साधन मात्र हो, लक्ष्य होइन। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सार्वजनिक सेवाको विस्तार यस दर्शनका प्रमुख आधार हुन्। घरेलु माग सुदृढीकरण र बाह्य व्यापारलाई सन्तुलनमा राख्ने नीति यसले लिएको छ। चीनमा उत्पादित वस्तु र सेवाहरू यसै नीति अनुरूप चलायमान रहन्छन्। यी दोहोरो चक्रमा चल्ने (डयुल् सर्कुलेसन) प्रकृतिका हुन्छन्। यसले पहिलो त उत्पादित वस्तु र सेवाको आन्तरिक खपत बढाउने रणनीति लिएको छ। यो आफ्नो घरेलु मागलाई आफ्नै उत्पादनले भर्ने आन्तरिक रणनीति हो। दोस्रो, बाह्य लगानीलाई चिनियाँ उत्पादनका मागहरू उच्च रहेका क्षेत्रहरूमा केन्द्रित गरिएको छ। यसअनुसार चिनियाँ लगानीहरू हालका वर्षहरूमा अफ्रिकी मुलुकहरूमा केन्द्रित गरिएको छ। फलस्वरूप सन् २०२४ मा अफ्रिकामा ३.७ बिलियन अमेरिकी डलर रहेको चिनियाँ लगानी सन् २०२५ मा ६१ अर्ब डलर पुगेको छ। यसमा सरकारी र निजी लगानीहरू दुवै समेटिएका छन्। सरकारी लगानीलाई बिआरआईसँग जोडिएको छ। जसले गर्दा अफ्रिकी मुलुकहरूमा चिनियाँ निर्यातको निरन्तर बढोत्तरी भइरहेको छ। यी सबै रणनीतिहरूको प्रभावले अफ्रिकामा चिनियाँ निर्यात सन् २०२५ मा अघिल्लो वर्षको तुलनामा झण्डै २६ प्रतिशतले वृद्धि भएको छ। यो बाह्य चक्र अन्तर्गतको रणनीति हो। गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्सार दरमार्फत चीनसँग दोस्रो चरणको व्यापार युद्ध सुरु गरे पनि अफ्रिकन मुलुकहरूमा भएको निर्यात बिस्तारले समग्रमा चिनियाँ अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी सन्तुलन एक ट्रिलियन डलरभन्दा बढीले चीनको पक्षमा गएको छ।

अर्कोतिर चीनले वास्तविक अर्थतन्त्रमा आधारित आधुनिक औद्योगिक प्रणाली निर्माणलाई प्राथमिकतामा राखेको छ। यसमा परम्परागत उद्योगको डिजिटलाजेसन, उत्पादन शृङ्खलाको स्तरोन्नति, रणनीतिक र उदीयमान उद्योगको प्रवर्द्धन जस्ता पक्षहरू समावेश गरिएका छन्। खास गरी प्रविधिगत आत्मनिर्भरताको लागि कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स), सेमी कन्डक्टरको उत्पादनमा जोड, उन्नत उत्पादन प्रविधि, क्वान्टम प्रविधि जस्ता क्षेत्रमा आत्मनिर्भरता चीनको मुख्य रणनीति बनेको छ। प्रविधिको उपयोगलाई अब केवल आर्थिक प्रतिस्पर्धाको साधन मात्र नबनाई राष्ट्रिय सुरक्षाको आधारको रूपमा पनि हेरिएको छ। यो चिनियाँ आर्थिक विकासको लागि लिइएका रणनीतिहरूमा एक महत्वपूर्ण परिवर्तन हो। दीर्घकालीन विकासको यौटा महत्त्वपूर्ण पाटो पनि हो। यसबाट आय वितरणमा सुधार, सामाजिक सुरक्षा विस्तार र रोजगारी सिर्जनामा यथेष्ट जोड पुग्ने आशा गरिएको छ।

## हरित विकास, दिगोपन र आर्थिक सुरक्षा

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनको १५औँ योजनाले विश्व व्यापार, प्रविधि प्रतिस्पर्धा, जलवायु नीति र क्षेत्रीय विकासमा ठूलो प्रभाव पार्ने संकेतहरू देखिन थालेका छन्। यस योजनामा वैश्वीकरणप्रति रणनीतिक र रचनात्मक दृष्टिकोण अपनाइएको छ। हरित विकासको अवधारणालाई आत्मसात् गर्दै २०३० बाट कार्बन उत्सर्जन ठोस रूपमा घटाउँदै जाने र २०६० सम्म कार्बन तटस्थता हासिल गर्ने चीनका लक्ष्यहरू १५औँ योजनाका आधारभूत प्रतिबद्धता हुन्। यसलाई मूर्तरूप दिन नवीकरणीय ऊर्जा, हरित प्रविधि र कार्बन बजार प्रणालीलाई बल दिइएको छ। यसै अनुरूप चिनियाँ बाह्य लगानीहरूलाई पनि परिचालन गरिएको छ। अफ्रिकी मुलुकहरूमा वृद्धि गरिएको चिनियाँ सरकारी लगानीहरूलाई खनिज, नवीकरणीय ऊर्जा, र पूर्वाधार विकासमा केन्द्रित गरिएको छ।

अमेरिकाले जलवायु परिवर्तनबाट हुने असरहरूको न्यूनीकरणका लागि गरिएका प्रतिबद्धताहरू (खास गरी क्योटो प्रोटोकल)बाट आफूलाई बाहिर राखेको छ भने चीनले आफ्ना प्रतिबद्धताहरूलाई कायम राखी हरित ऊर्जालाई प्रवर्धन गर्दै विश्वव्यापी रूपमा विद्युतीय सवारीसाधनहरूको उत्पादन र विस्तारमा नेतृत्व लिएको छ। एकातिर उसले जलवायु न्यायसँग आफू नजिक रहेको सन्देश दिएको छ भने अर्कोतिर आफ्नो निर्यात व्यापारका साथै वैदेशिक लगानीलाई पनि नवीकरणीय ऊर्जा उत्पादनसँग धेरै हदसम्म जोडेर लगेको छ। हालका वर्षहरूमा वैश्विक अनिश्चितता बढ्दै जाँदा चीनले आपूर्ति शृङ्खलाको सुरक्षा, रणनीतिक स्रोतहरूको विविधीकरण र घरेलु उत्पादन क्षमतामा वृद्धिजस्ता रणनीतिहरू अवलम्बन गरेको छ।

## विश्व अर्थतन्त्रमा पर्ने दूरगामी प्रभाव

चीनले वर्तमानमा लिएका विकास रणनीतिहरूले विश्व अर्थतन्त्रमा दूरगामी प्रभाव पार्ने निश्चित छ। यसले लगानीको बाटो, औद्योगिक विकास, अनुसन्धान र आविष्कार गरी तीन वटा पक्षहरूमा दीर्घकालीन प्रभाव पार्ने छ। चीनको वर्तमान पन्धौं योजनाको अवधिमा विश्व अर्थतन्त्रमा लगानीको बाटो निशन्देह सहज र सोचेजस्तो हुने छैन। किनकि दक्षिण

अमेरिका, युरोप र मध्यपूर्व अशान्त बनिरहेका छन्। त्यसैले अन्तर्राष्ट्रिय लगानीले अनेकौं उतार चढावहरूको सामना गर्नुपर्ने छ। भेनेजुएलाको खनिज तेलको प्रमुख आयातकर्ता चीन नै हो। जसले त्यहाँको कुल तेल निर्यातको पचास प्रतिशत हिस्सा ओगट्छ भने त्यहाँ हुने अन्तर्राष्ट्रिय लगानीमा पनि चीनकै ठूलो अंश रहेको छ। विश्वमा सबैभन्दा ठूलो तेल भण्डार रहेको भेनेजुएलाको तेल अमेरिकाको कब्जामा गएपछि यसको ठूलो असर चीनबाट सुरु भै समग्र विश्व अर्थव्यवस्थामा तेलको व्यापार र लगानीको वातावरण खलबलिने दिशामा गएको छ।

हरित ऊर्जा उत्पादनमा चीनको अग्रणी भूमिकाले विश्व अर्थतन्त्रमा चीनको प्रभाव अझ तड्कारो रूपमा बढोत्तरी हुनेछ। हाल विश्वको वायु, सौर्य, जलविद्युत ऊर्जा र विद्युतीय सवारीसाधन लगायत तिनीहरूको ब्याट्री उत्पादनको ७० देखि ८० प्रतिशत हिस्सा चीनले ओगटेको छ। त्यसैले तिनीहरूको आपूर्ति शृङ्खलामा आउने वृद्धिसँगै विश्व अर्थतन्त्रमा चिनियाँ भूमिका अझ प्रभावकारी भएर जानेछ। ऊर्जा मूल्य निर्धारणमा चिनियाँ भूमिका नै प्रमुख भएर रहन्छ। हालै मात्र सार्वजनिक भएको तथ्याङ्कको आधारमा (अलजजिरा टेलिभिजन, २९ जनवरी २०२६) अमेरिकी विद्युतीय सवारीसाधनहरूको उत्पादन र नाफा एक वर्षमा ३ र ६१ प्रतिशतले ह्रासोन्मुख दिशामा गएका छन्। अर्कोतिर अमेरिकी व्यापार अवरोधहरूका बाबजुद यिनै प्रभावकारी नीतिहरूले चिनियाँ अन्तर्राष्ट्रिय व्यापार अघिल्लो वर्षको तुलनामा सन् २०२५ मा १.३ ट्रिलियन डलरले विस्तार भएको छ।

### नेपालले सहयोग लिन सक्ने क्षेत्रहरू

चीनको १५औं राष्ट्रिय विकास योजनाले उच्च गुणस्तरीय, नवप्रवर्तनमा आधारित र दिगो विकासतर्फको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। नेपाल र चीनको राजनीतिक-आर्थिक संरचना फरक भए पनि रणनीतिक योजना, प्रविधिको विस्तार, हरित अर्थतन्त्रको विकास र आन्तरिक बजार प्रवर्धन जस्ता मूल सिद्धान्तहरू नेपालका लागि अत्यन्त उपयोगी छन्। चीनका सफल अभ्यासहरूलाई नेपालको सन्दर्भअनुसार रचनात्मक रूपमा आत्मसात् गर्न सके नेपालको विकास योजना अझ प्रभावकारी, दिगो र परिणाममुखी बन्न सक्छ।

ट्रान्स-हिमालयन बहु आयामिक कनेक्टिभिटी नेटवर्कले नेपाललाई दक्षिण र पूर्व एसियाबीचको व्यापार बिस्तारको लागि सेतुको रूपमा काम गर्न सक्छ। यो नेटवर्कको विस्तार चीनको पन्ध्रौं योजनाको एक महत्ववपूर्ण पाटो पनि हो। यसमा आबद्ध हुने भूपरिवेष्टित मुलुकहरूलाई भूजडित मुलुकहरूको रूपमा विकास गरिनु पर्ने पन्ध्रौं योजनाको विकास सहयोगको एक रणनीति पनि हो। यसमा नेपालका चीनसँग जोडिने केही पूर्वाधार र यातायात सञ्जाल विस्तारका प्रयासहरू पनि जोडिन्छन्।

पूर्वाधार र यातायात विस्तारको सन्दर्भमा नेपाल-चीन रेलवे (काठमाडौं-केरूङ खण्ड), टोखा-छहरे सुरुङ मार्ग र सीमापार सडक परियोजनाहरूले व्यापार लागत घटाउने र बजार पहुँच विस्तार गर्ने सम्भावनाहरू बोकेका छन्। यसका लागि सुख्खा बन्दरगाहहरूको स्तरोन्नतिका साथै सीमापार सुरक्षा संयन्त्रको निर्माण पनि जरूरी छ। ऊर्जा र प्रविधि, हाइड्रोपावर, प्रसारण-लाइनको विस्तार, औद्योगिक पार्क, डिजिटल अर्थतन्त्र र उच्च शिक्षा क्षेत्रमा सहकार्य नेपालका लागि लाभदायक हुन्छन्। जुन नेपालको सोह्रौं योजनाका आधारभूत शिला स्तम्भ पनि हुन्। यसका साथै नेपालको १६औं आवधिक योजनाका लागि मुख्य सिकाइ हुन सक्ने अरू केही पक्षहरू पनि छन्। गुणस्तरीय आर्थिक विकासमा जोड अर्को एउटा महत्वपूर्ण पाटो हो। नेपालमा पूर्वाधारहरूमा भएको लगानीले आशातीत प्रतिफल दिन नसक्नु, परियोजना सम्पन्न गर्न सधैंजसो खर्चको सीमा र समयावधि नाघ्नु, मर्मत सम्भारका खर्चहरू चाँडै नै सुरु हुनु जस्ता समस्याहरूको यथोचित सम्बोधन भएको छैन। नेपालमा जबाफदेहितासँगै विकास पूर्वाधारहरूको गुणस्तर सुधार अत्यन्त खड्किसकेको छ।

दीर्घकालीन सोच र आवधिक योजनाबीचको एकीकरण चिनियाँ योजना प्रणालीको अर्को महत्वपूर्ण पाटो हो। हामीकहाँ कृषि, ऊर्जा, उद्योग जस्ता केही क्षेत्रका २० वर्षे दीर्घकालीन योजनाहरू नभएका होइनन्। तर, ती सबै आर्थिक क्षेत्रहरूमा विस्तार हुन सकेका छैनन् भने भएका दीर्घकालीन योजनाहरूको पञ्चवर्षीय/त्रिवर्षीय योजनाहरूमा तादाम्यता मिलाउन कमै मात्र गृहकार्य भएको देखिन्छ। पन्ध्रौं योजना निर्माणको चरणमा यस दिशामा केही प्रगति भए पनि त्यसको समीक्षासम्म आइपुग्दा लक्ष्य र उपलब्धिबीचको खाडल देखाउने र त्यसलाई पूर्ति गर्नको लागि स्रोतको आकलन गर्नु बाहेक अरू ठोस प्रयासहरू भेटिँदैनन्। दीर्घकालीन, आवधिक, र वार्षिक योजनाहरूको एकीकरणमा नेपालले चिनियाँ शैलीको कार्य कुशलता विकास गर्नु वाञ्छनीय देखिन्छ।

### सन्दर्भ सामग्री


Ang, Yuen Yuen (2016). *How China Escaped the Poverty Trap*. Cornell University Press. ISBN 978-1-5017-0020-0. JSTOR 10.7591/j.ctt1zgwm1j.

Blanchette, Jude; Kennedy, Scott (2020). "China's Fifth Plenum: Reading the Initial Tea Leaves". Center for Strategic and International Studies.


Blanchette, Jude; Kennedy, Scott (2020). "China's Fifth Plenum: Reading the Initial Tea Leaves". Center for Strategic and International Studies.

Cai, Jane; Chen, Meredith (2025). "How did China's 5-year plans deliver an economic miracle and what's next?". South China Morning Post. Retrieved 03 May 2025.

Cai, Jane; Chen, Meredith (2025). "How did China's 5-year plans deliver an economic miracle and what's next?". South China Morning Post. Retrieved 03 May 2025.

Chen, Donghua; Li, Oliver Zhen; Xin, Fu (2017). "Five-year plans, China finance and their consequences". *China Journal of Accounting Research*. 10 (3): 189–230. doi:10.1016/j.cjar.2017.06.001. hdl:10419/187680. ISSN 1755-3091.

Cheng, Chu-yuan (1971). *The Economy of Communist China, 1949–1969*. Ann Arbor, Michigan: University of Michigan Press, Center for Chinese Studies. p. 4. oi:10.3998/mpub.19999.ISBN 978-0-472-90220-0. JSTOR 10.3998/mpub.19999.

Hale, Thomas; Liu, Xinning; Yang, Yuan (2020). "China's economy shrinks for first time in four decades". Financial Times. Retrieved 30 on November 2020.

Harrell, Stevan (2023). *An Ecological History of Modern China*. Seattle: University of Washington Press. ISBN 9780295751719.

Heilmann, Sebastian (2018). *Red Swan: How Unorthodox Policy-Making Facilitated China's Rise*. The Chinese University of Hong Kong Press. ISBN 978-962-996-827-4.

Hou, Li (2021). *Building for Oil: Daqing and the Formation of the Chinese Socialist State*. Harvard-Yenching Institute monograph series. Cambridge, Massachusetts: Harvard University Asia Center. ISBN 978-0-674-26022-1.

Hu, Richard (2023). *Reinventing the Chinese City. New York*: Columbia University Press. ISBN 978-0-231-21101-7.

Jargad, Shruti (2025). "China's five-year plan confronts economic reform amid geopolitical competition". The Strategist.

Jargad, Shruti (2025). "China's five-year plan confronts economic reform amid geopolitical competition". The Strategist.

Kennedy, Scott (June 2015). "Made in China 2025". Center for Strategic and International Studies.

Kroeber, Arthur (2025). "Unleashing "new quality productive forces": China's strategy for technology-led growth". Brookings.

Lewis, Joanna I. (2023). Cooperating for the Climate: *Learning from International Partnerships in China's Clean Energy Sector*. Cambridge, Massachusetts: The MIT Press. ISBN 978-0-262-54482-5.

Liu, Zongyuan Zoe (2023). Sovereign Funds: How the Communist Party of China Finances its Global Ambitions. The Belknap Press of Harvard University Press. doi:10.2307/jj.2915805. ISBN 9780674271913. JSTOR jj.2915805. S2CID 259402050.

Marquis, Christopher; Qiao, Kunyuan (2022). *Mao and Markets: The Communist Roots of Chinese Enterprise*. New Haven: Yale University Press. doi:10.2307/j.ctv3006z6k. ISBN 978-0-300-26883-6. JSTOR j.ctv3006z6k. OCLC 1348572572. S2CID 253067190.

Meyskens, Covell F. (2020). *Mao's Third Front Cambridge University Press*. ISBN 978-1-108-78478-8. OCLC 1145096137.

Pan, Letian (2006). "The 2nd Five-Year Plan (1958–1962)". Official Web Portal, Government of China. Archived from the original on 27 July 2009. Retrieved on 12 May 2009.

Reuters (2024). "Explainer: What is China's 'third plenum'?"

Roach, Stephen S. (2022). Accidental Conflict: America, China, and the Clash of False Narratives. New Haven: Yale University Press. ISBN 978-0-300-26901-7. OCLC 1347023475.

Rongliang, Han (2002). "China to Invest 700 Billion-yuan for Improving Urban & Rural Environment". People's Daily. Retrieved on 15 March 2011.

State Council of the People's Republic of China (2025). "China's top economic planner begins preliminary study of 15th Five-Year Plan". Retrieved on 07 January 2025.

Tiezzi, Shannon (2020). "China's Fifth Plenum: What You Need to Know". The Diplomat.

W. K (1966). "China's Third Five-Year Plan". The China Quarterly (25): 171–175. JSTOR 3082101.

Wang, Orange (2025). "Transformation of China's supersized market will suit Italian investors: Wang Yi". South China Morning Post, 09 October 2025.

Wang, Orange; Zheng, William; Mai, Jun; Xie, Echo (2020). "Five-year plan: China moves to technology self-sufficiency". South China Morning Post. Retrieved 30 November 2020.

Weber, Isabella (2021). How China Escaped Shock Therapy: The Market Reform Debate. Abingdon, Oxon: Routledge. ISBN 978-0-429-49012-5. OCLC 1228187814.

Xinhua (2010). "China's 12th Five-Year Plan signifies a new phase in growth". Xinhua.. Retrieved on 22 December 2010.

Xinhua (2010). "CPC sets targets for 12th Five-Year Program". Xinhua. Retrieved on 22 December 2010.

Yao, Kevin; Zhang, Ellen (2024). "China revises up 2023 GDP, sees little impact on 2024 growth". Reuters. 07 January 2025.

Yao, Kevin; Zhang, Ellen (2024). "China revises up 2023 GDP, sees little impact on 2024 growth". Reuters. Retrieved on 07 January 2025.

Yao, Kevin; Zhang, Ellen (2024). "China revises up 2023 GDP, sees little impact on 2024 growth". Reuters. Retrieved on 07 January 2025.

Zhang, Phoebe (2025). "Communist Party discipline key to meeting China's 5-year plan goals: Cai Qi". South China Morning Post, 03 November 2025.

"China's top economic planner begins preliminary study of 15th Five-Year Plan". wired from english.www.gov.cn. Retrieved 07 January 2025.

"he 5th Five-Year Plan (1976-1980)". China Daily.

"The 3rd Five-year Plan (1966–1970)". China Internet Information Center.

"The 6th Five-Year Plan (1981-1985)". China Daily.

★ ★ ★

# लगानी- समृद्धिको गंगोत्री !

**विगतमा हलो काटेर मुढो बनाउने त्रुटिपूर्ण नीतिका कारण हाम्रा केही प्राधिकरण, विश्वविद्यालय र हजारौंलाई रोजगारी दिइरहेका संस्थानहरू केही स्वत बन्द भए, केही अझै पनि स्वस्थ्य लाभ गर्ने र सबल हुँदै जाने प्रयासमा छन् । नागरिक लगानी कोषले त्यस्ता संस्थानहरूको पहिचान गरी तिनको प्रकरण-अध्ययन गरी त्यस्ता संस्थानहरूलाई पुनर्जीवन प्रदान गर्न सक्ने सम्भाव्यताहरूको खोजी गर्नुपर्ने समय आएको छ ।**




**प्रा. डा. हरि शर्मा**
**विज्ञ**
**अर्थ तथा पर्यटन**


समय थियो, नेपालले मित्रराष्ट्र भारतलाई आर्थिक सहयोग उपलब्ध गराउथ्यो। भारतलाई उपलब्ध गराउन तामा र चाँदीका मुद्राहरू अमलेखगंजमा रेलको डिब्बामा राख्दा, त्यहाँ डिब्बा नै लडेको थियो रे भन्ने पनि असन इन्द्रचोक तिर बस्ने बूढापाकाहरूबाट पंक्तिकारले उहिले नै सुनेको हो। यो घटना जंगबहादुरका पालाको हो। पछि राजा महेन्द्रका पालामा त हामिले पटक-पटक धान-चामल र विविध अन्नबालीहरू हामीले भारतलाई सहयोग स्वरूप नै उपलब्ध गराउँथ्यौ। कुनै पनि दृष्टिकोणले नेपालमा विगतमा आर्थिक विपन्नतामा थिएन। मात्र हाम्रा वितरण प्रणाली विकसित भइसकेको थिएन।

हाम्रो पूर्वाधारहरूको संरचना खडा भई सकेको थिएन, पूर्व पश्चिम राजमार्गको निर्माण भइसकेपछि र नेपालमा अन्य आवश्यक पूर्वाधारहरू जस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र चित्लांग, कुलेखानी हुँदै हेटौंडा पुगेर रक्सौल जाने बाटो (जुन भारतीय सेनाको सहयोगबाट बनेको थियो) निर्माण भई सकेपछि नेपालमा तत्कालीन सरकार हरूको ध्यान देशको विकासका लागि पूर्वाधारहरूनै आवश्यक हुँदा रहेछन् भन्ने भनाइ प्रति आकर्षित हुँदै गयो। स्मरणीय छ, नेपालमा पहिलो मोटरगाडी भारतको कलकत्ताबाट त्यतिबेलाका प्रधानमन्त्री चन्द्र शमशेर जंगबहादुर राणाले सन् १९०८ अर्थात् वि.सं. १९६५ तिर आफ्नो बेलायत भ्रमण सकेर नेपाल फर्कदा ल्याएका थिए। त्यतिबेला नेपालमा कुनै बाटो थिएन, कुनै पुल थिएन, कुनै ट्रक हुने त झन् प्रश्नै उठ्दैन, तर भित्र्याउनु थियो पहिलो मोटर गाडी राजधानीमा। चन्द्रशमशेरका बुद्धिले युक्ति निकाल्यो। गाडीको संरचना बुझेकाभारतीयमेकानिक(प्राविधिकलाई लगाएर गाडीका भागहरू छुट्ट्याईए र हात्ती, खच्चर र मानिसहरूलाई बोकाएर भार त-नेपाल सीमा हुँदै अहिलेको हेटौंडाको भिमफेदी-चन्द्रागिरी पार गर्दै बडो ठूलो श्रमका साथ गाडीका अवयव काठमाडौं ल्याईयो र काठमाडौंमा भएका मुख्य सडकहरूमा पहिलो शाही सवारीका रूपमा त्यो गाडी गुड्न थालेको इतिहास छ।

त्यो गाडी गुडेको देखेको पुस्ता सम्भवत अहिले कोही होलान जस्तो लाग्दैन। यातायातको अभावले गर्दा कुनै पनि टाढाको स्थानमा पुग्न प्रत्येक देशवासीले आफ्नै खुट्टाको भर पर्नु पर्ने अवस्था थियो। पंक्तिकार स्वयंभारतमा आफ्नो प्रारम्भिक शिक्षा लिन जाँदाको क्रममा अनेकौं चोटी स्याङजाको अ'ादिखोला तरेर ५-६ दिन हिडेर सुनौलीबाट गोरखपुर पुग्ने र फर्कदासमेत त्यसै क्रमको पुनरावृति हुने गरेको स्मृति मानसपटमा अझै पनि आलै छ। फर्कदा मामाले बुटवल (त्यतिबेलाको बटौली) सम्म ल्याई पुऱ्याई दिने गर्थे मेरा केही दौतरीहरू भने शिक्षाका लागि झण्डै चौध-पन्ध्र दिन हिंडेर काठमाडौं आउँथे।

समय कठिन थियो। तर नेपाली बलिया थिए। तिनको मन सधैँ परोपकारी रहन्थ्यो। आर्थिक मुद्राहरू प्रयोगमा आई सकेको भए पनि बटुवाहरूलाई बाटोमा पर्ने कुनै घरमा पनि स्वागतै गरिन्थ्यो। चिसो मही र सखरै भुटेका भटमास र मकै बटुवाहरूका लागि छुट्याएर राखिन्थ्यो। पंक्तिकारका घरमा पनि यस्तै व्यवस्था हुन्थ्यो। अर्थात् हामी भौतिकवादको युगमा भिजी सकेका थिएनौं। यद्यपि हाम्रो अर्थतन्त्र बलियो थियो। दैनिक जीवनमा चाहिने घरेलु उत्पादन (कुटीर उद्योग) र कृषिको उत्पादकत्व बढ्दै गएको अवस्थाले हामी नेपालीले कहिल्यै पनि विदेशी वा छिमेकको स्लेभ (गुलाम) बन्नु परेन। यद्यपि केही टाठा बाठा र फूर्तिला युवाहरू भारतीय ब्रिटीश सेनामा भर्ति हुन तिर लागे।

त्यसले हाम्रो अर्थतन्त्रलाई थप टेवा पुऱ्यायो। हाम्रो तत्कालीन संकुचित अर्थव्यवस्थालाई झनै फराकिलो पार्दै गयो। दशकौं पछि पनि नेपालले आफ्नो अर्थतन्त्रलाई जल विद्युत्, कृषि, पर्यटनर विविध थरिका उद्योगिहरूार्फत साथै नियमति विप्रेषणले गर्दा एवं राज्य व्यवस्थाको आर्थिक संरचना र प्रावधान (जस्तै आधुनिक बैंकिङ प्रणाली, नागरिक लगानी कोष) ले गर्दा हाम्रो अर्थतन्त्र दुःखेको अवस्थामा पनि शिघ्र तंग्रिने अपेक्षाका साथ अघि बढी रहेको छ। नागरिकहरूमा श्रमप्रति विश्वास जागेको छ। अर्थोपार्जन र बचतका संकेतहरू अत्यन्तै उत्साहजनक छन्। बैंकहरूमा भएका निक्षेपले खर्बौंको सीमा नाघी सके। गत वैशाख २०८२ सम्म बैंक तथा वित्तीय संस्थाहरूमा कुल निक्षेप ७४ खर्ब ८६ अर्ब २५ करोड रुपैयाँ रहेको देखिन्छ। बैंकहरूले लगाउने लगानीः मुख्यतः कर्जामा हो। जो मुलुकको बारम्बार बद्लिने अस्थिर सरकारका कारण सुस्त छ।

देशमा आगामी निर्वाचन पश्चात्को सरकार एकलौटी बन्यो भने त्यस स्थिरतामा दिगोपन पनि आउँछ र लगानीका अवसरहरू मुक्त रूपले प्रष्टिंदै जाने सुनिश्चित होला भन्ने आशा गर्न सकिन्छ। भ्रष्टाचार शून्य सुशासनले मात्रै देशको अर्थतन्त्रलाई विकासतर्फ उन्मुख हुन मार्ग प्रशस्त गर्दै जाने हो। निजामती सेवामा भ्रष्टाचार, बेइमानी, लुटपाट, वैमनस्यता, घुसखोरी र सार्वजनिक क्षेत्रमा व्याप्त अन्य अनेक अपराध जन्य क्रियाकलाप र गतिविधिहरूले आम जनताको चाहनानुसार देशमा बचत र लगानीको श्रीवृद्धि हुन सक्तैन, त्यो वातावरण बन्दैन। नेताहरूका फरेबी भाषणहरूले देश बन्ने भए देशमा प्रजातन्त्र र गणतन्त्रको दुहाई दिँदै धेरै चोटीसम्म सत्ताको बागडोर सम्भालेका स्वनामधन्यहरू उपर किन सर्वसाधारण लगायत देशका आमजनताको रोष बढ्दै गएको देखिन्छ ? उत्पादनशील कृषि, पर्यटन र उद्योगहरू संरक्षण, सम्बर्धन र प्रवर्धनका अभावमा कैयौं बन्द भइसकेका छन्। कैयौं उदासीन छ। देश त्यै पनि अग्रगामी भएर दौडिदै रहेको अवस्थामा सरकारप्रति भुईंमान्छेहरूको आस्था किन घट्दो छ ? बाटा-घाटाहरू बनेकै छन्, विमानस्थलहरू निर्मित भएकै छन्, संचार क्षेत्र दक्षिण एसियाकै नमुना बनेको छ, हाम्रा ईन्जिनियरिंङ र मेडिकल कलेजहरू मित्रराष्ट्र भारत तथा चीनका लागि उत्कृष्ट नै ठहरिएका छन्। यद्यपि देशले ती डाक्टर र ईन्जिनियर एवं नर्सहरूलाई देश भित्रै राख्न सकेको छैन। लगानी छ, निर्माण छ तर अपेक्षित रोजगारीका अवसरहरू छैनन्। केही छन् भने पनि ती सीमित छन् र त्यहाँ आफ्नो शीप र श्रमको समुचित न्यायपूर्ण लाभ छैन। जसका कारण ती प्राविधिक जनशक्तिहरूले नेपालमा बस्ने औचित्य देख्दैनन्। एसईई वा उच्च माध्यमिक तह उत्तिर्ण युवा विद्यार्थीहरूमा समेत आत्मबल र विश्वासको अभाव देखिन्छ। जसले गर्दा उनीहरूले आफ्नो उच्च शिक्षा र भविष्यका लागि पराई मुलुकहरूलाई नै प्राथमिकतामा राखेको पाइन्छ। कहाँ कसले के बाटो बिराई रहेको छ त्यो स्पष्ट नहुँदा विद्यमान सामाजिक अवस्थाले समेत विदेश जान लालायित युवाहरूलाई श्रम स्वीकृति उपलब्ध गराएर हुन्छ वा उच्च शिक्षा हासिल गर्नका लागि एनओसी थमाएर हुन्छ वा श्रमिकको आपूर्ति माग गर्ने अन्य मुलुकहरूसँग श्रम-सम्झौता गरेर हुन्छ देशलाई युवाहीन वृद्धाश्रम बनाउन कुनै कसर बाँकी नराखेको देखिन्छ। आफ्नै आँखा अगाडि देशको यस्तो चित्रण कोरिई रहेको देख्दा देख्दै मुलुक भित्रका विभिन्न विकासशील क्षेत्रहरूको आर्थिक समुन्नतिका लागि संस्थागत रूपमा नागरिकहरूसँग एकीकृत समन्वयका आधारमा स्थापित भएका नागरिक लगानी कोष जस्ता संस्थाहरूले राष्ट्रिय पुँजी निर्माणमा थप के कस्ता योजनाहरू ल्याउने भन्ने विषयमा दुबिधा उत्पन्न हुनु स्वाभाविक हो। सार्वजनिक अर्थात् सरकारी, अर्धसरकारी र निजी क्षेत्रमा कार्यरत सबैको निक्षेप/बचताई कसरी सुरक्षित राख्ने र त्यसको लाभदायी लगानी गर्ने, निवृत्तिभरण र भविष्य कोष (पेन्सन) व्यवस्था गर्ने, सदस्यहरूलाई ऋण उपलब्ध गराउने र अर्थ बजारलाई स्थिरता दिने जस्ता सिद्धान्तगत आदर्शमा संलग्न रही देश सेवा गर्ने नागरिक लगानी कोष जस्ता संस्थाहरूको विकासका लागि सरकारले सदैव सहयोगी हात अघि बढाउँदै मुलुकमा डुब्न लागेका व्यावसायिक संस्थाहरूलाई प्राण-भरी दिनु नितान्त आवश्यक छ। विगतमा हलो काटेर मुँढो बनाउने त्रुटीपुर्ण नीतिका कारण हाम्रा केही प्राधिकरण, विश्वविद्यालय र हजारौंलाई रोजगारी दिई रहेका संस्थानहरू केही स्वत बन्द भए, केही अझै पनि स्वस्थ्य लाभ गर्ने र सबल हुँदै जाने प्रयासमा छन्। नागरिक लगानी कोषले त्यस्ता संस्थानहरूको पहिचान गरी तिनको प्रकरण-अध्ययन (केस स्टडी) गरी त्यस्ता संस्थानहरूलाई पुनर्जिवन प्रदान गर्न सक्ने सम्भाव्यताहरू बारे प्रतिवेदन तयार पार्न सकेको खण्डमा

नागरिकहरूको लगानी संकलनका साथ-साथै कोषले स्वयं लगानीका भरपर्दा अन्य क्षेत्रहरूको समेत पहिचान गर्न सजिलो हुने आशा गर्न सकिन्छ। कोषले आफ्नै ऐन, नियम र व्यवस्थानुसार थप अनुसन्धनात्मक कामहरूको सिर्जना गरे कोष भित्रै नव-प्रवर्तनलाई प्रेरित गर्न सकिने अवस्था छ। कोष भन्ने वितिकै धेरैको प्रथम दृष्टि नै त्यहीँ पर्छ। तसर्थ, कोष सञ्चालनका लागि निर्मित बोर्डले कोषका कार्य सम्पादन क्षेत्रहरूलाई सरल, सहज र व्यवहारिक बनाउँदै लैजान डिजिटाइजेशनतर्फ बढी केन्द्रित हुनु पर्छ नै। पंक्तिकार स्वयं कोषको सेवाबाट अलग्गिएको झण्डै डेढ दशक हुन लागेकाले कोषको वर्तमान कार्यपद्धतिबाट अनभिज्ञ हुनु अस्वभाविक नठहरिएला तथापि कुनै पनि संस्थामा नव प्रवर्तन र सुधारको निरन्तर आवश्यकता खटकी रहनुलाई पनि अनर्थपूर्ण मानिनु वाञ्छनीय हुँदैन। देशको अर्थ व्यवस्था र पुँजी बजारलाई देश भित्र आइपर्ने जस्तै परिस्थितिमा पनि चलायमान बनाएर लैजान सक्नुमा नै अर्थतन्त्रको मेरुदण्डहरूलाई (जस्तै उद्योग, कलकारखाना, कृषि, पर्यटन र सम्पूर्ण सेवा क्षेत्र) बलियो तुल्याएर राख्न सक्नु मानिन्छ। विश्वका तमाम राष्ट्रहरूमा फरक नाम धारण गरेका राज्यका र सरकारी स्वामित्वमा रहेका लगानी कोषहरू छन्। वेल्थ फन्ड्स र ट्रस्ट फन्ड्स नामले चिनिने त्यस्ता कोषहरूका उद्देश्य नागरिकहरूको बचत/ राजस्व संकलन गरी दीर्घकालीन लगानी गर्ने र नागरिकलाई लाभान्वित बनाउने हो। पूर्ण सरकारी स्वामित्वमा रहेका त्यस्ता कोषहरूले राज्यको बचत राजस्व संकलन गरी दीर्घकालीन लगानी र राज्यका नागरिकहरूलाई लाभान्वित बनाउन योजनाहरू तर्जुमा गर्ने काम गरेको पाइन्छ। त्यस्ता कोषहरूले आफ्नो देशको तेल, ग्याँस वा अन्य खानीबाट असुल गरिने राजस्वलगायत जनताको आयकरबाट उठेको रकम र बजेटमा बचेको रकम आदि संकलन गरी मुलुकको आर्थिक विकास तथा देशवासीहरूको हित एवं कल्याणका लागि लगानी गर्ने चलन रहेको बुझिन्छ। युरोपको नर्वेमा त्यस्ता कोषलाई पेन्सन फन्ड, आयरलैंडमा त्यस्ता कोषलाई राष्ट्रिय विकासका लागि अर्थ व्यवस्थापन कोष, चीनमा विदेशी मुद्रा भण्डारण गर्ने चाईना इन्भेस्टमेंट कर्पोरेशन, रूसमा मुद्राको भण्डार सुरक्षित राख्ने नेशनल वेल्थ फन्ड, सिंगापुरमा आफ्नो प्रमुख राष्ट्रिय लगानी कोष मानिने 'टीमासेक' को नाम बाट चिनिन्छन्। दक्षिण कोरियामा यस्ता कोषलाई राष्ट्रिय पेन्सन सेवा, मंगोलियामा आफ्नो खनिज राजस्वमा आधारित लगानी कोषलाई चंगेज खान कोष भनिने चलन रहेछ। त्यसरी नै मध्यपूर्वको आबुदावी, कुवेत र कतारमा सरकारी लगानी कोष, अफ्रिकामा तेल लगानी कोष गरी विश्वमा मोटामोटी एक सय वटा राष्टिय स्तरका लगानी कोषहरू रहेको बताइन्छ। नेपालमा नागरिक लगानी कोषका कार्यक्रमहरूले कर्मचारीहरूको वचत वृद्धि अवकाश कोष, नागरिक पेन्सन योजना, उपदान कोष, बीमा कोष आदिको सञ्चालन गर्दै सेवारत निजामती, सैनिक, प्रहरी तथा शिक्षण पेसामा रहेका कर्मचारीहरूमा आर्थिक सुनिश्चितता प्रदान गरेको छ। कोषले पुँजी बजारको विकास र गतिशीलतामा समेत सहयोग पुऱ्याउँदै आइरहेको स्पष्ट छ। हालै कोषले आफ्नो सामाजिक उत्तरदायित्व बोध गरी जेनजी आन्दोलनका क्रममा भदौ २४ गते ध्वस्त पारिएका भौतिक संरचनाहरूको पुनर्निमाणका लागि महत्त्वपुर्ण वित्तीय अनुदान समेत प्रदान गरेको छ।

अन्त्यमा, लगानी हाम्रो उन्नतीको गंगोत्री हो। नागरिक लगानी कोषले निजामती तथा तमाम अन्य राष्ट्रसेवक हरूलाई जुन सेवा प्रदान गरिराखेको छ, त्यो स्तुत्य छ। आफ्नो कमाईको एक हिस्सा जुन बचतमा गएको छ, त्यसले श्रम गर्नेहरूका मनमा एउटा सुखद भविष्यको पूर्ण प्रत्याभूति प्रदान गरेको छ। राष्ट्रको आर्थिक गतिविधिलाई सन्तुलित बनाई राख्न सहयोग पुऱ्याई राखेको छ। नागरिक लगानी कोषले भविष्यमा देशका आम जनताहरूको कल्याणका लागि अझ अनेक अद्‌भुत कार्ययोजनाहरू जन समक्ष ल्याउन समर्थ रहोस् तथा मुलुकमा समृद्धिको गंगोत्री बनोस्।

★ ★ ★

# शिक्षा, जनशक्ति र सुशासन

**राष्ट्रको ठुलो लगानीमा उत्पादित जनशक्तिले देशमा काम पाउँदैनन्, वैदेशिक रोजगारी युवाहरुको बाध्यता बन्यो, सुशासन नहुँदा निराशा र समाजमा कुण्ठा बढ्यो**




**डा. रमेश पौडेल**
**सह-प्राध्यापक**
**केन्द्रीय अर्थशास्त्र विभाग**
**त्रिभुवन विश्वविद्यालय**


**पृष्ठभूमि**

भरखरै नवयुवाहरूको आन्दोलनले धेरै असन्तुष्टि र निराशाको परिणाम देखाएको छ। यो अवस्था कसरी आयो भन्ने सन्दर्भमा हाम्रो शिक्षा प्रणालीसँग सम्बन्धित केही कुरा महत्वपूर्ण छन्। जसको यहाँ चर्चा आवश्यक छ।

विगतका झण्डै पाँच दशकमा हामीले शिक्षा विकाशका निम्ति गरेका अभ्यासका परिणामले देखाएका छन् कि हाम्रो शिक्षा प्रणालीले उत्पादन गरेको जनशक्तिले नेपालको उत्पादन प्रणालीमा योगदान गर्न सकेन। परिणामस्वरुप हाम्रा शिक्षित युवाहरू रोजगारका लागि बिदेसिन बाध्य छन्। अनि हाम्रो उत्पादन प्रणालीलाई आवश्यक पर्ने जनशक्ति अभाव पनि छ। एकातिर रोजगारका लागि जनशक्ति बिदेसिने, अर्कोतिर नेपालमा विभिन्न साना कामका लागि चाहिने जनशक्ति पनि नहुँनु देशको भविष्यका लागि चिन्ताको विषय हो। यो अवस्थाले राजनीति र सामाजिक प्रणालीमै गम्भीर खालका असरहरू देखिन थालेका पनि छन्।

यस्तो किन भइरहेको छ ? उत्तर कठिन छ। हाम्रा एक वा दुई वर्षका कमजोरीले मात्र यो अवस्था आएको होइन, बरु लामो समयसम्म हामीले शिक्षा, जनशक्ति र सुशासनका क्षेत्रमा गरेका नीतिगत कमजोरीले हामी यहाँ आइपुगेको हौँ। त्यसो त शिक्षाको गुणस्तर, व्यवहारिक सीप र चेतनाको गहिराइले मात्र यी तीनवटै पक्षको गुणस्तर कायम हुने र समाजको स्तर निर्धारण गर्ने हो। आजको अवस्थाको जिम्वेवार हाम्रो शिक्षा प्रणाली र त्यसको अभ्यास नै हो भन्न सकिन्छ। यसको अर्थ हो, हाम्रो शिक्षा प्रणालीले व्यापक सुधारको माग गरिरहेको छ।

हामी सबैलाई थाहा छ, आज जीवनको ठूलो हिस्सा र अभिभावकको आम्दानीको प्रमुख अंश खर्चेर आर्जन गरिने शिक्षाले व्यक्तिको जीवनमा जब निराशा छाउँदछ, अनि त्यो देशमा आर्थिक समृद्धि कसरी आउँदछ ? जबकि शिक्षा त स्वाभिमान्, आय, सुशासन, कर्तव्य, जनअनुगमन जस्ता समृद्धिका लागि नभै नहुने सूचकहरूको श्रोत बन्नु पर्ने हो। शिक्षित व्यक्तिले समाज र सरकारको लागत विभिन्न तरिकाले घटाउनु पर्ने हो। तर, हाम्रो शिक्षा पद्धतिका कारण यहाँ त उल्टो भइरहेको छ। शिक्षाले जवरजस्त वैदेशिक रोजगारमा जान बाध्य त बनाएको छ, तर यसले राष्ट्रको समृद्धिमा जति योगदान गर्नु पर्ने हो, त्यो हुन सकेको छैन। यही तरिकाले त भविष्यमा पनि सक्ने छैन। किनभने प्रसिद्ध दार्शनिक हरबर्ट स्पेन्सरले भने जस्तो 'अशल शिक्षाको उद्देश्य ज्ञान होईन, बरु काम हो' भन्ने अवधारणाको उल्टो सन्दर्भ यहाँ भइरहेको छ। अतः शिक्षा ज्ञानको आधार त हो तर, त्योभन्दा बढी विकासको आधार हो, अर्थात् कामको आधार हो।

शिक्षालाई विकाशको आधार किन भनिएको हो ? प्रष्ट छ, आर्थिक विकाशको पूर्वशर्त आर्थिक वृद्धिका लागि श्रमशक्ति, पुँजी र प्रविधि अनिवार्य छन्। देशमा यी तीन कुराको स्तर जति उच्च बनाउन सकिन्छ, त्यति छिटो आर्थिक वृद्धि हुन्छ। अर्थात् काम हुन्छ। त्यस मध्ये श्रमशक्ति र प्रविधिको स्तर सुधार्ने प्रमुख आधार भनेको शिक्षा नै

हो। जुन देशको शिक्षा प्रणालीले तय गर्ने कुरा हो। अर्थात्, देशको शिक्षा प्रणालीले उत्पादनमा सहयोग पुऱ्याउने वा आफ्नो देशको उत्पादन प्रणालीको उत्पादकत्व बढाउने गरी शिक्षा प्रणालीको विकाश गरिनु अपरिहार्य छ। तर यसो गर्न हाम्रा अभ्यासमा केही समस्या छन्।

## मुख्य समस्याः जनशक्ति योजनाविहीन शिक्षा प्रणाली

शिक्षाको उद्देश्य नै ज्ञान होइन काम हो भने पहिला त हामीले कामकै कुरा गर्नु पऱ्यो नि ! त्यसका लागि त कुन शिक्षा आर्जन गरेका कति जना मानिसले कुन क्षेत्रमा काम गर्न सक्दछन ? भन्ने यकिन हुनु पर्छ नै। कामको आवश्यकता बमोजिम हामीले शिक्षा प्रणाली विकास गर्न नसक्नु नै सबैभन्दा ठूलो कमजोरी हो। अर्थात् हाम्रा शिक्षितहरू कामको आवश्यक्ता (माग पक्ष) भन्दा पनि शिक्षितहरूको रुचि (श्रमको आपूर्ति पक्ष)बाट निर्देशित भयो। श्रमको माग यहाँ छ भन्ने कुरा न त राज्य पक्षले, न त श्रमको माग पक्षले नै देखाउन वा पहिचान गर्न सक्यो श्रमको आपूर्ति पक्षलाई। वास्तवमा राज्यले आगामी एक, दुई वा तीन दशकका लागि कृषिमा कति, सेवा क्षेत्रमा कति र उद्योग क्षेत्रमा कति जनंख्या रोजगारका लागि खपत हुन्छ ? प्रस्टाउनु पर्ने हो। निजी क्षेत्रले यसो गर्न किन सक्दैन भने यो राज्यको नीतिबाट नै निर्देशित हुने सन्दर्भ हो। कृषि भित्र पनि कस्तो जनशक्ति चाहिने हो देशभरमै ? प्राविधिक कति, कुन तहको ? आदि कुरा मापन हुनु आवश्यक छ। त्यसैगरी कस्तो उद्योगका लागि कस्तो जनशक्ति कति चाहिने हो ? सेवाका क्षेत्र जस्तै शिक्षक, प्राध्यापक, इन्जिनियर, डाक्टर र अन्य स्वास्थ्यकर्मी कति चाहिने हो भन्ने यकिन छैन। यस्ता कुरा यकिन गरेर त्यसै अनुसारको जनशक्ति विकास गर्नका लागि शिक्षा प्रणालीको विकाश गर्न सकेको भए मात्र स्पेन्सरले भने जस्तो नेपालको शिक्षाको उद्देश्य अनुसार काम हुने थियो। हाम्रो शिक्षा प्रणालीले काम नचिन्ने भएकोले ज्ञान भएका तर काम नभएका जनशक्ति उत्पादन गरेका छौं, परिणाम स्वरुप युवा बेरोजगार र विदेशिने क्रम बढेको छ र अझै बढ्ने छ।

## अरू प्रमुख समस्या के हुन् ?

मेरो दृष्टिमा हेर्दा हाम्रो शिक्षा प्रणालीमा केही समस्या मुलतभूत रुपमा स्थापित छन्। उदाहरणका लागि भन्ने हो भने केही यस्ता छन्ः

**पहिलो**, आजको शिक्षा विद्यार्थीको जीवनयापन सुधारको माध्यमभन्दा पनि अभिभावकको प्रतिष्ठाको विषय बनेको छ। विद्यार्थीको रुचि, उसको क्षमता आदि कुरा गौण छन्। अपवाद छाडेर भन्नु पर्दा अभिभावकहरू जसरी हुन्छ डाक्टर, इन्जिनियर वा यस्तै विशिष्ट भनाउँदा पेसामा लगाउने उद्देश्यले आफ्ना सन्तानलाई अशलभन्दा सफल विद्यार्थी बनाउने ध्याउन्नमा छन्। यही कारण आज अधिकांश अभिभावकका लागि सन्तानको शिक्षा नै जीवनको सवैभन्दा ठूलो वोझ बनेको अवस्था छ। समाजमा आदर्शवानभन्दा व्यापारी भावनाका पेशाकर्मीहरूको उत्पादन भइरहेको छ। यो अवस्थाले सुशासनको स्तर सुधार्ने कुरामा समेत वाधा पुऱ्याइरहेको छ। बढी महत्वाकांक्षी र पेसामा समावेश हुनका लागि बढी स्वार्थीहरूको जमात उत्पादन भएको जस्तो देखिन्छ। जीवनको उतरार्द्धनमा एकखालको बोझ र ग्लानिबाट गुज्रने परिवारको संख्या बढ्दो छ।

**दोस्रो**, राष्ट्रिय स्तरमा विद्यालयस्तरीय शिक्षा स्वयम् विभेदकारी भएको छ। अर्थात् दुई वटा वर्ग जन्माउने खालको छ। निजी र सरकारी विद्यालयको पाठ्यक्रममा अधिकतम एकरुपता अपनाउन नसक्दा यस्तो अवस्था सिर्जना भएको हो। सरकारी विद्यालयमा पढ्ने विद्यार्थी र पढाउने अभिभावकहरूमा एक खालको अरुभन्दा कमजोर भएको ग्लानियुक्त भावना (inferiority complex) देखिदैँछ। यसलाई कसरी समरुपता कायम गर्ने भन्ने बारेमा हामीले सौँच्नै पर्दछ।

**तेस्रो**, सरकारको ठूलो लगानीका बाबजुद पनि सरकारी विद्यालयको परिणाम किन राम्रो छैन ? जबकि निजी विद्यालयका शिक्षकले त्योभन्दा कम तलब सुविधा, अपवाद बाहेकमा पनि राम्रो परिणाम ल्याएका छन्। राम्रो सुविधा पाएर पनि कमजोर परिणाम ल्याउने अवस्थालाई कसरी सुधार्ने भन्नेतर्फ ध्यान नपुग्नु सर्वथा चिन्ताको विषय हो। यसले कुशासन शिक्षाको ज्योति छर्ने विद्यालय तहबाटै सुरु हुन्छ भन्ने प्रस्टाउँछ। किनभने तुलनात्मक रुपमा बढी लगानी गरेर कमजोर परिणाम आउने कुराले कुशासन जनाउँदछ। यसतर्फ सचेत बन्नै पर्दछ।

**चौथो**, हाम्रो उच्च शिक्षा पनि सन्तोषजनक र परिणाममुखी बनाउन सकेका छैनौँ। यसका २ वटा उदाहरण हेरौँ : एउटा, अहिले केही गाउँमा उच्च शिक्षाका क्याम्पस र उद्योग दुवै छन्। तर दुर्भाग्य के भने त्यो क्याम्पसबाट पढेको एक जना विद्यार्थी पनि त्यो उद्योगमा काम लाग्ने खालको छैनन्।

अझ अपसोच लाग्ने कुरा त के भने त्यो गाउँमै भएको उद्योगलाई चाहिने जनशक्ति बाहिरबाट, कतिपय सन्दर्भमा भारतबाटै मगाउनु परेको छ। गार्मेन्ट, मिठाइ बनाउने कारिगर आदिका सन्दर्भमा यस्ता उदाहरण बर्गेल्ति देखिन्छन्। त्यो क्याम्पसबाट शिक्षित विद्यार्थी खाडीका देशहरूमा ज्यानकै जोखिम मोलिरहेका छन्। अर्थात् हाम्रो शिक्षा प्रणालीले प्रत्यक्ष उत्पादनमा योगदान गर्न सकेन। अर्को, हाम्रो उच्च शिक्षालाई विदेशका कुनै पनि राम्रा विश्वविद्यालयसँग दाँज्न सकिने अवस्था भएन। नेपालबाट आर्जन गरेको डिग्रीभन्दा एक तह तल्लो डिग्रीका लागि हजारौँ विद्यार्थीहरू विदेशका सामान्य विश्वविद्यालयमा गइरहेका छन्। अर्बौं रुपैयाँ बाहिरिएको छ। हामीकहाँ उच्च शिक्षा लिएर वैदेशिक रोजगारमा गएका नागरिकहरू पनि योग्यताभन्दा धेरै तल्लोस्तरको काममा लाग्न बाध्य भएका छन्। तर आज नेपालका विश्वविद्यालयहरू हाम्रा

अधिकांश विद्यार्थीहरू पढ्न जाने विदेशका विश्वविद्यालयभन्दा धेरै राम्रा छन्। तर पनि विदेश गएर पढ्ने कुरा फेसन नै बनेको छ। यसतर्फ पनि हाम्रो ध्यान पुगेन। यस्ता समस्या मिलाउनेतर्फ प्रमुख विश्वविद्यालयका पदाधिकारीहरूको ध्यान पुग्न सक्ने अवस्थासमेत देखिदैन्। आज विश्वविद्यालयमा पढाइ हुने विषयभन्दा पनि त्यसको व्यवस्थापन र अन्तर्राष्ट्रिय रूपमा मान्यता प्रमुख कुरा बनेका छन्। जुन कुरा उच्च शिक्षा व्यवस्थापन कौशलताबाट मात्र प्राप्ति हुन सक्दछन्।

**पाचौं**, हाम्रो शिक्षाले उत्पादन गरेको शैक्षिक जनशक्ति नेपालमा बस्न चाहँदैनन्। जेनतेन कक्षा १२ सक्यो कि विदेश दौडिने लाम लागिहाल्ने। यसले के देखाउँछ भने हाम्रो शिक्षाले स्वदेशमा उसको भविष्यप्रति विश्वास दिलाउन सकेको छैन। यसका सामाजिक र राजनीतिक लागत पनि छन्। जुन आजभन्दा भोलिका दिनमा प्रष्ट देखिँदै जाने छन्। यो कसरी सुधार्ने भन्नेमा ध्यान दिन सकिएन भने त्यो अर्को कुशासनको पक्ष हो। समस्या एकातिर छोडेर राज्यका निकायहरूले अर्कोतर्फ काम गर्नु, साधन श्रोत खर्चिने पद्धतिले कसरी सुशासन स्थापि हुन सक्दछ ?

**छैटौं**, अहिले संघीयताका कारण थप अन्योलका सम्भावना देखिदैँछन्। नेपालकै विद्यालय र उच्च शिक्षाका पाठ्यक्रमहरू पनि प्रदेशै पिच्छे फरक परेमा यसले थप जटिलता निम्ताउने छ। सरकारी र निजी, त्यस भित्र एउटा प्रदेशको शिक्षा प्रणाली र अर्को प्रदेशको शिक्षा प्रणाली भित्र कसरी समरुपता खोज्ने भन्ने जटिल अवस्था देखिने वाला छ, निकट भविष्यमै। विविधता भित्रको एकता कसरी कायम गर्ने भन्ने पक्षमा हामीले धेरै काम गर्नुपर्ने छ। न्यूनतम सबै ठाउँमा पढाई हुने विषयहरूको पाठ्यक्रममा एकरुपता अपनाउन आवश्यक छ।

**सातौं**, हामीले चाहेर पनि व्यवस्थित गर्न नसकेको प्रारम्भिक बाल शिक्षा हो। आज विश्वका अन्य देशहरू Early Childhood Development (ECD) जस्ता कार्यक्रममा मनग्य लगानी गरेका छन्। जसबाट भोलिका दिनमा अझ राम्रो जनशक्ति उत्पादन गर्ने आशा गर्न सकेका छन्। हाम्रो ध्यान यसमा पुगे पनि लगानी निकै कम छ। यसका कारण भोलिका दिनमा हाम्रो जनशक्ति तुलनात्मक रुपमा अझ कमजोर बन्ने अवस्था छ। यसतर्फ हामीले तन, मन र धन सबै लगाउनु पर्नेछ। अन्यथा भोलिका दिनमा हाम्रो जनशक्ति अन्य देशहरूको तुलनामा त्यसै कमजोर हुनेछ। त्यो लगानीले मात्र बालकलाई मानसिक विकाशका लागि चाहिने आधार तयार गर्न सक्दछ।

यस्ता अनेका समस्या थप्न सकिन्छ। जस्तो कि आवश्यक शैक्षिक पूर्वाधारमा भवन बाहेक ल्याब र परीक्षण केन्द्र बनाउन सकेकै छैनौं। प्रविधिमा आवश्यक लगानी गरेकै छैनौं, अनुसन्धान र विकासका पक्षमा लगानी न्यून वा शून्य जस्तै आदि कुरा प्रमुख हुन्। सीप विकाश गर्ने शिक्षालाई स्थापित गर्न सकेका छैनौं, आदि। यी समस्या समाधान नगरी उत्पादित जनशक्ति कामयाबी नहुने प्रष्ट छ।

यी समस्याको समाधान गर्दा मात्र उत्पादित जनशक्तिले देशमै काम पाउन सम्भव छ। उत्पादनका कामहरूमा बढोत्तरी हुन सक्ने आधार तय हुन्छन् भन्ने लाग्दछ। यसका लागि सरकारी विद्यालयहरूमा व्यवस्थापकीय क्षमता बढाउनु पर्ने छ। हाम्रो शिक्षालाई काम चिन्ने बनाउनु पर्नेछ। हाम्रो उत्पादन सुहाउँदो बनाउनु पर्नेछ। उच्च शिक्षालाई विदेशका राम्रा विश्वविद्यालयहरूसँग समरुपीकरण गर्नुपर्ने छ। चरित्रवान नागरिक उत्पादन गर्ने शिक्षा बनाउनु पर्नेछ भने अर्कोतिर हामीले नवयुवाहरूलाई स्तरीय सीपमूलक शिक्षा प्रदान गर्ने पद्धति र प्रणालीको विकाश गर्नुपर्ने छ।

**कस्तो सिप ?**

सबभन्दा पहिला त हामीले सञ्चालन गर्ने उत्पादनका कामहरू के के हुन सक्दछन्। क्षेत्र विशेषका जनशक्तिको आवश्यकता पहिचान गरौं। यो कुरा अव राष्ट्रिय आवश्यकताका रुपमा स्वीकार्नै पर्दछ। नयाँ सरकारले यो काम तदारुकताका साथ प्राथमिकतामा राखेर गर्नु आवश्यक छ। यसरी आवश्यकता पहिचान गरिसकेपछि तत् तत् क्षेत्र विशेषका सीप भएका जनशक्ति उत्पादन गर्ने गरी शिक्षा नीति बनाएर जनशक्ति उत्पादन गरियो भने त्यसले काम चिन्ने छ। यसबाट जनशक्ति र उत्पानबीच छुटेको सम्बन्ध स्थापित हुनेछ भने अर्कोतर्फ हामीले त्यस्तो जनशक्ति विदेशमा कामको खोजी मै गयो भने पनि त्यसले त्यहाँको उत्पादन प्रणालीमा राम्रो योगदान गर्न सक्ने भएकोले विप्रेषण धेरै गुणा बढाउन सकिन्छ।

हो, हाम्रो शिक्षा प्रणालीमा समस्या र गर्नुपर्ने कामहरू यति मात्र होईनन्, धेरै छन्। यहाँ मूल पक्षका केही सन्दर्भलाई छलफलका लागि ध्यानाकर्षण मात्र गरिएको हो। मूलतः हाम्रो शिक्षाले देशलाई कसरी हित गर्न सक्दछ ? भन्ने कुरा पुनः परिभाषित गरिनु आवश्यक छ। जसबाट राष्ट्रिय उत्पादन पनि बढ्न सकोस्, साधन र श्रोतको उचित प्रयोग पनि हुन सकोस् र सुशासनको स्तर पनि सुधार हुन सकोस् भन्ने मै नयाँ सरकारको ध्यान जान सकोस्।

★ ★ ★

# राजनीतिक अस्थिरता र शिथिल अर्थतन्त्रको मारमा बैंकिङ क्षेत्र

**निक्षेप र कर्जा दुवैको ब्याजदर घटेर हालसम्मकै न्यून अवस्थामा पुगेको छ । अधिक तरलता र न्यून ब्याजदरले कर्जा लिन चाहनेहरूका लागि अवसर सिर्जना गरेको छ । तर ऋणीले कर्जाको माग गर्न सकेका छैनन् ।**




**सन्तोष कोइराला**
अध्यक्ष
नेपाल बैंकर्स संघ


पछिल्ला केही वर्षदेखि नेपालमा लगानी वातावरण अपेक्षाकृत रूपमा सुधार हुन सेकेको छैन। गएको तीन वर्षदेखि बैंकिङ प्रणालीमा अधिक तरलता अवस्था छ। तर, निजी क्षेत्रबाट कर्जाको माग बढ्न नसक्दा बैंक तथा वित्तीय संस्थाको ऋण प्रवाह बढ्न सकेको छैन। यही कारण उत्पादनमूलक क्षेत्रमा पनि लगानी बढ्न सकेको छैन। आर्थिक गतिविधिमा आएको सुस्तता, आर्थिक अनिश्चितता, सुरक्षाको प्रत्याभूति नहुनु, राजनीतिक अस्थिरता र व्यवसायीक वातावरण बन्न नसक्दा कर्जा माग बढ्न नसकेको हो। निजी क्षेत्रको आत्मविश्वास इतिहासकै न्यून अवस्थामा छ।

आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासमा वाणिज्य बैंकहरूको खुद नाफा २७ अर्ब ४३ करोड रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो नाफा ३० अर्ब ५९ करोड रुपैयाँ छ। पछिल्ला त्रैमासिक वित्तीय प्रतिवेदनहरूमा बैंकहरूको खुद नाफा १० देखि ४० प्रतिशतसम्मले घटेको छ। केही बैंकहरू नोक्सानीमा छन्। उनीहरूको नाफा वृद्धिदर ऋणात्मक छ। अहिले बैंकहरूमा सबैभन्दा ठूलो समस्याका रूपमा खराब कर्जा देखिएको छ। यसले बैंकहरूको स्वास्थ्यमा सबैभन्दा ठुलो चुनौती थपेको छ। खराब कर्जामा भएको बढोत्तरीले बैंकहरूको नाफा नराम्ररी प्रभावित भएको भएको छ।

धेरै वाणिज्य बैंकहरूको खराब कर्जाको दर पछिल्लो दुई वर्षमा दुई गुणा वा सोभन्दा धेरैले बढेको छ। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात २०८२ असोजमा औसत ५.०३ प्रतिशत थियो। पुस मसान्तसम्म आइपुग्दा यो बढेर ५.०८ प्रतिशत पुगेको छ। सो अवधिमा अधिकांश वाणिज्य बैंकहरूको खराब कर्जा अनुपात ५ प्रतिशतभन्दा माथि पुगेको छ। यो राष्ट्र बैंकको मापदण्डअनुसार जोखिमयुक्त मानिन्छ। बैंक तथा वित्तीय संस्थामा करिब ११ खर्ब ७० अर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम (तरलता) थुप्रिएको छ। निक्षेप र कर्जा दुवैको ब्याजदर घटेर हालसम्मकै न्यून अवस्थामा पुगेको छ। अधिक तरलता र न्यून ब्याजदरले कर्जा लिन चाहनेहरूका लागि अवसर सिर्जना गरेको छ। तर ऋणले कर्जाको माग गर्न सकेका छैनन्। यहीकारण एकातिर थप कर्जा प्रवाह हुन सकेको छैन भने अर्कातिर यसअघि प्रवाह भएको कर्जा पनि असुलीमा समस्या भएको छ। असुलीमा समस्या हुँदा बैंकहरूको नाफा घटेको छ।

निक्षेप बढिरहेको र अपेक्षित रूपमा ऋण प्रवाह बढ्न नसकेकाले बैंकहरूमा लामो समयदेखि लगानीयोग्य रकम थुप्रिएको हो। यद्यपि बैंकहरूको पुँजी कोष अनुपात र अन्य नियामकीय मापदण्ड नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्रै छन्। अधिकांश ठुला वाणिज्य

बैंकहरूले हालसम्म पनि तोकिएको पुँजी पर्याप्तता अनुपात सामान्यतया ११ प्रतिशत कायम राख्न सफल भएका छन् । यद्यपि यो अनुपात घट्दै गएको छ । यसको अर्थ बैंकहरूको पुँजीगत आधार अहिले पनि बलियो नै रहेको पुष्टी हुन्छ । यसले अहिले पनि बैंकहरूको आफ्नो दायित्व (इन्सोल्भेन्ट) बहन गर्न सक्षम छन् देखाउँछ ।

तर, अहिले पनि केही बैंकहरूको प्राथमिक पुँजी (कोर क्यापिटल) अनुपातमा दबाब पर्न थालेको देखिन्छ । जसअनुसार आधा दर्जन बढी बैंकको प्राथमिक पुँजी अनुपात दबाब रहेको छ। राष्ट्र बैंकको नियमअनुसार वाणिज्य बैंकहरूको जोखिमयुक्त कर्जाको आधारमा पुँजी कोष अनुपात ८.५ प्रतिशत हुनुपर्छ। धेरै बैंकहरूले प्राथमिक पुँजी व्यवस्थापन गर्नका लागि अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने प्रक्रिया सुरु गरेका छन् । यो बैंकहरूलाई पुँजीकोष अनुपात कायम गर्न राष्ट्र बैंकले हालै अनुमति दिएको वित्तीय उपकरण हो ।

पछिल्ला तीन वर्षदेखि नेपालको बैंकिङ प्रणालीले अधिक तरलताको अवस्था व्यहोर्नु परेको छ। यसको अर्थ नेपालको बैंकिङ प्रणालीमा अहिले पर्याप्तभन्दा बढी नगद तथा निक्षेप उपलब्ध छ भन्ने हो। किनकी लक्ष्यअनुसार कर्जा प्रवाह हुन सकेको छैन। निजी क्षेत्रबाट कर्जा माग हुन सकेको छैन। बजार माग बढ्न नसक्दा र मुलुकमा लगानी वातावरण नबन्दा निजी क्षेत्रले कर्जा माग नगरेको हो। यही कारण यस वर्ष पनि कर्जा प्रवाहमा राष्ट्र बैंकले तय गरेको १२ प्रतिशतको लक्ष्य प्राप्ति नहुने भएको छ ।

सामान्य अवस्थाका ऋणको ब्याजदर र कर्जा प्रवाहबीच उल्टो सम्बन्ध हुन्छ। जसअनुसार ब्याजदर घट्दा कर्जा प्रवाह बढ्छ भने बढ्दा कर्जा घट्छ। तर, नेपालमा अहिले अर्थशास्त्रको त्यो नियमले पनि काम गरेको छैन् । ब्याजदर ऐतिहासिक रूपमा न्यून भए पनि अपेक्षाकृत कर्जा प्रवाह बढ्न सकेको छैन। नेपालको वित्तीय प्रणालीमा अहिले ऋण वृद्धि सुस्त हुनुका पछाडि धेरै कारणहरू छन् ।

### यसकारण सुस्त कर्जा प्रवाह

अर्थतन्त्रमा शिथिलता र उद्योगीव्यवसायीको मनोबलमा गिरावट आउँदा अपेक्षित रूपमा कर्जा विस्तार हुन सकेको छैन । ऋणीहरूबाट ऋण असुली गर्न नसक्दा वा विभिन्न आन्दोलनका कारण नियमित कर्जा असुलीमा समेत बाधा पुगेको छ भने बैंकहरू थप जोखिम लिन डराउनु पर्ने अवस्था छ ।

पछिल्लो राजनैतिक अस्थिरताले कर्जाको मागसमेत बढ्न सकेको छैन । विभिन्न प्राकृतिक विपत्ति र आन्दोलनका कारण व्यवसायीको मनोबल हालसम्मकै न्यून विन्दुमा छ। यहीकारण उद्योगी व्यवसायीले तत्काल व्यवसाय विस्तारको योजना थाति राखेका छन् ।

औसतमा बैंकहरूको पुँजीकोष सामान्य अवस्थामा रहे पनि केही बैंकहरू पुँजी कोषको दबाबमा छन् । यहीकारण उनीहरूले कर्जा प्रवाह गर्न सकेका छैनन् । किनकी थप कर्जा प्रवाहका लागि ती बैंकले पुँजीकोष (प्राथमिक पुँजी) बढाउनुपर्ने अवस्था छ। अहिले करिब आधा दर्जन बढी बैंक पुँजी कोषको दबाब देखिएको छन्। राष्ट्र बैंकको नियमनुसार बैंकहरूको जोखिमयुक्त कर्जाको आधारमा पुँजी कोष अनुपात ८.५ प्रतिशत हुनुपर्छ ।

उद्योगधन्दाको उत्पादन क्षमता पूर्ण रूपमा प्रयोग नहुनु र नयाँ लगानीका लागि व्यवसायी उत्साहित नहुनु नै कर्जा माग नबढ्नुको अर्को कारण हो। पछिल्ला तीन वर्षदेखि नेपाली अर्थतन्त्र खुम्चिएको छ। निर्माण र औद्योगिक उत्पादनलगायतका क्षेत्र संकुचनमा रहेकाले वास्तविक क्षेत्रमा कर्जा विस्तार हुन सकेको छैन। खराब कर्जा तीव्र रूपले बढेकाले बैंकहरू नयाँ कर्जा प्रवाहमा अत्यधिक सतर्क बनेका छन् । जोखिम बढेपछि बैंकहरूले उच्च गुणस्तरको ऋणी मात्र खोज्छन्, जसले समग्र कर्जा प्रवाहको गति सीमित बनाउँछ ।

### तरलता व्यवस्थापन र कर्जा–निक्षेपको असन्तुलन

अतिरिक्त तरलता र न्यून कर्जा वृद्धिको संयोजनले समग्र अर्थतन्त्र प्रभावित भएको छ। जसका कारण उत्पादनशील क्षेत्रमा लगानी कम, आर्थिक वृद्धि दरमा दबाब र बैंकहरूको नाफामा कमी आउनुको कारण तरलता व्यवस्थापन र कर्जा-निक्षेपबीचको असन्तुलनको उपज हो ।

साढे दुई वर्षसम्म बजारमा अधिक तरलता कायम हुनु भनेको अर्थतन्त्र 'लिक्विडिटी ट्र्याप' (तरलताको पासो) मा फसेको अर्थविद्हरू बताउँछन् । यो भनेको अर्थतन्त्रमा अधिक तरलता हुनु, ब्याजदर अत्यन्त न्यून हुनु र यस्तो अवस्थामा ब्याजदर घटाउन सक्ने सम्भावना नहुनु अथवा ब्याजदर घटाएर अर्थतन्त्रलाई गति दिन सक्ने अवस्था नहुनु हो। मुलुक गम्भिर लिक्विडिटी ट्र्यापमा फसिसकेपछि मौद्रिक उपकरणहरूले प्रभावकारी काम गर्न सक्दैनन् ।

### सुधार कसरी ?

यस्तो अवस्थामा अर्थतन्त्र चलायमान बनाउन वित्त नीति सक्रिय हुनुपर्छ। अर्थतन्त्रको संक्रमणकाल लम्बिदै गएकाले त्यो समस्या समाधानका लागि सरकारको तर्फबाट 'विग पुस' आवश्यक हुन्छ । यसका लागि सबैभन्दा पहिले बजारबाट किन कर्जा विस्तार हुन सकेन ? लामो समयसम्म पैसा किन थुप्रिरहेको छ ? त्यसबारेमा प्रभावकारी रूपमा छलफल हुन जरुरी छ ।

अर्थतन्त्रको विद्यमान अवस्था सुधारका लागि सबैभन्दा पहिले निजी क्षेत्रको आत्मविश्वास बढ्नुपर्छ। निजी क्षेत्रको आत्मविश्वास त्यतिबेला बढ्छ जतिबेला मुलुकमा नीतिगत स्थिरता हुन्छ। उद्योगी व्यवसायीको सुरक्षाको प्रत्याभूति हुनुपर्छ। ताकी उनीहरूले ढुक्क भएर व्यवसाय गर्न सकुन्।

नेपालमा पुँजीगत खर्चको अवस्था नाजुक छ। पछिल्ला चार दशकमा वार्षिक औसत ६० प्रतिशतले मात्र पुँजीगत खर्च हुने गरेको छ। अब सरकारको पुँजीगत खर्च प्रभावकारी रूपमा बढ्नुपर्छ र मुलुकमा लगानीमैत्री वातावरण सुदृढ हुनुपर्छ। रोजगारी र उत्पादन वृद्धिका लागि व्यापक रूपमा नीतिगत सुधार आवश्यक छ।

बैंकहरूसँग लगानीयोग्य रकम प्रशस्त भए पनि निजी क्षेत्रबाट कर्जाको माग अपेक्षाकृत कमजोर रहेको छ। नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत ब्याजदर घटाउने, कर्जा प्रवाहमा लचकता ल्याउने तथा तरलता व्यवस्थापनका विभिन्न उपायहरू अपनाएको छ। यी कदमका कारण अत्यधिक तरलता केही हदसम्म नियन्त्रणमा आएको र कर्जा वृद्धिदर अघिल्लो अत्यन्त न्यून अवस्थाबाट अलि सुधारिएको देखिन्छ। तर, कर्जा विस्तार वार्षिक लक्ष्यअनुसार सन्तोषजनक रूपमा बढ्न सकेको छैन। कर्जा विस्तारको गति बढाउन दीर्घकालीन सुधारका लागि मौद्रिक नीतिसँगै लगानीमैत्री वातावरणमा सुधार गरी निजी क्षेत्रको आत्मविश्वास बढाउन अतयावश्यक छ।

**खराब कर्जा व्यवस्थापन गर्न एएमसी**

खराब कर्जा बढिरहेकाले त्यो व्यवस्थापनमै अहिले बैंकहरूले सम्पूर्ण प्रयास लगाउनु परेको छ। पछिल्लो तथ्यांकअनुसार वाणिज्य बैंकहरूको औसत खराब कर्जा करिब ५.०८ प्रतिशत छ। खराब कर्जा बढ्नुको मुख्य कारणमा आर्थिक वृद्धिदर सुस्त हुनु, कर्जा असुलीमा समस्या, धितो बिक्रीमा कठिनाइ, कृषि र साना व्यवसाय क्षेत्रमा कर्जा लगानीको उचित अवसर नहुने अवस्थालगायतका छन्।

खराब कर्जा बढेसँगै बैंकहरूको गैर-बैंकिङ सम्पत्ति पनि बढिरहेको छ। धेरै बैंकले गैर-बैकिङ सम्पत्ति बिक्री गर्न सकिरहेका छैनन्। यसले बैंकको वासलातमा दबाब सिर्जना गरेको छ। यो चुनौतीलाई समाधान गर्न नेपाल राष्ट्र बैंकले सम्पत्ति व्यवस्थापन कम्पनी (एएमसी) स्थापना गर्ने प्रस्ताव अघि बढाएको छ। प्रस्तावित एएमसीले बैंक तथा वित्तीय संस्थाका खराब कर्जा र गैर बैंकिङ सम्पत्ति किन्न र व्यवस्थित रूपमा व्यवस्थापन गर्न सक्नेछ। यसका लागि सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा तयार पारिएको छ। नियामक निकायमार्फत अघि बढिरहेको छ। तर अहिलेसम्म यो कानुनी रूपमा लागु भएको छैन। यहीकारण एएमसी सञ्चालनमा आएको छैन। अन्तर्राष्ट्रिय निकायहरूले पनि एएमसी स्थापनाको समर्थन गरेका छन्। यसले नेपालको बैंकिङ प्रणालीलाई थप स्थिर बनाउन सहयोग पुग्ने अपेक्षा छ।

बैंकहरूको खराब कर्जा र गैर बैंकिङ सम्पत्ति दुवै तीव्र रूपमा बढिरहेको अहिलेको समयमा एएमसीको भूमिका महत्वपूर्ण हुनेछ। किनकी बैंकिङ क्षेत्रको वित्तीय स्वास्थ्यमा दबाब सिर्जना गरेको छ। यद्यपि एएमसी जति छिटो सञ्चालनमा आउँछ, त्यति छिटो बैंकहरूको बोझ कम हुनेछ। यसकारण पनि छिटोभन्दा छिटो एएमसी सञ्चालनका लागि काम गर्नुपर्छ।

**तीव्र गतिमा डिजिटल बैंकिङ**

नेपालमा डिजिटल कारोबारको अवस्था सकारात्मक र विस्तारोन्मुख छ। सहरी क्षेत्रमा यसको प्रयोग तीव्र रूपमा बढेको छ भने ग्रामीण क्षेत्रमा पनि क्रमशः विस्तार भइरहेको छ। उचित नीति, प्रविधि र जनचेतनाको माध्यमबाट डिजिटल भुक्तानी प्रणालीले नेपालको अर्थतन्त्रलाई अझ पारदर्शी, प्रभावकारी र आधुनिक बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ।

नेपालमा मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, क्यूआर कोड भुक्तानी, वालेट सेवा र कार्ड भुक्तानीको प्रयोग तीव्र रूपमा बढेको छ। विशेषगरी साना तथा मध्यम व्यवसायीहरूले क्यूआर कोडमार्फत भुक्तानी स्वीकार गर्न थालेपछि नगदरहित कारोबार सहज बनेको छ। विशेषगरी कोभिड-१ पछिको समयमा नगदरहित भुक्तानी प्रणालीप्रति नागरिकको आकर्षण तीव्र रूपमा बढेको देखिन्छ।

२०८२ पुसमा डेबिट कार्ड प्रयोगकर्ताले १ करोड ३ लाख कारोबारमार्फत ७८ अर्ब ७४ करोडबराबरको कारोबार गरेका छन्। त्यसैगरी, मोबाइल बैंकिङअन्तर्गत ६ करोड ८३ लाख कारोबारमार्फत ५५७ अर्ब ४८ करोड कारोबार भएको छ। क्यु-आर कोड भुक्तानीअन्तर्गत ४ करोड ७३ लाख कारोबारमार्फत १२ अर्ब १८ करोड कारोबार भएको छ।

पछिल्ला वर्षमा डिजिटल कारोबार बढ्नुका प्रमुख कारणहरूमा स्मार्टफोन र इन्टरनेटको पहुँच विस्तार, बैंक खाताको संख्या वृद्धि, सरकारी निकायबाट डिजिटल भुक्तानी प्रवर्धन, नगदरहित कारोबारप्रति बढ्दो विश्वास, अनलाइन किनमेल र ई-कमर्सको विकासलगायत छन्।

यद्यपि डिजिटल कारोबार बढिरहेको भए पनि केही चुनौतीहरू अझै कायम छन्। ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँचको कमी, साइबर सुरक्षा जोखिम, डिजिटल साक्षरताको कमी, प्रविधिप्रति अविश्वासले डिजिटल बैंकिङमा चुनौती थपेको छ। नेपालमा साइबर

अपराध तथा ठगीका घटना कहिलेकाहीँ देखिनु पनि अर्को चुनौती हो। त्यसैले प्रयोगकर्ताले सुरक्षित पासवर्ड, ओटीपी गोप्य राख्ने जस्ता सावधानी अपनाउन आवश्यक छ। नेपालमा डिजिटल अर्थतन्त्र विस्तार हुने सम्भावना धेरै छ। सरकारी भुक्तानी, कर तिर्ने प्रक्रिया, सामाजिक सुरक्षा भत्ता वितरणलगायत क्षेत्रमा डिजिटल प्रणालीको प्रयोग बढ्दै गएको छ। यदि पूर्वाधार सुदृढीकरण, साइबर सुरक्षा सुधार र डिजिटल साक्षरता अभिवृद्धि गर्न सकियो भने आगामी वर्षहरूमा नेपाल पूर्ण रूपमा नगदरहित अर्थतन्त्रतर्फ उन्मुख हुन सक्ने सम्भावना देखिन्छ।

**वित्तीय क्षेत्रका चुनौती**

नेपाली बैंकिङ क्षेत्रले हाल सामना गरिरहेका मुख्य समस्या बढ्दो खराब कर्जा र त्यसको व्यवस्थापन हो। आर्थिक सुस्तता र ऋणीहरूको भुक्तानी क्षमतामा आएको ह्रासले खराब कर्जा अनुपात बढ्दो छ। यसले नाफा र पुँजी पर्याप्ततामा दबाब सिर्जना गरेको छ। तरलता व्यवस्थापन र कर्जा मागमा कमी अर्को चुनौती हो। बैंकहरूमा लगानीयोग्य रकम (तरलता) थुप्रिएको छ तर बजारमा आत्मविश्वासको कमीका कारण नयाँ कर्जा माग बढाउनु चुनौती हो। बढ्दो साइबर सुरक्षा जोखिम व्यवस्थापन पनि चुनौतीका रूपमा आएको छ। सञ्चालन खर्च र प्रतिस्पर्धा बढेकाले कर्जा र निक्षेपबीचको अन्तर (स्प्रेड) खुम्चिएको छ। जसले बैंकहरूको सम्पत्तिमा प्रतिफल घटाएको छ। दक्ष जनशक्तिको पलायनबाट बैंकिङ क्षेत्र पनि अछुत छैन। अनुभवी र दक्ष कर्मचारीहरू राम्रो अवसरको खोजीमा विदेश पलायन हुने क्रम बढेको छ।

चुनौतीका बावजुद नेपालको वित्तीय क्षेत्रमा सुधारका धेरै मार्गहरू उपलब्ध छन्। डिजिटल रूपान्तरणमार्फत नगदरहित अर्थतन्त्रतर्फको यात्राले बैंकहरूको सञ्चालन लागत घटाउन र सेवालाई दुर्गम क्षेत्रसम्म पुऱ्याउन मद्दत पुग्ने देखिन्छ। डिजिटल बैंकको अवधारणाले नयाँ सम्भावनाहरू खोलेको छ। उत्पादनशील क्षेत्रमा लगानीका लागि बैंकहरूसँग पर्याप्त तरलता छ। सरकार र राष्ट्र बैंकले पनि जलविद्युत, कृषि र पर्यटन जस्ता उत्पादनशील क्षेत्रमा लगानी बढाउने नीति लिएका छन्। यसले दीर्घकालमा र दिगो नाफा सुनिश्चित गर्छ। बैंकहरूबीचको मर्जरले संस्थाको पुँजीगत आधार बलियो बनाएको छ। यसले ठुला पूर्वाधार आयोजनाहरूमा एक्लै लगानी गर्न सक्ने क्षमता बढेको छ। वित्तीय समावेशीकरणको आधारमा अझै पनि ठुलो जनसंख्या औपचारिक बैंकिङ च्यानल बाहिर छन्। यसकारण लघुवित्त र शाखारहित बैंकिङमार्फत बजार विस्तार गर्ने ठुलो अवसर छ। नेपालमा पनि हरित वित्तको नीति बनेको छ। बैंक तथा वित्तीय संस्थाले वातावरणमैत्री र दिगो विकासका आयोजनाहरूमा लगानी गर्ने विश्वव्यापी ट्रेन्ड अपनाएका छन्।

★ ★ ★

# वित्तीय क्षेत्रमा ISO Certification को आवश्यकता गुणस्तर सुधारको प्राथमिकता

वित्तीय क्षेत्रले उपलब्ध गराउने सेवा, सुविधा, सुरक्षा र कार्य प्रणाली अन्तर्राष्ट्रिय मापदण्डअनुसार पूरा गरी विश्वसनीयता वृद्धि गर्न अन्तर्राष्ट्रियस्तरमा मान्य गुणस्तर सुधारको संस्कार र व्यवस्थापन प्रणाली पूरा गरेको प्रत्याभूति प्रदान गर्न जरुरी छ




**डा. सुरोज टण्डन**
विभागीय प्रमुख
कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालय


## १. विषय प्रवेश

नेपालको अर्थतन्त्रमा वित्तीय क्षेत्र क्रमिक रूपमा डिजिटल प्रविधिको प्रयोग गर्दै आधुनिकीकरण, नियमकीय र सुधारतर्फ उन्मुख हुँदै गएकोले यसक्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भको रूपमा लिइन्छ। वित्तीय क्षेत्रले मुलुकको अर्थतन्त्रमा रहेको बचत परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्न, पुँजी निर्माण गर्न, रोजगारी सिर्जना गर्न, आर्थिक स्थायित्व कायम गर्न, भुक्तानी प्रणाली सञ्चालन गर्न, वित्तीय पहुँच विस्तार गर्न, सामुदायिक आर्थिक विकास गर्न, सरकारी राजस्व प्रणालीको सुदृढीकरण गर्नलगायत आर्थिक गतिविधि वृद्धि गर्न अहम् भूमिका खेलेको हुन्छ। वित्तीय क्षेत्रअन्तर्गत केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक), बैंक तथा वित्तीय संस्था (क, ख, ग र घ वर्ग), बीमा क्षेत्र (जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा), पुँजी बजार, सहकारी क्षेत्र, डिजिटल वित्त र गैह्रबैंकिङ क्षेत्र (नागरिक लगानी कोष, कर्मचारी संचय कोष, सामाजिक सुरक्षा कोष, कर्जा सुचना केन्द्र) आदि प्रमुख क्षेत्रहरू पर्दछन्। वित्तीय क्षेत्रले उपलब्ध गराउने सेवा, सुविधा, सुरक्षा र कार्यप्रणाली अन्तर्राष्ट्रिय मापदण्डअनुसार पूरा गरी विश्वसनीयता वृद्धि गर्न अन्तर्राष्ट्रियस्तरमा मान्य गुणस्तर सुधारको संस्कार र व्यवस्थापन प्रणाली पूरा गरेको प्रत्याभूति प्रदान गर्न जरुरी छ। (ISO (International Organization for Standardization) एक अन्तर्राष्ट्रिय संस्था भएको हुँदा यसले व्यापार, सेवा, प्रवर्धन, गुणस्तर जस्ता विषयमा मानकहरू तय गरी अन्तर्राष्ट्रियस्तरको मानकअनुसार वित्तीय क्षेत्रले आफ्नो प्रक्रिया, उत्पादन तथा सेवाको गुणस्तर सुनिश्चित गरेको प्रमाण प्रदान गर्ने ग्राहक केन्द्रीत अवधारणा हो। डिजिटल वित्त बजारमा ISO Certification को लागि ग्राहक सेवा विस्तार, जोखिम व्यवस्थापन, डेटा सुरक्षा, आन्तरिक प्रक्रियामा सुधार, विश्वसनीयतामा वृद्धि, निरन्तर सुधारको संस्कार, प्रतिस्पर्धात्मक लाभ, गुणस्तरमा सुधारजस्ता विषयलाई प्राथमिकता दिनु पर्दछ। नेपालका वित्तीय संस्थाहरूले ISO प्राप्त गर्न आफ्ना सेवा, सुविधा, सुरक्षा र गुणस्तरमा सुधार गर्दै लगे पनि हालसम्म सीमित वित्तीय संस्थाहरूले मात्र ISO Certification प्राप्त गर्न सफल भएका छन्। वित्तीय क्षेत्रले अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप आफ्ना सेवा तथा सुविधाको स्तरीकरण तथा गुणस्तर अभिवृद्धिमार्फत ISO Certification प्राप्त गर्न सो अनुसार समग्र गुणस्तर कायम गरी सुनिश्चितता प्रदान गर्नु पर्दछ।

## २. वित्तीय क्षेत्रमा ISO Certification को आवश्यकता

नेपालको वित्तीय क्षेत्रमा डिजिटल बैंकिङ्ग, मोवाईल बैंकिङ्ग, क्यूआर भुक्तानी, कोर बैंकिङ्ग प्रणाली आदि भुक्तानीका माध्यमहरूको प्रयोग तीव्र रूपमा बढिरहको छ। यसले नयाँ प्रकारका जोखिम, चुनौती, समस्या र अवरोधहरू पनि निम्त्याएको हुँदा वित्तीय क्षेत्रमा यसको आवश्यकता बढ्दै गएको छ।

(क) **वित्तीय क्षेत्रमा ISO Certification देहायका प्रमुख कारणहरूले गर्दा यसको भूमिका र आवश्यकता देखिन्छ ।**

- ग्राहकको तथ्यांक सुरक्षित एवम् सुनिश्चित गर्न,
- सेवा प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन,
- साइबर जोखिम र सञ्चालन जोखिमको पहिचान, मापन, नियन्त्रण र व्यवस्थापन गर्न,
- TQM को अवधारणा कार्यान्वयनमा ल्याउन
- सुदृढ जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गर्न,
- संस्थागत सुशासन कायम गर्न,
- बलियो आन्तरिक नियन्त्रण प्रणाली बनाउन,
- नेपाल सरकार एवम् नियामक निकायका निर्देशनको परिपालना गर्ने प्रणालीको विकास गर्न,
- अन्तर्राष्ट्रिय स्तरमा वित्तीय क्षेत्रको छवि र विश्वसनीयता बढाउन,

(ख) **वित्तीय क्षेत्रमा ISO Certification प्राप्त गर्न देहायका प्रमुख निर्देशिकाहरू आवश्यक पर्दछ ।**

- गुणस्तर व्यवस्थापन प्रणाली निर्देशिका (वित्तीय संस्थाले सेवाको गुणस्तर र प्रक्रिया व्यवस्थापन कसरी गर्ने भन्ने बिस्तृत निर्देशन),
- जोखिम व्यवस्थापन निर्देशिका (सम्भावित जोखिमहरूपहिचान, मूल्याङ्कन र नियन्त्रण कसरी गर्ने सम्बन्धमा विस्तृत निर्देशन),
- सामान्य सञ्चालन सम्बन्धि निर्देशिका (ग्राहक सेवा, कर्जा, निक्षेप, भुक्तानी, रिपोर्टिङ लगायतका सम्पूर्ण प्रक्रियाहरू स्पस्ट उल्लेख गर्ने सम्बन्धमा विस्तृत निर्देशन),
- डाटाको सुरक्षा र गोपनीयता निर्देशिका (ग्राहक र वित्तीय संस्थाको डाटा सुरक्षित राख्ने नीति, IT सुरक्षा मापदण्ड सम्बन्धि निर्देशन),
- कर्मचारी तालिम र विकास निर्देशिका (कर्मचारीलाई तालिम दिने, दक्षता विकास गर्ने र मूल्याङ्कन गर्ने सम्बन्धी निर्देशन),
- आन्तरिक लेखा परीक्षण निर्देशिका (संस्थाका कामहरू नियमित अनुगमन र मूल्याङ्कन गर्ने सम्बन्धि निर्देशन),
- सिकायत व्यवस्थापन निर्देशिका (ग्राहकको गुनासो संकलन, समाधान र पृष्ठपोषण सम्बन्धी निर्देशन),
- सुधार प्रक्रिया निर्देशिका (समस्याहरूको पहिचान गरी सुधार गर्ने र दोहोरिन नदिने उपायका सम्बन्धमा निर्देशन),
- कानुनी तथा नियामक पालक निर्देशिका (वित्तीय संस्था सम्बन्धी कानुन, नियम र निर्देशिका पालना सुनिश्चित गर्ने सम्बन्धमा निर्देशन),
- दस्तावेज नियन्त्रण निर्देशिका (सबै कागजहरू व्यवस्थित राख्ने, संशोधन गर्ने र आवश्यक समयमा उपलब्ध गराउने सम्बन्धमा निर्देशन),

यसरी वित्तीय क्षेत्रले ISO Certification प्राप्त गर्नका लागि आवश्यक पर्ने आधार, मापदण्ड र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ३. वित्तीय क्षेत्रका प्रचलित प्रमुख ISO मापदण्डहरू

वित्तीय क्षेत्रमा ISO Certification को महत्व, भूमिका र आवश्यकताले कारोबारमा विश्वसनीयता र ग्राहक सन्तुष्टिमा प्राथमिकता दिने भएकोले यसका केही प्रचलित प्रमुख मापदण्डहरू रहेका छन् जसलाई देहायमा प्रस्तुत गरिएको छ ।

(क) **ISO 9001 (गुणस्तर मापदण्ड प्रणाली (Quality Management System-QMS)M सर्वाधिक उपयोग हुने गुणस्तर मापदण्ड प्रणालीका केही महत्वपूर्ण मापदण्ड रहेका छन् जसलाई देहायमा प्रस्तुत गरिएको छ ।**

- **ग्राहक केन्द्रीत सेवा:** ग्राहकको आवश्यकता, चाहना र मागको पहिचान गरी सो पुरा गर्ने तथा सन्तुष्टिलाई प्राथमिकता दिने,
- **प्रक्रियामूखी दृष्टिकोण:** वित्तीय क्षेत्रका सबै आधुनिक कारोबारलाई व्यवस्थित प्रक्रियाको रूपमा परिभाषित गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गरी ग्राहक सेवामा एकरूपता र तीव्रता दिने,
- **प्रभावकारी नेतृत्व प्रणाली:** उच्च व्यवस्थापनको प्रतिबद्धता र गुणस्तरयुक्त सेवाको सुनिश्चितता गर्ने, लक्ष्य तथा योजना तय गरी प्रभावकारी नेतृत्व प्रणालीको विकास गर्ने,
- **आन्तरिक लेखा परीक्षण र निरन्तर सुधार:** नियमित आन्तरिक लेखा परीक्षण गर्ने, प्रणालीहरूको प्रभावकारितालाई निरन्तर अवलोकन, मूल्याङ्कन र सुधार गर्दै आन्तरिक र बाह्य लेखापरीक्षणमासहजवातावरणको सिर्जना गरी निरन्तर सुधारको संस्कृतिको विकास गर्दै लैजाने,
- प्रमाणमा आधारित निर्णय: तथ्यांक र सूचनाको पर्याप्त अध्ययन तथा विश्लेषण गरी प्रमाणका आधारमा निर्णय लिने,
- **जोखिम व्यवस्थापन प्रणाली:** वित्तीय क्षेत्रमा हुने सम्भावित विभिन्न प्रकारका जोखिमको पहिचान, मापन, मूल्यांकन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङ्ग समयमा नै गरी जोखिमको निरन्तर अनुगमन र अपडेट गर्ने प्रणाली लागु गरी जोखिम संस्कृतिको विकास गर्ने,

(ख) **ISO 27001- सूचना सुरक्षा व्यवस्थापन प्रणाली (Information Security Management System-ISMS) :** वित्तीय क्षेत्रमा तथ्यांकको सुरक्षा, ह्याकिङ्ग, फिन्टेक जोखिम, डिजिटल बैंकिङ्ग सुरक्षाजस्ता विषय अत्यन्त संवेदनशिल हुने भएकोले सोको लागि देहायका महत्वपूर्ण मापदण्डहरू अपनाउनु पर्दछ।

- **जोखिम व्यवस्थापन:** जोखिमको पहिचान, मापन, विश्लेषण, मूल्यांकन गरी निदानको लागि उपयुक्त ढाँचा तय गरी प्रभावकारी कार्यान्वयनमा ल्याउने,
- **तथ्यांक सुरक्षा र गोपनियता:** ग्राहकसँग सम्बन्धित संवेदनशील तथ्यांकलाई सुरक्षित गर्ने, गोपनियता कायम गर्ने र आवश्यकताअनुसार उपलब्ध हुने तथ्यांकको सुरक्षा र गोपनियताको सुनिश्चितता गर्ने,
- **पहुँच नियन्त्रण:** सूचना र प्रणालीहरूमा पहुँच सीमित गर्दै आवश्यकता र औचित्यताका आधारमा पहुँच दिने,
- **व्यवस्थित सूचना नीतिहरू:** विस्तृत सुरक्षा नीति र प्रक्रियाहरूको विकास गरी सूचना नीति प्रयोगमा ल्याउने,
- **सुरक्षा घटना व्यवस्थापन:** सूचना सुरक्षासँग सम्बन्धित घटनाहरूलाई प्रभावकारी रूपमा निरूपरण गरी विभिन्न प्रकारका घटनाहरूको व्यवस्थापन गर्ने,

(ग) **ISO 22301- व्यवसायिक निरन्तरता व्यवस्थापन प्रणाली (Business Continuity Management System-BCMS) :** वित्तीय क्षेत्र तथ्यांक वा प्रणालीमा निर्भर हुने भएको हुँदा सर्भर डाउन, प्राविधिक समस्या, एटिएम तथा ईन्टरनेट सेवा बन्द जस्ता संभावित सञ्चालन प्रकृतिका जोखिमको पहिचान, मापन, नियन्त्रण र व्यवस्थापनका लागि देहायका केही उपायहरू अपनाउनु पर्दछ।

- **व्यापार प्रभाव विश्लेषण:** महत्वपूर्ण कार्यहरू र सोमा अवरोध आउँदा पर्नसक्ने असर हरूको मूल्यांकन गरी आवश्यक उपायहरू अपनाउने,
- **जोखिम मूल्यांकन :** सम्भावित जोखिमको पहिचान, मापन एवम् मूल्यांकन गरी सोको व्यवस्थापनका लागि आवश्यक उपाय अपनाउने,
- **निरन्तर रणनीतिहरू :** महत्वपूर्ण कार्यहरूमा अवरोधपछि कार्यहरू पुनः सुरु गर्ने सम्बन्धमा योजना तथा रणनीतिहरूको विकास गर्दै जाने जस्तैः वैकल्पिक वेबसाइट, ब्याकअप आदि कार्यद्धारा निरन्तर रणनैतिक योजनाको कार्यान्वयनमा ल्याई व्यवसायलाई निरन्तरता दिन सकिन्छ,
- पुर्नलाभ योजना र परीक्षणः वित्तीय संस्थाका योजनाहरू कार्यान्वयन गर्ने तथा नियमित रूपमा परीक्षण गर्ने प्रणालीको विकास गर्ने,
- आपतकालीन योजना बनाउने र अभ्यास गर्ने : आपतकालीन योजना बनाउने तथा अभ्यास गर्ने र रणनीतिहरू तयार गरी सेवालाई निरन्तरता दिने प्रणालीको विकास गर्ने,

(घ) **ISO 20000- IT Service Management (ITSM) :** डिजिटल बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, एटिएम, ईन्टरनेट बैंकिङ्ग जस्ता विविध सेवा प्रवाह गर्ने वित्तीय क्षेत्रले IT सेवालाई अभिवृद्धि गर्न देहायका मापदण्डहरू अपनाउनु पर्दछ।

- अधिक सुरक्षित रूपले वित्तीय संस्थाहरूको सेवा प्रवाह गर्ने,
- सेवा तथा सुविधालाई व्यवस्थित बनाउने,
- छिटो, छरितो र द्रुत सेवा प्रवाह गर्ने,
- ग्राहकले खोजेको आधुनिक वित्तीय सेवा ग्राहकमैत्री सेवा प्रवाह गर्ने,

(ङ) **ISO 37001- Anti-Bribery Management System (ABMS)** : वित्तीय क्षेत्रको सेवालाई सुरक्षित, पारदर्शी र विश्वासिलो बनाउन ABMS का विधिहरू अपनाउँदै देहायका मापदण्ड पूरा गर्नु पर्दछ।

- **वित्तीय संस्थामा कुनै प्रकारका गैह्रकानुनी कार्यहरू जस्तो:** भ्रष्टाचार, अनियमितता रोकथाम गर्ने,
- आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउने,
- कम्प्लायन्सको परिपालना गर्ने,
- नियमनकारी निकायका मार्गदर्शन, निर्देशन आदिको परिपालना गर्ने,
- अन्तर्राष्ट्रिय असल वित्तीय अभ्यासको कार्यान्वयन गर्ने,

यसरी प्रस्तुत गरिएका विभिन्न प्रचलित मापदण्ड एवम् मान्यताहरूलाई वित्तीय क्षेत्रले अपनाई आफ्नो कारोबारलाई सुरक्षित, पारदशिता बनाई विश्वसनीयता बढाउँदै जानु पर्दछ।

## ४. वित्तीय क्षेत्रमा ISO का प्रक्रिया एवम् चरण

वित्तीय क्षेत्रमा ISO प्राप्त गर्ने प्रक्रियालाई देहायमा प्रस्तुत गर्न सकिन्छ।

(क) **मानक छनोट (Standard Selection) :** वित्तीय क्षेत्रको आवश्यकता अनुसार उपयुक्त किसिमको ISO मानक (Standard) छनोट गर्ने,

(ख) **अन्तर मूल्यांकन (Gap Analysis) :** वित्तीय क्षेत्रले हाल अवलम्बन गरेको प्रणाली र आवश्यक ISO मानक (Standard) बीचको भिन्नता वा अन्तरको पहिचान गर्ने,

(ग) **योजना बनाउने (Planning) :** ISO लागु गर्न Roadmap, Timeline, Roles, SOP तथा Resources, Objectives आदिको सम्बन्धमा योजना तर्जुमा गर्ने,

(घ) **कार्यान्वयन (Implementation) :** वित्तीय क्षेत्रले आवश्यक नीति, प्रक्रिया, प्रणाली, सुरक्षा र नियन्त्रणको विकास गरी कार्यान्वयन गर्ने,

(ङ) **कर्मचारी तालीम (Staff Training) :** वित्तीय क्षेत्रका कर्मचारीलाई नयाँ प्रणाली, मापदण्ड तथा ISO जस्ता विषयका बारेमा क्षमता विकास गर्ने,

(च) **आन्तरिक लेखापरीक्षण (Internal Audit) :** कार्यान्वयन गरिएका प्रक्रियाहरू ISO Standard अनुसार छन् वा छैनन् भनेर आन्तरिक लेखापरीक्षण गर्ने,

(छ) **व्यवस्थापकीय समिक्षा (Managerial Review) :** वित्तीय क्षेत्रको शिर्ष व्यवस्थापनले प्रणालीको कार्यसम्पादनको समय-समयमा समीक्षा गर्ने,

(ज) **बाह्य लेखापरीक्षण (External/Certification Audit) :** वित्तीय क्षेत्रमा मान्यता प्राप्त प्रमाणीकरण निकाय (Accredited Certification Body) द्वारा अन्तिम जाँच (Audit) गराउने,

(झ) **प्रमाणीकरण (Certification) :** वित्तीय क्षेत्रको कारोबारमा पारदर्शिता, संस्थागत सुशासन र असल अन्तर्राष्ट्रिय वित्तीय अभ्यास अनुरूप एकरूपता कायम गर्नको लागि लेखापरीक्षण सफल भए पश्चात ISO प्रमाणीकरण प्राप्त गर्ने,

## ५. ISO Certification का आधार

नेपालका वित्तीय क्षेत्रले ISO Certification प्राप्त गर्न अन्तर्राष्ट्रियस्तरका मापदण्ड एवम् आधारहरू पूरा गरी प्रक्रिया, उत्पादन, सेवा, नियम, गुणस्तर आदिको सुनिश्चितता गरे पश्चात संस्थाले ISO Certification प्राप्त गर्न देहायका आधारहरूको आवश्यकता हुन्छ।

(क) **स्पष्ट नीति (Policies) तयार हुनुः** वित्तीय क्षेत्रले ISO अनुरूप महत्वपूर्ण नीति, नियम, कार्यविधि आदि तर्जुमा गरेको हुनुपर्दछ। जस्तोः Quality Policy, Information Security Policy, Risk Management Policy, Business Continuity Policy लगायतका स्पष्ट नीति हुनु पर्दछ।

(ख) **सञ्चालन प्रक्रिया (Standard Operation Procedure) :** वित्तीय क्षेत्रले आफ्नो कार्य कसरी गर्ने भनेर लेखिएको प्रक्रिया, कर्मचारीको स्पष्ट भूमिका र जिम्मेवारी, प्रभावकारी ग्राहक सेवा प्रक्रिया, कार्य प्रक्रियामा एकरूपता, IT Security प्रक्रिया जस्तोः Password, Access Control, Backup etc हुनु पर्दछ।

(ग) **जोखिम मूल्यांकन (Risk Assessment) :** वित्तीय क्षेत्रमा जोखिम हुन सक्ने संभावित जोखिमको पहिचान, जोखिम कम गर्ने उपाय, जोखिम निरन्तर अपडेट गर्ने प्रणाली आदि जोखिम न्युनिकरणका उपाय अपनाउन जरुरी छ।

(घ) **आन्तरिक लेखा परीक्षण (Internal Audit) :** नियमित आन्तरिक लेखा परीक्षण (Regular Internal Audit), सुधार (Corrective Active), कैफियतको सुधारको लागि अनुगमन हुनु पर्दछ।

(ङ) **कर्मचारी प्रशिक्षण (Staff Training) :** ISO नीति र प्रक्रियाका बारेमा क्षमता बढाउन र IT Security Awareness Training वित्तीय संस्थाका कर्मचारीलाई तालिम प्रदान गर्नु पर्दछ।

(च) **रेकर्ड किपिङ (Record Keeping) :** सबै काम, मिटिङ, जोखिम मूल्यांकन, लेखा परीक्षण, सुधारका उपाय आदिको अभिलेख राख्नु, पद, विभाग, प्रक्रियाको जिम्मेवारी स्पष्टता र अभिलेख व्यवस्थापन गर्नु पर्दछ।

(छ) **व्यवस्थापकिय प्रतिबद्धता (Management Cmmitment) :** ISO लागु गर्ने सम्बन्धमा व्यवस्थापकीय प्रतिबद्धता, नेतृत्व र निगरानी र नियमित Review Meeting वित्तीय क्षेत्रको व्यवस्थापकले प्रतिवद्धतामा जाहेर गर्नु पर्दछ।

(ज) **बाहय निरीक्षण (External Audit) :** Stage 1 Audit (Documentation Check), State 2 Audit (Actual Implementation Check) वित्तीय क्षेत्रका संस्थाले गर्नु पर्दछ।

(झ) **व्यवस्थापकिय पुनरावलोकन बैंठक (Management Review Meeting) :** Performance evaluation, Risk, Improvement Plans, Audit Findings जस्ता विविध कार्यको व्यवस्थापन तहबाट नियमित समिक्षा गर्नु पर्दछ।

## ६. ISO Certification को महत्व

वित्तीय क्षेत्रमा ISO Certification ले सेवाको गुणस्तर, ग्राहक विश्वास, साइवर सुरक्षा, जोखिम व्यवस्थापन, नियामक अनुपालन, संस्थागत पारदर्शिता लगायतका महत्वपूर्ण विषयहरूमा सुधार ल्याउन अहम् भूमिका खेलेको हुन्छ। यस कार्यले वित्तीय संस्थालाई व्यवस्थित,

सुरक्षित, विश्वसनीय, अन्तर्राष्ट्रियस्तरमा योग्य बनाउन महत्वपूर्ण हुने भएकाले ISO प्रमाणीकरणको महत्वलाई देहायमा प्रस्तुत गरिएको छ।

**(क) सेवा र गुणस्तरमा वृद्धि**

- ISO 9001 ले संस्थाका सबै सेवालाई व्यवस्थित र एकरूपता बनाउँछ,
- त्रुटि, कमजोरी, कैफियत जस्ता विषयमा कमी आउँछ,
- सेवा तथा सुविधामा तिव्रता आउँछ,
- ग्राहक सन्तुष्टिमा वृद्धि ल्याउँछ,

**(ख) बलियो ग्राहक विश्वास**

- ISO प्रमाणपत्र अन्तर्राष्ट्रियस्तरमा मान्य भएकोले विश्वसनिय, पारदर्शी बनाउँछ,
- मानकअनुसार सञ्चालन हुने संस्था भएकोले ग्राहकको भरोसा अधिक हन्छ,

**(ग) तथ्यांक एवम् डाटा सुरक्षामा बलियो व्यवस्था**

- ISO 27001 ले ग्राहकको डेटा सुरक्षा प्रदान गर्दछ,
- Access control
- साइवर अट्याकको नियन्त्रणमा सहयोग गर्छ,
- जोखिमको न्यूनीकरण गर्छ,
- सुरक्षाका उपायहरूलाई बलियो बनाउँछ,

**(घ) जोखिम व्यवस्थापनमा सुधार**

- ISO मापदण्डले सञ्चालन जोखिम, प्रविधिजन्य जोखिम, प्रणालीगत जोखिम जस्ता विषयको पहिचान, मापन, मूल्यांकन, व्यवस्थापन र नियन्त्रण गर्छ,
- डिजिटल त्रुटिहरूको नियन्त्रण गर्न सघाउछ,

**(ङ) प्रक्रिया, पारदर्शिता र प्रमाणिकता**

- ISO का मापदण्ड अपनाउँदा स्पष्ट जिम्मेवारीको विभाजन हुन जान्छ,
- नियमित रिपोर्टिङ हुन जान्छ,
- बलियो संस्थागत सुशासन कायम हुन्छ,
- स्पष्ट मापदण्ड, प्रक्रिया तय हुन जान्छ,

**(च) नियामक अनुपालन**

- ISO प्रणालीले नियमनकारी निकायका निर्देशन, मार्गदर्शन आदिलाई सहज बनाउँछ,
- ग्राहक पहिचान, सम्पत्ति शुद्धीकरण लगायतमा सुधार ल्याउँछ,
- सञ्चालन जोखिमका मार्गदशन, कम्प्लायन्स, लेखापरीक्षण आदिमा सहजता ल्याउँछ,

**(छ) ग्राहक गुनासो व्यवस्थापनमा सुधार**

- ISO का मापदण्ड अपनाउँदा स्पष्ट जिम्मेवारी तोकिने र सोअनुसार कार्य विभाजन हुने भएकाले ग्राहक गुनासो, चासो, जिज्ञासा आदि समयमा नै समाधान र सुधार हुन जान्छ,
- समस्याको वास्तविक पहिचान गरी विश्लेषणात्मक विधिद्वारा समाधान हुन जान्छ,
- गुनासोमा शीघ्र सुधार हुन गई सेवा तथा सुविधामा सकारात्मक प्रभाव हुन जान्छ,

**(ज) संस्थागत विकास र कर्मचारीको क्षमता अभिवृद्धि**

- ISO प्रणाली लागु हुँदै गर्दा कर्मचारीको नियमित प्रशिक्षण हुन जान्छ,
- क्षमता, दक्षता र योग्यतामा विकास हुन जान्छ,
- प्रक्रिया, प्रणाली र आन्तरिक नियन्त्रण प्रणालीमा सुधार हुन जान्छ,
- संस्थागत दिगोपन हुन जान्छ,

**(झ) लागत बचत हुने र दक्षता वृद्धि**

- ISO ले दोहोरो कार्यमा सुधार ल्याउँछ,
- त्रुटिमा हुने लागत बचत हुन जान्छ,
- प्रक्रियालाई द्रुत र सरल बनाउँछ,
- संस्थालाई दीर्घकालीन रूपमा सक्षम र प्रतिस्पर्धी बनाउँछ,

**(ञ) अन्तर्राष्ट्रियस्तरमा मान्यता**

- ISO प्रमाणीकरण भएपश्चात् संस्था अन्तर्राष्ट्रिय साझेदार हुन जान्छ
- विदेशी वित्तीय संस्थासँग सहकार्य हुन जान्छ,
- विश्वव्यापिस्तरमा प्रतिस्पर्धा गर्न सक्षम हुन जान्छ,
- अधिक सबल र सक्षम हुन जान्छ,

नेपालका वित्तीय क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको बनाउन, कम्प्लायन्सको परिपालना गर्न, Risk Bleeding को न्यूनीकरण गर्न, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली बनाउन, आधूनिक एवम् असल वित्तीय अभ्यासको विकास गर्न, प्रविधिजन्य समस्याको निराकरण गर्नलगायतका विषयहरूको सन्दर्भमा ISO Certification वित्तीय क्षेत्रका संस्थाहरूको लागि अति महत्वपूर्ण रहन जान्छ।

## ७. ISO Certification का चुनौती र समाधानका उपाय

ISO Certification ले वित्तीय क्षेत्रमा सेवा तथा सुविधाको समग्र गुणस्तर सुधार, ग्राहक विश्वास वृद्धि, साइवर सुरक्षा, जोखिम व्यवस्थापन, नियामक अनुपालन, संस्थागत पारदर्शिता लगायतका विषयमा देखापरेका समस्या एवम् चुनौतीहरूको व्यावहारिक रूपमा समाधान गर्ने उपायहरू अपनाउन जरुरी छ। ISO Certification एक महत्वपूर्ण अन्तर्राष्ट्रियस्तरको मानक भएको हुँदा यसका आफ्नै चुनौती र सोको व्यावहारिक समाधानका लागि अपनाउनु पर्ने उपायलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**ISO Certification का चुनौती र समाधानका उपाय**

| क्र.सं. | चुनौतीहरू | समाधानका उपायहरू |
|---|---|---|
| १ | कार्यान्वयन लागत अधिक हुने । | चरणबद्ध कार्यान्वयन गर्नुपर्ने र उचित बजेट विनियोजन । |
| २ | अधिक प्रक्रियागत एवम् कागजी झन्झट । | डिजिटल सफ्टवेयर प्रयोग गर्दै सानासाना टेम्प्लेटको प्रयोग गर्नुपर्ने । |
| ३ | कर्मचारीमा परिवर्तन एवम् नयाँ कार्यप्रति देखिन सक्ने समस्या । | कर्मचारीलाई तालिम, प्रशिक्षण, उत्प्रेरणा, जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| ४ | KPIs को कार्यान्वयनमा समस्या आउने । | नेतृत्वको सक्रिय सहभागिता गराई KPIs को कार्यान्वयनमा सुधार ल्याउनुपर्ने । |
| ५ | बाह्य लेखापरिक्षकमा अत्यधिक निर्भरता । | आन्तरिक लेखापरीक्षण प्रणाली बलियो बनाउने र आवश्यक समूह गठन गरी सहजीकरण गर्नुपर्ने । |
| ६ | दैनिक सेवा तथा सुविधा प्रवाहमा समय लाग्ने । | Risk Based Approach, ISO 27001, SOPs जस्ता विषयहरूमा लचकता अपनाउनुपर्ने । |
| ७ | गोपनीयता कायम गर्न कठिन र साइबर जोखिमको निरन्तर समस्या । | Access Control, Encryption, ISO 27001 Security Controls कडाइका साथ लागु गर्नुपर्ने । |
| ८ | गुणस्तर कायम गर्दै निरन्तर सुधारको दबाब । | Plan, Do, Check, Act (PDCA) को व्यवहारिक प्रयोग गर्दै सुधारलाई सूक्ष्म तरिकाले अध्ययन र विभाजन गर्ने । |
| ९ | कर्मचारी परिवर्तनको बढ्दो चुनौती । | Knowledge Transfer System, Standard Operating Procedure (SOP) मा आधारित तालिम कार्यक्रम, competency mapping । |
| १० | लेखापरीक्षण कार्यमा लेखापरिक्षकलाई पुनः नियुक्तिको न्यून सम्भावना । | नियमित आन्तरिक लेखापरीक्षण, Management Review Discipline, Corrective Action Tracking |
| ११ | नियमनकारी निकायसँग असमझदारीको सम्भावना । | ISO Certification प्रक्रियालाई नियमनकारी निकायका निर्देशनसँग मिलाएर तालिका बनाई कार्यक्रम सञ्चालन गर्ने । |
| १२ | ग्राहकको अपेक्षा अधिक वा अवास्तविक । | ग्राहक सचेतना कार्यक्रम सञ्चालन, गुनासो सुनुवाई प्रणालीको विकास, ग्राहकलाई यथार्थ र भरपर्दो कुरा बताउने, बलियो प्रणालीको विकास गर्ने । |
| १३ | ISO Certification केवल प्रमाणपत्रको रूपमा मात्र बुझ्नु । | ISO Certification प्रमाणपत्रको महत्व, भूमिका र आवश्यकताको जानकारी गराउनु पर्ने । |
| १४ | प्रशिक्षित एवम् विज्ञ जनशक्तिको अभाव । | प्रयाप्त विज्ञ जनशक्तिको अभावलाई व्यवस्थापन गर्न स्थानीय विज्ञको प्रयोग गर्नुपर्ने । |

ISO Certification ले वित्तीय क्षेत्रलाई प्रणालीगत सुधार गर्दै सुरक्षित, विश्वसनीय र गुणस्तर कायम गर्न सघाउने भएको हुँदा यसका विविध समस्या एवम् चुनौतीलाई समयमा नै समाधान गर्न सके चुनौतीको सहजै व्यवस्थापन हुनगई अवसरमा रूपान्तरण गर्न सकिन्छ ।

**८ अन्तमा**

वित्तीय क्षेत्रमा गुणस्तर, सुरक्षा, पारदर्शी र दीगोपनको सुनिश्चित गर्न एक महत्वपूर्ण अन्तर्राष्ट्रिय मापदण्ड ISO Certification भएको हुँदा वित्तीय क्षेत्रलाई विश्वसनीय र प्रतिस्पर्धी बनाउनसमेत ISO Certification को आवश्यकता र भूमिका झनै महत्वपूर्ण छ । ISO Certification केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र नभई निरन्तर सुधार गर्ने संस्कृति भएकाले यसलाई

संस्थाको रूपान्तरणसँगै विकास गर्ने साधनको रूपमा लिनु पर्दछ। सही सोच, योजना, रणनीति र प्रतिबद्धताको उचित कार्यान्वयन भएमा ISO Certification ले नेपालको वित्तीय क्षेत्रलाई दीर्घकालीन रूपमा सुदृढ बनाउन र समग्र गुणस्तर सुधार गरी ग्राहक सन्तुष्टि अभिवृद्धि गर्न सक्नुपर्छ। वित्तीय क्षेत्रमा ISO Certification का मापदण्डहरूको प्रभावकारी कार्यान्वयनले सेवा गुणस्तर, सूचना सुरक्षा, जोखिम नियन्त्रण तथा संस्थागत सुशासनलाई सुदृढ बनाउन विशेषतः ISO 9001, ISO 27001, ISO 22301 tyf ISO 31000 वित्तीय क्षेत्रको लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। अर्थतन्त्रमा वित्तीय क्षेत्रको भूमिका बहुआयमिक रहेको हुँदा प्रणालीमा सञ्चालन हुने विभिन्न वित्तीय संघ तथा संस्थाहरूले ISO Certification प्राप्त गरी व्यवस्थापन प्रणाली, सेवा, गुणस्तर, सुरक्षासँगै निरन्तर सुधारको संस्कृतिलाई संस्थागत बनाउनु पर्दछ।

## ९. सन्दर्भ सामाग्रीहरू


१. नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति।

२. नेपाल राष्ट्र बैंक (२०८१) बाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन (संशोधित समेत)।

३. नेपाल राष्ट्र बैंकको आ.व. २०८२।८३ को देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिको त्रैमासिक तथ्यांक एवम् प्रतिवेदन।

४. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम

५. नेपाल सरकार राष्ट्रिय योजना आयोगको १५औं र १६औं पञ्चवर्षीय योजना।

६. टण्डन सुरोज (२०७४), आधुनिक बैंकिङ व्यवस्थापन र अर्थव्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं।

७. अन्य विविध शोधमूलक कार्यहरू।


★ ★ ★

# भ्रष्टाचार नियन्त्रणका लागि ब्लकचेन प्रविधि

**ब्लकचेन प्रविधि एउटा विकेन्द्रीकृत, सार्वजनिक रूपमा साझा गरिने डिजिटल लेजर प्रविधि हो । जसमा श्रृंखलाबद्ध 'ब्लक'हरुमा तथ्यांक सुरक्षित गरिन्छ । त्यस्ता ब्लकहरू अपरिवर्तनशील गरी सञ्जालमा जडान गरिएको हुन्छ । ब्लकचेनले सम्पूर्ण विवरणलाई अकेन्द्रीकृत गरिदिन्छ ।**




**डा. दिपेश घिमिरे**
उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय


वि.सं. २०८२ असारको तेस्रो साता संघीय निजामती सेवा विधेयक २०८० को 'कुलिंग अफ पिरियड' सम्बन्धी व्यवस्थामा तोडमोड तथा जालझेल भएको तथ्य सार्वजनिक भयो। उक्त जालझेल कसले गरेको हो भन्ने बारेमा अध्ययन गर्नको लागि २०८२ असार २३ गते ७ सदस्यीय विशेष संसदीय समिति गठन भयो। जसमा जीवन परियार, गणेश पराजुली, नारायणप्रसाद आचार्य, माधव सापकोटा, रोशन कार्की, सुशीला थिङ रहेका थिए भने मनोजकुमार गिरी सचिव रहेका थिए। उक्त समितिले करिब एक महिना लगाएर विसं २०८२ साउन १८ गते अध्ययन प्रतिवेदन प्रतिनिधी सभाका सभामुखलाई बुझायो। प्रतिवेदनमा उक्त विधेयकमा कसले चलखेल गरेको हो ? भन्ने स्पष्ट किटान गरिएन, बरु नैतिक जिम्मेवारी कसको हो भन्नेमा बढी केन्द्रीत भयो।[१] तर उक्त घटनामा कुन अधिकारीले कतिबेलामा उक्त विधेयकमा जालझेल गरे भन्ने ठोस प्रमाण प्राप्त गर्न सकिएन। यद्यपि सोही प्रतिवेदनका आधारमा राज्य व्यवस्था तथा सुशासन समितिका तत्कालीन सभापती रामहरी खतिवडाले २०८२ साउन २७ गते राजिनामा दिए।[२]

लोकतान्त्रिक शासन व्यवस्थामा आमनागरिकको विश्वास जित्दै शासन प्रणालीलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन भ्रष्टाचार नियन्त्रण अनिवार्य पूर्वशर्त हो। तर, देशको कानुन निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, परियोजना सञ्चालन, सेवा प्रवाह लगायतका कार्यहरूमा भ्रष्टाचार विद्यमान छ। ट्रान्सपरेन्सी ईन्टरनेशनलले प्रत्येक वर्ष प्रकाशित गर्ने भ्रष्टाचार अवधारणा सूचकांकमा सन् २०२५ मा नेपाल कुल १०० अंकमा जम्मा ३४ अंक प्राप्त गरी कुल १८० देशमध्ये १०९ औं नम्बरमा रहेको छ।[३] अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रत्येक वर्ष उजुरीको संख्या पनि बढिरहेको छ। जसलाई तलको ग्राफले प्रष्ट पार्दछ।

**विगत पाँच वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरू**




***स्रोतः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनहरू*

---

१ संघीय संसद, प्रतिनिधि सभा। (२०८२)। संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन। काठमाडौं: संघीय संसद सचिवालय।

२ https://ekantipur.com/news/2025/08/12/khatiwada-chairman-of-the-state-system-committee-resigned-37-06.html

३ https://www.transparency.org/en/cpi/2025

माथिको चित्रमा देखाइएका तथ्यांकहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा विगत पाँच वर्षको अवधिमा दर्ता भएका उजुरीहरूको अवस्थालाई बुझ्न योगदान गर्दछ। यस अवधिमा दर्ता भएका उजुरीहरूको संख्या कहिले घट्ने र कहिले बढ्ने क्रममा रहेको छ। जसले नेपालमा भ्रष्टाचारसम्बन्धी जनचासो र सचेतनाको उतारचढावलाई पनि संकेत गर्दछ। यद्यपि समग्रमा भ्रष्टाचारको उजुरीको संख्या बढ्दै गएको देखिन्छ। यसैगरी यस चित्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षमता र पहुँचमा समयसँगै आएको परिवर्तनलाई पनि यसले इंकित गर्दछ। आर्थिक वर्ष २०७६/७७ कुल २५१५२ वटा उजुरी परेकोमा आव २०८०/८१ म पुग्दा ३६१८९ वटा उजुरी आयोगमा दर्ता भएको देखाउँदछ। यसले भ्रष्टाचारको संख्या बढ्दो अवस्थामा रहेको कुरालाई संकेत गर्दछ।

यस किसिमको बढ्दो भ्रष्टाचार नियन्त्रणको लागि विभिन्न कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था गरिएका छन्। नेपालको संविधानले भ्रष्टाचार नियन्त्रणको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ।

यस किसिमको नीतिगत, कानुनी तथा संस्थागत संरचनाको स्थापना गरिएको भए पनि नेपालमा भ्रष्टाचारको जोखिम घट्न सकेको छैन। यस्तो अवस्थामा भ्रष्टाचार नियन्त्रणको लागि अब ब्लकचेन प्रविधिको उपयोग नै एक विकल्प हो। भ्रष्टाचार नियन्त्रणको लागि विश्वका कतिपय देशले अबलम्बन गरेको ब्लकचेन प्रविधिलाई नेपालले पनि अबलम्बन गर्न सक्दा नीति निर्माण गर्ने तथा अन्य कार्यमा हुने भ्रष्टाचार निवारणमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ। ब्लकेचन प्रविधिको उपयोगले शासनको पारदर्शिता, जवाफदेहिता तथा कानुनी शासनमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याउँदछ। अनि भ्रष्टाचारको प्रमाण संकलन गर्नको लागि सहज हुन्छ।

■ **ब्लकचेन प्रविधि के हो ?**

भ्रष्टाचार नियन्त्रणमा उपयोग हुने ब्लकचेन प्रविधि एक विकेन्द्रीकृत डिजिटल प्रणाली हो। जसले सबै कारोबार तथा तथ्यांकहरूलाई सुरक्षित खण्डहरूमा क्रमबद्ध गरेर राखेको हुन्छ। यस्ता तथ्यांक तथा सूचना र कारोबारमा कुनै परिवर्तन गर्न नमिल्ने हुन्छ। यसले कुनै पनि तथ्यतथ्यांक परिवर्तन गर्न नमिल्ने र हरेक गतिविधिको ट्र्यांकिङ गरेर भ्रष्टाचारको सम्भावना घटाउँछ। यस प्रविधिको उपयोगबाट सम्पूर्ण लेनदेन तथा कारोबारलाई तत्काल सार्वजनिक गर्ने तर, कहिल्यै परिवर्तन गर्न नमिल्ने गरि सुरक्षित गर्दछ। यसले नक्कली लेनदेन, दस्तावेज सच्याउने तथा मिलाउने कार्यलाई पूर्ण रूपमा रोक्दछ। विभिन्न सरोकारवाला निकायहरूको बीचमा तथ्यांक तथा विवरण सार्वजनिक गरेर कुनै एक पक्षको नियन्त्रण र सम्भावित दुरुपयोगलाई रोक्दछ।[४]

विद्धान म्याथ्यू भान निकेर्कको ५ जुलाई २०२१ मा 'सरकारी सेवाहरूमा भ्रष्टाचार हटाउन ब्लकचेनले कसरी मद्दत गर्न सक्छ ?' शीर्ष कको एक लेख वल्ड ईकोनोमिक फोरमको वेबसाइटमा प्रकाशित भएको छ।[५] उक्त लेखमा निकेर्कले ब्लकचेन प्रविधिले सरकारी प्रणालीलाई निष्पक्ष तथा सक्षम बनाउन र भ्रष्टाचार सम्भावित जोखिमहरूलाई कम गर्न सक्दछ भन्ने तर्क गरेका छन्। सरकारी बजेटको ठूलो हिस्सा सार्वजनिक खरिदमा विनियोजन भएको हुन्छ र त्यसमा भ्रष्टाचार हुने सम्भावना धेरै हुन्छ। आर्थिक सहयोग तथा विकास संगठन (ओईसीडी) को एक अध्ययन अनुसार कुल सार्वजनिक खरिदको १० देखि ३० प्रतिशत रकम भ्रष्टाचार हुन्छ। भ्रष्टाचारको उच्च जोखिममा रहेको सार्वजनिक खरिद प्रक्रिया लगायतका क्षेत्रमा ब्लकचेन प्रविधिले पारदर्शिता अभिवृद्धि गर्दै भ्रष्टाचारको जोखिमलाई घटाउँदछ। ब्लकचेन प्रविधिले खरिद प्रक्रियामा आमनागरिक तथा सञ्चारमाध्यमलाई सहज रुपमा सुचना उपलब्ध गराउँदछ। यसैगरी जग्गा र सम्पत्ति दर्ता प्रणालीलाई व्यवस्थित बनाउँदछ। जसले गर्दा त्यस्ता विवरणको बिक्रीमा हुनसक्ने कुनै पनि गैरकानुनी कारोबारलाई सहजै रोक्दछ।

संसारका कतिपय देशहरूले ब्लकचेन प्रविधिको प्रयोग गर्दै सरकारी सेवा प्रणालीमा पारदर्शिता, सुरक्षा र दक्षता वृद्धि गर्ने काम गरिरहेका छन्। यस प्रविधिले डिजिटल लेनदेनलाई स्थायी र हेरफेर गर्न नसकिने बनाउँछ। जसले भ्रष्टाचार कम गर्न र नागरिकहरूको विश्वास बढाउन मद्दत पुऱ्याउँछ। ब्लकचेन प्रविधिको प्रयोगले सरकारी प्रक्रिया पारदर्शी बनाउने मात्र नभई डेटा अखण्डता सुनिश्चित गर्ने, प्रशासनिक प्रक्रिया छिटो गर्ने र सेवा प्रवाहलाई दक्ष बनाउने महत्वपूर्ण भूमिका खेल्दछ।

जर्जियामा सन् २०१६ मा आफ्नो राष्ट्रिय सार्वजनिक अभिलेख विभागमार्फत ब्लकचेन प्रविधि प्रयोग गरी भूमि दर्ता प्रणाली सुरु गरिएको थियो। यस प्रणाली अन्तर्गत भूमिसम्बन्धी सम्पूर्ण अभिलेखहरू क्रिप्टोग्राफिक प्रमाणसहित ब्लकचेनमा डिजिटल रूपमा सुरक्षित गरिएका छन्। यसको प्रमुख विशेषता भनेको डेटा हेरफेर गर्न नहुने प्रकृति हो। जसले प्रणालीलाई थप सुरक्षित,

४ Aarvik, P. (2020). *Blockchain as an anti-corruption tool: Case examples and introduction to the technology* (U4 Issue 2020:7). U4 Anti-Corruption Resource Centre. https://www.u4.no/publications/are-blockchain-technologies-efficient-in-combatting-corruption.pdf

५ Van Niekerk, M. (2021, July 5). *How blockchain can help dismantle corruption in government services*. World Economic Forum. https://www.weforum.org/stories/2021/07/blockchain-for-government-systems-anti-corruption

पारदर्शी र भ्रष्टाचार रहित बनाएको छ।[६] यस प्रणालीमार्फत भूमि दर्ता, सम्पत्ति कारोबार, नोटरी सेवा, र बन्धक प्रक्रियामा सुधार आएको छ। जसले नागरिकहरूलाई सरकारी सेवामा भरोसा बढाउन महत्वपूर्ण योगदान दिएको छ।[७]

यसैगरी ईस्टोनियाले ब्लकचेन प्रविधि प्रयोग गरेर आफ्नो सरकारी सेवा प्रणालीलाई डिजिटलाइज्ड गरेको छ। हाल करिब ९९ प्रतिशत सार्वजनिक सेवा अनलाइन उपलब्ध गराइसकेको छ। यसमा कर प्रणाली, स्वास्थ्य सेवा र मतदान सेवा जस्ता महत्वपूर्ण सरकारी कामहरू समावेश रहेका छन्। ब्लकचेन प्रविधिको प्रयोगले यी सेवाहरूलाई पारदर्शी र सुरक्षित बनाएको छ। ईस्टोनियाले आफ्नै ब्लकचेन प्रविधि 'केएसआई' विकास गरी सूचना सुरक्षा र तथ्यांकलाई सुरक्षित गरेको छ। यसले डिजिटल डाटाको अखण्डता कायम राख्नुका साथै सरकारी सेवामा दक्षता, छिटो निर्णय प्रक्रिया र नागरिकहरूको पहुँच सुधार्न मद्दत गरेको छ।[८]

जर्जिया र ईस्टोनियाको उदाहरणले ब्लकचेन प्रविधि सरकारी प्रणालीमा लागु गर्दा पारदर्शिता, सुरक्षा र भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय प्रभाव पार्न सक्दछ भन्ने देखाउँदछ। यी अनुभवहरूले नेपालजस्ता देशहरूलाई आफ्ना सार्वजनिक सेवा प्रणालीमा आधुनिक प्रविधि प्रयोग गरी दक्षता र जवाफदेहिता बढाउन प्रेरित गर्न सक्छ। ब्लकचेन प्रविधि प्रयोग गर्दा कानुनी स्पष्टता, प्राविधिक पूर्वाधार र जनचेतना अभिवृद्धि गर्ने कदम आवश्यक हुन्छ। जसले दीर्घकालीन दृष्टिमा प्रशासनिक सुधार सुनिश्चित गर्न मद्दत गर्नेछ।

छिमेकी देश भारतको छत्तीसगढ राज्यको दन्तेवाडा जिल्लाले हालै आफ्नो ७ लाखभन्दा बढी भूमि अभिलेखहरू ब्लकचेनमा सुरक्षित गर्ने काम सम्पन्न गरेको छ। यस परियोजना मार्च २०२५ मा सुरु गरिएको हो र यसको उद्देश्य भूमि अभिलेखमा हेरफेर, ढिलाइ र त्रुटिहरूलाई पूर्ण रूपमा हटाउनु रहेको छ। पहिले नागरिकहरूले आफ्ना सम्पत्ति सम्बन्धी प्रमाणपत्र र अभिलेख प्राप्त गर्न हप्तौं समय लिनुपर्ने बाध्यता रहेकोमा अहिले यी अभिलेखहरू डिजिटल रूपमा सुरक्षित गरिएको छ। सजिलै पहुँचयोग्य भएका छन्। यसले दन्तेवाडामा सरकारी सेवा प्रणालीमा पारदर्शिता बढाएको छ र भ्रष्टाचारको सम्भावनालाई न्यूनीकरण गरेको छ।[९] ब्लकचेन प्रणालीको प्रयोगले सरकारी अधिकारीहरूलाई भूमि सम्पत्तिहरू खोज्न, अधिकारको अभिलेख, जग्गाको प्लट दर्ता गर्न, मालिक नामा अभिलेख राख्न, तथा जग्गाको नक्सा सुरक्षित राख्नेलगायतका सम्पूर्ण अभिलेखहरू अवलोकन गर्न तथा डाउनलोड गर्न सजिलो बनाई दिएको छ। यो कार्यले दन्तेवाडाको विद्युतीय सुशासन प्रणाली स्थापना गरी सरकारी सेवामा दक्षता, पारदर्शिता र नागरिकको पहुँचमा अभिवृद्धि गर्ने लगायतका काममा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

यसैगरी सन् २०१८ मा सिएरालियोनले आफ्नो राष्ट्रपतिका लागि निर्वाचनमा ब्लकचेन प्रविधि प्रयोग गरी मतदान प्रक्रिया पारदर्शी र विश्वसनीय बनाएको छ। स्वीस-आधारित कम्पनी एगोराले देशको पश्चिमी जिल्लाका २८० मतदान स्थलमा मतदान प्रक्रिया ब्लकचेनमा सुरक्षित गर्ने सेवा प्रदान गरेको थियो। यो जिल्ला राजधानी फ्रीटाउनसहित देशको सबैभन्दा धेरै जनसंख्या भएको क्षेत्र हो।[१०] यस प्रविधिले मतदानका सम्पूर्ण अभिलेखलाई अनुमति प्राप्त व्यक्तिले मात्र प्रमाणीकरण गर्न सक्ने तर सबैले अवलोकन गर्न सक्ने तरिकाले सुरक्षित बनाएको थियो। यसले निर्वाचनमा हुनसक्ने सम्भावित धाँधली र भ्रष्टाचारलाई कम गर्न महत्वपूर्ण योगदान पुऱ्याएको थियो।[११]

भारतको दन्तेवाडा र सिएरालियोनका यी दुई उदाहरणहरूले ब्लकचेन प्रविधि सार्वजनिक प्रशासनमा लागु गर्दा पारदर्शिता, डेटा अखण्डता र भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने देखाएका छन्। भूमि अभिलेख सुरक्षित गर्नु वा निर्वाचन प्रक्रियामा ब्लकचेन प्रयोग गर्नुले सरकारी कार्य प्रणालीमा विश्वास वृद्धि गर्छ र प्रशासनिक दक्षता बढाउँछ। यी अनुभवहरूले नेपालजस्ता देशहरूलाई ब्लकचेन प्रविधि अपनाएर आफ्ना सार्वजनिक सेवा प्रणाली सुधार गर्ने बारेमा महत्वपूर्ण शिक्षा प्रदान गर्न सक्दछ।

---

६ Snip, I. (2017, April 19). *Georgia: Authorities use blockchain technology for developing land registry.* Eurasianet. https://eurasianet.org/georgia-authorities-use-blockchain-technology-for-developing-land-registry

७ U4 Anti-Corruption Resource Centre. (2022, October 24). *Anti-corruption reforms have been successful in Georgia, but blockchain is stealing the limelight.* https://www.u4.no/blog/anti-corruption-reforms-successful-in-georgia-blockchain-stealing-limelight

८ Fintechnews Baltic. (2021, March 12). *Estonia digitised 99% of its public services with the aid of blockchain.* Fintech News Network. https://fintechbaltic.com/4292/fintechestonia/estonia-leads-the-e-government-race-by-digitising-99-of-its-public-services

९ The Times of India. (2025, March 12). *Dantewada district digitized over 7 lakh land records through blockchain technology*. The Times of India. https://timesofindia.indiatimes.com/articleshow/118943597.cms

१० Perper, R. (2018, March, 14). *Sierra Leone just became the first country in the world to use blockchain during an election.* Business Insider. https://www.businessinsider.com/sierra-leone-blockchain-elections-2018-3

११ Distributed. (2018, March 22). *Sierra Leone pilots blockchain-based voting for political elections.* Bitcoin. https://www.nasdaq.com/articles/sierra-leone-pilots-blockchain-based-voting-political-elections-2018-03-22

**ब्लकचेन प्रविधि र भ्रष्टाचार नियन्त्रण**

| क्र.सं. | ब्लकचेन प्रविधिका विशेषता | भ्रष्टाचार नियन्त्रणमा गर्ने योगदान |
|---|---|---|
| १. | पारदर्शिता | सार्वजनिक डिजिटल लेजरमा सम्पूर्ण विवरण रहने भएकाले सूचना लुकाउन, विवरण सच्याउन, वा नक्कली कागजात बनाउन सम्भव हुदैन । |
| २. | अपरिवर्तनीय | एकपटक ब्लकचेनमा विवरण प्रविष्ट गरिसकेपछि परिवर्तन गर्न सम्भव हुँदैन। जसले गर्दा नक्कली कागजात बनाउने, विवरण सच्याउने सम्भावना हुदैन । |
| ३. | विवरणको अकेन्द्रीकरण | तथ्यांक तथा विवरण कुनै एक निकायको नियन्त्रणमा मात्र नहुने भएकाले शक्ति दुरुपयोग गर्ने, सुचना तोडमोड गर्ने, जस्ता सम्भावना हुँदैन । |
| ४. | अभिलेखको स्थायित्व | सम्पूर्ण विवरण, लेनदेन, कारोबार स्थायी रुपमा सुरक्षित रहन्छ। जसले सार्वजनिक खरिद, बजेट व्यवस्थापन, जग्गा दर्ता, आदिमा हुन सक्ने दुरुपयोगको प्रमाण सहितको निगरानी सम्भव गराउँदछ । |
| ५. | रियल टाईम ट्र्याकिंग | सार्वजनिक खरिद प्रक्रिया वा सेवामा भएका प्रत्येक चरण तुरुन्तै सार्वजनिक हुन्छन् । जसले ढिलाई, सुचनाको हेरफेर तथा नक्कली सामाग्री तथा चलखेललाई अन्त्य गर्दछ । |

***स्रोतः** विभिन्न सन्दर्भ सामाग्रीहरू*

विभिन्न अध्ययनहरूले ब्लकचेन प्रविधिले सार्वजनिक खरिद प्रक्रियाका सम्पूर्ण चरणहरूमा हुन सक्ने भ्रष्टाचारको सम्भावित जोखिमबाट बचाउने देखाएका छन् । उदाहरणको लागि सार्वजनिक खरिदका मूल्यांकन मापदण्ड परिवर्तन गर्न वा बोलपत्र संसोधन गर्न खोजेमा ब्लकचेन प्रविधिले मूल जानकारीलाई सुरक्षित राख्दछ र परिवर्तन भएको अभिलेखलाई सार्वजनिक गर्दछ । यसमा कुन अधिकारीले कहिले, कहाँबाट उक्त बोलपत्रको प्रावधानमा संसोधन गर्‍यो भन्ने स्पष्ट जानकारी प्रदान गर्दछ । अहिलेको सार्वजनिक खरिद प्रक्रियामा मूलतः सरकारी कर्मचारी र व्यवसायीहरू मात्र संलग्न भईरहेका छन् । जसले भ्रष्टाचार तथा अनियमितता बढाईरहेको देखिन्छ । तर ब्लकचेनले खरिद प्रक्रियामा व्यापक सरोकारवाला निकायहरू जस्तै निगरानी गर्ने निकायहरू, सञ्चारमाध्यमहरू, सरकारी अधिकारी तथा आमनागरिकलाई पनि सहभागी हुन प्रोत्साहित गर्दछ । यस प्रविधिले हरेक सूचना तत्कालै सम्पूर्ण सरोकारवालालाई सहज र सरल रुपमा उपलब्ध गराउँदछ ।

यसैगरी ब्लकचेन प्रविधिले घरजग्गा तथा सम्पत्ति दर्तामा पनि महत्वपूर्ण योगदान गर्न सक्छ। घरजग्गा दर्ता प्रणालीले स्वामित्वको प्रमाणित गर्दछ । यसरी कुनै पनि व्यक्तिले घरजग्गा खरिद गर्दा लिने औपचारिक ऋणलगायतका सवाललाई यसले व्यवस्थित रूपमा सुरक्षित राख्दछ । ब्लकचेन प्रविधिले घरजग्गा खरिद बिक्रीको चरणलाई छुट्याउन सक्दछ । मालपोत कार्यालयमा हुन सक्ने सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, जग्गाधनीको अनुमति विनानै बिक्री गरिदिने, घुस लेनदेन जस्ता कार्यलाई पनि यसले अन्त्य गर्न सक्छ ।

यसरी हेर्दा ब्लकचेन प्रविधि एउटा विकेन्द्रीकृत, सार्वजनिक रूपमा साझा गरिने डिजिटल लेजर प्रविधि हो। जसमा श्रृखलाबद्ध ‘ब्लक’ हरूमा तथ्यांक सुरक्षित गरिन्छ। त्यस्ता ब्लकहरू अपरिवर्तनशील गरी सञ्जालमा जडान गरिएको हुन्छ। ब्लकचेनले सम्पूर्ण विवरणलाई अकेन्द्रीकृत गरिदिन्छ । जसले गर्दा कुनै एकल निकाय वा अधिकारीमा मात्र निर्भर नभई लेनदेनको सम्पूर्ण तथ्यांक सम्पूर्ण सञ्जालमा वितरण गरिदिन्छ। ब्लकचेनमा रहेको तथ्य, तथ्यांक, सूचना तथा विवरण अपरिवर्तनशिल हुन्छ । एकपटक कुनै तथ्यांक ब्लकमा लेखिएपछि परिवर्तन गर्न सकिदैन । यसले तथ्य तथ्यांकको हेरफेर गर्न वा मेट्नबाट रोक्दछ । साथै ब्लकचेन सञ्जालमा नयाँ प्रविष्टिहरू सबै सहभागिहरूले सहजै हेर्न र देख्न सकिने हुन्छ। यसले एकातर्फ पारदर्शिता अभिवृद्धि गर्दछ भने अर्को तर्फ तथ्यांकको सुरक्षालाई पनि प्रवर्द्धन गर्दछ । यस प्रविधिले तथ्यांक सुरक्षित गर्नको लागि उच्चस्तरीय डिजिटल हस्ताक्षरहरूको प्रयोग गर्दछ। यसैगरी तथ्यांक पारदर्शिता, सत्यता र एकात्मतालाई सुरक्षित गरिन्छ। यस प्रविधिमा प्रयोगकर्ताहरूको वास्तविक नाम देखिदैन । यद्यपि त्यहाँ भएका सम्पूर्ण कार्यको ट्र्याकिङ गर्न मिल्ने व्यवस्था हुन्छ ।

## ब्लकचेन प्रविधि र भ्रष्टाचार नियन्त्रण

ब्लकचेन प्रविधिले भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण योगदान गर्न सक्दछ । ब्लकचेन प्रविधिले तथ्यांक अवरोध र मेटाउने क्रमको रोकथाम गर्दछ । ब्लकचेनमा प्रविष्ट गराइएका तथ्यांक कहिल्यै पनि परिवर्तन गर्न मिल्दैन । जसले गर्दा भ्रष्टाचारजन्य क्रियाकपालको सम्भावित प्रमाण कसैले पनि मेटाउन सक्दैन । यसले शक्तिशालीको दबाबमा तथ्यांक तथा विवरण परिवर्तन

हुनबाट रोक्दछ। यसले बजेट अनुमोदन, अनुदान वितरण, सरकारी ठेक्का प्रक्रिया, खरिद प्रक्रिया लगायतका क्षेत्रमा हुन सक्ने मानवीय हस्तक्षेप घटाउँदछ र प्रक्रियागत भ्रष्टाचारको अन्त्य गर्न योगदान गर्दछ। ब्लकचेन प्रविधिको प्रयोगमार्फत तथ्यांक अपरिवर्तनशिल भएका कारण ठेक्का, खर्च वा निर्णयहरूमा संलग्न सबै व्यक्तिको सजिलै ट्र्याकिङ गर्न सकिन्छ र त्यस्ता अधिकारीहरूको जवाफदेहितालाई सुनिश्चित गर्दछ। यसैगरी ब्लकचेनले प्रक्रियागत समय छोट्याउन, कारोबारको लागत घटाउन, भ्रष्ट रणनीतिहरू पत्ता लगाउन, अनुचित चलखेलहरू पत्ता लगाउन सहयोग गर्ने प्रविधिगत आधार तयार पार्दछ।

नेपालमा विवरण सच्याउने, कागजात बदलिदिने, एकले अर्कालाई दोष लगाउने जस्ता कारणले भ्रष्टाचार बढिरहेको छ। जवाफदेहिता र जिम्मेवारीपनको अभावको कारण झाँगिदै गएको भ्रष्टाचारजन्य क्रियाकलापलाई अन्त्य गर्नको लागि ब्लकचेन प्रविधि अत्यन्तै उपयोगी र प्रभावकारी हुने देखिन्छ। सरकारका सबै बजेट र व्यय विवरणलाई ब्लकचेनमा राख्दा आम नागरिकले वास्तविक समयमा खर्चको सजिलै ट्र्याकिङ गर्न सक्दछन्। यसैगरी राजनीतिक तथा कर्मचारीतन्त्र लगायत सम्पूर्ण पदाधिकारीहरूको सम्पत्ति विवरण ब्लकचेनमा सुरक्षित गरी सार्वजनिक गर्ने प्रणाली बनाउँदा सम्पत्ति लुकाउने वा गलत विवरण दिने सम्भावना अन्त्य हुन्छ। सार्वजनिक क्षेत्रका ठेक्कापट्टा प्रक्रियामा यो प्रविधिको प्रयोग गर्दा मानव हस्तक्षेप कम हुन्छ। जसले कमिशनखोरी, सेटिङबाट अनुचित प्रभावमा पार्ने सम्भावना सकिन्छ। यसैगरी सार्वजनिक सेवा प्रवाहका क्षेत्रहरू जस्तै जमिन दर्ता, नागरिकता, पासपोर्ट, कर प्रणाली, सामाजिक सुरक्षा वितरण लगायतका क्षेत्रमा ब्लकेचन प्रयोग गर्दा अनावश्यक ढिलाइ तथा अनियमितताको अन्त्य हुन्छ। अहिले यस्ता सेवाप्रदायक निकायमा भइरहेको भ्रष्टाचारलाई अन्त्य गर्न सकिन्छ। यसैगरी लेखापरिक्षण गर्ने निकायहरू, अनुसन्धान गर्ने निकायहरू लगायतले ब्लकचेन प्रयोग गर्दा प्रमाण लुकाउने वा मेट्ने सम्भावना हटेर जान्छ।

यद्यपि नेपालले ब्लकचेन प्रविधिको उपयोग गर्ने सन्दर्भमा केही चुनौतीहरू रहेका छन्। पहिलो र सबैभन्दा महत्वपूर्ण चुनौती कानुनी पक्षसँग सम्बन्धित रहेको छ। हाल नेपालमा ब्लकचेन प्रविधि सम्बन्धी स्पष्ट कानुनी व्यवस्था र संरचना अभाव छ। यसले ब्लकचेनको व्यवहारिक प्रयोग र यसको सुरक्षा सुनिश्चित गर्न कठिनाइ उत्पन्न गर्दछ। कानुनी अस्पष्टताका कारण डिजिटल लेनदेन, डेटा सुरक्षा, र डिजिटल  करारहरूको वैधता सुनिश्चित गर्न कठिनाइ छ। यसले प्रयोगकर्ताहरूको विश्वास कमजोर पार्ने सम्भावना राख्दछ।

दोस्रो चुनौती प्रविधिगत क्षमता र पूर्वाधारको अभावसँग सम्बन्धित रहेको छ। ब्लकचेन प्रविधि सञ्चालनका लागि उच्च गतिको इन्टरनेट, डेटा सेन्टर, सुरक्षित सर्वर र उच्च क्षमता भएका कम्प्युटिङ साधन आवश्यक पर्दछ। नेपालमा यस्ता पूर्वाधार सीमित छन् र अझै विकसित हुनु पर्ने अवस्था छ। प्रविधि सम्बन्धी दक्ष जनशक्ति अभाव पनि ठूलो चुनौती हो। ब्लकचेन प्रणाली स्थापनाका लागि आवश्यक विशेषज्ञ, इन्जिनियर, र प्राविधिक विशेषज्ञता नेपालमा पर्याप्त मात्रामा उपलब्ध छैन। यस किसिमका जनशक्ती उत्पादनमा समेत काम गर्नुपर्ने आवश्यकता रहेको छ।

तेस्रो चुनौती भनेको ब्लकचेन प्रविधि सम्बन्धी ज्ञान र जनचेतनाको अभाव हो। नीति निर्मातादेखि लिएर आम नागरिकसम्म धेरैले ब्लकचेन के हो, यसको उपयोग, लाभ र जोखिमबारे पर्याप्त जानकारी पाएका छैनन्। यसले नयाँ प्रविधिको स्वीकृति र यसको व्यवहारिक प्रयोगमा बाधा पुऱ्याउँने देखिन्छ। ब्लकचेन प्रविधिको बारेमा शिक्षा र जनचेतना अभिवृद्धि नगरी यसको प्रयोग प्रभावकारी हुने सम्भावना न्यून हुन्छ।

यस्ता चुनौतीहरूको बाबजुद पनि आधुनिक प्रविधिलाई भ्रष्टाचार नियन्त्रण र प्रशासनिक कार्यमा प्रयोग गर्न आधार तयार गर्नु आवश्यक छ। ब्लकचेन प्रविधिले लेनदेनको पारदर्शिता, डेटा अखण्डता, र प्रक्रियागत जवाफदेहितामा महत्वपूर्ण योगदान दिन सक्छ। यसको व्यवहारिक उपयोगका लागि तत्काल आवश्यक अध्ययन, कानुनी सुधार र नियामक स्पष्टता सुनिश्चित गर्नु जरुरी छ। साथै, प्राविधिक पूर्वाधार, शिक्षा, र जनचेतना अभिवृद्धिका लागि पनि लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

भविष्यमा ब्लकचेन प्रविधिलाई भ्रष्टाचार नियन्त्रण, सरकारी सेवा प्रवाह, वित्तीय लेनदेन, र डाटा व्यवस्थापनमा प्रयोग गर्दा यसको प्रभावकारीता सुनिश्चित गर्न नीति निर्माण, प्राविधिक तयारी, र आम नागरिकको सहभागितालाई सुदृढ बनाउन आवश्यक छ। यसले दीर्घकालीन दृष्टिमा प्रशासनिक सुधार, पारदर्शिता, र नागरिकको भरोसा वृद्धि गर्न मद्दत गर्नेछ।

★ ★ ★

# चुनौती र सम्भावनाका बीच युवा लक्षित अर्थतन्त्र

भियतनाम, बंगलादेश, भारतजस्ता देशले स्टार्टअप इकोसिस्टम, सहुलियत ऋण, इन्क्युबेसन केन्द्र र डिजिटल पूर्वाधारमार्फत लाखौं रोजगारी सिर्जना गरेका छन् । नेपालले पनि यस बाटोमा अघि बढ्न सके युवा पलायन 'ब्रेनड्रेन' को विद्यमान अवस्थाबाट नेपाल 'ब्रेनगेन' मा बदलिन सक्छ ।



**डा. देवराज अर्याल**
उप-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय

नेपालमा आर्थिक विकासको मुद्दाबारे विभिन्न कोणबाट विश्लेषण हुँदै आएको छ। नेपालका विश्वविद्यायबाट डिग्री हासिल गरेका अर्थशास्त्रीहरूको मात्र होइन पश्चिमा मुलुकका विश्वविद्यालयबाट उपाधि हासिल गरेका अर्थशास्त्री र विकासविदका विचारहरू पनि सुनिँदै आएको छ। धेरै अवस्थामा उनीहरूको ज्ञान र सिपको पनि नेपालमा उपयोग भएकै हो। तथापि, आर्थिक वृद्धि र विकासको गति भने आशातीत रुपमा द्रूत हुन सकेको छैन।

जबकि नेपालमा योजनाबद्ध विकासको प्रयास सुरु भएको आजसम्म आइपुग्दा ७३ वर्ष वितिसकेको छ। तत्कालीन अवस्थामा अत्यन्त पिछडिएको अर्थतन्त्रलाई आधुनिक, व्यवस्थित र दिगो विकास विकास हासिल गर्ने उद्देश्य राखी नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको थियो।

नेपालको आर्थिक विकासको गति २०१३ सालदेखि अहिलेसम्म आइपुग्दा एकाध आर्थिक वर्षहरूमा ४ देखि ६ प्रतिशतको दरले वृद्धि भएको देखिए पनि समग्रतामा १ देखि ३ प्रतिशतको हाराहारीमा रहेको छ। छिमेकी देश भारत र चीनको तुलनामा आर्थिक विकासको यो आँकडा ज्यादै नै न्यून गतिको हो। यद्यपि पञ्चवर्षीय योजनाहरूमा आर्थिक विकासको लक्ष्य महत्वाकांक्षी नै राखिने गरेको छ। सोह्रौ योजनालाई हेर्ने हो भने त प्रतिव्यक्ति आम्दानी नै २४१३ डलर पुराउने भनिएको छ।

तर, त्यसका लागि आवश्यक पर्ने आधारको रुपमा रहेको रोजगारी, कृषि, उद्योग र उत्पादन क्षेत्र विस्तार गर्ने बलियो आधार र रणनीति बनाउन सकेको दैखिदैन। यसैगरी ठूलो संख्यामा रहेको युवा लक्षित योजना र कार्यक्रमको उल्लेखनीय अभाव रहेको छ। यस्तो परिस्थितिमा युवा शक्तिलाई केन्द्रीत गरेर आर्थिक विकासको बारेमा विचार विमर्श गर्नु र डिस्कोर्स चलाउनु वाञ्छनीय हुन आएको छ।

नेपालमा १६-४० वर्ष उमेर समूहलाई 'युवा' मानिएको छ। सन २०२१ को राष्ट्रिय जनगणना अनुसार

हाल नेपामा युवा उमेरको संख्याले कुल जनसंख्याको ४२.५ प्रतिशत भाग ओगटेको छ। अर्को अर्थमा भन्दा प्रत्येक १० मध्ये लगभग ४ जना व्यक्ति युवा उमेरका छन। यस अर्थबाट विश्लेषण गर्दा, तुलनात्मक रुपमा २०-४० वर्षका मानिसहरूको समूह ठूलो छ। जुन आर्थिक गतिविधिका लागि ज्यादै सम्भावित समूहमा गणना हुन्छ। युवा उमेरको जनसंख्या धेरै हुनु सम्बन्धित समाज र देशका लागि 'लाभ' हो। तर, त्यसका लागि आर्थिक उपार्जन हुने कामको अवसर सिर्जना गर्नुपर्ने हुन्छ।

आर्थिक विकासको दृष्टिकोणले हेर्दा नेपालमा जे-जस्ता स्रोत र साधनहरू छन्। तिनलाई उपयोग गर्ने लक्ष्य बनाएर लगानी, उत्पादन, वितरण र उपभोगको योजना बनाउनुपर्ने हुन्छ। प्राकृतिक रुपमा अहिले उपलब्ध स्रोत र

साधनहरूमा कृषियोग्य जमिन, जलस्रोत, प्राकृतिक सौन्दर्यता, जैविक विविधता, वनस्पति, पोल्ट्रि, धार्मिक-सांस्कृतिक सम्पदा एवं भौगोलिक विविधता नै प्रमुख र सम्भावना बोकेका क्षेत्रहरू मानिन्छन। पछिल्लो समयमा सडक यातायात र सूचना प्रविधिका पूर्वाधारहरूको पनि विकास र विस्तार भएको हुनाले त्यसअन्तर्गत पनि आर्थिक उपार्जनको उद्यमशीलता संरचना निर्माण गर्न सकिने वातावरण तयार हुँदै आएको छ।

विद्यमान अवस्थामा एकातिर युवा जनशक्तिको संख्या प्रयाप्त मात्रामा उपलब्धता हुनु अर्कोतर्फ माथि उल्लेख गरिएअनुसार- मौलिक प्रकारका साधन र स्रोतहरू मौजुदा रहनु नेपालको विकासका लागि ज्यादै ठूलो आर्थिक अवसर हो। तर, यो अवसरको सही ढंगले सदुपयोग गर्नका लागि व्यवहारिक योजना, निश्चित मोडेलसहितको रणनीति र कार्यक्रमको आवश्यकता पर्दछ। यसका लागि निश्चित प्रकारको भिजन, योजना, नीति, रणनीति र कार्यक्रमसहितको स्पष्ट ब्लुप्रिन्ट बनाउनु पर्ने हुन्छ। यहाँनेर भिजन भनेको आगामी २० देखि ३० वर्षको बीचमा विकासको गतिबाट हेर्दा देशलाई कहाँ पुऱ्याउने भन्ने लक्ष्य हो। त्यसका लागि कुन- कुन क्षेत्रमा लगानी गर्ने विषय र बजेटको निर्धारण योजना हो। यसैगरी लक्ष्य प्राप्तिको लागि के कस्ता नियमले काम गर्ने भन्ने सवाल नीति अन्तर्गत आउँछ भने लक्ष्यसम्म कसरी पुग्ने भन्ने सन्दर्भ रणनीतिअन्तर्गत पर्दछ। त्यसैगरी वास्तविक अर्थ फिल्डमा के-के काम गर्ने भन्ने कुरा कार्यक्रम हो। वास्तवमा उल्लेखित पक्षहरूलाई पदानुक्रमअनुसार अन्तर सम्बन्धित गरेर विकासको प्रारुप तयार पार्ने हो भने नेपाल समृद्ध नहुनु पर्ने कुनै कारण देखिदैन।

केही वर्षयता नेपालमा कृषि क्षेत्र ज्यादै उपेक्षित बन्दै गएको छ। कृषि अर्थतन्त्रको जराधार हुँदाहुँदै पनि हामीले यसको महत्वलाई बुझेर काम गर्न नसक्दा आज खाद्यान, तरकारी, फलफूल र पोल्ट्रीजन्य वस्तु बाहिरी देशबाट आयात गर्नुपरेको छ। बर्सेनि अर्बौ रुपैयाँबराबरको रकम कृषिजन्य वस्तु खरिदमा खर्च हुने गरेको छ। यतिबेला हामी आयातमुखीमात्र होइन, कृषिजन्य वस्तुको सन्दर्भमा दिनप्रतिदिन परनिर्भर बन्दै गएका छौं । नेपालको सन्दर्भमा यस्तो अवस्था सिर्जना हुनु भनेको अत्यन्त लज्जास्पद, दुःखद र दुनियाँको अगाडि हासोको विषय पनि हो।

यहाँनेर बुझ्नु र मनन गर्नु पर्ने महत्वपूर्ण सवाल के हो भने- नेपाल कृषियोग्य जमिनको हिसाबले सम्भावनाको सूचीमा पर्दछ। नेपालको सम्पूर्ण भूभागमा १८ प्रतिशत जमिन कृषि योग्य रहेका छन्। यद्यपि, अहिले हामीलाई आवश्यक पर्ने खाद्यान, तरकारी, फलफूल, डेरी र पोल्ट्रीजन्य वस्तुहरू उत्पादन गरिरहेका छैनौं। जमिनहरू बाँझो बन्दै गएका छन्। अनि गाउँ-बस्तीहरू उजाड बन्दै गएका छन्। यहाँनेर सरकारलाई मात्र दोष दिएर हुँदैन। पछिल्लो समयमा गाउँ-वस्तीमा सडक, यातायात, बाटो, गाडी, बिजुली, सञ्चार, इन्टरनेट गएका छन। बजार, क्रय, विक्रय, वितरण र विनिमय गर्न सक्ने आधार निर्माण भएको छ। यो एउटा राम्रो अवसर हो। तथापि, हामीमा उद्यमशील बन्ने मानसिकता र सोच विकास हुन सकेको छैन। जसले गर्दा गाउँ वस्तीहरू रित्तो हुँदैजाने र युवाहरू विदेश जाने प्रवृत्ति बढदो रुपमा विकास हुँदै गएको छ।

यतिबेला नेपालको आर्थिक अवस्था आशातीत रूपमा सन्तोषजनक परिदृश्यमा छैन। आर्थिक वृद्धिको अंक न्यून रहेको तथ्यांकका आधारमा मात्र होइन सुरक्षा, व्यापार, भुक्तानी सन्तुलन, ब्याजदर, क्रयशक्ति, गतिशीलता र उपभोगजस्ता सूचकांकहरू पनि स्वस्थ अवस्थामा छैनन्। बेरोजगारी, उत्पादन अभाव र आयात निर्भरताको ग्राफ गहिरो बन्दै गएको छ। वास्तवमा विप्रेषणले तत्कालीन उपभोग टिकाइरहेको छ। तथापि दीर्घकालीन समृद्धिको आधार बन्ने सवालमा यो पक्षले अर्थपूर्ण योगदान गर्न सकेको छैन। यस्तो अवस्थामा युवा पलायनलाई सधैभरि नेपालको नियति नै बन्न दिइरहने हो त ? सवाल गम्भीर रुपमा खडा भइसकेको छ। अब नेपालले पनि युवा लक्षित दृष्टिकोण राखेर उद्यमशीलतामार्फत आर्थिक रूपान्तरण सम्भव छ भन्ने आँटिलो हिम्मतका साथ अगाडि बढनु पर्ने बेला आइसकेको छ। यो निश्चित र अनिवार्य हो कि अब नेपालले मौलिक स्रोत र साधनलाई उपयोग गर्ने गरी उद्यमशीलताको प्रारुप तयार गरेर अगाडि बढ्ने हिम्मत गर्नुपर्दछ। यसका लागि कृतिम बौद्धिकता र प्रविधिमा आधारित स्मार्ट कृषि, स्मार्ट पर्यटन, स्मार्ट ऊर्जा, स्मार्ट उद्योग, स्मार्ट सेवा, स्मार्ट पोल्ट्री र स्मार्ट वित्त विकासको अवधारणाबाट अगाडि बढनु पर्ने हुन्छ।

नेपालको वर्तमान यथार्थले के देखाउँछ भने- नेपालमा श्रम बजार र शिक्षा प्रणालीबीच गहिरो अन्तर छ। स्कुल, कलेज-विश्वविद्यालयबाट निस्किने युवाको ज्ञान र सिप उद्योग एवम् बजारसँग मेल खाइरहेको छैन। सरकारी तथा निजी क्षेत्रमा सीमित रोजगारी, जटिल नीतिगत प्रक्रिया, पुँजी पहुँचको कमी र जोखिम-विरोधी बैंकिङ प्रणालीले युवालाई उद्यमतर्फ आकर्षित गर्न सकेको छैन। परिणामस्वरूप, बेरोजगारी पलायनमा रूपान्तरण भैरहेको छ जसले गर्दा देशले आफ्नो सबैभन्दा ऊर्जाशील जनशक्ति गुमाइरहेको छ। यद्यपि, यही संकटभित्र सम्भावनाको बीउ पनि लुकेको छ। विश्वका धेरै मुलुकले युवा उद्यमशीलतालाई विकासको

इन्जिन बनाएका छन्। भियतनाम, बंगलादेश, भारतजस्ता देशले स्ट्राटअप इकोसिस्टम, सहुलियत ऋण, इन्क्युबेसन केन्द्र र डिजिटल पूर्वाधारमार्फत लाखौँ रोजगारी सिर्जना गरेका छन्। नेपालले पनि यस बाटोमा अघि बढ्न सके युवा पलायन 'ब्रेनड्रेन' को विद्यमान अवस्थाबाट नेपाल 'ब्रेनगेन' मा बदलिन सक्छन्। यद्यपि, यो अवधारणालाई कार्यान्वयनमा ल्याउनका लागि युवा लक्षित समाधानका प्रयासहरू भने निश्चित रुपमा गर्नु पर्ने हुन्छ।

आजको सन्दर्भमा विचरण गर्दा नेपाल स्रोत र साधनका हिसाबले सम्भावनायुक्त अवस्थामा रहेको भए पनि उपयुक्त नीति, स्मार्ट बजार, पर्याप्त पुँजी र प्रयुक्त सिप एवं ज्ञान भने सीमित मात्रामा छ। उपलब्ध शिक्षा, ज्ञान र सिपलाई पनि उद्योग अर्थात् उद्यमशीलतासँग जोडन सकिएको छैन। यद्यपि, आजको राष्ट्रिय-अन्तर्राष्ट्रिय बजारले डिजिटल सिप-दक्षता, कृषि-प्रविधि, हरित ऊर्जा र सेवा क्षेत्रमा उन्नत प्रकारको सिप र दक्षताको माग गरेको छ। यस विषयमा कुरा र बहस यावत रुपमा भएको छ। तर, वास्तविक अर्थमा त्यो स्तरको जनशक्ति उत्पादन गर्न सकिरहेका छैनौं। जसले गर्दा हामीले आफूलाई सस्तो कामदार र कोरा वस्तु बिक्री गर्ने 'पेरिफेरियल'को नियतिमा आफूलाई दर्ज गरिराखेका छौं। यसबाट एकतहमाथि उक्लिनका लागि मनोवैज्ञानिक आत्मबलका साथ उन्नत प्रकारको सिप र दक्षताको आवश्यकता छ, जसको ग्यारेण्टी राज्यको नीति निर्माण तहमा रहेका समूदायले दायित्वको रुपमा स्वीकार गरेर सुनिश्चित गर्नु पर्नेहुन्छ।

पुँजीको सन्दर्भमा पनि परिचालनको समस्या रहेको छ। यसैगरी पुँजीको सन्दर्भमा पहुँच पुग्न सकेको छैन। यसका लागि युवा-केन्द्रित सिड फण्ड, सहुलियत कर्जा, र ग्यारेण्टी जस्ता संरचनात्मक आधारहरू निर्माण गर्नु आवश्यक छ। यसैगरी बजारको लागि स्थानीय उत्पादनलाई सरकारी खरिद, निर्यात सहजीकरण र राष्ट्रिय ब्रान्डिङ जस्ता विषयहरूमा जोड दिनु पर्ने अवस्था छ। त्यसका लागि उपयुक्त प्रकारको राष्ट्रिय नीति अपरिहार्य हुन्छ। विशेषगरी अनुमति, कर, दर्ता र बन्द प्रक्रियालाई सरल बनाएर रेगुलेशनको नीति भन्दा पनि फेसिलिटेशनको नीति निर्माण गरेर त्यसलाई संस्कृतिको रुपमा विकास गर्नुपर्छ।

वास्तवमा आर्थिक क्षेत्रका गतिविधिहरू बहुआयामिक प्रकृतिका हुने गर्दछन। पहिलो, रोजगारी सिर्जनाले बेरोजगारी घटाउँछ। दोस्रो, आयात प्रतिस्थापनले व्यापार घाटा कम गर्छ। तेस्रो, करको क्षेत्र र आधार विस्तारले राज्यको राजस्व बढाउँछ। चौथो, समावेशी विकासले ग्रामीण र सीमान्त समुदायलाई आर्थिक प्रवाहमा जोड्छ। यो पक्षलाई आत्मसात गरेर आर्थिक विकासको भिजन, लक्ष्य र योजना निर्माण गर्नु पर्ने हुन्छ। विगताम सूचना र प्रविधिको विकास ठूलो मात्रामा भएको थिएन। त्यो समयमा परम्परागत मोडेलको आधारमा बनेका योजनाहरूले पनि आर्थिक बृद्धि र विकासको गति सिर्जना हुन सक्दथ्यो। अहिले सूचना, सञ्चार र प्रविधिको क्षेत्र व्यापक रुपमा विकास भएको छ। सूचना, सञ्चार र प्रविधिको सञ्जालले चौतर्फी रुपमा घेरिएको आधुनिक समाजमा नेपालले पनि डिजिटल अर्थतन्त्र यात्रामा आफूलाई समाहित गर्दै आगाडि बढनु पर्ने अपरिहार्यता भएको छ। जसमा युवा नवप्रवर्तन अत्यन्तै सहयोगी माध्यम बन्न सक्दछ। यसमा सरकारको भूमिका निर्णायक हुन्छ।

नेपालका वर्तमान आर्थिक चुनौतीहरू- उच्च व्यापार घाटा, वैदेशिक रोजगारीमा निर्भरता र युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा-केन्द्रित नीतिगत हस्तक्षेप आवश्यक छ। युवालाई लक्षित गरी राष्ट्रिय रोजगार तथा उद्यमशीलता नीति प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। सिपमूलक तथा प्राविधिक शिक्षालाई उद्योगसँग आवद्ध गर्दै मोडेल लागु गर्न सकिन्छ। स्टार्टअप र नवप्रवर्तनका लागि सहुलियत कर्जा, सिड फण्ड र कर छुटको व्यवस्था गर्नुपर्छ। कृषि, पर्यटन, सूचना-प्रविधि र जलविद्युत क्षेत्रमा युवा सहभागिता बढाउने विशेष कार्यक्रम ल्याउनुपर्छ। साथै, डिजिटल उद्यम, फ्रीलान्सिङ र हरित रोजगारीलाई प्रोत्साहन गर्दै युवालाई स्वदेशमै सम्मानजनक रोजगारी र नेतृत्वको अवसर सिर्जना गर्नु आजको प्रमुख नीतिगत प्राथमिकता हुनुपर्छ।

★ ★ ★

# लतपतिएको विकास विम्ब

**भुइँफुट्टा वर्गको स्वार्थ अर्थात् उसको फाइदाका लागि तयार गरिएका संरचना विकासका विम्बका रूपमा स्थापित हुन थाल्यो भने समाज सधैं वर्गीय विभाजनको कहिल्यै सन्चो नहुने बिरामीले थलिइरहन्छ । त्यसको परिणाम देश कहिल्यै माथि उठ्न सक्दैन ।**




**डा. शोभाकर पराजुली**
**विश्लेषक**


चर्चित अमेरिकी राष्ट्रपति स्व.जोन एफ केनडीले भन्नुभएको छ, 'देशले मेरा लागि के दियो भन्ने होइन, मैले देशका लागि के दिएँ भनेर आफूले आफैंलाई सोध...।'

कुनै बेला राष्ट्रभाव अनि देशप्रेम र राष्ट्रियताले ओतप्रोत यो भनाइलाई अहिले पनि देशभक्ति भनाइका रुपमा लिइन्छ। केनडी कुनै राजनीतिक दर्शनका ज्ञाता होइनन्। उनी आफ्नो युगका एक शक्तिराष्ट्रका सफल नेतृत्व हुन्। आफ्नो अनुभवका आधारमा उनले यो उद्धरण आफैले निर्माण गरेका हुन्। जसलाई राष्ट्रियताको चर्को भाव व्यक्त गर्न प्रयोग गरियो। तर यसको मसिनो अर्थ हो, हरेक नागरिकको दायित्व राष्ट्रप्रति पनि हुन्छ। त्यो अधिकारसँग गाँसिएला कतै कुनैसँग जोडिएला तथापि त्यसले दिने अर्थ भनेको सधैं राष्ट्रिय दायित्वसँग हुन्छ। राष्ट्र अनि समाजप्रतिको त्यही दायित्वबोधले जब अभावको सिमा नाघ्छ अनि समाज अरजाकताको बाटोमा बेपत्ता हुन्छ। हामीले यो दशकको अन्त्यतिर जे भोगिरहेका छौं यो त्यसकै परिणाम हो।

वर्ष २०८२ ले हामी नेपालीलाई एउटा निकै भयानक चोट दिएको छ। र, सँगसँगै हरेक पुस्तालाई ऐतिहासिक जिम्मेवारी पनि सुम्पेको छ। २०८२ साल भदौ २३ र २४ गते नेपालका नवपुस्ताले गरेको विद्रोहले देशलाई एउटा अप्रत्यासित बाटोतिर लग्यो। राजनीतिक रिक्तता र जलेर बचेखुचेका ऐतिहासिक धरोहररूलाई टक्टक्याएर हामी नेपाली फेरि राजनीतिको एउटा फेरो समाएर अघि बढ्ने प्रयासमा छौं। विद्रोह किन हुन्छ ? अनि कसले गर्छ ? खासगरी नागरिकभित्र लामो समय गुम्सेर रहेको असन्तुष्टी र असन्तोषहरूको विष्फोट नै विद्रोह हो। त्यो असन्तोष भनेको नागरिकको चाहना, भावना र उनीहरूको आवश्यकतालाई नेतृत्वले गम्भिरताका साथ नलिनु हो। नेतृत्वमा पुगेपछि आफूलाई शासकका रुपमा उभ्याउनु अनि नागरिकलाई दास नै सम्झिने हाम्रो प्रवृत्तिका कारण समाजमा विस्तारै असन्तोषको भूमरी भरिदैं जान्छ। अनि अन्ततः त्यो विष्फोट भएर निस्किन्छ विद्रोहको स्वरुपमा।

यद्यपि परिवर्तनको एउटा शूत्र हो ध्वंश अनि निर्माण। तर नेपाल र नेपालीले आधा दशकदेखि ध्वंश अनि विध्वंशहरू मात्रै भोग्यो। हाम्रो पुस्ताले त्यही नै देख्यो। विध्वंश हुँदै गरेको समयमा जन्मिएको यो पुस्ताले निर्माणको राजमार्गमा कहिल्यै पाइला टेक्न पाएन। विकासको गतिलो आशा र भरोसा कहिल्यै पाएन। भविष्यको सपना कहिल्यै देख्न पाएन। बरु उसले सधैं देश कहिले र कसरी छोड्ने भन्ने सपना बुनिरह्यो। यो समाज अलकति राजनीतिक चेतनाले अंकुराउन त थाल्यो तर समाजिक विवेचनाको गणितमा नेपाली मानसिकता सधैंपछि नै रह्यो। अर्धचेतनाको सबैभन्दा खतरनाक पक्ष भनेको असन्तुष्टी, असन्तोष अनि नकारात्मक भावनाको ज्वारभाटा मात्रै

हो। त्यही ज्वारभाटा नेतृत्व अनि राजनीतिमाथि विष्फोट हुन्छ। हरेक दशकको घडीमा हामीले भोग्दै आएको विद्रोहको विद्रुप रूप त्यसकैको उपज हो। यद्यपि देशमा केही नभएको भन्ने होइन। मात्रै भइरहेका कामहरूलाई हामीले कस्तो भाष्यमा स्थापित गर्‍यौं त भन्ने हो। सामाजिक सञ्जालले साँघुरिदैं गएको यो युगमा हामीले बनाउने भाष्य निमेषभरमै स्थापित हुनसक्छ। यो ‘भाइरल’ बिक्ने युग पनि हो। त्यसैले हामीले हाम्रो परिवारमा, समाजमा अनि देशमा नयाँ पुस्तालाई कस्तो संस्कार दिँदैछौ ? महत्वपूर्ण कुरा त्यो मात्रै होइन बरु हामीले हाम्रो समाज, राष्ट्र अनि राष्ट्रियतामाथि आफ्नो नयाँ पुस्तालाई कस्तो भाष्य निर्माण गर्न वातावरण बनाइरहेका छौं मुख्य सरोकार यहीँनेर रहन्छ।

के देशमा साँच्चै केही भएको छैन ? के यहाँ निराशा, असन्तोष र असन्तुष्टीहरू मात्रै छन ? छन् भने किन यस्तो भइरहेको छ ? यी तमाम प्रश्नहरूको गतिलो उत्तर आजको पुस्ताले पाउन सकेको छैन। समाजले विकासको पर्याय र विकासको परिभाषा बुझिरहेको छैन। न विकासको पर्याप्तताबारे उसलाई पर्याप्त ज्ञान छ। यो समाजको दोष होइन नेतृत्वले उसलाई के कति बुझाउन चाह्यो वा बुझाउन सक्यो भन्ने अहिलेसम्मका थाती रहेको प्रश्न हो। जसले समाजलाई सधैं हल्लाइरहन्छन् र बेलाबेलामा त्यो विद्रोह बनेर विष्फोट हुन्छ। यही सामाजिक अर्धचेत नै मूल कारण हो। जहाँ देशको राजनीतिक स्थायित्वकरण सधै एउटा भयानक धारमा रहिआएको छ। चेतनाभित्र विवेचनाको ज्ञान भरिन नसक्दा समाज यसरी नै छचल्किन पुग्छ । भरिएर पोखिनु फरक कुरा हो, आधा भएर छचल्किएको फोकाले पनि बढी चोट दिन्छ। हामीले भोग्दै आएको सामाजिक अराजकताको परिणाम त्यसकैको वरिपरि छ। जसलाई हामीले सधैं नजरअन्दाज गर्दै आएका छौं। यद्यपि हाम्रो समाजिक संरचना र प्रवृत्तिहरू त्यसै अनुरुप विकसित हुँदै आएका छन्। जसलाई हामीले परिवर्तन गर्न अलि लामो समय लाग्न सक्छ। तथापि हामी त्यसको बाहक भने बन्नै पर्छ । सचेतना, चेतना र विवेचनाले भरिएका मष्तिस्कहरूले जबसम्म समाजमा सकारत्मक भाष्य निर्माणमा भूमिक खेल्न सक्दैनन् समाज सधैं यस्तै अर्धचेतको धरमरले धरमराइरहन्छ। र अन्ततः त्यसको परिणाम भनेको त्यही अराजकता नै हो। जो विद्रोहको भावलाई बिथोल्न लाग्छन्। परिवर्तनका आकाक्षाहरूलाई विध्वंशमा परिणत गर्न उद्यत हुन्छन्। त्यसका लागि के गर्ने? हामी अभ्यस्त नभएको मात्रै हो त्यसको जवाफ सटिक छ अनि तरिका सजिलो छ, त्यो भनेको अब हामीले विकासको तरिका बदल्नुपर्छ।

विकासको परिभाषा र भाष्य बदल्नुपर्छ। त्यसका परिणाम र महत्वलाई हामीले हाम्रो भविष्यसँग गाँस्न सक्नुपर्छ। त्यसबाट नयाँ र आगामी पुस्ताको भविष्य जोडिनु पर्छ। विकास निर्माणका हरेक कदममा हामीले समाजको अपनत्व स्थापित गर्नु पर्छ। न कि चिल्ला सडक र गगनचुम्बी भवनहरूले मात्रै विकासको परिभाषा दिन्छन्। निष्कर्षमा त्यो भनेको विकासको परिभाषालाई अब हामीले स्थानीयकरण गर्नुपर्छ भन्ने हो। अर्थात् विकासको स्थानीय परिभाषाले त्यसमा समाजको अपनत्वको हिस्सा बढ्न सक्छ। र त्यो विकास दीगो अनि परिणामदायी पनि हुन सक्छ।

हामीले विकास त गरिरहेका छौं तर त्यो किन र कसका लागि भनेर त्यसलाई स्थापित गर्नसकिरहेका छैनौं। जब हामीले विकासलाई साँच्चिकै भुइँमान्छेको जिन्दगीसँग जोड्न सक्छौं अनिमात्रै त्यो विकासले सार्थकता पाउन सक्छ। यो खालको परिभाषा बिना योजना बनाउन थाल्यौँ भने साँच्चिकै त्यो धरातलभन्दा धेरै नै माथि जान्छ र त्यसले वास्तविक जनता (उपभोक्ता) लाई छुनै सक्दैन। आज गाउँ किन रित्तिइरहेका छन् ? सहर किन भरिइरहेका छन् ? किन बाँझा खेतबारीमा पक्की घर बसाएर हामीले सहरका दालमोठ र चाउचाउमा जीवन काटिरहेका छौँ ? के यो नै नेपालका लागि विकासको मोडल हो ? संसारमा विकसित भइरहेका प्रविधिलाई हामीले हाम्रो जीवनशैलीको उपादेयता वा हाम्रा स्थानीय उत्पादनमा वृद्धि, त्यसको बजारीकरण र व्यवसायीकरणसँग कत्तिको जोड्न सकेका छौँ ? लामो समयपछि हामीले स्थानीय सरकार पायौं। २०५२ सालमा माओवादी जनयुद्ध सुरु भए यता खलबलिएका हाम्रो स्थानीय सरकारहरूमा लगभग २५ वर्षपछि हामीले प्राण भर्न सक्यौं। बितेका यी दुई दशकमध्ये कम्तीमा एक दशक हामीले सशस्त्र युद्धको मार खेप्नुपर्‍यो। आन्तरिक युद्धको त्यो विध्वंशले एउटा सिंगो पुस्ताको भविष्यलाई बिथोलिदियो। त्यसपछिका करिब ७ वर्षहरू संविधानसभाको गठन र विघटनजस्ता राजनीतिक अस्थिरताको शिकार बन्यो। र पनि अन्ततः हामीले हाम्रो संविधान लेख्यौं। २०७२ सालमा नेपालको राजनीतिक इतिहासमा पहिलो चोटी जनता आफै हिस्सेदार बनेर आफ्नो संविधान लेखे। संविधानसभामार्फत्। यो उपलब्धीसँगसँगै २०७४ सालमा स्थानीय निर्वाचन भयो। अनि हामीले हाम्रै घरआँगनकै उपलब्धता हेरेर स्थानीय सरकारका प्रतिनिधिहरू चयन गयौं। तर, फेरि पनि आमनागरिकलाई लाग्यो कि हामीले केही पाएनौं ? अर्थात् नेतृत्वको (अझ खासगरी स्थानीय सरकार) कमजोरी भनेको यही रहन गयो हामीले आम नागरिकलाई सरकारप्रतिको अपनत्व कहिल्यै महसुस गराउन सकेनौं। आम नागरिकको हरेक सुखदुखको

अंशियार हुनुपर्ने स्थानीय सरकारका प्रतिनिधिहरू मात्रै विकासका ठेकेदार बन्न थाले। जसका कारण आमनागरि कसँग जनप्रतिनिधिहरूको दूरीबीच अझ गहिरा खाडलहरू पर्दै गए। विकासका नाममा पहाड र पखेराहरू चिरा परेका मात्रै देख्यौं। खोलानदीको प्राकृतिक रुप बिथोलेर तिनलाई चिथोरेको मात्रै देख्यौं। आखिरी प्रकृती चिथोरिनु भनेकै हाम्रै जीवन उधि्रनु हो। प्रकृतीको यो अकाट्य परिभाषा र अनि सत्यलाई हामीले कहिल्यै स्वीकार्न सकेनौं। हरेक सरकारकाले नागरिकको जनजीवनलाई परिवर्तन गर्ने गरी वा त्यसको महसुस हुने गरी नीति निर्माण गर्छ। योजना र आयोजनाहरू बनाउँछ। तर त्यसकै नाममा छुट्याइएका बजेटका आधा हिस्सा फेरि हामीले जबर्जस्ती जमिन उधिनेर बनाएका बाटो मर्मतमा खर्च भइरहेको छ। एकातिर बनाइरहेका हुन्छौं अनि अर्कातिर भत्किइरहेको हुन्छ। अर्थात् आज हामीले विकासका यी मनमौजी योजना र निर्माणहरू हेर्‍यौं भन्ने लाग्छ। हाम्रा लागि विकास भनेकै बाटो मात्रै हो। अर्थात् बाटोलाई हामीले विकासको बिम्ब बनायौं। तर बन्ने र भत्किने मात्रै भइरहे। अर्थात हामीले यी बाटाहरू भत्काउनकै लागि बनायौं र फेरि मर्मतका नाममा पैसा खर्च गरिरह्यौं। विकासको बिम्ब नै यसरी हामीले खोतलिरहेको बाटाहरूको महत्वलाई हामीले राष्ट्रिय पुँजीसँग कहिल्यै जोड्न सकेनौं। न त समाजिक पुँजी निर्माणमा ती बाटाहरूको कुनै योगदान रह्यो। यसरी मात्र हेर्‍यौँ भने पनि राष्ट्रिय सडक सञ्जालसँग नजोडिएका आज कुनै पनि जिल्ला बाँकी छैनन्। मूल बाटासँग नगाँसिएका कुनै पनि बस्ती छैनन् । आज गाउँटोलका अधिकांश सडकहरू कालोपत्रे भएका छन्। बाटाघाटा, पानीधारा अनि सिँचाइले रसाइ रहेका हाम्रा जमिनको उपयोगिताबारे भने हामीले कहिल्यै आफूले आफैलाई वा कसैले कसैलाई प्रश्न गरेनौं। आखिर यसरी हामीले बालुवामा पानी खन्याएझैं गरी हरेक नागरिकको टाउकोमा नजन्मिदैं ऋणको भार थपेर गरिरहेको विकासको उपादेयता के हो ? त्यसको परिणाम वा प्रतिफल के हो र कति छ? ती बाटा भएपछि हामीले हाम्रा गाउँघर, खेतबारी अनि करेसामा फलेका चिजवस्तु सहरसम्म पु¥याउन सक्नुपर्थ्यो। विडम्बना, गाउँबस्ती पुग्ने मोटरगाडी वा अरू सवारीसाधनले सहर फर्किंदा मात्र मानिसका हुल ल्याउँछन। गाउँघर, खेतबारीमा हामीले उत्पादन गर्ने सागसब्जी सकिएका छन्। गाउँका खेतबारी बाँझा छन्। अनि हामीले ती खेतबारीमा फल्ने साँझ बिहानको गाँससमेत सहरबाटै आउने यी गाडीहरूमा भरिरहेका छौं। हामीले ती मोटरगाडीमा सहरका उत्पादन गाउँ पु¥याएर गाउँले उत्पादनलाई विस्थापित गर्दैछौं। अर्थात् बाटो त बन्यो तर त्यसले हाम्रो समाजलाई कत्ति पनि जोड्न सकेन। अर्थात् भावनात्मक रुपमा अहिले पनि हाम्रा गाउँ र सहरहरू एक अलग अलगत ग्रह नै हुन् कि भन्ने मान्यता अझ गहिरो बन्दै गइरहेको छ। यी बाटाहरू अनि चिल्ला सडकहरू त अब अहिले मात्रै पुँजीपतिका उत्पादनलाई गाउँ पु¥याउने मार्ग मात्रै बनिरहेका छन्। गरिबलाई विकास र उत्पादनसँग जोड्ने कडीका रुपमा स्थापित हुनुपर्ने यी बाटाहरू मात्रै हाम्रो गाउँले र प्राकृतिक जीवनलाई परनिर्भर बनाउन उद्यत छन्। त्यसैले पनि समाजवादका सिद्धान्तकार महामानव बिपीले कुनै बेला भन्नुभएको थियो 'के नेपाल भनेको यहाँका चार-पाँच वटा सहर हो? कि नेपाल भनेको गाउँ हो ? हामीले विकासका कुरा गर्दा विकासले त्यो ग्रामीण परिवारलाई के गर्योह भन्ने प्रश्नको जवाफ दिन सक्नुपर्छ। ठुलो सडक बन्छ भने सडक त मोटरगाडी जोसित छ, उसैले उपयोग गर्छ। जेट प्लेन गाउँलेले चढ्दैन, बिजुलीको प्रचुर प्रयोग गर्दैनन्। त्यस कारण मैले प्रधानमन्त्री छँदा योजना आयोगको मिटिङलाई भनेको थिएँ, तपाईंहरू भित्तामा राजाको तस्बिरसँगै नेपालको गरिब गाउँले किसान आफ्नो झुपडी अगाडि उभिरहेको चित्र पनि राख्नोस् र त्यसको अनुहार हेरेर योजना बनाउनोस् र सोध्नोस।'

यस योजनाले त्यो झुपडीमा बस्ने किसानलाई के लाभ दिन सक्छ ? विकासको परिभाषा समग्रतामा हुनु पर्छ भन्ने सन्देश बिपीको त्यो अभिव्यक्तिले दिन्छ। पहुँचको आधारमा योजना दिने, आवश्यकतातर्फ आँखा चिम्लने अनि मन्त्री भएकाहरूले आफ्नो निर्वाचन क्षेत्रलाई 'भोट बैंक' बनाउन पैसा हाल्ने प्रतिस्पर्धा गर्ने यी तीन प्रवृत्तिले हामीलाई अलमलमा पारेको छ। विकासलाई स्थानीय परिवेशमा परिभाषित गर्न नसकेकै कारण यी प्रवृत्ति मौलाएका हुन्। विकास भनेको हामीले मात्र बाटो बनाउनुलाई ठान्यौँ, अनि पहाड खोतल्न थाल्यौँ। बाटाघाटाले मात्र विकासको आयातन नाप्छ भन्ने एउटा परिभाषाको मिथकलाई उतार्न हामीले मात्र 'डोजरे विकास' लाई प्राथमिकतामा राख्यौँ। त्यसबाट कसले के पायो ? प्रश्नको यो अन्तर्यमा लुकेको अझ अर्को अहंम् प्रश्न हो त्यसबाट भुइँमान्छेको जीवनमा के परिवर्तन आयो ? आज पर्यन्त आधुनिक नेपालको इतिहासमा विकासको साँचो अर्थलाई व्याख्या गरिएको बिपीका यिनै धारणा, विचार र चिन्तनहरू मात्र पाइन्छन्। त्यसपछि विकासलाई हाम्रो आफ्नै धरातलसँग जोडेर परिभाषित गरिएकै छैन। विकासको परिभाषा निर्माण नगरी योजना बन्दा ती योजनाको हालत कस्तो होला भन्ने अनुमान लगाउन गाह्रो पर्दैन। २०४६ को परिवर्तनपछि उदार अर्थनीति र पूर्वाधार विकासलाई प्राथमिकता त दिइयो, त्यसलाई अहिलेका बजेटले समेत पछ्याइरहेका छन्। त्यो उदार अर्थनीति र पूर्वाधार निर्माणको लक्ष्य के हो ?

भन्नेमा पनि प्रस्ट दृष्टिकोण अहिलेसम्म कसैले दिन सकिरहेको छैन । विकासका नाममा ठडिएका महलहरू, चिरिएका बाटाहरू अनि मात्रै कंक्रिटको भौतिक विकासे टावरहरूले स्थानीयलाई के दिए, के ती त्यहाँको माटो सुहाउँदो छन्? त्यसको खास तालमेल कत्ति मिल्न सकिरहेको छैन। अझ हाम्रा उत्पादन भनेक त्यसको न्यायोचित वितरणसहित उच्च नैतिक आचरणसहितको सामाजिक न्याय र मानवीय मूल्ययुक्त उच्चतम नवीन सभ्यता निर्माणको बाटो समाउनु हो । यो नै प्रजातान्त्रिक समाजवाद उन्मुख परिवेश पनि हुन्छ। समाजवाद भनेको एउटा कुनै भौतिक संरचना होइन वा त्यसको ठोस परिभाषा र उदाहरण झल्किने चित्र ठ्याक्कै केही छैन। विकास भनेको पनि त्यस्तै हो। यसको कुनै ठोस परिभाषा छैन। तर त्यसको आफ्नोपन र स्पष्ट चित्र पनि पक्कै हुन्छ। अर्थात् माटो सुहाउँदो विकास सधै जनताको जनजीवनसँगै रहिरहन्छ। त्यसमा जनताको आफ्नोपन हुन्छ। आत्मीयता हुन्छ। अपनत्वको त्यही भाव नै विकासको उपादेयिता हो। अर्थात् विकास भनेको मात्रै भौतिक संरचनाका बग्रेल्ती उपस्थिति होइन बरु जनतामा आफ्नो जीवन परिवर्तनका आभाष पनि हो। त्यसैको शूक्ष्म रूप भनेको समृद्धि हो अर्थात् जनताको जीवनमा महसुस हुने तिनै विकासका अणुहरू नै समृद्धिका आधारहरू हुन्। अहिलेको खास समस्या भनेको सिद्धान्त, त्यसको जगमा विकासको परिभाषा निर्माण अनि त्यसको कार्यान्वयनको दिशामा गतिशीलताको पक्षलाई अझै पनि संस्थागत गर्न नसक्दा देशले समस्या झेल्दै आएको हो। त्यसैले पनि बिपीलाई लाग्थ्यो विकास भनेको संरचनाका अग्ला स्तम्भ मात्र होइनन्। त्यसले भुइँमान्छेलाई कसरी र कहाँ जोडेको छ अर्थात् उनीहरूको जीवनमा के परिवर्तन आयो ? त्यसको परिणाम नै विकास हो, न कि बिपीकै भाषामा ‘भुइँफुट्टा वर्गको स्वार्थ’ अर्थात् उसको फाइदाका लागि तयार गरिएका संरचना विकासका विम्बका रुपमा स्थापित हुन थाल्यो भने समाज सधैं बर्गीय विभाजनको कहिल्यै सन्चो नहुने बिरामीले सधैं थलिइरहन्छ। त्यसको परिणाम देश कहिल्यै माथि उठ्नसक्दैन।

अब समय आएको छ। समयले मौका पनि दिएको छ। २०६२/०६३ को जनआन्दोलनपछि दशकभित्रै भएको नवपुस्ताको विद्रोहले समाज, राजनीति र समग्र देशको मार्गचित्र नै एकप्रकारले बिथोलिदिएको छ। तथापि हामी फेरि बिथोलिएको यो समाजलाई, जलेका हाम्रा धरोहरहरूलाई अनि भत्किएको राजनीतिक संरचनालाई नयाँ रेखांकन गरेरअघि बढ्ने बेला भएको छ। विद्रोहको जगमा हामीले फेरि एकपटक नवपुस्ताको नयाँ भविष्यको रुपरेखाबारे नयाँ नयाँ बिचारहरू जन्माउनुपर्नेछ। राजनीति भनेको मात्रै चुनावी अंकगणित वा सत्ताको सिँढीमात्रै होइन। त्यो मात्रै एक साधन हो, राष्ट्र निर्माणको अभिभारा त नेतृत्वको कालजयी सोंच, दूरगामी विकासको दृष्टीमात्रै साध्य हो। त्यसैले विकासलाई मात्रै हामीले भौतिक निर्माणको अंगका रुपमा स्थापित नगरौं। त्यसलाई नागरिकको जीवनशैलीसँग घुलमिल हुने एक अंशकारुपमा स्थापित गरौं। यसको अर्थ के हो भने विकास र राजनीति समाजका दुई भिन्न तर महत्वपूर्ण र एकअर्काका परिपूरक हुन्। जसबाट आम नागरिकको जीवनस्तर, उनीहरूको जीवनशैली र समग्र राष्ट्रकै भविष्य निर्धारण हुन्छ। अर्थात् विकासका भनेको उनै राजनीतिज्ञहरूले गर्ने नीति र निर्माणको खाका हो। जहाँ नागरिकको जीवनचित्र झल्किनुपर्छ। त्यसबाटै समग्र राष्ट्रको भविष्य पनि निर्धाण हुन्छ। तसर्थ हामीले कोर्ने विकासको खाकाभित्र एउटा आमनागरिकको विम्ब हुनैपर्छ जसले हाम्रो देश अनि नागरिक र भविष्यको सारा भाव बोकिरहेको हुन्छ।

★ ★ ★

# सार्वजनिक ऋणको आवश्यकता र यसका चुनौती

सरकारमा आएका दलहरूले राजनीतिक स्वार्थमा विस्तारै बजेटको आकार बढाउँदै जाँदा त्यसअनुरूप राजस्व आम्दानी वृद्धि हुन सकेन । फलस्वरूप सार्वजनिक ऋणको सहारा लिएर सरकार खर्च धान्न बाध्य भएको छ । विगतमा वैदेशिक अनुदान राम्रो आउने गरेकामा पछिल्ला वर्षहरूमा अनुदानको हिस्सा निकै कम हुने गरेको छ । यस्तो अवस्थामा खर्च चलाउन ऋणको सहारा लिनुपर्ने अवस्था सिर्जना भएको हो ।




**बालकृष्ण ज्ञवाली**
प्रधान सम्पादक
कारोबार राष्ट्रिय आर्थिक दैनिक


नेपालको सार्वजनिक ऋणको आकारमा बढोत्तरी आएसँगै यसका बारेमा चर्को रुपमा बहस र छलफल भइरहेको छ। चालु आर्थिक वर्षको आधा समय सकिँदा अर्थात् पुससम्म नेपालको कुल सार्वजनिक ऋण २८ खर्ब रुपैंयाँमाथि पुगिसकेको छ। यो कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ प्रतिशत हाराहारी हो।

२८ खर्ब माथिको सार्वजनिक ऋण बोकेको देश चाँडै टाट पल्टिदैछ। असफल हुँदैछ। राजनैतिक दलहरूले सार्वजनिक ऋण उठाएर व्यक्तिगत र दलगत स्वार्थमा खर्च गरे। यति धेरै सार्वजनिक ऋण कसरी तिर्ने ? गरिब नेपालीका टाउकोमा यति पुग्यो ऋण ? ऋण तिर्न नसके विदेशीले देशै लिने छन्। चिया गफमा होस वा सार्वजनिक रुपमा हुने बहस वा छलफलमा होस सार्वजनिक ऋणलाई लिएर यस्तै विभिन्न प्रकारका धारणा राखिन्छन्। देशको काँधको ऋण थुप्रिदा देश प्रेमी नागरिकले चिन्तन र चासो गर्नुलाई नराम्रो मान्न मिल्दैन। तर, चिन्ता वा चासो वस्तुपरक हुनुपर्छ। आफ्नो राजनैतिक वा व्यक्तिगत फाइदाका लागि राखिने गलत दृष्टिकोण कुनै पनि कोणबाट देशहितमा देखिदैन। पछिल्ला वर्षहरूमा सार्वजनिक ऋणको आकारको विषयलाई लिएर भइरहेका टिप्पणीमध्ये ९९ प्रतिशत अर्थहीन छन्। केही अर्थशास्त्री र बुद्धिजिवीहरूले समेत वास्तविकता लुकाएर बोल्ने गरेका छन्। वास्तविकता लुक्दा आम सर्वसाधारणमा झनै नकारात्मक भाव पैदा भएको छ। जुन मुलुकका लागि राम्रो होइन। सार्वजनिक ऋणको वृद्धि, यसको प्रयोग र आगामी दिनमा यसले पार्ने सकारात्मक वा नकारात्मक प्रभावका बारेमा वास्तविक धरातलमा टेकेर एकाध प्रतिशत मात्र बोलिने गरेको छ।

## ■ अहिलेको अवस्था के छ ?

गत आर्थिक वर्ष सकिदासम्म मुलुकको कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब रुपैयाँ पुगेको छ। यो कुल गार्हस्थ उत्पादन (जिडिपी) को ४३.७९ प्रतिशत हो। कुल ऋणमध्ये आन्तरिक ऋणको हिस्सा १२ खर्ब ६३ अर्ब रुपैयाँ र बाह्य ऋणको हिस्सा १४ खर्ब ५ अर्ब पुगेको छ। यस्तै प्रमिशरी नोट (अन्तर्राष्ट्रिय मुद्राकोष मूल्य समायोजन) ५ अर्ब १५ करोड छ। अघिल्लो वर्षको तुलनामा ऋणको वार्षिक वृद्धिदर ९.६६ प्रतिशत छ।

कुल वैदेशिक ऋणमा बहुपक्षिय १२ खर्ब ६६ अर्ब र द्धिपक्षीय ऋण १ खर्ब ३९ अर्ब रहेको छ। नेपालले विभिन्न १७ वटा निकायसँग १० विभिन्न मुद्रामा वैदेशिक ऋण लिएको छ। गत आवमा एक खर्ब २९ अर्ब ९५ करोड बराबरको वैदेशिक ऋण प्राप्ती भएको थियो। यस्तै यही आवमा साँवा भुक्तानी ४७ अर्ब २८ करोड भएकाले खुद

वैदेशिक ऋण परिचालन ८२ अर्ब ६७ करोड हुन पुगेको छ।चालु आर्थिक वर्षको पुससम्ममा भने सार्वजनिक ऋण २८ खर्ब माथि पुगेको छ।

**▪ किन उठाइन्छ ऋण ?**

जुन मुलुकको आन्तरिक स्रोत, अनुदान र अन्य आयले चालु र पुँजीगत खर्च व्यहोर्न पुग्दैन, यस्ता मुलुकले सार्वजनिक ऋण उठाएर खर्च चलाउने गर्छन्। नेपालको सन्दर्भमा पनि यही हो। सरकारले बनाएको न्यून बजेटको स्रोत पूरा गर्न, दैवि प्रकोप महामारी जस्ता आकस्मिक खर्चका लागि स्रोतको व्यवस्था गर्न, आर्थिक मन्दी र मुद्रास्फीतिको समस्या समाधान गर्न, प्रतिकूल व्यापार सन्तुलनको समस्या समाधान गर्न सार्वजनिक ऋण उठाउनु पर्ने हुन्छ। केही मुलुकहरूले अर्को मुलुकसँग युद्ध गर्न स्रोत नपुगेको अवस्थामा ऋण लिने गर्छन्। नेपालमा आर्थिक वर्ष २०१७-१८ देखि सरकारले आन्तरिक ऋण उठाउन सुरु गरेको हो। राष्ट्र ऋण ऐन, २०१७ ले आन्तरिक ऋण उठाउने सम्बन्धमा व्यवस्था गरेको देखिन्छ।

२०४६ सालको राजनैतिक परिवर्तन अघिको अवस्थालाई छोडेर त्यसयताको समयलाई हेर्ने हो भने सुरुका वर्षहरूमा राजस्व आम्दानीले सरकारको चालु खर्च धानेर पुँजीगत खर्चमा पनि केही प्रयोग भएको देखिन्छ। तर, सरकारमा आएका दलहरूले राजनैतिक स्वार्थमा विस्तारै बजेटको आकार बढाउँदै जाँदा त्यसअनुरुप राजस्व आम्दानी वृद्धि हुन सकेन। फलस्वरुप सार्वजनिक ऋणको सहारा लिएर सरकार खर्च धान्न बाध्य भएको छ। यसबाहेक विगतमा वैदेशिक अनुदान पनि राम्रो आउने गरेको थियो। पछिल्ला वर्षहरूमा अनुदानको हिस्सा निकै कम हुने गरेको छ। बजेटमा राखिएको लक्ष्यको आधा अनुदान नआएको दशकौं भएको छ। यस्तो अवस्थामा खर्च चलाउन ऋणको साहारा लिन बाध्य भएको हो।

अर्कोतिर अन्य वर्षहरूका तुलनामा भूकम्प र कोभिडसँग जुध्न सरकारले धेरै ऋण लिनु परेको छ। २०७२ सालको भूकम्पपछि नेपालले भुकम्प पिडितलाई सहयोग गर्न र पुर्ननिर्माणमा खर्च गर्नुपर्दा धेरै ऋण लिनु परेको छ। यस्तै २०७७ मा आएको कोभिड १९ माहामारीको संक्रमणसँग जुध्नका लागि पनि सरकारले धेरै ऋण लिनु परेको देखिन्छ।

**▪ कति छ ऋण उठाउने लक्ष्य ?**

मुलुकमा २०८१ साउन देखि १६ औं योजना कार्यान्वयनमा आएको छ। सञ्चालनमा आएको १६ औं पञ्चवर्षिय योजनाले पाँच वर्षमा मुलुकमा गर्ने लगानी र त्यसका लागि आवश्यक स्रोतको स्पष्ट खाका कोरेको छ। १७ औं योजनाले अर्को खाका नबनाउँदा सम्मलाई हेर्दा आगामी पाँच वर्षमा सरकारले १२० खर्ब ६३ अर्ब रुपैयाँ खर्च गर्ने अनुमान गरिएको छ। यो खर्चमध्ये ४५ खर्ब ७१ अर्ब चालु बजेट हुनेछ। यस्तै २७ खर्ब ७१ अर्ब पुँजीगत बजेटमा विनियोजन गरिने छ भने २२ खर्ब ५७ अर्ब वित्तीय व्यवस्थामा छुट्टाइनेछ। यस्तै २४ खर्ब ६२ अर्ब वित्त हस्तान्तरण गरिने छ।

यो खर्चलाई व्यहोर्ने प्रमुख स्रोतका रुपमा संघीय राजस्व ८४ खर्ब ६५ अर्ब उठने अनुमान गरिएको छ। यस्तै राजस्व बाँडफाँटबाट समेत गरेर कुल ९५ खर्ब ३० अर्ब ६० करोड परिचालन हुनेछ। योजना अवधिमा १७ खर्ब ५२ अर्ब वैदेशिक सहायता प्राप्त हुने अनुमान गरिएको छ। यसमध्ये अनुदान ३ खर्ब ७२ अर्ब प्राप्त हुनेछ। यस्तै बाह्य ऋण १३ खर्ब ८० अर्ब २२ करोड रुपैयाँ लिइने छ। यस्तै राजस्व तथा वैदेशिक सहायता खर्च गर्दा पनि न्यून हुने १८ खर्ब ४२ अर्ब रुपैयाँ आन्तरिक ऋण लिने लक्ष्य राखिएको छ। ऋण लिने मात्र होइन, आव २०८५/८६ सम्ममा जीडीपीको अनुपातमा तिर्न बाँकी सार्वजनिक ऋणलाई ३९ प्रतिशतमा झार्ने लक्ष्य पनि राखिएको छ।

**▪ किन बढ्दै छ ऋण ?**

मुख्यगरी बजेटको आकार, राजस्व वृद्धिदर र सार्वजनिक ऋण एकापसमा जोडिएका विषय हुन्। ऋणको आकार बढने वा घटने विषय बजेट र राजस्वको वृद्धिसँग आवद्ध हुन्छ। सरकारले बजेटको आकार बढाउने तर त्यसअनुसार राजस्व वृद्धि हुन नसक्ने अवस्था आएमा स्रोतको जोहो वैकल्पिक रुपबाट गर्नुपर्छ। बजेटको स्रोतका लागि राजस्व बाहेक अनुदान लगायत अन्य वैकल्पिक स्रोत हुन सक्छन्। तर मुख्यगरी सार्वजनिक ऋण उठाएर नै सरकारले बजेट घाटा पूर्ति गर्छ। घाटा बजेट बढदै जानु भनेको सार्वजनिक ऋणको भार थपिदै जानु हो।

पछिल्लो १० वर्षमा बढ्दै आएको बजेटको आकार, राजस्वको वृद्धि र सार्वजनिक ऋणको आकारलाई हेर्दा ऋण धेरै लिनुमा जथाभावी रुपमा बजेट बढाउनु प्रमुख कारण देखिएको छ। यो बीचमा जुन प्रतिशतले बजेट बढाइएको छ त्यस अनुसार राजस्व बढन सकेको छैन। राजस्व बढाउन नसक्ने देखिए पछि सबै सरकारले घाटा बजेट प्रस्तुत गरेका छन् र त्यसलाई पूर्ति गर्न सार्वजनिक ऋण उठाएका छन्।

आर्थिक वर्ष २०७३-७४ मा सरकारले १० खर्ब ४८ अर्ब रुपैयाँको बजेट ल्याएको थियो। त्यही वर्ष ७ खर्ब ३१ अर्ब रुपैयाँ राजस्व उठेको थियो। यस्तै सोही वर्ष सार्वजिनक ऋण ६ खर्ब ९७ अर्ब रुपैयाँ थियो। यसको ९ वर्ष पछि गत आवसम्ममा आउँदा बजेटको आकार १८ खर्ब ६० अर्ब पुगेको छ भने राजस्व असुली ११ खर्ब २८ अर्ब रुपैयाँ भएको छ। यस्तै सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब पुगेको छ। गएको ९ वर्षमा बजेटको आकार ७७.३० प्रतिशतले बढ्दा राजस्व असुली जम्मा ५४.३० प्रतिशतले मात्र बढेको छ। यही कारण सार्वजनिक ऋण २८३.६४ प्रतिशतले

वृद्धि हुन पुगेको हो। बजेटको आकार जसरी बढाइएको छ, त्यसका तुलनामा राजस्व बढन नसक्दा सरकारको ऋणको आकार चुलिएको हो। पछिल्लो ९ वर्षको तथ्यांकले यही भन्छ।

गत ९ वर्षमा बजेटको आकार औषतमा साढे ८ प्रतिशतले बढेको छ। यसबीचमा सबैभन्दा धेरै आर्थिक वर्ष २०७४-०७५ मा २२ प्रतिशतले बजेटको आकार बढाइएको छ। दुई आर्थिक वर्षमा ४ र साढे २ प्रतिशत हाराहारीले बजेटको आकार घटाइएको पनि छ।

राजस्वको सवालमा भने सबैभन्दा धेरै बढेको एक वर्ष १६ र अर्को वर्ष १४ प्रतिशत हाराहारीले मात्र हो। बजेटको आकार जस्तै राजस्वको वृद्धिदर पनि दुई आर्थिक वर्ष घटेको छ। एक वर्ष ९ प्रतिशत र अर्को एक वर्ष एक अर्ब रुपैयाँले राजस्व घटेको छ। राजस्व असुलीको अवस्थामा सुधार नआएका कारण सार्वजनिक ऋण उच्चदरमा बढन पुगेको छ। गत ९ वर्षमध्ये दुई वर्ष ३६ र ३१ प्रतिशतका दरले ऋणको आकार बढेको छ। सबैभन्दा न्यून बढेको भनेको पनि करिव ६ प्रतिशत छ। अधिकांस वर्ष १० प्रतिशत भन्दा धेरैले सार्वजनिक ऋण बढेको छ।

**■ कुन ऋण राम्रो ?**

हाम्रो कुल सार्वजनिक ऋणमध्ये आन्तरिक र बाहय ऋणको हिस्सा झण्डै बराबरमा पुगेको छ। सामान्य रुपमा हेर्दा विदेशीसँग लिनु भन्दा स्वदेशी ऋण लिनु राम्रो हुने देखिन्छ। तर वास्तविकता भने उल्टो छ। वैदेशिक ऋणको तुलनामा आन्तरिक ऋणको जोखिम धेरै छन्। सबैभन्दा पहिलो आन्तरिक ऋणको ब्याजदर नै निकै उच्च छ। गत वर्ष आन्तरिक ऋणको औषत ब्याजदर ३.८३ प्रतिशत रहेको छ। अर्को आन्तरिक ऋण उठाँउदा बजारमा तरलता अभाव हुन्छ। यसबाट निजी क्षेत्रमा जाने कर्जा घटन सक्छ। निजी क्षेत्रमा जाने कर्जाको ब्याजदर पनि माथि जान सक्छ। यस्तो हुँदा आन्तरिक उत्पादनको लागत बढछ।

सार्वजनिक ऋणको आकार निकै उच्च दरले बढेको कारण यसको साँवाब्याज भुक्तानीको दायित्व पनि थपिएको छ। ऋणको ब्याज तिर्न अर्को ऋण लिनुपर्ने अवस्था सिर्जना भएको छ। राजस्व आम्दानीको अधिकांश हिस्सा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा लगाउनुपर्ने बाध्यता छ। यसले मुलुकले लिएको दिगो विकासको लक्ष्य प्राप्तिमा चुनौती थपेको छ।

नेपालले हालसम्म लिएको बाह्य ऋण सहुलियतपूर्ण हो। यसको ब्याजदर दुई प्रतिशत भन्दा तल छ। यस्तै ऋण परिपक्व हुने औसत समय लामो भएको हुँदा बाह्य ऋणको आर्थिक लागत न्यून छ। हाल नेपालले लिएको विदेशी ऋण परिपक्व हुने औसत समय १२.६ वर्ष रहेको छ।

ब्याजदर सस्तो भए पनि र परिपक्क हुने प्रयाप्त समय भए पनि बाह्य ऋणको प्रमुख जोखिम विनिमय दर हो। अमेरिकी डलरसँग नेपाली रुपैयाँ निरन्तर अवमूल्यन हुँदा ऋणको साँवा र ब्याज दुवै थपिँदै आएको अवस्था छ। आन्तरिक ऋणमा यो समस्या छैन। तर पनि सरकारले सकेसम्म सहुलियतपूर्ण बाह्य ऋण लिन बल गर्नु राम्रो हुन्छ।

**■ के छन् चुनौती ?**

हाम्रो जस्तो पूर्वाधार कमजोर भएको मुलुकमा आन्तरिक आयले पूर्वाधार निर्माण गर्न स्रोत नपुग्दा सार्वजनिक ऋण लिनु बाध्यता हो। ऋण लिनु आफैमा चुनौती हो। चुनौति यस अर्थमा की यसको सदुपयोग हुन्छ वा हुँदैन। ऋण लिएर अनावश्यक क्षेत्रमा खर्च गरियो र त्यसबाट कुनै किसिमको आर्थिक फाइदा भएन भने यो ठुलो चुनौती हो। तर राज्यका लागि अतिआवश्यक ठाउँमा खर्च गर्ने र त्यसबाट प्रतिफल पनि प्राप्त हुन्छ भने ऋण लिनु चुनौती होइन, अवसर हो।

अर्कोतिर ठुलो स्तरमा सार्वजनिक ऋण लिए वित्तीय असन्तुलनको खतरा बढन सक्छ। ऋणको साँवा ब्याज भुक्तानीमा ठुलो रकम विनियोजन गर्नुपर्दा सरकारलाई पुँजीगत खर्चमा चाप पर्छ। सरकारले पुँजीगत खर्च घटाए पछि आन्तरिक उत्पादनमा कमी आउने, पूर्वाधारका क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न नसक्ने अवस्था आउँछ। अर्कोतिर गरिबी घटाउने, आय र रोजगारी बढाउने कार्यक्रममा पनि सरकारले बजेट दिन सक्दैन।

**■ अब के गर्ने ?**

सार्वजनिक ऋणको आकार अहिलेसम्म जिडिपीको तुलनामा धेरै नभएकाले आत्तिइ हाल्नु पर्ने अवस्था छैन। संसारका सबैभन्दा ठुला र शक्तिशाली मुलुकहरूको सार्वजनिक ऋण जिडिपी भन्दा धेरै पुगेको छ। अमेरिका, चीन, जापानजस्ता ठुला अर्थतन्त्र भएका मुलुकले आफ्नो जिडिपीभन्दा धेरै सार्वजनिक ऋण लिएका छन्। यस अर्थमा हामीलाई अझै ऋण लिने ठाउँ छ। तर लिएको ऋणको सही सदुपयोग अनिवार्य छ। ऋण लिएर आन्तरिक उत्पादन र रोजगारी बढाउने, आर्थिक प्रतिफल दिने पूर्वाधारहरूमा लगानी गर्न सकिन्छ। यस्तो भए मात्र मुलुकको अर्थतन्त्र गतिशिल हुन्छ र त्यसबाट मुलुक आर्थिक रुपमा अगाडि बढन सक्छ।

यसो भन्दैमा ऋण लिएर मात्र सबै गर्ने भन्ने होइन। सकेसम्म आन्तरिक स्रोत बढाएर ऋण कम गर्न सकिन्छ। राजस्व बढाएर ऋण कम गर्न सके मुलुकका लागि फलदायी हुनेछ। चालु खर्च कम गरेर पनि आन्तरिक स्रोतलाई

अन्य क्षेत्रमा प्रयोग गर्न सकिन्छ। हाम्रो आम्दानीको ठुलो हिस्सा चालु खर्चमै गएको छ। यसलाई कम गर्ने रणनीति बनाउनु पर्छ। अर्कोतिर सरकारले लिएको ऋणको ठूलो हिस्सा सार्वजनिक संस्थानहरूमा लगानी भइरहेको छ। यस्ता संस्थानले सरकारलाई साँवा ब्याज फिर्ता दिन सकेका छैनन्। यसतर्फ विचार पुऱ्याउनु आवश्यक छ।

बजेटरी सहायता बापत प्राप्त हुने वैदेशिक ऋणलाई उपभोग खर्चमा नभइ पुँजी निर्माण र रुपान्तकारी पूर्वाधार आयोजनामा परिचालन गर्ने वातावरण मिलाउनुपर्छ। वैदेशिक ऋणमा बन्ने आयोजनाहरू समयमा सम्पन्न नहुने सबैभन्दा ठुलो रोग बनेको छ। आयोजनाहरू तोकिएको समय र लागतमा सम्पन्न गराउने वातावरण बनाउनु पर्छ। समय लम्बिदै जाँदा लागत पनि बढ्दै जाने गरेको छ। यसका लागि सरकारले अनुगमन प्रणालीलाई नतिजामुलक बनाएर समय र लागत वृद्धिको अहिलेको समस्या समाधान गर्न सक्छ।

वैदेशिक ऋण लिंदा विदेशी विनिमयदरमा आउने उतार चढावको अर्को ठुलो समस्या झेल्नु पर्दै आएको छ। नेपाली मुद्रा कमजोर हुँदा ऋणको साँवा र ब्याजका लागि वर्षेनी अर्बौ रुपैयाँ दायित्व थपिने गरेको छ। यस्तो असर न्यूनिकरण गर्न आयोजना तर्जुमाकै चरणमा वैज्ञानिक विश्लेषण गरी हेजिङ लगायतका जोखिम व्यवस्थापनका उपाय अवलम्बन गर्न सकिन्छ।

दातृ निकाय र संस्थाहरूले अनुदान र सहुलियतपूर्ण ऋणको अंश घटाउँदै जाँदा पनि सार्वजनिक ऋणमा अर्को समस्या निम्ताएको छ। यो समस्या समाधानका लागि ब्लेन्डेड फाइनान्स र हरित बन्डजस्ता वैकल्पिक विकास वित्तका उपकरणहरू प्रयोगमा ल्याउन सकिन्छ।

सरकारले ल्याएको मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिले सहुलियतपूर्ण वित्तीय स्रोतको परिचालनलाई प्राथमिकता दिई नपुग भएको वित्तीय अन्तरलाई आन्तरिक ऋणबाट पूर्ति गर्ने नीति लिएको छ। यसको अर्थ सकेसम्म आन्तरिक ऋण भन्दा सहुलियत ब्याजदरमा वैदेशिक ऋण लिने भनेको हो। तर, पछिल्ला वर्षहरूमा कुल सार्वजनिक ऋणको करिव आधा आन्तरिक ऋणको आकार पुगेको छ। गत वर्ष यसको आन्तरिक ऋणको वार्षिक वृद्धिदर ७.३९ प्रतिशत छ भने बाह्य ऋणको ३.४२ प्रतिशत छ। आन्तरिक ऋणलाई न्यूनिकरण गरी सहुलियतपूर्ण विदेशी ऋणमा जोड दिनुपर्छ।

★ ★ ★

**पछिल्ला ९ वर्षको राजस्व असुली (अर्बमा)**

| आर्थिक वर्ष | राजस्व |
|---|---|
| २०८१-८२ | ११२८ |
| २०८०-८१ | १०८२ |
| २०७९-८० | १०१० |
| २०७८-७९ | १११३ |
| २०७७-७८ | ९७६ |
| २०७६-७७ | ८४१ |
| २०७५-७६ | ७६५ |
| २०७४-७५ | ७६६ |
| २०७३-७४ | ७३१ |

*स्रोत अर्थ मन्त्रालय*

**पछिल्लो ९ वर्षको सार्वजनिक ऋण (अर्बमा)**

| आर्थिक वर्ष | ऋण |
|---|---|
| २०८१-८२ | २६७४ |
| २०८०-८१ | २४३८ |
| २०७९-८० | २३०१ |
| २०७८-७९ | २०१३ |
| २०७७-७८ | १७३७ |
| २०७६-७७ | १४३३ |
| २०७५-७६ | १०४८ |
| २०७४-७५ | ९१७ |
| २०७३-७४ | ६९७ |

*स्रोत सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**पछिल्ला ९ वर्षको बजेट आकार (अर्बमा)**

| आर्थिक वर्ष | बजेट |
|---|---|
| २०८१-८२ | १८६० |
| २०८०-८१ | १७५१ |
| २०७९-८० | १७९३ |
| २०७८-७९ | १६४७ |
| २०७७-७८ | १४७४ |
| २०७६-७७ | १५३२ |
| २०७५-७६ | १३१५ |
| २०७४-७५ | १२७८ |
| २०७३-७४ | १०४८ |

*स्रोत अर्थ मन्त्रालय*

# सुन, डलर र अर्थतन्त्र

महँगो सुनले अर्थतन्त्रमा मानिसको रोजगारी खोसिरहेको छ । यसमा गरिएको लगानीले नत आर्थिक वृद्धिमै योगदान पुग्छ । बरु यसले धनीलाई झन धनी र गरिबलाई झनै गरिब बनाउने जोखिम बढाउँदै छ । महँगो धातुको गहनामोहले कतिपय समाजमा विकृति बढाइरहेको छ ।



**जुनारबाबु बस्नेत**
**प्रधान सम्पादक, गोरखापत्र दैनिक**

### १. विषय प्रवेश

विश्वमै सुनको चर्चा चुलिएको छ। संसारभरका केन्द्रीय बैकले सुनका सञ्चय गर्न थाले । यसबाट सुनको भाउले उचाइ लिएसँगै चर्चा चुलिएको हो। हुन पनि सन् २०२६ सुरु भएपछि सुनको भाउले आकास छोयो । प्रति औंस सुनको मूल्य साढे पाँचहजार अमेरिकी डलरभन्दा माथि पुग्यो (माघ १५,२०८२) । नेपाली बजारमा पनि प्रतितोला तीन लाख ३९ हजार रुपैयाँसम्म पुग्यो । उचाइमा पुगेको सुनको मूल्य फेरि एकाएक घट्न थाल्यो । उचाइमा पुगेर सुनको मूल्य तरल भयो। नेपाली बजारमा पनि झण्डै साढे तीन लाख रुपैयाँ प्रतितोला पुगेको मूल्य एकदुई दिनमै प्रति तोला तीन लाखभन्दा तल आयो। सुनमा लगानी गरेका व्यवसायी तथा लगानीकर्ता पुर्पुरोको हात राख्न बाध्य भए ।

नेपाली बजारसमेत विश्व बजारको सुनको उतारचढावबाट प्रभावित देखियो । सुनका गरगहनाको बजार ठप्प जस्तै भयो । सुन भएका मानिस बजारमा महँगो मोल पाउने भएर खुसी हुँदै आफूसँग भएको सुन तथा गहना बेच्न पसल पुगे । साहुजीले किन्न मानेनन्, बिक्री भएन। महँगी र अनिश्चियका कारण पनि किन्न मानेनन्। महँगो भएपनि चाहेको बेला बेच्न नसक्दा मन अमिलो हुन नै भयो। कारोबार नै ठप्प जस्तै भयो। भाउ उच्च भएपछि बेच्न चाहने बजारको स्वभाव नै हो । विश्व सुन परिषद्का अनुसार महँगो मूल्यमा सुन बेच्न चाहनाका कारण भाउमा पहिरो गयो। भाउ एकैचोटि घट्न थाल्यो। भाउ घटाउने खालका अर्थतन्त्रमा अरु प्रभाव पनि देखिन थाले । तर अनिश्चय भने कायमै छ।

अमेरिकी अर्थतन्त्रमा ब्याजदर घट्ने सम्भावना तथा जोखिमका कारण पनि सुनको भाउमा चाप पर्न थाल्यो। अमेरिकी केन्द्रीय बैंकमा नयाँ नेतृत्वको प्रस्तावले बजार प्रभाव परेको ठानिएको छ। सुन र डलर पौंठाजोरी खेल्न थालेको देखिन्छ। विश्व अर्थतन्त्रमा बहुआयामिक प्रभाव झनै सघन भए। खास गरी कोभिड १९ ले विश्वव्यापी अर्थतन्त्रमा पारेको दुस्प्रभावका कारण पनि सुन र डलरप्रति आकर्षण बढ्न गयो। अर्थतन्त्रको वास्तविक क्षेत्रमा लगानी घट्न गएपछि सम्पत्तिको सञ्चय गर्न सुन वा डलरको साथ लाग्ने प्रवृत्ति स्वभाविक नै हो । तर यो प्रवृत्तिले रोजगारी, आय, उत्पादन आदिमा प्रतिकूल असर परिरहेकै छ। यो आलेखमा पहेँलो र महँगो धातु सुनको भाउको उतारचढावको प्रभावसँगै डलरसँगसम्बन्ध अनि विश्व अर्थतन्त्रका आयामिक प्रभावलाई विमर्श गर्ने प्रयास गरिएको छ। विश्व अर्थतन्त्रको यो मूल्यचक्रले नेपाली अर्थतन्त्रमा पर्न सक्ने असरको समेत समीक्षा गरिने छ।

### २. अकासिँदो सुनको संसार

सुन महँगो धातुमा पर्छ। विगत ६ हजार वर्षदेखि सुन र चाँदीले कुनै न कुनै रूपमा मुद्राको काम गर्दै आएको छ। यो आलेख सुन, डलर र अर्थतन्त्रका आयाममा केन्द्रित भएको हुँदा चाँदीको चर्चा गरिएको

छैन। सुनमै केन्द्रित हुने प्रयास किन पनि गरिएको छ भने महँगो सुनले अर्थतन्त्रमा मानिसको रोजगारी खोसिरहेको छ। धनीलाई झन धनी र गरिबलाई झनै गरिब बनाउने जोखिम बढाउँदै छ। महँगो धातुको गहनामोहले कतिपय समाजमा विकृति बढाइरहेको छ।

सुनको व्यावसायिक उत्पादनमा लाग्ने लागत मुनाफाप्रेरित हुन्छ। बहुराष्ट्रिय कम्पनी झनै धनी हुन्छन्। सुनको सञ्चयले उत्पादनमूलक अर्थतन्त्रको घाँटी निमोठिन्छ। धन सञ्चय गरिने खालको सीमितलाई फाइदा हुन्छ। सुन मौद्रिक मूल्यसँग आवद्ध हुँदा इतिहासमा यसको मूल्य बढेकै पाइन्छ। यदाकदा बाहेक सुनको मूल्य उकालै लाग्छ। ओरोलो लागेपनि त्यो लगातार धेरै वर्ष ओरालोमा देखिएको छैन। केही वर्षमै फेरि बढ्छ, बढेको नै देखिएको छ। विश्व सुन परिषद्का अनुसार सुनको तौल मापनमा पनि साधारण तराजुको प्रयोग हुँदैन। सुनको तौल नापमा अन्य वस्तुमा प्रयोग हुने औंसको भन्दा झन्डै दश प्रतिशत तौल बढी हुन्छ। यसलाई ट्रोइ औंस पनि भन्ने गरिन्छ। विश्व बजारमा प्रति औँस डलरका हिसाबले मोलमोलाइ हुँदै आएको छ। एक आउन्स सुनमा ३१.१०३५ ग्राम अर्थात् २.६६६७ तोला हुन्छ।

विश्व स्वर्ण परिषद् सुन उद्योगको लागि अन्तर्राष्ट्रिय व्यापार संघ हो। यसको बेलायतको लन्डनमा मुख्यालय छ। यसका थप कार्यालय भारत, चीन, सिंगापुर, संयुक्त अरब इमिरेट्स, र संयुक्त राज्य अमेरिकामा छन्। संगठनका सदस्यहरूमा सुन खानी सञ्चालन तथा कम्पनीहरू रहने गर्छन्। सुनप्रति मानिसको बढी आकर्षण हुनुको एउटा कारण यो धातु त्यति सुलभ नहुने भएकाले पनि हो। अहिलेसम्म खानीबाट केवल २,१६,२६५ टन सुन मात्र निकालिएको विश्व स्वर्ण परिषद्को आकलन छ। त्यति सुनले तीनदेखि चारवटा ओलिम्पिक स्विमिङ पुलमा भर्न पुग्छ। सुनको सुनौलो स्वरुपजस्तो अर्थतन्त्रमा सकारात्मक प्रभाव मात्र छैन, लगानी असर फराकिलो छ। सुन थुप्रिए पनि यसले थप रोजगारी सिर्जना गर्न सक्दैन।

सात वर्ष अघि सन् २०१९ कोरोना अर्थात् कोभिड १९ ले विश्व अर्थतन्त्रलाई व्यापक प्रतिकूल प्रभाव पार्‍यो। लगानी खुम्चियो। पर्यटन अर्थतन्त्र धराशयी भयो। श्रीलंकाजस्ता टाट उल्टिन बाध्य भए। आपूर्ति शृंखलामा त्यसअघि कहिल्यै नआएको अवरोध आयो। त्यसको असरबाट विश्व अर्थतन्त्र मुक्त हुन खोज्दै थियो तर निरन्तरता पाएन। अर्थतन्त्र पुनरोत्थान हुने क्रमम युक्रेनमाथि रुसी आक्रमणमा भयो। युद्ध चर्कियो। विश्व तेल बजार प्रभावित भयो। आपूर्ति व्यवस्था खल्बलियो। लगानी र रोजगारीको अनेक क्षेत्र खुम्चिए। मुद्रास्फीति बढ्ने डरले विश्वभरकै केन्द्रीय बैंकले ब्याजदर बढाउन थाले तर ब्याजदर दिगो नहुने जोखिम थियो। महँगो ब्याजदरमा कर्जा लगानीमा प्रतिकूल प्रभाव पर्छ नै। कर्जामा उच्च ब्याजदर पनि पर्न थाल्यो। त्यसले विश्वभरका लगानीकर्ता सुनतिर आकर्षित भए। गाजा युद्ध अनि अमेरिकाले इरानविरुद्धको कारवाहीले अझै सुनतिर धन सञ्चलय गर्नैपर्ने बाध्यता थपिँदै गयो। सुनको भाउ बढ्दै गयो। अर्थतन्त्रको वास्तविक क्षेत्रमा लगानी खुम्चँदै गयो।

सन् २०२४ मा डोनाल्ड ट्रम्प संयुक्त राज्य अमेरिकाको पुनः राष्ट्रपति निर्वाचित भएपछि विश्व अर्थतन्त्र अनिश्चयको भूमरीतिर सघन हुँदै गयो। चीनसँग कर तथा भन्सार विवाद चरम चुलीमा पुग्यो। विश्वका अनेक देशसित अमेरिकी करका दर दिनरात परिवर्तन हुन थाले। भेनेजुएलामाथि अमेरिकी कारबाहीले तेल बजारमा अमेरिकी दबदबा बढ्न गयो। ग्रिनल्याण्डमा अमेरिकी दाबी प्रयासले युरोपसँग अमेरिकी परम्परागत सम्बन्धमा धाँजा फाट्यो। यस्ता अनेक कारणले अर्थतन्त्रका वास्तविक क्षेत्रमा विश्वव्यापी लगानी समस्या आयो। डलरमा पनि बढी विश्वास भएन बरु सुनमै सम्पत्ति थुपार्ने होड चल्यो। लगानी सुनतिर मोडियो। सामान्य लगानीकर्तामात्र होइन, विश्वका धेरै देशका केन्द्रीय बैंकले सम्पत्ति सुरक्षणका निम्ति सुनको सञ्चय बढाए। त्यसैले एक दशकअघि प्रतिऔंस एक हजार डलर हाराहारी भएको सुनको मूल्य सन् २०२६ को पहिलो महिना सकिन थाल्दा पाँचहजार ६ सय अमेरिकी डलरसम्म पुग्यो। यति अप्रत्यासित तवरले सुनको मूल्य विगतमा कहिल्यै बढेको थिएन। यसरी सुनको भाउ बढ्नु अर्थतन्त्रका निम्ति धेरै सुखद् पक्ष भने होइन।

### ३. डलरको डर र सुनको भर

अमेरिकी डलरलाई विश्वका सबैभन्दा भरपर्दो मुद्रा मान्ने गरिन्छ। दोस्रो विश्वयुद्धपछि अन्तर्राष्ट्रिय संरचना बिट्रेनउड सम्झौतामा आधारित छ। विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्र स्थायित्वका निम्ति काम गरिरहेका छन्। त्यसयता अमेरिकी डलर नै बलियो हुँदै गएको छ। विश्व कारोबारमा डलरलाई विस्थापन गर्ने प्रयास गरिए पनि ती प्रयास हालसम्म सार्थक छैनन् । तथापि पछिल्लो समय भने डलरप्रति उच्च भरोसा विगतजस्तो छैन। चीनले वैकल्पिक प्रणालीतर्फ हात हालेको छ। धेरै मुलुक डलरप्रति उच्च र सदाबहार भरोसामा छैनन्। तथापि डलरको भाउ विश्वका अनेक मुद्रासँग बढ्दोक्रममा छ। नेपाली रुपैया भारतीय मुद्रासित विनिमय आवद्ध रहेकोले भारु अमेरिकी मुद्रासँग कमजोर हुँदा डलर महँगो हुँदै गएको छ। भारत अमेरिका कर विवाद सुल्झिएर १८ प्रतिशतमा

सीमित हुँदा त्यसका तत्कालीन प्रभाव देखिन थालेको छ। प्रतिडलर १४७ रुपैयाँ पुगिसकेको भाउ केही दिनमा १४५ रुपैयाँभन्दा तल आयो। यो तत्कालीनमात्र हो वा दीर्घकालीन हेर्न भने बाँकी नै छ। यसले नेपाल तथा भारतको सुन बजारमा असर पार्नेछ।

नेपाल र भारतको सामान्य विनिमय प्रवृत्ति मात्र हो। विश्वव्यापी रुपमा डलरप्रति डर बढ्दो छ। डलरभन्दा सुनतिर नै बढी आकर्षण हुँदै छ। सम्पत्ति सञ्चयको आधार सुन हुँदै छ। विश्व सेयर बजार बलियो हुन सकेको छैन। पछिल्लो समय सम्पत्ति क्षय नहोस् भनेर व्यक्ति वा संस्थाले सुनको सञ्चय गर्दा नै सुनको भाउ अकासिँदो छ। खास गरी अर्थतन्त्रमा लगानीको अवसर नहुँदा सुनमा लगानी बिगत लामो समयदेखि बाध्यता बन्दै गएको छ।

विश्वका केन्द्रीय बैंक तथा सरकारहरू नै सुनको सञ्चय गर्छन्, गरिरहेका छन्। कतिपय सरकार र केन्द्रीय बैंकले उच्च मूल्य भएका बेला बढी मुनाफा आर्जन गर्न सुन बेचिदिन्छन्। सुनको यस्तो कारोबारसँगै गरगहनाका रुपमा पनि सुनको प्रयोग हुन्छ। दक्षिण एसिया, मध्यपूर्व, चीन जस्ता मुलुकमा गरगहनाका रुपमा सुनको प्रयोग शताब्दीऔंदेखि घट्न सकेको छैन। बरु निरन्तर बढ्दै गएको छ। गरगहनामा मुद्राको प्रयोग हुँदैन। सुनको गरगहना र तथा सामाजिक प्रतिष्ठाको सञ्चयले पनि भाउ उच्च हुँदैछ।

विश्वका थुप्रै केन्द्रीय बैंकहरूले सुनमा लगानी बढाएका छन्। सुन बढी किनिरहेको देश चीन हो। चीन जस्ता देशले थुपारिरहेको सुन कतिबेला बजारमा आउँछ भन्ने भय पनि छ। त्यसैले पनि अकासिँको सुनको मूल्यमा अनिश्चिय भएको छ। चीनले वैकल्पिक विश्व मौद्रिक व्यवस्थाका निम्ति काम गरिहेकोले त्यसको विश्वास खडा गर्न सुन थुपारिरहेको अर्थ लगाउने अर्थशास्त्री पनि छन्। उनीहरूका अनुसार डलरको विकल्पमा जाने चिनियाँ रणनीतिले डलरप्रति डर बढाएको छ। सुनमा भरोसा बढाएको छ। विश्वकै दोस्रो ठूलो अर्थतन्त्र चीनले सुन सञ्चय बढाउँदै जानु भावी विश्व आर्थिक संरचनाका निम्ति अर्थपूर्ण हुन सक्छ।

सुनको प्रयोग यतिमात्र सीमित छैन। औद्यागिक बहुउपयोगका रुपमा पनि सुनको प्रयोग बढ्दो छ। कतिपय विद्युतीय उपकरण, सञ्चारका साधनमा पनि सुनको प्रयोग गरिन्छ। सामाजिक तथा सांस्कृतिक रुपमा कतिपय आधुनिकतासँग सुन जोडिन पुग्छ। कसैले सुनको कमोडसम्म बनाउने शोखसमेत देखिन्छ। सुनौला घडी तथा उपकरणको अनेक विषय पनि बाहिर आउँछन्। यसै सबैले सुनको माग बढाउँदो छ। शोख होस् वा धन सञ्चय सुनप्रति भरोस तथा शान बढ्दो छ। नेपाल, भारत, चीन जस्ता मुलुकमा सुनका गहनाको व्यापक नै प्रचलन छ। नेपालमा कसैलाई चोख्याउन सुनपानी छर्कने भन्ने प्रचलन सुन्दै र भोग्दै आएका छौं। सुनको बहुआयाम फैलिँदा नेपाली अर्थतन्त्र पनि किचिएको छ।

**४. अस्वभाविक महँगीको आर्थिक दुस्प्रभाव**

सन् २०२६ सुरु भएपछि सुनको मूल्यमा ठूलो उतारचढाव किन आयो ? केही महिनामै झण्डै दोब्बर। यस्तो बिगतमा कहिल्यै भएको थिएन। २०८२ माघ १५ गते सुनको विश्व बजारमा प्रति औंस पाँच हजार ५६० अमेरिकी डलर पुग्यो। नेपाली बजारमा प्रति तोला तीन लाख ३९ हजार ३०० रुपैयाँ पुग्यो। सुनको प्रति तोला पाँच लाख पुग्छ भन्ने आंशका र भ्रमसमेत छरियो। सुनको मूल्य अनुमान गर्नयोग्य नभएको भन्दो अर्थशास्त्री आजित देखिए। सुनको भाउ बढाउने थप कारण डिजिटल मुद्रा कम्पनी पनि हो। डिजिटल मुद्रा कम्पनी टेथर सुन खरिदमा लागेको छ। टेथर डिजिटल मुद्रा विशेषज्ञ कम्पनी हो। टेथरले हालैमात्र व्यापक सुन खरिद गरेको छ। यसको सुन सञ्चिति केही साना देशहरूको भन्दा पनि बढी रहेको ठानिएको छ। आगागी दिनमा डिजिटल मुद्रामा सुनको शाख रहन सक्ने आकलन गरिँदै छ। त्यसले पनि सुनको भाउँ बढाएको छ।

उपभोक्ताको व्यवहार पनि अचम्मकै हुन्छ। महँगो हुँदै गएपछि झन थुपार्ने। यही कारणले पनि विश्वका कतिपय संस्थाले सुनमै लगानी गर्छन् र गरिरहेकै छन्। भाउ घट्न थालेपछि बजारमा फेरि एकै पटक त्यो वस्तु फालिदिन्छन्। यो कारोबारको मनोवैज्ञानिक पक्ष हो। उचाइमा पुगेको अर्को दिनदेखि सुनको भाउमा फेरि पहिरो जान थाल्नु यो पनि कारण हुन सक्छ। हुन पनि दिनमै ठूलो प्रतिशतले घट्न थाल्यो। नेपाली बजारमा दिनमै १५।२० हजारले सुनको भाउ घट्न थाल्यो। माघ १९ (२०८२) गते सुनको मूल्य नेपाली बजारमा प्रतितोला दुई लाख ८६ हजार ६०० रुपैयाआइपुग्यो। चार दिनपछि अन्तराष्टिय बजारमा पनि प्रतिऔंस सुनको मूल्य चार हजार ६ सय अमेरिकी (जनवरी २०२६) हारारारीमा आइपुग्यो। प्रतिऔंस ६ हजारतिर जान्छ भनेको गएन। तलै आयो तर कति तल आउँछ भन्ने यकिन छैन। भूराजनीतिक चलखेल, तनाव र अर्थतन्त्रमा लगानी अनिश्चयले विश्व सुन बजार प्रभावित हुँदै आएको छ।

**५. सुन र डलरको अन्तरसम्बन्ध**

जनवरीको अन्त्यतिर शुक्रबार प्रतिऔंस सुनको भाउ पाँच हजार ६ सय अमेरिकी डलर पुगेकामा दुई दिनपछि नै ३१ प्रतिशतले घट्नु स्वभाविक थिएन। सन् १९८० पछि पहिलो पटक यति ठूलो प्रतिशतले

डलर र सुनबीच उतारचढाव आयो। उतिबेला इरान र इराक युद्ध, तेलको मोल, विश्व सेयर  बजार आदि कारण थिए। तर, यो पटक गहन अर्थशास्त्रीय कारण देख्न सकिएको छैन। किन उच्च भयो ? किन एक्कासि घट्यो ? यसमा आर्थिकभन्दा बढी गैर आर्थिक कारण ठम्याइएको छ। अमेरिकी राष्ट्रपतिको कदमलाई मूल कारणजस्तै मानिएको छ। युरो न्यूजका अनुसार सुनको भाउ एक्कासि बढ्नुमा डलरप्रति अविश्वास मूल कारण हो। अमेरिका पहिलो भन्ने ट्रम्प नारा र रणनीतिले गत वर्षदेखिनै विश्व अर्थतन्त्रमा अनिश्चयका आयाम विस्तार गरेको छ।

अनिश्चय एकपछि अर्को विस्तार हुँदै छ। ग्रिनल्याण्डमाथिको अमेरिकी दाबी अस्वभाविक तवरले अगाडि बढेको छ। दोस्रो विश्वयुद्धपछि अमेरिकाले युरोपको पुनर्संरचनामा ठूलो  लगानी गरेको थियो। शीतयुद्धको त्यो कालखण्डमा सोभियत संघसित युरोपको सुरक्षा चुनौती सामना गर्न उत्तर एट्लान्टिक सन्धि संगठन अर्थात् नेटो सक्रिय भयो। यसमा अमेरिकी लगानी बढी नै थियो। अमेरिकाले पछिल्ला दिनमा युरोपको सुरक्षाबाट हात झिक्दै मात्र छैन, बरु विश्वतापमान घट्दो अवस्थामा रहँदै गएको परिवेशमा भावी रणनीतिक भूगोल ग्रिनल्याण्ड हात पार्ने यत्नमा लागेको छ। यसले अमेरिकासँग युरोपका सम्बन्धमा दरार पैदा गरेको छ। अमेरिकी डलरभन्दा सुनप्रति आकर्षण बढ्ने यो पनि कारण बनेको छ। यसले उत्पादनमूलक लगानीतिर समस्या पैदा गरेको छ।

भेनेजुयलामाथिको अमेरिकी कारबाही अस्वभाविक देखिए पनि विश्वले यसलाई मौन समर्थन जस्तै देखाएको अनौठो अवस्था छ। क्यानडाविरुद्धको चेतावनी लगायत धेरै घटनाक्रम अनुमानयोग्य र नियममा आधारित विश्वव्यवस्थाका विपरीत घटनाक्रम हुँदैछन्। यसले डलरप्रतिको अविश्वास बढाउँदा सुनमा चाप परेको छ। यी परिघटनाले लगानीको विश्व वातावरण पूरै खल्बल्याएको छ। यस्ता अनेक कारणले सुनमा धन बिसौनी माध्यम बनाएका छन्। सुनमा लगानीले रोजगारी सिर्जना गर्दैन नत आर्थिक बृद्धिमै योगदान पुग्छ।

सुनको भाउ उचाइमा पुगेर एक्कासि घट्नुमा पछिल्लो थप कारण समेतमा बहस हुने गरेको छ।  अमेरिकी केन्द्रीय बैंकमा नयाँ नियुक्तिको प्रस्ताव आयो। सुनको भाउ उचाइतिर गइरहेको बेला अमेरिकी संघीय बैंकको प्रमुखमा केल्भिन बाशको  नियुक्त प्रस्ताव आयो। उनी ट्रम्पका मनपर्दा उम्मेदवार र समर्थक हुन्। ट्रम्पले यसअघि नै पटक पटक वर्तमान गभर्नर जरमी पावेललाई ब्याजदर घटाउन दबाब दिइरहेका थिए। तर, उनी फेडरल रिजर्भलाई हस्तक्षेपबाट जोगाउन चाहन्छन्। कार्यकारीको आदेशमा वा इशारामा होइन, अर्थतन्त्रका परिसूचक र आवश्यकताका आधारमा ब्याजदर निर्धारण हुँदै जाने स्वभाविक प्रक्रिया ठान्छन्। उनी पनि कुनै बेला ट्रम्पकै मनलाग्दा मानिस थिए। सन् २०१८ मा नियुक्ति दिएको हुन्। अब दोस्रो कार्यकाल पनि सकिन लाग्दै गर्दा नयाँ प्रस्तावित नाम आएपछि डलर, सुन, तेल लगायतको विश्व बजार तत्काली नै प्रभावित हुन गयो।

धेरै गभर्नर कार्यकारिणको दबाबबाट अमेरिकी संघीय बैंकलाई जोगाउन चाहन्छन्। जोगाउँदै पनि आएका छन् तर वाशले लगानीको वातावरण बनाउने गरी ट्रम्पको इच्छासमेका आधारमा ब्याजदर निर्धारण गर्न सक्ने आकलन छ। त्यसैले उचाइमा पुगेको सुनको मूल्य केही पहिरो गएरै माघको दोस्रो तथा तेस्रो सात (२०८२) घटेको हो भन्ने गरिन्छ। यसमा अमेरिकी केन्द्रीय बैंक प्रमुखको नयाँ नाम र नियुक्ति जोडिएको विश्लेषण छ।

## ६. उत्पादन र कारोबार आयाम

विश्व सुन परिषदका अनुसार संसारमा प्रतिवर्ष  करिब २ हजार ५ सय टन सुन उत्खनन भई प्रशोधन हुन्छ। सन् २०२५ सम्म खानीबाट केवल २,१६,२६५ टन सुन मात्र निकालिएको अभिलेख छ। उत्खनन गरिएको सबै सुन समान प्रयोजना जाँदैन। दुइ हजार टन जति गहनाका साथै आद्योगिक उत्पादन र दाँत बनाउने काममा प्रयोग हुन्छ गरिन्छ। पाँच सय टन जति खुद्रा लगानी र विनिमयमा जाने गर्छ। सुनको भाउँ उचाइमा पुगेपछि सुन उत्खननमा थप लगानी भई बजारमा आउने आकलनसमेत छ। आर्थिक हिसाबले मात्र हेर्दा सुनको उपयोग मूलतः दुई प्रकारले भएको देखिन्छ। लगानीका दृष्टिले सुन सबैभन्दा बढी खरिद विक्री हुने मूल्यवान धातु हो। आर्थिक मन्दी तथा सम्पत्ति क्षयीकरणबाट जोगिन सुनमा लगानी गरिन्छ। सुन गहनाका रूपमा प्रयोग त हुने नै भयो। दक्षिण एसिया, चीन  र मध्य पूर्वका नागरिक, अझ विशेष गरी महिलामा सुन आकर्षणको सीमा छैन। चीनमा पछिल्ला वर्षहरूमा व्यक्तिगत गहनाका रूपमा र लगानीका हिसाबले दुवै तर्फबाट सुनको माग उच्च छ।

पश्चिमी देशका लगानीकर्ताहरू पनि सुनका ठूला खरिदकर्ता हुन्। सुन किन्ने कम्पनीको सेयर मा लगानी व्यापक छ। सेयर  लगानी र आफैँ सुन किन्ने दुवै किसिमका लगानीकर्ता पश्चिमा देशहरूमा पनि बढ्दोक्रममा छन्। पछिल्ला दिनहरूमा सुनको मूल्यले कीर्तिमानी उचाइ कायम गर्नुको एउटा कारण ट्रम्पले अमेरिकी संघीय रिजर्भ बैंकका  अध्यक्ष नियुक्त गर्ने डर पनि थियो। ट्रम्पबाट नियुक्त भएर आउने नयाँ गर्भनरले ब्याजदर घटाउने ट्रम्पको इच्छा पूरा गरिदिने अनुमान बजार तरल बन्यो  ब्याजदर घट्दा डलरको

मूल्य कमजोर हुने र मुद्रास्फीति बढ्ने भएकाले त्यसबाट बच्नका लागि सुनमा लगानीलाई एउटा रणनीतिका रूपमा हेर्नु अस्वभाविक होइन ।

राष्ट्रपति ट्रम्पले अरू सम्भावित उम्मेदवारको तुलनामा यो मामिलाका लागि सुरक्षित ठानिएका केभिन वार्शलाई मनोनित गर्ने विवरणहरू सार्वजनिक भएपछि नै सुन, चाँदी र प्लेटिनमको मूल्यमा गिरावट आएको विश्लेषण यथार्थ नजिक नै छ। यो अवस्थामा टेथरलाई हेर्न सकिन्छ। डिजिटल मुद्रा विशेषज्ञ कम्पनी टेथरले हालैमात्र व्यापक सुन खरिद गरेको छ। यसको सुन सञ्चिति केही साना देशहरूको भन्दा पनि बढी रहेको ठानिएको छ। यसले भावी दिन अझै कठोर हुने अनुमान दिन्छ।

### ७. नेपाल र भारतको सुन सम्बन्ध

भारतमा सुनमा ६ प्रतिशत भन्सार लाग्छ भने नेपालमा १० प्रतिशत लाग्ने छ। त्यसका अतिरिक्त नेपालमा शून्य दशलवल पाँच प्रतिशत व्यवसायीले अनि शून्य दशमलव पाँच प्रतिशत बैंकले शुल्क लिने छ। यो वर्षको बजेटमा सुनमा विलासिता कर भनेर थप २ प्रतिशत शुल्क थपियो। यसमा नेपाली व्यवसायीको विमति पनि छ। यसले नेपाली ग्राहक थप मारमा परेका व्यवसायीको निष्कर्ष छ। यसरी हेर्दा भारतमा ६ प्रतिशत भन्सार अनि ३ प्रतिशत वस्तु तथा सेवा कर तिरेर सुनको कारोबार हुन्छ भने नेपालमा १० प्रतिशत भन्सार, १ प्रतिशत बैंक/व्यवसायी शुल्क र २ प्रतिशत विलासिता कर तिरेर कारोबार हुन्छ। महँगो पर्ने नै भयो। भारतसँग खुला सिमाना रहेकाले अवैध कारोबार बढ्न सक्छ। यसले राजस्वमा प्रतिकूल प्रभाव पार्ने गरी अनेक अपराधिक समस्या खडा गर्न सक्छ।

### ८. ट्रम्पको सुन नीतिको पछिल्लो प्रभाव

अमेरिकी नीति विश्व बजारमा प्रभावी छन्। तिनले अस्थिरता पनि निम्त्याएको छ। पेपरस्टोनका वरिष्ठ अनुसन्धान रणनीतिकार माइकल ब्राउनका अनुसार अमेरिकी नीतिले पछिल्ला दिनमा सुनजस्ता धातुको भाउमा ठूलो प्रभाव परेको छ। कमनवेल्थ बैंक अफ अस्ट्रेलियाका कमोडिटी रणनीतिकार विवेक धरको विश्लेषणमा अमेरिकी डलर बलियो हुनुले पनि बहुमूल्य धातु र तेल तथा आधारभूत धातुहरू सहित अन्य वस्तुहरूको मूल्यमा दबाब बढाइरहेको छ। अमेरिकी सेयरहरूसँगै बहुमूल्य धातुहरू पनि बिक्री गर्ने बजारको निर्णयले लगानीकर्ताहरूले अमेरिकी प्रस्तावित गभर्नर केन्भिन वार्सलाई कडा नीतिका पक्षधरका रूपमा हेरेको संकेत गर्छ।

सन् १९५८ मा अर्थशास्त्री ए. डब्ल्यू. फिलिप्सले बेरोजगारी र मुद्रास्फीतिबीचको सम्बन्धलाई दर्शाउने समष्टिगत अर्थशास्त्रीय अवधारणा फिलिप्स कर्भ ल्याएका थिए। बेरोजगारी घट्दा मुद्रास्फीति बढ्ने र बेरोजगारी बढ्दा मुद्रास्फीति घट्ने गर्छ भनी फिलिप्स कर्भले जनाउँछ। अमेरिकी केन्द्रीय बैंक फेडले यही सिद्धान्तलाई अवलम्बन गर्दै आएको थियो। अमेरिकी राष्ट्रपति चाहेको काम गर्न पछि नपर्ने नेताकै रुपमा देखिन्छन्। त्यसैले पनि कानुनी पृष्ठभूमि भएका बजारमुखी रणनीतिकारका रूपमा चिनिने वार्शलाई भावी गर्भनरमा मनोनयन गरेर ट्रम्पले वित्तीय लोकप्रियतावाद र मौद्रिक यथार्थबीचको खाडललाई पुर्ने प्रयास गरिरहेको विश्लेषकहरूको बुझाइ छ। यसले डलर बलियो बनाउँदै सुनको भाउमा स्थिरता खोज्न सक्ने छ।

विगतमा फेडको गभर्नर र वाल स्ट्रीटका पाका खेलाडी रहेका केभिन वार्शले केन्द्रीय बैंकमा सत्तापरिवर्तनको पैरवी गर्दै नयाँ कार्यकारिणी र अमेरिकी नीतिको वकालत पनि गर्दै आएका छन्। पोहोर साल मात्र उनले अमेरिकाको वित्तीय नीति खतरनाक बाटोमा अघि बढिरहेको र गैरजिम्मेवार तरिकाले गरिने खर्चमा वृद्धि भइरहेको भन्दै वर्तमान गर्भनरको आलोचना गरेका थिए। उनले नियुक्त हुनेबित्तिकै ब्याजदरमा कटौती गर्ने अपेक्षा नीतिगत रुपान्तरण पनि हुने छ।

### ९. लगानी र रोजगारीमा सुन असर

सुनको सबैभन्दा ठूलो आकर्षणमध्ये यसको दुर्लभ उपलब्धता र निरन्तर भाउमा उचाइतिर जानु नै हो। एबीसी रिफाइनरीका विश्वव्यापी संस्थागत बजारका प्रमुख निकोलस फ्रापेलका अनुसार सुनको दुर्लभताले ऋणपत्र वा कम्पनीको सेयर मा बजारमा प्रतिकूल असर पार्ने छ। उहाँको निष्कर्षमा अनिश्चित र तरल विश्वका निम्ति यो लगानी विविधीकरण र सुरक्षित गर्ने प्रमुख साधन हो। सुनमा लगानी थुप्रँदै जाँदा धनको सञ्चत त होला, तर उत्पादनमूलक लगानीमा भने प्रतिकूल असर पर्नेछ, परिरहेको छ।

ग्रीनल्यान्डको विषयमा संयुक्त राज्य अमेरिका र नेटोबीच तनाव बढ्दा वित्तीय र भूराजनीतिक अन्योल उत्पन्न भएका बेला अहिले सुनको मूल्य अकासिएसँगै विश्वभर उत्पादनमूलक रोजगारीमा बादल लागेको छ। राष्ट्रपति ट्रम्पले अङ्गीकार गरेका व्यापारसम्बन्धी नीतिहरूका कारण पनि लगानी बजार चिन्तित छ। असामान्य मुद्रास्फीति, कमजोर अमेरिकी डलर, देशका केन्द्रीय ब्याङ्कहरूले किनेकाले र अमेरिकी संघीय बैंकले यो वर्ष फेरि ब्याजदर घटाउन सक्ने सम्भावना भएकाले पनि सुनको माग विश्वभरि बढेको आकलन छ। युक्रेन युद्ध र गाजा युद्ध अनि अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोलाई पक्राउ गरेकाले पनि अझ अनिश्चिय बढ्यो। सुनको भाउमा अनिश्चिय प्रतिविम्बित भयो। यसले विश्वव्यापी रुपमै लगानी अवसरलाई प्रतिकूल प्रभाव पारेको छ।

## १०. नेपाली अर्थतन्त्रमा डलर र सुन

अन्तर्राष्ट्रिय बजारमा सुन र चाँदीको मूल्यमा आएको कमीको प्रभाव नेपाली बजारमा पनि देखिएको छ। माघ १५ गते सुनको मूल्य अहिलेसम्मकै महँगो बनेको थियो। उक्त दिन सुन तोलाको ३ लाख ३९ हजार ३०० रुपैयाँमा किनबेच भयो। भदौ २३ र २४ गतेको नवपुस्ता अर्थात् जेनजी विद्रोहपछि नेपाली अर्थतन्त्रमा लगानी जटिल हुँदै छ। आगजनी र तोडफोडबाट ८४ अर्ब रुपैयाँको क्षति भएको छ। निर्वाचनले अनिश्चितलाई पार लगाउने विश्वाससँगै सुनप्रति लगानी पनि बढिरहेकै छ। डलरको मूल्य पनि बढिरहेको छ। डलरको मूल्य बृद्धिले विप्रेषण आयमा सकारात्मक प्रभाव छ। डलर केन्द्रीय बैंकमा निरन्तर बढ्दो छ।

राष्ट्रपति ट्रम्पले फेडरल रिजर्भको आगामी अध्यक्षका रूपमा केभिन वार्सलाई मनोनयन गर्ने बताएको दिन सुन र चाँदी दुवैको मूल्यमा भारी गिरावट आएको घटना विश्वभर नै चर्चित बन्यो । वार्सको पहिचान अन्य उम्मेदवारहरूको तुलनामा कडा मौद्रिक नीतिका पक्षधर नीतिकारको रूपमा छ। उनी फेडको ब्यालेन्स सिट घटाउन चाहन्छन्। त्यसैले लगानीकर्ताहरूले अपेक्षा गरेभन्दा कडा मौद्रिक नीतिको पूर्वानुमान गरिरहेका हुन सक्छन्।

नेपालको विदेशी मुद्रा सञ्चिति २१.१ प्रतिशतले बढेको छ। गत असारसम्म २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पुससम्म ३२ खर्ब ४२ अर्ब ४५ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा २०८२ पुस मसान्तमा १५.२ प्रतिशतले वृद्धि भई २२ अर्ब ४७ करोड पुगेको छ। आर्थिक वर्ष २०८२/८३ को छ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.४ महिनाको वस्तु आयात र १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। डलरको बृद्धिले सुन आयातमा विदेशी मुद्राको समस्या त हुने छैन तर कारोबारमा भने असाध्य कमी आएको छ। यसले सनु चाँदीका गहना बनाइ निर्यात गरिरहेका व्यवसायीलाई पनि प्रतिकूल प्रभाव पारको छ।

## ११. निष्कर्ष

सुन रणनीतिक दीर्घकालीन सम्पत्ति हो। लगानी विविधीकरणका निम्ति विश्वभर नै व्यापक प्रयोग हुन्छ, हुँदै आएको छ। खास गरी अन्य लगानीका क्षेत्रमा पुँजी सुरक्षित नहुने भएपछि सुनमा लगानी गर्ने गरिन्छ। दीर्घकालमा सुनको भाउमा ठूलो उतारचढावव भएको पाइदैन। यसलाई तरल सम्पत्ति पनि भनिन्छ। चाहेको बेला बेच्न सकिन्छ। बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन सकिन्छ। गहन सामाजिक र सांस्कृतिक प्रतिष्ठामा समेत आधार मानिन्छ। प्रविधिको धेरै यन्त्रउपकरणमा पनि सुनको प्रयोग हुन्छ। तर सुनमा लगानी बढ्दै जाँदा उत्पादनमूलक लगानी भने खुम्चिएर जान्छ। आय र उत्पादनमा प्रतिकूल असर पर्छ। सुनको गरगहनामा प्रयोगले समाजमा विभेद बढाउँछ। तडकभडक बढाउँछ। समाजमा विकृति र विसंगति पनि फैल्याउँछ। सुन लगानीको माध्यम पनि हो तर उत्पादनमूलक लगानीको अवरोधक पनि हो। अमेरिकी नीतिले डलरप्रति बलियो विश्वासमा चुनौती थपिएकोले सुनको भाउ उचाइतिर जाँदैछ। आर्थिक सुनिश्चितता, नियममा आधारित विश्वव्यवस्था, शान्ति सुरक्षा आदिले अर्थतन्त्रमा उत्पादनमूलक लगानी बढ्न सक्ने छ। सुन तथा डलरबाट वास्तविक क्षेत्रमा लगानी फर्कन सक्ने छ। अर्थतन्त्रको वास्तविक क्षेत्रमा बढ्ने लगानीले आय, उत्पादन र रोजगारी बढाउँछ। यसबाटै मानिसको खुसीको रेखाचित्र पनि माथि उक्सने छ।

★ ★ ★

# हरित अर्थतन्त्र विकासका लागि स्वच्छ ऊर्जा

**नेपाल जैविक विविधता, सांस्कृतिक सम्पदा तथा प्राकृतिक रूपमा धनी भए पनि आर्थिक रूपमा अझै गरिब छ । कुनै पनि देशको आर्थिक विकास त्यो देशको प्राकृतिक तथा मानव संशाधनको उपयोगमा भर पर्दछ । यहाँको जलस्रोतको उपयोग आर्थिक रूपमा ४२ हजार १३३ मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना छ ।**




**कृष्ण अधिकारी**
आलेख शाखा प्रमुख
एवम् सञ्चालक समिति सदस्य
राष्ट्रिय समाचार समिति


हरित अर्थतन्त्र भन्ने बित्तिकै वातावरणीय दिगोपनलाई प्राथमिकता दिने आर्थिक प्रणाली बुझिन्छ। यसमा आर्थिक विकास र पर्यावरण संरक्षण सँगसँगै अघि बढ्ने नीति समावेश गरिन्छ। हरित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जाको रूपान्तरण एक प्रमुख आधार हो। जसले प्रदुषण घटाउँदै ऊर्जा आवश्यकतालाई पूरा गर्दछ र दिगो विकासका लक्ष्य हासिल गर्न मद्दत गर्दछ। उत्थानशील एवं न्यून कार्बनमा आधारित अर्थतन्त्रका लागि स्वच्छ ऊर्जा रूपान्तरणबाट आर्थिक समृद्धि ल्याउन सकिने भएकाले हालै ल्याइएको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ मा पनि विभिन्न सम्भावनाहरूको उजागर गरिएको छ।

परम्परागत ऊर्जाका स्रोतहरूको प्रयोगबाट वातावरणमा प्रतिकूल प्रभाव पार्नुको साथै जनताको जीवनस्तर अभिवृद्धिमा पनि अवरोध ल्याउँछ। पेट्रोल, डिजेलजस्ता खनिज इन्धनको प्रयोगले वातावरणमा हरितगृह ग्यास उत्सर्जन हुने हुँदा यस्ता ऊर्जाका स्रोतहरूबाट उत्पन्न हुने नकारात्मक प्रभावलाई स्वच्छ ऊर्जाको माध्यमबाट घटाउन सकिन्छ। खनिज तथा परम्परागत ऊर्जाको प्रयोगले गर्दा नै आज विश्व जलवायु परिवर्तनबाट सिर्जित अनेक समस्याहरूबाट नराम्ररी प्रभावित बनेको छ। यस शताब्दीकै मुख्य चुनौतीको रूपमा रहेको जलवायु परिवर्तनको प्रभावलाई कम गर्न स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोग अपरिहार्य हुन्छ।

विश्व तापमान वृद्धिको प्रमुख कारक तत्वको रूपमा रहेको हरितगृह ग्यास/कार्बन उत्सर्जनसम्बन्धी अन्तर्राष्ट्रिय दृष्टिकोणलाई हेर्दा विश्वको कुल उत्सर्जनमा ऊर्जा क्षेत्रको हिस्सा करिब ७६ प्रतिशत रहेको पाइन्छ। जलवायु परिवर्तन तथा कार्बन वित्त परिचालन सम्बन्धमा अन्तर्राष्ट्रिय परिवेशलाई दृष्टिगत गर्दा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपीसीसी) २०२३ को प्रतिवेदनअनुसार तापमानलाई १.५ डिग्री सेल्सियस र दुई डिग्री सेल्सियसको बीचमा सीमित राख्नको लागि हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका उपायहरूलाई थप प्रभावकारी बनाउनु जरुरी देखिन्छ।

आधुनिक विश्वलाई नियाल्दा हरेक देश एक अर्कामा तँछाडमछाडको अवस्थामा रुमल्लिरहेका छन्। यसको मुख्य कारण ऊर्जा संकट नै हो। ऊर्जाबिना विकासको परिकल्पना गर्न सकिदैन। विश्व अर्थतन्त्रमा ऊर्जाको विशेष भूमिका रहेको हुन्छ। हरेक राष्ट्रहरू ऊर्जा संकटको कारण यसको जगेर्ना र उपायको खोजीमा भौंतारिरहेका छन्। नेपाल राष्ट्रसमेत यसको अपवादको रूपमा रहन सक्दैन। हाल विश्वका अधिकांश विकसित राष्ट्रहरू जलस्रोतको अपर्याप्तताको कारण ऊर्जा आपूर्तिको लागि नवीकरणीय ऊर्जातर्फ उन्मुख भइरहेका छन्। नेपालमा जलस्रोत प्रचुर मात्रामा रहेता पनि यसको समुचित प्रयोग गरी उत्पादन गर्न ठूलो धनराशिको आवश्यकता, दक्ष जनशक्तिको अभाव,

भौगोलिक विकटता, लगानीमैत्री नीतिको अभाव आदि विविध प्रतिकूल परिस्थितिले गर्दा यसको समुचित मात्रामा उत्पादन गर्न सकिएको छैन।

विश्वव्यापी रूपमा खुद शून्य हरितगृह ग्यास उत्सर्जनको अवस्था हेर्दा सन् २०१९ को उत्सर्जन सन् २०१० को भन्दा १२ प्रतिशतले वृद्धि भएको पाइन्छ। हरितगृह ग्यास उत्सर्जनका सबै क्षेत्रबाट उत्सर्जन न्यूनीकरणलाई उच्च प्रभावकारिताका साथ अवलम्बन गरेर मात्र खुद शून्य कार्बन उत्सर्जन वा खुद शून्य हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको लक्ष्य हासिल गर्न सकिन्छ। तसर्थ, विश्व तापमान वृद्धिले खतराको सीमा पार गर्नु अगावै यसको उचित नियन्त्रण गर्न तत्काल हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यहरूलाई द्रूततर एवं गम्भीर ढंगले अघि बढाउनु अपरिहार्य देखिन्छ।

**ऊर्जामा रूपान्तरणको अवसर**

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तराष्ट्रिय सम्मेलन, कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने योजनासहितको राष्ट्रिय जलवायु योजना (एनडीसी) पेस गरेको गरी सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनमा पुग्ने लक्ष्यको प्रतिबद्धता व्यक्त गरेको छ। संयुक्त अधिराज्यको ग्लास्गोमा कोप-२६ का अवसरमा गत नोभेम्बर १ देखि २ तारिखसम्म भएको 'विश्व नेताहरूको शिखर सम्मेलन'मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवाले सन् २०३० भित्र नेपालका कुल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट परिपूर्तिको सुनिश्चितता गर्ने र देशको ४५ प्रतिशत भूखण्ड वन क्षेत्रले ढाक्ने बाचा गर्नुभएको थियो। सो सम्मेलेलनको पूर्वसन्ध्यामा सरकारले २०७९ कात्तिक ११ गते 'नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१-२०५०)', 'खुद शून्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति' र 'जलवायुजन्य हानि नोक्सानीसम्बन्धी राष्ट्रिय कार्यढाँचा' महत्वपूर्ण कार्ययोजना पारित पनि गरेको थियो।

सरकारले जलवायु परिवर्तन र वातावरणीय संरक्षणसम्बन्धी रूपमा कार्यान्वयन गर्न सक्षम निकायको व्यवस्था गर्ने तथा संघ, प्रदेश र स्थानीय तहमा जलवायु निर्धारित योगदान तथा राष्ट्रिय अनुकूलन योजना अघि बढाउने लक्ष्यसमेत राखेको छ। सन् २०१९ मा नेपालको जम्मा कार्बनडाइअक्साइड उत्सर्जन सन्दर्भ परिदृष्यका आधारमा दुई करोड ३० लाख मेट्रिकटन रहेकामा सन् २०३० मा तीन करोड ४० लाख र सन् २०५० मा सात करोड ९० लाख हुने अपेक्षा गरिएको छ। सन् २०१९ मा ऊर्जाबाहेकको उत्सर्जन ४६ प्रतिशत छ भने ऊर्जा क्षेत्रको उत्सर्जन ५४ प्रतिशत छ। गैरऊर्जा क्षेत्रको उत्सर्जन सन् २०५० सम्ममा विस्तारै घटेर कूल उत्सर्जनको ३२ प्रतिशतमा पुग्ने अपेक्षा गरिएको छ।

ऊर्जा क्षेत्रमा न्यून कार्बनीकरण वा 'डिकार्बनाइजेसन' भन्नाले ऊर्जाको उत्पादन, वितरण तथा उपभोगबाट हुने हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्दै अन्ततः पूर्ण रूपमा हटाउने प्रक्रियालाई बुझिन्छ। ऊर्जा क्षेत्रमा डिकार्बनाइजेसनका लागि मुख्यतया तीन वटा उपायहरू इन्धन रूपान्तरण (फ्युल स्वीचिङ्ग), राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण र ऊर्जा दक्षता हुन सक्छन्। इन्धन रूपान्तरण भनेको परम्परागत ऊर्जा र खनिज इन्धनबाट सञ्चालित प्रविधिहरू (सवारी साधन, मेशिनरी, घरायसी उपकरण विशेषगरी खाना पकाउने प्रविधि) लाई स्वच्छ ऊर्जाबाट सञ्चालन गर्नु हो। इन्धन रूपान्तरणका प्रमुख क्षेत्रहरूमा घरायसी, यातायात, उद्योग र कृषि रहेका छन्।

राष्ट्रिय प्रसारण (ग्रिड) लाइनको सबलीकरण भनेको मौसमी सन्तुलन, आयात न्यूनीकरण, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति, विद्युतीय पूर्वाधारहरूको स्तरोन्नतिको माध्यमबाट ग्रिडलाई हरितगृह ग्यास उत्सर्जन मुक्त बनाउनु हो। अर्थात हामीले उपयोग गर्ने (स्वदेशमै उत्पादित विद्युत् वा आयात गरिएको) विद्युत् परम्परागत खनिज इन्धनमा आधारित नभई शून्य कार्बन स्रोत जस्तैः सौर्य ऊर्जा, वायु ऊर्जा, जलस्रोतमा आधारित रहेको सुनिश्चितता गर्नु हो। ऊर्जा दक्षता भनेको ऊर्जा दक्ष उपकरण, ग्रिड र औद्योगिक मेशिनरीको उपयोगबाट कुनै वस्तु वा सेवाको उत्पादनमा लाग्ने ऊर्जाको परिमाणलाई कम गर्नु हो।

स्वच्छ ऊर्जाको कार्यान्वयनबाट नेपालको हरित अर्थतन्त्र विकासका लागि स्वच्छ खाना पकाउने ऊर्जा, वितरित नवीकरणीय ऊर्जा, विद्युतीय सवारी (इ-मोबिलिटी), आधुनिक र कृषि क्षेत्रमा ऊर्जा दक्षतालगायतका क्रियाकलापमा लगानीका सम्भावनाहरू रहेका छन्। अर्थतन्त्रको न्यून कार्बनीकरणका अवसर तथा चुनौतीहरू एवं मिश्रित लगानीबाट लिन सकिने लाभको पहिचान गर्न तथा स्वच्छ ऊर्जा क्षेत्रको लगानीलाई स्तरोन्नति गर्दै लैजानुपर्ने देखिन्छ। नेपालले राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा डिकार्बनाइजेसनलाई प्राथमिकतामा राखेको छ। तेस्रो राष्ट्रिय निर्धारित योगदान, दिगो विकास लक्ष्य, खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति, सोह्रौं योजना, ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ लगायतका दस्तावेजहरूमा पनि डिकार्बनाइजेसन सम्बन्धी लक्ष्यहरू समेटिएका छन्।

विश्वमा जल सम्पदामा पहिलो धनी देशका रूपमा हामी ब्राजिललाई चिन्छौँ र दोस्रो धनीका रूपमा नेपालको नाम लिन्छौँ। यसमा हामीलाई गर्व पनि छ। तर, हामीले गर्व गरेअनुसार पर्याप्त रूपमा रहेका जलसम्पदाबाट सोचेअनुरूप फाइदा हासिल गर्न सकेका छैनौँ। नेपाल जैविक विविधता, सांस्कृतिक सम्पदा तथा प्राकृतिक रूपमा

धनी भए पनि आर्थिक रूपमा अझै गरिब छ। कुनै पनि देशको आर्थिक विकास त्यो देशको प्राकृतिक तथा मानव संशाधनको उपयोगमा भर पर्दछ। यहाँको जलस्रोतको उपयोग आर्थिक रूपमा ४२ हजार १३३ मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना छ। हिमाली, पहाडी क्षेत्रमा भएकाले नेपालमा रहेको जलस्रोत आर्थिक तथा उपयोगिताको हैसियतले धेरै नै महत्वपूर्ण मानिन्छ। जसको समुचित प्रयोग नै नेपालको समृद्धताको पहिलो आधार हो। जलविद्युत् नवीकरणीय एवं स्वच्छ ऊर्जाको महत्वपूर्ण स्रोत भएकाले नेपालले यसको उपयोगबाट आन्तरिक खपत मात्र नभई छिमेकी मुलुकहरूमा समेत स्वच्छ ऊर्जाको निर्यात गरी विश्वव्यापी वातावरण संरक्षणमा योगदान दिन सक्दछ।

## स्वच्छ ऊर्जा प्रवर्धनमा पहल

जलवायु परिवर्तन, जीवाश्म इन्धनको सीमितता र वातावरणीय प्रदूषण घटाउने उद्देश्यले विश्वभर नवीकरणीय ऊर्जाको प्रवर्धन भइरहेको छ। स्वच्छ ऊर्जाको माध्यमबाट नेपालको न्यून कार्बन विकास, सामाजिक आर्थिक समुन्नति र हरित अर्थतन्त्र विकासमा नेपालले पनि विशेष जोड दिन थालेको छ। नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा हासिल गरेका उपलब्धिहरूले न्यून कार्बनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। सरकारले नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रूपान्तरणका कार्यहरूलाई अघि बढाउन बलियो कानुनी आधार खडा गर्ने उद्देश्यका साथ नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अघि बढाएको छ। यस क्षेत्रमा हासिल गरेका उपलब्धीहरूलाई संस्थागत गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई ऐनको रूप दिने कार्यलाई निर्वाचित संसदले पारित गर्ने विश्वास गरिएको छ।

हालसम्म लघु तथा साना जलविद्युत्, सुधारिएको पानीघट्ट, सौर्य/सौर्य-वायु मिनिग्रीड, घरेलु सौर्य विद्युत् प्रणाली, संस्थागत सौर्य विद्युत प्रणाली, सौर्य सडक बत्ती, मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा प्रणाली, घरायसी बायोग्यास, संस्थागत, सहरी तथा व्यवसायिक वायोग्यास, सुधारिएको चुलो, विद्युतीय चुलोलगायतका परिविधि विस्तारबाट समग्रमा देशको करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुगेको छ। कुल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ। विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ। नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ४० हजार भन्दा बढी रोजगारी सिर्जना भएको छ।

नेपालको संविधानले लिएको समावेशी आर्थिक सामाजिक विकासको लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको विस्तार र ऊर्जा दक्षताको बाटो अवलम्बन गरी स्वस्च्छ ऊर्जा रूपान्तरणको बाटो अपनाउनु अपरिहार्य रहेको छ। यसका लागि प्रभावकारी र परिणाममुखी सहकार्य जरुरी देखिन्छ। नेपालले नवीकरणीय ऊर्जा प्रविधिमा आधारित कार्बन व्यापारसम्बन्धी कार्यको थालनी गरेको छ। स्वच्छ विकास संयन्त्रअन्तर्गत आठ वटा आयोजनाबाट हालसम्म कूल ६६ लाख ८० हजार मेट्रिक टन युनिट प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण उत्पादन गरी कार्बन व्यापार मार्फत करीब ३६.०११ मिलियन अमेरिकी डलर आम्दानी गरेको छ भने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित गरेको छ।

आज नवीकरणीय ऊर्जालाई केबल सानो रूपमा मात्र हेर्ने अवस्थाबाट जलविद्युत् जस्तै ऊर्जाको ठूलै माग पनि पूरा गर्न सक्ने ऊर्जा स्रोतको रूपमा हेर्न थालिएको छ। यसैकै आधारमा कूल ऊर्जा मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा कम्तिमा १० प्रतिशत हुनुपर्छ भन्ने कुरालाई नीतिगत रूपमै निर्णय भएको छ। यसले गर्दा आज नेपाल ऊर्जा क्षेत्रमा ठूलै फड्को मार्न सफल भएको छ। ऊर्जा खपतका मुख्य क्षेत्रहरू जस्तैः घरायसी, यातायात, उद्योग, व्यापारजस्ता क्षेत्रमा नवीकरणीय ऊर्जाबाट ऊर्जा आपूर्तिमा वृद्धि गर्ने, आधुनिक विद्युतीय ऊर्जा स्रोतको विविधीकरणमा जोड दिने, परम्परागतगत स्रोतहरूको दिगो प्रयोग तथा आयातित ऊर्जा माथिको निर्भरता कम गर्नेजस्ता कार्यहरू गर्नु आवश्यक छ।

## आर्थिक समृद्धिको आधार

कुनै पनि देशका जनताको जीवनस्तर र आर्थिक विकासलाई मापन गर्न ऊर्जा उपभोगलाई पनि एउटा सूचकांका रूपमा हेर्ने गरिन्छ। सन् २०२४-२५ मा लगभग ४१,४४०-४१,५०० पुगेको विभिन्न प्रतिवेदनहरूले देखाएको छ। प्रतिव्यक्ति आयलाई हेर्दा नेपाल अझै मध्यम-आयस्तर भएका राष्ट्रहरूको सूचीमा रहेको छ। गरिबी र सामाजिक संकेतहरूलाई हेर्दा नेपालले केही प्रगति हासिल गरेको देखिन्छ। यसको मुख्य कारण ऊर्जा खपतमा केही सुधार आउनुलाई लिन सकिन्छ। मुलुकमा विद्युतीय ऊर्जाको उत्पादन वृद्धिले बङ्गलादेश र भारतमा विद्युत् निर्यात हुने, आयातित खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोग पुगेको छ।

नेपालको संविधानमा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परि पूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने राज्यको नीति रहने उल्लेख गरिएको छ। सोह्रौं योजनाले निर्दिष्ट गरेको 'सुखी

नेपाली समृद्ध नेपाल'को दीर्घकालीन सोचअनुरूप २०८५/८६ सालसम्म विद्युत्मा शतप्रतिशत जनताको पहुँच सुनिश्चित गरिने तथा २१००/०१ सालसम्ममा ४० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ। वार्षिक विद्युत् माग वृद्धि दरको अनुपातमा विद्युत् उत्पादन, प्रसारण तथा वितरणको व्यवस्था गरी आर्थिक विकासमा विद्युत्को अधिकतम् उपयोग गर्ने व्यवस्था मिलाउने; आन्तरिक विद्युत्को माग पूर्ति भएपछि बचत भएको विद्युत्लाई निर्यातयोग्य वस्तुको रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजार, अन्तरदेशीय विद्युत् व्यापार प्रबर्धन तथा त्यसको लागि आवश्यक संरचना निर्माण गर्नु तथा वैकल्पिक ऊर्जा उपभोग बढाउनु लगायतको सोच नेपाल सरकारको रहेको देखिन्छ।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयद्वारा जारी गरिएको ऊर्जा विकास मार्गचित्र, २०८१ अन्तर्गत सन् २०३५ सम्ममा नेपालको विद्युत् उत्पादन जडित क्षमता २८ हजार ५०० मे.वा. पुऱ्याउने लक्ष्य लिइएको छ। खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको रणनीति २०२१ को आधारमा सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्य बनाउने प्रतिवद्धता व्यक्त गरिएको छ। जलवायु परिविर्तनसम्बन्धी पेरिस सम्झौताको धारा ४ मा उल्लेखित कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी प्रतिविद्धताहरू कार्यान्वयन गर्ने उद्देश्यले यो रणनीति तयार गरिएको हो। यो दस्तावेजमा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न सन् २०४५ सम्मको यथार्थपरक समयावधि र अपनाउनुपर्ने उपायहरू उल्लेख गरिएको छ।

नेपालले अब सन् २०४५ (विसं २१००) सम्ममा आमूल परिवर्तन गरी खुद शून्य उत्सर्जनको दीर्घकालीन रणनीतिक योजनाअनुसार देशमा उत्पादित नवीकरणीय ऊर्जाको अधिकतम् प्रयोग गरी ऊर्जामा आत्मनिर्भर हुनेतर्फ आवश्यक पहल गर्नुपर्ने हुन्छ। यो लक्ष्य प्राप्तिको लागि घरायसी खपत, यातायात, औद्योगिक तथा व्यापारिक क्षेत्रमा प्रयोग हुने ऊर्जालाई विद्युतीय ऊर्जाले प्रतिस्थापन गर्ने, स्वच्छ ऊर्जाको पहुँचमा वृद्धि, ऊर्जा दक्षतामा सुधार, शतप्रतिशत विद्युतीय सवारी साधनको प्रयोगलगायतका दीर्घकालीन रणनीतिहरू रहेका छन्।

नेपालभित्र उत्पादित जलस्रोत तथा अन्य नवीकरणीय ऊर्जाका स्रोतबाट उत्पादित विद्युत्को मात्रा समग्र ऊर्जा उपयोगको १० प्रतिशतभन्दा कम छ। विद्युत् पहुँचको कमीले मुलुकको आर्थिक उत्पादन मात्र घटेको छैन, विद्युत्को बढ्दो माग पूरा गर्न आयातित ऊर्जामा नै निर्भर रहनुपर्ने अवस्था छ। पेट्रोलियम पदार्थको सबैभन्दा बढी खपत यातायात क्षेत्रमा भएको छ भने त्यसपछि औद्योगिक, आवासीय र व्यापारिक क्षेत्रमा भएको छ। अन्य स्रोतबाट विद्युत् उत्पादन गर्नेतर्फ प्राथमिकता नदिँदा ऊर्जा सम्मिश्रण हुन सकेको छैन।

## समृद्धिको अवसरको खोजी

विगत २४ वर्षको आर्थिक विकासलाई हेर्दा नेपालका अगाडि थुप्रै अवसरहरू रहेका छन्। आर्थिक विकासका प्रमुख अवसरका रूपमा जलविद्युत्लाई लिन सकिन्छ। ८३ हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्न सकिने सम्भावनासँगै त्यसलाई स्वदेशी खपत गर्न तथा भारत-बंगलादेशमा निर्यातको अवसर रहेको छ। दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, लैङ्गिक समानता लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन गर्न र हरित अथर्तन्त्रलाई प्रवर्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न अन्य नवीकरणीय तथा वैकल्पिक ऊर्जा क्षेत्रको तीव्र विकास हुन आवश्यक छ।

राष्ट्रको समग्र आर्थक विकासका निमित्त विद्युत्को अत्याधिक महत्व रहको हुन्छ। नेपालको विद्युत् विकासले पछिल्लो समय राम्रो लय समातेको छ। नेपालको ऊर्जा क्षेत्रको विकासमार्फत राष्ट्रिय समृद्धिको साझा संकल्प पूरा गर्न आमजनतामा विद्युत्को पहुँच विस्तारसँगै विद्युत्को उत्पादनशील उपयोगमा जोड दिनुपर्ने देखिन्छ। देशको आवश्यकता र अन्तर्राष्ट्रिय बजार मागलाई समेत दृष्टिगत गरी विद्युत् क्षेत्रलाई भरपर्दो, प्रतिस्पर्धी र जनताको पहुँचमा पुऱ्याउन जलविद्युत्सँगै नवीकरणीय ऊर्जा प्रविधिलाई पनि सँगसँगै अगाडि बढाउन जरुरी छ।

## सन्दर्भ सामग्री


ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपिसिसी) २०२३ को प्रतिवेदन

खुद शून्य उत्सर्जनसम्बन्धी नेपालको दीर्घकालीन रणनीति,

सोह्रौं योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं।

https://www.urjakhabar.com/news/270145901


★ ★ ★

# धितोपत्र बजार विकासको मार्गचित्र

**कम तरलता भएका कम्पनीहरुको सेयर मूल्य वास्तविक वित्तीय अवस्थाभन्दा पनि सीमित व्यक्तिहरुको चाहनामा उतारचढाव हुने जोखिम रहन्छ । यसले गर्दा बजारको दक्षतामा प्रश्न उठ्छ । यसलाई पुँजीबजार सम्बद्ध सबै निकायको संयुक्त प्रयासबाट मात्रै सम्बोधन गर्न सकिन्छ ।**




**मुराहरि पराजुली**
**प्रवक्ता**
**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**


संवत् २०३३ मा सेक्युरिटी खरिदविक्री केन्द्रको स्थापनालाई नेपालमा धितोपत्र बजारको औपचारिक थालनी भएको मान्ने हो भने त्यसयता यस क्षेत्रमा धेरै विकास भएको छ। आधारभूत नीतिगत तथा संस्थागत पूर्वाधारहरू तयार भएका छन्, प्रविधिको प्रयोग हुन थालेको छ।

तर उपलब्ध पूर्वाधारलाई सदुपयोग गरेर धितोपत्र बजारलाई हामीले सही दिशामा अगाडी बढाउन सकेका छैनौं। नीति निर्माणको उपल्लो तहबाट यस क्षेत्रमा रहेका वाधाहरू नपन्छाइएसम्म हामी व्यक्तिगत लगानीकर्ता, उद्यमी तथा राज्य कसैले पनि धितोपत्र बजारबाट अपेक्षित लाभ प्राप्त गर्न सक्दैनौं।

हामीकहाँ विना अध्ययन तदर्थ ज्ञान तथा सीमित समूहलाई लाभ पुग्ने गरी नीतिगत तहमा गलत निर्णय हुने जोखिम उच्च छ। अतः यस लेखमा हाम्रो बजारको चरित्र बुझेर तदनुकुल निर्णय गर्नका लागि केही सुझाव प्रस्तुत गरिएको छ।

### प्रारम्भिक चरणमा बजार

प्रथमतः नेपालको धितोपत्र बजार प्रारम्भिक चरणमा छ भन्ने तथ्यलाई स्वीकार्नुपर्छ। निश्चित मान्छेहरूले मोबाइलबाटै सेयर किनबेच गर्न सक्ने भए भन्दैमा हामी बजार विकासमा धेरै अगाडि बढ्यौ भन्ने होइन। यसले कारोबारमा सहजता ल्याएको मात्र हो। हाम्रो बजारका संरचनात्मक सीमितता छन्। यसलाई लगानीको क्षेत्र हो भन्ने हाम्रो समाजले पहिचान मात्र गरेको छ। समग्र समाजले यसलाई पूर्ण रुपमा ग्रहण गरिसकेको छैन। छरिएर रहेको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने गरी धितोपत्र बजार हाम्रो आर्थिक संस्कृतिको अभिन्न अंग बनिसकेको छैन, राष्ट्रिय अर्थतन्त्रसँग एकिकृत भइसकेको छैन। विश्व अर्थतन्त्रसँग नेपालको धितोपत्र बजारसँग जोडिने कुरा अझै धेरै परको हो।

केवल ३० वर्षअघि नेपालको धितोपत्र बजारले संगठित स्वरुप पाएको हो। संवत् २०५० मा नियामक निकायका रुपमा नेपाल धितोपत्र बोर्डको स्थापना, नेपाल स्टक एक्सचेन्जमा सेक्युरिटी खरिदविक्री केन्द्रको रूपान्तरण र धितोपत्र दलाललाई लाइसेन्स जारी भएको हो। सोही वर्षबाट नियमित रुपमा ओपन आउटक्राइ विधिबाट धितोपत्रको दोस्रो बजार कारोबार सुरु भएको हो।

त्यसपछि २०६४ मा कम्प्युटराइज्ड ट्रेडिङ सुरु भयो, २०६७ मा सिडिएस एन्ड क्लियरिङ लिमिटेड स्थापना र २०७२ मा पूर्ण रूपमा धितोपत्रको अभौतिक कारोबार सुरु भयो भने २०७५ मा पूर्ण स्वचालित अनलाइन कारोबार प्रणाली सुरु गरियो। सिआस्बाको थालनीबाट धितोपत्रको सार्वजनिक निष्कासनमा सर्वसाधारणको सहभागिता बढेको छ भने २०७७ सालदेखि कारोबार भएको तेस्रो कार्यदिनमा राफसाफ सम्पन्न हुन थालेको छ।

उल्लेखित विकासक्रमबाट धितोपत्र निष्कासनमा सहजता आएको छ। नयाँ कम्पनीहरू पुँजी जुटाउन धितोपत्र बजारमा आउने क्रम बढ्दो छ। स्टक एक्सचेन्जमा कारोबार हुने कम्पनीको संख्या हाल २८५ पुगेको छ। हालसम्म ७२ लाखभन्दा बढी डिम्याट खाता खोलिएका छन्, दोस्रो बजारमा

कारोबार गर्नका लागि ४५ लाखभन्दा बढी खाता खोलिएका छन् ।

धितोपत्र बजार सञ्चालनसँग जोडिएका थुप्रै संस्थाहरू स्थापना भएका छन् । ब्रोकरको संख्या ९० पुगेको छ, २ वटा स्टक डिलर छन, ३२ मर्चेन्ट बैंकर छन। यसैगरी ३ वटा क्रेडिट रेटिंग एजेन्सी, १२२ मर्चेन्ट बैकर र सिआस्बा आवद्ध ४३ संस्थाहरू सञ्चालनमा छन् ।

निरपेक्ष ढंगले हेर्दा यी तथ्यांकहरू उत्साहप्रद छन् । तथापि यत्तिको संख्याका संस्थाहरू पर्याप्त हुन कि होइनन् ? संख्यात्मक मात्र नभएर यिनीहरूको सञ्चालनमा गुणात्मक सुधार हुनुपर्ने हो कि होइन ? भन्ने पक्ष पनि महत्वपूर्ण हुन्छ । विकसित तथा परिपक्व बजारसँग तुलना गर्दा हामी परिमाणात्मक र गुणात्मक हिसाबले प्रारम्भिक चरणमै छौं भन्न सकिन्छ ।

**बजारको सुक्ष्म संरचना**

छरिएर रहेको बचतलाई पुँजी अभाव क्षेत्रतर्फ परिचालन गर्ने मुख्य उद्देश्यले धितोपत्र बजार सञ्चालनमा आएको हुन्छ। यो उद्देश्य हासिल गर्न सही संरचनाको बजार आवश्यक हुन्छ। नियमकीय प्रवन्ध तथा संस्थागत संरचना ठिक भएन भने बजारले मूल उद्देश्य अनुरुप काम गर्दैन। व्यक्तिगत तथा संस्थागत सहभागीले जोखिम तथा प्रतिफलको शृंखलावद्ध प्रवाहलाई आँकलन गर्न सक्ने गरी बजार संरचना निर्माण गर्नुपर्छ। यस किसिमको बजार संरचना निर्माण गर्न राज्य चुकेको छ।

हालको संरचनाले मुख्य रूपमा दोस्रो बजार कारोबारलाई प्रोत्साहन गरेको देखिन्छ। प्रथम सार्वजनिक निष्कासन (आइपीओ), थप निष्कासन (एफपीओ) र हकप्रदमार्फत कम्पनीहरूले पुँजी उठाइरहेको भए पनि दीर्घकालीन पुँजी निर्माण र औद्योगिक विस्तारका लागि बजारको उपयोग अझै प्रभावकारी हुन सकेको छैन ।

हाम्रो धितोपत्र बजारले पुँजीलाई बचत क्षेत्रबाट अभाव क्षेत्रमा प्रवाह गरेर उत्पादनशील आर्थिक गतिविधिमा सघाउ पुऱ्याइरहेको छ कि केवल मूल्यमा उतारचढाव ल्याउने गरी सम्पत्तिहरूको सट्टेबाजी कारोबारलाई प्रोत्साहित गरिरहेको छ भन्नेतर्फ हाम्रो ध्यान जानुपर्छ। धितोपत्र बजारको मूल्य उतारचढाव धितोपत्र बजारमा मात्रै सीमित हुँदैन, यसले समग्र वित्तीय प्रणाली, घरजग्गा लगायतका अन्य सम्पत्ति, वस्तु बजार, उपभोक्ता बजार तथा श्रम बजारलाई पनि असर गर्छ भन्ने हेक्का राख्नुपर्छ। तसर्थ, यो बजारलाई धितोपत्रको किनबेच हुने थलोको रुपमा मात्र बुझ्नु भुल हुन्छ। हाम्रो राज्यका निकायले यही भुल गरिरहेका छन् ।

यस सन्दर्भमा बजारको सुक्ष्म संरचनाले धितोपत्रहरूको दक्ष मूल्य निर्धारण गरेको छ कि छैन ? धितोपत्रको बजार मूल्यले सिर्जना गर्ने जोखिम वहन गर्ने क्षमता बजार सहभागीमा छ कि छैन ? राज्यले जसलाई बजारमा प्रत्यक्ष सहभागी हुन प्रोत्साहित गरिरहेको छ उनीहरूले जोखिम तथा प्रतिफलको प्रकृति तथा वितरणलाई बुझेका छन् कि छैनन् ? यस्ता प्रश्नहरूमा हाम्रा निकाय प्रवेश गरेकै छैनन् ।

धितोपत्र बजारमा मूल्यको निर्धारण माग र आपूर्ति परिमाणमा हुने परिवर्तनको प्रभाव बढी छ कि अरु नै कारणहरू छन् ? बजार मूल्य वस्तुगत आधारमा भन्दा मनोवैज्ञानिक कारणले प्रभावित भइरहेको छ भने त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने प्रश्नमा पनि हामी प्रवेश गरेकै छैनौं। यदि बजार कारोबारले धितोपत्रको मूल्य पहिल्याउने विषयमा खास योगदान गरेको छैन भने त्यो संरचनामा समस्या छ भन्ने बुझ्नुपर्छ र त्यसलाई सच्च्याउनु पर्छ ।

पातलो कारोबार र अस्थिरता साना बजारका साझा समस्या हुन् । जब कुनै सेयरको कारोबार थोरै हुन्छ, सानो कित्ताको किनबेचले पनि मूल्यमा ठूलो उतारचढाव ल्याउँछ। यसले बजारलाई अस्थिर बनाउँछ र लगानीकर्ताहरूले उचित लाभ लिन सक्दैनन् ।

निष्पक्ष मूल्य निर्धारणका चुनौतीहरू पनि हाम्रा सामु छन् । कम तरलता भएका कम्पनीहरूको सेयर मूल्य वास्तविक वित्तीय अवस्था भन्दा पनि सीमित व्यक्तिहरूको चाहनामा उतारचढाव हुने जोखिम रहन्छ। यसले गर्दा बजारको दक्षतामा प्रश्न उठ्छ। यसलाई पुँजी बजार सम्बद्ध सबै निकायको संयुक्त प्रयासबाट मात्रै सम्बोधन गर्न सकिन्छ।

धितोपत्रको कारोबार निरन्तर हुनुपर्छ, अविच्छिन्न रुपमा बजार सञ्चालन हुनुपर्छ। त्यस्तो बजारमा मात्र धितोपत्रको बजारयोग्यता बढ्छ, धितोपत्र तरल सम्पत्तिको रुपमा स्थापित हुन्छ, धितोपत्रको अन्तर्निहित मूल्य र बजार मूल्यमा तादात्म्य कायम हुन्छ। व्यावहारिक रुपमा यसलाई बजारमा किनबेच हुने सेयरको संख्यालाई सूचीकृत सेयर संख्याले भाग गरेर प्राप्त हुने अनुपातबाट मापन गरिन्छ। नेप्सेमा कारोबार अनुपात १८ प्रतिशत मात्र छ, यही अनुपात छिमेकी मुलुक भारतको नेसनल स्टक एक्सचेन्जमा ६५ प्रतिशत, पाकिस्तान स्टक एक्सचेन्जमा ३८ प्रतिशत र ढाका स्टक एक्सचेन्जमा २२ प्रतिशत छ। त्यस्तो अनुपातले हाम्रो बजार तरल छैन भन्ने देखाउँछ। हाम्रो बजार किन तरल छैन ? के कस्ता नीतिगत र संरचनागत अवरोधले बजारलाई तरल बन्न दिएको छैन केलाउने काम नीति निर्माताको हो ।

कम अनुपातमा सर्वसाधारणमा सेयर जारी हुनु तरलता अनुपात न्यून हुनुको एउटा कारण हो । यसले बजारमा सेयर कर्नरिङको जोखिम बढाउँछ । यसले गर्दा सामान्य लगानीकर्ताहरू अलमलमा पर्न सक्छन । बजारमा माग र आपूर्तिको वास्तविक सन्तुलन कायम गर्न कठिन हुन्छ। यस्तै अरु थुप्रै कारण होलान तिनीहरूलाई केलाउनु पर्छ।

दोस्रो बजार कारोबारको अर्को समस्या भनेको बैंक तथा वित्तीय संस्थाहरूको वर्चस्व हो। नेपालको सेयर बजार सुरुदेखि नै बैंक र वित्तीय क्षेत्रको नियामकीय व्यवस्था (अनिवार्य सूचीकरण) का कारण सोही

क्षेत्रमा केन्द्रित रह्यो । हाल संख्यात्मक हिसाबले जलविद्युत क्षेत्रको बाहुल्यता छ। उत्पादनमूलक र सेवामूलक (वास्तविक क्षेत्रका) कम्पनीहरूको उपस्थिति न्यून छ ।

बजार पुँजीकरणमा वाणिज्य बैंकहरूको हिस्सा २५ प्रतिशत छ भने समग्र बैंक, वित्तीय संस्था र बीमा क्षेत्रको हिस्सा ६० प्रतिशतभन्दा बढी छ । यसले बजारको असन्तुलित विकासलाई प्रतिबिम्बित गर्छ। यसले साधारण लगानीकर्ता, बजार सहभागी तथा सरकार कसैको पनि हित गर्दैन । बजार जुनसुकै बेला टुट्न सक्छ। वस्तु तथा सेवाको उत्पादन र रोजगारी सिर्जनामा यसले अर्थपूर्ण योगदान गर्दैन ।

बजारको उतारचढावलाई लिएर प्रायः गलत निष्कर्ष निकाल्ने गरिन्छ। दोस्रो बजारमा उतारचढाव आउनु स्वाभाविक हो। कहिले घट्ने कहिले बढ्ने बजारको आधारभुत चरित्र हो। बजार घट्दा यतिले घट्छ वा घट्नुपर्छ र बढ्दा यतिले बढ्छ वा बढ्नुपर्छ भन्ने कुनै वैज्ञानिक आधार संसारका कुनै पनि बजारमा पाइदैन। केवल जोखिम न्युनीकरणका लागि आवधिक रुपमा बजार घटबढ हुन सक्ने सीमा नियमकानुनमा तोकिएको हुन्छ। अतः प्रचलित नियमकानुनको परिधिभित्र रहेर बजारमा घटबढ भइरहेको छ कि छैन भन्नेमा मात्र हाम्रो चासो हुनुपर्छ ।

बजार परिसूचक नेप्से अर्थतन्त्रको ऐना वा ब्यारोमिटर बन्न सकेन भन्ने गुनासो पनि पाईन्छ। संसारमा कुनै पनि स्टक एक्सचेन्जका परिसूचकले सम्बद्ध मुलुकको अर्थतन्त्रसँग तादात्म्य राख्छ भन्ने सुनिश्चित हुँदैन । समग्र अर्थतन्त्रमा योगदान गर्ने क्षेत्रकै कम्पनीको बाहुल्य धितोपत्र बजारमा भएको अवस्थामा बजार र अर्थतन्त्रको सामान्य लय मिल्न सक्छ। असामान्य अवस्थामा त्यस्तो लय भंग हुन्छ। हाम्रा नीति निर्माता भने बजारको यो सामान्य यथार्थलाई नबुझेर वा बुझ पचाएर क्षणिक लोकप्रियताका लागि अतिरिक्त रुपमा सक्रिय हुने, अनावश्यक र असान्दर्भिक निर्देशन जारी गर्ने गरेको पाइन्छ ।

## कानुनी तथा नीतिगत संरचना

नेपालको धितोपत्र बजारलाई व्यवस्थित गर्न विभिन्न ऐन, नियम र नियमावलीहरू तर्जुमा भएका छन् र कार्यान्वयनमा पनि आएका छन्। धितोपत्र ऐन, २०६३ यस क्षेत्रको मुख्य कानुन हो। धितोपत्र बजार सञ्चालन नियमावली २०७९, सिडिएस नियमावली २०६७, र धितोपत्र व्यवसायी (दलाल तथा व्यापारी) नियमावली २०६४, सामूहिक लगानी कोष नियमावली २०६७, विशिष्टीकृत लगानी कोष नियमावली २०७५ लगायतका नियमावली र थुप्रै विनियमावली, निर्देशिका र कार्यविधि पनि बनेका छन् ।

विगतमा सामान्य कार्यविधिबाट सञ्चालित नेपालको धितोपत्र बजार हाल ऐनकानुनमा निकै धनी भइसकेको छ। तर यि कानुन पूर्ण छैनन्, पर्याप्त छैनन्। यी कानुनहरूले बदलिदो समाजको आवश्यकतालाई सम्बोधन गर्ने गरी धितोपत्र बजारलाई चलायमान हुन दिदैनन्। नयाँ कानुन तर्जुमा गर्ने, विद्यमान कानुनलाई परिमार्जन तथा संशोधन गर्ने सवालमा हामी सुस्त छौं। यसले समाजमा द्वन्द्व सिर्जना गरेको छ।

विभिन्न माध्यमबाट संसारसँग जोडिएको आजको खुला समाजको आकांक्षा बढ्दो छ। नवयुवालाई हालको आधारभुत सेयर बजारले सन्तुष्ट बनाउदैन। उनीहरूले बजारमा नयाँ आयाम खोजिरहेका छन, नयाँ कारोबारयोग्य औजार खोजिरहेका छन्। नवयुवाको समूहलाई बजारसँग जोडिरहनका लागि उनीहरूको माग बमोजिमका धितोपत्र बजार सेवा प्रवाह गर्न नयाँ कानुन तर्जुमा गर्नुपर्ने र भएका कानुनमा पनि परिमार्जन गर्नुपर्ने हुन्छ।

नीतिगत अस्थिरता हाम्रो अर्को समस्या हो। नियम र कानुनहरूमा बारम्बार हुने परिवर्तनले बजारमा अन्योल सिर्जना गर्दछ। कानुन तर्जुमा गर्दा वा संशोधन गर्दा तथ्य र तर्कलाई आधार बनाइनु पर्छ। कुनै व्यक्ति विशेष, स्वार्थ समूह वा भिडको दबाबमा कानुन बनाइनु हुँदैन। फितलो कानुन बन्ने र त्यसको कार्यान्वयन पनि कमजोर हुने हो भने त्यसले अराजकता सिर्जना गर्छ।

## संस्थागत संरचना

अपरिपक्व संस्थागत संरचना हाम्रो अर्को समस्या हो। नियम कानुन जस्तै धितोपत्र सम्बद्ध हाम्रा संस्थाहरूको संख्या पर्याप्त छैन भने भएका संस्थाहरूको भूमिकालाई स्पष्ट रुपमा परिभाषित गर्ने काम हुन सकेको छैन। परिभाषित भूमिकालाई सम्बद्ध संस्थाहरूले प्रभावकारी रुपमा कार्यान्वयन गरेको देखिदैन। नियमनकारी निकायहरूको सुदृढीकरण हुन बाँकी छ।

नेपाल धितोपत्र बोर्डलाई अधिकार सम्पन्न र स्वायत्त बनाउने कार्य बाँकी छ। स्टक एक्सचेन्ज, केन्द्रीय निक्षेप संस्था, कारोबार सदस्य, मर्चेन्ट बैंक लगायत धितोपत्र बजार सम्बद्ध संस्थाहरूको व्यावसायिक गुणस्तरमा सुधार आवश्यक छ। धितोपत्र बजारलाई अविच्छिन सञ्चालनका लागि सेन्ट्रल काउन्टरपार्टी तत्काल स्थापना हुनुपर्छ। यी विषयहरूमा पहलकदमी नीतिनिर्माण र प्रशासनको उच्च तहबाट हुनुपर्छ। अन्य निकायका एकल प्रयास निरर्थक र प्रभावहीन हुन्छन्।

## प्राविधिक पूर्वाधार

स्थापनाकालमा सेक्युरिटी खरिद बिक्री केन्द्रका आफ्ना कर्मचारीसम्म थिएनन्। केन्द्र २०५० सालमा नेप्सेमा रुपान्तरण भएर कारोबार थाल्दा ओपनआउट क्राइ सिस्टमलाई अवलम्बन गर्‍यो। त्यतिबेला यो सिस्टमलाई विकसित बजारले छोडिसकेका थिए। २०६४ सालमा दोस्रो बजार कारोबारलाई कम्प्युटरकृत गरियो। राफसाफ र फछर्यौटलाई कागजविहीन बनाउन बाँकी नै थियो। २०७५ सालमा आएर धितोपत्रको दोस्रो बजार कारोबार अनलाईन भयो।

यसले जनअपेक्षा ह्वात्तै बढाइदिएको छ। प्राविधिक पूर्वाधार भयो भने सबै कुरा गर्न सकिने रहेछ भन्ने किसिमको बुझाई

सर्वसाधारणमा परेको छ। प्राविधिक पूर्वाधारलाई प्रयोगमा ल्याउनका लागि आवश्यक पर्ने कानुन, त्यसका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, सुरक्षा, वित्तीय लगानी तथा सञ्चालन लागत, बजार सम्भाव्यता लगायतका पक्षमा उनीहरूलाई चासो हुँदैन। तर, संस्थापन पक्षले यी कुरामा ध्यान दिनुपर्छ। चर्चामा रहेका अन्तर्दिवसीय कारोबार, धितोपत्र सापटी लेनदेन, अक्सन मार्केट जस्ता बजार आयाम तथा इटिएफ, डेरिभेटिभ्स लगायतका कारोबारयोग्य औजारका लागि आवश्यक प्राविधिक पूर्वाधारका बारेमा संस्थापन पक्षले सोच्नुपर्छ। क्षणिक लोकप्रियता प्राप्तिका लागि सार्वजनिक मञ्चहरूमा अभिव्यक्ति दिनु अगाडी पर्याप्त गृहकार्य गर्नुपर्छ।

नेप्सेमा अनलाइन कारोबार प्रणाली भित्रिएपछि पहुँच बढेको छ, केही प्राविधिक चुनौतीहरू छन्। डाटा व्यवस्थापनलाई अझै प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ। सूचना प्रविधि पूर्वाधार र जनशक्तिमा हामीले धेरै नै लगानी गर्नुपर्नेछ।

## वित्तीय साक्षरता

हाम्रो समाजमा वित्तीय साक्षरता न्यून छ। वित्तीय क्षेत्रमा पनि धितोपत्र बजार तुलनात्मक रुपमा जटिल विषय हो। त्यसकारण धितोपत्र बजारमा शिक्षणरप्रशिक्षण अझ बढी आवश्यक छ। सुसूचित सहभागी बजारका बलिया स्तम्भ हुन। सुसूचित सहभागीबाटै बजारले स्थायित्व प्राप्त गर्छ। बजारका विकृति रोकथामका लागि पनि धितोपत्र बजार साक्षरता आवश्यक छ।

धितोपत्र बजार शिक्षणका लागि निश्चित पाठ्यक्रम निर्धारण गर्ने र सोही अनुरुप शैक्षिक कार्यक्रम सञ्चालनका लागि विशिष्ट शिक्षण संस्था (धितोपत्र शिक्षण प्रतिष्ठान) स्थापना गर्नुपर्छ। नियमित रुपमा कलेज तथा विद्यालयहरूमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुपर्छ। सामाजिक सञ्जालको उपयोग पनि धितोपत्र बजार साक्षरताका लागि प्रभावकारी हुन्छ।

## संस्थागत सुशासन

सूचीकृत कम्पनीहरूमा पारदर्शिता र खुलासाको अवस्था अझै कमजोर छ। पारदर्शिता तथा खुलासाका सम्बन्धमा विश्वव्यापी रुपमा प्रचलित असल अभ्यासलाई हामीले पनि अवलम्बन गर्नुपर्छ। उद्योग तथा व्यवसाय सञ्चालन जिम्मेवारीपूर्ण ढंगबाट हुनुपर्छ भन्ने संस्थागत सुशासनका सिद्धान्तको आशय हो। सूचीकृत कम्पनीका वृहत सरोकारवाला- सेयरधनी, कामदार, उपभोक्ता, स्थानीयबासी र सरकार हुन्। सबै सरोकारवालासँग न्यायोचित व्यवहार गर्ने, जवाफदेही हुने, पारदर्शी हुने गरी संस्था सञ्चालनको विधान बनाउने, सांगठनिक संरचना निर्माण गर्ने र सोही अनुरुपको अभ्यास अबलम्बन गर्नुपर्छ। यस किसिमले कम्पनीहरूलाई अभिमुखीकरण गर्ने र मार्गनिर्देशन गर्ने कर्तव्य राज्यको हो।

नेप्से र धितोपत्र बोर्डले अस्वाभाविक मूल्य वृद्धि वा कारोबारको आकारलाई निगरानी गरिरहेका हुन्छन। नेप्सेमा अनलाइन र अफलाइन सुपरिवेक्षणको व्यवस्था छ। तापनि यसमा सन्तोष मानेर बस्न सकिने अवस्था छैन। भित्री सूचनामा आधारित कारोबार नियन्त्रण चुनौतीपूर्ण कार्य हो। यसका लागि पर्याप्त कानुनी, संस्थागत तथा जनशक्तिको व्यवस्था हुनुपर्छ।

## सीमित उपकरण

नेपालको धितोपत्र बजारमा विविध कारोबारयोग्य औजारको अभाव छ भन्ने विषय धेरैलाई जानकारी छ। दोस्रो बजारमा बढी कारोबार सेयरको हुन्छ। थोरै परिमाणमा ऋणपत्र र म्युचुअल फन्डको कारोबार हुन्छ। यसले लगानीकर्तालाई लगानी विविधिकरण गर्ने अवसरबाट वञ्चित गरेको छ। लगानीकर्तालाई विविधिकरणको अवसर उपलब्ध गराउन इटिएफ लगायतका वित्तीय उपकरणहरूलाई छिट्टै बजारमा ल्याउनु पर्छ। वित्तीय डेरिभेटिभ्सको कारोबारका लागि पनि आवश्यक पूर्व तयारी थाल्नु पर्छ।

सरकारी र संस्थागत ऋणपत्रहरू जारी त हुन्छन् तर दोस्रो बजारमा यिनीहरूको कारोबार लगभग शून्य जस्तै छ। लगानीकर्ताहरूमा ऋणपत्र सम्बन्धी चेतनाको कमी र ब्याजदरको अनिश्चितताले यी उपकरणहरूको कारोबारलाई प्रोत्साहित गरेको देखिदैन।

## संस्थागत लगानीकर्ता

विकसित तथा परिपक्व बजारमा

अधिकांश व्यक्तिगत गानीकर्ताले धितोपत्र बजारमा सिधै सहभागिता जनाउदैनन्। उनीहरू लगानी व्यवस्थापक, कोष व्यवस्थापक, लगानी कम्पनी, पेन्सन कोष लगायतका संस्थागत लगानीकर्ताका माध्यमबाट बजारमा सहभागी हुन्छन। व्यक्तिगत लगानीकर्ता बाहुल्य रहेको बजार तुलनात्मक रुपमा अस्थिर हुन्छ। हाम्रो बजारमा व्यक्तिगत लगानीकर्ताको बाहुल्यता छ। पर्याप्त संख्यामा संस्थागत लगानीकर्ताको विकास भएको छैन। संस्थागत लगानीकर्ता मार्फत बजारमा सहभागी हुने लगानी संस्कृतिको विकास पनि हुन सकेको छैन।

## अपरिहार्य मार्गचित्र

उल्लेखित विषयहरूलाई सम्बोधन गर्ने नीति निर्माणको तहमा स्पष्टता आवश्यक छ। सामान्य बजार सहभागीको तहभन्दा माथि उठेर नेतृत्वले बजारको महत्तम प्रयोग गर्ने दूरदृष्टि सहित अभियान सञ्चालनका लागि ठोस गतिवधिहरू समाविष्ट कार्यतालिका तर्जुमा हुनुपर्छ। नीति निर्माताले धितोपत्र बजारका सम्बन्धमा आफैंलाई शिक्षित र प्रशिक्षित गरेको अवस्थामा मात्र स्पष्ट, दिगो, प्रभावकारी नीति तर्जुमा गर्न सक्छ। तबमात्र धितोपत्र बजारका लागि आवश्यक मार्गचित्र बनाउन सकिन्छ। स्पष्ट मार्गचित्रले नै धितोपत्र बजारको विकासलाई सही बाटोमा डोहोऱ्याउन सक्छ।

★ ★ ★

# बैंकिङ प्रणालीमा तरलता व्यवस्थापन चुनौतीपूर्ण

**बैकिङ क्षेत्रमा तरलता र ब्याजदरको सम्बन्ध नजिकको तर विपरीत हुन्छ । अधिक तरलताले ब्याजदरलाई कम गर्दै लैजान्छ भने न्यून तरलताले ब्याजदरलाई बढाउन प्रेरित गर्दछ । निक्षेप ब्याजदर धेरै सस्तो हुँदा बचतकर्ता निरुत्साहित भई उपभोग बढ्ने र पुँजी पलायनको सम्भावना देखिएको छ ।**



**डा. दिबाकर वशिष्ठ**
**विज्ञ**
**बैंक तथा वित्तीय संस्था**

सामान्य अर्थमा एक प्रकारको सम्पत्तिलाई कुनै अवरोध वा नोक्सानी विना अर्को प्रकारको सम्पत्तिमा परिवर्तन गर्न सक्ने क्षमता विशेषलाई तरलता भनिन्छ। कुनै पनि सम्पत्तिलाई नगदमा रुपान्तरण गर्न सक्ने अवस्था नै तरलता हो। बजार योग्य सुरक्षण पत्रहरू, बैंकमा भएको चल्ती, बचत निक्षेप तथा अन्य चल सम्पत्तिहरू तरल सम्पत्ति हुन। कुनै पनि व्यवसायको कारोबार सञ्चालन गर्न, त्यसबाट सिर्जित अल्पकालीन दायित्वहरूलाई सम्बोधन गर्न, भविष्यमा आई पर्न सक्ने व्यावसायिक संकटलाई बचाई राख्न तथा बजारमा कुनै पनि बेला आउन सक्ने अवसरबाट फाइदा लिन उपयुक्त मात्रामा तरलता राख्ने गरिन्छ। तरलता र नाफादायकताबीच विपरित सम्बन्ध हुने भएकोले अधिक मात्रामा तरल सम्पत्तिको भण्डारण गर्नु पनि उपयुक्त हुँदैन। पुँजीगत लाभ र उच्च प्रतिफलको लागि स्थिर प्रकृतिको सम्पत्तिको पनि उतिकै आवश्यकता पर्दछ। बैकिङ क्षेत्रमा तरलता र ब्याजदरको सम्बन्ध नजिकको तर विपरित हुन्छ। अधिक तरलताले ब्याजदरलाई कम गर्दै लैजान्छ भने न्यून तरलताले ब्याजदरलाई बढाउन प्रेरित गर्दछ। निक्षेप ब्याजदर धेरै सस्तो हुँदा बचतकर्ता निरुत्साहित भई उपभोग बढ्ने र पुँजी पलायनको सम्भावना देखिन्छ। साथै, कम प्रतिफलका आयोजनामा लगानी बढ्दछ। वैंक तथा वित्तीय संस्थाको मुनाफा कम हुन थाल्दछ। ब्याजदर वृद्धिले बचतलाई प्रोत्साहित गर्दछ। बचतले पुँजी निर्माण हुन्छ। लगानी योग्य रकम वृद्धि हुन्छ। यसले मूल्य वृद्धिमा दबाब पर्दछ र लगानी निरुत्साहित भई अर्थतन्त्रमा संकुचन देखिन थाल्दछ। धेरै सस्तो र धेरै महँगो दुवै ब्याजदर अर्थतन्त्रको लागी हितकर हुँदैन र त्यस्तो ब्याजदर दिगो पनि हुदैन।

### तरलता व्यवस्थापन

निक्षेपमा वढोत्तरी, आम्दानी, कर्जा असुली, बैंकिङ सम्पत्तिको बिक्री, मुद्राबजारबाट प्राप्त सापटी आदि तरलताका स्रोत हुन भने यसको उपयोग निक्षेपको भुक्तानी, कर्जा प्रवाह, सञ्चालन खर्च तथा कर भुक्तानी, मुद्रा बजारबाट प्राप्त रकमको भुक्तानी आदिमार्फत हुन्छ। निक्षेपको वृद्धिदर, प्रकृति, संरचना, मूल्यसँग तालमेल गराउँदै बढी भएको रकमलाई अधिकतम मुनाफा आर्जन गर्ने क्षेत्रमा उपयोग गर्ने प्रकियाको साथै ग्राहकहरूले मागेको समयमा उनीहरूको निक्षेप फिर्ता दिन सक्ने र कर्जाको मागलाई सम्बोधन गर्न सक्ने क्षमतालाई तरलता व्यवस्थापन भनिन्छ। निक्षेप फिर्ताको सुनिश्चितता, कर्जाको माग पूर्ति, नेपाल राष्ट्र बैंकले तोकेको अनिवार्य मौज्दात अनुपात र वैधानिक तरलता अनुपात नियमको पालना, वित्तीय जोखिम न्यूनीकरण लगायतको लागी तरलता व्यवस्थापन गरिन्छ। केन्द्रीय बैंकले हरेक आइतबार र बुधबार निरन्तर तरलता खिचिरहँदा

पनि यसको व्यवस्थापन गर्न हम्मे हम्मे परेको छ। हाल बैकिङ क्षेत्रमा निक्षेप करिब ७७ खर्बको नजिक पुगेको छ भने कर्जा लगानी करिब ५८ खर्बको नजिकमा रहेको छ। पछिल्लो समय लगानीमा केही सुधार आएको देखिन्छ। केन्द्रीय बैकले सुन, सेयर र कर्जामा लगानी बढाउन प्रेरित गर्दासमेत अपेक्षित लगानी बढ्न सकेको छैन। राष्ट्र बैंकका अनुसार वार्षिक विन्दुगत आधारमा चालु आर्थिक वर्षको मार्ग मसान्तसम्म निक्षेपको वृद्धिदर १३.९ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.६ प्रतिशत रहेको थियो। अधिक तरलता व्यवस्थापनको लागि केन्द्रीय बैंकले हस्तक्षेप गर्दै बारम्बार निक्षेप संकलन उपकरण र ऋणपत्रहरू जारी गरिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ लगानी कमजोर हुँदा बैकिङ क्षेत्र क्रमशः तरलताको जालमा फस्दै गएको देखिन्छ। विगतमा बाह्य अर्थतन्त्र सुदृढ भए पनि आन्तरिक अर्थतन्त्र चलायमान हुन नसकी कमजोर अवस्थामा थियो। हाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांक हेर्दा आन्तरिक अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ। तथापि आम निर्वाचनको कारणसमेत सर्वसाधरणको चुलो भने महँगिदै गएको छ। निर्यात, विप्रेषण आप्रवाह, निजी क्षेत्रतर्फ जाने कर्जा, सोधनान्तर बचत, विदेशी मुद्राको सञ्चिति, वैदेशिक लगानी, विदेशी मुद्राको सञ्चितिमा भने केही सुधार देखिएको छ। यसलाई हेर्दा भविष्यमा कर्जा लगानी वृद्धि भई तरलता व्यवस्थापनमा क्रमशः सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ। न्यून लगानीका कारण अधिक तरलताको जालमा बैंकिङ क्षेत्र रहँदै गर्दा बाह्य क्षेत्र सुदृढ रहेको छ भने आन्तरिक अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ।

## तरलता व्यवस्थापनमा नियामकीय भूमिका

नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापन हेतु खुला बजार कारोबार विनियमावली २०७८ को अधिनमा रही खुला बजार कारोबार सञ्चालन गर्दै आएको छ। यसअन्तर्गत रिपो/रिभर्स रिपो बोलकबोल र निक्षेप संकलन उपकरण पर्दछन् भने संरचनात्मक खुला बजार कारोबार अन्तर्गत सोझै खरिद/बिक्री बोलकबोल, दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल, दीर्घकालीन निक्षेप संकलन बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्र पर्दछ। नेपाल राष्ट्रबैंकले हरेक आर्थिक वर्ष मौद्रिक नीति जारी गरी तरलता व्यवस्थापनका लक्ष्य, उपकरण र दिशा निर्धारण गर्दछ। तरलता बढी भएमा संकुचन नीति अपनाइन्छ भने तरलता कम भएमा विस्तारात्मक नीति अपनाइन्छ। वजारमा तरलता बढी हुँदा नियामकले ट्रेजरी बिल, विकास ऋणपत्र बिक्री, रिभर्स रिपोमार्फत बजारबाट पैसा तान्ने वा सोस्ने काम गर्दछ। यदि बजारमा तरलता कम भयो भने विस्तारकारी नीतिमार्फत बजारमा तरलता पठाउने कार्य गर्दछ। राष्ट्रबैंकले तरलता सन्तुलन, वित्तीय स्थायित्व र आर्थिक वृद्धिको लागि मौद्रिक उपकरण, नीति निर्देशन र प्रभावकारी अनुगमन गरी तरलता बढी वा कम दुवै अवस्थालाई व्यवस्थापन गर्दै बैंकिङ प्रणालीलाई सुरक्षित र स्थिर वनाउन पहल गरिरहेको अवस्था छ।

## तरलता व्यवस्थापनका चुनौतीहरू

नेपालको बैंकिङ क्षेत्रमा हाल तरलता व्यवस्थापन सम्बन्धि चुनौतीहरू वृद्धि हुँदै गएको छ। हाल नेपाल राष्ट्रबैकमा करिब ११ खर्बभन्दा बढी अधिक तरलता थुप्रिएको छ। तर, सोही अनुपातमा कर्जा प्रवाह हुन सकेको छैन। ब्याजदर एकल अंकमा झर्दा पनि निजी क्षेत्रबाट कर्जाको मागमा अपेक्षित सुधार देखिँदैन। एकातर्फ बैंकहरूको खराव कर्जा बढिरहेको छ भने अर्कोतर्फ धितो लिलाम हुन नसक्दा गैरबैंकिङ संम्पत्तिको वृद्धि भइरहेको छ। सरकारी खर्चमा अपेक्षित सुधार नहुँदा बजार चलायमान हुन सकेको छैन भने विकास निर्माणका आयोजनाहरू समयमा सम्पन्न हुन नसक्दा अर्थतन्त्रमा चाप परेको छ। बैंकमा पैसा भएर पनि व्यावसायिक वातावरण नबन्दा कर्जा लगानी न्यून छ। वित्तीय बजारमा तरलताको अवस्था सधैँ एकनास हुँदैन। कहिले अभाव, कहिल अधिक तरलताो समस्या देखिन्छ। सरकारी खर्चको प्रकृति, निक्षेप, कर्जाबीचको असन्तुलन र निक्षेपमा एकाधिकार जस्ता समस्याले तरलता व्यवस्थापन चुनौतीपूर्ण हुँदै जान्छ। तरलता व्यवस्थापन बैंकको नाफा र सुरक्षाबीचको सन्तुलन मिलाउने कला हो। यदि तरलता धेरै भएमा बैंकको नाफा घट्छ र थोरै भएमा संस्थाको अस्तित्व संकटमा पर्दछ। त्यसैले सुदृढ आर्थिक विकासका लागि बैंक तथा वित्तीय संस्थाहरूले प्रभावकारी तरलता व्यवस्थापन नीति अबलम्वन गर्नु अनिवार्य छ।

## तरलता जाल

तरलता जाल भनेको यस्तो अवस्था हो जहाँ बैंकिङ प्रणालीमा अधिक तरल रकम वा नगद छ। त्यसको अलावा ब्याजदरसमेत कम छ। तथापि लगानी र कर्जा बढाउन सकिएको छैन। यस्तो अवस्थामा मानिस, व्यवसाय र बैंकहरूले समेत भविष्यप्रति बढ्दो अनिश्चितताबाट बच्न बढी नगद राख्न चाहन्छन् र कर्जा लिन दिन हिच्किचाउँछन्। तसर्थ नेपाली बैंकिङ प्रणालीमा पर्याप्त तरलता भए पनि कर्जा र लगानी नबढ्ने, मौद्रिक नीति अपेक्षित

प्रभावकारी नहुने अवस्था नै तरलता जाल हो। हालको बढ्दो तरलता र न्यून लगानीको अवस्था दीर्घकालसम्म रहिरहे अर्थतन्त्र थप कमजोर हुन्छ। त्यसैले सरकार, नेपाल राष्ट्रबैंक र निजी क्षेत्रले तरलता जालबाट बैंकिङ क्षेत्रलाई बचाउन आपसी समन्वय गरी लगानीको वातावरण निर्माण गर्न ढिला गर्नु हुँदैन। कमजोर आर्थिक गतिविधि, व्यापार, निर्माण र उद्योग क्षेत्रमा माग घटेकाले व्यवसाय विस्तारका लागी कर्जाको आवश्यकता कम भएको कारण तरलताको जालमा पर्ने सम्भावना प्रबल बन्दै गएको देखिन्छ। राजनीतिक अस्थिरता, नीतिगत परिवर्तनको अनिश्चितता र बजारको कमजोर विश्वासका कारण लगानीकर्ताहरू जोखिम लिन हिचकिचाएको अवस्था छ। अघिल्लो वर्षहरूको कर्जा असुली कमजोर भएको हुँदा नयाँ कर्जा प्रवाहमा बैंकिङ क्षेत्र बढी सावधान भएको देखिन्छ। घर जग्गा व्यवसाय सुस्त हुँदा यस क्षेत्रसँग सम्बन्धित कर्जाको माग घटेको छ। नेपाल राष्ट्रबैंकले नीतिगत ब्याजदर घटाएको र बैंकिङ क्षेत्रको ब्याजदर पनि घटिरहेको भए पनि निजी क्षेत्रले कर्जा लिन रूचि नदेखाउनु तरलता जालको प्रमुख लक्षण हो। कर्जा प्रवाह न्यून भई आर्थिक वृद्धि कमजोर हुनु, उद्योग, व्यापार र उत्पादन क्षेत्रमा लगानी घट्नु, रोजगारी सिर्जना हुन नसक्नु, बैंकहरूको नाफामा दबाव पर्नु र मौद्रिक नीतिको प्रभावकारिता घट्नुले तरलता जाललाई थप प्रोत्साहित गरेको देखिन्छ।

## उत्पादनमूलक क्षेत्रमा कर्जा वृद्धि

उत्पादनमूलक कर्जा भन्नाले उत्पादन, कृषि, ऊर्जा, उद्योग र पर्यटन जस्ता क्षेत्रहरू जसले दीर्घकालीन आर्थिक वृद्धि र रोजगार सिर्जना हुने क्षेत्रको लगानीलाई बुझाउँछ। त्यसैगरी गैर-उत्पादनमूलक भन्नाले रियल स्टेट, उद्योग,साना कर्जा, ओभड्राफ्ट, सवारीसाधन आदिमा गरिने लगानी हो। हाल उत्पादनमूलक क्षेत्रमा कुल कर्जाको १७.३ प्रतिशत लगानी छ भने अनुत्पादक क्षेत्रमा ४१.६ प्रतिशत देखिन्छ। निजी क्षेत्रमा ६.६ प्रतिशत कर्जा लगानी छ। तर, लक्ष्य भने १२ प्रतिशतभन्दा माथि रहेको छ। बैंकिङ क्षेत्र उत्पादन क्षमता र दीर्घकालीन आर्थिक विकासलाई समर्थन गर्ने सन्तुलित ऋण प्रवाह गर्न चुकेको देखिन्छ। धेरै ऋण उपभोग लगायत गैर उत्पादनमूलक क्षेत्रमा प्रवाह भई रहेको देखिन्छ। यसले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने देखिन्छ। तरलताको जालबाट उम्किन सरकारले पुँजीगत खर्च बढाई पूर्वाधार परियोजनाहरूमा लगानी बढाउने, स्थिर नीति, कर छुट र व्यवसायमैत्री नियमले निजी क्षेत्रको विश्वास बढाउने हुँदा यसर्फ सम्बन्धित निकायले ध्यान दिने, कृषि, ऊर्जा, पर्यटन र साना तथा मझौला उद्योगमा लक्षित कर्जा कार्यक्रम ल्याउने, बैंकहरूले कर्जा मुल्यांकन प्रणाली थप बलियो वनाउनु पर्ने, मौद्रिक र वित्त नीतिबीच प्रभावकारी समन्वयन हुनु पर्नेलगायतका छन्। उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहका लागी अनिवार्य कर्जा अनुपात प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ। कृषि, उद्योग, पर्यटन, ऊर्जा सूचना प्रविधि जस्तो क्षेत्रमा सहुलियत दरको कर्जा नीति थप प्रभावकारी वनाउनु पर्दछ। कृषि, उत्पादनमूलक उद्योग, साना तथा मझौला उद्योग र निर्यामुखी क्षेत्रको कर्जा प्रवाहमा ब्याज अनुदानको व्यवस्था र लचिलो कर्जा नीति अवलम्वन गर्नुपर्दछ । ऊर्जा, जलविद्युत, हरित तथा नवीकरणीय ऊर्जामा दीर्घकालीन कर्जालाई प्रोत्साहन गर्ने, आयात प्रतिस्थापन र रोजगारी सिर्जना गर्ने उद्योगलाई विशेष प्राथमिकता दिनु पर्दछ। बैंकका कर्मचारीलाई उत्पादन क्षेत्रको मूल्यांकन तथा परियोजना विश्लेषण तालिम दिने, कृषि र साना उद्योगको लागी विशेष कर्जा डेस्क स्थापना गर्ने, डिजिटल बैंकिंङ र फिनटेक प्रयोग गरी ग्रामीण क्षेत्रमा कर्जा पहँच विस्तार गर्ने, सरकारले उत्पादक क्षेत्रमा लगानी गर्ने परियोजनाका लागी कर छुट, अनुदान र बीमा व्यवस्था उपलव्ध गराउने, संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गरी कृषि तथा उद्धम कर्जा कार्यक्रम सञ्चालन गर्ने, सार्वजनिक निजी साझेदारीमार्फत ठूला उत्पादनमूलक परियोजना प्रवर्धन गर्ने, उत्पादक क्षेत्रमा प्रवाह भएको कर्जाको निरन्तर अनुगमन गर्ने, समस्या परेका तर सम्भावनायुक्त परियोजनाका लागी कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने, खराब कर्जा न्यूनीकरण गर्न प्रारम्भिक चेतावनी प्रणाली लागु गर्ने, किसान, उद्यमी र युवालाई वित्तीय साक्षरता र व्यवसाय व्यवस्थापन तालिम दिने, स्टार्टअप तथा नवप्रवर्तनशील उद्यमका लागि बिउ पुँजी र सहुलियत कर्जा व्यवस्था गर्नेलगायतका कार्यमा बैंकिङ क्षेत्रले ध्यान दिन सक्नु पर्दछ। उत्पादक क्षेत्रमा कर्जा प्रवाह वढाउन नीतिगत सुधार,जोखिम व्यवस्थापन, सरकारी सहकार्य र संस्थागत क्षमता विकास अपरिहार्य छन्। यी उपचारात्मक उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा उत्पादन, रोजगारी र समग्र अर्थतन्त्रको विकासमा सकारात्मक योगदान दिनेमा कसैको विमति नरहला।

## तरलता व्यवस्थापनको भावी मार्ग

तरलता व्यवस्थापन सम्बनधि अन्तराष्ट्रिय अभ्यासबाट नेपालले धेरै कुरा सिक्न सक्छ। मुलतः विदेशी केन्द्रीय

बैंकहरू तरलता संकट आउनुअघि नै पूर्वानुमान गर्न सक्षम हुन्छन्। नेपालले पनि अग्रिम तरलता पूर्वानुमान प्रणालीको विकास गर्नुपर्दछ। रिपो, रिभर्स रिपो र वासेल ३ लाई औपचारिक मात्र नभै व्यावहारिक रुपमा लागु गर्न ढिला भइसकेको छ। बैंक अफ इंगलेण्डमा जस्तो राष्ट्रबैंकको निगरानीमा अनिवार्य त्रैमासिक स्ट्रेश टेस्टिंङ गर्नु पर्दछ। ब्याजदर र करिडरलाई सक्रिय र प्रभावकारी वनाउनु पर्दछ। तरलता व्यवस्थापन संकट समाधानको मात्र उपकरण नभई यो स्थायित्व र विकासको आधार भएको हुँदा विदेशमा जस्तो नेपालले पनि यससम्बन्धी अग्रिम योजना, बजारमा आधारित उपकरणको विकास, कडा जोखिम व्यवस्थापन, नीतिगत समन्वय, पारदर्शिता र प्रविधिमूलक अभ्यासलाई स्वदेशको आर्थिक संरचना अनुकूल लागु गर्न सकेमा बैंकिङ प्रणाली विश्वसनीय बन्नेछ। नेपालमा तरलता व्यवस्थापन मुख्यतया नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, सरकारी खर्च, विप्रेषण, आयात र निर्यात अवस्था तथा कर्जा प्रवाहसँग सम्बन्धित छ। कहिले तरलताको चाप र कहिले अत्यधिक तरलताले बैंकिङ प्रणालीमा अस्थिर चक्र सिर्जना गरेको छ। तरलता व्यवस्थापन प्रभावकारी नहुँदा बैंकहरूले कर्जा प्रवाह गर्न सक्दैनन। ब्याजदरमा अस्थिरता आउँछ। वित्तीय संकटको जोखिममा वृद्धि हुनुको साथै लगानीको वातावरण कमजोर हुन्छ। तसर्थ बैंकिङ प्रणालीमा विश्वास कायम गर्न, ब्याजदर स्थिर राख्न र आर्थिक वृद्धिको लागी प्रभावकारी तरलता व्यवस्थापन जरुरी छ।

बैंकिङ प्रणालीमा तरलता व्यवस्थापनका लागि भावी मार्गहरूमा खुला वजार ञ्चालन प्रभावकारी वनाउने, दीर्घकालीन रिपो र स्ट्यान्डि सुविधा विस्तार गर्ने, मौद्रिक नीतिलाई थप लचिलो वनाउने, आक्रमक कर्जा विस्तारभन्दा दिगो कर्जा रणनीति अपनाउने, दीर्घकालीन कर्जालाई दीर्घकालीन निक्षेपसँग जोड्ने, उपभोगमुखीभन्दा उत्पादनमुखी कर्जामा जोड दिने, राज्यको कोष र मौद्रिक नीतिबीच सामञ्जस्यता कायम गर्ने, पुँजीगत खर्च वढाउने, सरकारी निक्षेपको व्यवस्थापन पारदर्शी बनाउने, विप्रेषणलाई बैंकिङ प्रणालीमार्फत आकर्षित गर्ने, वैदेशिक रोजगारीबाट आएको पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, विदेशी मुद्रा व्यवस्थापन सुदृढ गर्ने, तरलता व्यवस्थापन ढाँचा बलियो बनाउने, तनाव परीक्षण नियमित गर्ने, खराब कर्जा नियन्त्रणमा राख्ने, डिजिटल बैंकिङ, मोबाइल बैंकिङ र फिनटेकको विस्तार गर्दै सोमार्फत निक्षेप संकलनको साथै बैंकिङ पहुँच विस्तारमा जोड दिने कार्यलगायतले मात्र तरलता व्यवस्थापनलाई दिगो वनाउँछ।

बैकिङ प्रणालीमा तरलता व्यवस्थापन केबल केन्द्रीय बैंकको मात्र जिम्मेवारी नभई वित्तीय क्षेत्र, सरकार र निजी क्षेत्रको साझा उत्तरदायित्व हो। भावी दिनमा नीतिगत समन्वयन, दिगो कर्जा रणनीति, प्रभावकारी जोखिम व्यवस्थापन र डिजिटल वित्तीय विकासमार्फत मात्र तरलता व्यवस्थापनलाई स्थायी वनाउन सकिन्छ। यसले बैंकिङ प्रणालीलाई मात्र होइन समग्र अर्थतन्त्रलाई स्थायित्व र विकासको मार्गमा अघि बढाउने कुरामा कसैको विमति नरहला।

★ ★ ★

# उदार आर्थिक नीतिको अवधारणा : नेपालमा प्रयोग र चुनौती

व्यापार घाटा, आय असमानता, औद्योगिक कमजोरी, कृषि संकट र रेमिटेन्स निर्भरता प्रमुख चुनौतीका रूपमा रहेका छन् । भविष्यमा दिगो र समावेशी विकासका लागि औद्योगिकीकरण, निर्यात विविधीकरण, कृषि आधुनिकीकरण, सुशासन, पूर्वाधार विकास र मानव पुँजी सुदृढीकरणमा जोड दिन आवश्यक छ ।



**मेनुका कार्की**
अध्यक्ष
नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

**१. उदार आर्थिक नीतिको सैद्धान्तिक आधार**

उदार आर्थिक नीतिको सैद्धान्तिक आधार मुख्यतः शास्त्रीय उदारवाद, नवउदारवाद, बजार संयन्त्रको सिद्धान्त तथा निजी सम्पत्तिमाथिको अधिकारमा निर्भर गर्दछ। दार्शनिक जोन लकले सामाजिक करार सम्झौताको व्याख्या गर्दा व्यक्तिगत जीवन, मानिसको स्वतन्त्रता र निजी सम्पतिलाई राज्यले चलाउन पाउँदैन भन्ने कुरामा जोड दिए। शास्त्रीय उदारवादको जरा जोन लकको त्यही अवधारणामा उभिएको छ। राज्यको भूमिकाका आधारमा कति उदार राज्य छ भन्ने परिभाषा गर्न सकिन्छ। राज्यको सीमित भूमिका भयो मात्र उदारवादी सिद्धान्तले काम गर्न सक्छ।

अर्थसास्त्री एडम स्मिथको किताब त्जभ ध्भबतिज या ल्बतष्यलक लाई उदार आर्थिक चिन्तनको आधार मान्ने गरिन्छ। स्मिथले उक्त किताबमा अदृश्य हातको वर्णन गरेका छन् । व्यक्तिगत स्वार्थअनुसार बजारमा क्रियाशील हुँदा समष्टिगत रूपमा समाजको हित हुन्छ भन्ने उनको तर्क छ (Smith, 1976) । स्मिथका अनुसार बजारमा माग र आपूर्तिको स्वतन्त्र अन्तर्क्रियाले मूल्य निर्धारण गर्छ। प्रतिस्पर्धालाई उत्पादन वृद्धि, नवप्रवर्तन र गुणस्तर सुधारको प्रमुख कारक हो भन्ने उनको धारणा छ। उनले सरकारको भूमिका सीमित हुनुपर्ने कुरामा जोड दिए। सरकारको काम कानुनी राज्य स्थापना, सम्पत्तिमाथिको अधिकार संरक्षण र सार्वजनिक पूर्वाधार विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

डेभिड रिकार्डोको तुलनात्मक लाभको सिद्धान्त शास्त्रीय उदारवादको अर्को महत्वपूर्ण आधार हो। रिकार्डोका अनुसार प्रत्येक देशले आफूले कम अवसर लागतमा उत्पादन गर्न सक्ने वस्तुमा विशेषज्ञता हासिल गरी अन्य देशसँग व्यापार गर्दा दुवै पक्षलाई लाभ हुन्छ (Ricardo, 1817)। यो सिद्धान्त स्वतन्त्र व्यापारको सैद्धान्तिक जगमा उभिएको छ। अन्तर्राष्ट्रिय श्रम विभाजनलाई आर्थिक दक्षताको माध्यमका रूपमा व्याख्या गर्छ। उदार आर्थिक नीतिमा स्वतन्त्र व्यापारलाई विकास र समृद्धिको आधार मानिन्छ। स्वतन्त्र व्यापारले उत्पादन लागत घटाउँछ। उपभोक्तालाई सस्तो तथा विविध वस्तु छनोटको उपलब्ध गराउछ। प्रविधि हस्तान्तरणलाई सहज बनाउछ।

जेरेमी बेन्थम र जेएस मिल जस्ता उपयोगितावादी सिद्धान्तकारहरूले अधिकतम व्यक्तिको अधिकतम सुखमा जोड दिए। उनीहरूको तर्कमा कुनै पनि देशले आर्थिक नीति निर्माण गर्दा धेरै व्यक्तिले बढीभन्दा बढी फाइदा कसरी पाउँछ भन्ने विषयमा ध्यान दिनु पर्छ भन्ने छ। स्वतन्त्र बजार प्रणालीले प्रतिस्पर्धा र नवप्रवर्तनलाई प्रोत्साहन दिँदै समग्र समाजको हितमा योगदान पुऱ्याउँछ भन्ने विचार उपयोगितावादको नजिक रहन्छ। जेएस मिलले व्यक्तिगत स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई आर्थिक

प्रगतिको आधार मानेक छन् । उदार आर्थिक नीतिले व्यक्तिगत उद्यम र स्वामित्वलाई वैधता प्रदान गर्छ (Mill, 1863) ।

२० औँ शताब्दीमा नवउदारवादको पुनरुत्थान भयो । सन् १९७० को दशकपछि केन्सियन राज्य हस्तक्षपवादी मोडेलको आलोचना गर्दै फ्रेडरिक हायेक र मिल्टन फ्रिडम्यानजस्ता अर्थशास्त्रीहरूले बजार स्वतन्त्रताको पक्षमा वकालत गरे। हायेकका अनुसार केन्द्रीय योजनाले सम्पूर्ण आर्थिक जानकारी संकलन गर्न सक्दैन । बजार प्रणाली मूल्य संकेतमार्फत सूचना प्रवाह गर्ने प्रभावकारी संयन्त्र हो (Hayek, 1945) । राज्यको अत्यधिक हस्तक्षेपले व्यक्तिगत स्वतन्त्रता र आर्थिक दक्षता दुवैलाई कमजोर बनाउछ भन्ने उनको तर्क छ ।

फ्रिडम्यानले मौद्रिकवादको सिद्धान्त प्रस्तुत गर्दै मुद्रास्फीति नियन्त्रणका लागि मौद्रिक नीतिको भूमिका महत्वपूर्ण हुने बताए । सरकारी नियमन घटाएर निजी क्षेत्रलाई सशक्त बनाउनुपर्ने विचार व्यक्त गरे (Friedman, 1962)। नवउदारवादी दृष्टिकोण अनुसार कर कटौती, निजीकरण, व्यापार उदारीकरण र वित्तीय क्षेत्र सुधार आर्थिक वृद्धिका प्रमुख साधन हुन् ।

बजार संयन्त्र उदार आर्थिक नीतिको केन्द्रबिन्दु हो । कुनै वस्तुको माग बढ्छ भने मूल्य वृद्धि हुन्छ। जसले उत्पादन बढाउन संकेत गर्छ । उत्पादन बढेसँगै वजारमा वस्तुको आपूर्ति बढी हुन्छ। यस्तो अवस्थामा मूल्य घटेर उत्पादन सन्तुलनमा आउँछ। यस प्रक्रियालाई स्वतःस्फूर्त सन्तुलन प्रणालीको रूपमा व्याख्या गरिन्छ। बजारमा भएको प्रतिस्पर्धाले लागत घटाउन, गुणस्तर सुधार गर्न र नवप्रवर्तनलाई प्रोत्साहन गर्न मद्दत गर्छ । निजी सम्पत्ति अधिकारको सुरक्षा यस प्रणालीको अर्को आधारभूत शर्त हो । लगानीकर्तालाई आफ्नो सम्पत्ति सुरक्षित हुने विश्वास छैन भने दीर्घकालीन लगानी र उत्पादन विस्तार असम्भव जस्तै हुन्छ (Hayek, 1945) ।

केन्सियन अर्थशास्त्री जोन मेनार्ड केन्सले आर्थिक मन्दी र बेरोजगारीको अवस्थामा सरकारको सक्रिय हस्तक्षेप आवश्यक हुने तर्क गरे। उनका अनुसार बजार सधैँ पूर्ण रोजगारी र सन्तुलनमा रहँदैन । सार्वजनिक खर्चमार्फत माग व्यवस्थापन गर्नुपर्छ। विकासोन्मुख देशहरूमा संरचनात्मक कमजोरी, सीमित औद्योगिक आधार र असमान आय वितरणका कारण पूर्ण उदारीकरणले असमानता बढाउछ भन्ने आलोचकहरूको तर्क छ। स्टिग्लिट्ज जस्ता आधुनिक अर्थशास्त्रीहरूले बजार असफलताको अवधारणा प्रस्तुत गर्दै अपूर्ण जानकारी, एकाधिकार र बाह्य प्रभावका कारण राज्य नियमन आवश्यक हुने बताएका छन् (Stiglitz, 2002) ।

शास्त्रीय उदारवादले स्वतन्त्र बजार, निजी स्वामित्व र सीमित सरकारको अवधारणामा जोड दिए । रिकार्डोले स्वतन्त्र व्यापारलाई तुलनात्मक लाभको सिद्धान्तमार्फत ब्याख्या गरे । उपयोगितावादले सामाजिक हितलाई नै आर्थिक स्वतन्त्रताको उद्देश्य ठहर भएको वतायो । नवउदारवादले आधुनिक सन्दर्भमा बजार स्वतन्त्रताको पुनः व्याख्या गर्यो । बजार संयन्त्र तथा सम्पत्ति अधिकारले यसको संस्थागत आधार निर्माणमा जोड दियो। त्यसैले उदार आर्थिक नीतिको सैद्धान्तिक आधार केवल स्वतन्त्र बजारको समर्थन मात्र नभई प्रभावकारी संस्थागत संरचना, कानुनी शासन र उत्तरदायी राज्य व्यवस्थासँग जोडिएको देखिन्छ ।

## २. विश्व बजारमा उदार अर्थ व्यवस्था

सन् १९२९-३० को विश्वव्यापी रूपमा छाएको आर्थिक मन्दीपछि विश्व समुदाय स्रोतसाधनको आधारमा विकसित र अविकसित राष्ट्र गरी दुई वर्गमा विभाजित हुन पुग्यो । आर्थिक मन्दीको कारण विश्वमा बढ्दै गएको व्यापक गरीबी, चरम आर्थिक शोषण, बढ्दो बेरोजगारी नियन्त्रणका लागि सरकारले लगानीकर्ता, उत्पादनकर्ता, व्यवसायीको उपस्थितिलाई अनिवार्य गराए । यसले सरकारको शासन व्यवस्थाको दायरा फराकिलो हुन पुग्यो। फलस्वरूप आर्थिक तथा सामाजिक विकासका लागि निजीक्षेत्रको भूमिका अपरिहार्य हुन गयो। विश्वयुद्धले क्षतिग्रस्त राष्ट्रको पुनर्निर्माणको लागि मिश्रित अर्थ व्यवस्थालाई आत्मसात् गरियो। विश्वको अर्थव्यवस्थामा महत्वपूर्ण भूमिका खेल्दै आएका अमेरिका, बेलायतजस्ता राष्ट्रले उदार अर्थ व्यवस्थालाई नै जोड दिन थाले। विस्तारै विश्वबाटै उदार अर्थ व्यवस्थालाई राष्ट्रको विकास निर्माणको उपयुक्त साधनका रूपमा स्वीकार गर्न थालियो ।

सन् १९८० को दशकमा विश्व समुदायलाई प्रभाव पार्ने गरी यो व्यवस्था देखा परेको थियो। यसको बलियो प्रभाव दक्षिण एशियाली राष्ट्रमा पर्न गएको थियो। यसैको परिणाम स्वरूप नेपालको जन निर्वाचित सरकारले विसं २०४८-४९ तिर आठौं पञ्चवर्षीय योजनामा उदार अर्थ व्यवस्थाको नीतिलाई आत्मसात गरियो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको माध्यमबाट जनताको सर्वोपरि हित र समुन्नतिको प्रत्याभूतिका लागि राज्यको शासन व्यवस्था केन्द्रित हुने भनी संविधानमा उल्लेख गरेको छ। निजीक्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, उपलब्ध स्रोत, साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि प्राप्त गर्ने, नेपाली श्रम, शीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने सम्बन्धमा राज्यले आवश्यक नीति बनाइ कार्यान्वयन गरिने विषय संविधानमा उल्लेख हुनु भनेको देशमा उदार अर्थ व्यवस्थालाई स्वीकार गर्नु हो। आर्थिक क्षेत्रमा हुने विभिन्न गतिविधिमा स्वच्छता, पारदर्शी, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्ने गरी राज्यले आवश्यक व्यवस्था गर्न सक्छ ।

### ३. नेपालमा उदार आर्थिक नीतिको प्रयोग

नेपालमा उदार आर्थिक नीतिको प्रयोग २०४६ सालको राजनीतिक परिवर्तनसँगै संस्थागत रूपमा सुरु भयो। त्यसअघि नेपालले राज्य-प्रधान, संरक्षणवादी र आयात प्रतिस्थापनमा आधारित आर्थिक मोडेल अवलम्बन गरेको थियो। उद्योग, बैंकिङ, व्यापार र पूर्वाधार क्षेत्रमा सरकारको प्रत्यक्ष संलग्नता उच्च थियो। राजा महेन्द्रले सुरु गरेको पञ्चायती व्यवस्थामा मात्र होइन २००७ साल पछि बनेको सरकारकारका अर्थमन्त्रीको रुपमा २००८ सालमा सुवर्ण शमशेरले पहिलो पटक सार्वजनकि बजेटले समेत सरकारी भूमिकामा जोड दिएको थियो। २०१५ सालमा भएको निर्वाचनपछि बनेको नेपाली कांग्रेसको सरकारले पनि मिश्रित अर्थतनन्त्रको आधारमा सरकारी भूमिका खोजेको देखिन्छ। नेपाली कांग्रेसको सरकारका उद्योग मन्त्री रहेका गणेशमान सिंहले बनस्पति घ्यू आयातको घोषणा गर्दा विरोधीहरूको तर्क थियो, यो निर्णयले नेपालको घ्यू उद्योग ध्वस्त हुन्छ। त्यतिवेला घ्यू नेपालवाट निर्यात हुने बस्तु मध्य एक थियो।

२०१७ साल पुस १ गतेपछि राजा महेन्द्रले घोषणा गरेको पञ्चायती व्यवस्थाले केन्द्रिकृत राज्य व्यवस्थाको कल्पना गर्यो। राज्यको नियन्त्रणका धेरै कुरा आएपनि निजि क्षेत्रले यो समय थोरै स्थान भने पाएको देखिन्छ। राज्यको नियन्त्रणका कारण सार्वजनिक संस्थानहरूको कमजोर कार्यसम्पादन, बजेट घाटा, वैदेशिक ऋणको वृद्धि, न्यून औद्योगिक प्रतिस्पर्धा र सीमित निर्यात क्षमताले १९८० को दशक देखि नै अर्थतन्त्रमा संरचनात्मक दबाब सिर्जना गर्‍यो। विश्व बैंक, एशियाली विकास बैंक, आईएमएफ जस्ता दाताहरूले खुला वजार नीतिमा जान सल्लाह दिन थाले। जसले गर्दा कोकाकोला लगायतका केहि बहुराष्ट्रिय कम्पनिहरू नेपालमा आए। सन् १९८४ मै नेपाल अरव बैंकले कारोवार थाल्यो। यतिवेला भएको आर्थिक सुधार भने नगन्य मात्रामा थियो। बढ्दो व्यापार घाटा मात्र होइन भारतमाथि व्यापारमा वढ्दो भरका कारण २०४५ सालमा भएको नाकाबन्दीको जगमा २०४६ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो।

बहुदलीय प्रजातन्त्रको स्थापनापछि बनेको नेपाली कांग्रेसको सरकारले नेपाललाई उदार अर्थतन्त्रको बाटोमा हिडायो। यही समयमा नेपाल मात्र होइन भारतले पनि उदारीकरणको बाटोमा पहिलो पाइला राखेको थियो। विश्वव्यापी रूपमा फैलिएको उदारीकरणको लहर, संरचनात्मक समायोजन कार्यक्रम र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको नीतिगत सुझावको सन्दर्भमा नेपालले आठौँ योजना (२०४९-२०५४) बाट उदारीकरण, निजीकरण र विश्वव्यापीकरणलाई आर्थिक सुधारको आधारका रूपमा स्वीकार गर्‍यो। त्यसपछि नेपालमा उदार आर्थिक नीतिको प्रयोग विभिन्न क्षेत्रमा चरणबद्ध रूपमा कार्यान्वयन हुँदै आएको छ।

व्यापार उदारीकरणमार्फत नेपाली बजारलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खुला गरियो। भन्सार दर क्रमशः घटाइयो। कोटा र परिमाणात्मक प्रतिबन्धहरू हटाइए। आयात-निर्यात प्रक्रियालाई सरलीकरण गरियो। वैदेशिक मुद्रा व्यवस्थापन प्रणालीलाई लचिलो बनाइयो। २०६१ सालमा नेपाल विश्व व्यापार संगठनको सदस्य बनेपछि अन्तर्राष्ट्रिय व्यापार नियम र प्रतिबद्धताअनुसार नीति परिमार्जन गर्यो। यसले नेपाली अर्थतन्त्रलाई विश्व बजारसँग थप एकीकृत गर्‍यो। व्यापार उदारीकरणको सकारात्मक प्रभावका रूपमा उपभोक्ताले सस्तो तथा विविध वस्तु प्राप्त गर्न थाले। प्रविधि र उत्पादन विधिमा सुधार आयो।

निजीकरण उदार आर्थिक नीतिको अर्को महत्वपूर्ण पाटो हो। घाटामा रहेका सार्वजनिक संस्थानहरूलाई निजी क्षेत्रलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरियो। केही उद्योग, होटल, बैंक तथा उत्पादनमूलक संस्थाहरू निजीकरण गरिए। यसको उद्देश्य सरकारी व्ययभार घटाउने, दक्षता वृद्धि गर्ने र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने थियो। केही क्षेत्रहरूमा निजीकरणपछि सेवा गुणस्तर सुधार र व्यवस्थापन दक्षता वृद्धि भएको देखियो। निजीकरण प्रक्रियामा पारदर्शिताको कमी, सम्पत्तिको उचित मूल्यांकन नहुनु र श्रमिकहरूको रोजगारी असुरक्षा जस्ता विषयमा आलोचना पनि भए। कतिपय उद्योग बन्द हुँदा श्रमिक बेरोजगार बने। यसले देखायो कि उदार आर्थिक नीतिको प्रयोग गर्दा सामाजिक सुरक्षाको पक्षलाई सन्तुलित रूपमा समेट्नु आवश्यक हुन्छ।

वित्तीय क्षेत्र सुधार नेपालमा उदार आर्थिक नीतिको सफल प्रयोगमध्य एक मानिन्छ। नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीलाई उदारीकरण गर्दै निजी तथा संयुक्त लगानीका बैंकहरू सञ्चालन गर्न अनुमति दियो। परिणामस्वरूप वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको संख्या तीव्र रूपमा बढ्यो। ग्रामीण तथा सहरी क्षेत्रमा बैंकिङ पहुँच विस्तार भयो। कर्जा प्रवाह बढ्यो। उद्यमशीलता प्रवर्द्धनमा सहयोग पुग्यो। पुँजी बजारको विकासले लगानीको नयाँ अवसर सिर्जना गर्‍यो। वित्तीय उदारीकरणसँगै नियमनको चुनौती पनि बढ्यो। खराब कर्जा, अचल सम्पत्ति क्षेत्रमा अत्यधिक लगानी र वित्तीय अस्थिरताको जोखिम समय-समयमा देखा परेको छ। यसले उदार आर्थिक नीतिसँगै प्रभावकारी नियामक संरचनाको आवश्यकता पुष्टि गरेको छ।

वैदेशिक प्रत्यक्ष लगानी आकर्षित गर्न नेपालले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन परिमार्जन गर्दै लगानी वातावरण सुधार गर्ने प्रयास गर्यौ। ऊर्जा, पर्यटन, पूर्वाधार, सिमेन्ट उद्योग र दूरसञ्चार क्षेत्रमा विदेशी लगानीको प्रवेश भयो। दूरसञ्चार क्षेत्रमा निजी तथा विदेशी लगानीले सेवा विस्तारमा क्रान्तिकारी परिवर्तन ल्यायो। मोबाइल सेवा र इन्टरनेट पहुँच विस्तारले डिजिटल अर्थतन्त्रको आधार निर्माण गर्‍यो।

यद्यपि अपेक्षित स्तरमा ठूलो मात्रामा विदेशी लगानी भित्रन सकेको छैन। राजनीतिक अस्थिरता, नीतिगत अनिश्चितता, प्रशासनिक जटिलता, भ्रष्टाचार र पूर्वाधार अभाव मुख्य अवरोधका रूपमा रहेका छन्। यसले देखाउँछ कि लगानीमैत्री वातावरण सिर्जना गर्न उदार नीति मात्र पर्याप्त हुँदैन, सुशासन र संस्थागत सुदृढीकरण अपरिहार्य हुन्छ। नेपालमा एफडीआई प्रोत्साहन गर्न औद्योगिक तथा व्यावसायिक प्रतिष्ठान नै आधार स्तम्भ हुन्।

उदार आर्थिक नीतिको प्रयोगले नेपालको आर्थिक संरचनामा परिवर्तन ल्यायो। यो परिवर्तनवाट कृषि क्षेत्रको तुलनामा सेवा क्षेत्रको योगदान उल्लेखनीय रूपमा बढेको छ। पर्यटन, बैंकिङ, शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार क्षेत्र तीव्र गतिमा विस्तार भएका छन्। निजी विद्यालय, कलेज र अस्पतालहरूको वृद्धि भएको छ। यसले सेवा गुणस्तरमा सुधार ल्याए पनि पहुँचमा असमानता बढाएको तर्क गरिन्छ। ग्रामीण क्षेत्र अझै पनि आधारभूत सेवाबाट पूर्ण रूपमा लाभान्वित हुन सकेका छैनन्। यसले उदार आर्थिक नीतिसँगै समावेशी विकास रणनीति आवश्यक भएको देखाउँछ।

वैदेशिक रोजगारी प्रक्रिया सहज भएपछि लाखौं नेपाली युवाहरू विदेश गएका छन्। रेमिटेन्स अहिले नेपालको प्रमुख विदेशी मुद्रा स्रोत बनेको छ। यसले गरिबी न्यूनीकरण, उपभोग वृद्धि र ग्रामीण अर्थतन्त्रमा नगद प्रवाह बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। रेमिटेन्समा अत्यधिक निर्भरता दीर्घकालीन दृष्टिले चुनौतीपूर्ण छ। उत्पादनशील क्षेत्र कमजोर हुँदा अर्थतन्त्र उपभोगमूखी बन्ने प्रवृत्ति बढेको छ। श्रमशक्ति बाहिरिँदा औद्योगिकीकरणको सम्भावना सीमित हुँदै गएको छ। रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने नीति आवश्यक देखिन्छ।

| आव | रेमिटेन्स | वृद्धिदर (प्रतिशत) |
|---|---|---|
| २०८१/२०८२ | १७ खर्ब २३ अर्ब २७ करोड | १९.२ |
| २०८०/२०८१ | १४ खर्ब ४५ अर्ब ३२ करोड | १६.५ |
| २०७९/२०८० | १२ खर्ब २० अर्ब ५६ करोड | २१.२ |
| २०७८/२०७९ | १० खर्ब ७ अर्ब ३१ करोड | ४.८ |
| २०७७/२०७८ | ९ खर्ब ६१ अर्ब ५ करोड | ९.८ |

***स्रोतः** नेपाल राष्ट्र बैंक*

कृषि क्षेत्रमा उदारीकरणको प्रभाव मिश्रित रहेको छ। सस्तो आयातित कृषि वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्दा किसानहरू प्रभावित भएका छन्। उत्पादन लागत उच्च, बजार पहुँच सीमित र पूर्वाधार कमजोर हुँदा कृषि आधुनिकीकरण अपेक्षित गतिमा हुन सकेको छैन। उदार आर्थिक वातावरणमा पनि कृषि क्षेत्रलाई प्राविधिक सहयोग, सहुलियत कर्जा, सिँचाइ सुविधा र बजार संरचना आवश्यक हुन्छ। यसले राज्यको सहायक भूमिका अझै महत्वपूर्ण रहेको पुष्टि गर्छ।

## ४. उदार नीतिका कारण देखिएका चुनौतीहरू

तीन दशकसम्मको अनुभवनले नेपालले उदार आर्थिक नीतिवाट खासै फाइदा लिन सकेको देखिदैन। उतार नीति अवलम्वन गरेपछि नेपाल विस्तारै अन्तराष्ट्रिय व्यापारको महत्वयूर्ण भागको रुपमा देखा पर्न थाल्यो। संसारका धेरै देशमा बनेको सामानहरू नेपाली वजारमा सजिलै पाउन थालियो। नेपालले भरिका भरी कन्टेनर ल्याएर खाली कन्टेर फिर्ता पठाउने अवस्थाको सृजना भयो। उदार नीतिको अवलम्वनपछि हामिले धेरै क्षेत्रमा नकारात्मक असरको सामना गरीरहेका छौं। यस पछाडिको कारण हो, राज्य अझै पनि सैद्धान्तिक रुपमा उदार अर्थतन्त्रको पक्षमा रहेको छैन। हामीले नीजिकरणलाई मात्र उदार अर्थतन्त्रको आधार स्तम्भको रुपमा हेरेको देखिन्छ। २०७२ सालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहअस्तित्वमा आधारित मिश्रित अर्थतन्त्रको अवधारणा अंगिकार गरियो। यसले उदार आर्थिक नीतिलाई पूर्ण रूपमा स्वतन्त्र बजारमा सीमित नगरी सामाजिक न्याय र समावेशी विकाससँग सन्तुलनमा राख्न खोज्यो। राज्यले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र आधारभूत सेवामा जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था गरियो। यसका अलवा नेपाललाई समाजवाद उन्मूख राज्यको रुपमा परिभाषा गरेर उदारवादी सोचवाट निकै टाढा पुग्ने काम भयो।

समग्रमा हेर्दा नेपालमा उदार आर्थिक नीतिको प्रयोगले अर्थतन्त्रलाई खुला, प्रतिस्पर्धात्मक र निजी क्षेत्र-प्रधान बनाएको छ। वित्तीय क्षेत्र विस्तार, सेवा क्षेत्र वृद्धि, प्रविधि पहुँच सुधार र विश्व बजारसँग एकीकरण यसका प्रमुख उपलब्धि हुन्। व्यापार घाटा, आय असमानता, औद्योगिक कमजोरी, कृषि संकट र रेमिटेन्स निर्भरता प्रमुख चुनौतीका रूपमा रहेका छन्। भविष्यमा दिगो र समावेशी विकासका लागि औद्योगिकीकरण, निर्यात विविधीकरण, कृषि आधुनिकीकरण, सुशासन, पूर्वाधार विकास र मानव पुँजी सुदृढीकरणमा जोड दिन आवश्यक छ। उदार आर्थिक नीतिको सफल प्रयोग सन्तुलनमा निर्भर हुन्छ– जहाँ बजार दक्षता र सामाजिक न्यायबीच उचित समन्वय कायम गरिन्छ।

राजनीतिक अस्थिरता र नीतिगत अनिश्चितताले उदार आर्थिक नीतिको दीर्घकालीन कार्यान्वयनमा बाधा पुऱ्याएको छ। बारम्बार सरकार परिवर्तन, नीति फेरबदल र कानुनी ढिलाइले लगानी वातावरण असुरक्षित बनाएको छ। विदेशी र घरेलु लगानीकर्ताको भरोसा कमजोर बनाएको छ। व्यापार घाटा र आयात-निर्यात असन्तुलन उदार नीतिको सिधा परिणामका रूपमा देखा परेको छ। आयात सहज भए पनि

नेपाल निर्यातमूखी उत्पादन क्षमतामा सीमित रहेकोले व्यापार घाटा बढेको छ। यसले मुद्रा सन्तुलनमा दबाब सिर्जना गरेको छ।

| आव | वैदेशिक व्यापार | | व्यापार घाटा |
|---|---|---|---|
| | आयात | निर्यात | |
| २०८१/ २०८२ | १८ खर्ब ४ अर्ब १२ करोड | २ खर्ब ७७ अर्ब ३ करोड | १५ खर्ब २७ अर्ब ९ करोड |
| २०८०/ २०८१ | १५ खर्ब ९२ अर्ब ५८ करोड | १ खर्ब ५२ अर्ब ३८ करोड | १४ खर्ब ४० अर्ब ६० करोड |
| २०७९/ २०८० | १६ खर्ब ११ अर्ब ७३ करोड | १ अर्ब ५७ करोड १४ करोड | १४ खर्ब ५४ अर्ब ५९ करोड |
| २०७८/ २०७९ | १९ खर्ब २० अर्ब ४४ करोड | २ खर्ब ३ करोड | १७ खर्ब २० अर्ब ४१ करोड |
| २०७७/ २०७८ | १५ खर्ब ३९ अर्ब ८३ करोड | १ खर्ब ४१ अर्ब १२ करोड | १३ खर्ब ९८ अर्ब ७१ करोड |

***स्रोतः** भन्सार विभाग*

औद्योगिक विकास अपेक्षित रूपमा नभएको कारण उत्पादनमूलक क्षेत्र कमजोर रहँदा रोजगारी र नवप्रवर्तन सीमित भएको छ। पूर्वाधारको अभाव, ऊर्जा असुरक्षा, दक्ष मानव संसाधनको कमी र लगानीमैत्री वातावरण नहुँदा औद्योगिकीकरणमा ढिलाइ आएको छ। सामाजिक असमानता र क्षेत्रीय विषमता पनि उदार आर्थिक नीतिका चुनौती हुन्। निजी क्षेत्र-प्रधान विकासले सहरी र धनी वर्गलाई बढी लाभ पुऱ्याएको छ। ग्रामीण क्षेत्र, पिछडिएका वर्ग र आदिवासी/जनजातिले पर्याप्त अवसर पाउन सकेका छैनन्। शिक्षा, स्वास्थ्य, रोजगारी र बैंकिङ पहुँचमा असमानता बढ्दा सामाजिक विभाजनको जोखिम बढेको छ। वैदेशिक रोजगारी र रेमिटेन्स प्रवाहले नगद प्रवाह ल्याएको पनि दीर्घकालीन उत्पादनशील विकासमा योगदान सीमित छ। श्रम शक्ति विदेश पलायन हुँदा घरेलु उद्योग र नवप्रवर्तन प्रभावित भएका छन्।

कृषि क्षेत्र उदार नीतिका बावजूद संकटग्रस्त छ। आयात प्रतिस्पर्धा, सिँचाइ अभाव, बीउबिजनको कमी र बजार पहुँच सीमितताका कारण कृषि उत्पादन प्रतिस्पर्धात्मक बन्न सकेको छैन। पूर्वाधार र ऊर्जा अभावले निजी लगानी र उद्योग उत्पादनमा बाधा पुऱ्याएको छ। सडक, रेल, बन्दरगाह, विद्युत् र सञ्चार पूर्वाधार अपर्याप्त हुनुले उद्योग लागत बढाएको छ। भ्रष्टाचार र सुशासनको अभाव पनि उदार अर्थतन्त्रको प्रभावकारी कार्यान्वयनमा चुनौती बनेको छ। बजारलाई स्वतन्त्र बनाउँदा नियमको कार्यान्वयन र पारदर्शिता नभए भ्रष्टाचार बढ्छ। यसले आर्थिक विकासमा नकारात्मक प्रभाव पार्छ। अन्ततः, बजार असफलता र नियामक चुनौति पनि उल्लेखनीय छन्।

एकाधिकार, बाह्य प्रभाव, वातावरणीय जोखिम र सूचना अभावका कारण बजार सधैं दक्ष रहँदैन। जसले राज्यको नियामक भूमिकालाई अपरिहार्य बनाउँछ। यसरी, नेपालमा उदार अर्थतन्त्रले अवसर त सिर्जना गरेको छ, तर संरचनागत, सामाजिक, पूर्वाधार र संस्थागत चुनौतीहरू अझै कायम छन्, जसले दीर्घकालीन र समावेशी विकास सुनिश्चित गर्न थप रणनीतिक सुधार र सन्तुलन आवश्यक छ।

**रेमिटेन्स आउने घर : ५१ लाख १५ हजार ५२६ (७६.८ प्रतिशत)**

**रेमिटेन्सको उपयोग** (प्रतिशतमा)

| | |
|---|---|
| दैनिक उपभोग | ७२.४० |
| ऋण तिर्न | १५.८ |
| अध्यनन | ५.२ |
| घरजग्गा | १.९ |
| बचत | १.९ |
| पुँजी निर्माण | १.२ |
| व्यवसाय लगानी | ०.४ |
| अन्य | १.२ |
| **कुल** | **१००** |

***स्रोतः** राष्ट्रिय तथ्यांक कार्यालय (नेपाल जीवनस्तर सर्वेक्षण,२०२२/२३*

**सन्दर्भ सामग्रीहरू /Referances**


Friedman, M. (1962). Capitalism and Freedom. University of Chicago Press.

Hayek, F. A. (1945). The use of knowledge in society.

American Economic Review, 35(4), 519–530.

Mill, J. S. (1863). Utilitarianism.

Parker, Son, and Bourn.

Ricardo, D. (1817). On the Principles of Political Economy and Taxation. John Murray.

Smith, A. (1776). An Inquiry into the Nature and Causes of the Wealth of Nations. W. Strahan and T. Cadell.

Stiglitz, J. E. (2002). Globalization and Its Discontents. W.W. Norton.


★ ★ ★

# लिक्विडिटी ट्रयापमा देशको अर्थतन्त्र, यसरी निस्कन सकिन्छ

**तरलता छ, कर्जाको माग छैन । ब्याजदर कम छ । लगानी छैन । ब्याजदर घट्दो क्रममा छ, तर मुद्रास्फीति झन् न्यून छ । बेरोजगारी व्याप्त छ तर मुद्रास्फीति न्यून अवस्थामै रहेको छ**



**शर्मिला ठकुरी**
अध्यक्ष
महिला आर्थिक पत्रकार संघ

पछिल्लो समय नेपालको अर्थतन्त्र लिक्विडिटी ट्रयाप (बचत बढी, ब्याजदर कम तथा मूल्यवृद्धि ओरालो गतिमा)को स्थितीबाट गुज्रिरहेको छ। यस्तो अवस्थामा मौद्रिक नीतिको प्रभाव बजारमा शून्य प्राय हुन्छ।

पटक-पटक लिक्विडिटी क्रन्च (लगानीयोग्य रकमको अभाव) को सामना गरिरहेको नेपालको वित्तिय क्षेत्रले पहिलो पटक अधिक लिक्विडिटी ट्रयापको सामाना गरिरहेको छ। नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थासँग करिब १२ खर्ब भन्दा बढी लगानीयोग्य रकम छ।

नेपाल राष्ट्र बैंकले पछिल्लो पटक २३ चैत २०७९ मा रिपोमार्फत बजारमा पैसा पठाएको थियो। त्यतिबेलासम्म बैंक तथा वित्तीय संस्थाहरूलाई रकम चाहिरहेको थियो। तर त्यसपछि उनीहरूले थप लगानी बढाउन सकेनन्\।

राष्ट्र बैंकको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा निक्षेप संकलन, स्थायी निक्षेप सुविधा, नेपाल राष्ट्र बैंक बन्ड र ओभरनाइट तरलता सुविधामार्फत २८६ खर्ब ९९ अर्ब ९० करोडबराबरको तरलता बजारबाट प्रशोचन गरिसकेको छ।

एकातिर विदेशबाट रेमिटेन्स आप्रवाहमा थप वृद्धि भयो। जसले गर्दा निक्षेप थपिरहने तर अर्कोतर्फ व्यापारी व्यवसायीहरूले थप नयाँ उद्योग कलकारखाना वा नयाँ व्यवसाय नखोल्दा कर्जाको मागमा कमी आई कर्जा प्रवाहमा निक्कै कमी आयो। जसका कारण बैंक तथा वित्तीय संस्थाहरू अढाई वर्षदेखि अधिक तरलताको मारमा परेका थिए। परिणामस्वरुप देशको अर्थतन्त्र नै लिक्विडिटी ट्रयापमा फसिरहेको छ।

सामान्यतया ब्याजदर कम हुँदा कर्जाको मागमा वृद्धि भई अर्थतन्त्र थप चलायमान हुन्छ। तर नेपालमा भने ब्याजदर निक्कै सस्तो भएको बेलामा पनि कर्जा प्रवाह हुन सकेको छैन।

निक्षेपको औसत ब्याजदर २ प्रतिशत हाराहारीमा झर्दा कर्जाको औसत ब्याजदर ७ प्रतिशत झरेको छ। ऋणको औसत ब्याजदर एकल अंकमा झरेको लामो समय भइसक्यो। चालु आर्थिक वर्षको कात्तिक महिनामा औसत मूल्य वृद्धिदर १.११ प्रतिशत विन्दुमा झरेको छ। खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर भने ३.३२ प्रतिशतले ऋणात्मक छ। तर पुस मसान्तसम्म आइपुग्दा भने मूल्य वृद्धिदर २.४२ प्रतिशत पुगेको छ। तर आर्थिक वर्ष २०८१ ८२ को पुस मसान्तसम्म मूल्य वृद्धिदर ५.५१ प्रतिशत रहेको थियो।

पुस मसान्तसम्ममा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि अझै ०.०९ प्रतिशतले ऋणात्मक रहेको छ। तरलता छ, तर कर्जाको माग छैन। ब्याजदर कम छ तर लगानी छैन। ब्याजदर घट्दो क्रममा छ, तर मुद्रास्फीति झन् न्यून छ। बेरोजगारी व्याप्त छ तर मुद्रास्फीति न्यून अवस्थामै छ।

राष्ट्र बैंकको तथ्यांकअनुसार पछिल्लो अढाइ वर्षमा ब्याजदर घट्दो क्रममा रहेको छ। पुस मसान्तसम्ममा बैंकहरूले कुल निक्षेपमा औसत ब्याजदर ०.७६ रहेको छ। यो अवस्था

लगानीकर्ताहरूको लागि सुनौलो अवसर हो। तर यो अवसरको सदुपयोग भएको छैन।

चालु वर्षको पुस मसान्तसम्ममा नेपालमा १० खर्ब ६२ अर्ब रुपैयाँ रेमिटेन्स भित्रिसकेको छ। गत वष{को १२ महिनामा जम्मा ७ खर्ब हाराहारीमा नेपाल भित्रिएको रेमिटेन्स चालु आर्थिक वर्षको ६ महिनामा नै साढे १० खर्ब रुपैयाँ नेपाल भित्रिएको छ। जसले निक्षेप झन थपिएको छ। केन्द्रीय बैंकको तथ्यांकअनुसार हाल ७७ खर्ब ३२ अर्ब रुपैयाँ निक्षेप पुगेको छ।

विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च छ ३२ खर्ब ४२ अर्ब रुपैयाँ पुगिसकेको छ। तर बजारमा कर्जाको माग भने घटीरहेको छ। चालु आर्थिक वर्षको पुसमा कर्जाको जम्मा १९७ अर्ब रुपैयाँ प्रवाह भयो।

जबकि अघिल्लो आर्थिक वष{को पुस महिनामा मात्र २६५ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ। अर्थात् कर्जाको मागमा २५.६ प्रतिशतले कमी आएको छ। जबकि निक्षेप चालु आर्थिक वर्षको पुस मसान्तमा मात्र ४१७ अर्बले बढेको छ। अघिल्लो आर्थिक वर्षको पुस मसान्तमा जम्मा २३९ अर्बले मात्र बढेको थियो। अर्थात् निक्षेपको वृद्धिदर भने ७४.४ प्रतिशतले बढेको छ।

लगानीकर्ताहरूको कमजोर विश्वास, बजारमा मागको न्यून अवस्था, राजनीतिक तथा नीतिगत अनिश्चितताका कारण व्यवसायीहरू सस्तो कर्जा उपलब्ध हुँदाहुँदै पनि नयाँ लगानी गर्न इच्छुक देखिँदैनन्। यसले गर्दा बैंकिङ प्रणालीमा रहेको तरलता उत्पादनशील क्षेत्रमा प्रवाह हुन नसकी निष्क्रिय रूपमा थुप्रिन पुगेको छ।

यस अवस्थालाई अर्थतन्त्रका संरचनागत, संस्थागत तथा मनोवैज्ञानिक कारणहरूले अझ गहिरो बनाएको छ। २०८२ भदौ २३ मा भएको जेनजी आन्दोलनले करिब ८४ अर्ब रुपैयाँभन्दा बढीको असर निजी क्षेत्रमा पारेको छ। भाटभटेनी, हिल्टन होटल, सीजी गोदामजस्ता निजी क्षेत्रको लगानी भएका निकायहरू जल्दा निजी क्षेत्रको विश्वास तथा मनोबल दुवै कमजोर भएका छन्। निजी क्षेत्रले राज्यको निरिहता नजिकबाट नियालेका छन्। जसका कारण उनीहरूमा थप निरासाले जन्म लिएको छ।

नेपाल उद्योग परिसंघका पूर्वअध्यक्ष राजेश अग्रवाल विगत दुई वर्षदेखि उद्योगी व्यवसायीहरूले थप लगानी नगरेको बताउछन्। अस्थिर नीति, सुरक्षाको अभाव, राज्यको निजी क्षेत्रप्रतिको नकारात्मक धारणाका कारण नै निजी क्षेत्र थप लगानीका लागि हतोत्साहित भएका हुन्। जसले ब्याजदर कम हुँदाहुँदै पनि मानिसहरू लगानी गर्नभन्दा बचतमा बढी ध्यान दिइरहेका छन्।

लगानीयोग्य परियोजनाको अभाव, ऋणको उच्च बोझ तथा वित्तीय प्रणालीको कमजोर प्रसारण संयन्त्रले तरलता वास्तविक अर्थतन्त्रसम्म पुग्न दिँदैन। साथै, वैदेशिक रोजगारीबाट प्राप्त रेमिटेन्सजस्ता स्रोतले बचत र निक्षेप वृद्धि गरे पनि लगानीका पर्याप्त अवसर नहुनुले तरलता निष्क्रिय अवस्थामा रहेको छ। केन्द्रीय बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत बजार चलायमान बनाउने कोसिस भने गरेको छ। तर त्यो निष्प्रभावी भइरहेको।

यतिबेला बजारको आत्मविश्वास ध्वस्त भएको छ। यसले के देखाउँछ भने पैसा उपलब्ध नहुनुमात्र चुनौती होइन, भएको स्रोतहरूलाई आर्थिक गतिविधिमा रुपान्तरण गर्ने हाम्रा नीतिहरू नै सवैभन्दा ठुलो चुनौती रहेको छ।

केही समयअघि चाणक्य मिडियाले गरेको अध्ययनअनुसार ८ प्रतिशतले कुनै पनि हालतमा लगानी नबढाउने बताएका थिए। त्यस्तै पर्ख र हेरको अवस्थामा ७० प्रतिशत र थप लगानी गर्न २१ प्रतिशत व्यवसायी इच्छुक देखिएका छन्। यसले चुनौतीमा पनि लगानीकर्ता आशावादी रहेको देखाएको छ। तर लगानी तत्कालन  हुने अवस्था छैन।

जेनजी प्रदर्शनका कारण व्यवसायीले भोगेको क्षतिको प्रकृति विश्लेषण गर्दा भौतिक क्षति (आगजनी, तोडफोड र लुटपाट) भन्दा ठुलो असर मनोबलमा परेको पाइएको छ। सहभागीमध्ये ६७ प्रतिशत व्यवसायीमा मनोवैज्ञानिक क्षति परेको पाइयो भने ५४ प्रतिशतबाट बजार प्रभावित भएको जवाफ प्राप्त भएको सो मिडियाले दावी गरेको थियो। पछिल्लो समयमा भने उद्योगी, व्यापारीको मनोबल नराम्रोसँग खस्केको देखिन्छ।

यस्तो अवस्थामा मौद्रिक नीतिमामार्फत जारी गरिने उपकरणहरूले काम गर्न सक्दैनन् भन्ने मान्यता छ। ती मौद्रिक औजारहरू यस्तो अवस्थामा मुख्यतया कमजोर र निष्प्रभावी हुने गर्छन्। यस्तो अवस्थमा वित्तीय नीतिमा नै सुधार गरेर बजारको माग बढाउनतर्फ सरकार लाग्नु जरुरी छ।

**के हो लिक्विडिटी ट्रयाप ?**

लिक्विडिटी ट्रयाप कम ब्याज तर धेरै बचत हुने अवस्था हो। यो एक किनेसियन इकोनोमिक्स सिनारियो हो। जहाँ ब्याज करिब शून्यबराबर हुन्छ भने बचत धेरै हुन्छ। थोरै ब्याजदर हुँदा पनि लगानीकर्ताहरूको मनोबल खस्किएकाले लगानी हुन नसकी झन् बचत हुने अर्थात् मानिसहरूले रकम हातमा राखिरहने अवस्था हो। अहिले नेपाल यही अवस्थाबाट गुज्रिरहेको राष्ट्र बैंकको तथ्यांकले पुष्टी गरेको छ।

लिक्विडिटी ट्रयाप शब्दावलीको प्रयोग सर्वप्रथम अर्थशास्त्री जोन मेनार्ड केन्सले गरेका थिए। उनले यो शब्दावली अर्थतन्त्रको त्यस्तो विशिष्ट परिस्थितिलाई परिभाषित गर्न प्रयोग गरे जहाँ मानिसहरू आफूसँग भएको पुँजीलाई अत्यन्त न्यून ब्याजदरका कारण यथास्थितिमा निष्क्रिय राख्न रुचाउँछन्। यो अवस्था त्यतिबेला आउँछ जब मानिसहरू भविष्यमा देशको अर्थतन्त्र थप समस्या हुन्छ भन्ने आँकलन गरिरहेका हुन्छन्। त्यसैले उनीहरू लामो

समयको लागि लगानी गर्दैनन् । निजी क्षेत्रको लगानी निरन्तर कमजोर रहँदा उद्योगको क्षमता विस्तार हुन सक्दैन, उद्यमशीलता निरुत्साहित हुन्छ, आयातमा निर्भरता बढ्छ र रोजगारी सिर्जना न्यून हुन्छ । जसका कारण रोजगारविहीन वा कम गुणस्तरको आर्थिक वृद्धि देखापर्छ । यससँगै बैंकहरूले आफ्ना स्रोतहरू प्रभावकारी रूपमा परिचालन गर्न नसक्दा वित्तीय क्षेत्रको नाफा घट्छ र मौद्रिक नीतिको प्रभावकारिता कमजोर हुँदै ब्याजदरजस्ता परम्परागत उपकरणहरूले अर्थतन्त्रमा अपेक्षित असर पार्न छाड्छन् ।

**विश्वका केही उदाहरण**

सन् १९३० को दशकको संयुक्त राज्य अमेरिकाको 'ग्रेट डिप्रेसन' (१९३०) सबैभन्दा ठुलो उदाहरण हो । सो समयमा अमेरिकामा ब्याजदर अत्यन्त कम थियो । बैंकहरूले अत्यधिक रिजर्भ राखे र व्यक्तिहरूले नगद राख्न रुचाए । किनभने मुद्रा संकुचन र आर्थिक अनिश्चितता धेरै थियो । जसरी अहिले नेपालले भोगिरहेको छ । तत्कालीन समयमा अमेरिकी फेडरल रिजर्भले मौद्रिक विस्तार गरे पनि लगानी र उपभोगमा कुनै उल्लेखनीय वृद्धि भएन । अमेरिकाका तत्कालीन राष्टपति 'फ्र्यान्कलिन डी रुजवेल्ट' (जो अमेरिकामा सन् १९३३ देखि १९४५ सम्म राष्टपति भए) उनले अर्थतन्त्र उकास्नका लागि 'न्यू डिल'मार्फत ठुलो मात्रामा राज कोष खर्च गरेर अर्थतन्त्र पुनः सक्रिय गरे ।

उक्त समयमा रुजवेल्टले विभिन्न लामो समयसम्म असर राख्ने खालका कामहरू गरे । उनले बैंकिङ र फाइनान्सियल सिष्टमहरूको स्थापना गरे । फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसन, सेक्युरेटी एन्ड एक्सचेन्ज कमिसन जस्ता संस्थाहरू स्थापना गरे । उनले 'सिभिलियन कन्जरभेसन क्रप्स' को स्थापना गरे । जसबाट रोड मेन्टिनेन्स, वृक्षारोपण, पहिरो नियन्त्रणका लागि कामहरू गरे । जसले मानिसहरूमा रोजगारी सिर्जना गर्‍यो र आर्थिक मन्दीले रोजगारीमा प्रभाव पारे पनि सरकारको नीतिको असर रोजगारी वृद्धि भएको थियो ।

त्यस्तै जापानको 'लस्ट डिकेड' (सन् १९९० देखि २००० प्रारम्भसम्म) जापानले पनि लिक्विडिटी ट्रपापको अवस्था भोगेको थियो । त्यतिबेला जापानमा मूल्य वृद्धि नकारात्मक थियो भने ब्याजदर पनि निक्कै कम थियो । तर बजारमा माग थिएन ।

अचल सम्पत्ति जस्तै घर जग्गा र सेयर बजारको फोका (बबल) फुटेपछि जापानले ब्याजदरलाई शून्य नजिक पुर्‍यायो । तर कमजोर माग, मुद्रास्फीतिको न्यूनता, वृद्ध जनसंख्या र जोखिमबाट टाढा रहने व्यावसायिक व्यवहारका कारण व्यवसाय र उपभोक्ताहरूले खर्च वा लगानी बढाएनन् । उल्टो उनीहरूले भएको रकम बचत गर्न थाले । यसले मौद्रिक नीतिलाई अप्रभावी बनाइयो र जापानले अनौपचारिक उपायहरू जस्तै 'क्वान्टिटेटिभ इजिङ' गर्‍यो । अर्थात् जापानसँग भएको रकमको प्रयोग गरेर सार्वजनिक वा निजी धितोपत्रहरू खरिद गरेर बजारलाई चलायमान गरायो ।

त्यसैगरी विश्वव्यापी वित्तीय संकट (सन् २००८-२०१५) पछि संयुक्त राज्य अमेरिका र युरोपका केही अर्थतन्त्रहरूमा पनि लिक्विडिटी ट्र्यापको संकेत देखिएको थियो । त्यहाँको सरकारले तत्कालै बजार चलायमान गर्ने उपकरणहरू प्रयोग गरे । त्यहाँका केन्द्रीय बैंकहरूले नीतिगत दरलाई शून्य नजिक पुर्‍याए र वित्तीय प्रणालीमा ठुलो तरलता प्रवाह गराए । तर, व्यवसायीहरूमा विश्वास कम भएको कारण कर्जा वृद्धि वर्षौंसम्म न्यून रह्यो । यस समयमा मौद्रिक नीतिले काम गरेन र वित्तिय नीतिको आवश्यकता रह्यो ।

युरोजोन ऋण संकट (२०१०-२०१५) मा पनि केही सदस्य राष्ट्रहरू जस्तै ग्रीस, स्पेन र इटालीमा लिक्विडिटी ट्र्यापको समस्या देखियो । युरोजोनभरी ब्याजदर कम रहँदा पनि निजी लगानी स्थिर रह्यो । युरोपेली केन्द्रीय बैंकको मौद्रिक नीति केही प्रभावकारी देखिए पनि थप सुधारका लागि सम्बन्धित देशका वित्तीय नीति परिवर्तन भएको थियो ।

**यसरी लिक्विडिटी ट्र्यापमा फस्यो नेपाली अर्थतन्त्र**

नेपाली अर्थतन्त्र कसरी ट्र्यापमा फस्यो भन्ने कुराको थोरै चर्चा गर्नु श्रेयस्कर हुन्छ । नेपालले सामना गरिरहेको लिक्विडिटी ट्र्याप एक्कासी भएको होइन । यो अर्थतन्त्रमा सही नीतिको अभावबाट उब्जिएको परिणाम हो । धेरै अर्थशास्त्रीहरूले एक दशक अगाडि नै नेपालको अर्थतन्त्रमा बबल क्रियट भइरहेको र यो एकदिन फुट्ने भविष्यवाणी गरिसकेका थिए । त्यस्तै उनीहरूले नेपालजस्तो भुपरिवेष्ट देशले लिने नीति परिपक्व र दीर्घकालीन असर राख्ने खालको हुनुपर्नेमा जोड दिएका थिए । करिब पाँच वर्ष अगाडि नेपाल राष्ट्र बैंकका तत्कालीन कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले नेपालको अर्थतन्त्र भिरको ढिलमा पुगेको टिप्पणी गरेका थिए । त्यस्तै उनले अर्थतन्त्रलाई नै कछाडको संज्ञा दिएर 'कछाड अर्थतन्त्र' भनेका थिए ।

राष्ट्र बैंकले २०७२/७३ को मौद्रिक नीतिमार्फत बैंकहरूको पुँजी वृद्धि गर्ने योजना ल्यायो । सो समयमा तत्कालीन गभर्नर डा.चिरन्जीवी नेपाल थिए । उनले बैंक तथा वित्तीय संस्थाको दबाब धान्ने क्षमतामा वृद्धि गरिनुपर्ने भन्दै बैंक तथा वित्तीय संस्थाहरूको चार गुणाले पुँजी वृद्धि गर्ने गरी मौद्रिक नीति सार्वजनिक गरे । जसका कारण एकातिर बैंक तथा वित्तीय संस्थाहरूले पुँजी वृद्धि त गरे । तर दुई वर्षको अवधिमा एकै पटक चार गुणाले वृद्धि गरेको पुँजीको रिटर्न दिनका लागि बैंक तथा वित्तीय संस्थाहरूलाई लगानी वृद्धिको दबाब पर्‍यो । उनीहरूले विभिन्न योजना ल्याएर कर्जा त बढाए । त्यसले केही समय लगानीकर्ताहरूले रिटर्न पनि पाए । तर जथाभावी कर्जा बढाउँदाको असर

भने विस्तारै देखिन थाल्यो। विना धितो र कमसल धितो राखेर बैंक तथा वित्तीय संस्थाहरूले अत्यधिक लगानी गरे। वाणिज्य बैंकहरूले आर्थिक वर्ष २०७७/७८ मा अघिल्लो वर्षको तुलनामा २७.७ प्रतिशतले कर्जा वृद्धि गरेका थिए। त्यसको दुई वर्षपछि २०७९/८० मा कर्जा वृद्धि घटेर ५ प्रतिशतमा पुग्यो।

## कर्जा वृद्धिको ग्राफ

एकातिर पुँजी वृद्धिका कारण बजारमा अन्धाधुन्ध लगानी भइरहेको थियो। अर्कोतर्फ कोरोनका कारण केन्द्रीय बैंकले विभिन्न सहुलियत दियो। जसका कारण बजारमा थप ऋणहरू प्रवाह भए।

कोरोनाको समयमा सहुलियत दिए पनि अस्थिर राजनीतिका कारण बन्ने अस्थिर सरकार र अस्थिर आर्थिक नीतिका कारण लागनीकर्ताहरू बजारमा लगानी गर्न डराए। जसले गर्दा आर्थिक वर्ष २०७९/८० देखि लगानी कम हुँदै गयो। अन्धाधुन्ध कर्जा प्रवाह हुँदा केही समय जग्गा व्यापारबाट कमाए पनि सरकारले जग्गाको कारोबारमा विभिन्न बहानामा कडाइ गरेपछि लगानीकर्ताहरू डुब्न थाले। उनीहरूले ऋण उठाउन सकेनन्। जसका कारण अहिले बैंक तथा वित्तीय संस्थाको खराब कर्जामा वृद्धि भएको छ। कतिपय बैंकहरूको खराव कर्जा १० प्रतिशतको हाराहारीमा पुगिसकेको छ। औसतमा ५.२ पुगेको छ। वित्त कम्पनीहरूको खराव कर्जा ११.८६ पुगेको छ। त्यस्तै सहकारीमा भएको ठगीको असर पनि अहिलेको अवस्थाको मुख्य कारण हो।

नेपालको वर्तमान लिक्विडिटी ट्र्याप केवल एउटा चक्रीय मौद्रिक समस्या होइन। यो विश्वास, माग र संरचनागत कमजोरीसँग गाँसिएको विशेष समस्या हो। यसले पार्ने चक्रिय असर निक्कै ठुलो र देशको लागि घातक हुन्छ।

## यसरी निस्कन सकिन्छ बाहिर

यस्तो सन्दर्भमा मौद्रिक नीति मात्र पर्याप्त नहुँदा राज्यको वित्तीय हस्तक्षेप (फिस्कल इन्टरभेन्सन), संरचनागत सुधार तथा विश्वास अभिवृद्धिका उपायहरू अवलम्बन गर्नु अनिवार्य हुन्छ। केन्द्रीय बैंकले सुस्त अर्थतन्त्रलाई चलायमान बनाउनका लागि घरजग्गा खरिदको सीमा वृद्धि, सेयर कर्जाको जोखिमभार कम, व्यक्तिगत सेयर कर्जाको सीमा वृद्धि, चालु पुँजी कर्जा मार्गदर्शन र कालोसूचीलगायतका व्यवस्था खुकुलो बनाएको छ। तर अहिलेको समस्या मौद्रिक नीति सहजीकरणबाट हुँदैन। केही निश्चित व्यक्तिलाई राहत भए पनि समग्र अर्थतन्त्रमा यसको योगदान न्यून हुन्छ। यी नीतिहरू केन्द्रीय बैंकले अर्थतन्त्र सुधार गर्छौं भनेर ढाकछोप गर्न ल्याइएका व्यवस्था मात्र हुन् .

बजार चलायमान गराउनका लागि पहिलो अस्त्र हो माग बढाउने। माग बढाउनका लागि नागरिकको उपभोग बढ्नु जरुरी छ। उपभोग बढाउन निजी लगानी अगाडि बढेका छैनन्। यसकारण अर्थतन्त्रको समस्या समाधान गर्ने एउटै उपाय सरकारी खर्च बढाउने हो। त्यसका लागि सरकारले दायित्व बापतको बक्यौता भुक्तानी गर्नुपर्छ।

जस्तैकोरोना बीमा दावी भुक्तानी, निर्यात अनुदानको रकम, ब्याज अनुदान, उखु किसानको भुक्तानी, निर्माण व्यवसायीलगायतको वक्यौतालगायतका विभिन्न बक्यौताहरू भुक्तानी गर्नुपर्छ। जसका कारण नागरिकमा रकम पुग्छ र त्यसले मागको सिर्जना गर्दछ। माग सिर्जना भएपछि आपूर्तिका लागि नयाँ उद्योगधन्दा कल कारखाना खुल्न सुरु हुन्छ। त्यसका लागि निजी क्षेत्र विस्तारै अगाडि आउन थाल्छ। नाफा हुने देखेमा निजी क्षेत्रले लगानी गर्न थाल्छ। त्यसपछि सरकारले छिटो प्रतिफल दिने आयोजनामा लगानी बढाउनुपर्छ .

वित्तीय क्षेत्रमा भएको तरलताको सदुपयोग विभिन्न आयोजनाहरूमा लगानी गर्न सकिन्छ। सरकारले विनियम परिवर्तन गरेर गर्न सकिने कामहरूको लागि अहिले उत्तम समय हो। सरकारले वित्तीय नीतिमार्फत विभिन्न ठुला तथा मझौला किसिमका आयोजनाहरूको बन्ड जारी गरी सो रकम लगानी गर्न सक्छ। जसले गर्दा रकमको अभावमा रहेका योजना पनि अगाडि बढ्छ भने रोजगारी र आयोजना बनिसकेपछिको राज्यलाई हुने फाइदा पनि राम्रो दिन सक्छ।

त्यस्तै सरकारको अनुमतिमा मुद्रण विभागले सेक्युरिटी पिन्टर्सहरू खरिद गरेर काम गर्न सक्छ। त्यस्तै विभिन्न आयोजनाहरूले बण्ड जारी गरी काम गर्न सक्छ। पब्लिक प्राइभेट पार्टनरसिपमा विभिन्न आयोजनाका कामहरू गर्न सकिन्छ। बुढीगण्डकी, अपर कर्णालीलगायतका विभिन्न आयोजनाहरू पनि अहिले भएको तरलता प्रयोग गर्न सकिन्छ। अहिले निजी क्षेत्रले जोखिम मोल्न चाहने र सरकारले सहयोग गर्ने हो भने निजी क्षेत्रको लागि यो सब}भन्दा उपयुक्त समय हो। सडकहरू भारतमा जस्तै टोल ट्र्याक्सको कन्सेप्टमा निजी क्षेत्रले बनाउन पनि सक्छ।

लिक्विडिटी ट्र्यापको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्ने हो भने विभिनन ऐन, नियमावलीहरू परिवर्तन गर्नुपर्छ। तत्कालका लागि भने यो सम्भव छैन। त्यस्तै नेपाल एयरलाइन्सकै पनि बण्ड जारी गरेर पव्लिकबाट रकम उठाएर व्यवस्थापकीय जिम्मेवारी राज्यले लिएर अन्य जिम्मेवारी निजी क्षेत्रलाई दिएर मज्जाले चलाउन सकिन्छ। विद्युत उत्पादन र खपतका लागि डाटा सेन्टर, क्रिप्टो करेन्सी माइनिङ, धौवादी फलाम खानी सुरु गर्न सकिन्छ। यस्तै औद्योगिक पार्कलाई रकम नभएको गुनासोहरू आइरहेको बताउँदै अहिले वित्तीय क्षेत्रमा भएको रकम त्यस्ता पार्कमा लगाएर सही व्यवस्थापन गरेमा त्यसबाट फाइदा दिन सकिन्छ।

★ ★ ★

# वैदेशिक सहायता र पूर्वाधारमा लगानी आवश्यकता

**नेपालमा जति पूर्वाधार हुनुपर्ने हो, त्यति पूर्वाधार तयार छैनन् । पूर्वाधार तयार गर्नको लागि ठूलो परिमाणमा लगानी गर्नुपर्ने आवश्यकता छ । तर, हामीसँग लगानी गर्न सक्ने क्षमता नै छैन । अर्थात् निकै न्युन छ ।**




**जीवन बस्नेत**
**उपाध्यक्ष**
**नेपाल आर्थिक पत्रकार समाज**


सामान्यतया कुनै पनि देशलाई बाहिरबाट प्राप्त हुने वित्तीय, प्राविधिक र वस्तुगत सहयोग नै वैदेशिक सहायता हो। वैदेशिक सहायता परिचालन नीति २०८२ ले यसलाई अझ प्रष्टताका साथ परिभाषित गरेको छ। जसअनुसार विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्धिपक्षीय राष्ट्र, बहुपक्षीय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्था, परोपकारी संस्था र अन्य विश्वव्यापी कोषबाट सरकारलाई प्राप्त हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहायतालाई बुझ्नुपर्छ।

नेपालले औपचारिक रूपमा वैदेशिक सहायता लिन थालेको ७५ वर्ष हुँदैछ। अर्थ मन्त्रालयले प्रकाशित गरेको 'संघीय नेपालमा वैदेशिक सहायता परिचालनसम्बन्धी अध्ययन प्रतिवेदन'ले पहिलो पटक २००८ (सन् १९५१) सालमा पहिलो सरकारी बजेट सार्वजनिक हुँदा वैदेशिक सहायता समेटिएको उल्लेख छ। त्यसबेला आन्तरिक स्रोतको रूपमा राजस्व अत्यन्त न्यून थियो, तर विकास निर्माणका गर्नुपर्ने काम धेरै थिए। त्यस्तो अवस्थामा तत्कालीन सरकारको लागि आन्तरिकभन्दा बाह्य स्रोत महत्वपूर्ण बन्न पुगेको थियो। २०१३ सालमा योजनाबद्ध विकास गर्ने हेतुले पहिलो पञ्चवर्षीय योजना (सन् १९५६-६०) सुरु भयो। तत्कालीन समयमा विकास खर्चको प्रमुख स्रोत नै वैदेशिक सहायता थियो। पहिलो बजेट सार्वजनिक भएको ११ वर्षपछि आर्थिक वर्ष २०१८/०१९ देखि आन्तरिक ऋण उठाउन थालिए पनि वैदेशिक ऋण भने २०२०/०२१ देखि लिन थालिएको हो।

औपचारिक रूपमा नेपाल र संयुक्त राज्य अमेरिकाबीच १९५१ मा भएको चारबुँदे सम्झौतापछि स्वास्थ्य, यातायात कृषि, वनसँग सम्बन्धित कार्यक्रममा नेपाललाई सहयोग प्राप्त भएको हो। त्यस लगत्तै सन् १९५२ मा नेपाल कोलम्बो योजनामा जोडियो। यसअन्तर्गत नेपाली विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि अनुदान सहयोग दिने क्रम पनि सुरु भएको थियो। विशेष गरेर व्यावसायिक तथा प्राविधिक क्षेत्रमा अध्ययन गर्न विभिन्न देशले मानवीय पुँजी विकासका लागि अनुदान स्वरूप प्रदान गरेका छात्रवृत्ति नेपालीले पाउन थाले। सन् १९५० कै दशकमा नेपाललाई सहायता गर्ने अन्य देशहरूमा भारत, जापान, चीन, तत्कालीन सोभियत संघलगायत थिए। सहायता लिन थालिएका सुरुवाती वर्षहरूमा सहायता सञ्चार, यातायात, कृषि, जलविद्युत् लगायत क्षेत्रमा केन्द्रित गरिएको थियो।

त्यसपछि सन् १९६० को दशकमा बहुपक्षीय वित्तीय संस्थाहरू र विकसित देशहरू नेपाललाई सहयोग गर्न अग्रसर भए। त्यसबेला नेपालले विकास तथा पूर्वाधार आयोजना सञ्चालनका लागि वैदेशिक सहायता (दुईपक्षीय अनुदान सहित) लिन सुरु गऱ्यो। सामाजिक क्षेत्रदेखि विभिन्न पूर्वाधार परियोजनामा सहायताका कारण खानेपानी वितरण, जलविद्युत परियोजना, राजमार्गलगायतका परियोजनामा लगानी भयो। भारत, चीन र अमेरीकाले शिक्षा र स्वास्थ्य क्षेत्रसहित सडक सञ्जाल, सार्वजनिक संस्थानहरू, कलकारखाना र एकीकृत विकास परियोजनामा सहयोग गरे। त्यो शीत युद्धको समय भएकोले विश्वभर शक्तिको होडबाजी थियो। शक्तिशाली राष्ट्रहरूले आफ्नो प्रभावमा कमजोर राष्ट्रहरूलाई राख्न खोज्थे र त्यसरी राख्न एउटा औजारको रूपमा सहायता हुन्थ्यो। ६० को दशकतिर नेपालका पूर्वाधार परियोजनामा लगानीको एउटा महत्वपूर्ण हिस्सा नै वैदेशिक सहायता बन्न पुग्यो।

सन् १९७० को दशकमा एसियाली विकास बैंक र विश्व बैंक समूहको पूर्ण सञ्चालनपछि अनुदानलाई सहुलियतपूर्ण ऋणअन्तर्गत वर्गीकरण गर्न थालियो। यसले वैदेशिक सहायताको प्रकृतिमा नै उल्लेखनीय परिवर्तन आयो। त्यसपछि नेपाल सहायता समूहको गठनले पनि वैदेशिक सहायताको नयाँ आयाम दियो। सहायता दिने क्रम जारी रहँदा ८० को दशकमा ऋणभन्दा अनुदानको आकार ठुलोहुँदै गयो।

आर्थिक उदारीकरणसँगै ९० को दशकदेखि आन्तरिक स्रोतमा सुधार आयो। यसले सहायताको योगदान क्रमशः घटाउँदै लग्यो। घट्नुको एउटा कारण बजेटको आकारमा भएको वृद्धि पनि हो। लामो अवधिसम्म वार्षिक बजेटमा वैदेशिक सहायताको हिस्सा एक चौथाई रहने गरेकोमा पछिल्ला वर्षहरूमा त्यसमा समेत कमी आएको छ। उदाहरणको लागि आर्थिक वर्ष २०७८/७९ सम्म पनि वैदेशिक सहायता कुल बजेटको २२.६२ प्रतिशत रहेकोमा त्यसपछिका ४ वर्षमा क्रमशः १६.६, १५, १४.५१ र १४.६२ प्रतिशतमा झरेको छ। त्यसैगरी सहायतामा आएको अर्को परिवर्तन भनेको सुरुवाती वर्षमा अनुदानको हिस्सा बढी भएकोमा पछिल्ला वर्षहरूमा यसलाई ऋणले प्रतिस्थापन गर्दै लगेको छ। यसबाहेक नेपाल अल्पविकसितबाट विकासशील देशमा स्तरोन्नति हुने तयारीमा छ। त्यसले पनि आगामी दिनमा असर गर्नेछ। स्तरोन्नति भएपछि सहुलियत ऋणको आकार घट्दै जान सक्नेछ। अझ केही क्षेत्रहरूमा ऋण मात्र प्राप्त हुन सक्ने अवस्था आउन सक्नेछ। यसबाहेक पछिल्लो समय दुईपक्षीय सहायताबाट बहुपक्षीय सहायतातर्फ परिवर्तन हुँदै गइरहेको देखिन्छ। विशेषगरी विश्व बैंक, एसियाली विकास बैंक एसियाली पूर्वाधार विकास बैंकलगायतका वित्तीय संस्थाहरूले सहायता बढाउँदै लगेका छन्। यसको अर्थ दुई पक्षीय सहायता छैनन् भन्ने होइन। दुईपक्षीय सहायताहरू पनि निरन्तर छन्। अहिले पनि बेलायत, जापान, अमेरिका, भारत, चीन ठुलोसहायता गर्ने देशमध्येमा पर्छन्।

**सहायतासम्बन्धी सवैधानिक व्यवस्था र नीति**

नेपालको विकास आवश्यकतालाई पूरा गर्न वैदेशिक सहायता सहयोगी बनिरहेको छ कि अवरोधक भन्ने विषयमा पक्ष विपक्षमा चर्को बहस हुने गरेको छ। एउटा पक्षले वैदेशिक सहायता घट्दै गएकोमा चिन्ता जनाउने गरेका छन्। अर्को पक्षले भने नेपालको विकास अवरोधक नै वैदेशिक सहायता भएकाले घट्दै जानुलाई आन्तरिक र वैकल्पिक वित्तीय स्रोत परिचालनको अवसरको रूपमा लिने गरेका छन्।

तर यथार्थ के छ भने अहिले राजस्वबाट ढुकुटीमा जति स्रोत जम्मा हुन्छ। त्यो चालु खर्च पुऱ्याउनको लागि मात्र पर्याप्त हुने गरेको छ। विकास निर्माणमार्फत पुँजी सिर्जना गर्न बजेट छुट्याउन स्रोतको न्यूनता छ। त्यसको परिपूरकको एउटा पक्षको रूपमा वैदेशिक सहायतालाई लिन सकिन्छ। प्रणाली बाहिर भएकाहरूले जेजस्तो तर्क गरे पनि प्रणाली भित्र रहेकाहरूले वैदेशिक सहायताको अपरिहार्यतालाई अस्वीकार गर्न सक्ने अवस्था छैन। विशेषगरी पूर्वाधारमा हुने लगानीमा वैदेशिक सहायता अपेक्षित देखिन्छ।

पूर्वाधारमा लगानी गर्न आन्तरिक स्रोतको परिचालन पर्याप्त नहुने हुँदा वैदेशिक सहायता चाहिएको हो। वैदेशिक सहायतालाई देशको मूल कानुन संविधानले पनि अस्वीकार गरेको छैन। नेपालको संविधान, २०७२ को धारा ५९ (६) र अनुसूची ५ (५) ले बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरू र अन्तर्राष्ट्रिय/गैहृसरकारी संस्थाबाट प्राप्त हुने वैदेशिक सहायता परिचालनको नेतृत्व संघीय सरकारले लिने व्यवस्था गरेको छ। संविधानको अनुसूची ६ (२) अनुसार संघीय सरकारको अनुमति लिएर प्रदेश सरकारले विभिन्न विकास साझेदारहरूबाट वैदेशिक अनुदान र सहायता लिन सक्नेछ। प्रदेश र स्थानीय सरकार दुवैलाई वैदेशिक ऋण लिन बन्देज छ। त्यसमा पनि स्थानीय सरकारले वैदेशिक अनुदान सोझै लिन पाउँदैन। यसबाहेक ऋण तथा जमानत ऐन, २०२५ ले पहिलो पटक बहुपक्षीय तथा द्विपक्षीय निकायबाट प्राप्त हुने कुनै पनि प्रकारका ऋणको नियमन तथा निर्देशन र जमानत सम्बन्धी व्यवस्था गरेको छ। नेपालमा वैदेशिक सहायतालाई व्यवस्थापन गर्न वैदेशिक सहायता नीति, २०५९ पहिलो पटक ल्याइयो। त्यसपछि अद्यावधिक हुदै अहिले वैदेशिक सहायता परिचालन नीति २०८२ कार्यान्वनयमा रहेको छ।

**पूर्वाधार लगानीमा अपुग पुँजी र सहायता**

वैदेशिक सहायता सधै सहज नहुन सक्छ। तर, देशको आवश्यकता के छ भनेर बुझ्न पनि उत्तिकै जरुरी छ। आन्तरिक स्रोत वृद्धि गर्न आर्थिक रूपमा चलायमान हुनुपर्नेछ। पूर्वाधारमा लगानी नगरेसम्म आर्थिक वृद्धि र पुँजी सिर्जना कठिन हुन्छ। नेपाल चुकिरहेको एउटा महत्वपूर्ण क्षेत्र पूर्वाधार लगानीमा पनि हो। पूर्वाधार तयारी गर्नको लागि ठुलोलगानी आवश्यक पर्छ। यसैकारण संसारभर नै पूर्वाधार र अर्थतन्त्र एक अर्काका परिपूरकको रूपमा हेरिन्छ। अर्थतन्त्रलाई चलायमान बनाउने मुख्य उपकरणको रूपमा पूर्वाधारमा लगानी तथा विकासलाई लिइने गरिएको छ। नेपालमा जति पूर्वाधार हुनुपर्ने हो, त्यति पूर्वाधार तयार छैनन्। पूर्वाधार तयार गर्नको लागि ठुलोपरिमाणमा लगानी गर्नुपर्ने आवश्यकता छ। तर, हामीसँग लगानी गर्न सक्ने पहिलो त क्षमता नै छैन् अर्थात निकै न्युन छ। दोस्रो पूर्वाधारमा भइरहेको लगानीलाई खर्च गर्न सक्ने क्षमता र व्यवस्थापनको अभाव छ। त्यो न्यूनतालाई पूरा गर्ने एउटा परिपूरक वैदेशिक सहायता बन्न सक्छ।

पूर्वाधारमा हुनुपर्ने लगानीको न्यूनता (ग्याप) कति टड्कारो छ भन्ने देखाउन केही अध्ययनलाई हेर्दा पनि थाहा हुन्छ। नेपाल उद्योग परिसंघ (सिएनआई) र सर्वाङ्गिण विकास अध्ययन संस्था (आइआइडीएस) ले गरेको अध्ययन प्रतिवेदनअनुसार नेपाललाई विभिन्न आधार तथा कुल ग्रार्हस्थ्य उत्पादनमा हुने वृद्धिलाई आधार मानी सन् २०३० सम्म अमेरिकी डलर ७७ अर्बदेखि १३६ अर्बसम्म पूर्वाधारमा लगानी गर्न आवश्यकता औंल्याइएको छ। साथै,

बेलायती सहयोग नियोगको सहयोगमा नेपाल इन्फ्रास्टकचर बैंकले गरेको अध्ययनले विभिन्न सरकारी निकाय, प्रदेश सरकार तथा स्थानीय तह र निजी क्षेत्रबाट पहिचान गरिएका, तयारी, पूर्वतयारी वा निर्माणको प्रक्रियामा रहेका पूर्वाधार परियोजनाहरूलाई आगामी १० वर्षमा सम्पन्न गर्ने लक्ष्यलाई ध्यानमा राख्दा ती परियोजनाहरू अनुमानित समयमै सम्पन्न गर्न वार्षिक १३ खर्ब रुपैयाँ आवश्यक पर्ने देखिएको छ।

नेपाल इन्फ्रास्टकचर बैंकले गरेको अर्को अध्ययनअनुसार मुख्य राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा समावेश गरेका पूर्वाधार परियोजनाहरूको निर्माण गर्न आगामी ७ देखि ८ वर्षमा ६६ खर्ब रुपैयाँ लगानी आवश्यक पर्नेछ। तथापि प्रत्येक राजनीतिक दलको प्राथमिकता फरक भए पनि सबैको प्राथमिकता पूर्वाधार रहेको र औषत लागत करिब ६६ खर्ब रुपैयाँ देखिएको छ। दलअनुसार कुनै दलले ऊर्जालाई बढी प्राथमिकता दिएका छन् भने कोहीले सडक, सहरी निर्माण, वातावरण वा जलवायु परिवर्तनलाई प्राथमिकता दिएका छन्। त्यसको आधारमा वार्षिक १० देखि ११ खर्ब रुपैयाँ पूर्वाधारमा लगानी गर्नुपर्ने छ।

सरकारले पूर्वाधारको लागि विनियोजन गर्ने बजेट न्यून छ भन्ने तथ्य विश्व बैंकले गरेको एउटा अध्ययनबाट पनि प्रष्ट हुन्छ। अध्ययनअनुसार नेपालले आफ्नो कुल ग्राहस्थ्य उत्पादनको ८ देखि १२ प्रतिशत लगानी गर्नुपर्ने प्रतिवेदन सार्वजनिक गरेको थियो। नेपालमा एकातिर बजेट विनियोजन न्यून हुने र छुट्याएको बजेटको खर्च अझै थोरै हुने समस्याको रूपमा रह्यो। यति मात्र होइन्, आयोजनाको प्रतिफल पनि छरिएको र ठोस उपलब्धी न्यून देखिने गरेको छ। नेपाल उद्योग परिसंघले सन् २०१९ मा ऊर्जा, यातायात, सहरी विकास र खानेपानी तथा सरसफाई गरी ४ क्षेत्रमा चाहिने लगानीको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो।

'नेपाल इन्फ्रास्ट्रक्चर २०३०: इन्भेष्टमेण्ट एण्ड फाइनान्सिङ निड्स' नाम दिइएको प्रतिवेदनले मुलत देशले २०३० सम्म के के गर्ने भनेर प्रतिबद्धता जनाएको छ। उदाहरणको लागि पञ्चवर्षीय योजनाले के भनेको छ, दीगो विकास लक्ष्यमा के उल्लेख छ, अहिले पहिचान भएका आयोजना के छन्, र तोकिएको समयमा राखिएका लक्ष्य प्राप्ति गर्न कति लगानी गर्नुपर्छ भन्नेमा केन्द्रित भएर प्रतिवेदन तयार गरिएको थियो। त्यसरी हेर्दा १६ देखि २० बिलियन डलर ( करिब १७ देखि २१ खर्ब रुपैयाँ) वार्षिक लगानी गर्नुपर्ने देखिएको छ।

यस्तै नेपालले वार्षिक ८ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त गर्ने हो भने त्यो लक्ष्य त्यसबेला मात्र प्राप्त गर्न सकिन्छ, जब पूर्वाधार क्षेत्रमा वार्षिक १५ खर्ब रुपैयाँ लगानी गर्न सकिने भन्ने अर्थशास्त्रीहरूको भनाइ छ। तर, पछिल्ला वर्षहरूमा सरकारमार्फत विनियोजन हुने पुँजीगत खर्च भनेको वार्षिक औषतमा ३ खर्ब रुपैयाँ हो। जुन आवश्यकताभन्दा धेरै नै न्यून हो। यसर्थ, चाहिने वा गर्नुपर्ने खर्च १३ खर्ब रुपैयाँ भए पनि वास्तविक विनियोजित लगानी ३ खर्ब रुपैयाँ मात्र भइरहेकोले लगानीको खाडल कम्तीमा पनि वार्षिक १० खर्बभन्दा धेरै छ।

यसलाई आर्थिक वर्ष २०८१/८२ देखि कार्यान्वयनमा आएको १६ औं पञ्चवर्षीय योजनाको प्रक्षेपणबाट पनि स्पष्ट हुन सक्ने अवस्था छ। पञ्चवर्षीय योजनाले आगामी ५ वर्षको अवधिमा ११२ खर्ब रुपैयाँ पूर्वाधार क्षेत्रलाई आवश्यक रहेको उल्लेख गरेको छ। त्यसमध्ये करिब ७५ खर्ब रुपैयाँ निजी क्षेत्रबाट आउने अपेक्षा गरिएको छ। सरकारले ३४ खर्ब रुपैयाँ लगानी गर्नुपर्ने सरकारको आधिकारिक डकुमेण्टले बोल्छ। यसअनुसार पनि वार्षिक ७ खर्ब रुपैयाँ सरकारले पूर्वाधारको लागि छुट्याउनुपर्नेछ। यो अहिले विनियोजन गर्ने गरेको पुँजीगत बजेटको दोब्बर हो। अनि लगानी जुटाउने सबैभन्दा ठुलोदायित्व सरकारको हो। पूर्वाधारमा लगानी बढाउन आवश्यक कदम चाल्नुपर्ने आवश्यकता छ। त्यो न्यूनतालाई पूरा गर्न वैदेशिक सहायता एउटा उपाय हुन सक्छ। तर, अब ठूला पूर्वाधारहरू वैदेशिक सहायताको सहुलियतपूर्ण र अन्य ऋण लिएर मात्र अघि बढाउनुपर्नेछ। यसकारण आयोजना छनोटमा वृद्धिमतापूर्वक निर्णय गरी ऋण तिरेर प्रतिफल दिने सक्ने र दीर्घकालनमा अर्थतन्त्रलाई टेवा पुऱ्याउने योजनालाई अघि बढाउनुपर्नेछ। सरकारले ऋण सहायता मूलत भौतिक पूर्वाधार (जलविद्युत, सडक तथा पुल, सिँचाई, हवाई मैदान, रेल्वे, सुख्खा बन्दरगाह र सहरी पूर्वाधार विकास), कृषि र पर्यटन जस्ता उच्च आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने, रोजगारी सिर्जना गर्ने र वैदेशिक मुद्रा आर्जन गर्ने क्षेत्रहरूमा उपयोग गर्ने नीति नै छ।

## सहायता उपयोगमा कमजोरी र सुधार्नुपर्ने पक्ष

एकातिर नेपालले प्राप्त गर्ने सहायता रकमको अनुपात घट्दै गएको छ। अर्कोतर्फ नेपालसँग विकास साझेदारले उपलब्ध गराउन सहमत गरेको सहायता रकमको खर्च निराशाजनक देखिन्छ। विशेषगरी पूर्वाधार आयोजनाको पूर्वतयारीमा चुक्दा प्राप्त भएको रकमसमेत उपयोग गर्न सकिएको छैन। यसले विनियोजन गरेको वैदेशिक स्रोतको तुलनामा खर्च भने निकै न्यून हुने प्रवृत्ति विकास भइरहेको छ। उदाहरणको लागि चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा नेपाललाई १० विकास साझेदारमार्फत कुल २ खर्ब ६१ अर्ब ७० करोड विनियोजन भएको छ। जबकि अर्धवार्षिक समीक्षा मूल्यांकन गर्ने बेलासम्म आउँदा त्यसरी छुट्याएको रकममध्ये २८ अर्ब ४७ करोड मात्र खर्च भएको छ। यसअनुसार वैदेशिक स्रोत समावेश भएका आयोजना तथा कार्यक्रमको ६ महिनाको खर्च औषतमा ११ प्रतिशत मात्र हो। कतिपय साझेदारको बजेट विनियोजन भए पनि अहिलेसम्म खर्च नै हुन सकेको छैन। एसिया क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्न स्थापना भएको अन्तर्राष्ट्रिय वित्तीय संस्था एसियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) मार्फत प्राप्त हुने भनेर ४ अर्ब ८१ करोड ५९ लाख रुपैयाँ विनियोजन गरिएको छ। तर, पुससम्मको खर्च प्रगति शून्य छ।

अर्थ मन्त्रालयको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनले वैदेशिक

सहायताको वित्तीय सम्झौता भएपछि कार्यान्वयनका क्रममा समय तालिकाअनुसार काम नहुनुलाई मुख्य समस्या मानेको छ। 'समयमा नै पूर्वतयारी र ठेक्का व्यवस्थापन हुन नसक्दा प्रतिबद्धता रकम हुँदाहुँदै पनि वास्तविक प्राप्ति रकम अपेक्षाकृत कम हुने गरेको छ' प्रतिवेदनमा उल्लेख छ। यसैगरी वैदेशिक सहायताका आयोजना र कार्यक्रममा अन्तर्निकाय समन्वय कमजोर हुने गरेको छ। आयोजना र कार्यक्रम कार्यान्वयन गर्न गठन हुने उच्चस्तरीय संयन्त्रको बैठक नियमित नहुने र कतिपय कार्यक्रममा बैठक नै नहुने गरेको छ।

यसले कार्यान्वयनमा देखिएका समस्या लामो समयसम्म बल्झिने गरेको छ। यस्तै, वैदेशिक सहायताका आयोजनाको खरिद प्रक्रिया सार्वजनिक खरिद ऐनको व्यवस्था बमोजिम दातृ पक्षकै खरिद निर्देशिका लागु हुने गरी सम्झौता भएका आयोजनामा समेत समस्या हुने गरेको छ। खरिदसम्बन्धी राष्ट्रिय कानुन लागु गर्न खोज्दा दातृ पक्षसँगको समन्वयमा समस्या देखा पर्ने र यसले समग्रमा खर्च हुने गति घटाउने गरेको छ। यसैगरी प्रदेश र स्थानीय तहमा समेत कार्यान्वयन हुने गरी वैदेशिक सहायता सम्झौता हुने गरेको छ। ती सरकारसँग तहगत समन्वय प्रभावकारी नहुँदा कार्यक्रम कार्यान्वयन र प्रतिवेदन प्रणालीमा जटिलता उत्पन्न हुने गरेको प्रतिवेदनले उल्लेख छ। आयोजना प्रमुख र कर्मचारीहरूको बारम्बार सरुवा हुँदा आयोजना कार्यान्वयन प्रभावित हुने गरेको छ। नेतृत्व परिवर्तन हुँदा पछिल्लो नेतृत्वले कार्यान्वयनको अपनत्व नलिने प्रवृत्ति देखिएको छ। यसले न्यून खर्च हुने प्रवृत्तिलाई सघाइरहेको छ।

नेपाल पक्षमात्र होइन, कतिपय अवस्थामा बहुपक्षीय विकास साझेदारले खरिद प्रकियामा र मूल्यांकन सूचकहरूमा समय-समयमा गर्ने परिवर्तनले गर्दा पनि न्यून खर्च गर्न सहयोग पुगेको छ। किनकि परिवर्तन गरिएका मापदण्डहरू कार्यान्वयन गर्न आयोजना कार्यान्वयनसँग जोडिएको निकायको संस्थागत क्षमता कमजोर हुने गरेको छ। आयोजना कार्यान्वयनको स्वीकृत कार्यतालिका पालना नहुँदा र निर्णय प्रक्रियामा ढिलासुस्ती हुँदा अधिकांश आयोजनाहरू निर्धारित समयमा सम्पन्न नहुने र लागत बढ्ने अनि राज्यलाई अतिरिक्त वित्तीय भार थपिने अवस्था छ। यतिमात्र होइन, विकास सहायता प्राप्तिको चरणमा विषयगत मन्त्रालयहरूले अतिरिक्त सक्रियता र तदारुकता देखाउने गरेका छन्। तर, आयोजना कार्यान्वयन, जनशक्ति व्यवस्थापन र नतिजा प्राप्तिको चरणमा त्यो सक्रियता निरन्तरता कायम नरहने गरेको छ। बजेटरी सहायता प्राप्त गर्न तोकिएका नीतिगत सुधारका सर्तहरू पूरा गर्न अर्थ मन्त्रालय र विषयगत मन्त्रालयरनिकायबीचको समन्वय गर्ने काम सहज छैन।

वैदेशिक सहायतालाई प्रभावकारी कार्यान्वय गर्न केही सुधार्नुपर्ने विषय पनि छन्। त्यसमध्ये 'प्रोजेक्ट रेडिनेस फिल्टर' को कार्यान्वयन सुरु भएकोले वैदेशिक सहायताका आयोजनामा यसको प्रभावकारी कार्यान्वयन जोड दिनुपर्नेछ। आयोजनाको पूर्वतयारीलाई प्रभावकारी बनाउनु पर्नेछ। त्यस्तै, आयोजना कार्यान्वयनमा अन्तर निकायरतह समन्वय सुदृढ गर्न बैठकहरू नियमित गर्ने र देखिएका समस्याहरू तत्काल समाधानमा लैजाँदा खर्च बढ्नेछ। विकास साझेदारका खरिदसम्बन्धी निर्देशिकाका सम्बन्धमा आयोजना कार्यालयहरूलाई पर्याप्त तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। तयारीमा ढिलाइ गर्ने वन क्षेत्रको स्वीकृति, वातावरण कानुनमा देखिएका विभिन्न असंगतिमा सुधार गर्ने र रूख गणना प्रक्रियालाई डिजिटाइजेसन गर्दा तयारीले गति समात्नेछ।

यसैगरी आयोजनालाई तोकिएको समय र लागतमा सम्पन्न गराउन अनुगमन प्रणालीलाई नतिजामूलक बनाई समय र लागत वृद्धि हुने समस्या अन्त्य गर्न उच्चस्तरीय अनुगमन संयन्त्र परिचालन गर्नुपर्नेमा जोड दिइएको छ। बजेटरी सहायताबापत प्राप्त हुने वैदेशिक ऋणलाई उपभोग खर्चमा नभई पुँजी निर्माण र रूपान्तरणकारी पूर्वाधार आयोजनामा आवद्ध गरी परिचालन गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ। नीतिगत सुधारमा आधारित सहायताका सर्तहरू पूरा गर्न र अन्तर-निकाय समन्वयलाई चुस्त बनाउन उच्चस्तरीय अन्तर-मन्त्रालय समन्वय समिति गठन गरी निरन्तर सहजीकरण गर्नुपर्छ।

## वैकल्पिक उपायको खोजी

वैदेशिक सहायता एउटा पक्ष भयो। यसमा मात्र भर पर्नु बुद्धिमत्तापूर्ण निर्णय होइन। राजस्वले साधारण खर्च धान्न कठिन भइरहेको अवस्थामा देश पुगेको छ। वास्तवमै पूर्वाधार विकास कहाँबाट गर्ने भन्ने प्रश्न उब्जिएको छ। अर्कोतर्फ वैदेशिक सहायतामा अनुदानको परिमाण घट्दै जाने प्रवृत्ति छ। विकसित देशहरू अनुदानको लागि इच्छुक देखिदैनन्। ऋण लगानी बढाउनको लागि पनि लगानीकर्ताले प्रतिफलमा आधारित भएर मात्र कर्जा उपलब्ध गराउने अवस्था छ। त्यसको पनि सीमितता छ। यस्तो अवस्थामा पूर्वाधार विकास कसरी गर्ने भन्ने प्रश्न उठ्छ। देशभित्र उपलब्ध भएको स्रोतलाई प्रभावकारी रूपमा परिचालन गर्ने, निजी क्षेत्र, वैदेशिक लगानी र संस्थागत लगानीकर्ता लगायतमार्फत पूर्वाधारमा लगानी जुटाउन सक्नुपर्छ। यसबाहेक लगानी जुटाउने विविध उपकरणको प्रयोग गरेर पनि पूर्वाधार लगानीमा भएको कमीलाई पूरा गर्न सकिन्छ। आन्तरिक ऋण, वैदेशिक ऋण र सानो आकारको अनुदानले मात्र नेपालको पूर्वाधार लगानीको आवश्यकता पूरा हुने देखिदैन। सीमित स्रोतबाट असीमित आकांक्षा पूरा गर्न नसक्ने स्पष्ट नै छ। अर्थ मन्त्रालयले केही पहिलो वैकल्पिक विकास वित्त विद्येयकलाई अघि बढाएको थियो। यसले राजस्व, ऋण, अनुदानजस्ता प्रचलित वित्तीय उपकरणभन्दा बाहिरका स्रोतहरूको आन्तरिक र बाह्य बजारबाट स्रोतको खोजी गर्ने अपेक्षा छ। त्यसरी जम्मा हुने स्रोत भने उच्च प्राथमिकता प्राप्त, प्रतिफल राम्रो आउने, ठूला र दीर्घकालीन पूर्वाधार आयोजनामा लगानी केन्द्रित गरिनुपर्छ। तर विद्येयक तार्किक निष्कर्षमा पुग्न सकेन। यसतर्फ पनि सबैको चासो रहनुपर्छ।

★ ★ ★

# वित्तीय साक्षरता र अवकाश योजना : सुरक्षित भविष्यको आधारस्तम्भ

डिजिटल युगमा वित्तीय साक्षरता भनेको केवल पैसा बचत गर्नु वा लगानी गर्नु मात्र होइन, बरु प्रविधिको प्रयोग गरेर ती वित्तीय उपकरणहरूलाई आफ्नो पक्षमा पार्न सक्ने क्षमता पनि हो । नेपालको वित्तीय क्षेत्रमा प्रविधिको बढ्दो प्रयोगले अवकाश योजना र नागरिक लगानी कोषका योजनाहरूलाई अझ पारदर्शी र पहुँचयोग्य बनाएको छ ।



**रीता पाठक**
**सहायक निर्देशक**
**नागरिक लगानी कोष**

**१. परिचय :**

मानव जीवनको गतिशीलतासँगै आर्थिक आवश्यकताहरू पनि परिवर्तन भइरहन्छन् । मानवले आफ्नो सक्रिय कार्यजीवनमा आम्दानीका विभिन्न स्रोतहरू पहिल्याउँछ, तर जीवनको एक यस्तो मोड आउँछ जहाँ शारीरिक वा मानसिक अवस्थाका कारण सक्रिय रूपमा काम गर्न सम्भव हुँदैन । त्यही अवस्थालाई हामी 'अवकाश' (Retirement) भन्दछौं । अवकाश केवल उमेरको एउटा अंक मात्र होइन, बरु यो आर्थिक रूपमा स्वावलम्बी भएर सम्मानजनक जीवन जिउने अवसर पनि हो । तर, यो अवसरलाई सुखदय बनाउन 'वित्तीय साक्षरता' अपरिहार्य हुन्छ ।

वित्तीय साक्षरता भन्नाले केबल पैसा कमाउनु वा बचत गर्नु मात्र होइन, यसले मुद्रास्फीति (Inflation), लगानीको विविधीकरण, चक्रवृद्धि ब्याजको शक्ति र जोखिम व्यवस्थापन जस्ता जटिल पक्षहरूलाई बुझ्न मद्दत गर्दछ । नपाल जस्तो विकासोन्मुख देशमा, जहाँ सामाजिक सुरक्षाको दायरा अझै पूर्ण रूपमा विस्तार हुन बाँकी छ । त्यहाँ व्यक्तिगतस्तरमा गरिने अवकाश योजना (Retirement Planning) को महत्व अझ बढी छ । धेरैजसो नेपाली कर्मचारी वा स्वरोजगार व्यक्तिहरूले अवकाशपछिको जीवनलाई छोराछोरीको भरमा वा आकस्मिक बचतको भरमा मात्र छोड्ने प्रवृत्ति छ । तर, बदलिँदो सामाजिक संरचना र बढ्दो महँगीका कारण यो परम्परागत सोच अब पर्याप्त छैन ।

नागरिक लगानी कोष (CIT) जस्ता संस्थाहरूले नागरिकको सानो-सानो बचतलाई संकलन गरी त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्दै अवकाशपछिको आर्थिक सुरक्षा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलिरहेका छन् । प्रस्तुत लेखमा वित्तीय साक्षरताले कसरी एक व्यक्तिको अवकाश योजनालाई प्रभावकारी बनाउँछ र नागरिक लगानी कोषका विभिन्न योजनाहरूले नेपाली समाजमा वित्तीय सुरक्षाको ग्यारेन्टी कसरी गरिरहेका छन् भन्ने विषयमा केन्द्रित रहेर विश्लेषण गरिएको छ ।

**२. नेपालको सन्दर्भमा अवकाश योजनाका चुनौतीहरू**

नेपालमा वित्तीय साक्षरताको कमीले गर्दा अवकाश योजना बनाउनुलाई अझै पनि एउटा विलासिता (Luxury) का रूपमा हेर्ने गरिन्छ । मुख्य चुनौतीहरू यस प्रकार छन् :

(क) **बचत गर्ने संस्कृतिको अभाव:** धेरैजसो नेपालीको आम्दानीको ठुलो हिस्सा उपभोग्य वस्तु, सामाजिक संस्कार र चाडपर्वमा खर्च हुने गर्दछ । "भोलिको लागि

आज जोगाउनु पर्छ" भन्ने सोच भए तापनि व्यवहारमा उतार्न कठिन देखिन्छ।

(ख) **परम्परागत भरोसाः** अझै पनि ठुलो जनसंख्याले छोराछोरीलाई नै 'बुढेसकालको लौरो' वा पेन्सनका रूपमा लिने गर्दछन्। तर, बदिल्दो सामाजिक परिवेश र एकल परिवारको अवधारणाले यो सोचलाई जोखिमपूर्ण बनाइदिएको छ।

(ग) **मुद्रास्फीति (Inflation) को नजरअन्दाजः** सामान्य बचत खातामा पैसा राख्दा बढ्दो महँगीले त्यसको क्रयशक्ति (Purchasing Power) घटाउँछ भन्ने कुरा धेरैले बुझेका हुँदैनन्। २० वर्षपछिको १ लाख रुपैयाँले आजको जस्तो आवश्यकता पूरा गर्न सक्दैन भन्ने तथ्यलाई अवकाश योजनामा समावेश गरिएको पाइँदैन।

## एउटा रोचक प्रसङ्ग : दुई साथी र दुई फरक भविष्य

एउटै कार्यालयबाट अवकाश पाएका दुई साथीहरू– **हरिप्रसाद र कृष्णप्रसाद**। ३० वर्ष सँगै काख गरेर अवकाश भएको पाँच वर्षपछि उनीहरू एउटा चौतारीमा भेटिए। तर उनीहरूको जीवनको रङ्ग फरक थियो।

**हरिप्रसाद** चिन्तित देखिन्थे। उनले आफ्नो सक्रिय उमेरमा "भोलि त कसले देखेको छ र!" भन्दै तलबको ठुलो हिस्सा सामाजिक तडकभडक र उपभोगमा खर्च गरे। आज उनको खल्ती रित्तो छ। एउटा सानो औषधी किन्न पनि उनले छोरा वा बुहारीको मुहार हेर्नुपर्छ। उनका लागि अवकाश एउटा "बोझ" बनेको छ।

अर्कोतर्फ, कृष्णप्रसाद निकै ढुक्क र हँसिला देखिन्थे। उनले जागरिको सुरुवाती दिनदेखि नै आफ्नो तलबबाट थोरै रकम नागरिक लगानी कोष (CIT) को कर्मचारी बचत वृद्धि अवकाश कोषमा बचत गरेका थिए। आज उनलाई कसैको आर्थिक सहारा चाहिँदैन। उनले गर्वका साथ भने– "आफ्नो खल्तीमा पैसा हुँदा बुढ्यौलीमा आत्मसम्मान पनि जोगिने रहेछ। मलाई त यो उमेरमा बल्ल वास्तविक स्वतन्त्रताको आभास भइरहेको छ।"

'माथिको कथाले देखाएझैं, अवकाश योजना भनेको केवल अंकको हिसाब मात्र होइन, बरु बुढ्यौलीमा आफ्नो आत्मसम्मान बचाउने एउटा बलियो खम्बा हो। नागरिक लगानी कोषले कृष्णप्रसाद जस्ता लाखौँ नागरिकलाई त्यही आर्थिक स्वतन्त्रता र स्वाभिमान प्रदान गर्ने लक्ष्य राखेको छ। आखिर, तपाईँ हरिप्रसाद बन्न चाहनुहुन्छ कि कृष्णप्रसाद ? निर्णय तपाईँको आजको एउटा सानो बचतमा लुकेको छ।'

'हरिप्रसाद र कृष्णप्रसादको यो प्रतिनिधिमूलक कथाले के प्रष्ट पार्छ भने, अवकाशको तयारी केवल आर्थिक विषय मात्र नभई यो एउटा जीवन दर्शन पनि हो। सही समयमा गरिएको वित्तीय निर्णयले मानिसलाई बुढ्यौलीमा कसरी स्वावलम्बी र सम्मानित बनाउँछ भन्ने उदाहरण माथिको प्रसङ्गले प्रस्तुत गरेको छ। यसै सन्दर्भलाई आत्मसात गर्दै, अब हामीले नेपालको परिप्रेक्ष्यमा अवकाश योजनालाई प्रभावकारी बनाउन चाल्नुपर्ने कदमहरूका बारेमा निष्कर्षमा चर्चा गर्नेछौं।'

## ३. नागरिक लगानी कोष (CIT) र वित्तीय सुरक्षामा यसको भूमिका

नेपालको अर्ध-सरकारी संस्थाका रूपमा नागरिक लगानी कोषले नागरिकको वित्तीय साक्षरता अभिवृद्धि र अवकाश योजनालाई मूर्त रूप दिन महत्वपूर्ण भूमिका खेलिरहेको छः

(क) **विविध बचत योजनाहरूः** CIT ले सरकारी कर्मचारी मात्र नभई निजी क्षेत्र, स्वरोजगार र वैदेशिक रोजगारमा रहेका नेपालीहरूका लागि समेत 'नागरिक पेन्सन योजना' जस्ता कार्यक्रमहरू ल्याएको छ। यसले समाजका सबै वर्गलाई वित्तीय सुरक्षाको घेराभित्र ल्याउँछ।

(ख) **कर लाभ (Tax Benefit) :** वित्तीय साक्षरताको एउटा महत्वपूर्ण पाटो भनेको कर व्यवस्थापन हो। CIT मा गरिएको लगानीमा पाइने आयकर छुटको सुविधाले बचतकर्तालाई थप प्रोत्साहन प्रदान गर्दछ।

(ग) **सुरिक्षत र प्रतिफलमुखी लगानीः** व्यक्तिगत रूपमा सेयर बजार वा अन्य जोखिमपूर्ण क्षेत्रमा लगानी गर्न नजान्नेहरूका लागि CIT ले एक व्यावसायिक कोष प्रबन्धको रूपमा काम गर्छ। कोषले संकलित रकमलाई जलविद्युत, बैंक तथा वित्तीय संस्था र राष्ट्रिय गौरवका आयोजनामा लगानी गरी सुरिक्षत प्रतिफल सुनिश्चित गर्दछ।

(घ) **ऋण सुविधा र तरलताः** अवकाश कोष भए पनि विशेष आवश्यकता पर्दा आफ्नै बचतबाट सहुलियत दरमा ऋण लिन सकिने सुविधाले यसलाई थप प्रभावकारी बनाएको छ। साथै सहभागीहरूलाई धितोमा आधारित विभिन्न प्रकारका ऋणहरू जस्तै, आवास कर्जा, सरल कर्जा, शैक्षिक कर्जा तथा सवारी कर्जा आदि प्रदान गरिने भएकोले कोषका सहभागीहरू थप लाभान्वित भएका छन्।

## ४. वैदेशिक रोजगार र दीर्घकालीन वित्तीय सुरक्षाः एक अवसर

नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको रेमिटेन्स (विप्रेषण) ले कुल गार्हस्थ्य उत्पादनमा करिब २५ /३० प्रतिशत योगदान दिन्छ। तर, विडम्बना के छ भने वैदेशिक रोजगारबाट फर्किएका अधिकांश युवाहरूसँग बुढेसकालका लागि कुनै ठोस बचत हुँदैन।

(क) **अनुत्पादन खर्चको चुनौती**: विदेशबट पठाएको पैसाको ठुलो हिस्सा उपभोग्य वस्तु, मोबाइल, विलासी सामान र घरजग्गामा खर्च हुने गरेको छ।

(ख) **CIT को 'नागरिक पेन्सन योजना' र वैदेशिक रोजगार**: नागरिक लगानी कोषले विदेशमा रहेका नेपालीहरूलाई लक्षित गरी ल्याएको पेन्सन योजनाले उनीहरूलाई काम गर्न सक्ने उमेरमै भविष्यको पेन्सन सुनिश्चित गर्ने अवसर दिएको छ।

**कथाः मरुभूमिमा रोपिएको 'पेन्सन' को बिरुवा**

**रमेश** र **सोम** एउटै गाउँका साथी थिए। १० वर्षअघि दुवै जना एउटै म्यानपावर कम्पनीमार्फत कतारको एउटा निर्माण कम्पनीमा काम गर्न गए। उनीहरूको तलब र काम गर्ने समय पनि एउटै थियो।

(क) **रमेशको सपना र खर्च**: रमेश अलि सोखिन स्वभावका थिए। उनी भन्थे,'विदेशमा दुःख गरेकै रमाइलो गर्न त हो नि !' उनले हरेक महिना आफ्नो कमाइको ठुलो हिस्सा नयाँ मोडलका आइफोन, ब्रान्डेड लुगा र गाउँमा घर बनाउनका लागि पठाए। उनलाई लाग्यो, 'घर बनेपछि त सम्पत्ति भइहाल्यो नि, बुढेशकालमा त छोराछोरीले पालिहाल्छन्।' उनले भविष्यको बचतका बारेमा कहिल्यै सोचेनन्।

(ख) **सोमको दूरदर्शिता**: सोम भने अलि फरक सोच्थे। उनले नागरिक लगानी कोष (CIT) को ' नागरिक पेन्सन योजना' बारे एउटा अनलाइन लेख पढेका थिए। उनले हरेक महिना आफ्नो तलबबाट १० हजार रुपैयाँ नियमित रूपमा सोही योजनामा जम्मा गर्न थाले। साथीहरूले उनलाई 'कन्जुस' भनेर जिस्क्याउँथे, तर सोम मुसुक्क हाँसेर भन्थे,'अहिले मरुभूमिमा यो सानो बिरुवा रोप्दैछु, जसको छहारीमा म नेपाल फर्किएपछि ढुक्कले बस्न पाउनेछु।'

**१० वर्षपछिको यथार्थ**: १० वर्षपछि दुवै साथीहरू नेपाल फर्किए।

(क( **रमेशको अवस्था**: रमेशको गाउँमा ठुलो घर त छ, तर त्यै घरबाट आम्दानी हुँदैन। उल्टै त्यसको मर्मत खर्च र सामाजिक प्रतिष्ठा धान्न उनलाई धौ धौ परिरहेको छ। काम गर्ने उमेर घर्कँदै जाँदा उनलाई फेरि विदेश जाने रहर छैन, तर नेपालमा कुनै निश्चित आयको स्रोत पनि छैन। आज उनी आफ्नो साना साना खर्चका लागि पनि चिन्तित छन्।

(ख) **सोमको अवस्था**: सोमले नेपाल फर्किएपछि सानो व्यवसाय सुरु गरे। उनको मुख्य शक्ति भनेकै CIT मा जम्मा भएको पेन्सन कोष थियो। उनले केही वर्ष अझै योगदान गरेर अब मासिक निश्चित पेन्सन थाप्न सुरु गर्ने तयारीमा छन्। उनलाई थाहा छ– भोलि व्यवसाय तलमाथि परे पनि वा काम गर्न नसक्ने हुँदा पनि, नागरिक पेन्सन योजनाले उनलाई कसैको अगाडि हात थाप्न दिने छैन।

(ग) **यो कथाले दिने सन्देश (Article Connection)**: वैदेशिक रोजगार सधैँका लागि हुँदैन। विदेशमा रगत र पसिना बगाएर कमाएको पैसाको एउटा हिस्सा यदि नागरिक पेन्सन योजना जस्ता सरकारी ग्यारेन्टी भएका कोषमा लगानी गरियो भने, त्यै पैसा भविष्यमा 'आमाबुवा' जस्तै सहारा बनेर आउँछ।

## ५. वित्तीय साक्षरता र प्रविधिः भविष्यको बाटो

आजको डिजिटल युगमा वित्तीय साक्षरता भनेको केवल पैसा बचत गर्नु वा लगानी गर्नु मात्र होइन, बरु प्रविधिको प्रयोग गरेर ती वित्तीय उपकरणहरूलाई आफ्नो पक्षमा पार्न सक्ने क्षमता पनि हो। नेपालको वित्तीय क्षेत्रमा प्रविधिको बढ्दो प्रयोगले अवकाश योजना र नागरिक लगानी कोष (CIT) को योजनाहरूलाई अझ पारदर्शी र पहुँचयोग्य बनाएको छ।

**क) डिजिटल साक्षरताः वित्तीय सुरक्षाको मेरुदण्ड**

नेपालमा ई-बैंकिङ्ग र डिजिटल वालेटको प्रयोग बढ्दै जाँदा बचतकर्ताहरूले आफ्नो भविष्य कोष (Retirement Fund) लाई मोबाइलको स्क्रिनबाटै व्यवस्थापन गर्न सक्ने भएका छन्।

- **रियल-टाइम ट्र्याकिङ्ग**: पहिले आफ्ना खाताको मौज्दात थाहा पाउन कार्यालय धाउनुपर्ने वा वार्षिक प्रतिवेदन कुर्नुपर्ने अवस्था थियो। तर अहिले CIT को मोबाइल एपमार्फत बचतकर्ताले आफ्नो योगदान रकम, आर्जित ब्याज र लाभांश तत्कालै हेर्न सक्छन्। यसले नागरिकमा संस्था प्रतिको विश्वास (Trust) र स्वामित्वको भाव बढाएको छ।
- **अनलाइन योगदान (Digital Contributions):** कनेक्ट आइपीएस (connectIPS), खल्ती र इ-सेवाजस्ता डिजिटल गेटवेमार्फत संसारको जुनसुकै कुनबाट पनि आफ्नो पेन्सन खातामा पैसा जम्मा गर्न सकिने सुविधाले वैदेशिक रोजगारमा रहेका नेपालीलाई ठुलो राहत मिलेको छ।

**ख) फिनटेक (FinTech) र आर्टिफिसियल इन्टेलिजेन्स (AI) को भूमिका**

भविष्य मा वित्तीय साक्षरता केवल सूचनामा मात्र सीमित रहने छैन, यो विश्लेषणमा आधारित हुनेछ।

- **पेन्सन क्यालकुलेटर (Pension Calculator):** नागरिक लगानी कोषको वेबसाइटमा उपलब्ध हुने आधुनिक क्यालकुलेटरले एक

व्यक्तिको आजको उमेर, उनको बचत गर्ने क्षमता र अपेक्षित ब्याजदरलाई गणना गरेर अवकाशको समयमा उसले कति रकम प्राप्त गर्छ भन्ने स्पष्ट मार्गीचित्र दिन्छ। यो प्रविधिले मानिसलाई 'आज किन बचत गर्ने ?' भन्ने प्रश्नको उत्तर अंक र तथ्यमा दिन्छ।

- **डाटामा आधारित निर्णयः** प्रविधिले गर्दा कोष व्यवस्थापकहरूले नागरिकको पैसा कुन क्षेत्रमा लगानी गर्दा बढी सुरिक्षत र प्रतिफलमुखी हुन्छ भन्ने कुरा डाटा (Data Analytics) मार्फत पत्ता लगाउन सक्छन्।

**ग) साइबर सुरक्षा र सचेतना**

प्रविधिसँगै जोखिम पनि आउँछ। त्यसैले आधुनिक वित्तीय साक्षरताले बचतकर्तालाई साइबर सुरक्षा (Cyber Security) का बारेमा पनि शिक्षित गराउनुपर्छ।

- आफ्नो खाताको पासवर्ड गोप्य राख्ने।
- अनधिकृत लिंक वा शंकास्पद फोन कलबाट सचेत रहने।
- डिजिटल माध्यमबाट कारोबार गर्दा अधिकारिक च्यानल मात्र प्रयोग गर्ने।

**घ) प्रविधिले ल्याएको पारदर्शिता र सुशासन**

नागरिक लगानी कोष जस्ता ठुला संस्थाहरूमा प्रविधिको प्रयोगले 'पेपरलेस' प्रशासनलाई मात्र बढावा दिएको छैन, यसले भ्रष्टाचारको जोखिमलाई न्यूनीकरण गरी संस्थागत सुशासन (Corporate Governance) लाई मजबुत बनाएको छ। हरेक कारोबारको डिजिटल रेकर्ड हुनाले अडिट र अनुगमन सहज भएको छ।

**निष्कर्षमा प्रविधिको प्रभाव**

जब एक नागरिक आफ्नो मोबाइलबाटै आफ्नो अवकाश कोष बढेको देख्छ, उसमा बचत गर्ने उत्साह थप जाग्छ। त्यसैले भविष्यको वित्तीय साक्षरता भनेको नागरिकलाई केवल बचत गर्न सिकाउनु मात्र होइन, उनीहरूलाई डिजिटल माध्यमबाट आफ्नो आर्थिक भविष्यको सारथि बन्न सक्षम बनाउनु पनि हो। 'प्रविधिमैत्री लगानीकर्ता र पारदर्शी नागरिक लगानी कोष' नै समृद्ध नेपालको भविष्यको मार्गीचित्र हो।

## ६. सरकारी सुरक्षा र सोभरेन ग्यारेन्टी (Sovereign Guarantee): लगानीको सुरक्षाको आधार

कुनै पनि लगानीकर्ताले लगानी गर्नुअघि दुई वटा कुरा हेर्छ : प्रतिफल (Return) र सुरक्षा (Risk/Safety)। नेपालको वित्तीय बजारमा निजी क्षेत्रका बैंक, सहकारी र पुँजी बजारमा लगानी गर्ने धेरै विकल्पहरू उपलब्ध छन्। तर, नागरिक लगानी कोष (CIT) मा गरिने लगानी यी अन्य विकल्पहरूभन्दा किन फरक र सुरिक्षत छ ? यसको मुख्य कारण हो, 'सोभरेन ग्यारेन्टी' वा सरकारी सुरक्षा।

**क) 'सोभरेन ग्यारेन्टी' भनेको के हो ?**

सोभरेन ग्यारेन्टी (Sovereign Guarantee) भनेको राज्य वा सरकारले दिने अन्तिम सुरक्षाको प्रतिबद्धता हो। नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत स्थापित यो संस्थामा नागरिकले जम्मा गरेको रकमको सुरक्षाको ग्यारेन्टी नेपाल सरकारले लिएको हुन्छ।

- **निजी क्षेत्रमा जोखिमः** निजी बैंक वा सहकारीहरू टाट पल्टिएमा निक्षेपकर्ताले एउटा निश्चित सीमासम्मको बीमा रकम मात्र फिर्ता पाउने संभावना हुन्छ।
- **CIT मा सुरक्षाः** यदि भोलि कुनै चरम आर्थिक संकट आएमा पनि सरकारले नागरिक लगानी कोषका बचतकर्ताको रकम भुक्तानी गर्ने दायीत्व बोक्छ। यसलाई 'भुन्डिएको तरवार' को डर नभएको लगानी मानिन्छ।

**ग) लगानीको परिचालन र राष्ट्रिय गौरव**

निजी क्षेत्रले गर्ने लगानी प्रायः अल्पकालिन र तरुन्तै फाइदा हुने क्षेत्रमा केन्द्रित हुन्छ। तर, नागरिक लगानी कोषले संकलन गरेको पुँजी राष्ट्रको दीर्घकालिन विकासमा परिचालन गरिन्छः

- **पूर्वाधार विकासः** माथिल्लो तामाकोशी जस्ता ठूला जलविद्युत आयोजनाहरूमा CIT ले गरेको लगानीले देशलाई उर्जामा आत्मनिर्भर बनाउन मद्दत गरेको छ।
- **पुँजी बजारको स्थायित्वः** बजारमा आउने उतारचढावलाई नियन्त्रण गर्न र बजारलाई सन्तुलनमा राख्न संस्थागत लगानीकर्ताको रूपमा CIT ले ठुलो भूमिका खेल्छ।

**घ) बचतकर्ताको मनोबल र सामाजिक स्थिरता**

जब एक बचतकर्तालाई थाहा हुन्छ कि उनको पैसा 'सरकारको सुरक्षा' मा छ, उसमा एक प्रकारको मानसिक शान्ति (Peace of Mind) हुन्छ। विशेषगरी अवकाशपछि कुनै पनि आयको स्रोत नहुने वृद्ध नागरिकहरूका लागि यो सुरक्षा भावना पैसाभन्दा पनि अमूल्य हुन्छ। सहकारीहरूमा सर्वसाधारणको अर्बौं रकम डुबेको वर्तमान सन्दर्भमा, CIT को 'सोभरेन ग्यारेन्टी' ले नागरिकको वित्तीय भविष्यलाई एउटा बलियो किला (Fortress) प्रदान गरेको छ।

## ७. निष्कर्ष र आगामी बाटो (Conclusion and Recommendations)

अवकाश योजना केवल व्यक्तिगत बचतको विषय मात्र होइन, यो एक सुरिक्षत र मर्यादित समाज निर्माणको आधार पनि हो। वित्तीय साक्षरताले व्यक्तिलाई आजको सानो बचतले भोलिको ठुलो अभावलाई कसरी टार्न सक्छ भन्ने बोध गराउँछ। नागरिक लगानी कोष (CIT) ले नेपालको अर्ध-सरकारी संस्थाका रूपमा नागरिकहरूको

भविष्य सुरिक्षत गर्न प्रशंसनीय काम गर्दै आएको छ। निष्कर्षत, वित्तीय साक्षरता केवल गणितीय हिसाब मात्र नभएर यो जीवन जिउने कला र भविष्यको सुरक्षाको कडी हो। नागरिक लगानी कोष (CIT) ले केबल पैसा संकलन गर्ने काम मात्र गर्दैन, यसले त नेपाली नागरिकको स्वाभिमान र बुढ्यौलीको मुस्कानलाई सुरिक्षत गर्ने काम गर्छ। तर, बदलिदो प्रविधि र आर्थिक परिदृश्य मा अझै धेरै गर्न बाँकी छ।

**आगामी सुधारका लागि केही सुझावहरूः**

- **व्यापक वित्तीय साक्षरता अभियानः** CIT ले आफ्ना योजनाहरूलाई केवल सहरिया क्षेत्र र सरकारी कर्मचारीमा मात्र सीमित नराखी, गाउँ-गाउँका स्वरोजगार र कृषिमा संलग्न नागरिकहरूसम्म पुऱ्याउन 'अवकाश शिक्षा' (Retirement Education) अभियान चलाउनुपर्छ।
- **प्रविधिको पूर्ण उपयोगः** मोबाइल एप र अनलाइन पोर्टललाई अझै सरल र पहुँचयुक्त बनाएर बचतकर्ताले आफ्नो कोषको वृद्धि र भविष्यको पेन्सनको प्रक्षेपण (Projection) घरमै बसेर हेर्न सक्ने व्यवस्था गर्नुपर्छ।
- **विविध लगानीका क्षेत्रहरूः** संकलित कोषलाई जलविद्युत, पूर्वाधार र स्टार्टअपहरूमा विविधीकरण गरी बचतकर्तालाई मुद्रास्फितिभन्दा माथिको आकर्षक प्रतिपल सुनिश्चित गर्नुपर्छ।
- **युवा लक्षित योजनाः** 'पहिलो तलबबाटै बचत' भन्ने नाराका साथ युवा पुस्तालाई आकर्षित गर्न विशेष सुविधाहरू ल्याउनु आवश्यक छ।

★ ★ ★

अन्त्यमा, वित्तीय रूपमा साक्षर नागरिक र सुदृढ नागरिक लगानी कोष नै समृद्ध नेपालको आधार हुन्। जब हरेक नागरिकले आफ्नो कार्यजीवन मै भविष्यको स्पष्ट आर्थिक मार्ग चित्र कोर्न सक्छ, तब मात्र देशको अर्थतन्त्रले पनि गति दिनेछ। अवकाशपछिको जीवन कसैको बोझ बनेर होइन, बरु आत्मसम्मान र आर्थिक स्वतन्त्रताका साथ बाँच्ने समय हो भन्ने चेतना फैलाउनु नै आजको मुख्य आवश्यकता हो। हरिप्रसाद र कृष्णप्रसादको कथा होस् वा मरुभूमिमा पसिना बगाइरहेका सोमको उदाहरण, यिनले एउटै कुरा सिकाउँछन्ः 'सही समयको सानो बचतले भविष्यको ठुलो संकट टार्छ।' तसर्थ, समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्न हरेक नागरिक वित्तीय रूपमा साक्षर र भविष्यप्रति सचेत हुन अनिवार्य छ।

# भविष्यको सुरक्षा कवच बन्दै नागरिक लगानी कोष

सामाजिक सुरक्षाको क्षेत्रमा वि.सं २०४८ मा नागरिक लगानी कोषले सेवा सुरु गरेको हो । हामीकहाँ सामाजिक सुरक्षाको अवधारणा व्यापक रहेको छ । यसले विभिन्न पक्षहरूलाई समेट्दै आएको छ । यसको मुख्य उद्देश्य जोखिममा रहेका र कमजोर वर्गका व्यक्तिहरूलाई आर्थिक सहायता प्रदान गरी उनीहरूको जीवनयापनमा सहयोग पुऱ्याउनु हो ।



**उद्धव सिलवाल**
सहायक निर्देशक एवम् सूचना अधिकारी
नागरिक लगनी कोष

साधरणतया गाँस, बास र कपासलाई न्यूनतम मानवीय आवश्यकताका रूपमा परिभाषित गरिएको छ। यी आधारभूत आवश्यकता परिपूर्ति मानव जीवनयापनको पहिलो न्यूनतम सर्त हो। सामान्य जीवनस्तर कायम राख्न कठिन हुने जोखिमपूर्ण अवस्थामा पुगेका व्यक्ति/वर्गलाई राज्यले गर्ने संरक्षणलाई सामाजिक सुरक्षा भनेर बुझ्ने गरिएको छ। यसले भविष्यको जोखिम न्यून गर्न सहयोग पुऱ्याउँछ। अहिले चलन चल्तीमा दुई थरीका सामाजिक सुरक्षाका अभ्यास रहेका छन्। कल्याणकारी राज्य दर्शनअन्तर्गत बेरोजगार, रोगबाट ग्रसित, वृद्ध, असहाय एवं खास अवस्थाका मानिसलाई आर्थिक भुक्तानी वा सहुलियत प्रदान गर्ने गरिएको छ। त्यसैगरी योगदानकर्तालाई रोजगारदाताले योगदान वा रोजगारीको सर्तको आधारमा आर्थिक सहयोग वा सहुलियत प्रदान गर्ने गर्छ। यस्तो कार्य, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष एवम् बीमा कम्पनीहरूले गर्दै आएका छन्।

## सामाजिक सुरक्षाको अवधारण

सामाजिक सुरक्षाको अवधारण १६ औं शताब्दीमा बेलायतबाट विकास भएको हो। काम गर्न अक्षम र असमर्थ वरिष्ठ नागरिकहरूलाई आवासगृह र बेरोजगारलाई काम उपलब्ध गराउनुपर्छ भन्ने मान्यतामा यो अवधारणा सुरु भएको थियो। १७ औं शताब्दिमा सयुक्त राज्य अमेरिका र क्यानडाले सामाजिक सहयोग प्रणालीको सुरुवात गरेको भन्ने मान्यता रहेको छ।

पेन्सन, स्वास्थ्य बीमा र बेरोजगारी भत्ताजस्ता कार्यक्रममार्फत यसले आम नागरिकको आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने गर्छ। यस्ता प्रणालीले वृद्धावस्था, बेरोजगारी, अशक्तता वा रोगजस्ता संवेदनशील अवस्थामा नागरिकलाई आर्थिक सहयोग र सेवा प्रदान गर्छ। राष्ट्रिय विकासका लागि आवश्यक यी प्रणालीले व्यक्तिलाई सामाजिक-आर्थिक संकटबाट समाधानतर्फ लान र समानता प्रवर्धनको कार्यमा योगदान गर्ने गरेको छ।

## नेपालको सामाजिक सुरक्षा प्रणाली

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या करिब ३८ लाख रहेको छ। उक्त वर्षको बजेटमा सरकारले १ खर्ब २० अर्ब ८४ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको थियो। त्यसैगरी आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या ३८ लाख जतिनै रहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा १ खर्ब ९ अर्ब रुपैयाँ यो क्षेत्रमा विनियोजन गरिएको छ। यो भन्दाअघि ६८ वर्षसम्म उमेर भएका जेष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने गरेकोमा आव २०८२/८३ देखि भने फेरि उमेर ७० वर्ष पुऱ्याइएको कारण सामाजिक भत्ताको रकम केही घटेको हो। यसैगरी सरकारी, विभिन्न संघ, संगठनमा कार्यरत कर्मचारी बाहेक अनौपचारिक क्षेत्रको रूपमा रहेका आवास र खाद्य सेवाहरूको क्षेत्र, घरपपरिवारद्धारा सञ्चालित होटल, रेष्टुरेन्ट, चिया पसल, क्याफे, फाष्टफुड, निर्माणलगायतका क्षेत्रमा कार्यरतवर्गलाई पनि कोषले समेटेर अघि बढिरहेको छ।

सबै नागरिकलाई सुरक्षित एवं सम्मानजनक जीवन प्रदान गर्नको लागि आर्थिक वर्ष २०५१/५२ मा तत्कालीन सरकारले जेष्ठ र विधवा (वरिष्ठ) नागरिकलाई मासिक एक सय रुपैयाँ भत्ता दिने कार्यबाट नेपालमा सामाजिक सुरक्षा प्रणाली सुरु भएको थियो। आर्थिक ऐन २०६६ अनुसार सरकारले प्रत्येक कर्मचारीको मासिक तलबबाट १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर संकलन गर्न थालेको हो।

नेपालको सामाजिक सुरक्षा प्रणाली अन्य मुलुकको तुलनामा विकासको प्रारम्भिक चरणमा छ। नेपालमा सामाजिक सुरक्षा पहलहरू मुख्यतया सरकारी राजस्वमा निर्भर रहेको छ। अन्य क्षेत्रमा नभए पनि वरिष्ठ जनसंख्यालाई सामाजिक सुरक्षा प्रदान गर्ने क्षेत्रमा नेपालले प्रगति गरेको छ।

सामाजिक सुरक्षाको क्षेत्रमा वि.सं २०४८ मा नागरिक लगानी कोषले सेवा सुरु गरेको हो। हामीकहाँ सामाजिक सुरक्षाको अवधारणा व्यापक रहेको छ। यसले विभिन्न पक्षहरूलाई समेट्दै आएको छ। यसको मुख्य उद्देश्य जोखिममा रहेका र कमजोरवर्गका व्यक्तिहरूलाई आर्थिक सहायता प्रदान गरी उनीहरूको जीवनयापनमा सहयोग पुर्‍याउनु हो। यसमा ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपांगता भत्ता, लोपोन्मुख जाति भत्ता, बालबालिका पोषण भत्तालगायतका रहेका छन्। यी भत्ताहरू स्थानीय तहमार्फत वितरण गरिन्छ। जसले गर्दा राज्य कोषमा वार्षिक एक खर्बभन्दा बढी दीर्घकालीन दायित्व बेहोर्नु पर्ने अवस्था रहेको छ।

यही अवस्थालाई कम गर्न नेपाल सरकारको स्वामित्व भएको नियामक निकाय, संस्थान, बोर्ड, समिति तथा प्रतिष्ठानहरू जो आफ्नै स्रोत नभई नेपाल सरकारको स्रोतमा निर्भर रहेका छन्, त्यस्ता निकायको दीर्घकालीन दायित्व राज्यकोषले लिन नसक्ने भन्दै अर्थ मन्त्रालयले २०८२ साउन देखि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्ने निर्णय गरिसकेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले कर्मचारी र सहभागी संस्था दुवैले निश्चित दरमा आम्दानीको केही अंश सामाजिक सुरक्षा कोषमा योगदान गर्ने भन्ने बुझाउँछ।

## अनौपचारिक अर्थतन्त्रमा सामाजिक सुरक्षाको महत्व

अनौपचारिक अर्थतन्त्रको कुरा गर्दा प्रजातन्त्र पुनर्बहालीपछि सरकारले बजारमुखी खुला अर्थनीति अवलम्बन गरेको हो। आर्थिक उदारीकरणको अर्थव्यवस्थामा सरकारको स्वामित्व घटाउँदै लानु पर्छ। निजी क्षेत्रले गर्न नसक्ने र निजी क्षेत्र जान नसक्ने क्षेत्रमा मात्रै सरकारले आफ्नो काम गर्नु पर्छ। आर्थिक-सामाजिक विकासमा २०४६ को राजनीतिक परिवर्तनपछि अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन देखिएको थियो। त्यही अवधिमा उद्यमशीलता विकास, लगानी आकर्षण, रोजगारी, अर्थतन्त्रमा नयाँ सम्भावनाको खोजी भएको हो। सोही कारण दूरसञ्चार, निजी अस्पताल, शिक्षण संस्था, वित्तीय क्षेत्र, हस्पिटालिटी, निजी वायु सेवा कम्पनीहरूको उदय भएको हो।

अर्थतन्त्रको मूल आधार भनेकै उद्योग, पर्यटन र विप्रेषणलाई लिँइदै आइएको छ। विश्वमा अनौपचारिक रोजगारीको क्षेत्रलाई हेर्न हो भने अमेरिकी सेन्ट्रल इन्टेलिजेन्ट्स नामक संस्थाका अनुसार कृषिमा बाहेक करिब ५० लाखको हाराहारीमा मानिस अनौपचारिक क्षेत्रमा कार्यरत छन्। विश्वमा अनौपचारिक अर्थतन्त्रको हिस्सा क्रमशः बढ्दै गएको विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाउँदै आएको छ। नेपालमा पनि विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम संगठन, युएनडीपी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले झन्डै ४० प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ। अनौपचारिक रोजगारीमा फुटपाथको एउटा कुनामा तरकारी, प्याकेज गरिएको खाद्य सामग्री बेचेर गुजारा चलाउनेदेखि घर, कार्यालयमा सरसफाइ गर्ने व्यक्ति र निर्माण क्षेत्रमा कार्यरत मजदुरसम्मका सबै पर्दछन्।

अनौपचारिक अर्थतन्त्रले सरकारी निकायमा दर्ता नभएका एवं कुल गार्हस्थ्य उत्पादनको गणनामा नपरेका असंगठित क्रियाकलापबाट आर्जित आम्दानीलाई बुझाउँछ। केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको ‘आर्थिक गणना २०७५’ ले अनौपचारिक अर्थतन्त्रको आकार ४९ दशमलव ९ प्रतिशत रहेको देखाएको थियो। यद्यपि उक्त अध्ययनले अनौपचारिक अर्थतन्त्रलाई नै मूल आयआर्जनको स्रोत बनाएका बिचौलिया, मध्यस्थकर्ता जस्ता व्यक्तिलाई समेटेको छैन।

अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दा त्यसले प्रतिस्पर्धात्मक बजारमा नकारात्मक असर पार्ने निश्चित प्राय छ। त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागले २०८० मा सार्वजनिक गरेको नेपालको अनौपचारिक अर्थतन्त्रको आकार नामक प्रतिवेदनले ४२ दशमलव ६६ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ। अनौपचारिक अर्थतन्त्रको आकार ४०-४२ प्रतिशत हुनु भनेको धेरै हो। अर्थतन्त्रको आकार र आर्थिक विकासको स्थिति जस्तो सुकै अवस्थामा भए पनि अनौपचारिक अर्थतन्त्र सबैका लागि चिन्ताको विषय हो। यसको आकारले आर्थिक-सामाजिक अवस्था वा विकास, राष्ट्रिय लेखा र सार्वजनिक वित्त जस्ता क्षेत्रलाई प्रभावित पार्छ। अनौपचारिक अर्थतन्त्र देश, क्षेत्र, गतिविधि, समय, सरकारी नीति अनुसार फरक-फरक हुने गर्छ।

अनौपचारिक अर्थतन्त्रलाई छाया अर्थतन्त्रको रूपमा लिइन्छ। यसले भूमिगत, कालो, लुकेको, अनौपचारिक, समानान्तर, रिपोर्ट नगरिएको वा रेकर्ड नगरिएको अर्थतन्त्रलाई सम्बोधन गर्ने गर्छ। मुद्रा माग विधि र राष्ट्रिय लेखा विधि प्रयोग गरेर अर्थशास्त्र विभागले अनौपचारिक अर्थतन्त्रको आकार अनुमान गरेको थियो। औपचारिक र अनौपचारिक अर्थतन्त्रका हिस्साहरू जीडीपीको विस्तृत अनुमानले समेट्दछ। राष्ट्रिय लेखा विधिका आधारमा आर्थिक वर्ष सन् २०१८/१९ मा ३७.६० प्रतिशत रहेको अनौपचारिक अर्थतन्त्र त्यसलगत्तै सन् २०१९/२० मा बढेर ३९.१० प्रतिशत पुगेको थियो। आधुनिकीकरणसँगै अनौपचारिक अर्थतन्त्रको हिस्सा क्रमशः

घट्दै जानु पर्नेमा नेपालमा भने बढ्दै गएको छ। अर्थतन्त्रको अनौपचारिक क्षेत्र बढ्दै गएपछि राजस्व लक्ष्यअनुसार उठ्न सकेको छैन।

हिजोआज अनौपचारिक अर्थतन्त्र संसारभरी नै विस्तार हुँदै गएको छ। विश्व आर्थिक मञ्चले अनौपचारिक अर्थतन्त्रलाई डिजिटल माध्यमबाट फ्रिलान्सरह रूलाई ग्राहकसँग जोड्ने अल्पकालीन प्रकृतिका सेवाका रूपमा अर्थ्याएको छ। अझ आउटसोर्सिङका रूपमा काम गर्ने नेपाली आईटी कम्पनीहरूले दक्ष नेपाली जनशक्तिलाई उच्च पारिश्रमिक उपलब्ध गराउँदै आएका छन्। अहिले डिजिटल सञ्चारले भौगोलिक बाधाहरूलाई पूर्ण रुपमा हटाएको छ। डिजिटल सञ्चारको द्रुत वृद्धिले अनौपचारिक अर्थतन्त्रलाई सबैभन्दा बढी उत्प्रेरित गरेको छ। अनौपचारिक अर्थतन्त्रमा काम गर्ने कर्मचारी असंगठित क्षेत्रबाट आउने भएकाले उनीहरूलाई संगठित क्षेत्रका कर्मचारीले जस्तै सुविधा (निवृत्तिभरण, जीवन बीमा, स्वास्थ्य, शिक्षा, तलब) उपलब्ध गराइँदैन। जुन अनौपचारिक अर्थतन्त्रको सबैभन्दा ठूलो कमजोरी हो। त्यसैले अनौपचारिक अर्थतन्त्रमा काम गर्ने मानिसको सामाजिक र आर्थिक असमानता बढ्ने जोखिम कायमै रहेको छ।

नेपालको अनौपचारिक अर्थतन्त्र अनौपचारिक श्रमको विस्तार हो। जहाँ श्रमिकहरूका लागि सामाजिक सुरक्षा, बीमालगायतका सुविधा छैन । जुन लामो समयदेखि प्रचलनमा रहे पनि अनियन्त्रित छन्। ठूलो संख्यामा अनौपचारिक रोजगारी र अपर्याप्त सामाजिक सुरक्षा प्रणालीजस्ता थुप्रै चुनौती विद्यमान रहेका छन्। सरकारी कर्मचारीका लागि पेन्सन र सीमान्तकृत समूहलाई भत्ता जस्ता कार्यक्रमहरू सुरु गरिएका भए पनि अनौपचारिक क्षेत्रमा आश्रित जनशक्तिलाई सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गर्ने कार्यमा वित्तीय स्रोत र कार्यान्वयनमा कठिनाइ कायमै रहेको छ। सोही कारण जनसंख्याको ठूलो हिस्सा, विशेष गरी अनौपचारिक क्षेत्रका लाखौं मानिस सामाजिक-आर्थिक जोखिमबाट जोगिन सकेका छैनन्।

## कोषको भूमिका

आम नागरिकसँगै कर्मचारीको जीवनमा सकारात्मक परिवर्तन ल्याउनेतर्फ कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, नागरिक पेन्सन योजना, नागरिक एकांक योजना,नेपाल कृषि अनुसन्धान परिषद्को बीमा कोषजस्ता अवकाश योजनाबाट सेवाग्राहीलाई सेवा पुऱ्याउँदै आइरहेको छ। यी सबै योजनामा कोषमा करिब ७ लाख सहभागी रहनु भएको छ। यसमा पनि नागरिक पेन्सन योजना भने कोषले आम नागरिकलाई लक्षियत गरी ल्याएको कार्यक्रम हो। यसमा आम नेपाली नागरिकले स्वतन्त्र रूपमा सहभागी हुन सक्ने व्यवस्था रहेको छ। स्वतन्त्र रूपमा बाहेक प्रचलित कानुन बमोजिम स्थापना भएका संघ, संस्था एवं प्रतिष्ठनामा कार्यरत श्रमिक, कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासीय तथा वैदेशिक रोजगारमा रहेका नेपाली सहभागी हुन सक्नेछन्। दीर्घकालीन वित्तीय योजनाको रूपमा रहेको यस योजनाले सुरक्षित वित्तीय भविष्यको आधार निर्माणमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनेछ।

## निष्कर्ष

सामान्यतया अर्थतन्त्रको विकास हुँदा मुद्रास्फीति पनि सँगसँगै जान सक्छ। विकास कार्यमा पुँजीगत खर्च गरिन्छ। यसले माग बढाउँछ। माग बढ्दा मूल्य पनि बढ्छ। त्यसैले मुद्रास्फीति र पुँजीगत खर्च सँगसँगै जाने विषयमा पर्छन्। बजारमा माग सिर्जना भयो भने आयात पनि बढ्छ। आर्थिक गतिविधि पनि बढ्छ। लगानी विस्तार हुन्छ। त्यसको चेन इफेक्टले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ। अर्थतन्त्रमा वृद्धि ल्याउन औद्योगिक उत्पादन हुनु पर्छ। कृषि र सेवा क्षेत्रको उत्पादन बढ्नु पर्छ। कृषिमा आधारित उद्योगहरू मौलाउनु पर्छ। त्यसको लागि यी क्षेत्रहरूमा कोषले लगानी विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने गरी काम गर्नु पर्ने खाँचो देखिएको छ।

रोजगारी सिर्जना, श्रमको सम्मान, उत्पादन र उत्पादकत्व वृद्धि, प्रभावकारी सामाजिक सुरक्षा प्रदान गर्दै राष्ट्रको उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी, लगानीको मात्रामा वृद्धिका साथै नागरिकको आधारभूत आवश्यकता, जीवनस्तर, मानव विकास सूचकांकमा सुधार ल्याउन सकेमा चालु आर्थिक वर्षको बजेटमा व्यक्त गरिएका उद्देश्य र प्राथमिकता कार्यान्वयनमा आई सामाजिक सुरक्षा प्रणालीले औपचारिक र अनौपचारिक अर्थतन्त्रमा आबद्ध सबै वरिष्ठ नागरिकलाई सेवा प्रदान गर्न सक्ने थियो। तीन करोड जनसंख्याको जीवनस्तर उठाउन सरकारी, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझेदरबीच सहकार्य गर्दै सामाजिक सुरक्षाको अवधारणालाई कोषले विस्तार गर्दै लगिरहेकोले भोलिका दिन नागरिक लगानी कोष आमनागरिकको साथी बन्ने देखिएको छ। त्यसैलै आफ्नो आर्थिक स्वतन्त्रता सुनिश्चित गर्न कोषले सञ्चालनमा ल्याएका कार्यक्रमहरूमा सहभागी भएमा त्यस्ता सहभागीहरूको सुरक्षा कवचको रूपमा कोष रहनेछ।

★ ★ ★

## सन्दर्भ सामग्री


नागरिक लगानी कोष (२०८१) कोष स्मारिका। काठमाडौंः नागरिक लगानी कोष।

कर्मचारी सञ्चय कोष ऐन, २०१९

सामाजिक सुरक्षा कोष ऐन, २०७५

नेपाल राष्ट्र बैंक ऐन, २०५८

नागरिक लगानी कोष ऐन, २०४७

महालेखा परीक्षकको कार्यालय (२०८२)। महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन,२०८२, काठमाडौंः महालेखा परीक्षकको कार्यालय।

अर्थ मन्त्रालय, नेपालको सामाजिक सुरक्षासम्बन्धी वार्षिक प्रतिवेदन, नेपाल सरकार।

सोह्रौं योजना, राष्ट्रिय योजना आयोग।

अर्थ मन्त्रालय (२०८२) आर्थिक वर्ष २०८२/८३ को बजेट, सिंहदरबारः काठमाडौं।

अर्थ मन्त्रालय (२०८१) आर्थिक सर्वेक्षण २०८१/८२, सिंहदरबारः काठमाडौं।

# पुस्तान्तरण, रूपान्तरण र ट्रेड युनियन

**ट्रेड युनियन कुनै एक समयको उत्पादन मात्र होइन । यो संघर्षको इतिहास बोकेको संस्था हो । अघिल्ला पुस्ताले अन्याय, शोषण र असमानताविरुद्ध उठाएको आवाज आजको पुस्तासम्म आइपुगेको छ ।**




**अच्युतम पौडेल**
अध्यक्ष
नेपाल वित्तीय संस्था कर्मचारी संघ
नागरिक लगानी कोष


समाज समयसँगै बदलिन्छ र त्यस परिवर्तनसँगै विचार, मूल्य र काम गर्ने तरिकामा पनि रूपान्तरण आउँछ। एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अनुभव, ज्ञान र संघर्षको निरन्तर प्रक्रियालाई पुस्तान्तरण भनिन्छ। यही पुस्तान्तरण र रूपान्तरणको संगममा ट्रेड युनियनको अस्तित्व र भूमिका स्पष्ट रूपमा देखिन्छ।

ट्रेड युनियन कुनै एक समयको उत्पादन मात्र होइन। यो संघर्षको इतिहास बोकेको संस्था हो। अघिल्ला पुस्ताले अन्याय, शोषण र असमानता विरुद्ध उठाएको आवाज आजको पुस्तासम्म आइपुगेको छ। आठ घण्टे कामको व्यवस्था, न्यूनतम पारिश्रमिक, बिदा र सामाजिक सुरक्षाजस्ता अधिकारहरू सहजै प्राप्त भएका होइनन्। ती अधिकार पुस्तौँको त्याग, बलिदान र एकताको परिणाम हुन्। यही ऐतिहासिक चेतनाको पुस्तान्तरणले आजको ट्रेड युनियनलाई अर्थपूर्ण बनाएको छ।

तर, पुस्तान्तरण केवल इतिहास सुनाउने प्रक्रिया मात्र होइन। यो जिम्मेवारी हस्तान्तरण गर्ने माध्यम पनि हो। पुरानो पुस्ताले अनुभव, मूल्य र सिद्धान्त दिन्छ भने नयाँ पुस्ताले ऊर्जा, प्रविधि र नयाँ सोच ल्याउँछ। जब यी दुई पक्षबीच समन्वय हुन्छ। तब युनियन सशक्त बन्छ। यदि पुस्ताबीच दूरी बढ्यो भने संगठन कमजोर हुन सक्छ। त्यसैले अनुभव र नवीनताको सन्तुलन आवश्यक छ। आजको विश्व तीव्र रूपान्तरणको चरणमा छ। प्रविधिको विकासले काम गर्ने शैली नै बदलिदिएको छ। कार्यालयका सिमानाभित्र सीमित काम अब डिजिटल प्लेटफर्ममा फैलिएको छ। स्थायी रोजगारी घट्दै गएको छ भने अस्थायी, करार र गिग आधारित काम बढिरहेको छ। यस्तो अवस्थामा ट्रेड युनियनले पनि आफूलाई रूपान्तरण गर्नुपर्छ।

पहिले युनियनको मुख्य उद्देश्य तलब वृद्धि र कामको समय घटाउने जस्ता मुद्दामा केन्द्रित थियो। अहिले त्यससँगै सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, लैङ्गिक समानता, सुरक्षित कार्यस्थल र मानसिक स्वास्थ्य जस्ता विषय पनि उत्तिकै महत्वपूर्ण बनेका छन्। रूपान्तरण भनेको आफ्ना मूल मूल्य त्याग्नु होइन। बरु, समयअनुसार प्राथमिकता र कार्यशैली बदल्नु हो।

पुस्तान्तरण र रूपान्तरणबीच गहिरो सम्बन्ध छ। यदि नयाँ पुस्ताले पुरानो संघर्षको इतिहास नबुझ्ने हो भने संगठनको आधार कमजोर हुन्छ। त्यस्तै पुरानो पुस्ताले नयाँ परिवेशको आवश्यकतालाई स्वीकार नगर्ने हो भने प्रगति अवरुद्ध हुन्छ। त्यसैले संवाद नै सबैभन्दा ठूलो सेतु हो। युनियनभित्र पुस्ताबीच खुला छलफल, तालिम र सहकार्यको वातावरण हुनु जरुरी छ।

नेपालको सन्दर्भमा हेर्दा ट्रेड युनियनहरू प्रायः राजनीतिक प्रभावसँग जोडिएका छन्। यसले कहिलेकाहीँ

मूल श्रमिक हितभन्दा बाहिरी स्वार्थलाई प्राथमिकता दिएको देखिन्छ। अब रूपान्तरणको आवश्यकता यहीँ छ। युनियनहरू स्वतन्त्र, पारदर्शी र उत्तरदायी बन्नुपर्छ। राजनीतिक चेतना हुनु गलत होइन। तर, श्रमिकको वास्तविक समस्या समाधान गर्नु नै पहिलो कर्तव्य हुनुपर्छ।

बदलिँदो अर्थतन्त्रमा उद्योग व्यवसायहरू पनि चुनौतीमा छन्। प्रतिस्पर्धा तीव्र छ। उत्पादन लागत बढ्दो छ। बजार अनिश्चित छ। यस्तो अवस्थामा ट्रेड युनियनले केवल आन्दोलनको बाटो रोज्नु दीर्घकालीन समाधान हुँदैन। सहकार्य र वार्ताको संस्कृति विकास गर्नुपर्छ। जब श्रमिक र रोजगारदाता दुवैले एकअर्काको आवश्यकता बुझ्छन्। तब साझा समाधान सम्भव हुन्छ।

रूपान्तरणको अर्को पक्ष शिक्षा र सिप विकास हो। नयाँ पुस्ताका श्रमिकहरू प्रविधिमा दक्ष छन्। तर, उनीहरूलाई श्रम कानुन र संगठनात्मक चेतनाको ज्ञान आवश्यक छ। युनियनले प्रशिक्षण, सचेतना कार्यक्रम र डिजिटल माध्यम प्रयोग गरी आफ्ना सदस्यलाई सक्षम बनाउन सक्छ। यसले संगठनलाई आधुनिक र प्रभावकारी बनाउँछ।

अतः पुस्तान्तरण र रूपान्तरण कुनै विरोधी प्रक्रिया होइनन्। यी दुवै परिपूरक हुन्। इतिहासबाट शक्ति लिँदै वर्तमानसँग तालमेल मिलाउनु नै सफल ट्रेड युनियनको आधार हो। जब पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको दृष्टि एकै ठाउँमा मिसिन्छ, तब संगठन जीवित र सशक्त रहन्छ। ट्रेड युनियन केवल माग राख्ने संस्था होइन, यो श्रमिक चेतनाको निरन्तर यात्रा हो। पुस्तान्तरणले त्यस यात्रालाई निरन्तरता दिन्छ भने रूपान्तरणले त्यसलाई सान्दर्भिक बनाउँछ। यही सन्तुलन कायम रहँदा मात्र श्रमिक अधिकार सुरक्षित रहन्छ र समाज समृद्धितर्फ अघि बढ्छ।

**सन्दर्भ सामाग्री**

निजामती सेवा पत्रिका २०८१
गुगल जेमिनाइ
च्याट जीपीटी

★ ★ ★

# ट्रेड युनियन, जेनेरेसन जेड आन्दोलन र ट्रेड युनियनमा पारेका प्रभाव

जेनजी आन्दोलन पश्चात् नयाँ उदयमान राजनैतिक दलहरुले आफ्नो घोषणापत्रमार्फत ट्रेड युनियनलाई कमजोर पार्ने महत्वाकांक्षी विषयहरू राखेर चुनावी एजेन्डा बनाई अघि बढेको पाइएको छ । यसका अलावा चुनावी सरकारले पनि ट्रेड युनियनमा आबद्ध पदाधिकारीहरुलाई मतदान केन्द्रमा खटिन रोक लगाउन प्रयास गरेको छ । यसरी ट्रेड युनियनमाथि विभिन्न ठाउँबाट रोक लगाउने प्रयास गरिनु भनेको समग्र श्रम अधिकार माथिको ठाडो हस्तक्षेप र श्रम आन्दोलनलाई कमजोर पार्न रचिएको षडयन्त्रको रुपमा हामी ट्रेड युनियनकर्मी र श्रमजीवी वर्गहरुको बुझाइ छ ।



**नेत्रविक्रम थापा**
अध्यक्ष
नागरिक लगानी कोष कर्मचारी युनियन

ट्रेड युनियन भनेको समान पेसा वा उद्योगमा कार्यरत श्रमिकहरूले आफ्ना हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धन गर्न गठन गरेको संगठन हो। यसले श्रमिक र रोजगारदाताबीच सेतुको काम गर्दै श्रम सम्बन्धलाई सन्तुलित बनाउने महत्वपूर्ण भूमिका खेल्दछ।

नेपालमा ट्रेड युनियन आन्दोलनले लोकतन्त्र, श्रम अधिकार र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ। विभिन्न राजनीतिक विचारधारासँग सम्बन्धित ट्रेड युनियनहरू भए पनि तिनीहरूको साझा लक्ष्य श्रमिकको जीवनस्तर उकास्नु नै हो। श्रम ऐन, न्यूनतम ज्याला र सामाजिक सुरक्षा कार्यक्रम जस्ता व्यवस्थामा ट्रेड युनियनको भूमिका उल्लेखनीय छ।

अठारौं सताव्दीमा वेलायतबाट सन् १७६० मा सुरु भएको औद्योगिक क्रान्तिसँगै श्रमिक र व्यवस्थापनवीचको सम्बन्धबाट ट्रेड युनियन अवधारणाको विकाश भएको हो। सुरुवाती चरणमा औद्योगिक क्षेत्रमा अभ्यास भएपश्चात बौद्धिक कामदार तथा कर्मचारीहरूलाई पनि कामदार श्रमिकको परिभाषामा राख्न थालिएपछि बिसौं सताव्दीदेखि फ्रान्सबाट सरकारी कर्मचारीहरूलाई संगठित हुने अधिकार प्रदान गरिएको थियो। तत्पश्चात वेलायत, अमेरिका र भारतमा सरकारी कर्मचारीहरूलाई पनि ट्रेड युनियन अधिकार दिइँदै गइयो। प्रारम्भका दिनहरूमा ट्रेड युनियन अधिकार शारिरिक श्रमिक अर्थात् कारखानाका मजदूरहरू (ब्लु कलर जब) को लागि मात्र हो भन्ने भावनाले प्रश्रय पाएको भए पनि यो विषय मानसिक श्रमिक अर्थात् अन्य संगठित पेसागत समूहहरू (ह्वाइट कलर जब) को सन्दर्भमा समेत प्रयोग भै पेसागत समूहहरूका संगठनहरू खुल्ने प्रक्रियापछिका दिनहरूमा मात्र सुरु भएको हो। छुट्टै पेसागत संगठन खोल्न सक्ने स्पष्ट वैधानिक आधारशीलाको अभावमा पेसागत संगठन र श्रमिक संगठनहरूबीच विद्यमान समानताको खोजी गरी पेसागत संगठनहरू पनि श्रमिक संगठनकै रुपमा अगाडि बढ्ने प्रयास गरेको देखिन्छ।

नेपालमा भने विसं २००३ फागुन २१ गते अखिल नेपाल ट्रेड युनियन कांग्रेसको स्थापनासँगै नेपालमा ट्रेड युनियनको अभ्यास सुरु भएको हो। २००७ सालपछि ट्रेड युनियनबारे केही अभ्यास भए पनि राजनीतिक अस्थिरता र संक्रमणकालका कारण ट्रेड युनियनको विषय दिगो र फराकिलो हुन सकेको थिएन। २०४६ सालको राजनीतिक परिवर्तनपछि जारी भएको निजामती

सेवा ऐन, २०४९ ले राजपत्र अनंकित कर्मचारीलाई पेसागत संघ संगठन खोल्ने र त्यसमा आवद्ध हुने अधिकार दिएको थियो। सो ऐनमा २०६४ मा भएको दोस्रो संशोधनले मात्र निजामती सेवामा पूर्ण रूपमा ट्रेड युनियन अधिकारको व्यवस्था गर्दै आधिकारिक ट्रेड युनियनको व्यवस्थासमेत गरिएको छ।

श्रम अधिकारलाई नेपालको संविधानले धारा ३४ मा मौलिक हकका रूपमा व्यवस्था गरेको छ। जसमा श्रमको हक भनेर प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने र श्रमिक भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ भनी व्याख्या गरेको छ। श्रमको हकअन्तर्गत धारा ३४ को उपधारा २ मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने उल्लेख छ। उपधारा ३ मा प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनिएको छ। ट्रेड युनियन तथा श्रमिकको अधिकारलाई थप व्यवस्थित गर्नका लागि विशिष्टिकृत कानुनका रूपमा ट्रेड युनियन ऐन, २०४९ र श्रम ऐन २०७४ समेत प्रचलनमा रहेका छन्।

**प्रमुख अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघहरू**

**International Trade Union Confederation (ITUC)**

- सन् २००६ मा स्थापना।
- विश्वभरका राष्ट्रिय ट्रेड युनियन महासंघहरूको छाता संस्था।
- श्रमिक अधिकार, सामाजिक न्याय, न्यूनतम ज्याला, सुरक्षित रोजगारी आदिमा काम गर्छ।

**World Federation of Trade Unions (WFTU)**

- सन् १९४५ मा स्थापना।
- समाजवादी विचारधारासँग नजिक मानिने अन्तराष्ट्रिय श्रमिक संगठन।

**International Labour Organization (ILO)**

- संयुक्त राष्ट्रसंघको विशिष्टीकृत निकाय सन् (सन् १९४५ मा स्थापना)
- श्रम मापदण्ड, बालश्रम उन्मूलन, सुरक्षित कार्यस्थल, समान ज्याला आदिमा काम गर्छ। (नेपाल सन् १९६६ देखि सदस्य राष्ट्र)
- नेपालका मुल्य ट्रेड युनियन महासंघहरू

**General Federation of Nepalese Trade Unions (GEFONT)**

- सन् १९८९ मा स्थापना
- ITUC सँग आबद्ध।
- नेकपा एमालेसँग आबद्ध।

**Nepal Trade Union Congress (NTUC)**

- ITUC सँग आबद्ध।
- नेपाली कांग्रेस निकट।

**All Nepal Federation of Trade Unions (ANTUF)**

- WFTU सँग आबद्ध।
- माओवादी निकट।

**नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय ट्रेड युनियनहरुको भूमिका**

- श्रमिक अधिकार संरक्षण (न्यूनतम ज्याला, सुरक्षित कामको वातावरण)।
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको हक-हित संरक्षण।
- बालश्रम तथा जबर्जस्ती श्रम विरुद्ध अभियान।
- श्रम ऐन तथा नीतिमा सुधारका लागि दबाब।
- सामाजिक सुरक्षा प्रणाली विकासमा सहयोग।
- श्रमिक अधिकारसम्बन्धी चेतना अभिवृद्धि गर्न।

**नेपालमा राष्ट्रिय ट्रेड युनियनका भूमिका**

- श्रमिकहरूको रोजगारीको अवसरको सिर्जना र रोजगारीको सुरक्षाको निम्ति क्रियाशील रहने।
- सदस्यहरूलाई नयाँ प्रविधिको बारेमा प्रशिक्षित गराउने।
- श्रमिकको सुरक्षा गर्ने र श्रमिक अधिकारको हनन् हुन नदिन सजगता अपनाउने।
- श्रमिकको हित हुने किसिमका नीति तथा कार्यक्रमहरू ल्याउन दबाब सिर्जना गरिरहने।
- मुलुकको आर्थिक समृद्धि र श्रमजीविहरूको आर्थिक स्तर अभिवृद्धिका निमित्त त्रियाशील रहने।
- श्रमिकहरूलाई संगठित गराई राख्ने तथा सदस्य संख्या बढाउने।
- श्रमसम्बन्धि कानुनहरू तथा श्रमिकलाई प्रभावित पार्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, नियम तथा कार्यक्रमहरूको जानकारी गराउने।
- संस्थागत सुशासन तथा व्यावसायिक क्षमताको अभिवृद्धि गर्न व्यवस्थापनसँग समन्वय गरी रचनात्मक भूमिका निर्वाह गर्ने।
- विवाद/द्वन्द्वको निरुपण, सुशासनको प्रत्याभूति र प्रतिबद्धता।
- राष्ट्रिय एकताको प्रवर्धन।
- मुलुकको आर्थिक समृद्धि र विकासप्रतिको प्रतिबद्धता।
- सामूहिक भावनाको विकास।
- शान्ति कार्य वातावरण।

- आत्मसम्मानको अनुभूति, आत्मविश्वासमा वृद्धि
- कामदारहरूमा समान अवसरको प्रत्याभूति साथै आर्थिक, सामाजिक तथा सेवा सुरक्षाको प्रत्याभूति ।
- अतिरिक्त सुविधाको प्राप्ति ।
- व्यवस्थापन र कामदारहरूबीचमा स्वस्थ सम्बन्ध र सहकार्य आदि ।

**Generation z (जेनरेशन 'जेड')**

बुमरपछि जेनेरेसन एक्स आउँछ, जुन १९६५ देखि १९८० सम्म थियो । त्यसपछि मिलेनियल आयो र त्यसपछि जेनेरेसन जेड, वा जेन जेड आयो । जेनरेशन 'जेड' भनेको सामान्यतया सन् १९९७ देखि सन् २०१२ को बीचमा जन्मिएको पुस्ता लाई बुझाउँछ। जेनरेशन 'जेड' को अर्थ 'जुमर' हो । किनकि यो इन्टरनेट जुमु गर्ने पहिलो पुस्ता हो। यस पुस्तालाई डिजिटल पुस्ता (Digital Generation, Digital Natives) पनि भनिन्छ। यो पुस्ता विश्वव्यापी रूपमा द्रुत गतिमा बढिरहेको छ। जेन जेडले २०२५ सम्ममा एसिया–प्रशान्त क्षेत्रको जनसंख्याको एक चौथाई ओगटेको पाईन्छ ।

**जेनरेसन जेडका मुख्य विषेशता**

(क) **Digital Natives** : मार्टफोन र सामाजिक सञ्जालसँग हुर्किएपछि, तिनीहरू प्रविधिमा दक्ष छन् र अनुसन्धान र सञ्चारको लागि यसमा भर पर्छन ।

(क) **शिक्षा र रोजगारीप्रतिको दृष्टिकोणः** जेनरेसन 'जेड' ले शिक्षालाई केबल प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र नभई सिप विकास गर्ने अवसरका रूपमा हेर्छ । उनीहरू प्रविधि, स्टार्टअप, फ्रिलान्सिङ र रिमोट कामतर्फ आकर्षित छन् । आफ्नै व्यवसाय सुरु गर्ने सोच पनि यस पुस्तामा बढ्दो छ ।

**राजनीतिप्रतिको दृष्टिकोण**

- मुद्दा-केन्द्रित सोच
- भ्रष्टाचार नियन्त्रण
- सुशासन र पारदर्शिता
- शिक्षा, रोजगारी र आर्थिक अवसर
- जलवायु परिवर्तन र सामाजिक न्याय

**डिजिटल सक्रियता**

यस पुस्ताले सामाजिक सञ्जाललाई राजनीतिक अभिव्यक्तिको माध्यम, युवा पुस्ताको डिजिटल राजनीतिक चेतना देखाउँछ ।

- अनलाइन अभियान
- ह्यासट्याग आन्दोलन
- सरकारी निर्णयप्रति तुरुन्त प्रतिक्रिया

**परम्परागत दलप्रति आलोचनात्मक धारणा**

- पुराना दल र नेताप्रति प्रश्न उठाउने प्रवृत्ति
- नयाँ, स्वतन्त्र र पारदर्शी नेतृत्वको खोजी
- परिणाममुखी शासनको अपेक्षा

**लोकतन्त्र र अधिकारप्रतिको समर्थन**

जेनरेसन जेडले लोकतन्त्र, अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारको पक्षमा उभिई समानता र समावेशितालाई विशेष महत्व दिन्छ ।

(क) **कार्यस्थल र आर्थिक दृष्टिकोण** : तिनीहरू व्यावहारिक छन्, वित्तीय स्थिरतामा ध्यान केन्द्रित गर्दैछन् र कार्यस्थलको मापदण्डहरूलाई पुनः आकार दिइरहेका छन् ।

(ख) **सामाजिक दृष्टिकोण र मूल्य** : जेनेरेसन जेड अत्यधिक विविध छ। जातिय, धार्मिक विविधता, समावेशीकरण, वातावरणीय जागरूकता र मानसिक स्वास्थ्यमा चिरपरिचित यो जेनेरेसन सबै पक्षलाई अब्बल तरिकाले शक्तिमा रुपान्तरण गर्न अग्रसर देखिन्छ ।

(ग) **जनसांख्यिकी** : जेनेरेसन जेडमा जन्मेका, तिनीहरू मिलेनियलहरू र जेनेरेसन अल्फा अघिका पुस्ता हुन् ।

(घ) **Media Habits** : सानैदेखि मोबाइल, कम्प्युटर र इन्टरनेट प्रयोग गर्ने भएकाले यस पुस्ता प्रविधिमा निपुर्ण छन् । उनीहरू छिटो सूचना प्राप्त गर्न, नयाँ सिप सिक्न र अनलाइन प्लेटफर्ममार्फत आफ्नो प्रतिभा प्रस्तुत गर्न दक्ष हुन्छन् ।

**जेन जेड आन्दोलनले राष्ट्रिय राजनीतिमा पारेको प्रभाव**

विसं. २०८२ भदौ २३ गतेको जेनजी आन्दोलनको मुख्य उद्देश्य भनेकै सुशासन कायम गराउने, भ्रष्टाचार नियन्त्रण र शिक्षा, रोजगारी र आर्थिक अवसर सिर्जना गराउनु पर्ने भन्ने नै थियो । पक्कै पनि उक्त आन्दोलनले राजनैतिक सोच, शैली र विचारलाई परिवर्तन गराएको मात्र नभई राजनैतिक नेतृत्वलाई पनि समयानुकूल परिवर्तन गराउन नैतिक दबाव दिएको थियो। जसले विभिन्न प्रमुख राजनैतिक दलका नेतृत्वहरू कुनै कार्यकर्ताहरू माझ अनुमोदित भए भने, कोही नेतृत्व परिवर्तन गराउन सफल भए। त्यस्तै कोही विभिन्न दलहरू मिलान गरी मजवुत बन्ने कोशिस गरे । साथै उक्त आन्दोलन पश्चात early election को मिति तय भयो। तत् पश्चात केही नयाँ दलहरूको उदय भई चुनावमा प्रतिस्पर्धाको लागी तयार भएको अवस्था छ। समग्रमा हालको डिजिटल युगमा विगतका आन्दोलनका स्वरुपहरू जस्तैः दशकौंसम्म चल्ने विद्रोहहरू, करिब १ महिनासम्म चल्ने जनआन्दोलनको स्वरुपहरू परिवर्तन भई जेन जी आन्दोलनल ले Digital Revolution लाई ऊर्जामा परिणत गरी एक किसिमको राजनैतिक कार्यशैली, सोच र राजनैतिक व्यवहारमा आमुल परिवर्तन ल्याएको छ। जसले गर्दा राजनीति कर्मीलाई सुशासन र स्थाथित्वको लागी सदैव ताजकीकरण

हुनुपर्ने, रुपान्तरण भई रहनु पर्ने साथै Generation Gap हुन नहुने कुराको ठूलो पाठ सिकाएको पाईन्छ।

**जेनजी आन्दोलनले समग्र ट्रेड युनियनहरूमा पारेको प्रभाव**

**सकारात्मक प्रभाव**

(क) **नेतृत्व शैलीमा परिवर्तनको दबाब** : Gen '**z**' आन्दोलन बढी leaderless (नेतृत्वविहीन) र स्वतःस्फूर्त थियो। यसले परम्परागत, पदानुक्रमात्मक संरचना भएका ट्रेड युनियनहरूलाई अधिक लोकतान्त्रिक र पारदर्शी बन्न दबाब दियो।

(ख) **डिजिटल सक्रियताको विस्तार** : यसले ट्रेड युनियनहरूलाई पनि डिजिटल प्लेटफर्म प्रयोग गर्न प्रेरित गऱ्यो। जस्तैः सामाजिक सञ्जालमार्फत अभियान सञ्चालन, अनलाइन हस्ताक्षर, डिजिटल सूचना प्रसार, युवा श्रमिकलाई आकर्षित गर्ने नयाँ माध्यमको प्रयोग।

(ग) **राजनीतिक निर्भरतामा प्रश्न** : Gen '**z**' आन्दोलनले परम्परागत दलप्रति आलोचनात्मक दृष्टिकोण राख्यो। यसले राजनीतिक दलसँग आबद्ध ट्रेड युनियनहरूलाई स्वतन्त्रता र निष्पक्षताबारे पुनर्विचार गर्न बाध्य बनायो।

(घ) **मुद्दा–केन्द्रित अभियान** : युवा आन्दोलनले व्यक्तिभन्दा मुद्दा (सुशासन, पारदर्शिता, भ्रष्टाचार अन्त्य) लाई प्राथमिकता दियो। यसले ट्रेड युनियनहरूलाई पनि केवल तलब-भत्ताभन्दा बाहिर गएर व्यापक सामाजिक-आर्थिक सुधारका मुद्दामा केन्द्रित हुन प्रेरित गऱ्यो।

(ङ) **युवा सहभागिता वृद्धि** : Gen **z** को सक्रियताले युवा श्रमिकहरूलाई पनि ट्रेड युनियनमा संलग्न हुन प्रेरित गऱ्यो। जसले संगठनलाई ऊर्जाशील र नवीन सोचयुक्त बनाउने सम्भावना बढायो।

**नकारात्मक प्रभाव**

(क) **राजनीतिक ध्रुवीकरण बढ्नु** : Gen **z** आन्दोलन प्रायः राजनीतिक दल र नेताप्रति आलोचनात्मक थियो। यसले ट्रेड युनियनहरूमा भिन्न-भिन्न विचारधारा र दलबाद बढाउन सक्छ। जसले एकजुटता कमजोर पार्छ।

अनुभवहीन नेतृत्वको चुनौती युवा स्वतन्त्र र नेतृत्वविहीन आन्दोलनमा सक्रिय भए पनि परम्परागत अनुभव र रणनीति अभाव भएको कारण ट्रेड युनियनमा निर्णय प्रक्रियामा कठिनाइ आउन सक्छ।

(ख) **अस्थायी र द्रुत निर्णय प्रवृत्ति** : Gen **z** आन्दोलनमा डिजिटल र छिटो प्रतिक्रिया दिने संस्कृति बढी थियो। जसले ट्रेड युनियनले दीर्घकालीन योजना र रणनीति बनाउन गाह्रो पर्न सक्छ। हड्ताल वा प्रदर्शनमा असमय निर्णयले उद्योगमा असर पार्न सक्छ।

सामाजिक सञ्जालमा दबाब र अफवाह डिजिटल प्लेटफर्ममा जानकारी छिटो फैलिनु, गलत सूचना वा अफवाहले ट्रेड युनियनहरूको निर्णयमा दबाब दिन सक्छ। विवाद सिर्जना हुने सम्भावना बढ्छ।

(ग) **पुराना सदस्य र युवाबीच मतभेद** : Gen **z** को सोच आधुनिक र मुद्दा-केन्द्रित छ। परम्परागत सदस्यहरू अझै पदानुक्रम र अनुभव आधारित सोचमा केन्द्रित, यसले संगठन भित्र मतभेद र विवाद सिर्जना गर्न सक्छ।

(घ) **ट्रेड युनियनहरूमा आवद्धतामा प्रश्न चिन्ह** : विगत केही वर्ष यता ट्रेड युनियन आवद्धतामा विभिन्न निकायमा नकारात्मक छलफल भइरहेको अवस्था थियो। Gen **z** आन्दोलन पश्चात नयाँ उदयमान राजनैतिक दलहरूले आफ्नो घोषणपत्रमा महत्वाकांक्षी लक्षहरू राखेर चुनावी एजेण्डा बनाई अघि वढेको पाइएको छ। यसका अलवा चुनावी सरकारले पनि ट्रेड युनियनमा आबद्ध पदाधिकारीहरूलाई मतदान केन्द्रमा खटिन रोक लगाउन प्रयास गरेको छ। यसरी ट्रेड युनियनमाथि विभिन्न ठाउँबाट रोक लगाउने प्रयास गरिनु भनेको समग्र श्रम अधिकार माथिको ठाडो हस्तक्षेप र श्रम आन्दोलनलाई कमजोर पार्न रचिएको षडयन्त्रको रूपमा हामी ट्रेड युनियनकर्मी र श्रमजीवी वर्गहरूको बुझाइ रहेको छ। जतिपनि श्रमजीविवर्गहरूको हक अधिकार, सेवा सुविधाको सुरक्षा र बढोत्तरी सुनिश्चित तथा उपलव्धि हासिल भएको छ। ती सबै ट्रेड युनियन आन्दोलन र सक्रियताद्धारा स्थापित उपज हो। यदि ट्रेड युनियनलाई नजरअन्दाज गरी रोक लगाउने कार्य कहीँ कतैबाट भएमा उल्लेखित उपलब्धिहरू गुम्ने र श्रम सुरक्षामा खतरा रहने सम्भावना रहन्छ।

- ट्रेड युनियनले काम गर्ने समय, सुरक्षित कार्यस्थल र समान अवसर सुनिश्चित गर्न मद्दत गरेको छ।
- बाल श्रम र अन्य शोषणको विरूद्ध कानुनी संरचना लागु गर्न सक्रिय भूमिका खेलेको छ।
- न्युनतम पारिश्रमिक, बोनस, भत्ता पेन्सनको र उपदान सुनिश्चितता गर्ने प्रयास गरेको छ ।
- Collective Bargaining मार्फत मजदुर र मालिकबीच सहमति जुटाउने परम्परा शैलीको स्थापना भएको छ।
- ट्रेड युनियनकै दबाबमा नेपालले लेबर एक्ट, २०१७ जस्ता

श्रमिकमैत्री कानुन लागु गरेको छ।

- सामाजिक सुरक्षा कार्यक्रमका लागी EPF, CIT,SSF, Health Insurance जस्ता संरचना विकाशको लागी आवश्यक पहल ट्रेड युनियनले लिएको छ।
- उद्योग र कारखानामा Occupational Safety and Health (OSH) को मापदण्ड स्थापना गर्न ट्रेड युनियनको योगदान छ।
- कार्यस्थलमा दुर्घटना र स्वास्थ्य जोखिम कम गर्ने पहल गरिएको छ।
- महिलाहरू, अल्पसंख्यक समूह र कमजोर वर्गका श्रमिकहरूको अधिकार, सशक्तीकरण र समावेशीकरणको सुनिष्चितताको लागी दबाब दिई नीतिगत व्यवस्थाको सुनिश्चित गरेको छ।
- श्रमिक आन्दोलनमार्फत सरकारसँग नीति निर्माणमा प्रभाव पार्न भूमिका खेलेको छ।

**अन्त्यमा,**

हरेक समयमा आउने Generation हरू हरेक ट्रेड युनियनहरूका शक्तिका स्रोत हुन। पुस्तान्तरण र ताजकीकरणमार्फत संगठन चलायमान बन्दछ भन्ने कुरालाई आत्मसात गर्नु हरेक ट्रेड युनियनहरूको सांगठनिक मुलमन्त्र नै हो। नत यहाँ हरेक कालखण्डमा आउने नयाँ Generation हरूलाई नजरअन्दाज गर्न सकिन्छ नत यहाँ ट्रेड युनियनहरू बाहेकको श्रम सुरक्षाको अभ्यास गर्ने छुट कसैलाई रहन्छ। नयाँ Generation का कर्मचारीहरूको नयाँ सोच, प्रविधियुक्त सिप, दक्षता र काम गर्ने तरिकालाई ट्रेड युनियनसँग आवद्ध गराई संस्थागत क्षमताको विकासमा लाग्ने हो भने ट्रेड युनियन आन्दोलन र संस्थाको अभिवृद्धि सकारात्मक दिशातर्फ बढ्ने हुन्छ।

जेनरेसन जेड आन्दोलनले ट्रेड युनियनहरूलाई अधिक डिजिटल, पारदर्शी, मुद्दा-केन्द्रित र उत्तरदायी बन्ने दिशामा प्रभाव पारेको छ। यद्यपि प्रत्यक्ष संरचनात्मक परिवर्तन अझै सीमित भए पनि, दीर्घकालीन रूपमा यसले श्रमिक आन्दोलनको शैली र सोचमा परिवर्तन ल्याउने संकेत दिएको छ।

ट्रेड युनियनहरू जहिले पनि हरेक संस्थाको माथिल्लो व्यवस्थापनका रचनात्मक प्रतिपक्षी बनेर संस्थाको उन्नतिको लागि हरेक कर्मचारीहरूको सारथी बन्दै खडा भइरहेका हुन्छन्। हालै क्षणिक स्वार्थका लागी केही राजनैतिक दलहरू ट्रेड युनियनहरूसँग रोष प्रकट गर्दै चुनावी नारामार्फत युनियनहरूलाई बन्देज लगाउने लक्ष्यका साथ हिडिरहेका छन्। यस्ता कार्यले लाखौँ श्रमजीवीहरूको अधिकारमाथि धावा वोल्ने काम मात्र नभई संविधान प्रदत्त हकको धज्जी उडाउने काम भएको छ। साथै यस्ता गतिविधिहरूले श्रमजीवी वर्गहरूलाई थप संगठित र मजबुत हुने अवसरसमेत पुगेको छ।

पक्कै पनि ट्रेड युनियनहरूका पनि धेरै कमी कमजोरीहरू देखिन्छन्। श्रमिक आन्दोलनको मर्मअनुसार गतिविधि गर्न चुकेको पाइन्छ। राजनैतिक दलहरूको पक्षपोषण मात्र गरे भन्ने आरोप पनि छ। यस्ता कमीकमजोरी छन् भन्दै युनियनहरूको खारेजीको प्रयास गरी हरेक संस्था र राज्यलाई स्वेच्छाचारी बनाई अघि बढ्ने कदम चालिए त्यो ठूलो भुल हुनेछ। तथापि यस्ता कमजोरीहरूलाई सुधार्दै युनियनहरूलाई थप मजबुत बनाउन सकेको खण्डमा मात्रै समग्र देश विकास हुने र श्रमजीवी वर्गको पनि उत्थान हुनेछ। यसका लागि आफ्ना कमीकमजोरीहरू स्वीकार गर्दै रुपान्तरण भई पछिल्लो पुस्ताको पनि सहभागिता बढाई अघि बढ्न सकेको खण्मा ट्रेड युनियनहरू झन् शशक्त र मजबुत बन्दै जान्छन। जसले ट्रेड युनियन आन्दोलनले सार्थकता अझ बढ्नेछ।

★ ★ ★

# नेपाल फेरि सम्पत्ति शुद्धीकरणको खैरो सूचीमा

फ्रान्सको पेरिसमा सम्पन्न फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को प्लेनरी तथा वर्किङ ग्रुप बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी लगानीको जोखिमपूर्ण सूची (ग्रे) लिस्टमा राखेको छ । सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय सहायता रोकथाम गर्न अन्तर्राष्ट्रिय निकायहरुले विभिन्न सूचीहरु बनाउने गर्छन् ।




**टंक महतारा**
**अधिकृत**
**नागरिक लगानी कोष**


वित्तीय कार्यदल (FATF) ले सम्पत्ति शुद्धीकरण, आतंकवादी र प्रसार वित्तपोषणलाई नियन्त्रण गर्न विश्वव्यापी कारबाहीको नेतृत्व गर्दछ। ४० सदस्यीय निकायले लागु पदार्थको तस्करी, अवैध हतियार व्यापार, साइबर धोखाधडी र अन्य गम्भीर अपराधहरूसँग सम्बन्धित अवैध कोषलाई प्रभावकारी रूपमा पछ्याउन राष्ट्रिय अधिकारीहरूले प्रभावकारी रूपमा लिन सक्छन् भनी सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मापदण्डहरू सेट गर्दछ।

FATF को निर्णय लिने निकाय FATF पूर्ण, प्रतिवर्ष तीनपटक बैठक गर्छ। यदि देशहरूले मापदण्डहरूको पालना गर्दैनन् भने देशहरूलाई जवाफदेही बनाउँछ। यदि कुनै देशले बारम्बार FATF मापदण्डहरू लागु गर्न असफल भयो भने यसलाई बढेको अनुगमन वा उच्च जोखिम क्षेत्राधिकार अन्तर्गत क्षेत्राधिकारको नामदिन सकिन्छ। यी प्रायः बाह्य रूपमा 'खैरो र कालो सूची'भनेर चिनिन्छन्। FATF १९८९ मा स्थापित भएको थियो र पेरिसमा आधारित छ। वित्तीय कार्यदल (FATF) ले सम्पत्ति शुद्धीकरण, आतंकवादी र प्रसार वित्तपोषणलाई सम्बोधन गर्न विश्वव्यापी कार्यको नेतृत्व गर्दछ।

FATF ले पैसा शुद्धीकरण र आतंकवादलाई कसरी वित्तपोषण गरिन्छ भन्ने बारेमा अनुसन्धान गर्दछ। जोखिम न्यूनीकरण गर्न विश्वव्यापी मापदण्डहरूलाई प्रवर्द्धन गर्दछ र देशहरूले प्रभावकारी कारबाही गरिरहेका छन् कि छैनन् भन्ने कुराको मूल्यांकन गर्दछ।

**FATF सिफारिसहरू**

FATF सिफारिसहरूले देशहरूलाई अवैध वित्तीय प्रवाहलाई सम्बोधन गर्न मद्दत गर्न उपायहरूको एक व्यापक रूपरेखा प्रदान गर्दछ। यसमा राष्ट्रिय अधिकारीहरूले अपराध र आतंकवादलाई बढावा दिने वित्तीय प्रवाह पत्ता लगाउन र अवरोध गर्न प्रभावकारी कारबाही गर्न सक्छन्। अवैध गतिविधिको लागि जिम्मेवार व्यक्तिहरूलाई दण्डदिन सक्छन् भन्ने कुरा सुनिश्चित गर्न कानुन, नियमहरू र परिचालन उपायहरूको एक बलियो रूपरेखा समावेश छ।

**४० सिफारिसहरू सात विशिष्ट क्षेत्रहरूमा विभाजित छन**

- AML CFT नीतिहरू र समन्वय
- सम्पत्ति शुद्धीकरण र जफत
- आतंकवादी वित्तपोषण र प्रसारको वित्तपोषण
- निवारक उपायहरू
- पारदर्शिता र कानुनी व्यक्ति र व्यवस्थाहरूको लाभदायक स्वामित्व
- सक्षम अधिकारीहरूको शक्ति र जिम्मेवारी र अन्य संस्थागत उपायहरू
- अन्तर्राष्ट्रिय सहयोग

FATF सिफारिसहरूलाई प्रायः FATF मानकहरू पनि भनिन्छ। जसमा सिफारिसहरू आफैं र तिनीहरूको व्याख्यात्मक नोटहरू समावेश छन्। साथै शब्दावलीमा लागु हुने परिभाषाहरू पनि समावेश छन्। देशहरूमा विविध कानुनी, प्रशासनिक, सञ्चालन

ढाँचा र फरक वित्तीय प्रणालीहरू भएकाले तिनीहरूले सिफारिसहरूको कार्यान्वयनलाई तिनीहरूको विशेष परिस्थितिहरूमा अनुकूलन गर्नुपर्छ।

FATF सिफारिसहरूको आधारशिला जोखिम-आधारित दृष्टिकोण हो। जसले देशहरूले आफूले सामना गर्ने मनीलान्ड्रिङ र आतंकवादी वित्तपोषण जोखिमहरू पहिचान गर्ने र बुझ्ने आवश्यकतालाई जोड दिन्छ। यसले उच्च जोखिम क्षेत्रहरूमा जोखिमहरू कम गर्न आफ्ना स्रोतहरूलाई प्राथमिकता दिन सक्ने कुरा सुनिश्चित गर्दछ। FATF ले वित्तीय प्रणालीमा नयाँ र विकसित हुने खतराहरूको निरन्तर निगरानी गर्दछ। नियमित रूपमा आफ्ना सिफारिसहरूलाई अद्यावधिक र परिष्कृत गर्दछ। ताकि देशहरूसँग अपराधीहरूलाई पछ्याउन अद्यावधिक उपकरणहरू छन्।

देशहरूलाई यसको मापदण्डहरू कार्यान्वयन गर्न मद्दत गर्न FATF ले विभिन्न मुद्दाहरूमा मार्गदर्शन र उत्तम अभ्यास पत्रहरू पनि सिर्जना गर्दछ। FATF ले वर्षौंदेखि सार्वजनिक अधिकारीहरू र निजीक्षेत्रले प्राप्त गरेको अनुभवलाई प्रतिबिम्बित गर्न नियमित रूपमा तिनीहरूलाई परिमार्जन गर्दछ। ताकि देशहरूले यस अनुभवबाट लाभ उठाउन सकून्। FATF सिफारिसहरूलाई आफ्नै राष्ट्रिय सन्दर्भमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकून्। यस प्रक्रियामा अन्तिम रिपोर्टको उपयोगिता सुनिश्चित गर्न सरोकारवालाहरूसँग सम्पर्क वा सार्वजनिक परामर्श समावेश हुन सक्छ।

## FATF को उद्देश्य

वित्तीय कार्य बल FATF एक अन्तरसरकारी निकाय हो। जुन १९८९ मा यसको सदस्य क्षेत्राधिकारका मन्त्रीहरूद्वारा स्थापित गरिएको थियो। FATF का उद्देश्यहरू वित्तीय प्रणाली र व्यापक अर्थतन्त्रलाई सम्पत्ति शुद्धीकरण र आतंकवादको वित्तपोषण र प्रसारको खतराबाट जोगाउनु हो। जसले गर्दा वित्तीय क्षेत्रको अखण्डतालाई सुदृढ पार्न र सुरक्षामा योगदान पुऱ्याउनु हो।

नेपालले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) नियमन, अनुसन्धान र कानुनी कार्यान्वयन लगायतका क्षेत्रहरूमा सुधार गर्न ढिलाइ गरेको कारण FATF ले नेपाललाई फेरि ग्रे लिस्टमा राखेको छ। जब कुनै देशको Anti–Money Laundering (AML) र Counter–Terrorist Financing (CFT) कानुन तथा लागु गर्ने क्षमता FATF का अन्तर्राष्ट्रिय मानक अनुसार पर्याप्त छैन भन्ने ठानिन्छ। त्यसलाई ग्रे लिस्टमा राखिन्छ।

नेपाल दोस्रो पटक सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा लगानी सम्बन्धी ग्रे लिस्टमा परेको छ। फ्रान्सको पेरिसमा सम्पन्न फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को प्लेनरी तथा वर्किङ ग्रुप बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण तथा आतंकबादी लगानीको जोखिमपूर्ण सूची (ग्रे) लिस्टमा राखेको हो। सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय सहायता रोकथाम गर्नका लागि अन्तर्राष्ट्रिय निकायहरूले विभिन्न सूचीहरू बनाउने गर्छन्। मुख्य रूपमा Financial Action Task Force (FATF) ले कालो सूची (Black List) र खैरो सूची (Grey List) को व्यवस्था गरेको छ।

**खैरो सूची : सुधारका लागि समय दिइएको तर जोखिमयुक्त देश**

**कालोसूची : अन्तर्राष्ट्रिय मापदण्ड पालना नगर्ने र प्रतिबन्ध झेल्ने देश**

डेढ वर्षअघि एफएटीएफको एसिया प्यासिफिक (एपीजी) को पारस्परिक मूल्यांकन प्रतिवेदन (एमईआर) ले दिएका सुझाव कार्यान्वयनमा अपेक्षित प्रगति नभएपछि नेपाल ग्रे लिस्टमा परेको हो। एफएटीएफ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा लगानी रोक्न संसारभरका मुलुकहरूले खडा गरेको अन्तरसरकारी निकाय हो। यसले सम्पत्ति शुद्धीकरणको जोखिममा रहेका मुलुकलाई ब्ल्याक लिस्ट तथा ग्रे लिस्टमा राख्दै आएको छ। सम्पत्ति शुद्धीकरण नियन्त्रण सम्बन्धी कानुनहरूको कार्यान्वयन, वित्तीय अपराधको अनुसन्धान र कारबाहीमा नेपालले सुधार गर्न नसकेको निष्कर्ष एपीजीले निकालेको थियो। यसअघि सन् २००८ मा नेपाल यस्तै जोखिमपूर्ण सूची (ग्रे लिस्ट) मा परेको थियो। सन् २०१४ मा मात्रै नेपाल त्यो सूचीबाट स्तरोन्नति भएको थियो। एफएटीएफले सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानी नियन्त्रणमा कुनै पनि मुलुकको अवस्थालाई प्रभावकारिता सम्बन्धी ११ सूचक तथा प्राविधिकतर्फ ४० सूचकमा मूल्यांकन गर्ने गर्छ। नेपालको तेस्रो पारस्परिक मूल्यांकन सन् २०२३ मा भएकोमा त्यसको एक वर्षपछि जुन२०२४ मा त्यसको फलोअप रिपोर्ट आएको थियो। एफएटीएफ अन्तर्गत रहेको एपीजीको ०८० भदौमा सार्वजनिक भएको पारस्परिक मूल्यांकन सम्बन्धी प्रतिवेदनले अत्यावश्यक कानुन निर्माण नहुँदा र अनुसन्धान तथा कारबाहीमा कमजोर उपलब्धि हुँदा नेपाल 'ग्रे लिस्ट'मा पर्ने जोखिम उच्च रहेको औंल्याएको थियो। प्रतिवेदनमा नेपाल लगायत मुलुकले पालना गर्नुपर्ने मापदण्डलाई कानुन कार्यान्वयन तथा अनुसन्धान पक्ष (इफेक्टिभरेटिङ) र कानुन निर्माण तथा संस्थागत पक्ष (टेक्निकल कम्प्लायन्स रेटिङ) गरी दुई भागमा विभाजन गरिएको थियो।

'टेक्निकल कम्प्लायन्स रेटिङ' का ४० मापदण्ड छन्। यस समूहमा रहेका मापदण्ड पालनाको अवस्थालाई 'हाइली कम्प्लायन्स' (पूर्ण पालना), 'कम्प्लायन्स' (पालना), 'पार्सियल्ली कम्प्लायन्स' (आंशिक पालना) र 'नन-कम्प्लायन्स' (पालना नभएको) गरी चार वर्गमा विभाजन गरिएको छ। ती मापदण्डमध्ये नेपालको अवस्था १६ वटामा 'हाइली कम्प्लायन्स', पाँच वटामा 'कम्प्लायन्स', १६ वटामा 'पार्सियल्ली कम्प्लायन्स' र तीन वटामा 'नन-कम्प्लायन्स' छ।

'ग्रे लिस्ट'बाट जोगिन यस समूहमा रहेका ४० मध्ये कम्तीमा २१ मापदण्डमा 'कम्प्लायन्स' वा 'हाइली कम्प्लायन्स' पूरा गर्नुपर्छ, जुन नेपालले पूरा गरेको छ। गतवर्ष केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक संसद्बाट पारित र राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि यस समूह अन्तर्गतकै कम्तीमा ३१ मापदण्ड पूरा भएको थियो। नेपाल 'टेक्निकल कम्प्लायन्स रेटिङ' का कारण भन्दा पनि 'इफेक्टिभ रेटिङ' अन्तर्गतका मापदण्ड पूरा गर्न नसकेकाले 'ग्रे लिस्ट'मा परेको हो।

**ग्रे लिस्टमा पर्नुका प्रमुख कारणहरू**

- **AML/CFT कानुनको प्रभावकारी कार्यान्वयन कमजोर हुनु**
  कानुन भएपनि व्यवहारमा कडाइका साथ लागु नहुनु।
- **ठूला तथा जटिल वित्तीय अपराधमा सजाय दर न्यून हुनु**
  उच्च तहका मनी लाउन्डरिङ मुद्दामा दोष सिद्धि (Conviction) कम हुनु।
- **उच्च जोखिम क्षेत्रको पर्याप्त निगरानी नहुनु**
  सुन-चाँदी, रियल स्टेट, सहकारी, क्यासिनो जस्ता क्षेत्रमा कमजोर नियमन।
- **राजनीतिक रूपमा प्रभावशाली व्यक्तिहरू (PEPs) को निगरानी कमजोर हुनु**
  PEPs सम्बन्धी Enhanced Due Diligence प्रभावकारी रूपमा लागु नहुनु।
- **सहकारी क्षेत्रको कमजोर नियमन र पारदर्शिता अभाव**
  सहकारीमार्फत अवैध रकम परिचालन हुने जोखिम नियन्त्रण नहुनु।
- **अन्तर-निकाय समन्वयको अभाव**
  नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, प्रहरी, राजस्व निकायबीच प्रभावकारी समन्वय नहुनु।
- **शंकास्पद कारोबार (STR) को गुणस्तर कमजोर हुनु**
  बैंक तथा वित्तीय संस्थाबाट आउने STR संख्या वा विश्लेषण FATF मापदण्ड अनुसार पर्याप्त नहुनु।
- **अवैध रकमको स्रोत पहिचान र जफत कमजोर हुनु**
  Crime proceeds tracing, freezing / confiscation प्रभावकारी नहुनु।
- **अनौपचारिक अर्थतन्त्र (Informal Economy) ठूलो हुनु**
  नगद कारोबार धेरै हुनु र औपचारिक प्रणाली बाहिरको आर्थिक गतिविधि नियन्त्रण नहुनु।
- **FATF कार्ययोजना (Action Plan) समयमै पूरा नगर्नु**
  FATF ले दिएको सुधार कार्ययोजनाका बुँदाहरू निर्धारित समयभित्र पूर्णरूपमा कार्यान्वयन नहुनु।

**ग्रे लिस्टमा पर्दा के असर पर्छ ?**

- **अन्तर्राष्ट्रिय साख (Country Reputation) घट्छ**
  नेपाललाई उच्च जोखिम भएको देशको रूपमा हेरिने हुँदा अन्तर्राष्ट्रिय विश्वास कमजोर हुन्छ।
- **विदेशीलगानी (FDI) घट्ने सम्भावना बढ्छ**
  विदेशीलगानीकर्ता र बहुराष्ट्रिय कम्पनीहरू सतर्क हुने भएकाले नयाँ लगानी आउन गाह्रो हुन्छ।
- **अन्तर्राष्ट्रिय बैंकिङ कारोबार महँगो र ढिलो हुन्छ**
  कडा निगरानी (Enhanced Due Diligence) लाग्ने भएकाले लागत र समय दुवै बढ्छ।

  रेमिटेन्स प्रवाहमा समस्या आउन सक्छ।

  नेपालसँग कारोबार गर्दा अतिरिक्त जाँच गर्ने हुँदा रेमिटेन्स ढिलो र महँगो हुन सक्छ।
- **निर्यात-आयात कारोबारमा अवरोध**
  LC खोल्दा, भुक्तानी गर्दा र अन्तर्राष्ट्रिय व्यापार वित्तमा जटिलता बढ्छ।
- **सरकारी तथा निजी क्षेत्रको ऋण लागत बढ्छ**
  अन्तर्राष्ट्रिय संस्थाबाट ऋण लिँदा उच्च ब्याजदर वा कडा सर्त लागू हुन सक्छ।
- **पर्यटन र सेवाक्षेत्रमा नकारात्मक प्रभाव**
  अन्तर्राष्ट्रिय छवि कमजोर हुँदा पर्यटक, अन्तर्राष्ट्रिय कार्यक्रम र सेवा व्यापारमा असर पर्छ।
- **बैंक तथा वित्तीय संस्थामाथि नियामकीय दबाब बढ्छ**
  KYC, AML/CFT सम्बन्धी अतिरिक्त प्रक्रिया अपनाउनु पर्ने हुँदा सञ्चालन लागत बढ्छ।
- **कालो सूची (Black List) मा पर्ने जोखिम बढ्छ**
  सुधार नभएमा ग्रे लिस्टबाट ब्ल्याक लिस्टमा जान सक्ने जोखिम रहन्छ। जुन अझ गम्भीर अवस्था हो।
- **समग्र अर्थतन्त्रमा नकारात्मक संकेत**
  लगानी, व्यापार, वित्तीय स्थायित्व र आर्थिक वृद्धिमा दीर्घकालीन नकारात्मक प्रभाव पर्न सक्छ।

**खैरो सूची (Grey List) बाट बच्न गर्नुपर्ने कार्यहरू**

१. **कानुनी सुधार र कार्यान्वयन सुदृढीकरण**

- सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय सहायता (AML/CFT) सम्बन्धी ऐन, नियम, तथा निर्देशनहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड (FATF Recommendations) अनुरूप अद्यावधिक गर्ने।
- अवैध सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्त पोषणमा संलग्न व्यक्तिहकरूलाई कानुनी कारबाही गर्ने प्रक्रिया सशक्त बनाउने।
- गैरसरकारी संस्था (NGO) तथा अन्य वित्तीय संस्थाहरूको नियमन मजबुत बनाउने।

२. **वित्तीय पारदर्शिता र नियमनको मजबुतीकरण**

- नेपाल राष्ट्र बैंक, बीमा प्राधिकरण, धितोपत्रबोर्ड, तथा अन्य नियामक निकायहरूलाई सशक्त बनाउँदै तिनीहरूको अनुगमन क्षमतामा वृद्धि गर्ने।
- वित्तीय संस्थाहरू (बैंक, सहकारी, बीमा कम्पनी) ले KYC (Know Your Customer) तथा CDD (Customer Due Diligence) को पालना गर्न सुनिश्चित गर्ने।

- बैंक तथा वित्तीय संस्थाहरूलाई उच्च जोखिमयुक्त ग्राहक तथा कारोबारको निगरानी गर्न बाध्यकारी निर्देशिका लागु गर्ने ।

३. **स्वतन्त्र वित्तीय अनुसन्धान इकाई (FIU) को सुदृढीकरण**

- वित्तीय अनुसन्धान इकाई (FIU) को दक्षता तथा स्वतन्त्रता वृद्धि गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूले शंकास्पद कारोबार (STR – Suspicious Transaction Reports) समयम FIU लाई जानकारी गराउने व्यवस्था प्रभावकारी बनाउने ।
- अन्तर्राष्ट्रिय वित्तीय अनुसन्धान निकायहरूसँग सहकार्य तथा सूचनाको आदान-प्रदान गर्ने ।

४. **सीमापार वित्तीय अपराधनियन्त्रण**

- अवैध 'हुण्डी' प्रणालीलाई पूर्ण रूपमा नियन्त्रण गर्ने ।
- भन्सार, आप्रवासन तथा सुरक्षा निकायहरूलाई सशक्त बनाउँदै वित्तीय अपराध रोकथाममा कडाइ गर्ने ।
- अन्तर्राष्ट्रिय सीमामा नगद कारोबार तथा वित्तीय कारोबारको निगरानी बढाउने ।

५. **अन्तर्राष्ट्रिय सहकार्य रप्रतिबद्धता**

- FATF तथा एसिया-प्यासिफिक ग्रुप (APG) लगायत अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्दै नेपालका नीतिहरूलाई विश्वव्यापी मापदण्ड अनुरूप बनाउने ।
- संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूका सिफारिसहरू कार्यान्वयन गर्ने ।
- छिमेकी मुलुकहरू (भारत, चीन) तथा अन्य देशहरूसँग वित्तीय अपराध नियन्त्रणका लागि सहकार्य गर्ने ।

६. **सार्वजनिक सचेतना र संस्थागत सुधार**

- सम्पत्ति शुद्धीकरण सम्बन्धी नियमक निकाय तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई नियमित तालिम दिने ।
- नागरिकस्तरमा वित्तीय पारदर्शिता तथा सम्पत्ति शुद्धीकरण निवारणका उपायबारे सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- निजी क्षेत्र, बैंक तथा वित्तीय संस्थाहरू, सरकारी निकायहरू तथा नागरिक समाजबीच सहकार्य बढाउने ।

**नेपालको जवाफ र सुधार प्रयास**

नेपाल सरकारले सुधारका लागि धेरै कदम चालिरहेको छः

- १९ वटा कानुन संशोधन गर्दैAML/CFT संरचना बलियो बनाइँदैछ।
- २०२४-२०२९ को कार्ययोजना, Rapid Corrective Action Plan २०२५ र उच्च जोखिम क्षेत्रहरूका लागि निर्देशन जारी गरिएको छ ।
- सुन/चाँदी तथा अन्य उच्च मूल्य सम्पत्तिमा लगानी पारदर्शी बनाउन छुट्टै कर र उपायहरू लागु गर्ने तयारी गरिएको छ ।

**निष्कर्ष**

नेपाल फेरि सम्पत्ति शुद्धीकरण (Money Laundering) सम्बन्धी खैरो सूची (Grey List) मा पर्नु मुलुकको आर्थिक, वित्तीय तथा कूटनीतिक साखका लागि गम्भीर चिन्ताको विषय हो । खैरो सूचीमा पर्नु भनेको नेपालले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्तीयकरण नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू (विशेषतः FATF का सिफारिसहरू) पूर्ण रूपमा कार्यान्वयन गर्न नसकेको भन्ने संकेत हो । यसले नेपालमा कानुनी व्यवस्था भए तापनि कार्यान्वयन पक्ष कमजोर रहेको स्पष्ट पार्दछ ।

खैरो सूचीमा परेको मुख्य असर वैदेशिक लगानी, अन्तर्राष्ट्रिय बैंकिङ कारोबार र रेमिटेन्स प्रणालीमा देखिन्छ । अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाहरू नेपालसँग कारोबार गर्दा थप सतर्कता अपनाउँछन । जसले कारोबार महँगो, ढिलो र जटिल बनाउँछ । विदेशी लगानीकर्ताहरू जोखिम बढेको महसुस गरी लगानी गर्न हिच्किचाउँछन् । जसको प्रत्यक्ष प्रभाव आर्थिक वृद्धि र रोजगारी सिर्जनामा पर्छ । साथै, नेपाली बैंक तथा वित्तीय संस्थाहरूको अन्तर्राष्ट्रिय विश्वसनीयतामा समेत नकारात्मक असर पर्छ ।

यस अवस्थाको मूल कारण कमजोर नियमन, राजनीतिक हस्तक्षेप, उच्च जोखिम भएका क्षेत्र (जस्तै रियल इस्टेट, सहकारी, गैर-नाफामुखी संस्था) को अपर्याप्त निगरानी, नगद कारोबारको अत्यधिक प्रयोग र सम्बन्धित निकायहरूबीच समन्वयको कमी हो। अनुसन्धान र अभियोजन प्रक्रिया सुस्त हुनु तथा दोषीमाथि प्रभावकारी कारबाही नहुनुले समस्या झन् जटिल बनाएको छ ।

अब नेपालका लागि खैरो सूचीबाट बाहिर निस्कनु केवल अन्तर्राष्ट्रिय दवावको विषय मात्र नभई राष्ट्रिय हितको प्रश्न हो । त्यसका लागि सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुनको कडाइका साथ कार्यान्वयन, जोखिममा आधारित निगरानी प्रणाली सुदृढीकरण, बैंक तथा वित्तीय संस्थाहरूको आन्तरिक नियन्त्रण मजबुत बनाउने, राजनीतिक प्रतिबद्धता देखाउने र दोषीमाथि निष्पक्ष कारबाही अनिवार्य छ । साथै, आम नागरिक र व्यवसायिक क्षेत्रलाई वित्तीय पारदर्शिताबारे सचेत गराउनु पनि उत्तिकै आवश्यक छ ।

निष्कर्षमा, नेपाल फेरि खैरो सूचीमा पर्नु चेतावनीको घण्टी हो । यसलाई अवसरका रूपमा लिई सुधारात्मक कदम चाल्न सके मात्र आर्थिक स्थायित्व, अन्तर्राष्ट्रिय विश्वास र दिगो विकास सुनिश्चित गर्न सकिन्छ ।

**सन्दर्भ सामग्री**

FATF website
CIT smarika, 2081
www.onlinekhabar.com
Newspaper and Magnizes
NRB website and directives

★ ★ ★

# Prospects of Retirement Funds in Nepal

**By capitalizing the opportunities and available resources with its effective management, regulatory oversight and strategic investment, retirement fund can become a tool not only for old age security but also for national economic growth and sustainable development.**



**CA Prabin Rai**
Deputy Director
Citizen Investment Trust

Nepal has relatively a brief history of retirement funds compared to many other nations. The first formal savings fund in the country was the Sainik Drabya Kosh (Military Provident Fund), established in 1991 BS for personnel of the Nepalese Army. This was followed by the creation of the Nijamati Sanchaya Kosh (Civil Servants Provident Fund) in 2001 BS, initially limited to managing funds for civil servants within Kathmandu. By 2007 BS, the coverage of the Nijamati Sanchaya Kosh was expanded to include civil servants across the entire country. In 2016 BS, the Employees Provident Fund Department was established under the Ministry of Finance and Economic Affairs, integrating the management of both military and civil servant provident funds. Subsequently, in 2019 BS, the Employees Provident Fund (EPF) was formally established as an independent body following the enactment of the Employees Provident Fund Act, 2019. The Citizen Investment Trust (CIT), also known as Nagarik Lagani Kosh, is a statutory institution established under the Citizen Investment Trust Act, 2047. It operates as a public financial organization owned by the Government of Nepal.

CIT was established on 4th Chaitra, 2047 as an autonomous body, and it formally commenced its operations on 1st Magh, 2048. Since, the Fiscal Year 2068/069, the Social Security Fund (SSF) began collecting contributions and providing various social insurance benefits, including workplace accident insurance, health insurance, and maternity benefits. To institutionalize and ensure the contribution-based social security rights of workers, the Contribution-Based Social Security Act, 2074, along with its corresponding Regulations, was enacted. Following this legal framework, the SSF was formally established to implement and manage the contribution-based social security system in Nepal. Under Section 53 of the Labor Act, 2048, an employee were eligible for gratuity only after completing three years of service with an employer. However, the revised Labor Act, 2075 removes this minimum service duration requirement.

According to the new law,

employees are eligible for gratuity from the very first day of employment, calculated at a rate of 8.33% of their basic remuneration every month. The Pension Fund Act, 2075 was enacted to implement a contributory pension system and to manage the pension and gratuity amounts to be paid from government funds to employees appointed by the government who are entitled to such benefits. EPF was mandated to implement a contributory pension scheme for appointed employees of government and public institutions starting from the fiscal year 2076/77 (2019/20 AD). EPF, CIT, SSF and Pension Fund are the only recognized and approved retirement funds in Nepal, as reaffirmed in the Budget Statement for Fiscal Year 2082/83 announced by the Ministry of Finance. With the new provision introduced by the Finance Act, 2082, all retirement funds currently operating as approved retirement funds under the Income Tax Act, 2058 must mandatorily be transferred or aligned with retirement funds established under the Employees Provident Fund Act, 2019, Citizen Investment Trust Act, 2047, Social Security Fund Act, 2074 and Pension Fund Act, 2075 by the end of Ashad 2083. Furthermore, if a contributor transfers the lump sum amount from their contribution-based retirement fund from an approved fund to a designated fund within the specified period, such transferred amount shall be exempt from withholding tax under the Income Tax Act, 2058.

Retirement funds are the main contributor in the national building projects and programs. Retirements fund has an immense scope of work. They can assist government and regulatory body in managing liquidity and money market. It has significant presence in the financial and capital market as it operates through banks and financial institutions. It can help in maintaining the financial stability and sustainable development in the society. It creates job opportunity and sense of security among the employees or labor. It even shares or reduces the burden of the employer by sharing their risk through different social security program and benefits. For the fiscal year 2080/81, the Gross Domestic Product (GDP) at current prices is estimated to be NPR 570,484 crore. According to the published report as of Ashad 2081, the total investment stands at NPR 90,911.6591 crore, consisting of NPR 57,085 crore from EPF, NPR 24,346.4091 crore from CIT, and NPR 9,480.25 crore from SSF fund. The combined total investment of these three major retirement funds represents approximately 15.94% of the nation’s GDP.

This highlights the significant potential of retirement funds to contribute meaningfully to national development and economic growth. By providing attractive schemes with better returns and facility it can promote the culture of forced saving in public during their active period of life. It plays a major role in uplifting the living standard of the national citizen by assuring better return to its participants and covering the unforeseen risk and accidents in their life. Retirement fund helps individuals and employee to save tax legally through forced saving during their active period of life. It can guide individual and employee to plan their future according their level of earning through enrollment in different range of schemes. Investing in retirement fund can be good option for long term saving goals as they are professionally managed, diversified and offer higher returns than regular or traditional saving schemes. Safety, security and stability to employees and employer are ensured through retirement fund.

Retirement fund's investment are mainly concentered on the investment in the fixed deposit of banks and financial institutions. There's not enough investment opportunities for the retirement for the risk diversification and better portfolio management. Therefore, retirement fund are unable to be productive in the economic sector as it is assumed to be. Government even lacks smooth and strong

policy for the development of retirement fund. Liquidity is the major key factor which decides the financial performance of the retirement fund. Retirement fund financial performance are observed to perform well when there's short of liquidity in financial market and vice versa. It's been always a challenge for retirement fund to maintain sustainable growth. In Nepal, government lacks strong regulatory body for the regular supervision, governance and monitoring of the functioning of retirement fund. Though retirement fund such as EPF, CIT and SSF are regulated by the Ministry of Finance there is not separate regulatory body to look after such retirement fund due to which there's function may not be timely supervised, directed, corrected or well regulated. Retirement funds operating in Nepal lacks strong IT system, in-house resources and professional. Procurement process is very slow and not that effective as it needs to be due to which public service delivery are compromised.

